बृहद्

भृगु संहिता पद्धति

[नेपाली भाषामा।]



प्रकाशक

... पुस्तक भवन

फलादेश जान्ने नियम

यो 'वृहद् भृगुसंहिता पद्धति' भित्र जन्मकालीन नवग्रहरूको फलादेश, बाह्रै लग्नहरूको भित्र, प्रत्येक स्थानमा, प्रत्येक ग्रहको फल भिन्न-भिन्न रूपबाट सम्पूर्ण स्थितिहरूमा विस्तारपूर्वक लेखिएको छ। अतः कुनै पनि कुण्डलीको फलादेश हेर्नका लागि पहिले कुण्डलीको जुन लग्न हो, त्यसैमा हेर्नुपर्दछ, त्यसपछि कुण्डली भित्र बसेका नवग्रहलाई यथा स्थानबाट जुन-जुन जहाँ बसेको छ, त्यहाँ-त्यहाँबाट नै स्थानको फलादेश ज्ञान गर्नुपर्दछ; यही फलादेश सम्पूर्ण जीवनमा रहिरहन्छ र सबै लग्नको आरम्भमा जुन सन् र तारीखको फल लेखिएको छ, त्यो भाग्यको राम्रो-नराम्रो समयको ज्ञान गर्नका लागि हो। यसरी भाग्यको सम्पूर्ण स्थितिलाई तपाईं हेर्न-जान्न सक्नुहुन्छ।

यस बाहेक अर्को कुरा यो हो कि जसरी दुइटा पांग्रा नभई गाडी हिंड्न सक्तैन, ठीक त्यसै प्रकार जन्मको समयमा, कुण्डलीभित्र बसेका नवग्रहहरूको फलादेश, जीवनको एकातिर विशेष रूपले बराबर चल्दै रहन्छ र अर्कातिर पञ्चाङ्ग गतिको ग्रह गोचर प्रणाली अनुसार, नवग्रहहरूको सदैव स्थान परिवर्तन गर्दै रहनाले नवीन फल बनेर चल्दै रहन्छ। यतः यस प्रकरणमा जीवनका दुवै किनारा या सदैव कालसम्मको फलादेश चल्दै रहन्छ। अतः यसमा विंशोतरी दशाहरूको अलिकति पनि आवश्यकता छैन। अतः विंशोतरी दशाहरूको फल सर्वथा निर्मूल र निस्सार छ।



विचार गर्नुपर्ने कुराहरू

वृहद् भृगुसंहिता पद्धति भित्र सुनौलो समयको ज्ञान प्राप्त गर्नका लागि यो बात विशेष रूपले विचार राख्नु पर्ने छ कि जन्मको समयमा, जुन व्यक्तिको ग्रह व्रत श्रेष्ठ वा बढी नेष्ट हुन्छन्, तिनको श्रेष्ठ वा नेष्ट फल; प्राणीको जीवनमा सदैव प्रबल रूपले नै काम गर्ने गर्दछ र अर्कातिर लग्न गोचरमा चल्ने ग्रहहरू पनि आफ्नू विशेष प्रभाव देखाउँदै रहन्छन् जस्तो कि हामीले दुवै प्रकारको यसमा लेखिदिएका छौं। यसको अतिरिक्त स्त्री र पुरुषहरूको; दुवै कुण्डलीहरूको समय जुन-जुन वर्षहरूमा उत्तम होला, त्यो वर्ष उत्तम नै रहने छ। अनि जुन-जुन वर्षहरूमा नजाति होला, त्यो झन अत्यधिक रहने छ। फेरि जुन-जुन वर्षहरूमा यौटाको जाति र अर्काको नजाति रहला, त्यो वर्ष सामान्य मानिने छ। यसै प्रकार कुनै पनि व्यापारमा, जति जना साझा गरेका हुन्छन्, तिनको लाभ-हानिको लागि पनि यही स्थिति जान्नु पर्दछ अर्थात् सबैको ग्रहयोगको समय राम्रो छ भने अधिक लाभदायक हुनेछ र एउटाको राम्रो र अर्काको नराम्रो छ भने सामान्य फल प्राप्त हुन्छ। अनि दुवैको नराम्रो छ भने हानि-लाभ पनि नराम्रो नै देखापर्दछ। यसै गरी पिता-पुत्रका ग्रहहरूको पनि प्रभाव छासमिसे हुन्छ, तर पुरुषको प्रभाव र स्त्रीको प्रभाव बर्ता रूपले नाफा-नोक्सानमा नै पर्दछ र एकाघरमा सँगै बस्ने सबै प्राणीहरूका ग्रहहरूको असर हानि-लाभमा प्रायः नपरी रहन्न।

भविष्य जान्नको लागि

प्रत्येक व्यक्तिको जन्म कुण्डली भित्र जुन-जुन वा कुनै पनि ग्रह भाग्यस्थानको, राज्यस्थानको, लाभस्थानको, धनस्थानको तनस्थानको, सप्तम स्थानको र एकादश स्थानको स्वामी हुन्छ, त्यही-त्यही ग्रह, प्रत्येक पुरुषहरूको वा स्त्रीहरूको निम्ति उन्नति प्रदान गर्ने अधिकारी हुन्छ। अनि यी सबै ग्रहहरूको गति र चाला पञ्चाङ्ग भित्र, जब कहिले नवम स्थानमा, दसम स्थानमा एघारौं स्थानमा तथा पहिलो स्थानमा र द्वितीय स्थानमा एवं तृतीय स्थानमा, अनि चौथो स्थानमा, पाँचौं स्थानमा अनि सातौं स्थानमा जब-जब कहिले आउने छन् तब-तब उन्नतिदायक समय रहने छ, तर यो कुरा ध्यानमा राख्न आवश्यक छ कि त्यस प्रकरणमा कुनै पनि ग्रह, यदि नीच राशिको भयो भने अथवा सूर्यबाट अस्त हुन्छ भने-त्यो ग्रहले आफ्नू उत्तम फल पूरा दिन सक्तैन। त्यसको अतिरिक्त कुनै पनि उत्तम स्थानको स्वामीग्रह जब-जब कहिले लग्नबाट छैठौं स्थानमा, वा आठौं स्थानमा वा बाहौं स्थानमा चल्दछन्, तब-तब त्यो समय राम्रो बित्न सक्तैन र मिथुन राशिको राहु तथा धन राशिको केतु-यी दुवैलाई छाडेर, अन्य कुनै पनि स्थानमा कुनै पनि राशिको राहु र केतु जब-जब कहिले आउँछन् तब-तब ती स्थानहरूमा अनेक कष्ट बाधा उत्पन्न अवश्य गर्दछन्। अनि जन्म कुण्डली भित्र, जन्मको समयमा जुन-जुन ग्रह शून्य अंशको बराबर हुन्छ, त्यस ग्रहको फल राम्रो भए पनि विशेष राम्रो प्राप्त हुन सक्तैन।

शनिको साढेसाती वा नवग्रहहरूको गतिको स्पष्टीकरण

घेरजसो मानिसहरू आफ्नू नामको प्रथम अक्षरको राशिमा अथवा जन्मको राशिमा शनिको साढे साती वा ढय्याको विचार निकै ठूलो गम्भीर रूपले गर्ने गर्दछन्। तर यो काइदा वा नियम एकदमै गलत छ। किन भने प्रत्येक मनुष्य माथि उसको सम्पूर्ण जीवनभरिमा नवग्रहहरूको सामूहिक प्रभाव, फलादेशको रूपमा सदैव प्राप्त भइ नै रहन्छ, अनि इनै नवग्रहहरूको पञ्चाङ्ग गोचरबाट जब-जब कहिले जन्म लग्नमा उत्तम प्रभाव आउँदछ, तब-तब प्रत्येक प्राणीहरूलाई सुख-शान्ति र उन्नति प्राप्त भइरहन्छ। त्यस वेला शनिको साढेसाती होस् अथवा ढय्या होस्-फरक पर्दैन। अनि जब-जब नहग्रहहरूको गति (चाल) पञ्चाङ्ग गोचरबाट, जन्म लग्नमा खराब आउँछ, तब-तब प्रत्येक प्राणीहरूले अनेक कष्ट र हानि सहन गर्नुपर्दछ। यस्तो स्थितिमा जनतासित र ज्योतिषका ज्ञाताहरूसित प्रार्थना छ कि ती यी राशि गोचरको फलादेशलाई पूर्ण मान्यता नठानुन्, बरू लग्न गोचर अनुसार लेखिएको फलादेशको प्रत्यक्ष लाभ प्राप्त गरुन्। यस विषयको स्पष्टीकरण यही पुस्तक 'विशाल भृगु संहिता पद्धतिः' भित्र प्रत्येक लग्नको आरम्भिक आठ पृष्ठमा प्रत्यक्ष लेखिएको छ, यस फलादेशमा, राशि गोचर र विंशोत्तरी दशाहरूलाई कुनै स्थान कत्ति पनि दिइएको छैन।

ग्रहहरूको आन्तरिक बल ज्ञान

१- जुन ग्रह जन्म कुण्डली भित्र चलित चक्रबाट हिंडेर जुन जुन कोष्ठ (घर) तिर हिंड्दछ भने त्यो ग्रह केही न्यून अंशमा त्यस घरको पनि फल दिंदै रहन्छ।

२- जुन ग्रह कुनै पनि स्थानमा वक्री भएर बसेको हुन्छ, त्यो ग्रह आफ्नू स्थानबाट पहिलो स्थानको उन्नतिको पनि विचार राख्दछ र आफू बस्ने स्थानमा केही कष्ट- बाधाहरू सहित गहीरो उन्नतिको प्रतीक्षा र प्रयत्न गर्दै रहन्छन्।

३- जुन-जुन ग्रह नीच राशिमा बसेका हुन्छन्, ती आफ्नू स्थानमा हानि गर्दछन् तर आफ्नूभन्दा सातौं स्थानमा वृद्धि गर्दछन् र जुन ग्रह उच्च स्थानका हुन्छन् ती आफ्नू स्थानमा वृद्धि गर्दछन् र सातौं स्थानमा हानि गर्दछन्।

४- जुन व्यक्तिहरूको जन्म, यदि कुनै पनि दुइ लग्नको सन्धिमा भएको छ भने, त्यसको कुण्डलीमा यस पुस्तकद्वारा ग्रहहरूको पूरा-पूरा फलादेश राम्ररी प्राप्त हुन सक्तैन। अपितु अलि-अलि फलादेश दुवै लग्नको नै प्राप्त हुँदै रहन्छ।

५- जुन ग्रह २८ अंश भन्दा माथि अथवा दुइ अंशको भित्र छ भने, त्यो ग्रह कुण्डलीमा बलवान् भएर बसेको भए पनि प्रायः सामान्य र धेरै कम (न्यून) फल दिने हुन्छन्। यस्ता ग्रह बढी निर्बल मानिन्छन्।

६- जुन ग्रह सूर्यबाट अस्त हुन्छन् ती कमजोर फल दिने हुन्छन्।

७- जुन ग्रह दस अंशबाट पचीस अंशसम्मका हुन्छन् ती विशेष शक्तिशाली हुन्छन् र बढी फल दिन्छन्।

८- यदि कुनै मनुष्यको भाग्यमा, कुनै प्रकारको केही न्यूनता यस्तो यस्तो छ, जुन उसलाई कहिले पनि अनुभव नभएको होस् तब पूर्ण फल प्राप्त हुन सक्नैन।

नोट- जाती नजाजी समयको ज्ञान गर्नका लागि यसै पुस्तकको प्रत्येक लग्नको प्रथम आठ पृष्ठमा हेर्नुहोस्।

●

स्त्री-पुरुषको कुण्डलीको रहस्य

यस पुस्तकको फलादेश जसरी पुरुषहरूको कुण्डलीहरूमा प्रयोग हुन्छन्, त्यसै प्रकार स्त्रीहरूको कुण्डलीहरूमा पनि यो फलादेश प्रयोग गरिन्छ, सर फरक केवल यस कुराको हुन्छ कि पुरुषहरूको फलादेशमा जहाँ स्त्रीको सम्बन्धको विषय आएको छ, त्यहाँ स्त्रीहरूको कुण्डलीको विषय पुरुषहरूको निम्ति पनि मानिन्छ, अनि जुन व्यापारको विषय छ, त्यो पनि उसको पतिमाथि नै लागू हुन्छ र स्त्री स्वतन्त्र छ भने उसैमाथि रहिरहन्छ।

●

राशि र ग्रह हरूको ज्ञान

१- मेष	२- वृषभ,	३- मिथुन	४- कर्क
५- सिंह	६- कन्या	७- तुला	८- वृश्चिक
९- धन	१०- मकर	११- कुम्भ	१२- मीन

प्रत्येक ग्रह जो जहाँ कुण्डलीमा बसेको रहन्छ, त्यो त्यहाँबाट कुन-कुन स्थानमा दृष्टि पुर्‍याउँछ

सूर्य र चन्द्रमा- सातौंमा। मंगल-सात, चार र आठमा।

बुध- सातौंमा। गुरू- सात, पाँच र नौमा।

शुक्र- सातौंमा। शनि- सात, तीन र दसमा।

बाह राशिहरूका स्वामी कुन-कुन ग्रह हुन् ?

१/८ का मंगल। २/७ का शुक्र। ३/६ का बुध।

४ का चन्द्र। ५ का सूर्य। ९/१२ का गुरू।

१०/११ का शनि।

कुन-कुन राशिमा कुन-कुन ग्रह उच्च नीच हुन्छन् ?

उच्च	ग्रह	नीच
१ मेष	सूर्य	७ तुला
२ वृष	चन्द्र	८ वृश्चिक
१० मकर	मगंल	४ कर्क
६ कन्यां	बुध	१२ मीन
४ कर्क	गुरू	१० मकर
१२ मीन	शुक्र	६ कन्या
७ तुला	शनि	१ मेष
३ मिथुन	राहु	९ धन
९ धन	केतु	३ मिथुन

कुन-कुन ग्रह परस्पर कस-कसका शत्रु र मित्र हुन् ?

देवपक्ष– सूर्य, चन्द्र, मगंल र गुरू-यी चारै परस्पर मित्र हुन्।

दैत्यपक्ष– शनि, शुक्र, राहु र केतु- यी चारै परस्पर मित्र हुन् र बुध सवैका मित्र हुन्।

उपरोक्त– दुवै पक्ष परस्परमा एउटा अर्कोका शत्रु हुन्।

अर्थात्– देवपक्ष र दैत्यपक्षका ग्रहहरूमा परस्पर शत्रुमा रहन्छ।

नोट– जन्म कुण्डलीको बाह्र कोठा भित्र जुन-जुन कोठामा जुन राशि हुन्छ र त्यस राशिका जुन-जुन ग्रह स्वामी मानिन्छन्, त्यही-त्यही स्थानमा तिनको राशि हुन्छ।

आवश्यक कुरा !

यदि कुनै पुरुष वा स्त्रीको जन्म कुण्डली भित्र, कुनै पनि विषयका लागि, कुनै एउटा ग्रहको ध्वनि(आवाज) राम्रो फल दिने कुरा भन्दछ भने अर्को दोस्रो ग्रहको आवाज त्यसै विषयको लागि-केही नराम्रो कुरा भन्दछ। अनि बुझ्नुपर्दछ कि त्यो दुवै फल अवश्य घटित हुनेछ, त्यो कुनै पनि रूपबाट घटोस्। यसमा समयान्तर र रूपान्तर अवश्य हुन सक्तछ, तर निर्मूल वा घटना नघट्ने हुनै सक्नैन। अर्को कुरा यो हो कि नवग्रहहरूको जुन फलादेश लेखियो, त्यसैको प्रत्येक व्यक्तिको भाग्यको रूपरेखा तयार भएर जीवनभरि चल्दै रहन्छ।

ग्रहहरूको शान्तिका लागि

साधारणतः अरिष्टदायक ग्रहहरूको शान्तिका लागि निम्नलिखित प्रयत्न गरेउत्तम हुनेछ। यी तीन थरिका अर्घ्य झन् लाभदायक हुन्छन्–

१- सूर्यलाई नित्य प्रातः अर्घ्यदिनु ।

२- शिवजीलाई नित्य प्रातः अर्घ्यदिनु।

३- शनिवारको दिन पीपललाई जल चढाउनु कल्याणदायक रहने छ।

सू०- व्रत गरेर राती गाईलाई नमस्कार सहित शक्कर ख्वाएर अनि आफूले भोजन गर्नु। (माणिक रत्न धारण गर्नु।)

चं०- व्रत गरेर ब्राह्मणलाई नमस्कार सहित शक्कर दही दान दिएर मात्र आफूले खानु। (मोती रत्न धारण गर्नु।)

मं०- व्रत गरेर राती गाईलाई पूरी र शक्करको लड्डू बनाएर खान दिनु अनि आफूले भोजन गर्नु। (मूगा रत्न धारण गर्नु।)

बु०- व्रंत गरेर कुनै पनि गाईलाई हरियो तरकारी र फल खान दिएर भोजन गर्नु। (पन्ना रत्न धारण गर्नु।)

गु०- व्रत गरेर पहेंली गाईलाई लड्डू वा शक्कर खान दिनु, त्यसपछि भोजन गर्नु। (पुष्पराज रत्न धारण गर्नु।)

शु०- व्रत गरेर शिवजीमा दूधको भांग चढ़ाएर नमस्कार गर्नु। अनि आफूले भोजन गर्नु। (हीरा रत्न धारण गर्नु।)


श०- व्रत बसेर काली गाईलाई रोटी शक्कर खान दिएर अनि मात्र आफूले भोजन गर्नु। (नीलम रत्न धारण गर्नु।)

रा०- पक्षीहरूलाई नित्य अन्नका दाना वा रोटी खान दिनु। (गोमेद रत्न धारण गर्नु।)


के०- माछालाई नित्य अन्नका दाना वा पीठोको गोलिहरू तलाऊ वा नदीमा फालिदिने गर्नु। (लहसुनियाँ रत्न धारण गर्नु।)

सर्वश्रेष्ठ बीसा यन्त्र

यस यन्त्रमा आठ कोठा छन् र आठ प्रकारले बीस गन्न सकिन्छ।



यो यन्त्रलाई दीपावलीको दिन शुभ मुहूर्तमा सिन्दूर र शुद्धघिउ मुछेर भित्तामा लेखी पूजा गरे लक्ष्मी प्रसन्न हुन्छिन्।



।।श्री गणेशाय नमः।।

वृहद्

भृगु संहिता पद्धति

प्रारम्भः

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८

पाठक वृन्द–आफूले अफ्नै जन्मकुण्डलीको फलादेश हेर्ने बेलामा, यस पुस्तक भित्र जुन १२ लग्नहरूको भिन्न-भिन्न, फलादेश लेखिएको छ, त्यसबाट पहिले तपाईं स्वयं आफ्नू जन्म-कुण्डलीको लग्नलाई हेर्नुहोस, आफ्नू कुण्डलीको भित्र लेखिएका नवग्रहहरूको फलादेश यथा स्थानबाट भिन्ना-भिन्नै प्राप्त गर्नुहोस् र त्यही लग्नको जाति-नजाति तारीख र अनुकूल प्रतिकूल समयको ज्ञान तथा पुस्तकको अन्त्यमा जुन भाग्य वृद्धिका समय लेखिएका छन्, तिनलाई पनि प्राप्त गर्नोस्, कुण्डलीमा नवग्रहको जुन फलादेश छ, त्यो सम्पूर्ण जीवनमा प्रभाव पार्ने हुन्छ र जाति-नजाति समयको ज्ञान भाग्यको जाति-नजाति समय. जान्नका लागि हो।

मेष लग्न हुनेहरूको भविष्यका तारीखहरू

सन् १९९७ को वर्षमा भाग्येश गुरू दसौं स्थानमा नीच हिंड्दछन् र राज्येश लाभेश शनि आठौंमा रहन्छन्, यस निम्ति यो वर्ष भाग्यको बारेमा प्रायः दुर्बल रहने छ, किन्तु ता० १०-१-९७ बाट केही उन्नति रहने छ। ता० ४-२-९७ देखि व्यय बढी हुनेछ। ता० १-६-९७ देखि भाग्यको समय असल बन्नेछ। ता० १६-११-९७ देखि बर्ता कष्ट रहने छ। ता० २२-१२-९७ देखि ३१-१२-९७ सम्ममा भाग्यको समय राम्रो हुनेछ।

कु० नं० १

२　१२
३　१　११
४　१०
५　७　९
६　८

सन् १९९८ को वर्षमा ता० २-१-९८ देखि समय राम्रो चल्नेछ। ता० ३-३-९८ बाट समय बर्ता खर्च हुनेर बढी कष्टदायक चल्नेछ। ता० ४-५-९८ बाट समय सप्रन थाल्नेछ। ता०२-८-९८ सम्म समय कष्टकै रहने छ। ता० १-९-९८ देखि भाग्य संप्रने छ। ता० ३-१०-९८ देखि फेरि कष्टका दिन आउने छन्। अनि १६-११-९८ बाट केही लाभ हुन थाल्नेछ। यस वर्ष राज्येश र लाभेश शनि आठौंमा रहने छ। यस निम्ति उन्नतिमा अनेक बाधाहरू छन्।

कु० नं० २

२　१२
३　१　११
४　१०
५　७　९
६　८

मेष लग्नमा सुनौला तारीखहरू

सन् १९९९ को वर्षमा ता० १-१-९९ बाट बुद्धिको परिश्रमले सफलता रहने छ तर गृहस्थीमा केही झ्याउला रहने छन्, ता० १-२-९९ बाट गृहस्थी र भाग्यमा सफलताहरू रहनन्, र ता. ८-४-९९ सम्ममा धनको लाभ राम्रो छ, ता० ९-४-९९ बाट धन बर्ता खर्च हुन सक्तछ। ता० १३-५-९९ बाट गृहस्थी र रोजगारमा सफलता रहने छ। ता० १६-६-९९ बाट समय प्रभावशाली चल्नेछ, साहस बढ्ला, सुखका साधन प्राप्त हुन्, १९-८-९९ बाट बुद्धि र संतान पक्षबाट लाभ, सफलता रहने छ, ता० १२-९-९९ बाट समय फेरि दुर्बल हुनेछ, ६-१०-९९ देखि अगाडि समय केही सुख-दुःख- को मिश्रण लिएर चल्दै रहने छ।

कु० नं० ३

	२	१२
३	१	११
	४	१०
५	७	९
	६	८

सन् २००० को वर्षमा ता०१-१-२००० देखि भाग्यमा उन्नति एवं सफलता रहने छ। ता० ४-२-२००० बाट लाभ-हानि दुवै साथै चल्नेछ, ता० १-३-२००० बाट मान, प्रभाव र भाग्य को सफलता रहने छ। ता० १४-४-२००० बाट उन्नति र इज्जत बढ्ने छ। ता० ३-७-२००० बाट स्वास्थ्य-मा दुर्बलता तथा धनको आय र व्यय दुवै समान रहने छन्। ता० २५-१०-२००० बाट गृहस्थी र व्यापारमा कष्ट बढ्ने छ। अगाडि ता० ३१-१२-२००० सम्ममा केही घटी बढी, तेजी-मन्दी चलिरहने छ।


कु० नं० ४

	२	१२
३	१	११
	४	१०
५	७	९
	६	८

मेष लग्नमा सुनौला तारीखहरू


सन् २००१ को वर्षमा ता० १-१-२००१ देखि समय केही दुर्बल चल्नेछ ता. ११-१-२००१ बाट भाग्यको सर्वोत्तम समय उन्नतिदायक चल्नेछ। ता० १९-३-२००१ बाट समय बढी व्ययले कमजोर रहने छ। ता० १२-४-२००१ बाट समय प्रभावशाली र भाग्योन्नतिको रहने छ। ता० १०-८-२००१ बाट गृहस्थी र व्यापारमा केही झ्याउलो रहला। ता० ९-९-२००१ देखि गृहस्थीमा सुख-शान्ति रहला, केही उन्नति पनि हुनेछ। ता० १६-११-२००१ बाट मनमा कुरा खेलेर दिक्क लाग्ला। ता० १६-१२-२००१ देखि बुद्धि र भाग्यमा शक्ति र सफलता प्राप्त होला।

कु० नं० ५



सन् २००२ को वर्षमा ता० ५-१-२००२ देखि भाग्यमा सफलता र शक्ति रहला। ता० १७-३-२००२ देखि केही परेशानी र केही दुर्बलता रहिरहला। ता० १६-४-२००२ बाट शारीरिक कष्ट रहने छ, त्यसो त सफलता र खर्च दुवै रहनन्। ता० २९-७-२००२ देखि भौतिक सुख-साधनमा वृद्धि होला। ता० २९-८-२००२ देखि शारीरिक कष्ट रहे पनि छिटै निवारण हुनेछ। ता० २२-८-२००२ देखि बढी खर्च र गृह-कलह रहला। ता० २४-१०-९० बाट भाग्योदय होला। ता० १७-११-२००२ देखि फेरि कष्ट आइपर्ला। ता० ८-१२-२००२ देखि भाग्यको समय उकालो लाग्नेछ।

कु० नं० ६



मेष लग्नमा- सुनौला तारीखहरू

सन् २००३ सालको ता० ८-१-२००३ देखि ता० १४-४-२००३ सम्म समय राम्रो रहने छ, त्यसपछि व्यय बढ्ला। ता० १५-४-२००३ देखि मान-सम्मान बढ्ला। ता० १५-५-२००३ देखि शरीर अशान्त रहने छ। ता० ६-७-२००३ देखि सुख शान्ति र सफलता रहनेछ। ता० २५-१-२००३ देखि बढी परिश्रमले मन दुःखी रहला। ता० ३०-१२-२००३ सम्म सामान्य सफलता रहनेछ।

कु० नं० ७

	२	१२	
३	१		११
	४	१०	
५	७		९
	६	८	

सन् २००४ को वर्षमा ता० ६-१-२००४ देखि सौभाग्य र धनलाभ हुनेछ। ता० १४-३-२००४ देखि बढी व्यय भए पनि कार्यमा सफलता मिल्ला। ता० ७-६-२००४ देखि सम्मान र शक्ति बढ्ने छ। सन्तान पक्षबाट सुख र शान्ति बढी प्राप्त होला। ता० २५-८-२००४ देखि व्यापारबाट धनागम र गृहस्थीमा केही झयाउला आइलाग्नन्। ता० २०-९-२००४ देखि केही अपठ्याराहरू भएर पनि सफलता प्राप्त हुँदै रहने छ। ता० १७-१०-२००४ देखि कही कष्ट रहे पनि आय बढ्दै जाला। ता० १९-११-२००४ देखि भाग्य सप्रदै जानेछ। ता० ३१-१२-२००४ देखि केही समस्या आए पनि धनागम अवश्य हुनेछ।

कु० नं० ८

	२	१२	
३	१		११
	४	१०	
५	७		९
	६	८	

सन् २००५ सालमा ता० २-१-२००५ देखि ता० २६-१-२००५ सम्म भाग्योन्नति हुनेछ। पछि बढी खर्च हुन सक्तछ। ता० १-६-२००५ अकस्मात् धनागम। र ता० २-८-२००५ बाट समाजमा प्रभाव वृद्धि। ता० १८-९-२००५ देखि आफ्नू देहको कार्यले इज्जत बढ्ला। ता० ११-१०-२००५ देखि आर्थिक अवनति हुन सक्तछ। ता० ५-११-२००५ बाट व्यापार र गृहस्थीमा लाभ। शारीरिक स्वस्थता रहने छ। ता० २८-११-२००५ बाट केही कष्ट बढ्नेछ। ता० २३-१२-२००५ देखि भाग्य सप्रला र अनेक सफलता प्राप्त हुनन्।

कु० नं० ९

२ १२ ३ १ ११ ४ १० ५ ७ ९ ६ ८

सन् २००६ को वर्षमा ता० १-१-२००६ देखि भाग्य सप्रदै जाला र सफलताहरू प्राप्त हुँदै जानेछन्। ता० ४-३-२००६ बाट खर्च बढ्दै जाला। ता० २९-३-२००६ बाट भाग्य सप्रने छ। ता० ७-४-२००६ सम्म केही झ्याउला आइरहनन्। ता० २५-४-२००६६ देखि बुद्धिद्वारा सफलता प्राप्त होला। ता० ३-९-२००६ बाट व्यापार र गृहस्थीमा सफलता रहला। ता० १७-१०-२००६ देखि केही कष्ट बढ्ला। ता० १६-१२-२००६ बाट भाग्यको प्रभाव बढ्ने छ।

कु० नं० १०

२ १२ ३ १ ११ ४ १० ५ ७ ९ ६ ८

मेष लग्न हुनेहरूको लागि उत्तम तारीखहरू

सन् २००७ को वर्षमा ता० १-१-२००७ बाट धन-पक्ष दुर्बल रहला। ता० ३०-१-२००७ बाट भाग्यको समय उन्नतिदायक रहने छ। ता० १७-४-२००७ देखि धनको बढी अपव्यय रहने छ। ता० ११-५-२००७ बाट भाग्यको समय सप्रने छ। ता० ७-७-२००७ बाट पुरूषार्थ द्वारा सफलता प्राप्त, शक्ति बढ्दै जाने छ। ता० ११-९-२००७ बाट धन र व्यापारमा झ्याउलो पर्ला। ता० ६-१०-२००७ बाट गृहस्थी र व्यापारमा सफलता मिल्ला। ता० ३०-१०-२००७ देखि फेरि व्यापारमा हानिले मनखिन्न, ता० २३-११-२००७ बाट ३१-१२-२००७ सम्म भाग्यको सफलता रहने छ।

कु० नं० ११

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८

सन् २००८ को वर्षमा ता० १-१-२००८ बाट भाग्योदय हुनेछ। ता० ४-२-२००८ देखि बर्ता धनव्ययले चिन्ता। ता० १-३-२००८ बाट फेरि भाग्यमा बाधा आउला। ता० १७-३-२००८ बाट शरीरमा रोग लाग्ला। ता० २५-४-२००८ बाट देह धनको मार्ग सप्रला। ता० १-९-२००८ देखि गृहस्थिति सप्रला, शरीर स्वस्थ रहने छ। ता० २४-१०-२००८ देखि धन व्यय र अनेक झ्याउला आउनन्। ता० १८-११-२००८ बाट ता० ११-१२-२००८ सम्म धन, व्यापार र गृहस्थीमा सफलता मिल्नेछ।

कु० नं० १२

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८

मेष लग्न हुनेहरूको प्रतिकूल समयको ज्ञान

कु० नं० १३ (सदैव कालको लागि)

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८

तब लेखिएका ग्रह जब-जब यी राशिहरूमा पंचांगमा आउने छन् तब-तब ती वर्षमा, महीना र दिनहरूमा प्रतिकूल समय रहने छ।

सू०- तुला, वृश्चिक र मीन।
चं०- कन्या, वृश्चिक र मीन।
म०- कर्क, कन्या, वृश्चिक र मीन।
बु०- वृश्चिक र मीन।
गु०- वृश्चिक, मकर, मीन र कन्या।
शु०- कन्या, वृश्चिक, मीन।
श०- कन्या, वृश्चिक, मीन र मेष।
रा०- वृश्चिक, धन, मकर, मेष, वृष, कर्क र सिंह।
के०- वृश्चिक, मकर, मेष, वृष, मिथुन, कर्क र सिंह।

उपरोक्त ग्रहहरूबाट सालाना फलादेश जान्नको लागि गुरू, शनि, राहु र केतुबाट हेर्नु आवश्यक छ। महीनाको फलादेश जान्नको निम्ति सू०, बु०, मं०, शु०, यी चार ग्रहबाट हेर्नु आवश्यक छ। दिनहुँको फलादेश जान्नका लागि चन्द्रमाबाट हेरे हुन्छ। जुन वेला कुनै ग्रह सूर्यबाट अस्त हुन्छ, अनि त्यसको फल दुर्बल हुन जान्छ।

मेष लग्न हुनेहरूको अनुकूल समयको ज्ञान

कु० नं० १४ (सदैव कालको निम्ति)

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८

मेष लग्न हुने हरूको तल लेखिएका ग्रह जब-जब यी राशिहरूमा पंचांगमा आउँछन् तब-तब ती वर्षहरूमा, दिनमा लाभप्रद र सुखदायक समय रहने छ।

सू०- मेष, मिथुन, कर्क, सिंह, धन, मकर र कुम्भ।
चं०- मेष, वृष, मिथुन, कर्क, सिंह, तुला, धन, मकर र कुम्भ।
मं०- मेष, मिथुन, सिंह, कन्या, तुला, धन, मकर र कुम्भ।
बु०- मेष, वृष, मिथुन, कर्क, सिंह, कन्या, तुला, धन, मकर र कुम्भ।
गु०- मेष, वृष, मिथुन, कर्क, सिंह, तुला, धन र कुम्भ।
शु०- मेष, वृष, मिथुन, कर्क, सिंह, तुला, धन, मकर र कुम्भ।
श०- वृष, मिथुन, कर्क, सिंह, तुला, धन, मकर र कुम्भ।
रा०- मिथुन, कन्या, कुम्भ र मीन।
के०- कन्या, धन, कुम्भ, र मीन।

नोट- सालाना फलादेशको ज्ञानका लागि शनि, राहु, केतु, गुरूयी चार ग्रहबाट हेर्नु। महीनाको फल जान्न-सूर्य, बुध, शुक्र र मंगल यी चारबाट हेर्नु। दिनहुँको फल चन्द्रमाबाट हेर्नु पर्दछ। विभिन्न विषयहरूको पूर्ण ज्ञानको लागि 'अखण्ड भाग्योदय दर्पण ११ देखि २५ सम्म हेर्नोस्'।

जीवनको रहस्य प्रारम्भः

मेष लग्नान्तर सूर्यफलम्


जुन व्यक्तिको मेषको सूर्य लग्नको प्रथम स्थानमा छ भने त्यो व्यक्ति ठूलो विद्वत्ता भएको र विद्याको आदर्श शक्ति प्राप्त गर्नेवाला, बर्ता अग्लो र सन्तान शक्ति प्राप्त गर्ने र आत्मज्ञानको महानता पाउने, धेरै ठूलो सम्मान पाउने तथा निकै बढी प्रभाव भएको र दिमाग एवं शरीर मित्र तेज भएको, अनि स्त्री स्थानमा केही कमी पाउने भएको र स्त्रीलाई यौटा साधारण वस्तु ठान्ने भएको, इन्द्रिय भोगादिमा केही न्यूनता र केही पनि लुकाउन सक्ने क्षमता भएको, व्यापारमा केही पनि ध्यान नदिने खालको तथा दैनिक रोजगारलाई यौटा अत्यन्त साधारण वस्तु मान्ने खालको होला।

कु० नं० १५

२ १२
३ सू. १ ११
४ १०
५ ७ ९
६ ८


जुन मानिसको वृषको सूर्य लग्नबाट दोस्रो स्थानमा छ भने मानिस विद्याको संग्रह गर्ने काममा बढी अपठेरो अनुभव गर्ने, बुद्धि र दिमाग भित्र केही कष्ट अनुभव गर्ने, केही विद्याका बन्धनयुक्त कर्मद्वारा धन प्राप्त गर्ने र सन्तान पक्षमा केही कमी वा अवरोधको योग पाउने तथा सन्तानको सम्बन्धमा केही बन्धनको कारणले र केही चिन्ताको योग पाउनेवाला, धनको स्थानमा धनको केही दुर्बलता तथा विद्याको प्रकाशरूपी धन प्राप्त गर्नेवाला, जीवनको दिनचर्यामा र पुरातत्वको सम्बन्धमा आनन्द अनुभव गर्ने खालको हुन्छ।

कु० नं० १६




जुन मनुष्यको मिथुनको सूर्य लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस बुद्धि बलको शक्तिले तथा वाणीको शक्ति एवं प्रभाव राख्ने खालको र भुजाहरूमा बल भएको, दिमागी ताकतद्वारा उन्नतिको बारोमा निकै परिश्रम गरेर उन्नतिलाई प्राप्त गर्ने र भाइको शक्ति पाउने, भाग्यको उन्नतिमा सफल हुने, धर्मलाई मात्रे र ईश्वरमा पूर्ण आस्था एवं विश्वास राख्ने तथा महान हिम्मत भएको तथा बोलचालमा पनि वीरत्व देखाउन सक्ने खालको हुन्छ।

कु० नं० १७




जुन व्यक्तिको कर्कको सूर्य लग्नबाट चौथो स्थानमा छ त्यो मनुष्य विद्या ग्रहण गर्नेवाला र सुखपूर्वक विद्याध्ययन गर्नेवाला र विद्याले नै सुख प्राप्त गर्ने तथा सन्तानको पनि प्रसस्त सुख प्राप्त गर्नेवाला, मीठो बोली र प्रभावशाली वाणी भएको व्यक्ति आमाका गुण र अनेक सुख प्राप्त गर्नेवाला, विद्या र बुद्धिको योगले केही अंशमा भूमि-सुखमा पनि वृद्धि गर्नेवाला, पितृ-स्थानमा केही अरूचि राख्ने भएको तथा उन्नतिको बाटोमा बुद्धिद्वारा नै केही शिथिलता राख्ने र राजसमाजको सम्बन्धमा केही वैमनस्यता झैं भाव भएको तथा घर भित्र आफ्नू बुद्धिले प्रकाश फिंजाइराख्ने खालको हुनेछ।

कु० नं० १८



जुन व्यक्तिको सिंह लग्न सूर्यबाट पाँचौं स्थानमा हुन्छ, त्यो व्यक्ति महान विद्या प्राप्त गर्ने र निकै प्रभावशाली वाणी बोल्ने तथा बुद्धिद्वारा नै ठूलो प्रताप फिजाउने अंनि धेरै परसम्म स्थिति सहजै आँक्न जान्ने, सन्तान पक्षवाट ठूलो यश र प्रभाव पाउने र आयको स्थानमा केही कमी वा नीरसताको अनुभव गर्ने तथा आफ्नू वाणीको बलले अर्काको बललाई सहजै थिच्न सक्ने र आफ्नू आयमा वृद्धिगर्नका लागि बुद्धिको विशेष शक्ति प्रदर्शन गर्न सिपालु तथा आफ्नू बुद्धिर दिमागीशक्तिको सामुन्ने अन्य कसैको पनि वाणी र दिमागी शक्तिलाई एकदम तुच्छ मान्ने खालको व्यक्ति होला।

कु० नं० १९



जुन व्यक्ति कन्या राशिको सूर्य लग्नबाट छैठौं स्थानमा रहन्छ त्यो व्यक्ति आफ्नू बुद्धिको भर नमान्ने र अनेक कष्ट पाउने तथा विद्या एवं बुद्धिकै बाटोबाट निकै ठूलो प्रभाव कायम गर्ने खालको तथा अनेक शत्रुमाथि विजय प्राप्त गर्न सक्ने अनि जति ठूलो भए पनि अपठेरो वा झ्याउलाहरूलाई सहजै सोझ्याउन जान्ने खालको तथा बुद्धिद्वारा नै आइपरेका अनेक संकटलाई टार्न जान्ने, अनि घरमा बुद्धि बलले महान प्रकाश फिजाउन सक्ने र सन्तान पक्षमा केही अपठेरो र वैमनस्यताको योग भएको, मावली पक्षमा केही प्रभावको योग अनुभव गर्ने र बर्ता धन व्यय गर्न अधिसर्ने खालको, दिमागी शक्तिले अन्य स्थानको भित्र सम्बन्ध पाएर त्यसबाट लाभ प्राप्त गर्ने खालको होला।

कु० नं० २०

२ १२
३ १ ११
४ १०
५ ७ ९
सू. ६ ८

जुन व्यक्तिको तुलाको सूर्य लग्नको सातौं स्थानमा छ भने त्यो मनुष्य स्त्री स्थानमा ठूलो क्लेश अनुभव गर्ने तथा सन्तान पक्षमा विशेष कष्ट पाउने खालको व्यक्तिको विद्या स्थानमा कमी रहने छ। अनि बुद्धिमा दुर्बलता र अनेक झ्याउला भोग्ने र गृहस्थीका झंझटहरूमा विशेष कष्टको अनुभव गर्ने खालको व्यक्ति होला। यसको व्यापार स्थानमा बढी कष्ट खपी-खपीकन आफ्नू काम चलाउने र रोजगारको पंक्तिमा सत्य-असत्यको योगद्वारा काम सहज तुल्याउन जान्ने तथा अग्लो र अलि मोटो-घाटो, इन्द्रिय भोगादिमा अरूचि राख्ने एवं मितव्ययी (थोरै खर्च गर्ने) होला।

कु० नं० २१

२ १२
३ १ ११
४ १०
५ ७ सू. ९
६ ८

जुन व्यक्तिको वृश्चिकको सूर्य लग्नको आठौं स्थानमा रहन्छ, त्यो व्यक्ति सन्तान पक्षबाट कष्ट सहन सक्ने, विद्यास्थानमा दुर्बल हुने, दिमागमा भित्री अपठ्याराहरू भोगने र गूढ ज्ञानको सम्बन्धमा ठूलो प्रकाश-शक्ति राख्ने खालको र निकै गहीरो वा लुकेको भाव राखी कुरा गर्ने, आफ्नू जीवनको दिनचर्याको सम्बन्धमा पार्न सक्ने, अनि धन स्थानमा शत्रुदृष्टि राख्ने र आफ्ना कुटुम्ब स्थानमा वैमनस्यताको भाव राख्ने, आफ्नै बुद्धिको बलले अलि-अलि बाङ्गो चाल चल्ने तथा अलि कठोर वाणी बोल्ने खालको यो व्यक्ति निकै रिसाहा हुन सक्तछ।

कु० नं० २२

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८ सू.

जुन व्यक्तिको धनको सूर्य लग्नबाट नवम स्थानमा हुन्छ, त्यो व्यक्ति आफूभित्र विद्या शक्तिको महानताले अत्यन्त राम्रो प्रकाश पाउन सक्ने र बुद्धिकै बलमा भाग्यको वृद्धि र वाणी द्वारा अर्कामाथि प्रभाव पार्न सक्ने, तथा यश प्राप्त गर्ने, धर्मको सम्बन्धमा राम्रो ज्ञान प्राप्त गरेको, ईश्वरमा श्रद्धा र विश्वास गहीरो भएको मानिस होला। सन्तानको सम्बन्धमा यसको लागि उत्तम पुत्र-सुख प्राप्त गर्नेवाला, दूरदर्शिता (परको) पनि स्वच्छ देख्न सक्ने, भाइ-बहिनीको सुख पनि यथेच्छ प्राप्त गर्ने र पुरुषार्थको बलमा शक्ति प्राप्त गर्ने, अरू दैवी सहायताको शक्ति पाउने र न्यायोत्तम प्रभावशाली वक्ता एवं विद्वान होला।

कु० नं० २३

२ १२
३ १ ११
४ १०
५ ७ ९ सू.
६ ८

जुन व्यक्तिको मकरको सूर्य, लग्नबाट दसौं स्थानमा छ, त्यो मानिस सन्तानको स्वभावले गर्दा केही अनुचित शक्ति र सकंट अनुभव गर्नेवाला, सन्तान-पक्षबाट केही वैमनस्यता र समान सम्बन्ध पाउन खोज्नेवाला, तथा सन्तान र बुद्धिको कारणले गर्दा पिता-स्थानमा केही वैमनस्यता र अरूचि प्राप्त गर्नेवाला, व्यापार वा कारबारको उन्नतिमा बाधा पाउने, राजसमाजका काममा केही विरोध र अपठ्यारो अनुभव गर्नेवाला, विद्या र बुद्धिको स्थानमा ठूलो हुँ भन्नाका साथसाथै केही सौन्दर्यमा हीनता पाउने खालको र माता-पिताको बढी सम्मान-इज्जत गर्ने तथा घर र भूमिको सुख प्राप्तिको सम्बन्धमा उन्नति गर्ने खालको मानिस हुनेछ।

कु० नं० २४

२ १२
३ १ ११
४ १० सू.
५ ७ ९
६ ८

जुन व्यक्ति कुम्भको सूर्य लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस विद्या ग्रहण गर्नमा अरूचिको योग पाएको अर्थात् थोरैनै पढे-लेखेको हुन सक्दछ। सन्तान पक्षको लाभ पाइरहेर पनि सन्तान पक्षबाट मनमा केही असन्तोष राख्ने, बुद्धि केही थाकिसके झै अनुभव गर्ने योग भएको र मस्तिष्क भित्र ठूलो तेजी राख्न सक्ने तथा केही कठोर बोलेर भए पनि आफ्नू स्वार्थ सिद्ध पार्न जान्ने, अनि बढी लाभ पाउनका लागि बराबर चिन्तन साधन गरिरहने तथा विद्याको प्रभावले अनेक थरिका स्वार्थ सिद्ध गर्न जान्ने, तथा सदैव आफ्नू स्वार्थ सिद्धिमा तत्पर रहने खालको मानिस हुन्छ।

कु० नं० २५

२ १२
३ १ ११ सू.
४ १०
५ ७ ९
६ ८

जुन व्यक्तिको मीन राशिको सूर्य लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस विद्या स्थानमा कमी पाउनेवाला र नेत्र-शक्तिमा केही दुर्बलता अनुभव गर्ने र बुद्धि द्वारा अन्य स्थानको ठूलो प्रभावशाली चिन्तन गर्न सक्ने र बढी धन खर्च गर्न नडराउने, फेरि सन्तान पक्षमा केही दुर्बलता अनुभव गर्ने, बोल-चालमा सदैव छल-छन्दको बटारिएको वा बाङ्गो कुरा गर्ने वाला, आफ्नू बुद्धिमा केही व्यवधान अनुभव गर्ने र शत्रु स्थानमा प्रभाव कायम राख्न सक्ने अनि अनेक व्यवधान झ्याउलाहरूलाई थिचेर राख्न जान्ने, बाहिरिया मानिसहरूसित राम्रो सम्पर्क राख्न जान्ने, खर्च गर्ने स्थानमा केवल आफ्नू प्रभावले काम सिद्ध पार्न सक्ने खालको होला।

कु० नं० २६

२ १२ सू.
३ १ ११
४ १०
५ ७ ९
६ ८

मेषलग्नान्तर-चन्द्रफलम्

जुन व्यक्तिको मेषका चन्द्रमा लग्नको प्रथम स्थानमा छ भने त्यो व्यक्ति निकै ठूलो सुख शान्तिको अनुभव गर्ने खालको र सुखका अनेक साधन प्राप्त गर्ने र मातृस्थानको र भूमिको सुख प्राप्त गर्नेवाला, अत्यन्त मोहक शरीर प्राप्त गरेको तथा स्त्री-सुख इच्छानुसार प्राप्त गर्ने खालको र भोग-विलासमा बर्ता रूचि राख्ने भएको तथा व्यापारमा पनि सुखका साधन प्राप्त गर्ने तथा मान-सम्मान पाउने र मनोयोगको शक्तिद्वारा लौकिक सम्बन्ध अथवा गृहस्थ जीवनमा ठूलो सफलता पाउने र राम्रा सहयोगी मित्रवर्गको उत्तम सम्पर्क प्राप्त गर्ने खालको हुने छ।

कु० नं० २७

२ १२
३ १ चं. ११
४ १०
५ ७ ९
६ ८

जुन व्यक्तिको वृषको चन्द्र लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस सुखपूर्वक विशेष धन पाउने र घर-सम्पत्ति संचय गर्ने र अर्काले संचय गरेको धन पाउने, सुख प्राप्तिका लागि एकत्रित महान् धन-शक्तिको भण्डारको योग भएको, कुटुम्बको वृद्धि पाउने भएको। प्राप्त धनको भण्डारलाई इच्छानुसार भोग्न वा सुख प्राप्त गर्न नपाउनेवाला र धनको शक्तिले मनमनै गमक्क परेर बस्ने खालको, तर मनमनमा कुनै बन्धन अनुभव गर्ने किसिमको र मनोयोगको बलमा धनको वृद्धि गर्न खोज्ने, अनि जीवनको दिनचर्यामा केही न्यूनता र केही अशान्तिको योग पाउने खालको र माता पक्षमा केही बन्धन र केही वृद्धि पाउनेवाला हुन्छ।

कु० नं० २८

२चं. १२
३ १ ११
४ १०
५ ७ ९
६ ८

जुन व्यक्तिको मिथुनको चन्द्रमा लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस भाइ-बहिनीको सुख पाउने, मातृस्थानको शक्ति पाउने र पुरुषार्थले मनोयोगद्धारा सुखको वृद्धि गर्नसक्ने तथा सुखपूर्वक मनोयोगको शक्तिले पुरुषार्थको वृद्धि गर्न सक्ने, तथा यश-मान प्राप्त गर्ने, ईश्वरमा पूर्णनिष्ठा राख्ने खालको र धर्ममा आस्था एवं विश्वास गर्ने, घर र भूमिको शक्तिले मनभित्र बढी प्रफुल्लताको योग पाउने, र मनको सुखद कारणहरूले धेरै ठूलो साहस र हिम्मत अनुभव गर्ने तथा दाजु-भाइद्वारा आजीविकाको योग प्राप्त गर्ने खालको हुनेछ।

कु० नं० २९

२ १२
३चं. १ ११
४ १०
५ ७ ९
६ ८

जुन व्यक्तिको कर्कको चन्द्रमा लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आमाको परम सुख पाउनेवाला, घर, भूमिको शक्तिको राम्रो सुख प्राप्त गर्ने र मनोयोगको शक्तिले घेरै ठूलो सुख पाउनेवाला, मनमनै मग्न रहेर वेफिक्रीसित डुल्ने फिर्नेवाला, आमाको सहायक शक्तिको सामुन्ने पिताको पनि वास्ता नगर्ने खालको र उन्नतिको बाटोमा र राज-समाजको काममा मनोयोग-को शीतल शक्तिले काम लिने भएको, आफ्नो सुखको बढी ख्याल राख्ने खालको हुन्छ।

कु० नं० ३०

२ १२ ३ १ ११ ४ चं. १० ५ ७ ९ ६ ८

जुन मानिसको सिंहको चन्द्रमा लग्नको पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धियोगद्वारा महान सुखको अनुभव प्राप्त गर्नेवाला, तथा विद्या प्राप्त गर्ने र सन्तान-सुख पाउने-वाला, बुद्धि र विद्याको योग्यताले भूमि र सम्पत्तिको शक्ति पाउने, तथा सुखदायक बुद्धियोगले वाणीद्वारा अर्कालाई सुख दिने र आफ्नू स्थान एवं बुद्धियोगले नै विशेष लाभ र आमदानी पाउनेवाला, शान्तिले कुरा-कानी गरेर अर्काको मन तान्ने, सदैव आरामको सम्बन्धमा सुखदायक कुरा मात्र सोच्ने तथा आमा-को गुणहरूको र माताको इज्जत एवं प्रशंसा गर्ने र आज्ञा मान्नेवाला तथा अनेक गहीरो कुरामा चिन्तन गर्ने खालको होला।

कु० नं० ३१

२ १२ ३ १ ११ ४ १० ५ चं. ७ ९ ६ ८

जुन मानिसको कन्याको चन्द्रमा लग्नको छैठौं स्थानमा छ भने त्यो मानिस आमाको सुख-शान्तिमा बाधा पुऱ्याउने तथा घरका सुख साधनमा हीनता पाउने र घर, जायदादमा पनि कमीको अनुभव गर्नेवाला, मनमा एक प्रकारको अनौठो अशान्ति अनुभव गने वाला तथा शत्रु स्थानमा केही शान्तिपूर्वक काम सपार्ने कारणहरूले गर्दा सुख-दुःखको बर्ता अनुभव गर्नेवाला तथा अनेक झ्याउलाहरू पन्छाएर सुख पाइने साधन उत्पन्न गर्नेवाला, बढी धन व्यय गर्ने र अन्य स्थानमा मित्रताको सम्बन्ध पाउने खालको, मावलीको धनमा सुख भोग्नेवाला, मनोयोगको बलमा नजाति काममा पनि राम्रोभाव झिक्ने, शीतलयुक्त र सज्जन हुन्छ।

कु० नं० ३२

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ चं. ८

जुन मानिसको तुलाको चन्द्रमा लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस आफ्नू घर-गृहस्थीको ठूलो सुख भोग्नेवाला र पत्नीको भित्र शील-शान्ति, सौन्दर्यको योग पाएर मनमनै प्रसन्न हुनेवाला, अनि आमाको सहायक सेवा प्राप्त गर्ने खालको र घर-भूमिको सुख पाउने तथा मातृ स्थानको शक्तिले मान-सम्मान पाउनेवाला, शरीरमा सुख र सौन्दर्य पाउने र भोगादिकको सुखको आनन्द प्राप्त गर्नेवाला, लौकिक र गृहस्थीको सम्बन्धमा निकै प्रवीणता र कार्यदक्षताको शक्ति मनोबलले पाउने, बाठो र रसिक खालको होला।

कु० नं० ३३

२ १२
३ १ ११
४ १०
५ ७ चं. ९
६ ८

जुन मानिकको वृश्चिकको चन्द्रमा लग्नवाट आठौं स्थानमा छ भने त्यो मानिस आमाको हानि पाउने र मातृ-स्थानको तर्फबाट अशान्ति पाउने अनि घर-भूमि आदिको ठूलो हानि पाउने, सुखको र आरामको कारणले गर्दा व्यापारमा निकै घाटा पाउने र मनभित्र घोर अशान्ति अनुभव गर्नेवाला तथा जीवनको दिनचर्यामा ठूलो संकीर्णताको योग गर्ने भएको र केही उदर विकारले अशान्ति अनुभव गर्दै रहने भएको, आयको स्थानमा अनेक पल्ट हानिहरूको सम्भावना पाउने र धनको वृद्धि गर्नका लागि निकै ठूलो साहस र बल लगाएर कष्ट सहने तथा पुरातत्त्व लाभमा केही कभी पाउने खालको हुनेछ।

कु० नं० ३४

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८ चं.

जुन मानिसको धनराशिको चन्द्रमा नवौं स्थानमा छ भने त्यो मानिस मातृ-स्थानले भाग्यमानी होला। भूमि र घर आदिको सुख प्राप्त गर्नेवाला र भाग्यको तागतले धेरै थरी सुख प्राप्त गरेर मनमनै प्रसन्न रहने र सुखपूर्वक मनोयोगको शक्तिले भाग्य-वृद्धि भेट्टाउने तथा धर्ममा बढी रूचि राखेर धर्मको पालनमा तत्पर रहने वाला, अनि भाइ-बहिनीको स्थानमा सुखको योग पाउनेवाला तथा बाहुबल र पुरूषार्थको स्थानमा पनि अनेक सुखका योगहरू भेट्टाउने र परमार्थको सादर पालन गर्ने वाला, दैवबलको सहायताले ठूला-ठूला सुखप्राप्तिका साधन स्वयं प्राप्त गर्ने खालको हुनेछ।

कु० नं० ३५

२ १२
३ १ ११
४ १०
५ ७ ९ चं.
६ ८

जुन मानिसको मकर राशिको चन्द्रमा लग्नबाट दसौं स्थानमा छ भने त्यो व्यक्ति आमाको शक्ति प्राप्त गर्नेवाला, पिताको स्थानबाट सुख प्राप्त गर्ने र घर-भूमि, सम्पत्तिको शक्ति भेट्टाउने, राज-समाजबाट सुख पाउने मनोयोगको शक्तिले मान र सुखको वृद्धि गर्ने वाला, तथा व्यापार आदि ठूला कर्म स्थानबाट सफलता भेट्टाउने र मान-प्रतिष्ठाको उन्नतिमा नै अपार सुखको अनुभव गर्नेवाला, सुन्दर र सुखद कर्मको कार्यलाई मनोयोगले गर्ने खालको अनि उत्तम वेषभूषा र गौरवले रहनेवाला, बस्ने स्थानमा शोभा र सौन्दर्यको बढी ध्यान राख्नेवाला, सदैव लौकिक सम्बन्धी उच्च विचार राख्नेवाला स्वाभिमानी होला।

कु० नं० ३६

२ १२
३ १ ११
४ १० चं.
५ ७ ९
६ ८

जुन मानिसको कुम्भ राशिको चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आमदानीको स्थानमा सुख प्राप्त गर्ने तथा केही बाधाहरूले युक्त सुख प्राप्त गर्ला तथा तिनै बाधाहरूको सुखले लाभ पाउला र घर-जमीनबाट पनि लाभ पाउला, अनि मातृ-स्थानको लाभमा केही कमीको साथै आंशिक लाभ पाउला, विद्या स्थानबाट सुख पाउने वाला र सुखपूर्वक विद्या ग्रहण गर्ने अवसर पाउला, सन्तान पक्षबाट सुख-सन्तोष पाउला, तथा बोल-चालमा नम्रताले आफ्नू काम बनाउला, मनोयोगको बलले बुद्धिको गहीरोसम्म पुग्नसक्ने र मनोयोगको बलले नै अनेक थरिका घेरै-घेरै सुख र लाभ प्राप्त गर्ने, सन्तोषी होला।

कु० नं० ३७

२ १२
३ १ ११ चं.
४ १०
५ ७ ९
६ ८

जुन मानिसको मीन राशिका चन्द्रमा लग्नको बाह्रौं स्थानमा छ भने त्यो मानिस सुख प्राप्तिका निमित्त जति पनि खर्च गर्ने खालको र धन खर्च गरेर नै सुखको अनुभव गर्ने खालको होला। आमाको हानि वा मातृ-वियोग भोग्ने होला। स्थानीय स्वस्थानमा सुखको हानि पाउनेवाला होला। अन्य स्थानमा गएर सुख प्राप्त गर्ला। भूमि भवनको सम्बन्धमा दुर्बलता अनुभव गर्ला। शत्रु बसेका स्थानमा शान्तिपूर्वक आफ्नू काम बनाउनेवाला, विपत्तिमा पनि मनोयोगको सहायताले सुखको अनुभव गर्नेवाला तथा सुखपूर्वक खर्च संचालन गर्न सक्ने खालको र मनमा बराबर अशान्तिले युक्त रहने होला।

कु० नं० ३८

२　१२ चं.
३　१　११
४　१०
५　७　९
६　८



मेषलग्नान्तर (भौमफलम्)

जुन मानिसको मेष राशिको मंगल लग्नमा नै पहिलो स्थानमा छ भने त्यो व्यक्ति शरीरमा महानता पाउने तथा ठूलो प्रसिद्धि प्राप्त गर्ने र तमोगुणी र प्रचण्ड शक्ति भएको तथा आत्मशक्तिको विशेष तागत भएको र अन्तरात्मासित विशेषसम्बन्धको ज्ञान हुने, माताको सम्बन्धमा धेरै न्यूनताको योग अनुभव गर्नेवाला, मातृस्थान अर्थात जन्मभूमिमा पनि केही कमी देख्नेवाला तथा पुरातत्त्व ज्ञानको महान् आदर्श सम्बन्धी लाभ प्राप्त गर्ने वाला, आयुको महान् शक्ति पाउने तथा गूढ युक्तिहरूको बलले तथा असहयोग द्वारा शारीरिक कष्ट सहन सक्ने, बलको ठूलो गौरव भएको, चमत्कार प्राप्त गर्ने र स्त्रीपक्ष एवं गार्हस्थ्य सुखमा न्यूनता पाउने र अशान्ति-युक्त हुनेछ।

कु० नं० ३९

२ १२
३ १ मं. ११
४ १०
५ ७ ९
६ ८


जुन व्यक्तिको वृषको मंगल लग्नबाट दोस्रो स्थानमा छ भने त्यो व्यक्ति सदैव धन कमाउनतिर लागिरहने होला, तर धन बढाउने भन्दा बर्ता धनको हानि पार्ने होला र पुरातत्त्व धनबाट लाभ पाउनेवाला होला, अनि धन बढाउनको निम्ति वर्ता परिश्रम र गूढ युक्तिहरूको आश्रय लेला, अनि केही गुप्त शक्तिले अनुचित लाभ प्राप्त गर्ने होला, अनि दिनचर्यामा केही बन्धन अनुभव गर्ने होला तथा सन्तान पक्षबाट हानि पाउला र बुद्धि भित्र बुद्धिबल, आत्मबलको तागतले, केही रूखो बोलेर आफ्नू काम पूरा पार्नेवाला, धर्मलाई केही हानि पुर्‍याएर पनि भाग्यको वृद्धि गर्नेवाला होला।

कु० नं० ४०

२ मं. १२
३ १ ११
४ १०
५ ७ ९
६ ८


जुन व्यक्तिको मिथुनको मंगल लग्नको तेस्रो स्थानमा छ भने त्यो मानिस महान् पुरुषार्थी र दाजू-भाइको स्थानमा हानि पाउनेवाला, आयु वृद्धि पाउने र राज-समाजमा निकै प्रभुत्व भेट्टाउने वाला, अनि आफ्नू पूर्ण शक्तिको बलमा उन्नति गरेर बाटो सपार्नेवाला, ठूलो व्यापार गर्ने र कठिन भन्दा पनि कठिन अर्थात् कष्टसाध्य कार्य पनि अल्छी नमानी गर्न अघिसर्ने, सबै शत्रुको दमन गर्ने र दुःख तथा झ्याउलाहरू आए पनि सहजै पन्छाउन जान्ने, उन्नति गरेर धन कमाउन कूटनीति जान्ने र परिश्रमपूर्वक काम गर्ने, पिता स्थानबाट पुरातत्त्वमा राम्रो योग पाउने होला।

कु० नं० ४१



जुन मानिसको कर्कको मंगल लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस शरीरमा लघुता पाउने, मातृ-स्थानमा हानि पाउने र जीवनमा अशान्ति अनुभव गर्ने, आयु स्थानमा सामान्य भए पनि राम्रो सुख पाउने, भूमि र भवनको अभाव हुनाले केही हानि पाउने र पिता स्थानमा केही वृद्धि र सम्मानको योग ठन्ने तथा मान प्रतिष्ठा र उन्नतिका लागि ठूलो प्रयत्न गर्नेवाला, स्त्री स्थानमा केही हानि र क्लेश पाउने तथा दैनिक व्यापारमा ठूलो परिश्रम गर्ने, पुरातत्त्वमा केही हानि पाउने र धन कमाउन समर्थ होला।

कु० नं० ४२



जुन मानिसको मंगल लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धि भित्र पुरातत्त्वको महान् शक्ति प्राप्त गर्ने र आयुमा वृद्धि पाउने, मस्तिष्क भित्र र साधारण कुराकानीम। निकैबर्ता तेजी र रिसाहा होला। लुकाउने शक्तिद्वारा गहीरा युक्तिहरूले आफ्नू ठूलो स्वार्थ सिद्ध पार्न जान्ने, जुन वेला पनि गुप्त चालको कुरा मात्र गर्ने, सन्तान पक्षबाट केही गौरव पाउने वाला र जीवनको दिनचर्यामा निकै ठूलो प्रभाव पार्न जान्ने तथा अन्यान्य स्थानहरूलाई विशेष सम्पर्कमा राखेर जीवनको महत्व प्राप्त गर्न जान्ने र आफ्नू जीवनी शक्तिको बलले खूब खर्च गर्ने र उत्साहयुक्त रहेर लाभ पाउनेवाला होला।

कु० नं० ४३

२ १२
३ १ ११
४ १०
५ मं. ७ ९
६ ८

जुन मानिसको कन्याको मंगल लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस महान प्रभावको शक्ति पाउनेवाला, आत्मबलको शक्तिले तथा कठोर परिश्रमले यश कीर्ति फिजाउला, शत्रुस्थानमा विजयी हुने तथा केही प्रभावशाली परतन्त्रताको योग पाउनेवाला र जीवनमा ठूलो गौरव प्राप्त गर्ने खालको, आयु स्थानमा शक्ति पाउनेवाला, देहमा केही रोग अथवा अपठेरो अनुभव गर्नेवाला, रोग र अनेक झ्याउलाहरूलाई थिच्न समर्थ हुनेवाला र कुनै प्रकारको पनि आपत्ति वा अपठेरो परेमा कत्ति पनि नआत्तिएर त्यसलाई समाप्त पार्ने उद्योगमा लाग्ने खालको र धर्म स्थानको ध्यान राखेर पनि पूर्णरूपले पालन गर्न नसक्ने र बढी खर्च गर्न मनपराउने, भाग्य वृद्धिको निम्ति अनेक प्रयत्न गर्ने खालको, बहादुर र गुप्त शक्तिवाला, स्वार्थयुक्त होला।

कु० नं० ४४

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ मं. ८

जुन मानिसको तुलाको मंगल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस धेरै बाधाहरू भए पनि व्यापार थाल्नेवाला, स्त्री स्थानमा केही हानि वा क्लेश पाउने र ठूलो व्यापार भित्र धन कमाउने साधन उत्पन्न गर्न सक्ने खालको, तथा राज र समाजमा सम्मान पाउनेवाला, तथा आफ्नो आत्मगौरवको विशेष ध्यान राख्ने वाला, जीवनको दिनचर्याको आनन्द लिनेवाला र आयुको शक्ति पाउनेवाला, धनको वृद्धि गर्न सक्ने खालको र विशेष प्रयत्न गर्दागर्दै पनि केही न्यूनता भेट्टाउने र पुरातत्त्वको शक्तिवाट लाभ प्राप्त गर्ने भएको र गूढयुक्तिहरूबाट र आत्मबलले गृहस्थी एवं लौकिक परम्पराका कार्य गर्दै रहने तथा भोगादिमा केही न्यूनता पाए पनि कर्मिष्ठ हुनेछ।

कु० नं० ४५

२ १२
३ १ ११
४ १०
५ ७ मं. ९
६ ८

जुन व्यक्तिको वृश्चिकको मंगल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस शरीरको केही हलुको, कद र सौन्दर्यमा केही न्यूनता भएको, अत्यन्त गूढ खोजीमा लागिरहने, आफ्नू जीवनमा एकदम अलमस्त, बेफिक्रीले रहने, हृदयमा केही अशान्तिको अनुभव गर्ने र आयुमा शक्ति पाउने खालको, अनि आफ्नू हस्तीलाई मेटेर भए पनि कष्ट सहेर भए पनि अर्कालाई अहंकार सहित जीवनको शक्ति दिएर आफूले बेसरी लाभ कमाउन जान्ने, आफूसित सम्बन्धित कुनै बूढा-पाकाको स्थान ओगटने खालको र सानैं उमेरमा बूढोको ढंग पार्ने तथा वृद्धावस्थाको लक्षण र सेतो कपालको योग पाउने, भाइको स्थानमा न्यूनता पाउने प्रसिद्ध हुनेछ।

कु० नं० ४६

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८ मं.

जुन मानिसको धन राशिको मंगल लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको भरमा आफ्नू जीवनको समय व्यतीत गर्ने खालको,

कु० नं० ४७

२ १२
३ १ ११
४ १०
५ ७ ९ मं.
६ ८

र भाग्य स्थानको उन्नतिका लागि भरमगदूर प्रयत्न गर्नेवाला होला तापनि भाग्यको उन्नतिमा अनेक बाधा पाउनेवाला र पुरातत्त्वबाट लाभ पाउनेवाला, धर्मको स्थानमा धर्म-पालन गर्ने तथा धर्मको इच्छा गरे पनि धर्मको वृद्धि गर्न नसक्ने र आयुको आनन्द भेट्टाउने तथा अन्य टाढा-को सम्बन्धले लाभ प्राप्त गर्ने तथा वर्ता धन खर्च गर्ने र मातृ-स्थानको हानि पाउनेवाला अनि सुख- शान्ति र भवन-भूमि आदिको अभाव वा न्यूनता या लापरवाही अनुभव गर्ने खालको र दाजु-भाइको कमी पाउने, आडम्बरी धर्मवाला होला।

जुन व्यक्तिको मकरको मंगल लग्नबाट दसौं स्थानमा छ भने त्यो व्यक्ति आफ्नै शारीरिक बलले ठूलो प्रभाव पाउने तथा आयु र जीवनको

कु० नं० ४८

२ १२
३ १ ११
४ १० मं.
५ ७ ९
६ ८

दिनचर्यामै महान् गौरव प्राप्त गर्ने र पैतृक पुरातत्त्वको ठूलो शक्ति पाउने तथा स्वाभिमान र अहकांरको महानता भेट्टाउने, राज र समाजमा मान-सम्मान सहित इज्जत पाउने, अनि महान् कर्म गर्नसक्ने र प्रभावशाली देह भएको अनि स्वेच्छा र स्वतन्त्रतापूर्वक आफ्नू हुकुमले काम गराउने खालको होला। मातृ-स्थान र सुख-शान्तिको वास्ता नराख्ने तथा विद्या बुद्धि भित्र निकै ठूलो गूढ युक्तिहरू भएको, आत्मबलको शक्तिले काम लिन जान्ने तथा माता-पिताको बढी वास्ता नगर्ने र सन्तानको इच्छा भएको क्रोधी व्यक्ति होला।

जुन मानिसको कुम्भको मंगल लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू शारीरिक परिश्रमले खूब लाभ कमाउने तथा लाभको सम्बन्धमा निकै चातुर्य र कूटनीतिले काम लिन जान्ने र आयुको पूरा लाभ पाउने होला। अनि पुरातत्त्वको लाभ पाउने र धन स्थानमा केही हानि भेट्टाउने, अनि कुटुम्बमा केही हानि र क्लेश पाउने खालको तथा सन्तान पक्षमा पनि केही कमी वा हीनता पाउने, शत्रु स्थानमा निकै ठूलो प्रभाव प्राप्त गर्नेवाला, आइपरेका कष्ट र झ्याउलाहरूको अलिकति पनि वास्ता नराख्ने खालको र आमदानीको स्थानमा केही अपठेरो पर्ने देखेर केही नाजायज (अयोग्य) फाइदा पनि पाउने खालको र विद्या एवं बुद्धिको भित्री तहमा लुकेको शक्तिले बिग्रेको काम पनि बनाउन जान्ने होला।

कु० नं०४९

२ १२
३ १ ११ मं.
४ १०
५ ७ ९
६ ८

जुन मानिसको मीनको मंगल लग्नबाट बाह्रौं स्थानमा परेको छ भने त्यो मानिस आफ्नू शरीर र आत्मामा ठूलो अशान्ति अनुभव गर्ने होला। जीवनको आनन्दलाई तुच्छ ठान्ने भएको त्यो मानिस विदेश र अन्य स्थानको तागतले केही शान्ति अनुभव गर्ला। दाजू-भाइको स्थानमा हानि अथवा क्लेशको योग भएको होला। त्यो बढी धन व्यय गर्ने तथा पुरातत्त्वमा ठूलो हानि पाउने होला। आफ्नी स्त्रीमा पनि केही दुर्बलता पाउने र दैनिक व्यापारमा कष्ट अनुभव गर्ने र परिश्रममा व्याकुलता प्राप्त गर्ला। शत्रु स्थानमा प्रभाव राख्ने र खरीद-बिक्री (हेर-फेर) को काम गर्ला। सुख भोगादि गार्हस्थ्य सुखको कमी, सन्तानबाट असहयोग पाउने होला र शरीर दुर्बल भएको होला।

कु० नं० ५०

२ १२ मं.
३ १ ११
४ १०
५ ७ ९
६ ८

मेषलग्नान्तर बुधफलम्

जुन मानिसको मेष राशिको बुध लग्नको पहिलो स्थानमा छ भने, त्यो मानिस आफ्नू शरीर र विवेक शक्तिको बलले महान् पुरुषार्थ गरेर सम्मान र इज्जत पाउला। दाजू-भाइ र दिदी-बहिनीको शक्तिबाट गौरव प्राप्त गर्ने र मावली पक्षबाट पनि शक्तिको उत्तम सहयोग पाउनेवाला, आफ्नू शत्रु पक्षमा प्रभाव पारिराख्ने होला। सबैं प्रकारका अपठ्यारा र आपत्ति-विपत्ति निवारण गर्ने र सहन सक्ने खालको अनि ठूलो हिम्मत र चातुर्यले नहुने काम पनि सजिलैसित सम्पन्न गराउन जान्ने होला। गृहस्थी र स्त्री स्थानमा केही साधारण झ्याउलाहरूका साथै उत्तम र बलियो शक्ति प्राप्त गर्नेवाला तथा केही परिश्रम र युक्तिहरूद्वारा व्यापारमा उन्नति गर्नेवाला, प्रभावशाली र सम्मानले युक्त होला।

कु० नं० ५१

२   १२
३   १ बु.   ११
४   १०
५   ७   ९
६   ८

जुन मानिसको वृष राशिको बुध लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस आफ्नै परिश्रम र पुरुषार्थ एवं बुद्धि-विवेक शक्ति द्वारा निकै धन कमाउने खालको र कमाएको धन वृद्धिको निम्ति धेरै ठूलो गूढ युक्तिहरूको प्रयोग गर्न जान्ने खालको होला। कुटुम्ब स्थानमा सानो-तिनो वैमस्यताका साथै सम्पर्क-शक्ति जोरिराख्ने खालको होला। पुरातत्त्व स्थानबाट विशेष लाभ कमाउन जान्ने भएको त्यो मानिस दाजू-भाइ र दिदी-बहिनीको स्थानमा सुखको अभाव अनुभव गर्ला। केही बन्धन-योग प्राप्त गर्ने र धनको स्थानबाट प्रभाव पार्न जान्ने खालको होला। पुरुषार्थ र बलको स्थानमा केही दुर्बलता पाए पनि आफ्नू शक्तिको एकत्रित भएको बलले निकै गहीरो चाल चल्न जान्ने होला। आफ्नू धनको शक्ति सदैव सम्पत्ति बढाउनेतिर नै प्रयोग गरिरहने यो मानिस इज्जतदार पनि होला।

कु० नं० ५२

२बु.   १२
३   १   ११
४   १०
५   ७   ९
६   ८

जुन व्यक्तिको मिथुन राशिको बुध लग्नको तेस्रो स्थानमा छ भने त्यो मानिस विवेक शक्ति र परिश्रम एवं पुरुषार्थद्वारा ठूला- ठूला काम पनि सहजै सम्पन्न पार्ने खालको र दाजू-भाइ, दिदी-बहिनीहरूको शक्तिबाट सुख-शान्ति र अलि-अलि दुःख-कष्टले प्राप्त गर्ला। आफ्नू शक्तिको कारणले गर्दा साहस र उल्लास प्राप्त गर्ने खालको, अनि आफ्नै परिश्रम र यता-उता दौडा-दौडको शक्तिले सौभाग्य वृद्धि गर्न सक्ने खालको होला। मावली पक्षबाट कुनै सहयोग नपाए पनि आफ्नै प्रभाव शक्तिले उन्नतिको बाटो फुकाउन सक्ने खालको साहसी व्यक्ति होला। धर्मको पालनमा केही प्रयत्न र धन-व्यय गर्ने खालको र आफ्नू मनभित्र आफ्नू शक्तिको सुख एवं गौरव अनुभब गर्नेवाला तथा शत्रु पक्षमा प्रभाव पारिराख्ने प्रभावशाली होला।

कु० नं० ५३

२　१२
३ बु.　१　११
४　१०
५　७　९
६　८

जून व्यक्तिको कर्कराशिको बुध लग्नबाट चौथो स्थानमा रहेको छ भने त्यो मानिस आफ्नू पुरुषार्थ र परिश्रमको बलले सुख प्राप्त गर्ने खालको तथा दाजू-भाइ, दिदी-बहिनीको शक्तिबाट सानो-तिनो झ्याउलो पछि सुख-शान्ति प्राप्त गर्ने वाला र आमासित अलि-अलि वैमनस्यताको योग भएको होला। मातृ-स्थान र भूमि-स्थानको सम्बन्धमा अलि-अलि बाधाहरू आइलागे पनि सहजै खप्न सक्ने र आफ्नू आराम एवं शान्तिमा बाधा पर्नाले क्रोधित हुने खालको होला। शत्रु स्थानबाट निर्भय रहेर आफ्नू काम सफल बनाउन जान्ने र व्यापारमा लाभ प्राप्त गर्न जान्ने वाला, राज-समाजमा सम्मान प्राप्त गर्नेवाला, तथा पिता स्थानबाट शक्ति प्राप्त गर्न जान्ने र विवेक शक्तिले उन्नति गर्न सक्ने खालको होला।

कु० नं० ५४

२　१२
३　१　११
४ बु.　१०
५　७　९
६　८

जुन मानिसको सिंहराशिको बुध लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मनुष्य बुद्धि स्थानमा निकै ठूलो गुप्त विवेक-विचार शक्तिको बलबाट आफ्नू काम सपार्न जान्ने र महान चातुर्यले कुरा-कानी गर्ने र सन्तान पक्षबाट केही वैमनस्यता सहित शक्ति प्राप्त गर्ने र विद्या स्थानमा साह्रै ठूलो परिश्रमद्वारा शक्तिले प्राप्त गर्न जान्ने तथा शत्रु स्थानमा बुद्धिको योग्यता र बठ्याइँले आफ्नू काम पूरा गर्नेवाला तथा बुद्धिको परिश्रम शक्तिद्वारा धन कमाउन र कमाउने बाटो पाउन सक्ने र दिमागको शक्तिले धेरै थरि काम गर्न सक्ने खालको होला। दाजू-भाइ, दिदी-बहिनीको स्थानमा सम्मान पाउने खालको होशियार व्यक्ति होला।

कु० नं० ५५

२ १२
३ १ ११
४ १०
५ ७ ९
बु.
६ ८

जुन मानिसको कन्याराशिको बुध लग्नबाट छैठौं स्थानमा वसेको छ भने त्यो मानिस आफ्नू बुद्धि, बल र पराक्रम शक्तिले विवेक द्वारा ठूलो प्रभाव पार्न सक्ने र दाजू-भाइको पक्षमा वैमनस्यता वा विरोध प्राप्त गर्ने खालको होला। मावली पक्षमा उन्नतिको मार्गदर्शक भेट्टाउने र शत्रु स्थानमा विवेक शक्तिले र पुरुषार्थ बाटोबाट ठूलो गौरव पाउने खालको होला। बाहिरी अन्य स्थानको परिस्थितिको सम्बन्धमा उदासीन रहनेवाला तथा खर्चको सम्बन्धमा केही दुर्बलता भए पनि हेलचक्राईले काम लिनेवाला, र अपठेरो परेमा उदासीन एवं विवेक शक्तिले महानता पाउने र केही प्रभावयुक्त परतन्त्रताको योग भएको महान परिश्रमी, हिम्मत र साहस हुने बहादुर होला।

कु० नं० ५६

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ बु. ८

जुन व्यक्तिको तुलाराशिको बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस धेरै बढी परिश्रमले, विवेक शक्तिद्वारा व्यापार गर्नेवाला र केही दाजु-भाइ र दिदी-बहिनीको शक्ति भेट्टाउने वाला, तथा व्यापारको बाटोमा केही अपठेरो र रोकावट सहन, सक्ने खालको र व्यापारमा नै बढी शक्ति पनि प्राप्त गर्नेवाला तथा स्त्री स्थानमा केही आंशिक वैमनस्यता सहित, शक्ति र प्रभावको लाभ प्राप्त गर्ने वाला तथा इन्द्रियादि भोग-शक्तिले बर्ता प्राप्त गर्नेवाला, शत्रु र गृहस्थी तथा लौकिक कामहरूमा केही अपठेरो पर विवेको युक्ति र शक्तिले आफ्नू उत्थान गर्न सक्ने तथा दैहिक सम्मान प्राप्त गर्नेवाला अनि मावली पक्षका केही राम्रा वस्तु पाउने खालको होला।

कु० नं० ५७

२ १२
३ १ ११
४ १०
५ ७ बु. ९
६ ८

जुन मानिसको वृश्चिक राशिको बुध लग्नको आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू बल-पुरुषार्थमा दुर्बलता अनुभव गर्नेवाला र दाजु-भाइ, दिदी-बहिनीको सुख पनि थोरै नै पाउने वाला, मावलीतिरको पनि केही कमी नै भेट्टाउने खालको होला। आफ्नू चातुर्यले केही गूढ युक्तिद्वारा बिग्रेको काम सपार्ने होला। गुप्त-शक्तिको भर मान्ने र पुरातत्त्व स्थानबाट केही अपठेरो सहित विवेकद्वारा शक्ति प्राप्त गर्ने खालको, धन कमाउन र बढाउनको निम्ति बढी प्रयत्न गर्नेवाला, साधारण उदरविकार भएको तथा जीवनको दिनचर्या र शत्रुपक्षमा केही अत्यास अनुभव गर्नेवाला, गुप्त साहस भएको होला।

कु० नं० ५८

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८बु.

जुन मानिसको धन राशिको बुध लग्नको नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू पुरुषार्थ र परिश्रमद्वारा सफलता प्राप्त गर्नेवाला र केही विवेकपूर्ण तर अल्झेको काम पनि आदर्श बाटोद्वारा यश र शक्ति प्राप्त गर्ने खालको तथा भाग्योन्नतिमा केही बाधा र अपठेरो आइलागेको अनुभव गर्नेवाला, अनि धर्मको स्थानमा आफ्नू भित्री दुर्बलता र बाहिरी शक्ति प्राप्त गर्ने खालको तथा आफ्नू भाग्योन्नतिको निम्ति धर्म-अधर्मको कुनै विचार नगर्नसक्नेवाला त्यो मानिस ठूलो गुप्तचर र साहस भएको होला।

कु० नं० ५९

२ १२ ३ १ ११ ४ १० ५ ७ ९बु. ६ ८

जुन व्यक्तिको मकर राशिको बुध लग्नको दसौं स्थानमा छ भने त्यो महान् प्रभावशाली र आयु तथा जीवनको दिनचर्यामा सफल होला। पुरुषार्थ र परिश्रमद्वारा तथा विवेक शक्तिले उन्नति गर्नेवाला, अनि दाजु-भाइ दिदी-बहिनीको शक्ति प्राप्त गर्ने, पिता स्थानबाट शक्ति प्राप्त गर्ने, आफ्नू मिहिनेतले कठिन परिश्रमबाट राज-समाजबाट सम्मान र प्रभाव प्राप्त गर्नेवाला तथा पिताको सम्पर्कमा केही वैमनस्यता प्राप्त गर्नेवाला, केही अपठेरो युक्तिहरूद्वारा काममा वृद्धि गर्नेवाला, मातृ-स्थानलाई वैमनस्यताले हेर्नेवाला होला।

कु० नं० ६०

२ १२ ३ १ ११ ४ १०बु. ५ ७ ९ ६ ८

जुन व्यक्तिको कुम्भ राशिको बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस दाजु-भाइ र दिदी-बहिनीबाट लाभ पाउने खालको तथा आफ्नू पुरुषार्थले धन कमाउने खालको, परिश्रम र कठिन युक्तिले लाभ पाउने वाला र शत्रु तथा झ्याउलो लागेको मामिलामा परेकाहरूबाट लाभ प्राप्त गर्न जान्ने भएको, विशेष आमदानी र अनेक थरिका लाभको वृद्धिका लागि चारैतिर दगुरा-दगुर गरेर आफ्नू विवेक शक्तिले काम पूरा गर्ने खालको र विद्या प्राप्तिको लागि ठूलो परिश्रम गर्ने खालको, बुद्धि भित्र निकै कठिन विवेक शक्तिले काम बनाउनेवाला र मीठो बोल्नेवाला, सन्तान पक्षमा केही शक्ति र वैमनस्यताको योग पाउनेवाला, प्रभाव शक्ति र योग्यता भएको निकै बाठो व्यक्ति होला।

कु० नं० ६१

२　१२
३　१　११ बु.
४　१०
५　७　९
६　८

जुन व्यक्तिको मीन राशिको बुध लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस दाजु-भाइ, दिदी-बहिनीको हानि र कम सहयोग पाउने वाला, बल पुरुषार्थमा धेरै दुर्बलता पाउने भएको र मावली पक्षमा हानि पाउनेवाला, ठूला-ठूला कष्ट सहेर खर्च चलाउने खालको तथा निकै संकीर्ण परिश्रम गर्नेवाला, शत्रुपक्षबाट भय र अशान्ति द्वारा काम पूरा गर्न खोज्ने, आफूभित्र लुकेको ठूलो संकीर्ण शक्तिको भर मान्ने खालको र अन्यान्य स्थानहरूको सम्पर्कमा अशान्तिको योग परेको र खर्चको संचालन शक्तिमा अलिकति परतन्त्रता र केही अत्यासको योग भएको र केही मुठी सारो भएको अर्थात विचार नगरी खर्च नगर्ने खालको र केही कष्ट सहेर पनि आइपरेको विपत्तिलाई हटाउन सक्ने खालको होला।

कु० नं० ६२

२　१२ बु.
३　१　११
४　१०
५　७　९
६　८

मेषलग्नान्तर-गुरुफलम्

जुन मानिसको मेषराशिको गुरु लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस निकै राम्रो, भाग्यशाली र सम्मान प्राप्त गर्नेवाला अनि अन्यान्य स्थानहरूबाट भाग्योन्नतिले गर्दा प्रभाव र मान प्राप्त गर्ने र शानदार खर्च गर्ने खालको र शारीरिक शक्ति प्राप्त गर्ने, अनि धर्मको सम्बन्धमा केही भित्री दुर्बलता भएको र बाहिरी शक्ति प्राप्त गर्ने खालको एवं प्रसस्त विद्या प्राप्त गर्ने खालको तथा यश-कीर्ति भएको, गृहस्थीको सम्बन्धमा केही दुर्बलता भए पनि सुख पाउनेवाला र हृदयको सुन्दर गौरव तथा दूरदर्शिताको शक्ति राख्ने सज्जन होला।

कु० नं० ६३

२ १२ ३ १ गु. ११ ४ १० ५ ७ ९ ६ ८

जुन मानिसको वृष राशिको गुरु लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस भाग्यमानी तथा अन्य स्थानको सम्पर्कले र भाग्यको ताकतले धन कमाउने खालको र धनको वृद्धिको निम्ति हृदयको शक्ति र केही देवबलको भर मान्ने खालको र धन संग्रहको स्थानमा केही हानिहरूको पनि योग पाउने वाला र खर्चलाई रोक्ने सकेसम्म पूर्ण प्रयत्न गर्ने खालको तथा कहिले काहीं बढी खर्च गर्ने भएको र धनको तुलनामा धर्मलाई सानो ठान्ने भएको तथा शत्रुपक्षमा निकै उदारताले काम बनाउने भएको, पिता-स्थानको बढी वास्ता नराख्नेवाला र मान-प्रतिष्ठा आदिको पनि केही वास्ता नगर्नेवाला, पुरातत्त्वको लाभ पाउनेवाला, जीवनको दिनचर्यामा विशेष आनन्द अनुभव गर्ने होला।

कु० नं० ६४

२ गु. १२ ३ १ ११ ४ १० ५ ७ ९ ६ ८

जुन मनुष्यको मिथुन राशिको गुरु लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस भाग्यमानी मानिने खालको तथा हृदय र पुरुषार्थको बलद्वारा अन्यान्य स्थानको सम्पर्कबाट लाभ प्राप्त गर्न वाला, आफ्नू पुरुषार्थ शक्तिले खर्च चलाउने भएको र दाजु-भाइ दिदी-बहिनीको राम्रो सम्पर्क पाउने भएको, केही भित्री दुर्बलता या कमी अनुभव गर्ने खालको तथा यश कीर्ति कमाउने र उत्साहपूर्वक काम गर्नेवाला तथा रोजगारको बाटोमा केही बडप्पन र भाग्यको तागतले सफलता प्राप्त गर्नेवाला, धर्मको यथाशक्ति पालन गर्ने खालको र गृहस्थीको आनन्द हेरिरहने वाला र पुरुषार्थले धेरैं लाभ प्राप्त गर्ने खालको होला।

कु० नं० ६५

२ १२
३ गु. १ ११
४ १०
५ ७ ९
६ ८

जुन व्यक्तिको कर्क राशिको गुरु लग्नबाट चौथो स्थानमा छ भने, त्यो मानिस अन्यान्य स्थानको महान् शक्तिबाट सुख प्राप्त गर्ने खालंको र भाग्यको शक्तिले भूमिको विशेष लाभ पाउने वाला र भूमिको एवं मान स्थानको तागतले खूब खर्च गर्ने र सुखपूर्वक दिन व्यतीत गर्नेवाला, मातृपक्षमा र सुख प्राप्तिको साधनहरूमा केही आन्तरिक दुर्बलता र बाहिरी शक्ति प्राप्त गर्नेवाला तथा शत्रु पक्षको सम्बन्धमा भाग्यको प्रभुता र पुरुषार्थ शक्तिले नै सजिलो सफलता पाउने भएको तथा आफ्नो भाग्योन्नतिको निम्ति धर्म-अधर्मको पूरा विचार नगरेर काम गर्ने, धर्मको बर्ता आडम्बर देखाउने, बढी सुख पाउने कारणहरूले उन्नतिको कर्मको वास्ता नगर्ने खालको र बढी खर्च गरेर सुखको वृद्धि गर्ने भाग्यमानी होला।

कु० नं० ६६

२ १२
३ १ ११
४ गु. १०
५ ७ ९
६ ८

जुन मानिसको सिंह राशिको गुरु लग्नको पाँचौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यामानी, बुद्धिमान तथा उत्तम विद्या प्राप्त गर्नेवाला, हृदय र विद्याको शक्तिले राढा-टाढासम्मका कुराहरू लौकिक र अलौकिक कुरा भन्न सक्ने र बुझ्ने खालको, तर विद्याको शक्ति भित्र केही दुर्बलताको योग अनुभव गर्ने खालको र विद्या स्थानबाट नै बुद्धिद्वारा भाग्योदयको शक्ति प्राप्त गर्नेवाला तथा धर्मशास्त्रमा अधिकार राख्ने भएको र वाणीद्वारा 'म ठूलो' भन्ने दर्शाउने र यश-कीर्ति प्राप्त गर्ने खालको तथा सन्तान शक्तिले पनि फाइदा पाउनेवाला, तथा भाग्य शक्तिको बलले ठूलो सम्मान प्राप्त गर्ने खालको र बुद्धि तथा भाग्य शक्तिले खर्च चलाउनेवाला एवं अन्यान्य स्थानहरूको सम्पर्कबाट राम्रो लाभ कमाउने खालको होला।

कु० नं० ६७

२ १२ ३ १ ११ ४ १० ५ गु. ७ ९ ६ ८

जुन व्यक्तिको कन्या राशिको गुरु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्य केही दुर्बल भएको अनुभव गर्नेवाला र यश कीर्तिमा न्यूनता र धर्मको सम्बन्धमा आफूमा केही दुर्बलता गर्ने र खर्चको संचालन शक्तिमा केही परतन्त्रता वा बन्धन भेट्टाउने र भाग्योदयको सम्बन्धमा ठूला-ठूला बाधाहरू द्वारा र अनेकानेक तगाराहरू नाघेपछि उन्नतिको बाटो अन्य स्थानको सम्पर्कले प्राप्त गर्नेवाला, पिताको स्थानको सम्बन्धमा उदासीन रहनेवाला, राज-समाजको पनि वास्ता नगर्ने खालको र धन जोर्ने चेष्टा हृदयको शक्तिले र भाग्यको भरले, खर्च रोक्ने शक्तिले गर्नेवाला, शत्रु स्थानमा उदारताले काम लिने, केही गुप्त चाल चल्ने खालको होला।

कु० नं० ६८

२ १२ ३ १ ११ ४ १० ५ ७ ९ ६गु. ८

जुन मानिसको तुलाको गुरु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस भाग्य-शक्तिले र बाहिरी सम्पर्कले व्यापारमा सफलता पाउनेवाला, गृहस्थीको सुखमा केही न्यूनता सहित उन्नति भेट्टाउने वाला, पत्नीमा केही अभिमान र धार्मिक भावना बढेको देख्नेवाला, दैनिक व्यापारमा हृदय बलको शक्तिले व्ययको बल पाउनेवाला, दैवीगुणका कलाबाट पनि फाइदा पाउने र ईश्वर एवं भाग्यमा विश्वास राख्ने खालको र लौकिक कामहरूमा सफलता तथा सम्मान प्राप्त गर्नेवाला, उन्नतिको निम्ति ठूलो पुरुषार्थ गर्ने, व्यापारमा पनि धर्मको हृदयमा ध्यान राख्ने खालको होला।

कु० नं० ६९

२ १२
३ १ ११
४ १०
५ ७ गु. ९
६ ८

जुन मानिसको वृश्चिकको गुरु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस भाग्यको पंक्तिमा दुर्बलता पाउने र यशमा न्यूनता भेट्टाउने, विदेशमा सम्मान र भाग्यको योजना पाउने तथा ठूलो परिश्रमको बलले खर्च गर्ने शक्ति भेट्ने खालको र धर्मको बाटोमा हिड्न जान्ने र सुखको बढी प्राप्तिको लागि महान् साधन पाउनेवाला, हृदय भित्र मातृ-स्थानको ठूलो चाहना, इज्जत पाउने र पुरातत्त्वको लाभ भेट्टाउने र सानो आयुमैं ठूलो वृद्धि पाउने र धन-वृद्धिका लागि भाग्यको केही सहयोग पाउनेवाला, तर भाग्यतर्फबाट केही दुःख मान्नेवाला होला।

कु० नं० ७०

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८गु.

जुन व्यक्तिको धनको गुरु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी भएर पनि सौभाग्यमा केही न्यूनता पाउनेवाला र अन्य स्थानहरूको सम्बन्धमा स्वयं सफलताका साधन पाउनेवाला, दैवी सहायताको योगले सम्मान, विद्या र बुद्धिमा सफलता तथा चमत्कार पाउनेवाला एवं सन्तान सुखले सन्तुष्ट रहने वाला, आफ्नू हृदयमा गौरव र धर्मको मर्यादा पालन गर्ने खालको तर धर्म स्थानमा दुर्बलता भेट्नेवाला, पुरुषार्थले नै सफलता भेट्टाउनेवाला, दाजु-भाइ र दिदी-बहिनीको केही सहयोग पाउनेवाला तथा भाग्यलाई ठूलो र प्रधान मान्ने खालको सुमार्गी होला।

कु० नं० ७१

२ १२
३ १ ११
४ १०
५ ७ ९गु.
६ ८

जुन मानिसको मकरको गुरु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा हानि, न्यूनता पाउनेवाला, हृदय-योगले सम्बन्धित कुनै सानो व्यवसायद्वारा भाग्यको शक्ति पाउने तथा राज-समाजबाट कुनै खास महत्व नभेट्ने खालको एवं साधारण रूपमा खर्च गरेर आफ्नू इज्जत जोगाउने किसिमको तथा मातृ-स्थान र सुख-शान्तिको वातावरण प्राप्त गर्नमा हृदयको पूरा बल प्रयोग गर्ने र धनको वृद्धिको लागि पनि केही सहयोग भाग्य एवं अन्य स्थानको शक्तिबाट प्राप्त गर्ने किसिमको तथा शत्रु स्थानमा केही उदारताले काम बनाउनेवाला र भाग्य स्थानमा परिश्रमको योग पाउनेवाला तथा केही छल-कपटले ठूलो लाभ प्राप्त गर्ने खालको होला।

कु० नं० ७२

२ १२
३ १ ११
४ १० गु.
५ ७ ९
६ ८

जुन मानिसको कुम्भको गुरु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस भाग्यको बलले र अन्यान्य स्थानहरूको सम्पर्कले लाभ पाउनेवाला, तथा पाएको लाभमा न्यूनता अनुभव गर्ने वाला, धर्मको सम्बन्धले पनि लाभ भेट्टाउनेवाला तथा पुरुषार्थले केही लाभ पाउनेवाला र दाजु-भाइ, दिदी-बहिनीको आंशिक सहयोग भेट्नेवाला र गृहस्थीको केही आनन्द प्राप्त गर्ने खालको तथा दैनिक व्यापारबाट लाभ कमाउनेवाला, खर्च गर्न पनि तत्पर रहने खालको र हृदयको शक्तिले काम गर्नेवाला, सन्तान-शक्तिको पनि केही लाभ पाउनेवाला, बोल-चाल र विद्याको भित्र सफलताको योग पाउने होला।

कु० नं० ७३

२ १२
३ १ ११ गु.
४ १०
५ ७ ९
६ ८

जुन मानिसको मीन राशिको गुरु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बाहिरी स्थानहरूको सम्पर्कबाट भाग्यको शक्ति-साधन प्राप्त गर्ने तथा भाग्यको स्थानमा केही दुर्बलता पाउने वाला र बढी खर्च गर्ने, भाग्यको शक्तिले खर्च संचालनको शक्ति सदैव प्राप्त गर्नेवाला, भाग्योन्नतिको निम्ति हृदयको बल र वृथाभिमानको ढंगले अबेर गर्ने अनि हानि भइसकेपधि बल्ल सफलता पाउनेवाला र हृदय-शक्तिले नै बढी उन्नति पाउने खालको र धार्मिक कामहरूमा पनि खर्च गर्नेवाला तथा जीवनको दिनचर्यामा केही गौरव प्राप्त गर्नेवाला एवं शत्रु स्थानमा केही अभिमानको भावले काम पूरा गर्ने खालको होला।

कु० नं० ७४

२ १२ गु.
३ १ ११
४ १०
५ ७ ९
६ ८

मेष लग्नान्तर-शुक्रफलम्

जुन व्यक्तिको मेषको शुक्र लग्नको पहिलो स्थानमा रहन्छ, त्यो मानिस निकै शानदार (उच्चकोटिको) व्यापार गर्ने र धन कमाउने खालको राम्रो शरीर हुने तथा राम्री पत्नीवाला, भोग-विलासको शक्तिको उत्तम आनन्द प्राप्त गर्ने वाला, ठूलो चातुर्य र कलाहरूले आफ्नू काम बनाउने र निकै मान-सम्मान प्राप्त गर्ने खालको र धन एवं कुटुम्बको आनन्द प्राप्त गर्नेवाला तथा लौकिक कार्यहरूमा बढी दक्षता र कुशलता भएको, स्त्रीको मनमा निकै अभिमान पाउन सक्ने र गृहस्थीको उत्तम आनन्द भोग्नेवाला, धनीहरूमा गनिने खालको तथा इन्द्रियादिक सुखहरूलाई बढी महत्व दिने भएको, निकै कार्यकुशल, इज्जतदार होला।

कु० नं० ७५

२ | १२ | ३ | १ शु. | ११ | ४ | १० | ५ | ७ | ९ | ६ | ८

जुन मानिसको वृषको शुक्र लग्नबाट दोस्रो स्थानमा छ भने, त्यो व्यक्ति धेरै धन कमाउने, बढी कुटुम्ब भएको र अनेक थरिका व्यापार गर्नेवाला तथा चातुर्यले धन संग्रह गर्न जान्ने शक्ति भएको र स्त्री स्थानबाट सुख सम्बन्धमा ठूलो योगदान भेट्टाउने र इन्द्रिय भोगादिको सम्बन्धमा अनेक थरिका साधन जम्मा पार्नेवाला, जीवनको दिनचर्यामा बर्ता धनीको प्रभावले आनन्द मान्ने खालको र पुरातत्त्वबाट धनको लाभ प्राप्तगर्ने खालको, मान र इज्जत प्राप्त गर्नेवाला र गूढ एवं गुप्त चालाको युक्तिले पनि लाभ प्राप्त गर्ने भएको तथा जीवनमा बन्धन झैं अनुभव गर्ने किसिमको होला।

कु० नं० ७६

२ शु. | १२ | ३ | १ | ११ | ४ | १० | ५ | ७ | ९ | ६ | ८

जुन मानिसको मिथुनको शुक्र लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस आफ्नू पुरुषार्थले र चातुर्यले अनेक काम गरेर धेरै धन कमाउन सक्ने र व्यापार गर्ने ठूलो शक्ति भएको अनि दाजु-भाइ र दिदी-बहिनीको राम्रो सहयोग पाउनेवाला, स्त्रीमा आफ्नू गहिरो प्रभाव पार्न जान्ने, सुन्दरता र धार्मिकताको योग प्राप्त गर्न सकेको अनि इन्द्रिय भोगादिको धेरै शक्ति प्राप्त गर्न सक्ने खालको तथा कर्तव्य र धर्मको विशेष ख्याल राख्ने किसिमको, अनि इज्जतदारहरूमा गनिने खालको, राम्रो प्रभावशाली व्यक्तित्व भएको तथा लौकिक र कुटुम्ब-शक्तिको बर्ता आनन्द पाउने र बाठो होला।

कु० नं० ७७

२ १२
३शु. १ ११
४ १०
५ ७ ९
६ ८

जुन मानिसको कर्कको शुक्र लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस धनको सुख प्राप्त गर्नेवाला, पत्नीमा सौन्दर्य, स्वच्छता, सम्मान, धनी र शान्तिको योग पाउने इच्छा भएको तथा गृहस्थी र आमाको राम्रो सम्पर्क भेट्टाउने भएको र घर-जमीन आदिको स्वामी हुने खालको र कुटुम्बको सुख, सहयोग प्राप्त गर्नेवाला, रोजगार व्यापारको विशेष लाभ पाउनेवाला समाजमा मान-सम्मान र धन भेट्टाउने योग परेको तथा नोकरीमा उन्नति गर्ने खालको र पिता स्थानको सहायक शक्ति पाउनेवाला, शान्तिपूर्वक गहीरो चातुर्य आदिले लौकिक सुख सुविधाको बलियो शक्ति र आनन्द पाउने खालको होला।

कु० नं० ७८

२ १२
३ १ ११
४ शु. १०
५ ७ ९
६ ८

जुन व्यक्तिको सिंह राशिको शुक्र लग्नको पाँचौं स्थानमा छ भने त्यो मानिस आफ्नू चातुर्य र बुद्धिद्वारा कुनै प्रकारको कलाबाट आजीविका चलाउने भएको र परिश्रम, बल र बुद्धिले नै धनको उपार्जन गर्न जान्ने भएको, गृहस्थी र स्त्री-सुखको मनमा अभाव अनुभव गर्ने खालको, इन्द्रिय-सुख र भोगादिको विषयमा बढी चिन्तन गर्ने भएको तथा मस्तिष्क-शक्ति द्वारा धेरै धनलाभ पाउने खालको, अनि दिमागमा बढी कुरा खेलाउने बानी परेको, सन्तान पक्षमा केही बर्ता बन्धन अनुभव गर्ने भएको, अनि आफ्नू वाणीको चातुर्यले बिग्रेको काम पनि सपार्न सक्ने भएको, धेरै प्रकारले बढी लाभ पाउनको निम्ति मन-बुद्धिमा बर्ता बल लगाउने भएको, कुटुम्बको तर्फबाट अलि-अलि चित्त दुखाउने र विद्याले युक्त भएको होला।

कु० नं० ७९

२ १२
३ १ ११
४ १०
५ शु. ७ ९
६ ८

जुन व्यक्तिको कन्या राशिको शुक्र लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस धनको विषयमा बढी चिन्ता गरिरहने खालको तथा कुटुम्बको हानि पाउने भएको र स्त्रीतर्फबाट निकै अशान्ति अनुभव गर्ने भएको, इन्द्रिय भोगादिको बर्ता न्यूनता मान्ने भएको तथा भोगादिद्वारा बर्ता न्यूनता मान्ने भएको तथा भोगादि द्वारा नै केही अनुचित लाभ भेट्टाउने खालको तर व्यापारको लाइनमा बढी दुर्बलता तथा बर्ता परिश्रम र अनेक झ्याउला द्वारा काम चलाउन बनाउन जान्ने खालको, रोजगार-व्यापारको सम्बन्धमा गुप्त र अपठेरो किमिसले भए पनि आफ्नू काम सपार्न जान्ने खालको होला। मावलीबाट कुनै पनि सहयोग नपाउने र बढी धन-व्यय गर्ने भएको र अन्यान्य स्थानहरूको विशेष सम्पर्क राख्ने खालको तथा शत्रु स्थानमा नरम भावले तथा गुप्त युक्तिहरूले काम बनाउन जान्ने खालको, मावल पक्षको दुर्बलता

कु० नं० ८०

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ शु. ८

पाउनेवाला, रोगादि अनेक थरिका झ्याउलाहरू बाट धनको केही संकीर्णता अनुभव गर्ने भएको र धनको लेन-देनमा विशेष रूचि राख्ने खालको होला।

जुन मानिसको तुलाराशिको शुक्र लग्नको सातौं स्थानमा छ भने त्यो मानिस कुटुम्ब र व्यापारकों बाटोबाट धेरै धन कमाउन जान्ने खालको र धनको शक्तिले नै व्यापारमा उन्नति प्राप्त गर्ने खालको तथा राम्री पत्नी र धनले वलियो ससुराली भेट्टाउने भएको, पत्नी र गृहस्थीको सुन्दर शक्तिभित्र एक प्रकारको सानो भए पनि बन्धन परेको अनुभव गर्ने भएको र इन्द्रिय भोगादि भित्र पनि शक्तिको बाटोमा तगारो लागेको अनुभव गर्ने भएको, अनि व्यापारको लाइनमा निकै ठूलो बल र कला-कौशल, चातुर्यद्वारा आफ्नू काम सपार्न जान्ने भएको, ठूलो इज्जत र सम्मान पाउने भएको, लौकिक काममा ठूलो सामर्थ्यको परिचय दिन जान्ने भएको, शारीरिक सौन्दर्यमा अद्वितीय शोभा पाउने खालको होला।

कु० नं० ८१

२		१२
३	१	११
४		१०
५	७ शु.	९
६		८

जुन व्यक्तिको वृश्चिकको शुक्रलग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस धनको शक्तिको निकै दुर्बलता पाउने खालको, पुरातत्त्व धनबाट लाभ कमाउने खालको र उपस्थित धनमा धेरजसो हानि नै पाउने भएको र गूढ एवं गुप्त र परिश्रमको युक्तिले व्यापारको लाइनबाट धन कमाउन जान्ने, विदेश आदिको योग वा सम्बन्धबाट निकै सफलता भेट्टाउने खालको, स्त्री स्थानको हानि भोग्ने वाला, गृहस्थीको भित्र अनेक सानो-ठूलो झ्याउलाहरू भोग्नेवाला, इन्द्रिय भोगादिको न्यूनता भेट्टाउने खालको, जीवनको दिनचर्यामा केही दुर्बलताको अनुभव गर्ने र चातुर्यको कला भेट्ने गुप्त मोजी होला।

कु० नं० ८२

२		१२
३	१	११
४		१०
५	७	९
६		८शु.

जुन व्यक्तिको धनुराशिको शुक्र लग्नको नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको शक्ति र व्यापारको बाटोबाट धन कमाउन जान्ने, भाग्य र धनको तागतले रोजगारमा उन्नति गर्ने तथा पत्नीको सौन्दर्य-शक्तिको योग पाउने भाग्यमानी भएको र स्त्रीको मन भित्र धार्मिक र लौकिक भावनाहरूको सम्मिश्रम पाउने खालको तथा स्वयं भाग्यवान मान्नेवाला, उन्नति प्राप्त गर्नका लागि ठूलो पुरुषार्थ गर्न जान्ने भएको र दाजु-भाइ, दिदी-बहिनीको सहयोग पाउने खालको र गृहस्थी एवं लौकिक कामहरूमा धर्माचरण मनपराउने तथा केही इन्द्रिय संयमले लाभ प्राप्त गर्ने भएको निकै बाठो र मानयुक्त, इज्जतदार होला।

कु० नं० ८३

२ १२
३ १ ११
४ १०
५ ७ ९शु.
६ ८

जुन व्यक्तिको मकर राशिको शुक्र लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो भलादमी र ठूलोनै रोजगार, व्यापार गर्ने होला। पूरा सम्मान सहित चादुर्यले धेरै धन कमाउने र पिता स्थानमा बढी मद्दत पाउने तथा राज-समाजमा इज्जत पाउने र स्त्री स्थानमा ठूलो गौरव पाउने, भोग-विलासको विषयमा महानता भेट्टाउने र लौकिक कामहरूमा धेरै ठूलो प्रवीणता (बठ्याइँ) वा दक्षता राख्नेवाला र गृहस्थीको सुखको ठूलो र राम्रो आनन्द पाउनेवाला र धनको शक्तिले एवं नित्य-प्रतिको परिश्रमद्वारा बढी उन्नति गर्नेवाला, भूमि-भवन आदिको सुख पाउनेवाला र कुटुम्बको शक्तिले महानता खालको र मातृ-सुख प्राप्त गर्ने र अत्यन्त बाठो होला।

कु० नं० ८४

२ १२
३ १ ११
४ १०शु.
५ ७ ९
६ ८

जुन व्यक्तिको कुम्भको शुक्र लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस व्यापारको लाइनमा बढी चातुर्यहरू द्वारा बढी आय पाउनेवाला, तथा धनको बलले र नित्यको कार्यक्रमको परिश्रमले धनको वृद्धि गर्न जान्नेवाला, स्त्री स्थानको निकै राम्रो, विशेष लाभ भेट्टाउने वाला, अनि इन्द्रिय भोगादिक पदार्थहरूको महत्ताको लाभ प्राप्त गर्नेवाला तथा अनेक थरीका बढी मोल पर्ने सौन्दर्य युक्त पदार्थहरूको पनि लाभ पाउने खालको र गृहस्थीको अपूर्व आनन्द एवं लाभ र सुख भेट्नेवाला, लौकिक कार्यहरूमा निपुणता र चातुर्यले बढी लाभ पाउनेवाला, तथा सन्तान भावमा गृहस्थीको सुखको विचारले केही न्यूनताको योग अनुभव गर्ने खालको तथा विद्यामा पनि केही कमीको वा अरूचिको योग पाउने भएको होला।

कु० नं० ८५

२ १२ ११ शु. ३ १ ४ १० ५ ७ ९ ६ ८

जुन व्यक्तिको मीन राशिको शुक्र बाहौं स्थानमा छ भने त्यो मानिस धेरै धन खर्च गर्नेवाला, अनि धन स्थानको ठूलो हानि पाउने र गृहस्थी एवं कुटुम्बको पनि हानि पाउने भएको स्त्री स्थानमा पनि अशान्ति र हानि सम्भव छ। अन्य स्थानको संयोग (सम्पर्क) बाट गृहस्थीको र स्त्रीको शक्ति (बल) पाउने भएको, फेरि अन्य स्थानको सम्पर्कले नै व्यापारको लाइनमा उन्नति गर्ने भएको, इन्द्रिय-भोगादिको सम्बन्धमा बढी धन खर्च गर्ने भएको, बाहिरी स्थानहरूको सम्बन्धमा कार्य कुशलताले विशेष बल राख्ने भएको र शत्रुपक्ष एवं विवाद झगडा आदिको सम्बन्धमा मावली पक्षमा दुर्बलताको योगले आफ्नू काम सिद्ध पार्ने वाला होला।

कु० नं० ८६

२ १२ शु. ३ १ ११ ४ १० ५ ७ ९ ६ ८

मेष लग्नान्तर-शनिफलम्

जुन व्यक्तिको मेष राशिको शनि लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस शारीरिक सौन्दर्य र कदमा केही कमी पाउने खालको तथा पिता स्थानको तर्फबाट न्यूनताको योग पाउनेवाला, आयको सम्बन्धमा केही परतन्त्रताको योग भएको, तथा केही बन्धन युक्त कर्म गर्न बाध्य भएको र उन्नतिको शिखरमा पुग्नको लागि अनेकानेक प्रयत्न गर्दै रहे पनि विशेषता प्राप्त गर्न नसक्ने भएको र राज समाजमा साधारण सुख प्राप्त गर्ने खालको र दैनिक रोजगारको उन्नतिमा ठूलो प्रयत्न गर्नेवाला, परिश्रम र पुरुषार्थ गर्दै रहनेवाला, दाजु-भाइ, दिदी-बहिनीका स्थानको केही पूर्ति पाउनेवाला, इज्जतको निम्ति केही गुप्त कर्म वा चिन्ताको योग परेको तथा स्त्रीलाई बढी महत्व दिने र अल्छी खालको होला।

कु० नं० ८७

२ १२
३ १श. ११
४ १०
५ ७ ९
६ ८

जुन व्यक्ति वृष राशिको शनि लग्नको दोस्रो स्थानमा छ भने त्यो मानिस आफ्नू कर्तव्य-कर्म र लाभको शक्तिले धेरै धन कमाउने वाला, तथा धन र इज्जतको प्रभाव वा शक्तिले निकै ठूलो आमदानी एकैपल्ट (एकमुस्त) किसिमले प्राप्त गर्नेवाला, पिता स्थानको र कुटुम्बको पनि शक्ति भेट्टाउने भएको, अनि राज समाजबाट पनि धेरै लाभ पाउनेवाला र मातृ-स्थानमा अलि वैमनस्यताको योग परेको तथा सुख प्राप्तिको लागि अनेक साधनहरू र धनको बलले एकत्रित पार्न जान्ने खालको र जीवनको दिनचर्यामा केही अशान्तिको योग परेको तथा धन र इज्जतको स्थिर शक्ति पाउनेवाला तथा धनको वृद्धिका लागि महान् कर्म बन्धनको शक्तिद्वारा काम सपार्न जान्ने खालको होला।

कु० नं० ८८

२श. १२
३ १ ११
४ १०
५ ७ ९
६ ८

जुन व्यक्तिको मिथुन राशिको शनि लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस महान पराक्रमी, पुरुषार्थद्वारा उन्नतिको शिखरमा पुग्नेछ,

कु० नं० ८९

२ १२
३श. १ ११
४ १०
५ ७ ९
६ ८

पिताको शक्तिको बढी सहयोग र लाभ पाउनेवाला, दाजु-भाइ, दिदी-बहिनीको योग पनि प्राप्त गर्नेवाला, राज समाजमा मान-प्रतिष्ठा पाउनेवाला, बढी खर्च गर्नाको कारणले अशान्तिको योग प्राप्त गर्नेवाला, सन्तान पक्षबाट केही अशान्तिको वातावरण उपस्थित भएको अनुभव गर्नेवाला, असाधारण उन्नति प्राप्त गर्नका लागि बुद्धिमा केही अपठेरो अनुभव गर्नेवाला, तथा सम्मान प्राप्तिको विचारले अन्य बाहिरी स्थानहरूमा केही वैनस्यताको योग प्राप्त गर्ने खालको होला। धर्म पालनमा निराश मान्ने अहंकारी होला।

जुन व्यक्तिको कर्क राशिको शनि लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस पिताबाट सुख पाउनेवाला तथा आफ्नै स्थानबाट व्यापार

कु० नं० ९०

२ १२
३ १ ११
४ श. १०
५ ७ ९
६ ८

गर्नेबाला र सरलताले शान्तिपूर्वक लाभ पाउनेवाला एवं राज समाजमा सुख प्राप्त गर्नेवाला मान-सम्मान, इज्जतको साधन जोरिराख्नेवाला, मातृ-स्थानमा केही अशान्ति युक्त वातावरण र गौरव लाभ गर्न जान्ने वाला, शत्रु स्थानमा मौका अनुसार ठूलो प्रभावले आफ्नू काम पूर्ण गर्न जान्नेवाला, अनि अपठेरो र विपत्तिहरूमा सहजै विजय प्राप्त गर्ने क्षमता राख्ने भएको र देहस्थानमा केही न्यूनता र केही उदासीनताको योग पाउने भएको होला। सांसारिक कारणहरूले आत्मा भित्र अलि-अलि अशान्ति भएको अनुभव गर्नेवाला, विशेष परिश्रमको काम गर्न मनपराउने खालको कर्मठ व्यक्ति होला।

जुन व्यक्तिको सिंह राशिको शनि लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा अलि न्यूनताको योग अनुभव गर्ने खालको होला।

कु० नं० ९१

२ १२
३ १ ११
४ १०
५श. ७ ९
६ ८

अनि पिताका स्थानको सम्बन्धले नै केही लाभ प्राप्तिको योग पाउनेवाला, बुद्धि र विद्याको स्थानबाट पनि धनागम गर्नेवाला तथा व्यापारको लाइनमा निकै ठूलो उन्नतिका लागि सकेसम्म र बल पुगेसम्म प्रयत्न गरिरहनेवाला, इन्द्रिय भोगादिकको प्राप्तिका निम्ति ठूलो उत्साहले काम गर्ने खालको होला। स्त्री स्थानलाई विशेष महत्त्व दिनेवाला र लौकिक तथा सामाजिक कामहरूको सम्बन्ध मार्गमा बढी परिश्रम गर्नेवाला र धनको वृद्धिका लागि खूब कर्म गर्ने खालको तथा सन्तान पक्षमा केही वैमनस्यताको योग पाउने खालको होला।

जुन व्यक्तिको कन्या राशिको शनि लग्नको छैठौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा केही वैमनस्यताको योग परेको होला तथा केही

कु० नं० ९२

२ १२
३ १ ११
४ १०
५ ७ ९
६श. ८

प्रभावशाली र अलि-अलि परतन्त्रता युक्त कर्म गर्ने खालको तथा दिनचर्यामा केही अपठेरो अनुभव गर्नेवाला, शत्रु स्थानमा बढी प्रभाव राख्ने खालको, विपत्ती र कष्टहरूमा विजय पाउनेवाला, आमदानीको स्थान विवशताले केही तगारो पारेजस्तो अनुभव गर्ला, खर्चको स्थानमा विवशताले गर्दा बढी व्यय गर्नेवाला, अन्य स्थानहरूको सम्बन्धमा केही वैमनस्यताको योग पाउनेवाला, आफ्नो बल-पुरुषार्थको शक्तिले महान कार्य गर्नेवाला, दाजु-भाइ, दिदी-बहिनीबाट केही आशा र घनिष्ठ सम्पर्क राख्नेवाला व्यक्ति होला।

जुन व्यक्तिको तुलाराशिको शनि लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस पिता स्थानको शक्तिबाट ठूलो सहयोग प्राप्त गर्नेवाला तथा निकै प्रभावशाली ढंगले व्यापार गर्नेवाला, दैनिक रोजगारको लाइनमा महान परिश्रम गर्नेवाला, शरीर र आत्मामा केही अशान्तिको कारण अनुभव गर्ने भएको र भोग-विलासको लागि महान् साधन प्राप्त गर्नेवाला, तथा रोजगारको श्रेणीमा बर्ता लाभ पाउनेवाला, र भाग्यको उन्नतिका लागि धेरै अनेक प्रयत्न गर्ने वाला, धर्मको वास्तविक रूपको पालन नगरेर बाहिरी धर्मको पालन गर्नेवाला, आफ्ना उग्र कर्महरूको कारणले आमासित केही अशान्तिको साथै लाभको सम्बन्ध भेट्टाउनेवाला अभिमानी होला।

कु० नं० ९३

२ १२
३ १ ११
४ १०
५ ७ श. ९
६ ८

जुन व्यक्तिको वृश्चिकको शनि लग्नको आठौं स्थानमा छ भने त्यो मानिस पिता स्थानबाट कष्टको योग पाउनेवाला र उन्नतिको स्थान प्राप्त गर्नको निम्ति महान् परिश्रम र उद्योग तथा कूटनीतिहरूको सहयोग प्राप्त गर्ने खालको तथा आयुको वृद्धि पाउने र लाभको निम्ति कठोर कर्म गर्न अघिसर्ने, विदेशको सम्बन्ध पाएर केही उन्नति गर्ने खालको तथा महान हठ्योगको प्रयोगले काम बनाउनेवाला, आफ्नू राम्रो र गहीरो गुप्त शक्ति र युक्तिहरूको ठूलो भर मान्नेवाला, जे काममा पनि सफलता पाउनेवाला, तर राज समाजमा सम्मानको माझमा अलिकति कमीको साथै वृद्धि पाउनेवाला, अनि बुद्धि-भित्रै केही कष्टको अनुभव गर्नेवाला, विद्या र सन्तान पक्षमा केही वैमनस्यता पाउने तथा हठी स्वभावको होला।

कु० नं० ९४

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८श.

जुन व्यक्तिको धन राशिको शनि लग्नको नवौं स्थानमा छ भने त्यो मानिस कर्म भाग्यको शक्तिले धेरै धन कमाउने होला, तोकिएको आमदानी पाउने अधिकारी र ठूलो भाग्यशाली मानिने खालको तथा अनेक प्रकारले धर्मको पालन गरेर धर्मको शक्ति देखाउनेवाला, पिता स्थानबाट सम्बन्धित विशेष लाभ पाउनेवाला, राज समाजको शक्तिबाट लाभ-भाग्य र चातुर्यको बलले प्राप्त गर्नेवाला तथा शत्रु स्थानमा ठूलो प्रभाव जमाउनेवाला र अनेक कष्ट एवं झ्याउलाहरूमा विजय पाउनेवाला तथा महान पुरुषार्थ र परिश्रमले लाभ कमाउनेवाला तथा देवता वा भगवतीको कृपाले केही परिश्रम गर्नाले नै प्रभावको वृद्धि भेट्टाउने र ईश्वरीय सफलताको अधिकारी हुन्छ।

कु० नं० ९५

२ १२
३ १ ११
४ १०
५ ७ ९श.
६ ८

जुन व्यक्तिको मकर राशिको शनि लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो व्यापारी कारवार जान्ने र गर्ने तथा निकै शान र अभिमानका साथ आमदानी पाउनेवाला, पिता स्थानको शक्ति ठूलो लाभ पाउनेवाला, राज समाजको सम्बन्धले धेरै इज्जत र धन-मान प्राप्त गर्ने तथा अनेक प्रकारले राजसी खर्च गर्न मनपराउने, अनि अनेक स्थानहरूमा विभिन्न प्रकारका सम्बन्ध कायम गर्न जान्नेवाला, मातृ-स्थानको सम्पर्कमा अरूचि भएको ध्वनि जस्तै सारा क्षेत्रमा सफलता प्राप्त गर्नेवाला, भोग-विलासको सम्बन्धमा इच्छित साधन प्राप्त गर्नेवाला, उन्नतिको शिखरमा पुग्नको लागि महान कार्य गर्ने र स्वाभिमानी होला।

कु० नं० ९६

२ १२
३ १ ११
४ १० श.
५ ७ ९
६ ८

जुन व्यक्तिको कुम्भ राशिको शनि लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै बलियो आय पाउने तथा इज्जतको कामले उन्नतिको टुप्पामा पुग्ने, अनि पिता स्थानको सम्बन्ध पनि लाभको योग प्राप्त गर्नेवाला, राज समाजसित पनि राम्रो सम्बन्ध भएर विशेष लाभ पाउने, स्वयंले पनि शक्ति प्राप्त गर्ने जान्ने भएको र उन्नतिको साधनमा आफ्नू शरीरको पनि वास्ता नगर्नेवाला, शरीर र आत्मामा कुनै प्रकारको न्यूनताको योग पाउनेवाला, अनि बुद्धिमा केही अत्यास र झर्किने योग वा बानी भएको तथा सन्तान पक्षबाट केही असन्तोष अनुभव गर्ने होला।

कु० नं० १७

२　१२
३　१　११ श.
४　१०
५　७　९
६　८

जुन व्यक्तिको मीन राशिको शनि लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस पिता स्थानको तर्फबाट हानिको योग भेट्टाउनेवाला र धेरै प्रकारले अनावश्यक खर्च गर्ने खालको र अरू बाहिरी सम्पर्कले मोटर आदिको व्यवसाय गरेर आमदानीको शक्ति भेट्टाउने वाला, तर मान-प्रतिष्ठाको स्थानमा न्यूनताका कारणहरूको योग पाउनेवाला र धनको वृद्धिका लागि थेरै ठूलो प्रयत्न गर्दै रहने खालको र कुटुम्ब स्थानबाट आंशिक मान-प्रतिष्ठाको सम्बन्ध राख्नेवाला, बाहिरी स्थानहरूको सम्पर्क शक्तिको कर्मबलबाट भाग्यमानीमा गनिने भएको तथा धर्मको पालनका लागि केही अनेक थरिका साना-साना कर्महरू गर्दै रहने भएको, शत्रु स्थानमा प्रभाव राख्ने खालको व्यक्ति होला।

कु० नं० १८

२　१२श.
३　१　११
४　१०
५　७　९
६　८

मेष लग्नान्तर-राहुफलम्

जुन व्यक्तिको मेष राशिको राहु प्रथम स्थानमा छ भने त्यो मानिस शारीरिक कष्ट सहन सक्ने खालको र शरीरमा कुर्ने प्रकारको केही

कु० नं० ९९

२ १२
३ १रा. ११
४ १०
५ ७ ९
६ ८

न्यूनताको पाउनाले दुःख मान्ने भएको तथा महान् गुप्त साहस राख्ने खालको र आफ्नू स्थायी उन्नतिका लागि शक्ति प्राप्त गर्ने भएको, फेरि आफ्नू नाम अमर तुल्याउन ठूलो भन्दा पनि ठूलो विपत्ती वा खतरा उठाउन सक्ने खालको र अनधिकार प्रयत्न पनि गर्न अधिसर्ने खालको, अनि आफ्नू गुप्त शक्तिको कर्म-बलले प्रतिष्ठामा उन्नति पाउने खालको र ठूला-ठूला मार्मिक आघात र सकंट सहन सक्नेवाला, उन्नतिको पथमा अडिन सक्ने खालको तथा युक्ति र शक्तिको भर मान्ने वाला होला।

जुन व्यक्तिको वृष राशिको राहु लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस धन स्थानमा केही हानि पाउनेवाला तथा कुटुम्बमा केही बिग्रह

कु० नं० १००

२ रा. १२
३ १ ११
४ १०
५ ७ ९
६ ८

पाउनेवाला र धनको वृद्धिका लागि महान् भन्दा पनि ठूलो चातुर्यहरूले काम सपार्नेवाला तथा धनको चिरस्थायी- का लागि शक्ति पाउने खालको, केही अनाधिकार प्रयत्न गुप्त रीतले बराबर गर्दै रहने खालको, धनको स्थानमा कहिले काहीं डरलाग्दो संकटमा पर्न पनि आँट गर्ने खालको होला। धनको सम्बन्धमा कहिले काहिं अर्काको भर र विश्वास मान्नेवाला, धनसंग्रह गर्नको निम्ति दिमागको परेशानी तथा बुद्धिको र युक्तिको निकै ठूलो हिम्मतले काम पूर्ण पार्नेवाला र देख्दा ठूलै धनी झैं मानिने या देखिने खालको तथा केही गुप्त अशान्तिमा गाडिएको होला।

जुन व्यक्तिको मिथुनको राहु लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस निकै ठूलो पुरुषार्थ शक्ति भित्र निकै साहस र हिम्मत भएको, मस्तिष्कको शक्तिले र गुप्त युक्तिहरूको षड्यन्त्रले ठूलोभन्दा पनि ठूलो महान् र कठिन कार्यहरूलाई पूरा गर्ने ताकत र हिम्मत भएको र साहसले अगाडी बढ्ने भएको, महान् धैर्य र परिश्रमद्वारा काम गर्न जान्नेवाला, दाजु-भाइ र दिदी-बहिनी माथि आफ्नू प्रभुत्व कायम राख्न खोज्ने खालको, अर्कालाई थिचेर राख्न पाए प्रसन्न रहने खालको र कुनै प्रकारको पनि डर भय नमान्नेवाला, आफ्नो स्वार्थसिद्धि गर्नमा कहिल्यै नचुक्ने खालको निकै प्रभावशाली होला।

कु० नं० १०१

२ १२
३ रा. १ ११
४ १०
५ ७ ९
६ ८

जुन व्यक्तिको कर्कको राहु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृ स्थानमा र आमाको पक्षमा विशेष हानि पाउने भएको, सुख-शान्तिको सम्बन्धमा झन बर्ता हानि हुने योग छ। भूमि र भवन आदिको पनि हानि तथा वासंस्थान पनि छाड्नु पर्ने स्थिति आउने छ, सुख-शान्तिको स्थितिलाई बलियो पार्न ठूलो मानसिक र शारीरिक कष्ट सहन सक्ने खालको तथा निकै गुप्त र गहीरो चाल चल्नेवाला तथा अनेक झ्याउलाहरू सहिसकेपछि अन्त्यमा सुखको बलियो साधन पाउने भएको, सुखकै सम्बन्धमा कुनै प्रकारको केही विशेष कुरा फेला पार्ने भएको जसले गर्दा अर्कालाई चकित पार्न सक्ने खालको होला।

कु० नं० १०२

२ १२
३ १ ११
४ रा. १०
५ ७ ९
६ ८

जुन व्यक्तिको सिंहराशिको राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्या स्थानमा न्यूनता र अनेक अशान्ति योग पाउनेवाला र सन्तान

कु० नं० १०३

२ १२ ३ १ ११ ४ १० ५रा. ७ ९ ६ ८

पक्षमा अनेक हानि र क्लेशको योग परेको र मस्तिष्क भित्र बढी कुरा खेलाउने र रिसाएर कुरा गर्ने, कुरा-कानी गर्दा राम्रो नियम काइदासित अर्कालाई कुरा बुझाउन नजान्ने वा नसक्ने तथा आफूले बोलेका वाक्य भित्र केही लुकाएको छ भन्ने स्पष्ट थाहा पाइने खालको होला। बुद्धि भित्र केही अनुचित तेजी र केही झर्कने खालको र केवल अर्काको बुद्धिमा न्यूनता देख्ने र कहिले काहीं लगातार बोलिरहने वाला, अनि केही कटु-भाषी होला।

जुन व्यक्तिको कन्या राशिको राहु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस शत्रु स्थानमा ठूलो प्रभाव युक्त एवं विजयी रहने खालको, अनि

कु० नं० १०४

२ १२ ३ १ ११ ४ १० ५ ७ ९ ६रा. ८

सबै प्रकारका कष्ट र आइपरेका अपठेराहरूमा विजय पाउने खालको तथा महान् कूटनीतिले आफ्नू काम सहजै पूरा गर्ने भएको, अनि ठूला-ठूला जाल-झेल गरेर आफ्ना ठूलठूला स्वार्थ सिद्ध पार्न जान्ने भएको, स्वार्थसिद्धिको स्थानमा आउने बाधाहरूलाई स्वयं उपस्थित रहेर अरूसित काम लिन जान्ने र आफ्नू प्रभाव वृद्धिको निम्ति दिन-रात ठूला-ठूला उपायहरू विचार गर्दै रहने भएको तथा उन्नतिको बाटो बलियो पार्न कुनै न कुनै बलियो बाटो खोज्न जान्ने, मावलबाट केही कष्ट पाउने खालको र सदा सावधान रहने व्यक्ति होला।

जुन व्यक्तिको तुलाराशिको राहु लग्नको सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा केही अपठेरोको योग पाउने भएको तथा गृहस्थीमा पनि अनेक थरिका झ्याउला आउने योग वाला, दैनिक कार्य संचालन राम्ररी गर्न जान्नेवाला, व्यापारको लाइनमा ठूला-ठूला बाधाहरू बराबर रहेर आफ्नू काम सपार्न जान्नेवाला र दैनिक व्यापारमा कहिले काहीं धार्मिक आघात परेको पनि सहन सक्नेवाला, निकै ठूलो युक्तिले र गुप्त चालले भए पनि व्यापारमा सफलता पाउनेवाला, इन्द्रिय भोगादिकको स्थान सम्बन्धमा निकै रूचि राखेर युक्तिहरूले आफ्नू काम सपार्नेवाला, लौकिक विषयको प्रत्येक घेरामा केही अनधिकार लाभ पाउनेवाला बाठो होला।

कु० नं० १०५

२ १२
३ १ ११
४ १०
५ ७रा. ९
६ ८

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनको दिनचर्यामा अनेक थरिका कष्टको योग पाउने खालको, जीवन निर्वाह शक्तिमा र पुरातत्त्व सम्बन्धमा केही हानिको योग भएको र पेटको तल्लो भागमा भित्रतिर केही विकार भएको, धेरै गहीरो हिसाबको चाल चल्न जान्ने भएको, गुप्त शक्तिको प्रयोग निकै अभिमानपूर्वक गर्न जान्ने र जीवन निर्वाह शक्तिमा स्थिरता र दृढता पाउनको लागि ठूला-ठूला निराशाजनक संकट पनि सहने, अनि कुनै दीघो लाइनबाट बलियो बाटो प्राप्त गर्ने खालको महान कूटनीति जान्ने होला।

कु० नं० १०६

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८रा.

जुन व्यक्तिको धन राशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यमा ठूलो अफसोस (विषाद) मान्ने भएको तथा आफ्नू उन्नतिको विषयमा महान् निराशाहरू र अनेक चिन्ताहरूको योग भेट्टाउने खालको, भाग्यको वृद्धिको लागि अनेक थरिका अनुचिक योजनाहरूको योगबाट गुप्त रूपले काम गर्न अधिसर्ने खालको, धर्मको स्थानको सम्बन्धमा ठूलो हानिकारक योग परेको, अनि धर्म र अधर्मको ठीक विचार नगरेर कुनै सारै सानो तत्त्वलाई धर्म मान्ने भएको तथा वास्तविक धर्मलाई हानि पुऱ्याएर लाभ प्राप्त गर्ने प्रयत्नमा लाग्ने, केही अपयश प्राप्त गर्ने र चित्तमा अशान्तिले युक्त होला।

कु० नं० १०७

३	२ १ १२	११
	४ १०	
५	६ ७ ८	९ रा.

जुन व्यक्तिको मकर राशिको राहु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानमा केही अपठेरोको योग पाउनेवाला, तथा पिता स्थानको सम्बन्धमा केही युक्तिद्वारा आफ्नू काम पूरा पार्ने खालको, र व्यापारमा उन्नतिको बाटोमा आइपरेका ठूला-ठूला बाधाहरू सहन सक्ने तथा पदोन्नतिका लागि निकै ठूलो र स्थायी युक्तिहरू द्वारा र परिश्रम गरेर, गुप्त शक्तिहरूबाट काम लिनजान्ने खालको र राज समाजको सम्बन्धमा उन्नतिको लागि केही न्यूनता र अनेक कष्टहरू सहदै रहे पनि ठूलो परिश्रम र चातुर्यहरूले सफलता शक्ति प्राप्त गर्न जान्ने भएको, अनि सम्मान र प्रभावको स्थानमा कहिले-कहिले महान् सकंट पनि सहन गर्न तत्पर रहने खालको, बाङ्गो उपायले र महान् हिम्मत (साहस) ले स्थिरता प्राप्त गर्ने भएको बाठो व्यक्ति होला।

कु० नं० १०८

३	२ १ १२	११
	४ १० रा.	
५	६ ७ ८	९

जुन व्यक्तिको कुम्भ राशिको राहु लग्नबाट एधारौं स्थानमा छ भने त्यो मानिस प्रसस्त लाभ पाउनेवाला तथा आमदानीको स्थानमा केही सित्तैमा पाउने साधनको लाभ पाउनेवाला र धेरै लाभ प्राप्तिको लागि अनेक थरिका युक्तिहरूले आफ्नू काम पूरा नपारी नछाड्ने खालको, फेरि कुनै गुप्त युक्तिहरूले पनि सफलता प्राप्त गर्ने भएको होला। लाभ प्राप्तिका बाटोमा कहिले-कहिले निकै ठूलो विपत्तिको पनि हाँसेर मुकाबला गर्दै लक्ष्यसम्म पुग्ने भएको, फेरि जस्तोसुकै अपठेरो वा संकटको समय उपस्थित भए पनि कुनै न कुनै युक्ति खेलेर आफ्नू इच्छित लक्ष्य र शक्तिलाई पाउने, तथा आवश्यकताको पूर्ती प्राप्त गरिछाड्ने खालको तथा लाभको प्राप्तिका सम्बन्धमा निकै ठूलो साहस, हिम्मत र सतर्कता एवं केही अनधिकार लाभ प्राप्त गर्ने शक्ति भएको र काम पूरा गर्ने जिद्दी, अड्डी लिने भएको होला।

कु० नं० १०९

२ १२ ३ १ ११ रा. ४ १० ५ ७ ९ ६ ८

जुन व्यक्तिको मीन राशिको राहु लग्नको बाहौं स्थानमा छ भने त्यो मानिस बढी धन खर्च गर्नाले मनमा दुःखको अनुभव गर्ने तथा खर्चको स्थानमा कुनै पनि प्रकारले कुनै यस्तो कारण भेट्टाउने–जसले मनमा अशान्ति प्राप्तहोस् र विद्वत्ताको कुनै अपठेरो युक्ति गरेर भए पनि खर्च संचालनको शक्ति वा युक्ति फेला पार्नेवाला, फेरि अन्यान्य बाहिरी स्थानहरूबाट सम्पर्क मार्गमा तगारो ठडिएको अनि केही मानसिक कष्टको अनुभव गर्ने खालको भए पनि 'म ठूलो र म नै जान्ने' यस्तो भावना भित्र लुकेका युक्तिहरूले आफ्नू बिग्रेको काम पनि सपार्न जान्ने र बाहिरी सम्बन्धका मानिसहरूसित केही वैमनस्यताले गर्दा दुःखी रहने र कहिले काहीं खर्चको ठाउँमा भयानक बाधाहरू पनि भोग्ने, कहिल्यै हताश नहुने र अन्त्यमा केही खर्चको विवशता पाउने खालको होला।

कु० नं० ११०

२ १२रा. ३ १ ११ ४ १० ५ ७ ९ ६ ८

मेष लग्नान्तर-केतुफलम्

जुन व्यक्तिको मेष राशिको केतु पहिलो लग्नको स्थानमा परेको छ भने त्यो मानिस शारीरिक अशान्तिको योग पाउनेवाला र शरीरको सम्बन्धमा कहिले काहीं सांघातिक चोट अथवा वेदनाको योग पाउने भएको, फेरि हृदय भित्र धेरै ठूलो विवशता र गुप्त धैर्यको महान शक्ति राख्ने खालको, अर्काको सामुन्ने थिचिएर या दबिएर बस्ने कुरा कत्ति पनि मन नपराउने तर ठीक त्यसको विपरीत जथाभावीसित अहं भावना र हठधर्मीले काम बनाउनेवाला, गुप्त युक्तिहरूको बलले तथा महान् कष्टहरू सहन शक्तिको बलले कुनै प्रकारको ख्याति प्राप्त गर्ने शक्ति पाउने खालको र आफ्नू अन्तःकरणमा कुनै कुराको न्यूनता सम्बन्धी कष्ट अनुभव गर्ने होला।

कु० नं० १११

२ १२
३ १ के. ११
४ १०
५ ७ ९
६ ८

जुन व्यक्तिको वृष राशिको केतु लग्नको दोस्रो स्थानमा छ भने त्यो मानिस धन स्थानमा कहिले काहीं ठूलो हानि पाउनेवाला, धनको कमीले पनि कष्टको अनुभव गर्ने खालको तथा धनको वृद्धि गर्नको लागि चातुर्यका साधनहरूको पालन गुप्त साहसको बलले गर्न जान्नेवाला, धनको प्रत्येक सम्बन्धमा ठूलो धैर्यले काम बनाउने खालको, धनको पक्षमा कहिले काही घोर संकटमा पर्नेवाला, अन्त्यमा कुर्ने धनको सम्बन्ध भएको गुप्त शक्तिको साधन पाउने भएको, धनको निम्ति आफ्नू शक्तिभन्दा पनि बढी बल र युक्तिको प्रयोग गर्नेवाला होला।

कु० नं० ११२

२ के. १२
३ १ ११
४ १०
५ ७ ९
६ ८

जुन व्यक्तिको मिथुन राशिको केतु लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस दाजु-भाइ, दिदी-बहिनीको स्थानमा हानि र क्लेशको योग परेको र आफ्नू पुरुषार्थ वा बलमा केही न्यूनता पाउनेवाला, तर आफ्नू शक्ति भित्र ठूलो गुप्त साहस र ठूलो भरोसा राख्ने खालको तथा गुप्त शक्तिले अनेक काम बनाउनेवाला र उचित-अनुचित रीतिले भए पनि आफ्नू बहादुरी र बल-साहसको परिचय दिने भएको व्यक्तिहोला।आफ्नू बल,पुरुषार्थ र हिम्मत-साहस भन्दा कहिले काहीं भीषण प्रहार सहनेवाला, ठूलोभन्दा पनि ठूलो विपत्ति आइलाग्दा पनि आन्तरिक धैर्य नत्याग्नेवाला, गुप्तरीतिले सदैव आफ्नू स्वार्थसिद्धिमा लागिरहने खालको होला।

कु० नं० ११३

२ १२
३के. १ ११
४ १०
५ ७ ९
६ ८

जुन व्यक्तिको कर्कराशिको केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस माताको पक्षमा हानि पाउनेवाला र मातृ स्थानमा केही उदासीनताको योग पाउनेवाला, भूमि-भवन आदिको सम्बन्धमा केही हानि र न्यूनताको योग भेट्टाउने वाला, सुख र आराम एवं शान्तिको स्थानमा अनेक थरिको न्यूनता वा कमी एवं अशान्तिको योग पाउनेवाला, सुख प्राप्तिका स्थानमा बलियो योग पाउनको लागि महान् परिश्रम र कष्टहरू सहने खालको आफ्नू निज स्थानमा कहिले काहीं असहनीय दारुण विपत्ती वा कष्ट आइपर्ने खालको, अन्त्यमा कुनै सुख सम्बन्धी बलियो साधन फेलापार्ने वाला, सुख प्राप्तिका लागि आँखा चिम्लेर शक्तिको प्रयोग गर्नेवाला होला।

कु० नं० ११४

२ १२
३ १ ११
४ के. १०
५ ७ ९
६ ८

जुन व्यक्तिको सिंह राशिको केतु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षमा कष्ट सहन गर्नेवाला, सन्तानको हानि पाउनेवाला, विद्या ग्रहण गर्नमा ठूला-ठूला, गहीरा झ्याउलो बोक्नेवाला, बुद्धि र विद्या स्थानमा अनि सन्तान स्थानमा पनि कहिले काहीं असहनीय दारुण कष्टको योग परेको होला। मस्तिष्क भित्र बर्ता गर्मी हुनाले आफ्ना शब्दहरूको पूरा भाव अरूहरूलाई राम्ररी बुझाउन नसक्नेवाला, आफ्नू बुद्धिको न्यूनता हराउनको लागि महान् भन्दा पनि महान् परिश्रम अन्धविश्वासमा फरेर गरिरहने खालको तथा केही गुप्त कुरा परेमा लुकाइराख्ने खालको होला।

कु० नं० ११५

२ १२ ३ १ ११ ४ १० ५ के. ७ ९ ६ ८

जुन व्यक्तिको कन्या राशिको केतु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस शत्रु स्थानमा महान् पुरुषार्थ शक्तिको परिचय दिन जान्ने तथा शत्रुलाई परास्त गर्न सक्ने र महान् भन्दा पनि महान् अपठेरो र कष्टहरूको अलिकति पनि वास्ता नगर्ने र आफ्नू प्रभावको बढी उन्नति गर्नका लागि जाति-नजाति सबै प्रकारका शक्तिहरूको प्रयोग गर्नेवाला, मावली पक्षमा केही दुर्बलता अनुभव गर्ने खालको, शत्रु स्थानमा कहिले काहीं अकस्मात् भीषण विपत्तिहरूको आशंका पाउनेवाला, तर वास्तवमा हरबखत विजयी रहनेवाला, ठूलो पुरुषार्थको दाबीगर्ने खालको पाप-धर्म र दोषको वास्ता नगरेर स्वार्थ-सिद्धिमा पूरा विश्वास राख्ने खालको मानिस होला।

कु० नं० ११६

२ १२ ३ १ ११ ४ १० ५ ७ ९ ६ के. ८

जुन व्यक्तिको तुला राशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिसले स्त्री स्थानमा केही हानि र अनेक थरिका अशान्ति पाउनेवाला, इन्द्रियका भोगादिक शक्तिहरूको सम्बन्धमा बढी अधिकार राख्ने खालको होला, व्यापारको विषयमा बर्ता परिश्रम गरेर कुनै गुप्त युक्तिद्वारा वा शक्तिद्वारा आफ्नू काम सपार्न जान्ने खालको तथा भीषण सम्मान प्राप्त गर्ने भएको, तर ठूलो धैर्य र साहसले आफ्नू काम वेलामा गर्दै रहने खालको र व्यापारको सम्बन्धमा अन्त्यसम्म कुनै न कुनै बलियो स्थिति-प्राप्त गर्नेवाला र प्रत्येक लौकिक कार्यहरूमा केही न्यूनता भए पनि ठूलो साहसपूर्वक उन्नतिको मार्गमा अग्रसर भइरहने खालको मानिस होला।

कु० नं० ११७

२ १२
३ १ ११
४ १०
५ ७ के. ९
६ ८

जुन व्यक्तिको वृश्चिक राशिको केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस पेटको भित्री भागमा र तल्लो एवं पछिल्लो भागमा केही न्यूनता भएको अनुभव गर्ने र जीवनको दिनचर्यामा निकै बर्ता अशान्ति अनुभव गर्ने खालको होला। पुरातत्त्वको केही हानि पाउनेवाला, जीवनको आयुष्यको सम्बन्धमा कहिले-कहिले सांघातिक हानि पाउने खालको र आफ्नू जीवनसित सम्बन्धित मार्गमा महान अभिमान राख्ने खालको, तीक्ष्ण र गुप्त युक्तिहरू द्वारा निर्वाह गर्ने शक्तिमा सहयोग उत्पन्न गर्नेवाला, अन्त्यसम्म जीवनमा केही प्रसिद्धि पाउनमा सफल हुने प्रभाव वाला होला।

कु० नं० ११८

२ १२
३ १ ११
४ १०
५ ७ ९
६ ८ के.

जुन व्यक्तिको धन राशिको केतु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको उन्नतिका लागि बढीभन्दा पनि धेरै बढी परिश्रम गर्ने र भाग्यको स्थानमा ठूला-ठूला झ्याउलाहरूको योग परेको तथा केही गुप्त शक्तिको महान प्रयोगं द्वारा उन्नतिको साधन प्राप्त गर्न जान्ने, धर्म पालनको स्थानमा वास्तविक धर्मको पालन गर्न जान्ने खालको महान् तामसी धर्मको पालन गर्नेवाला, वास्तविक सुयश पाउन नसकेर तमोगुणको बाटोबाट यश प्राप्त गर्न जान्ने भए पनि भाग्यमा केही न्यूनता र मनमा अशान्ति अनुभव गर्ने, अनि निकै ठूलो आडम्बर द्वारा भाग्यको चमत्कार भेट्टाउने, शीलरहित होला।

कु० नं० ११९

२ १२
३ १ ११
४ १०
५ ७ ९के.
६ ८

जुन व्यक्तिको मकर राशिको केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा केही हानि र केही न्यूनता एवं क्लेशको योग भेट्टाउने होला र केही न्यूनता एवं क्लेशको योग भेट्टाउने होला र रोजगारको भित्री तहमा बढी परिश्रम र अनेक झ्याउलाहरू भोग्दै काम गर्नेवाला अनि उन्नति प्राप्त गर्नका लागि कुनै गुप्त शक्तिको पनि प्रयोग निकै धैर्य र साहस गर्ने खालको तथा राज-समाजको सम्बन्धमा अनेक कष्टहरू सहिसके पछि उन्नति एवं मानवृद्धिको साधन पाउनेवाला, मान प्रतिष्ठको स्थानमा कहिले काही सांधातिक हानिहरूको योग भेट्टाउने योग परेको र आफ्नू इज्जतको रक्षामा न्यूनता पाउने भए पनि साहसले काम लिने खालको होला।

कु० नं० १२०

२ १२
३ १ ११
४ १० के.
५ ७ ९
६ ८

जुन व्यक्तिको कुम्भ राशिको केतु लग्नको एघारौं स्थानमा छ भने त्यो मानिस बर्ता लाभ पाउने वाला, तथा बढी लाभ पाउनको निम्ति बढी बर्ता प्रयत्न गर्ने वाला, केही मुफ्तको जस्तो लाभ सदैव पाइरहने जस्तै योजनाहरू बनाइरहनेवाला, धन-लाभको स्थानमा महान धैर्य र केही गुप्त शक्तिहरू द्वारा काम मिलाउन जान्ने खालको, आफ्नू लाभको स्थानमा कुनै प्रकारको पनि न्यूनताको योग अनुभव नगर्ने खालको, फेरि आमदानीको सम्बन्धमा कुनै दीघो योजना प्राप्त गर्नेवाला, केही अनुचित लाभ पनि प्राप्त गर्ने शक्ति भएको र महान् स्वार्थयुक्त भएर धमाधम काम गर्ने खालको होला।

कु० नं० १२१

२ १२
३ १ ११ के.
४ १०
५ ७ ९
६ ८

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस बढी खर्च गर्नेवाला र खर्चका कारणहरूले केही कष्ट प्राप्तिको योग परेको होला। खर्चको बाटोमा केही म ठूलो हुँ भन्ने अभिमान र निकै दृढताले काम बनाउनेवाला, तथा महान धैर्य-शक्तिको गुप्त बलले खर्च संचालन गर्दै रहने भएको र कहिले काहीं खर्चको बाटोमा भीषण संकटको पनि अनुभव गर्नेवाला, बाहिरी अन्य स्थानहरूको सम्पर्कमा कष्टको तथा झ्याउलाहरू आइलागेको अनुभव गर्ने भएको र बाहिरी सम्बन्धमा आफ्नू दुर्बलता या न्यूनताको वास्ता नगर्ने र आन्तरिक शक्ति द्वारा निकै परिश्रमले काम पूर्ण पार्नेवाला तथा अन्त्यमा खर्च संचालनलाई स्थिर शक्ति प्रदान गर्नेवाला होला।

कु० नं० १२२

२ १२ के.
३ १ ११
४ १०
५ ७ ९
६ ८

वृषभ लग्न हुनेहरूको भविष्यका तारीख

सन् १९९७ को वर्षमा गुरू भाग्य स्थानमा नीच राशिमा हिड्ने छन्-यसनिम्ति भाग्योदयमा केही अपठेरो परिरहने छ–जनवरीको महीना केही दुर्बल रहने छ। ता० २/२/९७ बाट समय राम्रो फर्कने छ, सफलता मिल्ला। ता० १०/५/९७ बाट केही बढी खर्च हुनेछ र केही आन्तरिक कष्ट रहला। ता० १६/७/९७ बाट भाग्य सप्रने छ। ता० ६/९/९७ बाट सुखका साधन बढ्ने छन्। ता० १७/१०/९७ बाट केही झ्याउला आउने छन्। ता० २९/११/९७ बाट ११/१२/९७ सम्ममा घर-गृहस्थी र व्यापारमा सफलता र शक्ति बढ्दै जानेछ।

कु० नं० १२३

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

सन् १९९८ को वर्षमा– ता० २०/१/९८ सम्म अनेक कष्ट रहने छ। ता० २१/१/९८ देखि भाग्यको समय राम्रो आरम्भ हुनेछ। ता० २७/३/९८ सम्म उन्नति रहने छ, त्यसपछिको समय साधारण रहने छ। खर्च बढी हुनेछ। ता० २/६/९८ बाट समय राम्रो आरम्भ हुनेछ, हिम्मत र शक्ति बढ्दै जानेछ। ता० १७/१०/९८ बाट केही परेशानी रहने छ। ता० ६/१२/९८ बाट ता० ३१/२२/९८ सम्म प्रायः व्यापार र गृहस्थीमा सफलता र शक्ति बढ्दै जानेछ।

कु० नं० १२४

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

वृषभ लग्नमा-सुनौला तारीखहरू

सन् १९९९ को वर्षमा ता० १४/१/९९ देखि भाग्यको सफलता चल्ने छ। ता० १२/२/९९ बाट समय केही कमजोर चल्नेछ। ता० २७/३/९९ बाट समयमा सुधार र लाभदायक चल्ने छ। ता० १८/४/९९ बाट समय राम्रो र धनागम गराउने छ। ता० १३/५/९९ बाट केही अत्यास र कष्ट रहला। ता० १३/६/९९ बाट समय प्रभावशाली रहने छ। ता० २५/७/९९ बाट हिम्मत र शक्ति बढ्ने छ। ता० १९/८/९९ बाट घरेलू प्रभावको शक्ति बढ्ने छ। ता० १८/१०/९९ बाट घरेलू सुख-शान्तिमा बाधा पर्ला। ता० १७/११/९९ बाट गृहस्थी, र व्यापारमा सुख सफलता मिल्ला। ता० १९/११/९९ बाट ३१/१२/९९ सम्ममा भाग्यको झ्याउलो आइलाग्ला।

कु० नं० १२५

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

सन् २००० को वर्षमा– ता० १/१/२००० बाट समय राम्रो रहने छैन। ता० १७/१/२००० बाट भाग्यको समय सफलतातिर लम्कने छ। ता० १/३/२००० देखि बढी खर्च हुने समय चल्नेछ। ता० १/४/२००० बाट भाग्यको समय सफलतातिर लम्कने छ र खर्च पनि निकै बढी हुनेछ। ता० ५/७/२००० बाट समय लाभदायक रहने छ। ता० २३/९/२००० बाट धनको पक्षबाट केही चिन्ता आइलाग्ला, अनि घरेलू अशान्ति पनि बढ्ने छ। ता० २३/११/२००० देखि व्यापार र गृहस्थीमा सुख-शान्ति रहला। ता० १०/१२/२००० बाट ता० ३१/१२/२००० सम्ममा धनको पक्ष-दुर्बल नै रहने छ।

कु० नं० १२६

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

वृषभलग्नका सुनौला तारीखहरू

सन् २००१ को वर्षमा ता० १४/१/२००१ देखि भाग्यमा केही सुधार आउला। ता० ८/४/२००१ सम्ममा धनको खर्च अनावश्यक रूपमा बढ्दै जानेछ। ता० १५/५/२००१ देखि मान र प्रभाव बढ्दै जाला। ता० ३/७/२००१ बाट धनमा सफलता प्राप्त होला। ता० २७/१०/२००१ बाट धनको पक्षमा अझ बढी सुख शान्ति पाउने आशा नगरे पनि हुन्छ। ता० १६/११/२००१ देखि व्यापार र गृहस्थीमा शान्ति र सफलता रहने छ। ता० ४/१२/२००१ बाट समय झन राम्रो चल्ने छैन।

कु० नं० १२७

३ १
४ २ १२
५ ११
६ ८ १०
७ ९

सन् २००२ को वर्षमा– ता० ४/१/२००२ दोखि समय कमजोर रहने छ। ता० २२/२/२००२ देखि भाग्यको समय सफलतातिर लम्कनेछ। ता० ३१/३/२००२ सम्ममा अनेक लाभ प्राप्त हुनें छन्। ता० १/४/२००२ बाट धनको खर्च बढ्दै जानेछ। ता० २०/६/२००२ देखि सुख-शान्ति र शक्ति बढ्ने छ। ता० २१/१०/२००२ देखि समयमा परिवर्तन भएर अनेक विपत्ति आउनन्। ता० १६/११/२००२ देखि व्यापार र गृहस्थीमा सुख-शान्ति आउला। ता०२७/११/२००२ देखि ता० ३१/१२/२००२ सम्ममा समय केही उत्तम हुन सक्ने आशा नराखे पनि हुन्छ।

कु० नं० १२८

३ १
४ २ १२
५ ११
६ ८ १०
७ ९

वृषभलग्नमा सुनौला तारीखहरू

सन् २००३ को वर्षमा ता० ६/१/२००३ बाट समय केही न्यून रहने छ। २/२/२००३ देखि भाग्य सप्रनको निम्ति समय राम्रो फर्कने छ। धनागममा सफलता प्राप्त होला। ता० १४/३/२००३ देखि केही शारीरिक कष्ट बढ्ने छ, त्यसैले गर्दा बढी खर्च हुनेछ। ता० २/६/२००३ देखि सफलता शक्ति र मान-सम्मानको प्रभाव बढ्नेछ। ता० २३/८/२००३ देखि केही खर्चमा वृद्धि भए पनि बुद्धिमा केही शक्ति बढेर आउला। ता० १८/१०/२००३ देखि केही झ्याउलाहरू आइलाग्नन्। ता० १७/११/२००३ देखि व्यापार र गृहस्थीमा सफलता तथा सुख-शान्ति आउला। ता० १/१२/२००३ बाट सफलता र प्रभावको वृद्धि ता० ३१/१२/२००३ सम्म रहने छ।

कु० नं० १२९

३		१
४	२	१२
५		११
६	८	१०
७		९

सन् १/१/२००४ देखि घर-गृहस्थी र व्यापारमा अलि-अलि अपठेरो पर्नका साथै सफलता र लाभमा कमी आउने छैन। ता० १४/२/२००४ देखि भाग्यको सफलता राम्रो रहने छ। ता० २७/४/२००४ देखि शारीरिक कष्टले निकै दुःख देला, दैनिक खर्च बढ्ने छ। ता० २४/५/२००४ बाट मान-सम्मान, इज्जतका साथै धनलाभको योग रहने छ। ता० ७/६/२००४ देखि फेरि खर्च बढ्दै जानेछ। ता० १६/७/२००४ देखि हिम्मत र प्रभाव शक्ति बढ्ने छ। ता० १७/९/२००४ देखि बुद्धि र सन्तान पक्षबाट सफलता प्राप्त होला। ता० ३/१०/२००४ देखि मन र शरीर केही व्याकुल रहला। ता० २४/१०/२००४ देखि ३०/१२/२००४ सम्म घर-गृहस्थीमा केही सम्पन्नता आउला।

कु० नं० १३०

३		१
४	२	१२
५		११
६	८	१०
७		९

वृषभ लग्न हुनेहरूका लागि उत्तम तारीख

सन् २००५ को वर्षमा ता० १/१/२००५ देखि धनको पक्ष केही न्यून रहने छ। ता० १८/१/२००५ बाट भाग्य र धनागमको उन्नतितिर अग्रसर हुनेछ। ता० १४/४/२००५ बाट व्ययको बाटोमा आउने र जाने क्रम चल्दै रहला। ता० १६/५/२००५ बाट केही सुख शान्ति र धनको पक्षमा निकै न्यूनता आउन सक्दछ। ता० ३/१२/२००५ देखि ता० २१/१२/२००५ सम्म भाग्य, व्यापार र गृहस्थीमा सबैतिरबाट सफलता मिल्ला। ता० २२/१२/२००५ बाट भाग्य उल्टो पर्नसक्दछ, शारीरिक कष्ट पनि बढ्ला।

कु० नं० १३१

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

सन् २००६ को वर्षमा ता० १/१/२००६ को देखि भाग्य विपरीत हुनेछ र शारीरिक कष्ट पनि बढ्ने छ। ता० १५/१/२००६ बाट भाग्योदय आरम्भ हुनेछ। ता० ८/२/२००६ बाट मान-सम्मान बढ्ने छ। ता० २०/२/२००६ सम्ममा लाभ निकै भइसक्ने छ, त्यसपछि समय विपरीत आउन सक्दछ। ता० ७/५/२००६ बाट भाग्य र मान-सम्मानको प्रभाव बढ्ने छ। ता० २१/९/२००६ देखि धन र बुद्धिमा न्यूनता आउन सेक्दछ। ता० २६/९/२००६ बाट ता० १५/१२/२००६ सम्म व्यापार र गृहस्थीमा उत्तम सफलता मिल्नेछ।

कु० नं० १३२

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

वृषभ लग्न हुनेहरूका लागि उत्तम तारीख

सन् २००७ को वर्षमा ता० २/१/२००७ बाट भाग्योदयको बाटो सप्रन्दै जानेछ र उन्नति हुँदै जानेछ। ता० १०/४/२००७ देखि आय र व्यय दुवै समान रूपमा बढ्दै जानन्। ता० ६/६/२००७ बाट भाग्यको समय उत्तम चल्दै जानेछ। मान-सम्मान बढे पनि अलि-अलि अपठेरो परिरहने छ। ता० १/११/२००७ बाट धनको पक्ष केही दुर्बल भएर जानेछ। ता० १९/११/२००७ देखि ता० ७/१२/२००७ सम्म व्यापार र गृहस्थीमा सुख-शान्ति रहला, त्यसको केही पछि समयले फेरि कोल्टे फेर्न सक्तछ।

कु० नं० १३३

३ १
४ २ १२
५ ११
६ ८ १०
७ ९

सन् २००८ को वर्षमा ता० ४/१/२००८ देखि भाग्योदय र धनागम भइरहने छ। ता० १४/४/२००८ बाट खर्च बढी भएर मनमा अशान्ति रहने छ। ता० ४/६/२००८ बाट समय केही सप्रन्दै जानेछ। ता० १६/७/२००८ बाट हिम्मत र प्रभाव शक्ति बढ्ने छ। ता० २४/१०/२००८ बाट मनमा अशान्ति र सन्तान पक्ष अनेक रोगले पीडित रहनन्। ता० ११/११/२००८ देखि व्यापार र गृहस्थीमा सबै तिरबाट सफलता मिल्ला। ता० १/१२/२००८ बाट धनको कमीले मन खिन्न रहला।

कु० नं० १३४

३ १
४ २ १२
५ ११
६ ८ १०
७ ९

वृषभ लग्न हुनेहरूको-प्रतिकूल समयको ज्ञान

कु० नं० १३५

३		१
४	२	१२
५		११
६	८	१०
७		९

(सदैव कालको निम्ति)

तल लेखिएका ग्रह-जब-जब यी राशिहरूमा पञ्चाङ्गमा आउने छन्, तब-तब ती वर्ष हरूमा प्रतिकूल समय रहने छ, भनी जान्नू।

सू०- मेष, तुला र धन।
चं०- मेष, तुला, वृश्चिक र धन।
मं०- मेष, मिथुन, कर्क, तुला र धन।
बु०- मेष, तुला, धन र मीन।
गु०- मेष, तुला, मकर र कुम्भमा सामान्य।
शु०- मेष, कन्या, तुला र धन।
श०- मेष, धन।
रा०- सिंह, वृश्चिक, धन, कुम्भ र मीन।
के०- सिंह, वृश्चिक, कुम्भ, वृषभ र मिथुन।

नोट- उपरोक्त ग्रहहरूबाट वर्षको फलादेश जान्नको लागि- शनि, गुरू, राहु, केतु- यी चार ग्रहहरूबाट थाल्नुपर्दछ र मासिक फलादेशको ज्ञान गर्नका लागि सूर्य, बुध, शुक्र, मंगल यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। दैनिक फलादेश जान्नका लागि चन्द्रमाबाट थाल्नु पर्दछ। जब कहिले कुनै ग्रह सूर्यबाट अस्त हुन्छ, तब त्यो कमजोर फल दिने हुन्छ।

वृषभ लग्न हुनेहरूको- अनुकूल समय ज्ञान

(सबै कालको लागि)

कु० नं० १३६

३ १
४ २ १२
५ ११
६ ८ १०
७ ९

तल लेखिएका ग्रहहरू जब-जब यी राशि हरूमा पञ्चाङ्गमा आउने छन्, तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा लाभदायक र सुखकर समय रहने छ।

सू० वृषभ- मिथुन, कर्क, सिंह, कन्या, वृश्चिक, मकर, कुम्भ, र मीन।
चं० वृषभ- मिथुन, कर्क, सिंह, कन्या, मकर, कुम्भ र मीन।
मं० वृषभ- सिंह, वृश्चिक, मकर र मीन।
बु० वृषभ- मिथुन, कर्क, सिंह, कन्या, वृश्चिक, मकर र कुम्भ।
बृ० वृषभ- मिथुन, कर्क, सिंह, कन्या, वृश्चिक, धन र मीन।
शु० वृषभ- मिथुन, कर्क, सिंह, वृश्चिक, मकर, कुम्भ, र मीन।
श० वृषभ- मिथुन, कर्क, सिंह, कन्या, तुला, वृश्चिक, मकर, कुम्भ र मीन।
रा० मिथुन- कर्क, कन्या, तुला, मकर, मीन र मेष।
के० कर्क- कन्या, तुला, धन, मकर, मीन र मेष।

द्रष्टव्य- वर्षको फलादेश जान्नका लागि- शनि, राहु र केतु यी चार ग्रहबाट हेर्नु पर्दछ र मासिक फलादेशको लागि सू०,बु०, शु० र मगंल यी चार ग्रहबाट हेर्नुपर्दछ। दैनिक फलादेश जान्नका लागि चन्द्रमाबाट हेर्नु थाल्नु पर्दछ। भिन्न-भिन्न फलादेशको ग्यानका लागि ‘अखण्ड भाग्योदय’ नामक पुस्तको अध्ययन गर्न आवश्यक पर्दछ।

वृष लग्नान्तर सूर्यफलम्

जुन व्यक्तिको वृष राशिको सूर्य लग्नको प्रथम स्थानमा परेको छ, त्यो मानिस आमाको सहायक शक्ति केही वैमनस्यताले प्राप्त गर्ने खालको होला। वैमनस्यताले नै देहको सुखका साधनहरू प्राप्त गर्ने वाला र आफ्नू शरीरमा शीतल आगो अर्थात शान्त गरमी भएको होला। केही भूमिको लाभ पाउनेवाला र घरेलू साधनहरूको शक्तिले व्यापारको मार्गमा खूब प्रगति गरेर अनेक सुख सम्बन्धी प्रभाव पाउने तथा गृहस्थ जीवनको वातावरणमा सुखको अनुभव गर्नेवाला र इन्द्रिय भोगादिकको सुख प्राप्त गर्नमा इच्छित सहायता पाउनेवाला र देहमा केही बढी आलस्यको प्रभाव परेको होला।

कु० नं. १३७

३ १
४ २ सू. १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको मिथुन राशिको सूर्य लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस धनको स्थान सम्बन्धी सुख प्राप्त गर्ने खालको होला। सुख सम्बन्धी कारणहरूमा केही बाधा वा बन्धन पाउने वाला र सम्पत्ति एवं भूमिको प्रभाव प्राप्त गर्नेवाला, र आमाको सम्बन्धमा पनि केही बन्धनको योग पाउनेवाला, अनि सुख प्राप्तिको सम्बन्धमा अनेकानेक वस्तुहरू र अनेक पदार्थ संग्रह गरेर प्रभाव शक्ति प्राप्त गर्नेवाला, कुटुम्ब द्वारा घरेलू सुख प्राप्त गर्ने खालको अनि ठूलो घरको सुख र देखावटी प्रभावले धनको शक्ति प्राप्त गर्ने योग परेको र जीवनको दिनचर्यामा र आयुस्थानमा सुख भेट्टाउनेवाला र पुरातत्त्व स्थानाबाट सुख प्राप्त गर्ने खालको होला।

कु० नं० १३८

३सू. १
४ २ १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको कर्क राशिको सूर्य लग्नबाट तृतीय स्थानमा छ भने त्यो व्यक्ति आफ्नै पराक्रमले अनेक प्रकारका सुखको शक्ति प्राप्त गर्नेवाला,

कु० नं० १३९

३ १
४सू. २ १२
५ ११
६ ८ १०
७ ९

दिदी-बहिनी र दाजू-भाइको प्रभावशाली सुख प्राप्त गर्नेवाला, भूमि-भवन आदिको सुख प्राप्त गर्नेवाला, शान्तियुक्त प्रभाव पाउनेवाला, आमाको र मातृस्थानको शक्तिको सहयोग प्राप्त गर्नेवाला, आफ्नू कद वा औकातको भित्र नै राम्रो प्रभाव र उच्चस्थान प्राप्त गर्नेवाला, धर्मस्थानको सम्बन्धमा केही नीरसताको योग परेको तथा भाग्यको शक्तिलाई महत्त्व नदिने खालको र बढी उत्साह उमंगको योग परेको होला।

जुन व्यक्तिको सिंह राशिको सूर्य लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस धेरै भूमि-भवन, सम्पत्ति पाउने खालको र आमाको ठूलो प्रभाव

कु० नं० १४०

३ १
४ २ १२
५ सू. ११
६ ८ १०
७ ९

शक्तिको सुख भोग्नेवाला, फेरि मातृस्थानबाट महान सुख प्राप्त गर्नेवाला र सुख सम्बन्धी मामलामा निकै गौरव र चमत्कारको शक्ति प्राप्त गर्न पाउने भएको र भूमि स्थानमा विशेष सम्बन्ध तथा स्थानाधिकार हुनाले गर्दा अनेक सुखका वृद्धिको योग प्राप्त गर्नेवाला, बढी परिश्रमले सिद्धि पाउने काममा अरूचि भएको, राज्य र समाजको सम्बन्धमा थोरै सम्पर्क राख्ने भएको र आफ्नू स्थानमा नै प्रसन्न र सन्तुष्ट रहने होला।

जुन व्यक्तिको कन्याराशिको सूर्य लग्नबाट पाँचौं स्थानमा छ, त्यो मानिस विद्या प्राप्त गर्नेवाला, बुद्धिको स्थानमा शान्ति युक्त प्रभावको शक्तिले सुख भोग्नेवाला, सन्तान-स्थानमा सुख-शान्ति र शक्तिको प्रभाव प्राप्त गर्ने खालको र बुद्धिको भित्री तहमा गहीरो तथा महान आदर्श र प्रतिभाको शक्ति राख्ने भएको, अनि निकै गहीरा र उच्च विचारको प्रयोग गरेर आफ्नू काम सिद्ध पार्न जान्ने खालको होला। बुद्धिको शान्त र प्रखर शक्तिले भूमिको लाभ पनि इच्छानुसार प्राप्त गर्ने भएको, लाभ र आयको स्थानमा गहीरो विचारको शक्तिले ठूलो उन्नति गर्ने खालको होला। मातृस्थानको योगले विशेष लाभ पाउने र केही नाम वृद्धिवाला होला।

कु० नं० १४१

३		१
४	२	१२
५		११
६सू.	८	१०
७		९

कु० नं० १४२

३		१
४	२	१२
५		११
६	८	१०
७सू.		९

जुन व्यक्तिको तुलाराशिको सूर्य लग्नबाट षष्ठ स्थानमा छ भने त्यो मानिस आमासित केही विरोध र वियोग तथा केही न्यूनताको योग भेट्टाउने खालको र भूमि-भवनको अभाव प्राप्त गर्ने खालको, अनि जन्मभूमिबाट कहीं अन्तै बस्नु पर्ने योग परेको होला। सुख-शान्तिका साधनहरूमा पनि न्यूनता प्राप्त गर्ने खालको होला। मावल-पक्षमा पनि न्यूनताकै योग पाउने खालको होला र शत्रु स्थानमा केही अशान्तिको योग भेट्टाउने खालको होला। केही बढी श्रमको योग पनि पाउन सक्तछ। बढी धन व्यय गर्ने र अन्य स्थानहरूको सम्पर्क-शक्तिले सुखका साधन एकत्र पार्ने होला। केही अशान्तिप्रद वातावरणमा रहे पनि आन्तरिक शक्ति पूरा भएको व्यक्ति होला।

जुन व्यक्तिको वृश्चिक राशिको सूर्य लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस आमाद्वारा सेवा र सुख प्राप्त गर्ने खालको तथा गृहस्थ-जीवनमा प्रभावशाली आनन्दको योग परेको होला, स्त्री स्थानबाट सुख-शान्तिको भोग प्राप्त गर्नेवाला र भूमि-भवन तथा लौकिक सुखका साधन प्राप्त गर्लां। दैनिक कार्य प्रणाली भित्र आफ्नू राम्रो योग्यता द्वारा सबैलाई प्रभावित पार्न सक्ने खालको होला। आफ्नू व्यापार व्यवसायमा पनि निकै प्रभावयुक्त कार्यहरू गरेर परिवारलाई चकित पार्दै सुख प्राप्त गर्ने खालको र अकस्मात धनागमको योग परेको विशिष्ट व्यक्तिहरूमा गनिने खालको होला। गृहस्थीमा बढी परिश्रम गर्नाले शरीरमा केही कष्ट वा परेशानीको अनुभव गर्नेवाला र शरीरको सौन्दर्यमा केही न्यूनताको आभास पाउने खालको व्यक्ति हुन सक्तछ।

कु० नं० १४३

३ १ ४ २ १२ ५ ११ ६ ८सू. १० ७ ९

जुन व्यक्तिको धनराशिका सूर्य लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आमाको सम्बन्धमा कष्ट र अशान्तिको योग परेको होला। मातृभूमिको वियोग पाउनेवाला र विदेशको स्थानमा महान् प्रभावशाली सहायक हितू र मित्र भेट्टाउनेवाला, अनि जीवनको दिनचर्यामा ठूलो प्रभाव र सुखको उत्तम योग पाउने वाला र विदेशमै निकै बढी भूमिमा अधिकार प्राप्त गर्ने वाला, अनि आयुस्थानमा महानता पाउनेवाला, अर्थात मृत्यु भइसके पछि पनि आफ्नू स्थिर प्रभावको शक्ति छाडेर जानेवाला, अनि पुरातत्त्वको स्थानमा कुनै धेरै ठूलो स्थायी शक्तिको प्रभाव पाउनेवाला, निकै गहीरो र गम्भीर युक्तिहरूद्वारा आफ्ना कर्मले सुखानुभव गर्नेवाला र धनको वृद्धिका लागि पुरातत्त्व स्थानकै शक्तिबाट लाभ प्राप्त गर्ने खालको होला।

कु० नं० १४४

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९सू.

जुन व्यक्तिको मकर राशिको सूर्य लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आमाको सम्बन्धमा यति राम्रो योग पाउनेवाला हुनेछ कि वर्णन गरेर साध्य छैन। भूमि-भवन आदिको पनि सामान्यतया उत्तम लाभ पाउनेवाला, र भाग्यको स्थानमा अलि-अलि नीरसता युक्त सुखहरूको साधन प्राप्त गर्ने वाला, केही यश-मान पनि प्राप्त गर्नेवाला, धर्मको सम्बन्धमा केही ज्ञानको भित्री तहसम्भ पुग्न सक्ने योग पनि प्राप्त गर्नेवाला र दाजु-भाई, दिदी-बहिनीको स्थानबाट सुखका साधन पाउनेवाला,पुरुषार्थ-बलको सुख पनि यथेच्छ पाउनेवाला, अनि परिश्रमको स्थानबाट पनि उत्तम प्रभाव पाउने भाग्यमानी होला।

कु० नं० १४५

३ १ ४ २ १२ ५ ११ ६ ८ १० सू. ७ ९

जुन व्यक्तिको कुम्भको सूर्य लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस आमाको शक्तिबाट आनन्द पाउने र केही नीरसताको अनुभव गर्ने खालको होला। पिता-स्थानको सुखमा केही वैमनस्यताको योग पाउनेवाला, भवन-भूमि आदिको सुख प्रसस्त पाउनेवाला, राज समाजको सम्बन्धमा केही सामान्य सुखको योग परेको र व्यापारमा बढी परिश्रम गरेर पनि थोरै सुख पाउने योग परेको होला। मान-सम्मान प्राप्ति र उन्नतिको मार्गमा केही आलस्य र अपठेरो परेको योग पाउने होला। सुख प्राप्तिको स्थान वृद्धि गर्नका लागि शक्तिभन्दा बढी प्रयत्न गर्नेवाला, आलस्यका कारणहरूले गर्दा कहिले काहीं ठूलो हानिको योग प्राप्त गर्ने खालको होला।

कु० नं० १४६

३ १ ४ २ १२ ५ ११ सू. ६ ८ १० ७ ९

जुन व्यक्तिको मीनराशिका सूर्य लग्नबाट एधारौं स्थानमा छन् भने त्यो मानिस मातृ-स्थानबाट ठूलो लाभ पाउनेवाला, तथा भूमि-भवन आदिको प्रभावशाली लाभ प्राप्त गर्नेवाला र आयको स्थानबाट पनि अनेक थरिका सुखहरू र प्रभाव सहित लाभ प्राप्त गर्नेवाला तथा विद्याको स्थानबाट सुख प्राप्त गर्नेवाला, सन्तान पक्षबाट सुख, शान्ति र शक्ति प्राप्त गर्नेवाला, अनि बुद्धिको शान्तियुक्त प्रभाव शक्ति द्वारा आफ्नू काम सफल तुल्याउन जान्नेवाला, विचारपक्षमा धेरै परसम्मको गहीरो कुरा विचार्न सक्ने खालको होला। सुख प्राप्तिका अनेक प्रभावशाली वस्तुहरूद्वारा प्रसस्त लाभ पाउनेवाला र निकै बाठो एवं धैर्यवान् होला।

कु० नं० १४७

३ १
४ २ १२ सू.
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको मेशराशिको सूर्य लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस धेरै बढी धन व्यय गर्नेवाला, र व्ययस्थानमा ठूलो प्रभाव र सुख प्राप्त गर्नेवाला, अनि मातृस्थानमा केही हानि पाउने वाला, र भूमि-भवन र अन्य सम्पत्तिको हानि गर्ने वाला, अनि अन्यस्थान अर्थात् स्थानान्तरण गरेर भूमिको सुखमा प्रभावशाली सम्बन्ध प्राप्त गर्नेवाला, मातृ-स्थानको सम्बन्धले पनि बढी खर्ज गर्ने शक्ति प्राप्त गर्नेवाला, अनि मावली पक्षका सम्बन्धमा सुखको न्यूनताको योग परेको होला र शत्रु स्थानमा केही दुर्बलता र हेलचक्राइँ गर्नेवाला र बढी खर्चले गर्दा मनमा केही अशान्तिको योग परेको व्यक्ति होला।

कु० नं० १४८

३ १सू.
४ २ १२
५ ११
६ ८ १०
७ ९

वृष लग्नान्तर चन्द्रफलम्

जुन व्यक्तिको वृषराशिको चन्द्रमा लग्नको प्रथम स्थानमा छ भने त्यो व्यक्ति आफ्नू शरीर भित्र ठूलो प्रभावको शक्ति संचय गर्नेवाला र आफ्नै पुरुषार्थले ठूलो उन्नति गरेर मान-सम्मान प्राप्त गर्नेवाला, अनि आफ्नू मनको शक्तिले बढी साहस र हिम्मत तथा उत्साहले उन्नति बाटोमा प्रोत्साहन प्राप्त गर्नेवाला अनि स्त्री स्थानमा केही उपेक्षा गर्नाले अलि न्यूनताको योगद्वारा काम निकाल्ने खालको होला। इन्द्रिय-भोगादिको स्थानको सम्बन्धमा भित्री मनमा केही बढी हीनभावनाको योग परेको र लौकिक एवं घर-गृहस्थीमा केही शान्तिको योग परेको होला।

कु० नं० १४९

३ १ ४ २ चं. १२ ५ ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको मिथुन राशिको चन्द्रमा लग्नको दोस्रो स्थानमा छ भने त्यो मानिस आफ्नू पुरुषार्थको शक्तिले मनोयोगद्वारा धन-धान्यको वृद्धि गर्नेवाला, अनि धन संग्रह गर्नको लागि आफ्नू सम्पूर्ण शक्तिको प्रयोग गर्नेवाला र भाई-बहिनी, दाजू-दिदीको सम्बन्धमा केही बन्धनको योग परेको होला। कुटुम्बको शक्तिको केही गौरव मान्ने खालको तथा आफ्नू बाहुबलमा पनि असक्तता वा न्यूनताको योग परेको होला। अनि पुरातत्त्वको स्थानबाट शक्ति र लाभ भेट्टाउनेवाला, जीवनको दिनचर्यामा केही राम्रो प्रभाव पाउनेवाला, आफ्नू मनोयोगको बलले केही गूढ र गहीरो युक्तिहरूको प्रयोग गरेर सफलताको आनन्द मान्ने र कुनै राम्रो परिश्रम गर्ने खालको होला।

कु० नं० १५०

३चं. १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको कर्कराशिका चन्द्रमा तेस्रो स्थानमा छन् भने त्यो मानिस निकै प्रभावशाली राम्रो कर्म एवं उद्योग गरेर त्यसमा सफलता पाउने खालको होला। दाजु-भाई दिदी-बहिनीको उत्तम सहयोग प्राप्त गर्नेवाला, र आफ्नू परिश्रम द्वारा भाग्यको केही ठूलै उन्नति गर्नेवाला, मनको भित्र ठूलो दृढता र प्रसन्नता पाउनेवाला, फेरि मनको तागतबाट बढी लाभ प्राप्त गर्ने खालको होला। बाहुबलको स्थानमा महान् शीतल शक्तिको स्थिरताले महनता भेट्टाउने खालको र धर्मस्थानमा केही वैमनस्यताको शक्तिद्वारा काम लिने र ईश्वरमा विश्वास राख्ने एवं पुरुषार्थलाई सदैव महत्व दिनेवाला, आफ्नू कद काठीमा सौन्दर्य पाउने र उत्साही होला।

कु० नं० १५१

३ १
४चं. २ १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको सिंह राशिका चन्द्रमा लग्नबाट चौथो स्थानमा छन् भने त्यो मानिस दाजु-भाई दिदी-बहिनीबाट निकै सुख प्राप्त गर्नेवाला र शान्तिपूर्वक परिश्रम गरेर मनोयोगले सुख शान्ति भोग्नेवाला र भूमि-भवनको शक्ति पाउनेवाला, आमाको शक्तिबाट लाभ भेट्टाउने वाला, तथा घरेलू सुख प्राप्तिका साधनहरूको पनि शक्ति आफ्नू भित्र अनुभव गर्ने खालको होला। पिता स्थानमा केही वैमनस्यताको योग अनुभव गर्ने र उन्नतिको स्थानमा अलि अरुचिका साथ प्रयत्न गर्ने वाला, सामाजिक काममा चोरै रुचि राख्ने र आफ्नू इज्जतलाई महत्व दिने खालको होला।

कु० नं० १५२

३ १
४ २ १२
५ चं. ११
६ ८ १०
७ ९

जुन व्यक्तिको कन्या राशिको चन्द्रमा लग्नको पाँचौं स्थानमा छन् भने त्यो मानिस आफ्नै पुरुषार्थ र बलको शक्तिले विद्या प्राप्त गर्ने र दाजु-भाई दिदी-बहिनी एवं सन्तानको शक्ति पाउनेवाला, दिमाग भित्र मनोबलको तागतले अपूर्व शक्तिको अनुभव गर्ने, विद्या स्थानबाट आफ्नू परिश्रमले सफलताको पूरा आशा गर्नेवाला, सन्तान भित्र सौन्दर्य र शक्तिको संचार पाउनेवाला, मनोबलको शक्तिले धेरै धन कमाउनेवाला, तत्काल जवाब दिने तागत भएको र कुरा-कानी गर्दा र बोल-चालमा ठूलो शक्ति र शान्तिले काम बनाउने खालको होला।

कु० नं० १५३

३ १ ४ २ १२ ५ ११ ६चं. ८ १० ७ ९

जुन व्यक्तिको तुला राशिका चन्द्रमा लग्नबाट छैठौं स्थानमा छन् भने त्यो मानिस आफ्ना दाजु-भाई दिदी-बहिनीसित मन नमिल्ने खालको योग परेको होला तथा केही परतन्त्रतायुक्त मनोबलको परिश्रमले काम गर्ने खालको होला। आफ्नू बल-पुरुषार्थको शक्तिमा न्यूनताको अनुभव गर्नेवाला लर मनोबलको शक्तिले शत्रुस्थानमा प्रभाव जमाउने खालको र मावली पक्षको स्थानमा केही शक्तिको अनुभव गर्ने खालको होला। केही मानसिक बाधा भित्र रहे पनि कुनै अपठेरो युक्तिहरूले शक्ति प्राप्त गर्ने खालको होला, अन्य स्थानहरूको सम्पर्कमा राम्रो शक्तिको योग परेको, बढी खर्च गर्ने र मन-भित्र गुप्त शक्तिको बल भएको होला।

कु० नं० १५४

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७चं. ९

जुन व्यक्तिको वृश्चिक राशिका चन्द्रमा सातौं स्थानमा छन् भने त्यो मानिस स्त्री स्थानमा अशान्ति र न्यूनताको योग पाउनेवाला होला।

कु० नं० १५५

३ १
४ २ १२
५ ११
६ ८ चं. १०
७ ९

पुरुषार्थको बलमा पनि न्यूनताको योग परेको, व्यापारको पक्षमा दुर्बलता अनुभव गर्नेवाला, रोजगार पक्षमा केही परतन्त्रताको योग परेको र मनोयोगद्वारा आंशिक सफलता प्राप्त गर्नेवाला, इन्द्रिय भोगादिको स्थानमा कमजोरी पाउनेवाला, दैनिक लौकिक काममा र परिश्रम गर्ने विषयमा निकै दुर्बलताको योग परेको, शरीर भित्र 'म ठूलो' भन्ने अनुभव भएको हुनाले हृदयमा निकै शक्ति संचार भएको प्रभावशाली व्यक्ति होला।

जुन व्यक्तिको धनु राशिका चन्द्रमा लग्नबाट आठौं स्थानमा छन् भने त्यो मानिस आफ्नै बल पुरुषार्थको भर मान्ने खालको होला। मनभित्र क्षोभ

कु० नं० १५६

३ १
४ २ १२
५ ११
६ ८ १०
७ ९चं.

र गुप्त अशान्तिको योग परेको तथा दाजु-भाई दिदी-बहिनीको वियोग पाउने खालको होला। मनोयोगको शक्तिद्वारा निकै गूढ र गुप्त कर्म गर्ने खालको होला। आफ्नू शक्ति प्राप्त गर्नको लागि मन थकित भएको अनुभव गर्नेवाला, आफ्नू जीवनको दिनचर्या भित्र नै शक्तिको अनुभव गर्नेवाला, धनको वृद्धि गर्नका लागि बढि ध्यान र बर्ता प्रयत्न गर्नेवाला होला। विदेशसित सम्बन्ध गर्नाले शक्ति प्राप्त गर्ने र प्रकट साहसमा दुर्बलता देखाए पनि गुप्त हिम्मत राख्ने खालको होला।

जुन व्यक्तिको मकर राशिका चन्द्रमा नवम स्थानमा छ भने त्यो मानिस भाग्यको प्रभावले शक्ति प्राप्त गर्नेवाला र दाजु-भाई, दिदी-बहिनीको राम्रो

कु० नं० १५७

३ १ ४ २ १२ ५ ११ ६ ८ १० चं. ७ ९

सहयोग प्राप्त गर्नेवाला, आफ्नू पुरुषार्थले मनोयोगद्धारा भाग्यको उन्नति पाउनेवाला, मन र पुरुषार्थले धर्मको पालन गर्नेवाला, ईश्वरको शक्ति मान्नेवाला, धेरै परसम्मको बलियो कुरा विचार गर्न सक्ने र लौकिक एवं पारलौकिक दुवै सम्बन्धको पालन गर्नेवाला, निकै धैर्यपूर्वक काम गर्न जान्ने र आफ्नै परिश्रमले यश प्राप्त गर्ने खालको होला।

जुन व्यक्तिको कुम्भ राशिका चन्द्रमा लग्नबाट दसौं स्थानमा छन् भने त्यो मानिस आफ्नै पुरुषार्थको बलले उन्नति गर्नेवाला र मनोयोगको महान्

कु० नं० १५८

३ १ ४ २ १२ ५ ११चं. ६ ८ १० ७ ९

उन्नतिका बलियो साधन भेट्टाउने र दाजु-भाई दिदी-बहिनीबाट शक्ति पाउने वाला, पिता-स्थानबाट बल पाउनेवाला, राज-समाजको काममा मनोबलले काम गरेर उन्नति भेट्टाउनेवाला, आफ्नू बाहुबलको शक्तिद्धारा ठूलो मान-प्रतिष्ठा पाउनेवाला, मन भित्र बढी गौरव अनुभव गर्ने खालको होला। केही अपठेरो परेको जस्तो ठान्नेवाला र मातृस्थानबाट सुख र शक्ति प्राप्त गर्ने तथा राम्रो रहन-सहन भएको होला।

जुन व्यक्तिको मीन राशिको चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नै पुरुषार्थले धेरै धन कमाउनेवाला र दाजु-भाई दिदी-बहिनी द्वारा लाभ पाउनेवाला, लाभ स्थानको भित्र मनोबलको शक्तिले ठूलो भर-थेग पाउनेवाला र थरि-थरिका लाभ हुने साधनहरूले मनमा प्रफुल्लताको योग पाउनेवाला, विद्या स्थानमा आफ्नू शक्तिले वृद्धि भेटनेवाला, सन्तान स्थानमा पनि सहारा प्राप्त गर्नेवाला, मनोबलको तागतले बुद्धि र वाणीमा उन्नति प्राप्त गर्नेवाला, आफ्नू पुरूषार्थ बलको योग पाउने र बाठो एवं बुद्धिमान होला।

कु० नं० १५९

४	३	१
	२	१२ चं.
५		११
६	८	१०
७		९

जुन व्यक्तिको मेष राशिका चन्द्रमा लग्नबाट बाह्रौं स्थापना छ भने त्यो मानिस आफ्नै पुरुषार्थ एवं शक्तिमा केही हानि पाउनेवाला र दांजु-भाई दिदी-बहिनीका शक्तिको उल्टो फल पाउनेवाला, बढी धन खर्च गर्नेवाला, कुनै बाहिरिया स्थानको सम्बन्ध र शक्ति भेट्टाउनेवाला र व्यय स्थानमा मनको बढी उत्साह राखेर काम गर्नेवाला, शत्रुस्थानमा शान्तियुक्त बलले काम गर्नेवाला, मन भित्र केही दुर्बलता र निराशाको योग पाउनेवाला, मनोयोगको शक्तिले बाहिरी अपठेराहरू र भित्री भावबाट उत्तम भाव उत्पन्न गर्ने ख्यालको होला।

कु० नं० १६०

४	३	१ चं.
	२	१२
५		११
६	८	१०
७		९

वृष लग्नान्तर - भौमफलम्

जुन व्यक्तिको वृषराशिको मंगल प्रथम स्थानमा छ भने त्यो मानिस शरीरमा केही दुर्बलता र रक्त विकारले पीडित तथा दैनिक व्यापारवा रोजगारबाट खर्चको शक्ति प्राप्त गर्नेवाला र स्त्रीको सम्बन्धमा केही न्यून योग पाउनेवाला, मातृस्थानमा केही हानि भेट्टाउने वाला र भूमि-भवन आदिको सुखमा न्यूनता अनुभव गर्नेवाला र अन्य स्थानमा अनेक देशान्तर डुल्ने, अनि शरीरद्वारा नै राम्रो रोजगारको शक्ति फेलापार्ने खालको होला। पुरातत्त्वको स्थानमा केही राम्रो र नराम्रो मिश्रित योग परेको तथा लौकिक कामहरूमा बढी परिश्रम गर्ने भए पनि अशान्त रहल।

कु० नं०१६१

३ १
४ २मं. १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको मिथुन राशिका मंगल लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस धन स्थानमा केही हानि पाउनेवाला र अन्य स्थानहरूको सम्पर्कले व्यापारद्वारा केही धन पाउनेवाला र कुटुम्ब स्थानमा केही हानि भेट्टाउने तथा स्त्री स्थानको सम्बन्धमा केही बाधा-बन्धन र केही न्यूनता पाउनेवाला तथा इन्द्रिय भोगादिमा पनि केही कमी पाउनेवाला र सन्तान पक्षबाट हानि पाउनेवाला, विद्या स्थानमा पनि केही कमी अनुभव गर्ने होला। भाग्यस्थानमा कतिपय अन्य स्थानको सम्बन्धले वृद्धिको योग पाउनेवाला, दैनिक कर्मको शक्तिले धर्म स्थानबाट ईश्वरमा विश्वास बढ्ने होला। खर्चको सम्बन्धमा खर्च नगरौं भने पनि कहिले काहीं विशेष खर्च गर्ने खालको होला।

कु० नं० १६२

३मं. १
४ २ १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको कर्क राशिको मंगल लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस स्त्री पक्षबाट हानि र कष्ट अनुभव गर्नेवाला र दाजु-भाई दिदी-बहिनीको पक्षमा वियोग पाउनेवाला र केही परतन्त्रता युक्त परिश्रमको शक्तिले धन कमाउनेवाला, बढी व्यय गर्ने खालको होला। व्यापारको विषयमा केही न्यूनता र चिन्ताको योग पाउनेवाला, गृहस्थीको परिस्थितिमा दैनिक संचालन मार्गमा ठूलो कठिनाईहरू सहेर काम गर्नेवाला, गृहस्थी र व्यापारको बाटोमा निकै भाग्यमानी गनिने वाला, आफ्नै बलले उन्नति गर्नका लागि बढी र कठोर परिश्रम गर्ने, शत्रु स्थानमा प्रभाव पार्न बराबर प्रयत्नशील रहने खालको होला।

कु० नं० १६३

३ १
४मं. २ १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको सिंह राशिको मंगल चौथो स्थानमा छ भने त्यो मानिस आमाको स्थानबाट हानि पाउनेवाला र जन्म-भूमिको वियोग भेटनेवाला, तथा दैनिक व्यापारको बाटोमा अन्य स्थानको सम्पर्कले लाभ र सुख भेट्टाउने खालको होला। आफ्नू स्वयंको स्थानमा स्वतन्त्र व्यापार वा रोजगार भित्र नै केही हानि पाउनेवाला, स्त्री-पक्षमा यौटा बलियो सुख र केही न्यूनताको योग पाउनेवाला, निकै परिश्रम पर्ने काम प्रसन्नतापूर्वक गर्न अघिसर्नेवाला, आयको वृद्धिको लागि विशेष प्रयत्न गर्नेवाला, इन्द्रिय भोगादिको स्थानमा केही न्यूनताका साथ-साथै वृद्धि पनि पाउनेवाला, राज-समाजमा केही मान-सम्मान पाउने खालको होला।

कु० नं० १६४

३ १
४ २ १२
५ मं. ११
६ ८ १०
७ ९

जुन व्यक्तिको कन्याराशिको मंगल पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धिको स्थानबाट अन्य बाहिरिया शक्ति र सम्बन्धद्वारा दैनिक व्यापारको शक्ति प्राप्त गर्नेवाला, धेरै बढी धन खर्च गर्नेवाला, विद्याको स्थानमा केही न्यूनता पाउनेवाला, सन्तान पक्षबाट केही हानि पाउनेवाला, व्यापारको लाइनमा बुद्धिद्वारा निकै घुमाई-फिराई गरेर आफ्नू काम सपार्न जान्नेवाला, प्रतिपक्षीलाई कुराको जालमा अल्झाउन जान्नेवाला, आफू पनि भित्र-भित्रै चक्कर खाने विचारहरूले काम गर्नेवाला, पुरातत्त्वको स्थानमा केही न्यून शक्ति पाउनेवाला, इन्द्रिय भोगादिको शक्ति र लौकिक कार्यहरूको चिन्तन गर्ने खालको होला।

कु० नं० १६५

३, १, ४, २, १२, ५, ११, ६मं., ८, १०, ७, ९

जुन व्यक्तिको तुलाराशिको मंगल छैठौं स्थानमा छ भने त्यो मानिस रोजगारको बाटोमा अपठेरो र दुर्बलताको योग पाउनेवाला, अन्य स्थानको सम्पर्कहरू द्वारा प्रभाव पाएर दैनिक व्यापारको काम चलाउनेवाला, खर्चको बाटोमा केही बाधाहरू र केही परतन्त्रताका साथै प्रभावपूर्ण खर्च गर्नेवाला, स्त्री स्थानमा केही परेशानी पाउनेवाला र इन्द्रिय भोगादिको केही कमी पाउनेवाला, भाग्यको स्थानमा प्रभाव शक्तिको योग पाउनेवाला, तथा देहको स्थानमा दुर्बलता र प्रमेह आदि रोगको कष्ट पाउनेवाला, शत्रु स्थानमा प्रभाव राख्ने भएको र मावली पक्षबाट केही हानि पाउने खालको होला।

कु० नं० १६६

३, १, ४, २, १२, ५, ११, ६, ८, १०, ७मं., ९

जुन व्यक्तिको वृश्चिक राशिको मंगल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस अन्य स्थानहरूको सम्बन्धबाट दैनिक व्यापार बलियो पार्नेवाला, रोजगारके शक्तिले गृहस्थीको खर्चमा गौरव भेट्टाउने र गृहस्थीको त्यही गौरव अन्तरगत मनमा केही दुर्बलता अनुभव गर्ने खालको, अनि स्त्री स्थानमा दृढताको साथ-साथै केही न्यूनताको अनुभव गर्नेवाला र भोगेन्द्रियको बलियो एवं दृढ साधनहरूमा पनि केही न्यूनता भएको तथा पिता स्थानमा आंशिक वैमनस्यता र हानिको योग परेको होला। शरीर भित्र दुर्बलता अनुभव गर्ने र धनस्थानमा हानि पाउने र विशेष उन्नतिका लागि राजसमाजमा निकै काम गर्ने खालको होला।

कु० नं० १६७

३ १
४ २ १२
५ ११
६ ८मं. १०
७ ९

जुन व्यक्तिको धनुराशिको मंगल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस विदेश आदि स्थानको योगले दैनिक व्यापार गर्नेवाला, व्यापारको लाइनमा परिश्रम गरेर पनि दुर्बलता र पुरातत्त्वसित सम्बन्धित गूढ युक्तिहरूद्वारा काम गर्नेवाला, व्यापारको बाटोमा अनेक झ्याउला र कष्टहरू झेलने वाला, स्त्री स्थानमा ठूलो हानि पाउनेवाला, गृहस्थीको सम्बन्धमा निकै कष्ट सहनेवाला, व्ययस्थानमा न्यूनता र दुर्बलता भेट्नेवाला, दाजू-भाइ दिदी-बहिनीको स्थानबाट हानि पाउनेवाला, लाभ स्थानको वृद्धिका लागि कठोर श्रम र प्रयत्न गर्नेवाला, पेटमा कुर्ने रोगको कष्ट पाउनेवाला, पैतृक सम्पत्तिको हानि गर्नेवाला, सानो आयु र इन्द्रिय विकार भएको होला।

कु० नं० १६८

३ १
४ २ १२
५ ११
६ ८ १०
७ ९मं.

जुन व्यक्तिको मकर राशिको मंगल लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यको बलले व्यापारबाट र दैनिक रोजगारबाट बढी खर्चको शक्ति प्राप्त गर्नेवाला, अन्य स्थानहरूको सम्बन्धबाट दैनिक कर्मयोगले भाग्यमानीहरूमा गनिने खालको र अन्य स्थानहरूमा सम्बन्धित धर्मको पालन गर्नेवाला, यथार्थ धर्मको सम्बन्धमा केही हानि पाउनेवाला र दाजू-भाइ दिदी-बहिनीको स्थानमा केही न्यूनता र उपेक्षाको योग परेको होला। आमाको स्थानमा आंशिक हानि भेट्टाउने वाला र भवन-भूमि आदिको सुख स्थानमा पनि हानि भेट्टाउने वाला, भाग्यको भित्री तहमा न्यूनता अनुभव गर्नेवाला, स्त्री सम्बन्धको प्रभाव पाउनेवाला र लौकिक काममा कला प्रवीण होला। पुरुषार्थको स्थानमा केही न्यूनता पाउनेवाला होला।

कु० नं० १६९

३ १ ४ २ १२ ५ ११ ६ ८ १० मं. ७ ९

जुन व्यक्तिको कुम्भ राशिका मंगल लग्नबाट दसौं स्थानमा छन् भने त्यो मानिस अन्य स्थानहरूको सम्पर्कबाट दैनिक व्यापार राम्रोसित चलाउने वाला, शरीर भित्र केही दुर्बलता र कुनै हानि अनुभव गर्नेवाला, सन्तान पक्षबाट सामान्य हानि भेट्टाउनेवाला, विद्या स्थानमा केही कमी र हानि पाउनेवाला, राज-समाजक स्थान सम्बन्धमा केही दौड़-धूप गर्नाले मान-सम्मान्न् प्राप्त गर्नेवाला, स्त्री पक्षमा आंशिक न्यूनताका साथै कही 'म ठूलो' भन्ने योग परेको होला। मातृस्थानमा केही न्यूनता भएको र इन्द्रिय सम्बन्धी भोगादिको कारणले केही महानन्ता-का साथै न्यूनता र अशान्तिको योग परेको होला।

कु० नं० १७०

३ १ ४ २ १२ ५ ११मं. ६ ८ १० ७ ९

जुन व्यक्तिको मीन राशिका मंगल लग्नबाट एघारौं स्थानमा छ भने, त्यो मानिस दैनिक व्यापारबाट र अन्य स्थानको सम्पर्कबाट धनार्जन गर्नेवाला र धन संग्रहको स्थानमा केही हानि पाउने खालको होला। सन्तान पक्षबाट पनि हानि नै पाउनेवाला, विद्यामा केही न्यूनता तथा बठ्याइँले केही वृद्धि पाउनेवाला, आफ्ना शत्रुमा प्रभाव पार्न जान्नेवाला, मावली पक्षमा केही हानि पाउनेवाला, स्त्री स्थानबाट लाभ भेटनेवाला, तर स्त्री स्थानमा र भोगादिक पक्षमा केही न्यूनता,केही अन्य स्थानको सम्बन्धबाट व्यय शक्ति द्वारा आंशिक लाभ पाउनेवाला, कुटुम्ब स्थानमा केही हानि पाउनेवाला, व्ययलाई रोक्न जान्नेवाला भए पनि मौकामा बढी खर्च गर्ने खालको होला।

कु० नं० १७१

३ १
४ २ १२ मं.
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको मेष राशिका मंगल लग्नको बार्हौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानबाट केही हानि पाउनेवाला, दाजू-भाइ र दिदी-बहिनीको स्थानमा न्यूनता र उदासीन रहनेवाला, अन्य स्थानको सम्बन्धबाट केही भोगादि शक्ति पाउनेवाला, व्यापारको विषयमा केही अन्य स्थानको सम्बन्धबाट उन्नति गर्न जान्नेवाला, बढी धन व्यय गर्न अधिसर्नेवाला, भोगेन्द्रियको सम्बन्धमा केही बढी न्यूनता अनुभव गर्नेवाला, स्त्रीसित सम्बन्धमा केही प्रेम सम्पर्कको कमी सहित बलियो सम्बन्धको योग भेट्टाउने खालको र स्थानीय व्यापारमो केही दुर्बलता हुनाको कारणले आफ्नू हिम्मत र बल पुरुषार्थको शक्तिमा ह्रास भएको अनुभव गर्नेवाला, व्यापारमा ठूलो परिश्रमले धन कमाउने खालको होला।

कु० नं० १७२

३ १मं.
४ २ १२
५ ११
६ ८ १०
७ ९

वृष लग्नान्तर-बुधफलम्

जुन व्यक्तिको वृष राशिको बुध लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस विद्या-बुद्धिको शक्ति प्राप्त गर्नेवाला, विवेकरूपी महान् तागतले धन कमाउने वाला, सन्तान पक्षको योग्य शक्तिको आनन्द गौरव पाउनेवाला, कुटुम्बको गौरवमा केही बडप्पनको योग पाउनेवाला शरीरमा सौन्दर्य र कोमलताका साथै केही बन्धनको योग पाउनेवाला, स्त्री र गृहस्थीमा योग्यताले इज्जत र बुद्धिको योग पाउनेवाला, व्यापारको दैनिक लाइनमा आफ्नू योग्यता र विद्या विवेकको प्रभावद्वारा सफलता र उन्नतिको बाटो पैल्याउनेवाला, इन्द्रिय भोगादिकको बढी इच्छा राख्नेवाला, 'धनी हुँ' भन्ने अभिमानका साथै बढी बाठो होला।

कु० नं०१७३

३ १ ४ २बु. १२ ५ ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको मिथुन राशिको बुध लग्नको दोस्रो स्थानमा छ भने त्यो मानिस धेरै विद्या संग्रह गर्नेवाला र बढी धन जोर्नेवाला, अनि सन्तान पक्षमा केही बन्धन पाउने र बढी चातुर्यको शक्तिले धनको वृद्धि गर्नेवाला, आफ्नू बुद्धि भित्र धनलाई बढी महत्व दिने खालको तथा कुटुम्बको शक्ति प्राप्त गर्नेवाला र जीवनको दिनचर्यामा केही धनीको जस्तो काइदा-कदर पाउनेवाला होला। पुरातत्त्वको स्थानबाट पनि धनको लाभ पाउनेवाला, दिमाग भित्र ठूला-ठूला र बहुमूल्य योजनाहरू तयार पार्नेवाला, तर केवल धनको बढी वृद्धिका लागि र सन्तान पक्षका कारणहरूले मन भित्र केही घुमाउरो अनुभव गर्ने खालको होला।

कु० नं० १७४

३बु. १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको कर्क राशिका बुध लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस विद्याको ठूलो शक्ति पाउनेवाला र विद्या तथा पुरुषार्थको शक्तिले धन कमाउनेवाला एवं विवेकको शक्ति बलले ठूलो उत्साह र हिम्मत प्राप्त गर्नेवाला, आफ्नू योग्यताको प्रभावले सौभाग्य वृद्धि गर्नेवाला तथा भाग्यमानीमा गनिने खालको होला। आफ्नै शक्तिले धर्मको पनि पालन गर्नेवाला तथा ईश्वरमा विश्वास र आस्था राख्नेवाला र राम्रो शरीर भएको, यश प्राप्त गर्नेवाला, दाजू-भाई दिदी-बहिनीहरूको शक्ति पाउनेवाला, बोलचालमा निकै बहुमूल्य र बलियो कुरा बोल्न जान्नेवाला, शीलयुक्त र दृढ विचार भएको होला।

कु० नं० १७५

३ १
४बु. २ १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको सिंह राशिका बुध लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुखपूर्वक विद्या ग्रहण गर्नेवाला, अनि सन्तान सुख प्राप्त गर्नेवाला, धन स्थानको पूरा सुख पाउनेवाला, भूमि-भवन सम्बन्धी सुख प्राप्त गर्नेवाला, माता-पिताको स्थानबाट पनि शक्ति प्राप्त गर्ने वाला, सुख र आरामका साधन हुने अनेक थरिका राम्रा-राम्रा वस्तुहरू तथा उत्तम-उत्तम विचारहरूको शक्ति प्राप्त गर्नेवाला, वाणी र विद्याद्वारा मनोरंजनका सुखद कार्यहरू गर्नेवाला, विद्या र विवेक एवं धनको बलले राज-समाजमा यश-मान प्राप्त गर्ने र व्यापारमा बढी धन कमाउनेवाल, कर्मिष्ठ एवं बाठो व्यक्ति होला।

कु० नं० १७६

३ १
४ २ १२
५बु. ११
६ ८ १०
७ ९

जुन व्यक्तिको कन्या राशिका बुध लग्नबाट पाँचौं स्थानमा छन् भने त्यो मानिस धरै थरिका विद्या ग्रहण गर्नेवाला, दिमागको शक्तिले महान् कार्य गर्नाले अपार धन आर्जन गर्नेवाला, ठूलो चातुर्य र विवेक शक्तिको धनी हुनाका साथै सन्तान-सुख प्राप्त गर्नेवाला, र आय अथवा लाभको स्थानमा आंशिक न्यूनता अनुभव गर्नेवाला, कहिले काहीं लाभको स्थानमा उपेक्षा गरिदिनेवाला, दिमागमा केही बन्धनको योग पाउनेवाला, कुराकानीमा ठूलो योग्यता र बढी बुद्धिमानीले गम्भीर बात बोलेर प्रतिपक्षीमाथि प्रभाव पार्नेवाला, कुटुम्बमा सम्मान पाउनेवाला, धनको निम्ति बढी सोच-विचार गर्नेवाला होला।

कु० नं० १७७

३ १
४ २ १२
५ ११
६बु. ८ १०
७ ९

जुन व्यक्तिको तुला राशिको बुध लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस विद्यामा न्यूनता पाउनेवाला, सन्तान-सुखमा कमी पाउनेवाला, र धनमा पनि कमी पाउने तथा कुटुम्ब स्थानमा झन् कमी पाउनेवाला र बुद्धिमा केही डर र दुर्बलता अनुभव गर्नेवाला, बुद्धिको सम्बन्धमा केही बन्धन र बढी परिश्रमले गर्दा धन कमाउन कष्ट अनुभव गर्नेवाला, शत्रु स्थानमा बुद्धिको शान्तियुक्त उपायले काम बनाउनेवाला, विचारहरू भित्र निकै अल्झेको चातुर्यलाई हल गरेर दिमागमा शान्तिको योग पाउनेवाला, बढी धन खर्च गर्ने र धनागमको सम्बन्धमा अलि परतन्त्रता र केही अपठेरोको योग परेको होला।

कु० नं० १७८

३ १
४ २ १२
५ ११
६ ८ १०
७बु. ९

जुन व्यक्तिको वृश्चिक राशिको बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस विद्या र बुद्धिको बलमा व्यापार गर्नेवाला र विवेक शक्ति र लौकिक अनुभवद्वारा धन कमाउनेवाला, विद्याको प्रभावले पनि धनार्जन गर्नेवाला, धनको सहायतारूपी शक्तिले व्यापारको लाइनमा वृद्धि पाउनेवाला, सन्तान पक्षको शक्तिमा भरपर्नेवाला, तथा स्त्री स्थानमा चातुर्य र इज्जतको योग भेट्टाउनेवाला, भोगादिको शक्ति प्राप्त गर्नेवाला, वृद्धिको कार्यक्रमको लाइनबाट ठूलो मान र इज्जत प्राप्त गर्नेवाला, कुटुम्बको सम्बन्धमा सम्मान पाउनेवाला, धन वृद्धिका लागि दैनिक कार्यक्रम निकै राम्रो र कोमलता साथ सम्पन्न गर्नेवाला होला।

कु० नं० १७९

३ १ ४ २ १२ ५ ११ ६ ८बु. १० ७ ९

जुन व्यक्तिको धनु राशिको बुध लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षमा हानिको योग परेको, विद्यास्थानमा न्यूनता पाउनेवाला र अन्य स्थानमा हानि पाउनेवाला, कौटुम्बिक हानि पाउनेवाला, केही पुरातत्त्व धनबाट लाभ पाउनेवाला, दिमागमा केही अत्यास भएको, निकै गहीरो कुराहरू गर्ने, र सोच-विचारमा बढी गाडिने खालको होला, बोलचालमा निकै गूढ युक्तिहरूद्वारा आफ्नू काम सपार्नेवाला, धन स्थानको वृद्धि गर्नका लागि बुद्धिको महान् श्रम खर्च गर्नेवाला, विदेशको सम्बन्धमा धन प्राप्त गर्न सहयोग पाउनेवाला, विवेक शक्तिद्वारा कुनै पुरातत्त्वको ज्ञान पाउनेवाला, जीवनको दिनचर्यामा सुकीर्तिको योग पाउने र जटिल बुद्धि होला।

कु० नं० १८०

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९बु.

जुन व्यक्तिको मकर राशिको धनु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस बढी उत्तम विद्या ग्रहण गर्नेवाला र भाग्य एवं बुद्धियोगबाट धन कमाउनेवाला, तथा धन र सन्तानको योगले भाग्यवान कहलिनेवाला तथा महान श्रेष्ठतम विवेक शक्ति प्राप्त गर्नेवाला, धर्मको पालन र ज्ञान प्राप्त गर्नेवाला, अनि ईश्वरमा श्रद्धा र विश्वास राख्ने खालको होला। लौकिक र पारलौकिक प्रणालीको सम्मिश्रण गरेर त्यसको नियम पालन गर्नेवाला, तथा कौटुम्बिक शक्तिको गौरव पाउनेवाला तथा दाजू-भाई दिदी-बहिनीको योगमा सौन्दर्य पाउनेवाला पुरुषार्थ स्थानबाट लाभ पाउनेवाला, बल पुरुषार्थमा केही विशेष शक्ति पाउनेवाला, दिमागभित्र शीतलता र सज्जनता राख्ने खालको होला।

कु० नं० १८१

३ १ ४ २ १२ ५ ११ ६ ८ १० बु. ७ ९

जुन व्यक्तिको कुम्भ राशिका बुध दसौं स्थानमा छ भने त्यो मानिस उद्योग सम्बन्धी उच्च विद्या पाउनेवाला र पिताका स्थानबाट शक्तिको लाभ पाउनेवाला, सन्तान पक्षबाट उन्नतिको योग पाउने र कारबार भित्र विवेकको शक्ति बुद्धिको सहायताले धेरै धन कमाउनेवाला, अनि राज-समाजको सम्बन्धबाट फाइदा उठाउने वाला र उन्नतिको लागि स्थिर र बलियो कार्य गर्नेवाला, मातृ-स्थानबाट लाभ पाउनेवाला, कर्म र बुद्धिको योग्यताले मान-सम्मान प्राप्त गर्नेवाला तथा भूमि-भवन आदिको लाभ पाउनेवाला, महान बाठे र कर्मिष्ठ होला।

कु० नं० १८२

३ १ ४ २ १२ ५ ११बु. ६ ८ १० ७ ९

जुन व्यक्तिको मीन राशिका बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धनस्थानमा न्यूनता र दुर्बलता पाउने तथा विद्याको पक्षमा केही न्यूनता भए पनि विद्याके केही बढी शक्तिको प्रयोग गर्न सक्ने वा जान्नेवाला, सन्तान पक्षबाट केही कमजोरीका साथै फाइदा पाउनेवाला तथा धनको बढी प्रभावले गर्दा बुद्धिमा आंशिक अत्यास अनुभव गर्नेवाला, कुटुम्बबाट केही दुर्बलता पाउनेवाला र कुरा-कानी गर्दा आफ्नू बुद्धिको दुर्बलता लुकाएर बाहिरी प्रभाव देखाउन जान्ने र आफ्ना कुराले प्रतिपक्षीलाई मुग्ध पार्नेवाला, गुप्त योजनाद्वारा आफ्नू काम सपार्न जान्ने र बाठो होला।

कु० नं० १८३

३ १
४ २ १२ बु.
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको मेष राशिका बुध लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षबाट हानि पाउने र धनस्थानमा पनि हानि भेट्टाउनेवाला, दिमाग भित्र बढी कुरा खेलाउने र स्मरण-शक्ति अलि दुर्बल भएको होला। बढी धन व्यय गर्ने र अन्य स्थानहरूको सम्पर्कद्वारा बुद्धियोगबाट इच्छित धन कमाउनेवाला, एवं मावली पक्षबाट केही उचित सहयोग भेट्नेवाला, शत्रु स्थानमा शान्तिले काम मिलाउन जान्नेवाला, व्ययको स्थानमा केही विवेक शक्तिले काम सपार्न जान्नेवाला, कुटुम्बबाट हानि र दुर्बलता नै प्राप्त गर्ने खालको होला।

कु० नं० १८४

३ १बु.
४ २ १२
५ ११
६ ८ १०
७ ९

बृष लग्नान्तर - गुरुफलम्

जुन व्यक्तिको वृषराशिका गुरु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस लामो आयु हुने, निकै बाठो र शारीरिक परिश्रमबाट लाभ कमाउने वाला, लाभको सम्बन्धमा हृदयको गूढयुक्तिहरू द्वारा सम्मान सहित धन कमाउनेवाला, शरीर भित्र केही सुन्दरता र स्वास्थ्यमा केही न्यूनता पाउनेवाला, जीवनको दिनचर्यामा अलि 'म ठूलो' भन्ने र आंशिक महत्त्व पाउनेवाला एवं विद्या स्थानबाट केही लाभ पाउने, योग्यता र गुप्त शक्तिको योग पनि राख्नेवाला, भाग्य स्थानमा केही हानि र केही उदासीनताको योगवाला, धर्मस्थानमा केही हानि र अलि अरुचिको योग परेको होला। गृहस्थीको स्थानमा जीवनको आंशिक लाभ पाउनेवाला, दैनिक व्यापार र पुरातत्त्वको सम्बन्धबाट लाभ पाउनेवाला, सन्तानबाट केही सुख-दुःख दुवै पाउने खालको होला।

कु० नं० १८५

३ १
४ २गु. १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको मिथुन राशिका गुरु लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस पुरातत्त्व धनको लाभ पाउनेवाला र आयुको पूरा लाभ पाउनेवाला, वर्तमान धनको स्थानमा कहिले काहीं अलि हानिहरूको योग परेको र धनको वृद्धिका लागि केही गूढ युक्तिहरूले र परिश्रमले काम लिन जान्नेवाला तथा शत्रु स्थानमा ठूला युक्तिहरूले अथवा प्रभावले आफ्नू बिग्रिसकेको काम पनि सपार्न जान्नेवाला, जीवनको दिनचर्यामा केही धाक लगाउने बानी भएको, पिताको स्थानमा वैमनस्यताको योग परेको तथा राज-समाजको सम्बन्धमा पनि केही अरुचि र केही दिकदारीको योग परेको होला। मान-सम्मान प्राप्त गर्नेवाला र झ्याउलाहरू पन्छाउनका लागि झ्याउला हरूकै शस्त्रले लाभ प्राप्त गर्नेवाला हुनेछ।

कु० नं० १८६

३गु. १
४ २ १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको कर्क राशिका गुरु लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस धेरै धन कमाउने र ठूलो परिश्रमी तथा बढी प्रभावशाली एवं आयु स्थानमा वृद्धि पाउनेवाला, पुरातत्त्व शक्तिको लाभ पाउने र दिनचर्यामा धेरै गौरव अनुभव गर्नेवाला तथा दाजू-भाई दिदी-बहिनीको स्थानमा केवल आफ्नू प्रभुत्व देखाउनेवाला र भाग्यस्थानलाई पुरुषार्थ भन्दा बढी न्यून वा कमजोर ठान्नेवाला, धर्म स्थानलाई पनि अलि हेय दृष्टिले हेरेर थोरै महत्व दिनेवाला, ईश्वरको आस्था र निष्ठामा केही न्यूनता मान्नेवाला, बढी लाभ पाउनका लागि महान् रूपमा गूढ युक्तिहरूको प्रयोग गर्न जान्नेवाला र महान परिश्रमी अनि हृदय तथा बाहुबलमा ठूलो शक्तिको संचार भएको दैनिक व्यापार एवं गृहस्थीको सम्बन्धमा जीवन-शक्तिको लाभ पाउन महान प्रयत्न गर्ने खालको होला।

कु० नं० १८७

३ १
४गु. २ १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको सिंह राशिका गुरू लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस लामो आयु भएको र जीवनमा ठूलो प्रसिद्धि पाउनेवाला र पुरातत्त्व शक्तिको धेरै सुख लाभ भेट्टाउनेवाला तथा आमाको स्थानमा केही वियोग पाउनेवाला, गूढ एवं अपठेरा युक्तिहरूद्वारा धेरै काम सपार्ने खालको र बढी धन व्यय गर्ने र विदेश आदि अन्य स्थानहरूको सम्पर्कबाट निकै ठूलो सुख सम्बन्ध भेट्नेवाला, अन्य स्थानमा आंशिक वैमनस्यताको र हानिको योग परेको, साथै आवश्यक पदार्थहरूको खूब लाभ पाउनेवाला, आयको सम्बन्धमा सुख-युक्त बढी परिश्रमको योगले धन प्राप्त गर्नेवाला, राज-समाजमा निकै वैमनस्यता पाउनेवाला र गुप्त शक्तिको धनी होला।

कु० नं० १८८

३ १
४ २ १२
५गु. ११
६ ८ १०
७ ९

जुन व्यक्तिको कन्या राशिका गुरु पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षमा केही हानि र लाभको योग परेको र विद्या स्थानमा पनि केही न्यूनताका साथै लाभको योग परेको तथा पुरातत्त्वसित सम्बन्धित बुद्धि योगद्वारा लाभ पाउनेवाला अनि धर्मस्थानमा अलि अश्रद्धा भएको होला। भाग्य स्थानलाई थोरै महत्त्व दिनेवाला र ईश्वरमा विश्वास एवं श्रद्धा थोरै भएको तथा आफ्नू व्यक्तित्वमा केही अंहकार मान्नेवाला र लाभ प्राप्तिको निम्ति बुद्धिले र मनले बढी परिश्रम गर्नेवाला, विद्या बुद्धिभित्र बढी गूढ़ युक्तिहरूद्वारा काम सपार्न जान्नेवाला, कुरा-कानी गर्दा निकै घुमाएर छल-शक्तिको भर लिई काम गर्ने होला।

कु० नं० १८९

३ १ ४ २ १२ ५ ११ ६गु. ८ १० ७ ९

जुन व्यक्तिको तुला राशिका गुरू छैठौं स्थानमा छ भने त्यो मानिस केही प्रभाव र केही परतन्त्रता युक्त कर्मद्वारा दुःख कष्ट खपेर धनागम गर्नेवाला, जीवनको दिनचर्यामा केही घुमाउरो झैं हृदयमा अनुभव गर्नेवाला, आयुको सम्बन्धमा अलि न्यूनता र दुर्बलताको अनुमान गर्नेवाला, पिताको स्थानमा वैमनस्यताको योग परेको होला। राज-समाज भित्र अरुचिको भाव राख्नेवाला, आयमा कमी अनुभव गर्नेवाला, बढी व्यय गर्न नडराउनेवाला, अन्य स्थानहरूको सम्पर्कमा जीवनको केही बाटो पाउने र धन संग्रहको स्थानमा आंशिक हानिले पुरातत्त्वको लाभ भेट्टाउने खालको होला।

कु० नं० १९०

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७गु. ९

जुन व्यक्तिको वृश्चिक राशिका गुरु सातौं स्थानमा छ भने त्यो मानिस जीवनमा शान, अभिमान राख्नेवाला, स्त्री स्थानबाट आंशिक लाभ र अनेक झ्याउलाहरूको योग परेको होला। विदेशी सम्बन्धको योगले स्त्री पक्षबाट केही महत्वपूर्ण लाभ पाउनेवाला, दैनिक व्यापारको लाइनमा केही परिश्रम र मनको गूढ युक्तिहरूको बलले लाभ कमाउने वाला, विदेश आदिको सम्बन्धद्वारा महत्त्वपूर्ण लाभ प्राप्त गर्नेवाला, आफ्नू लाभ स्थानको पनि इच्छित लाभ पाउनेवाला, स्वार्थसिद्धिमा लागि परेको, व्यापार र गृहस्थीको वास्तविक बलियो उन्नति र शान्तिको स्थानबाट केही हानिको योग परेको होला। आयुको वृद्धि पाउनेवाला, हृदयको बलले व्यापारको लाइनमा पुरातत्त्वको आंशिक लाभ पाउनेवाला, निकै ठूलो पुरुषार्थ गर्नेवाला, दाजू-भाई दिदी-बहिनी धेरै भएको अनि लाभ प्राप्तिको लागि लौकिक कामहरूमा बांगो युक्तिले सफलता प्राप्त गर्नेवाला होला।

कु० नं० १९१

३ १
४ २ १२
५ ११
६ ८गु. १०
७ ९

जुन व्यक्तिको धनुराशिका गुरु आठौं स्थानमा छ भने त्यो मानिस आमदानी वा लाभको सम्बन्धमा विदेश यात्राको योग परेको होला। आयुको वृद्धि भेटने एवं दैवबलद्वारा सम्बन्धित पुरातत्त्वको महान् लाभ पाउनेवाला, खूब खर्च गर्नेवाला, अन्य स्थानहरूको विशेष लाभ भेट्टाउनेवाला, धनागमको बाटोमा बढी परिश्रम र गूढ युक्तिहरूद्वारा काम सपार्ने र सुखको वृद्धिका लागि ठूलो परिश्रम गर्नेवाला, मातृस्थानबाट केही हानि र आंशिक लाभ पाउने खालको होला। धन संग्रहको लागि सदैव प्रयत्नशील रहनेवाला, जीवनको दिनचर्यामा ठूलो गौरवको योग पाउनेवाला र आफ्नू जडाउरी वस्तुहरूको सम्बन्धमा केही हानि पाउनेवाला, कुटुम्ब स्थानमा केही हानि र लाभ पाउने खालको होला।

कु० नं० १९२

३ १
४ २ १२
५ ११
६ ८ १०
७ ९गु.

जुन व्यक्तिको मकर राशिका गुरु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यस्थानमा ठूलो हानिको योग परेको होला। धर्मस्थानमा

कु० नं० ११३

३ १
४ २ १२
५ ११
६ ८ १० गु.
७ ९

केही दुर्बलता पाउनेवाला, पुरातत्त्वबाट धन हानि भेट्ने र जीवनको दिनचर्यामा केही अशान्ति अनुभव गर्ला र धन-प्राप्तिको लागि केही धर्मको हानि पाउनेवाला, आमदानीको स्थानमा न्यूनता पाउनेवाला, ईश्वरमा विश्वास र निष्ठामा निकै दुर्बलता पाउनेवाला र आफ्नू पुरुषार्थलाई सबभन्दा ठूलो मान्ने तथा शरीरमा बर्ता अभिमान भएको, विद्या स्थानमा निकै ठूलो र गूढ बठ्याइँले काम चलाउनेवाला, कुराकानी गर्दा बढी सत्यता र दूरदृष्टिको कुरा बुझाउने क्षमता भएको, दाजूभाई दिदी-बहिनीको सहयोग पाउनेवाला होला।

जुन व्यक्तिको कुम्भ राशिको गुरु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस विदेशको आंशिक सम्बन्ध भेट्टाउने भएको र पिता स्थानबाट केही

कु० नं० ११४

३ १
४ २ १२
५ ११गु.
६ ८ १०
७ ९

वैमनस्यता र केही लाभ पाउनेवाला, आयुस्थानबाट केही लाभ पाउनेवाला, हृदयसित सम्बन्धित परिश्रमी कर्म र कष्टसाध्य युक्तिहरूद्वारा आफ्नू कारबार चलाएर धन कमाउनेवाला, राज-समाजको स्थानबाट केही दुर्बलता पाउनेवाला, पुरातत्त्वको आंशिक लाभ पाउनेवाला, संसारमा कसैको पनि वास्ता नगरेर आफ्नै तरीकाले सम्मानयुक्त जीवन यापन गरेर दिन काट्नेवाला, धनको वृद्धिका लागि तथा आफ्नू प्रभाव बढाउनका लागि हृदयको पूरा बल-तागतले साम-दाम-दण्ड-भेद चारै थरिका नीतिको प्रयोग गर्नेवाला, मातृ-स्थानको सुखको न्यूनतालाई केही धन कमाएर अनि त्यो न्यूनता हटाउनमा चाखमान्ने खालको होला।

जुन व्यक्तिको मीन राशिका गुरु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आयुको वृद्धि प्राप्त गर्नेवाला र पुरातत्त्व धनको स्वतः लाभ पाउनेवाला लाभ एवं आयका लागि हृदयको सम्पूर्ण शक्ति तथा विदेशको सम्बन्धको योग पाएर परिश्रम र युक्तिहरू द्वारा पूर्ण सफलता पाउनेवाला तथा लाभको शक्तिले पुरुषार्थ बलको बढी वृद्धि गर्न जान्ने होला। दैनिक व्यापारमा सफलता पाउनको लागि महान् उत्साह ठूलो परिश्रमको शक्तिले काम बनाउनेवाला, दाजू-भाई दिदी-बहिनीको स्थानमा केही कटुतायुक्त सम्बन्धको योग परेको होला। स्त्री भोगादिकको स्थानमा केही अनधिकार लाभ पाउने प्रयत्नमा लागेको होला। गुप्त शक्तिहरूको बलद्वारा अनेक लाभ पाउने खालको होला।

कु० नं० १९५

३ १ ४ २ १२ गु. ५ ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको मेष राशिका गुरु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी व्यय गर्नेवाला र अन्यान्य स्थानहरूको लाभको योग परेको होला। आयुको सम्बन्धमा केही दुर्बलता साथ सफलता प्राप्त गर्नेवाला, लाभ प्राप्तिका लागि ठूला-ठूला महान् कष्टदायक कर्महरूले र अनेक गूढ युक्तिहरूले इच्छित सफलता पाउनेवाला, जीवनको दिनचर्यामा खर्चका शक्तिको गौरव तथा मातृ-स्थानको सम्बन्ध द्वारा सुखका साधनहरूको शक्ति एकत्र गर्नेवाला, दाजू-भाई दिदी-बहिनीको सम्बन्धमा केही न्यूनता पाउनेवाला र मावली पक्षमा केही वैमनस्यता पाउनेवाला, दैनिक चाहिने पदार्थहरूमा जे इच्छा गरे पनि पाउनेवाला होला।

कु० नं० १९६

३ १गु. ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

वृषलग्नान्तर-शुक्रफलम्

जुन व्यक्तिको वृष राशिको शुक्र लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस आफ्नू देह र आत्माभित्र निकै ठूलो शक्ति पाउनेवाला, ठूला-ठूला दाउ-पेंच चलाएर र स्वयंको परिश्रमले आफ्नू स्वाभिमान र देहाभिमानको रक्षा एवं वृद्धि गर्नेवाला, अलि लुकेको क्रोधको शक्ति धारण गर्नेवाला, स्त्रीको स्थानमा अलि अनधिकाररूपले लाभ प्राप्त गर्नेवाला, शत्रु स्थानबाट ठूलो प्रभाव भेट्नेवाला, आफ्नै देहादिको योगबाट दैनिक व्यापारमा सफलता पाउनेवाला, रोगी शरीर भएको होला। राम्रो-नराम्रो विचार-शक्तिद्वारा र चातुर्यले काम बनाउनेवाला, केही ख्याति प्राप्त गर्ने र दृढ संकल्पी एवं जिद्दी स्वभावको होला।

कु० नं० ११७

३ १
४ २शु. १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको मिथुन राशिको शुक्र लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस धन कमाउनका लागि प्राणपणले चेष्टा र प्रयत्न गर्नेवाला, अनि घुमाउरो युक्तिहरू द्वारा र बढी परिश्रम गरेर धनको वृद्धि गर्नेवाला, शरीरमा केही बन्धन र थिचिएको अनुभव गर्नेवाला एवं धनको लागि केही अनुचित चातुर्य द्वारा लाभ कमाउनेवाला, धनकै शक्तिले विरोधी पक्षमा आफ्नू प्रभाव जमाउनेवाला, फेरि धन स्थानबाट नै सम्मान र इज्जत पाउनेवाला, शारीरिक परिश्रमको बलले केही पुरातत्त्वको स्थानबाट आंशिक शक्ति पाउनेवाला, कुटुम्ब र धनस्थानमा अलिकति क्लेश वा झ्याउलो पाउने र केही रोगयुक्त होला।

कु० नं० ११८

३शु. १
४ २ १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको कर्क राशिको शुक्र लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस बढी परिश्रम र पुरुषार्थ गरेर उन्नतिमा अग्रसर हुनेवाला, दाजू-भाई दिदी-बहिनीको स्थानमा केही उन्नति र केही पदमा वृद्धिका साथै आंशिक वैमनस्यताको योग परेको एवं भाग्यस्थानमा वृद्धि गर्नेवाला, ठूलो साहस र हिम्मत भएको तथा बठ्याइँ र घुमाउरा युक्तिहरू द्वारा तथा आत्मबलको योगद्वारा विजय-शक्तिको विकास गर्नेवाला र भाग्यमानी ठानिनेवाला तथा धर्मस्थानको पालन र विचार राख्नेवाला, आफ्नू पुरुषार्थमा ठूलो विश्वास भएको एवं शत्रु स्थानमा प्रभाव राख्न जान्ने, मावली पक्षबाट केही सहायता पाउनेवाला होला।

कु० नं० १९९

३　१
४शु.　२　१२
५　११
६　८　१०
७　९

जुन व्यक्तिको सिंह राशिका शुक्र लग्नबाट चौथो स्थानमा छ भने-त्यो मानिस मातृ-स्थानमा वैमनस्यताका साथै सम्पर्क योग पाउनेवाला, देहादिक सुखहरूमा केही हानि र अनेक रोगादि झ्याउलोको योग पाउनेवाला तथा पिताको स्थानमा अलिकति असुविधाको साथै प्रेम र आत्मीयताको उन्नति युक्त सम्पर्क पाउनेवाला, एवं राज-समाजको स्थानमा उन्नति र सम्मान पाउने र त्यसको निम्ति सकेसम्म प्रयत्न गर्नेवाला, भवन-भूमि आदिको व्यवस्थामा केही न्यूनता अनुभव गर्नेवाला एवं व्यापारको प्रतिष्ठको उन्नतिका लागि ठूलो प्रयत्न गर्ने र शत्रु पक्षबाट केंही अशान्ति अनुभव गर्ने र मानयुक्त होला।

कु० नं० २००

३　१
४　२　१२
५शु.　११
६　८　१०
७　९

जुन व्यक्तिको कन्या राशिका शुक्र लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षमा कष्ट सहने खालको तथा विद्यास्थानमा दुर्बलता पाउनेवाला, दिमाग भित्र केही असजिलोको स्थायी योग पाउनेवाला, केही असत्यको तागतले र लुकाई-छपाईका युक्तिहरू द्वारा कुरा गरेर त्यसको लाभ प्राप्त गर्नेवाला, हृदय र विचारहरूको भित्र गुप्त शक्ति राख्नेवाला, लाभको ठूलो शक्ति भेट्टाउनको निम्ति दिमाग सम्बन्धी महान परिश्रमद्वारा काम सपार्नेवाला, शत्रु पक्षबाट केही अनुभव गर्नेवाला, शरीरमा दुर्बलता अनुभव गर्ने र बुद्धिको संकीर्णताले गर्दा आफ्नू विचार र मन्तव्य राम्ररी अर्कालाई बुझाउन नसक्नेवाला होला।

कु० नं० २०१

३ १ ४ २ १२ ५ ११ ६शु. ८ १० ७ ९

जुन व्यक्तिको तुला राशिका शुक्र लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस केही परतन्त्रतायुक्त प्रभावशाली कर्म गर्नेवाला, आत्मबलको ठूलो धैर्य-शक्ति राख्नेवाला एवं घुमाउरा चातुर्यहरूको कला जान्ने भएको होला। फेरि शरीरमा अनेक रोग लागेर कष्ट पाउनेवाला, मावली पक्षको निकै ठूलो सहयोग प्राप्त गर्नेवाला, बढी धन खर्च गर्नेवाला तथा अन्य स्थानहरूबाट सम्पर्क शक्ति प्राप्त गर्नेवाला, शत्रु स्थानमा ठूलो प्रभाव राख्नेवाला, शरीरद्वारा महान परिश्रम गर्न सक्ने खालको र झगडा विवादमा रहेर पनि अपठेरोमा विजय पाउनेवाला, गुप्त बाठो होला।

कु० नं० २०२

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७शु. ९

जुन व्यक्तिको वृश्चिक राशिका शुक्र लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस राम्रो चंचलता युक्त शरीर प्राप्त गर्नेवाला, स्त्री स्थानमा थोरै अधिकार पाउने र इन्द्रिय भोगादिको पक्षमा केही न्यूनता र अलिकति वृद्धिको योग पाउनेवाला, आफ्नी स्त्रीको निज सम्बन्धमा केही न्यूनता अनुभव गर्नेवाला, आफ्नू व्यक्तित्वलाई धेरै ठूलो मान्नेवाला र व्यापार लाइनमा ठूला-ठूला युक्तिहरूद्वारा र परिश्रमले काम सपार्ने वाला, भोग-विलासको शक्ति प्राप्त गर्नका लागि निकै घुमाउरा युक्तिहरूले र परिश्रमले अनि आत्मबलको शक्तिले काम बनाउने होला। लौकिक कार्य गर्दा महान् चातुर्य दर्शाउने खालको होला।

कु० नं० २०३

३ १ ४ २ १२ ५ ११ ६ ८शु. १० ७ ९

जुन व्यक्तिको धन राशिको शुक्र लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस शारीरिक कष्ट सहन सक्नेवाला, मावली पक्षबाट हानि पाउनेवाला र हृदयमा अशान्ति पाउनेवाला, गुप्त चालाहरूको भण्डारकै शक्ति राख्नेवाला एवं कष्टसाध्य परिश्रम गर्नेवाला र आफ्नू प्रभावमा न्यूनता पाउनेवाला, आत्मबलको शक्तिले र केही घुमाउरा युक्तिहरूले सम्बन्धित पुरातत्त्वको आंशिक लाभ पाउनेवाला, धनस्थानको वृद्धि गर्नका लागि आफ्नू सम्पूर्ण शक्तिको प्रयोग प्राणपणले गर्नेवाला र आयु-स्थानमा केही चिन्तायुक्त रहेर शक्ति पाउनेवाला, शत्रुपक्षमा अशान्तिद्वारा मिलाप पाउने खालको होला।

कु० नं० २०४

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९शु.

जुन व्यक्तिको मकर राशिका शुक्र लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यमानी ठानिन्छ र देहादिक परिश्रमको योगले भाग्यको उन्नति गर्नेवाला र धर्मस्थानमा श्रद्धा र विश्वास भएर पनि धर्मोन्नतिको पालन गर्न नसक्ने खालको र धर्म स्थानबाट केही अनुचित लाभ प्राप्त गर्नेवाला, दाजु-भाई दिदी-बहिनीको आंशिक योग पाउनेवाला, आत्माभित्र केही दूरदेशको तागत राख्ने होला। ठूलो प्रभाव राखेर शत्रु स्थानमा दैवयोगले सफलता पाउने महान सज्जन होला।

कु० नं० २०५

३ १
४ २ १२
५ ११
६ ८ १० शु.
७ ९

जुन व्यक्तिको कुम्भ राशिका शुक्र लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस आफ्नू शरीरादि शक्तिद्वारा महान प्रभावशाली कार्य गर्नेवाला, आफ्नू महान चातुर्यहरूको बलले राज-समाजमा उन्नति गर्नेवाला तथा पिताको स्थानमा आंशिक वैमनस्यताका साथै उन्नतिको ठूलो साधन पाउनेवाला, शत्रुस्थानमा धेरै ठूलो प्रभाव राख्नेवाला र मातृ-स्थानमा पनि केही वैमनस्यता र केही अरुचिको योग पाउनेवाला, आफ्नू आदर्श घुमाउरो चालहरू द्वारा व्यापारादिको उन्नति र मान सम्मान प्राप्त गर्नेवाला र आफ्नू आत्मा एवं शरीर भित्र धेरै ठूलो गौरव मान्नेवाला, सुख प्राप्तिका साधनहरूमा केही न्यूनता अनुभव गर्ने खालको होला।

कु० नं० २०६

३ १
४ २ १२
५ ११शु.
६ ८ १०
७ ९

जुन व्यक्तिको मीन राशिका शुक्र एघारौं स्थानमा छ भने त्यो मानिस दैहिक परिश्रमको योगबाट महान् लाभ प्राप्त गर्नेवाला र लाभ एवं आमदानीको वृद्धि गर्नका लागि महान् चातुर्यले र घुमाउरो चालाहरूको योगले सफलता पाउनेवाला, विद्या स्थानमा न्यूनता र उदासीनताको योग पाउनेवाला तथा सन्तान पक्षमा पनि केही न्यूनताको योग र केही अशान्तिको योग अनुभव गर्ने खालको होला र शरीरमा सौन्दर्यको योग पाउनेवाला तथा आत्माको भित्र बल र देहमा केही रोग वा केही चिन्ताको योग परेको होला। राम्रो र रसादिक पदार्थ बढी मनपराउनेवाला, अनि धनोन्नतिको लागि धेरै दगुरा-दगुर गर्ने निकै बाठो खालको होला।

कु० नं० २०७

भाव	राशि
1	११
2	१२ शु.
3	१
4	२
5	३
6	४
7	५
8	६
9	७
10	८
11	९
12	१०

जुन व्यक्तिको मेष राशिका शुक्र लग्नको बाहौं स्थानमा छ भने त्यो मानिस बाहिरी अन्य स्थानहरूको सम्पर्कमा बस्नेवाला र बढी धन खर्च गर्नेवाला, शरीर सम्बन्धी कष्ट र अनेक थरिका रोगको योग परेको होला। मावली पक्षमा अलि हानि पाउनेवाला, धेरै ठूलो गोपनीय चातुर्यले काम गर्नेवाला, आफ्नू लुकेको तागतले शत्रुलाई हानि पुऱ्याउने र न्यूरन कर लगाउनेवाला, आत्माभित्र अलिकति अशान्तिको योग पाउने वाला, शरीरको सौन्दर्यमा केही न्यूनता अनुभव गर्ने र प्रभावको स्थानमा पनि कमीको योग पाउनेवाला, केही एक्लो परेको छु भन्ने अनुभव गर्ने खालको होला।

कु० नं० २०८

भाव	राशि
1	११
2	१२
3	१ शु.
4	२
5	३
6	४
7	५
8	६
9	७
10	८
11	९
12	१०

वृष लग्नान्तर - शनिफलम्

जुन व्यक्तिको वृष राशिका शनि लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस ठूलो प्रभावले निवास गर्नेवाला, प्रभावशाली कर्म गर्नेवाला, भाग्यमानी मानिने खालको तथा पिता र राज-समाजको इज्जत प्राप्त गर्नेवाला, राजनीतिलाई उच्च काइदाले व्यवहार गर्नेवाला, आफ्नू उन्नतिका लागि ठूलो प्रयत्न गर्नेवाला, दाजू-भाई दिदी-बहिनीको स्थानमा अरुचिको योग भेट्टाउने र स्त्री स्थानमा वैमनस्यता पाउने, दैनिक व्यापारमा केही अपठेराहरूले काम चलाउने र भोगादि पक्षमा अलि न्यूनता एवं असन्तोष पाउनेवाला, ठूलो परिश्रमको काम गर्ने र जिद्दी प्रकृतिको होला।

कु० नं० २०९

३ १
४ २श. १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको मिथुन राशिका शनि लग्नको दोस्रो स्थानमा छ भने त्यो मानिस भाग्यको बल र कर्मको शक्तिले धनको वृद्धि पाउने खालको र पिता-स्थानको सम्बन्धले पनि धन प्राप्त गर्नेवाला एवं राज-समाजको सम्बन्धमा ठूलो इज्जत कमाउने र मातृ-स्थानमा केही असन्तोष पाउनेवाला अनि भूमि भवन आदिको व्यवस्थामा अलि न्यूनताको योग पाउनेवाला र आमदानी एवं लाभोन्नतिको स्थानमा बढी वृद्धि गर्नका लागि बर्ता परिश्रम गर्ने खालको र पिताको स्थानमा तथा राज-समाजको स्थानमा केही बन्धन झैं अनुभव गर्नेवाला र धर्मको सम्बन्धमा बन्धन पाउनेवाला, केही अशान्ति युक्त होला।

कु० नं० २१०

३श. १
४ २ १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको कर्कराशिका शनि लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू पराक्रमको शक्तिले महान् उन्नति गर्नेवाला, राज-समाजमा सम्मान र भाग्यको शक्तिले सफलता र यश प्राप्त गर्नेवाला, दाजू-भाई दिदी-बहिनीबाट केही असन्तोषजनक शक्ति र सहयोग प्राप्त गर्नेवाला, विद्याको स्थानमा बुद्धि र शक्ति प्राप्त गर्नेवाला, कुरा-कानीमा केही दैवयोगले तत्काल जवाब दिन सक्ने शक्ति भएको, व्ययस्थानभित्र केही दुर्बलता र उदासीनताको योग परेको तथा अन्य स्थानहरूमा असन्तोष र न्यूनताको योग पाउनेवाला एवं भाग्यमानीमा गनिने खालको होला। धर्म-कर्मको पालन गर्नेवाला ठूलो प्रभावशाली साहसी र परिश्रमी तथा पिता स्थानको शक्ति पाउने खालको होला।

कु० नं० २११

३ १ ४श. २ १२ ५ ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको सिंह राशिका शनि लग्नको चतुर्थ स्थानमा छ भने त्यो मानिस माता-पिताको स्थानको सम्बन्धमा केही असन्तोषका साथै वृद्धि पाउनेवाला र मावलीबाट वृद्धिको योग भेट्टाउनेवाला अनि शत्रुस्थानमा उच्च शक्ति पाउनेवाला र ठूलो प्रभावको योग पाउनेवाला र शरीरमा गौरव एवं भाग्यमानीको योग परेको होला। राज-समाजको सम्बन्धमा केही अशान्तियुक्त कर्महरू द्वारा मान र सुख प्राप्त गर्नेवाला, सुख प्राप्तिको वातावरणमा केही न्यूनता र केही सम्मान पाउनेवाला, आफ्नू प्रभाव वृद्धिका लागि बराबर प्रयत्न गरिरहने खालको होला। निकै ठूलो झ्याउलो बोक्नु पर्ने काम गरेर पनि आफ्नू भाग्योदयको योग भेट्नेवाला, भूमि-भवन र धर्मको योग पाउने खालको होला।

कु० नं० २१२

३ १ ४ २ १२ ५श. ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको कन्या राशिका शनि लग्नबाट पाँचौ स्थानमा छ भने त्यो मानिस पिताको शक्तिबाट लाभ प्राप्त गर्ने र राज-समाजको सम्बन्धमा

कु० नं० २१३

३ १
४ २ १२
५ ११
६श. ८ १०
७ ९

बुद्धि र विद्याद्वारा सम्मान र धनागम गर्नेवाला, धर्म कर्मको ज्ञान भएको र विद्याको प्रचुर अध्ययन गरिसकेको होला। सन्तान पक्षबाट केही उन्नतिको कारण पाउनेवाला, स्त्री स्थानबाट केही असन्तोषका साथै भाग्य र मानको सम्बन्ध पाउनेवाला, दैनिक व्यापारको विषयमा अलि बढी परिश्रमले उन्नतिको योग परेको धनको वृद्धिको गर्नमा ठूलो प्रयत्न र बर्ता लोभले काम गर्नेवाला, स्थिरता साथ गम्भीर कुरा गर्न जान्ने, सत्त्वज्ञानी र भाग्यमानी होला।

जुन व्यक्तिको तुला राशिका शनि लग्नको षष्ठ स्थानमा छ भने त्यो मानिस पिताको स्थानबाट ठूलो शक्ति प्राप्त गर्नेवाला, महान परिश्रम र

कु० नं० २१४

३ १
४ २ १२
५ ११
६ ८ १०
७श. ९

प्रभावशाली कर्मको योगले व्यापार गर्नेवाला, मान-प्रतिष्ठा प्राप्त गर्नेवाला र शत्रुस्थानमा निकै प्रभाव राख्नेवाला, प्रभावको वृद्धि गर्न र कायम राख्नको लागि कठिनभन्दा पनि कठिन कर्म गर्न तत्पर रहने खालको, व्ययको स्थानमा केही कमी र हेलचक्राइँले काम गर्नेवाला, फेरि जीवनको दिनचर्यामा वृद्धिको कारणहरूले गर्दा केही अशान्तिको योग भेट्टाउनेवाला, जीवनलाई सहायता दिने प्रथम र गम्भीर वस्तुहरूको तर्फबाट केही असन्तोष मान्ने खालको, दाजू-भाई दिदी-बहिनीको स्थानमा केही वैमनस्यता पाउनेवाला होला।

जुन व्यक्तिको वृश्चिक राशिका शनि लग्नको सातौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारको लाइनबाट परिश्रमद्वारा भाग्यवानको शक्ति र बुद्धि प्राप्त गर्ने खालको र भाग्यमनीमा गनिने खालको होला। गृहस्थीमा भाग्यमानीको योग भएर पनि मनमा केही असन्तोष र उकुस-मुकुस भएझैं योग परेको, धर्म-कर्मको सामान्य रूपमा पालन गर्नेवाला, एवं मातृ-स्थानमा केही असन्तोष पाउनेवाला, सुख प्राप्तिको स्थानमा केही न्यूनता अनुभव गर्नेवाला, पितास्थानबाट केही अरुचि युक्त शक्ति पाउनेवाला, राज-समाजको शक्तिको लाभ भाग्यको शक्तिद्वारा लौकिक र दैनिक कर्मबाट प्राप्त गर्ने खालको र केही अभिमानी होला।

कु० नं० २१५

३　१
४　२　१२
५　११
६　८श.　१०
७　९

जुन व्यक्तिको धनु राशिका शनि लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस लामो आयु भएको र पिता स्थानबाट कष्टयुक्त लाभ पाउनेवाला, भाग्यको उन्नतिमा अनेक थरिका बाधा र न्यूनता पाउनेवाला, यशमा हानि पाउने र विदेशको सम्बन्धबाट परिश्रमद्वारा निकै उन्नतिको योग परेको र जीवन-यापनमा सहायक हुने केही प्रथम र गम्भीर वस्तुको लाभ पाउनेवाला, गुप्त शक्तिको बल भएको तथा राज-समाजको सम्बन्धमा सम्मानको न्यूनता अनुभव गर्नेवाला, विद्या स्थानबाट लाभको शक्ति प्राप्त गर्ने बुद्धिभएको होला। धन र सन्तान एवं मान प्राप्त गर्नमा दैवयोगले कर्मको सहारा पाउनेवाला तथा धर्मको केही हानि गर्ने खालको होला।

कु० नं० २१६

३　१
४　२　१२
५　११
६　८　१०
७　९श.

जुन व्यक्तिको मकर राशिका शनि लग्नवाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको महान् शक्ति प्राप्त गर्नेवाला, पिता स्थानबाट उन्नतिको साधन स्वतः प्राप्त गर्न सक्ने र राज-समाजको शक्तिवाट लाभ केवल भाग्यको बलले नै प्राप्त गर्नेवाला, अफ्ना राम्रा कर्मको बलले भाग्यको वृद्धिमा सफलता प्राप्त गर्नेवाला र भाग्य एवं कर्मको बलद्वारा लाभको वृद्धि प्राप्त गर्नेवाला, तथा पिता स्थानको शक्तिबाट र भाग्य एवं कर्म बलको शक्तिले शत्रु स्थानमा र प्रभाव स्थानमा महानताको योग पाउनेवाला, दाजू-भाई दिदी-बहिनीको स्थानमा नीरसता पाउनेवाला, पुरुषार्थ गर्न सक्नेवाला, धर्मको पालन गर्ने र सम्मान पाउने खालको होला।

कु० नं० २१७

३ १ ४ २ १२ ५ ११ ६ ८ १० श. ७ ९

जुन व्यक्तिको कुम्भ राशिका शनि लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानको शक्तिबाट भाग्यको विकास सम्बन्धी उच्च प्रभाव पाउनेवाला र राज-समाज भित्र निकै ठूलो सम्मान प्राप्त गर्नेवाला, बाहिरी अन्य स्थानहरू को सम्पर्कमा न्यूनता र झ्याउलो ठान्नेवाला, खर्चको सम्बन्धमा केही उदासीनता र त्रुटिहरूको योग परेको होला। मातृ स्थानमा केही हेलचक्राइँको योग पाउनेवाला र स्त्री स्थानमा अलि-अलि वैमनस्यताको साथसाथै भाग्योदयको सम्बन्ध भेट्टाउनेवाला, केही धर्मको रजोगुणी पालन गर्नेवाला, धेरै थरिका व्यापारमा निपुण होला। सुखको सम्बन्धमा केही न्यूनताको योग परेको होला।

कु० नं० २१८

३ १ ४ २ १२ ५ ११ श. ६ ८ १० ७ ९

जुन व्यक्तिको मीन राशिका शनि लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आमदानी र लाभ प्राप्तिमा महान वृद्धि गर्न जान्ने र पिता-स्थानबाट लाभको योग परेको होला, धर्म-कर्मको शक्तिबाट पनि लाभ प्राप्त गर्न जान्नेवाला एवं शरीरमा सम्मान र इज्जत प्राप्तिको योग पाउनेवाला, जीवनलाई सहायक हुने केही पहिलो र गम्भीर वस्तुको लाभ केही अरुचिको साथ प्राप्त गर्नेवाला, आफ्ना गहीरा र गूढ युक्तिहरूद्वारा पनि उन्नतिका साधन प्राप्त गर्नेवाला एवं लाभको स्थानमा केही असीमित वा हदभन्दा बढी लाभ प्राप्त गर्ने प्रयत्न गर्दै रहने खालको होला। शक्ति र बुद्धिको स्थानमा तथा सन्तानको स्थानमा केही सफलता पाउनेवाला र बढी परिश्रम गर्ने खालको उत्साही होला।

कु० नं० २१९

३ १
४ २ १२ श.
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको मेष राशिका शनि लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस पिता स्थानबाट हानि पाउनेवाला, अनि केही क्षुद्र र सानो कर्म गर्ने योग परेको होला। बाहिरी अन्य स्थानहरूको सम्बन्धमा दुर्बलताका साथै भाग्यको उन्नति गर्नेवाला र खर्चको स्थानमा केही कमजोरीको योग पाउनेवाला, शत्रुस्थानमा केही प्रभावको विशेष वृद्धि गर्न जान्ने र प्रयत्नशील रहिरहनेवाला अनि अनेक थरिका अपठेरा कामहरूको वृद्धि गर्ने बानी भएको र भाग्यमानीमा गनिने एवं भित्री भाग्यमा न्यूनता पाउने खालको तथा धर्मको स्थानमा दुर्बलता पाउने र धनको वृद्धि गर्नमा सहायता प्राप्त गर्नेवाला तथा राज-समाजको सम्बन्धमा केही न्यूनता वा दुर्बलताको योग पाउने खालको होला।

कु० नं० २२०

३ १श.
४ २ १२
५ ११
६ ८ १०
७ ९

वृष लग्नान्तर - राहुफलम्

जुन व्यक्तिको वृष राशिको राहु लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस शरीर स्थानमा केही न्यूनता अनुभव गर्नेवाला, अनेक चिन्ता र धेरै झ्याउलाहरू भोग्नेवाला, अनेक चातुर्यले आफ्नू काम सपार्न जान्नेवाला, केही छल प्रपञ्च र उच्च चातुर्यद्वारा जोसित पनि आफ्नू मतलब सिद्ध पार्नेवाला, आफ्नू देहको प्रसिद्धि पाउनको निम्ति ठूलो परिश्रम र कष्टहरू सहन सक्नेवाला, शारीरिक शक्ति स्थिर राख्नका लागि अनेक सोझा र बांगा यत्नले काम बनाउनेवाला, आफ्नू सज्जनता देखाएर लाभ कमाउने र कहिले काहीं ठूलै सकंट पनि सहने र हिम्मती होला।

कु० नं० २२१

३ १ ४ २रा. १२ ५ ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको मिथुन राशिको राहु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको वृद्धिका लागि महान् परिश्रम र ठूलो चातुर्यले कार्यसिद्धि गर्नेवाला, धनको लागि अनेक थरिका प्रपञ्चको रचना गर्न जान्नेवाला, धनकै निम्ति महान् बन्धनकारक कठिन कर्म पनि गर्नेवाला, धन वृद्धिको बाहिरी प्रदर्शनलाई बलियो पार्नका लागि महान् आडम्बरको योगले काम सपार्न जान्नेवाला, धनस्थानमा कहिले काहीं ठूलो विपत्तिको योग परेको होला। कुटुम्ब स्थानमा केवल नकली वृद्धिका योग पाउनेवाला, धनको स्थानमा बाहिरी प्रदर्शनभन्दा भित्री दुर्बलता अनुभव गर्नेवाला, धन स्थानलाई जरैदेखि बलियो पार्नका लागि ठूलो प्रयत्न गर्ने खालको होला।

कु० नं० २२२

३रा. १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको कर्क राशिको राहु लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस धेरै ठूलो पुरुषार्थ गर्नेवाला, दाजू-भाई दिदी-बहिनीको स्थानमा अलिकति हानि वा सम्बन्ध-विच्छेद पाउनेवाला र आफ्नू प्रभावको उन्नतिका लागि अनेक कठिन कष्टसाध्य कार्य गर्नमा सदैव तत्पर रहनेवाला, आफ्नू परिश्रम र पुरुषार्थको शक्तिले गरिएका कर्महरूमा कहिले काहीं सांघातिक नराम्रो प्रभाव परेको सहनेवाला, आफ्नू बाहुबलको भित्र कहिले काहीं न्यूनताको योग पाउनेवाला र धेरै ठूलो युक्तिपूर्ण प्रभावशाली काम गर्नेवाला एवं गुप्त चातुर्यको योगले साहसको काम गर्नेवाला, आफ्नू स्वार्थसिद्धिको स्थानमा कटिबद्ध भएर काम गर्ने खालको होला।

कु० नं० २२३

	३	१	
४रा.	२		१२
	५	११	
६	८		१०
	७	९	

जुन व्यक्तिको सिंह राशिका राहु लग्नबाट चतुर्थ स्थानमा छ भने त्यो मानिस मातृ-स्थानमा केही हानि पाउनेवाला र भवन-भूमिको केही न्यूनता वा हानि पाउनेवाला, सुख प्राप्तिका साधनहरूमा ठूला-ठूला कमीको योग पाउनेवाला र आफ्नू जन्मस्थानको सम्बन्धमा केही वियोग पाउनेवाला तथा महान कष्टसाध्य कर्महरूको योगले सुख प्राप्तिका साधन एकत्र गर्नेवाला एवं जीवनमा ठूला-ठूला दुःखहरू खपेर सुख प्राप्तिको जरो बलियो पार्नेवाला, सहृदय बन्धुहरूको न्यूनता पाउनेवाला, सुख प्राप्तिको सम्बन्धमा गुप्त चालले वा भेदनीति द्वारा केही सफलता पाउनेवाला, सुख-शान्तिको स्थानमा कहिले काहीं सांघातिक गहीरो वेदनाहरूको योग परेको र केही अशान्त खालको होला।

कु० नं० २२४

	३	१	
४	२		१२
	५रा.	११	
६	८		१०
	७	९	

जुन व्यक्तिको कन्या राशिको राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्या स्थानबाट हानि पाउंने भए पनि विद्याको बलियो योग पाउन सक्दछ, सन्तान पक्षबाट केही हानि र केही न्यूनता भेट्टाउने बुद्धि र विद्याको स्थान बर्ता बठ्याइँले काम बनाउने खालको होला। वाणीको लुकाउने वा छल्ने शक्तिद्वारा आफ्नू विद्वत्ताको ठूलो परिचय दिने र विद्याकै स्थानमा केही अनधिकार रूपले पनि सफलताको योग पाउनेवाला र विद्यास्थानमा केही दुर्बलता भए पनि ठूलो धैर्यपूर्वक विचार शक्तिद्वारा विद्या स्थानको जरोको दह्रोभाव प्राप्त गर्ने खालको अतन्त बाठो होला।

कु० नं० २२५

३	२	१
४		१२
५		११
६रा.	८	१०
७		९

जुन व्यक्तिको तुलाराशिको राहु लग्नबाट षष्ठ स्थानमा छ भने त्यो मानिस शत्रु स्थानमा महान् प्रभाव राख्नेवाला, मावली पक्षबाट केही हानि पाउनेवाला, रोगादि अनेक विपत्तिहरूमा विजय भेट्टाउने र आफ्नू स्वार्थपूर्ति गर्नमा निकै तत्परताले काम लिन जान्नेवाला, आफ्नू उन्नतिका लागि महान् गुप्त रीति वा कष्टसाध्य युक्तिहरूले काम सपार्ने र लाभ प्राप्त गर्नेवाला, कस्तै ठूलो संकटमा पनि धैर्य र साहस नत्याग्नेवाला, आफ्नू प्रभावको ठूलो शक्ति भएको, शील र दयाको उल्लंघन गर्ने, चातुर्यको तागतले सावधान रहेर काम सपार्ने खालको होला।

कु० नं० २२६

३	२	१
४		१२
५		११
६	८	१०
७रा.		९

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्रीस्थानमा कष्ट सहन सक्ने, भोगादिक पक्ष र इन्द्रिय पक्षमा कष्टको योग परेको, ससुराली पक्षमा केही हानिको योग परेको अनि व्यापारको पक्षमा कष्टसाध्य कर्मको योगले काम चलाउने र धेरै परिश्रम गर्ने भएको अनि आंशिक गुप्त शक्तिको योग बलियो पार्दै व्यापारको बाटोमा प्रयोग गर्ने खालको होला। गृहस्थी भित्र दैनिक कार्यहरूमा अनेक झ्याउलाहरू बटुल्नेवाला, अनि केही कटु युक्तिहरूमा काम सपार्ने खालको र केही भोग प्राप्तिको विशेष इच्छा भएको, केवल आफ्नू स्वार्थपूर्तिमा मात्र लागिरहने खालको अनौठो होला।

कु० नं० २२७

३ १
४ २ १२
५ ११
६ ८रा. १०
७ ९

जुन व्यक्तिको धन राशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आयुस्थानमा ठूला-ठूला संकटपूर्ण आघात सहन सक्ने, पेटभित्र केही उदरविकारले ग्रसित र जीवनको दिनचर्यामा निकै ठूलो मनमा अशान्ति अनुभव गर्ने खालको होला। जीवनलाई सहायक हुने केही पहिलो र गम्भीर वस्तुको हानि पाउनेवाला, केही निकै गुप्त तथा केही अनुचित रीतिले महान कष्टहरू र झ्याउलाहरू द्वारा जीवनको आंशिक सहायता शक्ति प्राप्त गर्नेवाला, बढी गहीरो र अपठेरो पर्ने चालहरू विचारिरहनेवाला कहिले काहीं जीवन नै समाप्त गरिदिने खालको कुरा पनि विचार्ने खालको दुःखी होला।

कु० नं० २२८

३ १
४ २ १२
५ ११
६ ८ १०
७ ९रा.

जुन व्यक्तिको मकर राशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्य स्थानमा केही हानिको योग पाउनेवाला, धर्मको स्थानमा केही न्यूनता वा चूकहरूको योग पाउनेवाला, अनि भाग्यको उन्नतिका लागि निकै चिन्तित रहने खालको होला। यश प्राप्तिको बाटोमा अपठेरो वा न्यूनता पाउनेवाला, ईश्वरको प्रति विश्वासमा केही कमी पाउनेवाला, भाग्योन्नतिको लागि गहीरो युक्तिहरूलाई राम्रो स्थिरताका साथ काममा ल्याउने खालको एवं भाग्यको वृद्धिको लागि कठोर परिश्रम गरेर तथा धर्म र अधर्मको वास्ता नगरेर विशेष चाख मानेर उन्नतिमा लागि रहनेवाला तथा आडम्बरयुक्त सज्जनताको काइदाले लाभ प्राप्त गर्ने होला।

कु० नं० २२९

३ १ ४ २ १२ ५ ११ ६ ८ १० रा. ७ ९

जुन व्यक्तिको कुम्भ राशिका राहु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा केही न्यूनता वा असन्तोषको कारण भेट्टाउनेवाला र आफ्नू पदोन्नतिको लागि महान् प्रयत्न वा महान् परिश्रम गर्नेवाला, राज-समाजको कामहरूमा निकै गहीरो युक्तिहरू द्वारा काम सपार्न जान्ने खालको, व्यापार वा कारवारको सम्बन्धमा गुप्त र बलियो योजनाहरू द्वारा ध्यानपूर्वक सबै काम गर्नेवाला, कहिले काहीं मान-प्रतिष्ठको स्थानमा गहीरो अत्यासको योग पनि प्राप्त गर्नेवाला, अन्त्यमा उन्नतिको कुनै बलियो तहमाथि अधिकार प्राप्त गर्ने खालको होला।

कु० नं० २३०

३ १ ४ २ १२ ५ ११रा. ६ ८ १० ७ ९

जुन व्यक्तिको मीन राशिको राहु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस लाभ प्राप्तिको स्थानमा ठूलो सफलता पाउनेवाला, कतिपय सीमा नाघेर लाभ पाउनको निम्ति बढी प्रयत्न गर्नेवाला र बढी लाभ प्राप्त गर्न सफल पनि हुनेवाला, आफ्नू धाक जमाएर अनेक कष्टसाध्य उपायहरूले लाभ हुने बाटो पैल्याउले खालको होला। लाभको स्थानमा केही अनधिकार रूपले पनि काम सपार्ने प्रयत्न गर्न अघिसर्ने, लाभ प्राप्तिको स्थानमा केही परिश्रम र झ्याउलाहरू आइलाग्ने खालको योग परेको, लाभको स्थानमा स्वार्थमा गाडिएर काम गर्ने एवं लाभस्थानको ज़रो बलियो पार्नेवाला तथा निकै बाठो होला।

कु० नं० २३१

३ १
४ २ १२ रा.
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको मेष राशिको राहु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस व्ययस्थानमा केही हानि भेट्टाउने र केही झ्याउलोमा पर्ने खालको होला। व्ययस्थानमा निकै ठूलो परिश्रम गर्न सक्नेवाला तथा खर्चको लागि अनेक युक्तिले काम बनाउनेवाला तथा कहिले काहीं खर्चको संचालन स्थानमा महान् संकटहरूको योग पाउनेवाला, अनि बाहिरी अन्य स्थानहरूको सम्पर्कमा बर्ता कष्ट सहनेवाला, एवं बाहिरी स्थानहरूबाट केही अरूचि वा प्रलोभनको योग परेको होला। अनुचित रीतिको व्यवहार पनि गर्नेवाला, अर्काबाट केही कटुउक्तिहरूको भित्री शक्तिबाट काम सपार्ने खालको होला।

कु० नं० २३२

३ १रा.
४ २ १२
५ ११
६ ८ १०
७ ९

वृष लग्नान्तर - केतुफलम्

जुन व्यक्तिको वृष राशिको केतु लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस शरीरमा परेको कष्ट सहनेवाला तथा शरीरमा केही मस्तकको वा कुनै अन्य प्रकारको न्यूनता पाउनेवाला, केही अशान्तिका साथसाथै भित्री हिम्मतको ठूलो योग पाउनेवाला र निकै ठूलो पुरुषार्थ गर्नेवाला एवं महान दृढताका साथ आफ्नू बाटोमा डटेर अन्धविश्वासको शक्तिले काम बनाउनेवाला र आफ्ना गुप्त सिद्धान्तहरूको सामुन्ने संसारको वास्ता नगर्नेवाला र बहादुरीको काइदाले रहेर गुप्त युक्तिहरूद्वारा स्वार्थसिद्धि गर्नेवाला, अनेक थरिका कष्टहरू सहदै रहेको केहीपछि अन्त्यमा कुनै विशेष बलियो आड पाएर निस्फिक्रि हुने खालको होला।

कु० नं० २३३

३ १ ४ २ के. १२ ५ ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको मिथुन राशिको केतु लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस धनस्थान ठूला-ठूला हानि पाउनेवाला र कुटुम्ब भित्र आफ्नू वृद्धावस्थाको र लालन-पालन गर्नेहरूको न्यूनता र असन्तोष पाउनेवाला, अनि धनको अभावको कारणले गर्दा ठूला-ठूला अशान्ति, वेदना सहन गर्नेवाला र धनको प्राप्तिका लागि अनुचित कर्म पनि गर्न अघिसर्नेवाला र धनको निम्ति कष्टसाध्य महान परिश्रम गर्नेवाला, धन स्थानको वृद्धिका लागि महान गुप्त र गहीरो चालहरू चल्न जान्नेवाला, धनको सम्बन्धमा अत्यन्त आन्तरिक धैर्यले काम गर्नेवाला, धनस्थानको हानिको सम्बन्धमा मार्मिक आघात सहन सक्ने खालको होला।

कु० नं० २३४

३के. १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको कर्क राशिको केतु तेस्रो स्थानमा छ भने त्यो मानिस महान् पुरुषार्थ गर्नेवाला, उन्नतिका लागि सकेसम्म परिश्रम गर्नेवाला, दाजू-भाई दिदी-बहिनीको स्थानमा सम्बन्ध-विच्छेद पाउनेवाला, अनि आन्तरिक धारणा शक्तिको बलमा ठूला र महान कठिन काम गर्न अघिसर्नेवाला र थकाईले लस्त-पस्त हुनेवाला, महान परिश्रम गर्नेवाला एवं आफ्नू हिम्मत र शक्तिको बलमा महान् दुष्कर र कठिन तथा सांघातिक प्रहार सहनेवाला, किन्तु त्यतिमा पनि साहस नत्याग्नेवाला, उत्तरोत्तर वृद्धि र सफलताका लागि अघि बढ्दै रहने एवं बाठो, बहादुर र परिश्रमी होला।

कु० नं० २३५

३ १
४के. २ १२
५ ११
६ ८ १०
७ ९

जुन व्यक्तिको सिंह राशिका केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आमाको स्थानबाट केही हानि पाउने र जन्म-भूमिबाट वियोग पाउनेवाला, भूमि-भवनको पनि केही न्यूनता र क्लेश पाउनेवाला, अनि सुख प्राप्तिको सम्बन्धमा अनेक थरिका हानिहरू या कमी पाउनेवाला र घरेलू वातावरणमा केही अशान्तिको योग पाउनेवाला र सुख-सम्बन्धमा एवं मातृ-सम्बन्धमा कहिले काहीं निकै गहीरो मार्मिक वेदनाहरूको योग प्राप्त गर्नेवाला, सुख प्राप्तिका लागि अनेक साना-ठूला कष्टसाध्य परिश्रम गर्नेवाला, अन्त्यमा धेरै कष्टले सुख-प्राप्तिका साधन पाउनेवाला होला।

कु० नं० २३६

३ १
४ २ १२
५के. ११
६ ८ १०
७ ९

जुन व्यक्तिको कन्या राशिको केतु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्या अध्ययन गर्न ठूला-ठूला बाधाहरू अनुभव गर्नेवाला, विद्याको परिपूर्णतामा न्यूनता पाउने खालको होला। सम्मुख भएर कुराकानी गर्दा प्रतिपक्षीको सामुन्ने आफूलाई हीन मान्नेवाला, वाणीद्वारा आफ्नू भनाई अथवा मन्तव्य पूर्णरूपेण जाहेर गर्न नसक्नेवाला, सन्तान पक्षमा हानिको योग परेको तथा सन्तानको संरक्षण सम्बर्धनमा केही न्यूनताको अनुभव गर्नेवाला, आफ्नू बुद्धि वा मस्तिष्क भित्र निकै बलियो साहस र शक्ति राख्नेवाला, दिमागी जिद्दी, अत्यास र दृढ संकल्पमा अटल रहेर काम गर्नेवाला, सत्यासत्यको वास्ता नगर्ने र गुप्त विवेकी होला।

कु० नं० २३७

३ १ ४ २ १२ ५ ११ ६के. ८ १० ७ ९

जुन व्यक्तिको तुला राशिको केतु लग्नबाट षष्ठ स्थानमा छ भने त्यो मानिस शत्रु स्थानमा ठूलो योग्यताका साथ बहादुरीको परिचय दिने खालको शत्रु तथा विपक्षिहरूमा आफ्नू ठूलो प्रभाव पार्न जान्नेवाला, रोगादि बीमारी र विपत्तीहरूको वास्ता नगर्नेवाला, मावली पक्षबाट आंशिक हानि पाउनेवाला, भित्री धैर्य र गुप्त साहस एवं गुप्त युक्तिहरूद्वारा ठूला-ठूला महान् कार्य गरेर उन्नतिका साथै धन कमाउनेवाला र आफ्नू स्वार्थसिद्धिको स्थानमा निकै दृढता एवं हठ्वादिता द्वारा आफ्नू काम सपार्न जान्ने खालको तथा शील र सन्तोषको उल्लंघन गर्नेवाला, अनि आफ्नू बाटोमा पर्ने बाधाहरूलाई निवारण गर्न भएजति सबै शक्तिको प्रयोग गर्न जान्ने होला।

कु० नं० २३८

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७के. ९

जुन व्यक्तिको वृश्चिक राशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस पत्नीमा केही हानि पाउनेवाला, गृहस्थीको दैनिक व्यवहारमा ठूलो व्यवधान र कष्ट अनुभव गर्नेवाला, इन्द्रिय सम्बन्धी भोगादि पक्षमा केही न्यूनताको योग परेको तर भोगादि पक्षमा गुप्त रीतिले विशेष शक्तिको उपयोग गर्ने खालको होला। व्यापारको दैनिक व्यवस्थामा केही बढी नै परिश्रम गर्नेवाला, दैनिक व्यापारमा अलि हानि पाउनेवाला, रोजगारको स्थानमा भित्री हिम्मत र आन्तरिक धैर्य द्वारा आफ्नू काम सफल पार्नेवाला र व्यापारको काममा कहिले काहीं निकै भीषण आघात सहिसकेपछि दृढताको योग परेको र साहसी एवं अतिकामी व्यक्ति होला।

कु० नं० २३९

३ १ ४ २ १२ ५ ११ ६ ८के. १० ७ ९

जुन व्यक्तिको धनराशिको केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस जीवनको दिनचर्यामा गुप्त शक्तिको अथवा मस्तीको आनन्द प्राप्त गर्नेवाला, जीवनमा सहायक हुने केही प्रथम र गम्भीर वस्तुको लाभ सित्तैंको काइदाले प्राप्त गर्नेवाला अनि आयुको वृद्धि पाउनेवाला तथा जीवनमा गहीरो लाभ प्राप्त गर्नको लागि महान् आडम्बर युक्त झ्याउलाहरूको काम सहर्ष गर्नेवाला, विदेश आदिको सम्बन्धमा निकै ठूलो दगुरा-दगुर गर्नेवाला, जीवनमा कहिले काहीं ठूलो र गहीरो चिन्ताहरूको योग पाउनेवाला जीवनको महान् प्रभाव भित्र केही न्यूनता अनुभव गर्ने खालको र भित्री दृढताको योग पाउने होला।

कु० नं० २४०

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९के.

जुन व्यक्तिको मकर राशिको केतु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्य-स्थानमा ठूला-ठूला कष्ट सहन गर्नेवाला र भाग्योदयको सम्बन्धमा अनेक बाधा धेरै थरिका रोकावट पाउने खालको होला। धर्म-कर्मको स्थानमा केही हानि र न्यूनता वा दुर्बलता पाउनेवाला एवं यश-मानमा कमी पाउनेवाला, ईश्वरको विश्वासमा न्यूनता पाउनेवाला तथा तामसी उग्र धर्मको पालन गर्नेवाला, कुनै प्रकारको सिद्धिका लागि हठधर्मीले काम लिनेवाला तथा शील सन्तोषको उल्लंघन गर्ने र भाग्यको वृद्धि गर्नका लागि कठोर परिश्रम गर्न सक्ने र आन्तरिक गुप्त भावना चेष्टाहरूले अन्त्यमा भाग्योदयको योग पाउनेवाला व्यक्ति होला।

कु० नं० २४१

३ १ ४ २ १२ ५ ११ ६ ८ १० के. ७ ९

जुन व्यक्तिको कुम्भ राशिका केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानमा केही अशान्तिको कारण भेट्टाउनेवाला र पिता स्थानमा केही न्यूनता अनुभव गर्नेवाला तथा उन्नतिका लागि समाजका कामहरूमा केही बाधा परेको अनुभव गर्ने खालको होला। व्यापारको भित्र कठोर परिश्रम गर्न सक्ने तथा मान-उन्नतिको निम्ति गुप्त शक्तिले र गुप्त धैर्यले अनेक काम सपार्नेवाला तथा कहिले काहीं मान-प्रतिष्ठको स्थानमा महान् संकट भोग्नेवाला, उग्र कर्म गर्नेवाला तथा आफ्नू कार्यक्रममा हठवादिताद्वारा काम सिद्ध पार्नेवाला, अन्त्यमा उन्नतिको बलियो आधार प्राप्त गर्नेवाला होला।

कु० नं० २४२

३ १ ४ २ १२ ५ ११के. ६ ८ १० ७ ९

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै धन कमाउनेवाला र लाभ स्थानमा वृद्धि गर्नको लागि महान प्रयत्न र ठूलो परिश्रम गर्नेवाला तथा लाभ प्राप्तिको स्थानमा केही अहंभाव बढेर कतिपय अनुचित र अनधिकार युक्तिहरू द्वारा पनि धनार्जन गर्नेवाला तथा लेन-देन र व्यवहार भित्र आफ्नू स्वार्थको पूर्ति गर्नमा नै सदैव तत्पर रहने खालको होला। अनायास लाभ पाउनेवाला तथा लाभ प्राप्तिको स्थानमा एवं कहिले काहीं लाभ स्थानमा अपठेरो परेको अनुभव गर्ने र राम्रा वस्तुहरूको लाभमा न्यूनता पाउने खालको बाठो होला।

कु० नं० २४३

३ १ ४ २ १२ के. ५ ११ ६ ८ १० ७ ९

जुन व्यक्तिको मेष राशिको केतु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस खर्चका स्थानमा ठूला-ठूला झ्याउलाहरू भोग्नेवाला, खर्चको सम्बन्धमा कहिले काहीं भीषण संकट सहने भएको होला। खर्च स्थानमा धेरै ठूलो गुप्त हिम्मत र भित्री युक्तिहरू द्वारा काम सपार्नेवाला, बाहिरी अन्यस्थानको सम्पर्कमा ठूला क्लेश अनुभव गर्ने भएको र बाहिरी सम्बन्धमा केही हानिहरूको योग परेको तथा बाहिरी सम्बन्धमा धेरै ठूलो गुप्त योजनाहरूले काम सपार्नेवाला तथा बाहिरी सम्बन्धहरूमा हठधर्मीद्वारा र वहादुरी साथ काम गर्न जान्ने खालको होला।

कु० नं० २४४

३ १के. ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

मिथुन लग्न हुनेहरूको भविष्यका तारीखहरू

सन् १९९७ को वर्षमा गुरू आठौं स्थानमा नीचभावमा चल्नेछन्, त्यसैले गृहस्थी एवं व्यापारादिमा उन्नतिका बाटाहरूमा अनेक थरिका तगाराहरू आइलाग्नन् तापनि तारीख ७/१/९७ को समय राम्रो रहने छ। उन्नतिको बाटो खुल्नेछ। ता० २७/१०/९७ बाट केही कष्ट आइलाग्ला। ता० ३१/१२/९७ सम्म समय प्रायशः सप्रने छैन। यस वर्ष अर्थात १९९७ को सालमा अनेक थरिका अपठेराहरू आइलागे पनि भाग्यको शक्तिले प्रभावमा कमी आउने छैन। आइलागेका झ्याउलाहरू बिस्तार-बिस्तार शान्त हुनेछन्।

कु० नं० २४५

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०

सन् १९९८ को वर्षमा ता० २/१/९८ देखि समय केही राम्रो हुँदै जानेछ। ता० २१/१/९८ बाट केही कष्टहरू आउँदै जाँदै रहने छन्। ता० ९/२/९८ देखि राम्रो समय आरम्भ हुनेछ। थालेको काम सफल होला। त्यसपछि ता० १४/५/९८ सम्म बराबर उन्नति र लाभ बनिरहने छ। त्यसपछि खर्चमा वृद्धि हुन थाल्नेछ।ता० १५/६/९८ देखि फेरि समय राम्रो भएर फर्कने छ। सबै तर्फबाट सफलता प्राप्त हुने छ तापनि यस वर्षमा व्यापारादिको उन्नतिको बाटोमा अलि-अलि अपठेराहरू लेआउन छाड्ने छैनन्।

कु० नं० २४६

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०

मिथुन लग्नका उत्तम तारीखहरू

सन् १९९९ को वर्षमा ता० ३१/१/९९ सम्म समय केही दिनका लागि उत्तम रहने छ। ता० १४/१/९९ देखि केही कष्ट आइलाग्ला। ता० २/२/९९ देखि भाग्य सप्रदै जानेछ। ता० १३/५/९९ देखि दुःख-कष्ट बढ्दै जाला, खर्च धेरै आय थोरै होला। ता० १६/६/९९ बाट समय राम्रो बन्दै जानेछ। ता० ३०/६/९९ बाट धनको पक्षमा केही न्यूनता आउला। मान-प्रभाव बढ्तै जाला। ता० १९/८/९९ दोखि साहस-शक्ति र प्रभाव-शक्ति बढ्ला, त्यसपछि पनि कष्टले छाड्ने छैन। ता० २०/२/९९ देखि ता० ३१/१२/९९ सम्ममा गृहस्थी एवं व्यापारमा सफलता प्राप्त होला।

कु० नं० २४७

सन् २००० को वर्षमा ता० ६/१/२००० बाट आंशिक कष्ट रहला ता० १२/३/२००० देखि भाग्य र धनलाभ राम्रो रहने छ। ता० १/५/२००० बाट केही झ्याउलाहरू आइलाग्नन् खर्च बढी होला। ता० ७/७/२००० बाट मान र प्रभाव एवं सुख-शान्ति आउला। ता० २६/८/२००० बाट धनको सफलता मिल्ला। तर यस वर्षमा गुरू बाहौं रहने छन्, त्यसैले उन्नतिमा बाधा र खर्च बढी हुन सक्तछ। ता० २२/११/२००० बाट केही दुःख-कष्ट आइलाग्लान्। ता०१०/१२/२००० देखि ता० ३०/१२/२००० सम्ममा गृहस्थी र व्यापारमा सुख-शान्ति र धनागम होला।

कु० नं० २४८

मिथुन लग्न हुनेहरूका लागि उत्तम तारीखहरू

सन् २००१ को वर्षमा ता० १/१/२००१ बाट मान-सम्मान र प्रभाव बढ्ने छ, व्यय केही बढी रहने छ। ता० २२/३/२००१ देखि आय-व्यय दुवै समान चल्नेछन् र केही धेर-थोर पनि चलिनै रहने छ। ता० ६/७/२००१ बाट समय उत्तम र प्रभावशाली तथा सफलता युक्त रहने छ। ता० १८/१०/२००१ देखि अगाडि सन्तान पक्षबाट असन्तोष र कष्ट रहने छ। ता० १६/१२/२००१ बाट ता० ३१/१२/२००१ सम्ममा समय एकदम सामान्य र लाभदायक चलिरहने छ तापनि मानसिक कष्टले छाड्ने छैन।

कु० नं० २४९

४ २
५ ३ १
६ १२
७ ९ ११
८ १०

सन् २००२ को वर्षमा ता० ८/१/२००२ देखि आफ्नू व्यापार र गृहस्थीको काममा सफलता, शक्ति साहस र सुख बनिरहने छ। ता० १४/४/२००२ देखि केही लाभको अधिकता देकिएला। ता० २४/५/२००२ देखि समय हानिकारक र बढी व्यय गराउने होला। ता० १५/६/२००२ बाट मान-प्रभाव बढ्दै जाला तथा रहने छ। ता० ५/९/२००२ देखि समय सप्रन्दै जाला। ता० २४/१०/२००२ देखि केही कष्ट रहने छ। ता० १५/१२/२००२ दोखि ३१/१२/२००२ मा समय सप्रला।

कु० नं० २५०

४ २
५ ३ १
६ १२
७ ९ ११
८ १०

मिथुन लग्न हुनेहरूको उत्तम तारीख

सन् २००३ को वर्षमा ता० १/१/२००३ बाट गृहस्थी र व्यापारमा सुख एवं सफलता प्राप्त होला। ता० १४/१/२००३ बाट आंशिक कष्ट र झ्याउलाहरू आइलाग्नन्। ता० १३/२/२००३ देखि भाग्य सप्रन थाल्ने छ। ता० १४/४/२००३ देखि धनको पक्षमा हानि-लाभ दुवै समान चल्नेछन्। ता० १५/५/२००३ बाट् समय केही हानिकारक र बढी व्यय गराउने खालको रहला। ता० १५/६/२००३ देखि घर-गृहस्थी र व्यापारमा इच्छित सफलताहरू प्राप्त हुने छन्।

कु० नं० २५१

४ २
५ ३ १
६ १२
७ ९ ११
८ १०

सन् २००४ को वर्षमा ता० १/१/२००४ बाट गार्हस्थ्य जीवनमा कहल भए पनि व्यापारमा सफलता मिल्नेछ। ता० १४/१/२००४ बाट दुर्भाग्य र शारीरिक कष्ट बढ्नेछ। ता० ८/२/२००४ बाट भाग्य सप्रने छ र व्यापारमा उन्नति हुनेछ। ता० २३/४/२००४ बाट मान-सम्मान र धनागम भइरहला। ता० २५/६/२००४ बाट समय विपरीत रहने छ र धनहानि होला। ता० ८/८/२००४ बाट धनको पक्ष दुर्बल रहने छ। स्वजन विरोधी हुनन्। ता० १६/१२/२००४ बाट व्यापार र गृहस्थीमा सुख-शान्ति रहने छ।

कु० नं० २५२

४ २
५ ३ १
६ १२
७ ९ ११
८ १०

मिथुन लग्न हुनेहरूको लागि उत्तम तारीख

सन् २००५ को वर्षमा ता० १/१/'०५ बाट व्यापार तथा गृहस्थीमा सुख-शान्ति रहला। ता० १४/१/'०५ देखि केही कष्ट र झ्याउलो आइलाग्ला। ता० ११/३/'०५ देखि भाग्य सप्रन्दै जानेछ र धनागम होला। ता० २९/३/'०५ बाट फेरि समय विपरीत चल्नेछ, धन-हानि होला। ता० ७/७/'०५ देखि समय सुखदायक रहला, मान-सम्मान बढ्दै जाला। ता० १८/१०/'०५ देखि व्यय बढी र मस्तिष्कमा थरि-थरिका विपरीत विचार आएर कष्ट दिनन्। ता० १६/१२/'०५ देखि ता० ३१/१२/'०५ सम्म व्यापारमा लाभ, गृहस्थीमा सुख-शान्ति, सम्मान बढ्ला र सफलता-शक्ति प्राप्त होला।

कु० नं० २५३

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०

सन् २००६ को वर्षमा ता० १/१/२००६ के बाट केही कष्ट बढ्ने छ। ता० ४/३/'०६ बाट केही कष्टदायक समय रहला। ता० ३०/६/'०६ बाट केही सुखका साधन जोरिनन्। धनागम होला। ता० ३१/८/'०६ बाट धनको पक्ष अलिकति कमजोर र हानिकारक रहने छ। मन पनि अशान्त रहला। ता० २४/१०/'०६ बाट पनि घरमा अशान्ति रहला। चित्त खिन्न र रोगले पीडा देला। ता० १/१२/'०६ बाट ता० २५/१२/'०६ सम्म घर-गृहस्थी र सुख शान्ति एवं व्यापारमा उन्नति हुनेछ।

कु० नं० २५४

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०

मिथुन लग्न हुनेहरूको प्रतिकूल समय ज्ञान

(सदैव समयको निम्ति)

कु० नं० २५५

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०

तल लेखिएका ग्रहहरू जब-जब ती राशिहरूमा आउने छन्- तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा समय विपरीत अर्थात प्रतिकूल रहने छ।

सू०- वृष, तुला, र मकर।
चं०- वृष, वृश्चिक र मकर।
मं०- वृष, कर्क र वृश्चिक।
बु०- वृष, वृश्चिक, मकर र मीन।
गु०- वृष, वृश्चिक र मकर।
शु०- वृष, मकर र मेष।
रा०- कर्क, कन्या, धन, मकर र मीन।
के०- मिथुन, कर्क, कन्या र मकर।

नोट- उपरोक्त ग्रहहरूबाट वार्षिक फलादेश जान्नका लागि- शनि,गुरू,राहु र केतु-यी चार ग्रहहरूबाट हेरे जाति हुन्छ। मासिक फलादेश जान्नका लागि चन्द्रमाबाट हेरे उत्तम हुन्छ। जब-जब कुनै ग्रह सूर्यबाट अस्त हुन्छ, तब-तब त्यो ग्रह केही न्यून र दुर्बल फल दिन्छ।

मिथुन लग्न हुनेहरूको अनुकूल समय ज्ञान

कु० नं० २५६

(सदैव समयको निम्ति)

	४	२	
५	३		१
	६	१२	
७	९		११
	८	१०	

तल लेखिएका ग्रह जब-जब यी राशिहरूमा पञ्चागंमा देखापर्छन् वा आउँछन् तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा लाभप्रद र सुखदायक समय रहने छ र स्वास्थ्य ठीक रहला।

सू०- मिथुन, कर्क, सिह, कन्या, वृश्चिक, धन, कुम्भ, मीन र मेष।
चं०- मिथुन, कर्क, सिंह, कन्या, तुला, धन, कुम्भ, मीन र मेष।
मं०- मिथुन, सिंह, कन्या, तुला, धन, मकर, कुम्भ, मीन र मेष।
बु०- मिथुन, कर्क, सिंह, कन्या, तुला, कुम्भ र मेष।
गु०- मिथुन, कर्क, सिंह कन्या, तुला, धन, कुम्भ, मीन र मेष।
शु०- मिथुन, कर्क, सिंह, कन्या, तुला, वृश्चिक, धन, कुम्भ र मीन।
रा०- मिथुन, सिंह, तुला, वृश्चिक, कुम्भ, मेष र वृष।
के०- सिंह, वृश्चिक, धन, कुम्भ, मेष र वृष।

नोट- वार्षिक फलादेष निकाल्न वा जान्नका लागि–शनि, गुरू, राहु र केतु– यी चार ग्रहबाट हेर्नु अत्यावश्यक हुन्छ। मासिक फलादेशको ज्ञान गर्नका लागि सूर्य, बुध, शुक्र, मंगल-यी चार ग्रहबाट हेरे उत्तम हुन्छ। दैनिक फलादेश जान्नका लागि-चन्द्रमाबाट हेर्न थाल्नुपर्दछ र भिन्न-भिन्न विषयको पूरा-पूरा ज्ञान गर्नका लागि 'अखण्ड भाग्योदय दर्पण' नामक पुस्तकको अवलोकन गरे यथार्थ ज्ञान हुनेछ।

मिथुन लग्नान्तर-सूर्यफलम्

जुन व्यक्तिको मिथुन राशिका सूर्य लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस निकै ठूलो प्रभावशाली होला र दाजु-भाई दिदी-बहिनीबाट शक्ति पाउनेवाला, बल-पुरुषार्थको महान् आदर्श शक्ति भएको एवं स्त्री स्थानमा महान् शक्ति र प्रभावको प्रयोग गरेर आफ्नू बिग्रिसकेको काम सपार्न जान्नेवाला, दैनिक व्यापारबाट प्रभावशाली परिश्रमद्वारा ठूलो उन्नति गर्न सक्नेवाला तथा शरीरमा आकर्षक तेज प्राप्त गर्नेवाला, धेरै ठूलो हिम्मत र साहसको योग पाउनेवाला, आफ्नू पुरुषार्थ शक्तिको बलले इन्द्रिय भोगादिको शक्तिमा वृद्धि पाउनेवाला र अदम्य उत्साही होला।

कु० नं० २५७

४ २
५ ३सू. १
६ १२
७ ९ ११
८ १०

कु० नं० २५८

४सू. २
५ ३ १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको कर्क राशिका सूर्य लग्नबाट द्विदीय स्थानमा छ भने त्यो मानिस धनको वृद्धिका लागि निकै ठूलो परिश्रम गर्ने होला र धनको सम्बन्धमा नै बल-पुरुषार्थको बन्धनको योग पाउनेवाला तथा दाजू-भाई दिदी-बहिनीको सम्बन्धमा बन्धन अथवा केही भित्री दुर्भावनाको योग परेको अनुभव गर्नेवाला र आंशिक प्रभाव पाउनेवाला एवं आफ्नू शक्ति अनुसार आफ्नू जीवनको दिनचर्यामा केही न्यूनता र हलुकोपना अनुभव गर्नेवाला, जीवनमा सहायक हुने केही पहिलो तथा गम्भीर वस्तुको कमी अनुभव गर्नेवाला, कुटुम्बमा केही प्रभाव पाउनेवाला, आर्थिक उन्नति आफ्नै बलको सफलता मात्रै होला।

जुन व्यक्तिको सिंह राशिका सूर्य लग्नबाट तृतीया स्थानमा छ भने त्यो मानिस बाहुबलको महान शक्ति राख्नेवाला र ठूलो पुरुषार्थ गर्ने, बर्ता प्रभावशाली, दाजू-भाई दिदी-बहिनीको स्थानमा गौरव प्राप्त गर्नेवाला एवं आफूभित्र प्रचण्ड शक्तिको योग पाउनेवाला, धर्म स्थानलाई न्यून ठान्नेवाला, आफ्नू पराक्रम र शक्तिको सामुन्ने भाग्य शक्तिलाई तुच्छ ठान्नेवाला, ईश्वरमा अविश्वास मान्नेवाला, धेरै ठूलो र कठिन काम गर्न पनि निरूत्साह नहुने र प्रसस्त उत्साह भएको तथा सुयशको कमी पाउनेवाला होला।

कु० नं० २५९

४ २
५सू. ३ १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको कन्या राशिका सूर्य लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस दाजू-भाई दिदी-बहिनीको सुख पाउनेवाला र भूमि-भवनको शक्ति प्राप्त गर्नेवाला, सुखपूर्वक परिश्रम गरेर उन्नति पाउनेवाला तथा मातृ-स्थानबाट प्रभाव पाउनेवाला, तथा पिता-स्थानको इज्जत गर्नेवाला, एवं पितास्थानबाट शक्ति पाउनेवाला, राज-समाजमा मान-सम्मान पाउनेवाला, व्यापार आदिको स्थानबाट ठूलो शक्ति र प्रभाव पाउनेवाला, महान गम्भीर प्रभाव-शक्तिले काम गर्नेवाला,सुख शान्ति र गौरवको वृद्धि गर्नेवाला, गम्भीर र साहस एवं ठूलो हिम्मत भएको होला।

कु० नं० २६०

४ २
५ ३ १
६सू. १२
७ ९ ११
८ १०

जुन व्यक्तिको तुला राशिका सूर्य लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्याको स्थानमा न्यूनताको योग परेको र विद्या ग्रहण गर्ने वेलामा असमर्थताको योग परेको, सन्तानको सम्बन्धमा केही व्याकुलताको योग पाउनेवाला, सन्तान पक्षबाट हानि पाउनेवाला, दिमाग भित्र केही दुर्बलता र अशान्तिको अनुभव गर्ने खालको होला। लाभस्थानको वृद्धि गर्नका लागि बढी दिमाग माथि र वाणीद्वारा अनुचित बल प्रयोग गर्नेवाला, गलत काम गरेर बुद्धि थाकेको अनुभव गर्नेवाला एवं बुद्धिको गुप्त शक्तिद्वारा बढी नाफा प्राप्त गर्नेवाला र दाजू-भाई दिदी-बहिनी र पुरुषार्थको सम्बन्धमा केही न्यूनता पाउनेवाला होला।

कु० नं० २६१

४ २ ५ ३ १ ६ १२ ७सू. ९ ११ ८ १०

जुन व्यक्तिको वृश्चिक राशिका सूर्य लग्नबाट षष्ठ स्थानमा छ भने त्यो मानिस आफ्नू पुरुषार्थद्वारा महान प्रभावशाली परिश्रम गर्नेवाला र परिश्रमकै योगले महान शक्ति पाउनेवाला र दाजू-भाई दिदी-बहिनीको स्थानबाट बर्ता प्रभाव र केही वैमनस्यता प्राप्त गर्नेवाला, शत्रु स्थानमा ठूलो प्रभाव र गौरव पाउने वाला, मावली पक्षमा ठूलो प्रभाव राख्ने वाला एवं कष्ट र विपत्तिलाई साधारण वस्तु ठान्नेवाला, खर्चको स्थानमा केही अपठेरो अनुभव गर्नेवाला, अन्य स्थानहरूको सम्पर्कमा केही अरूचि मान्नेवाला र केही परतन्त्रतायुक्त कार्य गर्ने खालको होला।

कु० नं० २६२

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८सू. १०

जुन व्यक्तिको धनु राशिका सूर्य लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा ठूलो प्रभाव पाउनेवाला, विवाहपछि आफ्नू शक्तिको विकास पाउनेवाला र दैनिक व्यापारमा प्रभावशाली कर्मद्वारा ठूलो उन्नति र प्रभाव पाउनेवाला, इन्द्रिय भोगादिकको महान् शक्ति प्राप्त गर्नेवाला, दाजू-भाई दिदी-बहिनीको शक्ति पाउनेवाला, लौकिक कार्यहरूमा ठूलो उत्साह एवं प्रभावले काम गर्नेवाला, गृहस्थी सम्बन्धी अनेक कार्यहरूलाई आफ्नू बाहुबलले सफल तुल्याएर प्रसन्न हुनेवाला, समाजमा आफ्नू साहस र परिश्रमले मान-सम्मान एवं प्रभावको शक्ति पाउनेवाला होला।

कु० नं० २६३

४ २
५ ३ १
६ १२
७ ९सू. ११
८ १०

जुन व्यक्तिको मकर राशिको सूर्य लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू पुरूषार्थको बलमा केही न्यूनता अनुभव गर्ने र दाजू-भाई दिदी-बहिनीको स्थानमा केही कमी र केही हानि पाउनेवाला, महान परिश्रमी र कष्ट साध्य कर्ममा अघिसर्ने तथा जीवनमा सहायक हुने केही पहिलो र गम्भीर वस्तुको शक्तिबाट लाभ निकै अत्यास र कष्टले प्राप्त गर्नेवाला, धन स्थानको वृद्धि गर्नका लागि महान् प्रयत्न तथा गुप्त शक्तिले काम सपार्नेवाला, उत्साहमा केही दुर्बलता पाउनेवाला, दैनिक जीवनको दिनचर्यामा केही झ्याउलो र कष्ट एवं केही शक्ति प्राप्त गर्ने खालको साहसी होला।

कु० नं० २६४

४ २
५ ३ १
६ १२
७ ९ ११
८ १०सू.

जुन व्यक्तिको कुम्भ राशिका सूर्य लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यस्थानको केही शक्तिको आड-भर लिएर पुरुषार्थ र उन्नति गर्नेवाला, परिश्रमको सफलता प्राप्तिको भित्र केही न्यूनता अनुभव गर्नेवाला, दाजू-भाई दिदी-बहिनीको शक्ति प्राप्त गर्नेवाला एवं भाग्यको स्थानमा केही सौन्दर्यको कमी पाउनेवाला, तथा भाग्य र पुरुषार्थको दुवै शक्तिलाई मानेर तथा दैवीशक्तिहरूमा विश्वास गर्नेवाला, साहस र हिम्मत भएको, सम्मान र यश कमाउनेवाला, परिश्रमको सफलताको कारणले प्रभाव प्राप्त गर्नेवाला र केही हठधर्मीद्वारा काम बनाउने खालको होला।

कु० नं० २६५

४ २
५ ३ १
६ १२
७ ९ ११ सू.
८ १०

जुन व्यक्तिको मीन-राशिका सूर्य लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस आफ्नू पुरुषार्थ शक्तिको बलले निकै ठूलो उन्नति गर्ला, पिता स्थानबाट शक्ति पाउनेवाला, दाजू-भाई दिदी-बहिनीबाट सहयोग सम्बन्ध पाउनेवाला, राज-समाजको स्थानबाट उन्नति र मान-सम्मान पाउनेवाला, आफ्नू परिश्रमको सफलतामा गौरव र साहसको शक्ति प्राप्त गर्नेवाला एवं आफ्नू शक्ति र व्यापारको बलले सुख स्थानमा वृद्धि प्राप्त गर्नेवाला एवं केही भूमि-भवन आदिको शक्ति पाउनेवाला, आफ्नू इज्जत र सम्मानको स्थानमा केही प्रभुत्व मान्नेवाला, निकै ठूला-ठूला काम गर्ने र साहसी होला।

कु० नं० २६६

४ २
५ ३ १
६ १२सू.
७ ९ ११
८ १०

जुन व्यक्तिको मेष राशिका सूर्य लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू पुरुषार्थ र बलको शक्तिले महान लाभ प्राप्त गर्नेवाला तथा धन कमाउनेवाला, दाजू-भाई दिदी-बहिनीबाट निकैलाभ पाउनेवाला, बल-पुरुषार्थको ठूलो बुद्धि आर्जन गर्नेवाला, महान साहसको शक्तिबाट लाभ कमाउनेवाला, विद्यास्थानमा केही न्यूनता पाउनेवाला, सन्तान पक्षबाट असहयोग पाउनेवाला, आफ्नू शक्तिको अभिमानमा केही कुरा-कानी गर्दा अलिकति अनुचित र कठोर शब्द प्रयोग गर्नेवाला, आफ्नू सफलताको महान लाभोत्साह प्राप्त गर्ने र कसैको पनि वास्ता नगर्ने खालको होला।

कु० नं० २६७

४ २
५ ३ १सू.
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको वृष राषिका सूर्य लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस आफ्नू बल पुरुषार्थमा हानि वा न्यूनता पाउनेवाला, दाजू-भाई दिदी-बहिनीको केही हानि र वियोग पाउनेवाला, बढी धन व्यय गर्ने एवं खर्चले गर्दा मनमा केही अशान्ति अनुभव गर्नेवाला, अन्य स्थान- हरूको सम्बन्धमा केही अरुचि सहित शक्ति प्राप्त गर्नेवाला होला। शत्रु स्थानमा ठूलो प्रभाव राख्ने प्रयत्न गरिरहनेवाला एवं परिश्रम गर्ने मौकामा अल्छी भानेर बसिरहनेवाला, आफ्नू मिहिनेत र पुरुषार्थमा थोरै भरोसा राख्नेवाला, अन्य स्थानको सम्बन्धमा प्रभाव जमाउनेवाला, रोगादिक अनेक झ्याउलाहरूको वास्ता नराख्नेवाला र गुप्त हिम्मत वा साहस भएको होला।

कु० नं० २६८

४ २सू.
५ ३ १
६ १२
७ ९ ११
८ १०

मिथुन लग्नान्तर-चन्द्रफलम्

जुन व्यक्तिको मिथुन राशिका चन्द्रमा लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस शारीरिक बलले धन कमाउने र देहमा सौन्दर्य भए पनि

कु० नं० २६९

४ २
५ ३चं. १
६ १२
७ ९ ११
८ १०

त्यसमा केही बन्धन अनुभव गर्नेवाला एवं कुटुम्ब स्थानको राम्रो शक्ति प्राप्त गर्नेवाला, स्त्री स्थानमा धनको शक्तिद्वारा सौन्दर्य प्राप्त गर्नेवाला, धनको शक्तिले नै दैनिक व्यापारको बाटोमा सफलता पाउनेवाला, शरीरमा कुर्ने बहुमूल्य वस्तु वा रत्न धारण गर्नेवाला, स्त्री भोगादि पक्षमा अलि बर्ता चाख मान्नेवाला, देह द्वारा सम्मान वा इज्जत भेट्नेवाला, ससुरालीमा विशेष इज्जत पाउनेवाला, तन-मनले धनको नै चिन्तन गरिरहने खालको र आफ्नू धनको प्रचार गर्ने र स्थिर मनको होला।

जुन व्यक्तिको कर्क राशिका चन्द्रमा लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धेरै धनको शक्ति पाउनेवाला, तथा धनस्थानका स्थिरताको

कु० नं० २७०

४चं. २
५ ३ १
६ १२
७ ९ ११
८ १०

योग परेको होला। कुटुम्ब स्थानमा बुद्धिको योग पाउनेवाला एवं धनको चिरस्थायी तागतको वृद्धि गर्नमा नै बराबर मन लगाउनेवाला र जीवनको दिनचर्यामा धनको शक्तिमा र सुखको विषयमा नीरसताको योग पनि अनुभव गर्नेवाला एवं दैनिक दिनचर्यामा आंशिक बन्धन अनुभव गर्नेवाला र जीवनलाई सहायक हुने केही पहिलो र गम्भीर वस्तुको लाभ केही गाह्रो माने झैं गरेर स्वीकार गर्नेवाला, धनीमा गनिने र इज्जतदार होला।

जुन व्यक्तिको सिंहराशिको चन्द्रमा तृतीय स्थानमा छ भने त्यो मानिस निकै मूल्यवान परिश्रम गर्नेवाला, आफ्नै बाहुबलले धेरै धन कमाउनेवाला, दाजू-भाई र दिदी-बहिनीको प्रभावको स्थानमा केही अपठेरो वा बन्धनको योग पनि पाउनेवाला र कुटुम्बको तर्फबाट शक्ति र शोभा प्राप्त गर्नेवाला तथा धन कमाउने कारणहरूले केही बन्धनयुक्त रहेर धेरै परिश्रम गर्नेवाला एवं भाग्यको स्थानमा आंशिक वृद्धि पाउनेवाला तथा धनसित सम्बन्धित कारणहरूले भाग्यमा केही न्यूनता पाउनेवाला र धनको तागतले धर्मको पालन अलि अरूचि राखेर गर्नेवाला, ठूलो उन्नति गर्ने मन भएको तथा यश कमाउने र निकै साहसी होला।

कु० नं० २७१

४ २
५चं. ३ १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको कन्या राशिका चन्द्रमा लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस भूमिबाट धेरै शक्ति पाउनेवाला, एवं आमाको स्थानमा केही सौन्दर्ययुक्त बन्धन अनुभव गर्नेवाला र धनले नै मान-प्रतिष्ठा प्राप्त गर्नेवाला र धनले नै व्यापारादिमा सफलता प्राप्त गर्नेवाला, राज-समाजमा सम्मान पाउने र उन्नति गर्ने तथा मन भित्र महान् धैर्यरू पी शक्ति र शान्ति प्राप्त गर्नेवाला, सुख प्राप्तिका साधनहरू र वस्तुहरूको वृद्धि पाउनेवाला, कुटुम्ब स्थानबाट महान सुख प्राप्त गर्नेवाला, उन्नतिको बाटोमा महान् शक्ति युक्त मनोयोगले काम गरेर सफलता पाउने खालको साहसी होला।

कु० नं० २७२

४ २
५ ३ १
६चं. १२
७ ९ ११
८ १०

जुन व्यक्तिको तुलाराशिका चन्द्रमा पाँचौं स्थानमा छ भने त्यो मानिस मनोबलको गम्भीर शक्तिले विद्या ग्रहण गर्ने र सन्तान पक्षबाट वृद्धि पाउनेवाला, निकै गम्भीर र बहुमूल्य कुरा विचार गर्ने र बोल्ने वाला। धेरै धन कमाउन ठूला-ठूला युक्ति झिक्न जान्नेवाला, सन्तान पक्षबाट पनि धनको लाभ भेट्टाउने खालको होला। धनकै तागतले पनि धन कमाउनेवाला, पाएको धन वृद्धि गर्नको लागि प्रयत्न गर्न जान्ने र दिमाग भित्र केही बन्धन झैं अनुभव गर्ने र धनी हुँ भन्ने प्रचार गर्ने बाठो व्यक्ति होला।

कु० नं० २७३

४ २
५ ३ १
६ १२
७चं. ९ ११
८ १०

जुन व्यक्तिको वृश्चिक राशिका चन्द्रमा लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस धनको तर्फबाट महान अशान्तिको योग पाउनेवालां र कुटुम्बबाट हानि पाउनेवाला तथा धनद्वारा नै व्यापार आदिमा सफलता पाउनेवाला, राज-समाजमा सम्मान र उन्नति गर्ने तथा मनभित्र ठूलो धैर्यको शक्ति प्राप्त गर्ने खालको होला। सुख प्राप्तिका साधन-हरूको र वस्तुहरूको वृद्धि पाउनेवाला, कुटुम्बस्थानमा सुख प्राप्त गर्नेवाला, उन्नतिको बाटोमा कठोर परिश्रम गर्नेवाला, मनमा सदैव खिन्न रहने र गुप्त भन्दा पनि गुप्त चालाले लाभ उठाउन जान्ने व्यक्ति होला।

कु० नं० २७४

४ २
५ ३ १
६ १२
७ ९ ११
८चं. १०

जुन व्यक्तिको धन राशिका चन्द्रमा लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारबाट खूब धन कमाउने खालको होला। आफ्नू व्यापार भित्र नै मनोयोगको प्रभावी शक्तिले अपार धनराशि र सफलता प्राप्त गर्नेवाला, समाजमा सम्मान प्राप्त गर्नेवाला, स्त्री स्थानमा ठूलो महानता तथा केही बन्धन अथवा सुन्दरताको योग पाउनेवाला, आफू पनि शरीर-स्वास्थ्यले राम्रो होला। इन्द्रिय भोगादिको सम्बन्धमा-मनभित्र महान् इच्छा राख्ने भए पनि केही बन्धनका साथै उत्तम सुख-शान्ति पाउनेवाला, गृहस्थी भित्र धन र कुटुम्बको आनन्द पाउनेवाला, लौकिक कामहरूमा महानता पाउने र प्रसन्नचित्त होला।

कु० नं० २७५

४ २
५ ३ १
६ १२
७ ९चं ११
८ १०

जुन व्यक्तिको मकर राशिको चन्द्रमा लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस धनको हानि र दुर्बलता पाउनेवाला, मनोयोगको महान कष्ट साध्य गूढ परिश्रमद्वारा धनको शक्ति प्राप्त गर्नेवाला, कुटुम्बको पनि हानि पाउनेवाला, जीवनलाई सहायक हुने केही पहिलो र गम्भीरताको लाभ पाउनेवाला, जीवनको दिनचर्यामा निकै धनीको झैं रहन-सहन पाउनेवाला, निकै गहीरो र गुप्त चाल-हरूले धनको इज्जत बनाउनेवाला, आयुस्थानमा केही बन्धन पाए पनि धनको वृद्धि पाइरहनेवाला, मनभित्र अत्यन्त गहीरो र लामो-लामो विचारहरूले आफ्नू काम सफल तुल्याउने खालको होला।

कु० नं० २७६

४ २
५ ३ १
६ १२
७ ९ ११
८ १०चं.

जुन व्यक्तिको कुम्भ राशिका चन्द्रमा लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको बलले र कुनै शुभ मार्गको तागतले धनको शक्ति प्राप्त गर्नेवाला, तथा धनको तर्फबाट सन्तोषमा केही न्यूनता पाउनेवाला, मान-यश कमाउनेवाला, धर्ममा आस्था भएको र धनको वृद्धिका लागि धर्म सम्बन्धी केही दैवी उपाय पनि गर्नेवाला र मन भित्र धर्म र धन दुबैको अपार इच्छा गर्नेवाला,अनि दाजू-भाई दिदी-बहिनीको इज्जत गर्नेवाला, तथा पुरूषार्थको शक्तिबाट लाभ प्राप्त गर्नेवाला, ठूलो भाग्यमानीहरूमा जनिने वाला, ईश्वरमा विश्वास राख्ने र मान पाउने एवं कुटुम्ब धेरै भएको इज्जतदार होला।

कु० नं० २७७ — ४, २, ५, ३, १, ६, १२, ७, ९, ११ चं., ८, १०

जुन व्यक्तिको मीन राशिको चन्द्रमा लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानबाट धनको शक्ति प्राप्त गर्नेवाला, ठूलो व्यापारबाट मनोयोगले काम गरेर धेरै धन कमाउनेवाला, मनभित्र धेरै ठूलो उन्नति प्राप्त गर्ने इच्छा राख्ने भएको होला। कुटुम्ब र धनको शक्तिको वैभव प्राप्त गर्नेवाला, धनको बलले नै सुखका साधन-हरूको ठूलो चमत्कार प्राप्त गर्नेवाला, केही भूमि-भवन आदिको पनि शक्ति पाउनेवाला र मनमा हुकुम चलाउने ठूलो विचार राख्ने खालको होला। धेरै ठूला-ठूला अमूल्य कामहरू गर्नेवाला र उन्नतिको बाटोमा केही बन्धन आइलागे जस्तो अनुभव गर्ने खालको होला।

कु० नं० २७८ — ४, २, ५, ३, १, ६, १२चं., ७, ९, ११, ८, १०

जुन व्यक्तिको मेष राशिका चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यस मानिसको मनोबल उच्च हुनाले त्यसैको शक्तिद्वारा प्रसस्त धन उपार्जन गर्ने होला। ठूला-ठूला बहुमूल्य लाभ र राम्रा-राम्रा दिव्य पदार्थ प्राप्त गर्नेवाला, मन भित्र सधैं केवल धनलाई विशेष महत्व दिने खालको र विद्यामा उन्नति गर्नेवाला, बुद्धिमा चमत्कार पाउने वाला, मन भित्र निकै ठूलो उत्साह र उंमग राख्नेवाला, कुटुम्बको लाभ र सन्तान लाभ पनि पाउनेवाला, बोल-चालमा कहिले काहीं निकै गम्भीर कुरा बोल्नेवाला र बढी नाफा खाने खालको, अनि धनको तागतले पनि धनको बृद्धि गर्न जान्ने किसिमको होला। लाभको स्थानमा शान्त भावले आफ्नू काम बनाउने खालको होला।

कु० नं० २७९

४ २ ५ ३ १चं. ६ १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको वृषराशिका चन्द्रमा लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्ने खालको होला। अन्य स्थानहरूको बाहिरी सम्पर्कबाट मनोयोग द्वारा खूब धन कमाउनेवाला र कुटुम्ब स्थानमा हानि पाउनेवाला, धेरैं बर्ता खर्च गर्नाले आफ्नू मनमा महानता 'म ठूलो' भन्ने अभिमान गर्नेवाला, मावली पक्षमा केही न्यूनता र केही उदासीनता राख्नेवाला,साना व्यक्तिसित झन सानो बनेर चाल चल्नेवाला, अन्य बाहिरी स्थानहरूबाट मनमा प्रसन्न रहने खालको होला। अन्यान्य बाहिरी स्थानहरूमा मेल-मिलाप राख्नेवाला तथा खर्च स्थानमा केही बाधा उपस्थित पार्ने चेष्टा भएको व्यक्ति होला।

कु० नं० २८०

४ २चं. ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०

मिथुन लग्नान्तर-भौमफलम्

जुन व्यक्तिको मिथुन राशिको मंगल लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस आफ्नू शारीरिक परिश्रमद्वारा लाभ कमाउनेवाला, गहीरो र

कु० नं० २८१

४ २ ५ ३मं. १ ६ १२ ७ ९ ११ ८ १०

महान् अपठेरा चालहरूबाट निकै ठूलो लाभ भेट्टाउने वाला, जीवनलाई सहायक हुने खालको पहिलो तथा गम्भीर वस्तुको बढी लाभ पाउनेवाला, आयु स्थानको वृद्धि पाउने र जीवनको दिनचर्यामा मगन मस्त वा अलमस्त रहने योग परेको होला। शरीरमा केही रोग र क्षीणता पाउनेवाला, अनि मातृस्थानमा केही अशान्तिको योग परेको होला। सुख-शान्तिमा केही बाधा पाउनेवाला, शत्रु स्थानमा प्रभाव राख्न जान्नेवाला, स्त्री स्थानमा केही वैमनस्यता पाउने र बाठो एवं रूखो स्वभावको होला।

जुन व्यक्तिको कर्क राशिको मंगल लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन स्थानको संग्रह शक्तिमा ठूलो हानि पाउनेवाला र कुटुम्ब

कु० नं० २८२

४मं. २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०

स्थानमा पनि हानिनै भेट्टाउनेवाला, तथा मावली पक्षको पनि दुर्बलता पाउनेवाला, अनि धन प्राप्त गर्नको लागि बढी संकीर्ण एवं बन्धन-युक्त परिश्रम गर्नेवाला, निकै गुप्त चालहरूले गुप्त लाभ पाउनेवाला, सन्तान पक्षमा क्लेश सहने खालको होला। धर्मको स्थानमा केही हानि र वैमनस्यता राख्ने खालको एवं भाग्य स्थानमा केही दुर्बलता र अनेक थरिका बाधाहरू पाउने भएको तथा शत्रुपक्षबाट हानि पाउनेवाला, जीवनमा यश कमाउने र प्रभावशाली व्यक्ति होला।

जुन व्यक्तिको सिंह राशिको मंगल लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू बल पुरुषार्थको शक्तिले ठूलो कीर्ति कमाउनेवाला, शत्रुस्थानमा निकै ठूलो प्रभाव जमाउनेवाला एवं मावली पक्षबाट धेरै बढी धन बल पाउनेवाला, आफ्नू महान् परिश्रम र प्रभावले खूब ऐश्वर्य कमाउनेवाला, केही मुद्दा र झ्याउलो आदिबाट पनि बढी लाभ पाउनेवाला, निकै अभिमान भएको र दाजु-भाई दिदी-बहिनीको स्थानमा वैमनस्यताको योग परेको, राज-समाजमा सम्मान र धनागम गर्नेवाला, पिता स्थानबाट लाभका साथै केही वैमनस्यता पाउनेवाला, अनेक बढाइँ र बांगा-बांगा कामको ज्ञान भएको, निकै बहादुर साहसी तथा धर्मसित नडराउने खालको होला।

कु० नं० २८३

४ २ ५मं. ३ १ ६ १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको कन्याराशिका मंगल लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आमाको स्थानबाट केही हानि र आंशिक लाभको योग परेको तथा मावली पक्षबाट सुख र लाभ पाउनेवाला तथा भूमि-भवन आदिबाट पनि लाभ कमाउनेवाला, एवं केही परिश्रमले आफ्नू लाभ प्राप्तिबाट बलियो शक्ति पाउनेवाला, सुख-प्राप्तिका साधनहरूमा र भोगादिकको पक्षमा केही विघ्न-बाधा आंशिक लाभ पाउनेवाला, कुनै अपठेरो काइदाले सुख र लाभ पाउनेवाला, शत्रुस्थानको वास्ता नराख्ने वाला एवं शत्रुस्थानबाट नै धन कमाउनेवाला, स्त्री स्थानबाट केही झ्याउलो भए पनि धन भेट्टाउनेवाला, राज-समाज र पिता स्थानमा केही परिश्रमले नै प्रभाव पार्न जान्ने खालको होला।

कु० नं० २८४

४ २ ५ ३ १ ६मं. १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको तुला राशिका मंगल लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धि, विद्या र परिश्रमद्वारा धनागम गर्ने खालको होला, मनभित्र बढी तेजी र रिस भएकों होला, कुनै गुप्त शक्तिको बलबाट धन कमाउन जान्ने खालको र जीवनमा सहायक हुने केही पहिलो र गम्भीर वस्तुको लाभ प्राप्त गर्नेवाला, दैनिक दिनचर्याबाट केही विशेष प्रभाव भेट्टाउनेवाला, केही अल्छी झै मस्त रहनेवाला, बुद्धिको तागतले शत्रुको सहाराबाट लाभ कमाउनेवाला, बढी व्ययको स्थानमा केही झ्याउलो अनुभव गर्नेवाला, राज-समाज र पिता स्थानबाट केही परिश्रम सहित निकै ठूलो प्रभाव पाउनेवाला साहसी होला।

कु० नं० २८५

४ २ ५ ३ १ ६ १२ ७मं. ९ ११ ८ १०

जुन व्यक्तिको वृश्चिक राशिको मंगल लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो प्रभाव पाउनेवाला र मावली पक्षको ठूलो शक्ति अनुभव गर्नेवाला तथा लाभ प्राप्तिको सम्बन्धमा केही प्रभावशाली भए पनि केही परतन्त्रताको योग परेको होला, धर्मस्थानमा केही कष्ट मान्नेवाला, भाग्यस्थानमा केही झ्याउलो बोक्नेवाला, शरीरमा केही रोग र अलि चिन्ताको योग परेको होला, शत्रु स्थानमा बढी शक्ति पाउनेवाला, लाभ प्राप्तिको लागि बर्ता प्रपंचको प्रभावद्वारा र अभिमानका साथ काम बनाउनेवाला, ईश्वरको सम्बन्धमा केही असन्तोष मान्नेवाला, आय कम र खर्च बढी भएको अनुभव गर्नेवाला र निकै साहसी होला।

कु० नं० २८६

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८मं. १०

जुन व्यक्तिको धन राशिको मंगल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारमा बढी परिश्रम शक्तिको लाभ प्राप्तगर्नेवाला, साहस र कर्मको शक्तिले मान-उन्नति गर्नेवाला, राज-समाजबाट फाइदा पाउनेवाला, पितृको स्थानबाट लाभ वा प्रभाव एवं केही वैमनस्यताको योग परेको होला, धन-संग्रहको स्थानमा केही न्यूनता वा क्लेशको योग परेको होला। कुटुम्ब स्थानमा केही कमी र स्त्री स्थानबाट केही रोग, झगडा-विवाद एवं लाभ पाउनेवाला, इन्द्रिय भोगादिको सम्बन्धमा र देहमा केही रोग, झ्याउलो भोग्नेवाला, लौकिक उन्नतिका सबै सम्बन्धित कामहरू निकै अपठेरो युक्तिद्वारा र परिश्रमका साथ लाभ प्राप्त गरेर शत्रु स्थानमा प्रभाव पाउने एवं पराक्रमी होला।

कु० नं० २८७

४ २ ५ ३ १ ६ १२ ७ ९मं. ११ ८ १०

जुन व्यक्तिको मकर राशिको मंगल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आयु स्थानमा वृद्धि पाउनेवाला, जीवनको दिनचर्यामा निकै प्रभाव भेट्टाउने र शत्रुस्थानमा अनेक कूटनीति र युक्तिहरू द्वारा लाभ पाउनेवाला, विदेश आदिको महान् परिश्रम योगबाट स्थायी र बढी लाभ पाउनेवाला, धन-संग्रहको स्थानमा केही न्यूनता अनुभव गर्नेवाला जीवनमा सहायक हुने खालको केही पहिलो र गम्भीर वस्तुको बर्ता लाभ प्राप्त गर्नेवाला, आयको महान् स्थिर शक्तिलाई कायम राख्नको निम्ति गहीरो चाल र केही अपठेरो युक्तिहरूले आफ्नू काम सपार्न जान्नेवाला, कुटुम्बको कमी अनुभव गर्नेवाला, दाजू-भाई दिदी-बहिनीको स्थानमा केही वैमनस्यताको योग परेको होला।

कु० नं० २८८

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०मं.

जुन व्यक्तिको कुम्भ राशिको मंगल लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको तागतले लाभ र प्रभाव पाउनेवाला, अनेक बांगा-टिगा फाइदाका उग्र धर्मको पालन गर्नेवाला, वास्तविक धर्मको स्थानमा केही न्यूनता भेट्टाउनेवाला, भाग्यको स्थानमा अलि कमीको अनुभव गर्नेवाला एवं व्यय स्थानमा केही अशान्ति अनुभव गर्ने र केही कष्ट पाउने खालको होला। अन्य स्थानहरूको सम्पर्कबाट लाभका साधनहरू पाउनेवाला, केही अपठेरा उपायहरूले र हिम्मत-साहस द्वारा नै भाग्यको उन्नति गर्नेवाला, शत्रु पक्षबाट दैवी सहयोगले लाभ कमाउनेवाला, मातृस्थानमा केही झ्याउलो भए पनि लाभ पाउनेवाला र ईश्वरप्रति विश्वासमा आंशिक कमी भएको होला।

कु० नं० २८९

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ मं. ८ १०

जुन व्यक्तिको मीन राशिको मंगल लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस महान् प्रभावशाली परिश्रम-साध्य कर्म गर्नेवाला र राज-समाजमा ठडिएर लाभ प्राप्त गर्नेवाला, सम्मान युक्त रीतिले धन कमाउनेवाला, शरीरमा केही कष्ट भइरहने खालको र पिताको स्थानमा केही अपठेरो भए पनि लाभ पाउनेवाला र सन्तान पक्षमा कष्ट तथा असन्तोष पाउनेवाला, व्यापारमा परिश्रम र दरिलो युक्तिहरू द्वारा लाभ पाउनेवाला, मावली पक्षको गौरव प्राप्त गर्ने र मातृ-सुखमा केही न्यूनता तथा दिमागमा निकै तेज र साहस पाउने खालको होला।

कु० नं० २९०

४ २ ५ ३ १ ६ १२मं. ७ ९ ११ ८ १०

जुन व्यक्तिको मेष राशिका मंगल लग्नको एघारौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो लाभ र प्रसस्त धन कमाउनेवाला, शत्रु स्थानबाट पनि धनागम गर्नेवाला, प्रभावरूपी शक्तिको धनी र बांगा युक्तिहरूको शक्तिले पनि बढी लाभ भेट्टाउनेवाला तथा दुःख र विपत्तिहरूको कत्ति पनि वास्ता नगर्नेवाला धन-संग्रहको स्थानमा केही दुर्बलता अनुभव गर्नेवाला तथा धनस्थानको कोपको सम्बन्धमा अलि उदासीन रहने खालको होला। निकै ठूलो धाक देखाएर काम सपार्न जान्नेवाला, तीक्ष्ण बुद्धिभएको तथा सन्तान-पक्षमा केही दुःखी रहने खालको होला।

कु० नं० २९१

४ २ ५ ३ १मं. ६ १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको वृषराशिका मंगल लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस आयको स्थानमा दुर्बलता र झ्याउलो मान्नेवाला, अन्य स्थानहरूको सम्बन्धबाट ठूलो परिश्रम द्वारा लाभको साधन पाउनेवाला र मावली पक्षबाट न्यूनता पाउनेवाला तथा दाजु-भाई दिदी-बहिनीको स्थानमा केही बाधा पाउनेवाला एवं स्त्री स्थानमा केही अशान्तिको योग परेको र बाहिरी वातावरणको शक्तिद्वारा दैनिक व्यापारमा केही मद्दत र आंशिक बाधाहरूको योग पाउनेवाला, बढी धन व्यय गर्नेवाला, अनि केही गुप्त राखेका बांगा-टिंगा चाल चलेर लाभ कमाउनेवाला र केही इन्द्रिय विकारले पीडित रहने व्यक्ति होला।

कु० नं० २९२

४ २मं. ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०

मिथुन लग्नान्तर-बुधफलम्

जुन व्यक्तिको मिथुन राशिको बुध लग्नको पहिलो स्थानमा छ भने त्यो मानिसको शरीर धेरै राम्रो र सलक्क परेको होला। भूमि-भवन आदिको शक्ति भएको र मातृस्थानको आर्दश शक्ति पाउने खालको एवं सुख प्राप्तिका सबै साधनहरू जोर्ने भएको र गहीरो विवेवको महान् शक्तिले दैनिक व्यापारको स्थानमा ठूलो सहायता र सुख प्राप्त गर्नेवाला, गहीरो र अग्लो विवेक शक्तिद्वारा धेरै ठूलो मान-सम्मान तथा आत्मज्ञान प्राप्त गरेर परम शान्ति अनुभव गर्ने खालको एवं स्त्री स्थानबाट निकै शान्ति र सुख प्राप्त गर्नेवाला, लौकिक कार्यहरूमा पनि धेरै सुख मान्ने वा अनुभव गर्नेवाला तथा आफ्नू दैहिक सुखको बढी विचार राख्ने खालको होला।

कु० नं० २९३

४		२
५	३ बु.	१
६		१२
७	९	११
८		१०

जुन व्यक्तिको कर्क राशिको बुध लग्नको दोस्रो स्थानमा छ भने त्यो मानिस बढी धन संचय गर्न जान्ने र भूमि-भवन आदिको शक्ति भेट्टाउने खालको तथा मातृ-सुखको स्थानमा आंशिक बन्धन अनुभव गर्ने एवं दैनिक सुखहरू पनि भेट्टाउनका लागि अनेक बाधाहरू अनुभव गर्नेवाला, धन र कुटुम्बको वृद्धि गर्नमा नै आफ्नू सुखको अनुभव गर्नेवाला एवं जीवनमा सहायक हुने केही पहिलो र गम्भीर वस्तुको सुख प्राप्त गर्नेवाला, जीवनको दिनचर्यामा अपार सुखानुभव गर्नेवाला, आयु-स्थानमा वृद्धि पाउनेवाला, ठूलो मान र इज्जत कमाउनेवाला, निकै गहीरो र सामुहिक विवेकको शक्तिले सबै प्रकारको सुख मान्ने खालको होला।

कु० नं० २९४

४ बु.		२
५	३	१
६		१२
७	९	११
८		१०

जुन व्यक्तिको सिंह राशिका बुध लग्नको तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नै बल पुरुषार्थले सुखपूर्वक उन्नति गर्नेवाला, दाजू-भाई र दिदी-बहिनीबाट सुख प्राप्त गर्नेवाला, भूमि-भवनको सुख पाउने तथा मातृस्थानको शक्तिबाट प्रभाव पाउने एवं दैहिक बल र महान् विवेक शक्तिको ब्रल द्वारा आफ्नू भाग्यको उन्नति गर्न जान्नेवाला, अनि धर्मको ध्यान र मान-सम्मान गर्ने, यश प्राप्त गर्नेवाला, निकै ठूठो दूर देशको कुरा मनमा खेलाउने र ईश्वरमा श्रद्धा एवं विश्वास राख्नेवाला, आत्मबलको तागतले अपूर्व सुखको अनुभव गर्ने र साहस उत्साह र हिम्मतको शक्ति पाउनेवाला होला।

कु० नं० २९५

४ २ ५बु. ३ १ ६ १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको कन्या राशिका बुध लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस इच्छित सुखले निवास गर्नेवाला र सुन्दर सुसज्जित शरीर भएको तथा मातृस्थानबाट महानता पाउने एवं पिता स्थानमा न्यूनता र बेवास्ताको योग परेको होला। आफ्नू मनमोजीको सामुन्ने राज-समाजको वास्ता नगर्ने खालको होला। भूमि-भवन आदिको अपार शक्ति पाउनेवाला अनि निकै गहीरो विवेकको शक्ति एवं आत्मबलको तागतले महान् सुख आनन्द भोग्न पाउनेवाला, विशेष सुख प्राप्तिका लागि बलियो उन्नति र मान-प्रतिष्ठा एवं गौरवको स्थानमा न्यूनता पाउनेवाला र शरीरको सम्मान एवं प्रभाव प्राप्त गर्नेवाला, खेल तमाशा रूचाउने खालको र बर्ता वास्ता नगर्ने व्यक्ति होला।

कु० नं० २९६

४ २ ५ ३ १ ६बु. १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको तुला राशिका बुध लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस गहीरो विद्या ग्रहण गर्नेवाला, बुद्धि भित्र बढी गहीरो भयंकर विचारहरूले काम बनाउने वाला तथा गहीरो गाम्भीर्य युक्त चातुर्य द्वारा विवेकपूर्ण कुरा बोल्न जान्नेवाला, सन्तान सुख पाउने र दिमागी तागतले बढी लाभ एवं सुख भोग्नेवाला तथा बुद्धिको तागतले नै भूमि-भवनादि जोर्नेवाला, मातृस्थानको शक्तिको निकै भर-थेग भेट्टाउनेवाला, आफ्नू आत्मगौरवको बढी ख्याल राख्नेवाला तथा मनभित्र सुख-शान्तिको इच्छा गर्नेवाला र सन्तानलाई आत्मशक्ति द्वारा उच्च स्थानमा पुर्‍याउने खालको ज्ञानी होला।

कु० नं० २९७

४ २ ५ ३ १ ६ १२ ७बु. ९ ११ ८ १०

जुन व्यक्तिको वृश्चिक राशिका बुध लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस शरीरको सुन्दरतामा र सुखमा केही न्यूनता पाउनेवाला र केही परतन्त्रताको वा अत्यासको अनुभव गर्नेवाला तथा आमाको सुख सम्बन्धमा केही विघ्न बाधा पाउनेवाला र मावली पक्षमा केही सुखको अनि भवन-भूमि आदि निवास स्थानको व्यवस्थामा इच्छित सहयोग प्राप्त गर्नेवाला, शत्रु स्थानमा गम्भीरता, धैर्य वा विवेकको शक्तिले काम सपार्ने तथा निकै गहीरा युक्तिहरू जान्ने खालको होला, शील र शान्तिको शस्त्रले काम मिलाउनेवाला र बढी धन व्यय गर्नेवाला, अर्कालाई सुख पुर्‍याउने र दानी दुश्मन होला।

कु० नं० २९८

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८बु. १०

जुन व्यक्तिको धन राशिका बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस आफ्नू शारीरिक योगले सुखपूर्वक दैनिक व्यापारमा उन्नति गर्ने र महान् गम्भीर विवेक शक्तिको कार्यद्वारा सम्मान र सुख-शान्ति भेट्टाउने वाला, स्त्री स्थानमा सुखको गौरव र सौन्दर्य प्राप्त गर्नेवाला, गृहस्थीसित सम्बन्धित लौकिक कामहरूमा ठूलो सफलता र सुख तथा महत्व प्राप्त गर्नेवाला, आमाको योगबाट आफ्ना अड्केका कामहरू सपार्न जान्नेवाला, शरीरमा सौन्दर्य पाउनेवाला तथा आफूभित्र अत्मोन्नति गर्ने प्रबल इच्छा भएको होला। केहीं नाम कमाउने खालको र इन्द्रिय भोगादिकको बढी सुख-इच्छा राख्ने भएको एवं दैनिक काम वा व्यापारको काममा बढी लागि परिरहनेवाला स्वाभिमानी होला।

कु० नं० २९९

४ २
५ ३ १
६ १२
७ ९बु. ११
८ १०

जुन व्यक्तिको मकर राशिका बुध लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू शारीरिक सुखहरूको सम्बन्धमा केही न्यूनता अनुभव गर्नेवाला, मातृ-स्थानको सुखमा केही कमीको योग पाउनेवाला, आयुस्थानमा आंशिक वृद्धि भेट्नेवाला र जीवनको दिनचर्यामा केही आनन्द र सुख प्राप्त गर्नेवाला, जीवनलाई सहायक हुने केही पहिलो र गम्भीर वस्तुको लाभ पाउनेवाला एवं आफ्नू आत्माभित्र गहीरो विचार-शक्ति द्वारा केही गुप्त आनन्दको सुख अनुभव गर्नेवाला, भूमि-भवन आदिको केही न्यूनताको योग परेको होला। विदेश आदिमा सुखको अनुभव गर्नेवाला, केही अशान्त वातावरणमा रहनेवाला तर शान्ति प्रिय होला।

कु० नं० ३००

४ २
५ ३ १
६ १२
७ ९ ११
८ १०बु.

जुन व्यक्तिको कुम्भ राशिका बुध लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी र यशस्वी होला। शरीरमा सौन्दर्य र सुख प्राप्त गर्नेवाला, आमाको तर्फबाट आमोद-प्रमोद भेट्टाउने र भूमि-भवनको विशेष लाभ प्राप्त गर्नेवाला, धर्मको प्रेम र विश्वासले पालन गर्नेवाला, ईश्वरमा निष्ठा र विश्वासले सुखानुभव गर्नेवाला, शील, सन्तोष, दया आदि अहिंसावादको पालन गर्ने तथा आफ्नू पुरुषार्थले नै उन्नति गर्ने एवं दाजू-भाई दिदी-बहिनीको स्थानबाट सुख प्राप्त गर्नेवाला, सात्विक विचारको र विवेकको शक्तिद्वारा यश पाउने, ठूलो साहस र हिम्मत प्राप्त गर्नेवाला, तत्त्व-खोजी र ज्ञानी एवं दूरदर्शी होला।

कु० नं० ३०१

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ बु. ८ १०

जुन व्यक्तिको मीन राशिका बुध लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस आफ्नो शरीरले अनेक कष्ट खपेर त्यही कष्टपछि अपार सुख प्राप्त गर्नेवाला, पिता स्थानमा न्यूनता पाउने र केही स-साना कर्मको योग द्वारा सम्मान पाउनेवाला, देहको सौन्दर्यमा केही न्यूनता भेट्टाउने, मान प्रतिष्ठको वृद्धि गर्नका लागि केही विवेकको कर्मबलले काम सपार्न जान्नेवाला, मातृस्थानको अलि दुर्बलता भएर पनि बलपूर्वक काम निकाल्न जान्नेवाला, भूमि-भवन आदिको शक्ति प्राप्त गर्नेवाला, राज-समाजको भित्री वातावरणमा अलि कमजोरी अनुभव गर्ने र अलि अकर्मण्य अल्छी बानी भएको, सुख प्राप्तिको बढी विचार राख्नाले उन्नतिको मार्गमा बाधा पाउने गुप्त बाठो होला।

कु० नं० ३०२

४ २ ५ ३ १ ६ १२बु. ७ ९ ११ ८ १०

जुन व्यक्तिको मेष राशिका बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू दैहिक बलको प्रभावले बढी लाभ पाउने वाला र धेरै सुख-शक्ति प्राप्त गर्ने तथा आमाको सम्बन्धबाट लाभ पाउने एवं अनेक थरिका सुखद पदार्थहरूको लाभ भेट्ने र लाभ प्राप्तिको योगहरूले ठूला सुखहरूको अनुभव गर्ने खालको होला, भूमि-भवन आदिको विशेष लाभ पाउने र शरीरमा आरोग्य तथा सन्तान पक्षबाट सुख अनुभव गर्नेवाला एवं विद्या स्थानमा गहीरो प्रभाव पाएर सुख मान्ने खालको होला। बोल-चालमा वाणीद्वारा अनेक तत्त्वका कुरा गरेर प्रशंसा पाउनेवाला, आफ्नू विवेक शक्तिद्वारा अनेक प्रकारका लाभ पाउने वाला, निकै बाठो खालको व्यक्ति होला।

कु० नं० ३०३

४ २
५ ३ १बु.
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको वृष राशिको बुध लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस आफ्नो दैहिक सुखहरूमा हानि पाउने खालको र देहको सौन्दर्यमा न्यूनता पाउनेवाला, मातृ-स्थानको सुखमा कमी पाउनेवाला, अन्यस्थानको सम्पर्कबाट नै सुख-शान्तिको योग पाउनेवाला, भूमि-भवन आदिमा केही न्यूनता पाउनेवाला, बढी व्यय गर्ने भएको र व्यय स्थानबाट नै सुखका साधन प्राप्त गर्नेवाला, शत्रु स्थानमा नरम बनेर काम सपार्न जान्ने र अन्य स्थानको सम्पर्कद्वारा एवं बढी विवेक शक्ति तथा व्यय-शक्तिको बलले मनलाई शान्ति दिने तथा बाहिरी स्थानको नै चिन्तन गर्ने भ्रमणकारी व्यक्ति होला।

कु० नं० ३०४

४ २बु.
५ ३ १
६ १२
७ ९ ११
८ १०

मिथुन लग्नान्तर-गुरुफलम्

जुन व्यक्तिको मिथुन राशिका गुरू लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस आफ्नी स्त्रीस्थानबाट बढी महत्व पाउनेवाला र विशेष महत्वपूर्ण नै रोजगार-व्यापार गर्नेवाला, पिता स्थानबाट उत्थान-शक्तिको सहयोग पाउनेवाला, अनि निकै ठूलो मान-प्रतिष्ठा प्राप्त गर्नेवाला एवं राज-समाजबाट धनागम र मान पाउनेवाला तथा सन्तान-शक्ति प्राप्त गर्नेवाला एवं विद्या स्थानबाट फाइदा भेट्टाउनेवाला, तथा आफ्नू शरीरमा सौन्दर्यको गौरव भएको र केही विघ्न-बाधा सहित भाग्यको वृद्धि गर्नेवाला, धर्मको पनि पालन गर्ने र आफ्नू उन्नतिबाट महानता पाउनको निम्ति हृदयैदेखि बराबर प्रयत्नशील रहेर काम गर्न जान्ने सुयोग्य व्यक्ति होला।

कु० नं० ३०५

४ २
५ ३गु. १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको कर्क राशिका गुरू लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस आफ्नू विशेष प्रयत्नको कर्म-बलले धनको महान् वृद्धि गर्ने र पिता स्थानबाट धनको ठूलो सहायता प्राप्त गर्ने तथा धनकै तागतले मान-प्रतिष्ठा पाउनेवाला, रोजगार-व्यापारमा वृद्धि पाउनेवाला तथा स्त्री स्थानमा केही बन्धन अनुभव गर्ने र जीवनको दिनचर्यामा केही झ्याउलो वा अपठेरो पाउनेवाला तथा शत्रु स्थानमा निकै प्रभाव राख्ने र राज-समाजको सम्बन्धले पनि धनको निकै फाइदा गर्नेवाला र जीवनलाई सहायक हुने कुनै पहिलो र गम्भीर वस्तुको वास्ता नराख्नेवाला, लौकिक वा सामाजिक सम्बन्धका प्रत्येक विषयमा मनभित्र धनलाई नै बढी महत्त्व दिने ठूलो धनी कुटुम्ब पाउने व्यक्ति होला।

कु० नं० ३०६

४गु. २
५ ३ १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको सिंह राशिका गुरू लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू बाहुबलको महान् उपयोग गरेर दैनिक व्यापारलाई प्रभावशाली बनाउनेवाला र स्त्री स्थानमा विशेष महत्त्व वा शक्ति र सौन्दर्य पाउनेवाला, अनि हृदय-बलको शक्तिद्वारा वा कर्मबलको प्रभावशक्तिद्वारा ठूलो सम्मान, उत्साह र साहस, हिम्मत प्राप्त गर्ने खालको र राज-समाजसित सम्बन्धित कामहरूमा ठूलो नाफा कमाउनेवाला र इन्द्रिय भोगादिकको बढी शक्तिबाट आनन्द भोग प्राप्त गर्नेवाला र धर्म वा भाग्यको स्थानमा केही न्यूनतायुक्त शक्ति पाउनेवाला र दाजू-भाई दिदी-बहिनी आदिको शक्ति भेट्टाउनेवाला तथा आफूले गरेको कामको गौरव मान्नेवाला निकै पुरूषार्थी र साहसी होला।

कु० नं० ३०७

	४	२
५गु.	३	१
	६	१२
७	९	११
	८	१०

जुन व्यक्तिको कन्या राशिका गुरू लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस व्यापार वा रोजगारको सुख प्राप्त गर्नेवाला र आमाको स्थानबाट सम्मान पाउनेवाला तथा पिताको स्थानबाट सुखका साधन पाउने र व्यापारलाई राम्रो फाइदाले अभिमानका साथ चलाउने वाला एवं राज-समाजबाट सुख पाउनेवाला र आफ्नू व्यापारिक उन्नतिको योगले मनमा बढी सुख अनुभव गर्ने तथा भूमि-भवन आदिको शक्ति भेट्टाउने र बढी व्यय हुनाका कारणहरूले गर्दा असन्तोष अनुभव गर्ने तथा जीवनको दिनचर्यामा केही झ्याउलो मान्ने खालको होला। पत्नी र सुख गृहस्थीको लौकिक सम्बन्धहरूमा बढी सुखानुभव गर्नेवाला र कर्मिष्ठ एवं मानयुक्त होला।

कु० नं० ३०८

	४	२
५	३	१
	६गु.	१२
७	९	११
	८	१०

जुन व्यक्तिको तुलाराशिका गुरू लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस निकै विद्या ग्रहण गर्नेवाला, बुद्धिभित्र बढी कार्य-कुशलता र चातुर्य राख्ने खालको होला। सन्तान-सुख प्राप्त गर्नेवाला, पिता-स्थानको शक्तिबाट लाभोन्नति पाउनेवाला, रोजगार र व्यापारको बढी ज्ञान भएको तथा स्त्री एवं भोग विलाशिताको हृदय भित्र मान वा दिमागभित्र बढी इच्छा राख्ने खालको होला। दिमागी शक्तिद्वारा ठूलो सम्मान प्राप्त गर्नेवाला, राज-समाजबाट मान र धन पाउनेवाला, केही वैमनस्यता युक्त धर्मको पालन गर्नेवाला, लौकिक नियमानुसार भाग्यमानी कहिने र मस्तिष्कमा हुकुम चलाउने भावना भएको अहंकारी होला।

कु० नं० ३०९

४ २
५ ३ १
६ १२
७गु. ९ ११
८ १०

जुन व्यक्तिको वृश्चिक राशिका गुरू लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस केही परतन्त्रताको व्यापार गरेर धन-मानको उन्नति गर्न जान्ने र राज-समाजमा पनि सम्मान र धन प्राप्त गर्नेवाला, पिता-स्थानबाट केही वैमनस्यताको वृद्धि पाउनेवाला, शत्रु स्थानमा ठूलो प्रभाव मान पाउनेवाला, स्त्री स्थानबाट केही विरोध वा सम्मानको योग प्राप्त भएको होला। आफ्नू दैनिक श्रमको काममा धन स्थानको वृद्धि पाउनेवाला, इन्द्रिय भोगादिको विषयमा वास्तविक न्यूनता भए पनि प्रकटमा प्रभाव पाउनेवाला, केही बांगो चालले र हृदय-बलद्वारा लौकिक सम्बन्धमा निकै उन्नति गर्ने र गृहस्थीका अनेक झ्याउलामा गाडिएको होला।

कु० नं० ३१०

४ २
५ ३ १
६ १२
७ ९ ११
८गु. १०

जुन व्यक्तिको धन राशिको गुरू लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस सामान्य जनतासित सम्बन्धित दैनिक व्यापारमा लागेको तथा हृदय बलको शक्तिले मोटर-कार आदिको व्यापारमा ठूलो प्रतिष्ठा वा उन्नति गर्नेवाला, पिताको स्थानको तागतले बढी लाभ वा शक्ति पाउनेवाला, स्त्री स्थानबाट प्रतिभा र सम्मान प्राप्त गर्नेवाला, दाजू-भाई दिदी-बहिनीको पनि शक्ति पाउनेवाला, आफ्नू दैनिक कार्यको शक्तिद्वारा आफ्नू बल र प्रभाव बढाउन जान्नेवाला, भोग-विलामा रत रहने र उत्साही एवं धेरै धन कमाउने होला।

कु० नं० ३११

४ २ ५ ३ १ ६ १२ ७ ९गु. ११ ८ १०

जुन व्यक्तिको मकर राशिका गुरू लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस स्त्री र पिता स्थानबाट हानि पाउनेवाला र रोजगार-व्यापारको निम्ति महान कष्टदायक कर्म गर्नेवाला, अनेक थरिका झ्याउलाहरूको योगले गर्दा दैनिक कार्य निकै कष्टपूर्वक चलाउनेवाला, राज-समाज र लौकिक व्यवहारको सम्बन्धमा निकै दुर्बलता अनुभव गर्नेवाला, जीवनको दिनचर्यामा बढी अशान्ति हृदय भित्र अनुभव गर्नेवाला, गूढातिगूढ कर्म गरेर धन कमाउने वाला, जीवनमा सहायक हुने पहिलो र गम्भीर वस्तुको हानि पाउनेवाला, केही अप्रसन्नताका साथ अधिक व्यय गर्नेवाला, अनि आंशिक मातृ-सुख भेट्टाउने खालको असहाय झैं होला।

कु० नं० ३१२

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०गु.

जुन व्यक्तिको कुम्भ राशिका गुरू लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थान र पिता-स्थानबाट केही उत्तम योग पाउनेवाला भए पनि केही रस गुलियो भावको न्यूनता भेट्टाउने खालको होला। भाग्यको शक्ति-बलले दैनिक स्थाई व्यापारम दह्रोपना अनुभव गर्नेवाला, प्रत्येक काममा असन्तोष मान्नेवाला, हृदय-बल र कर्मको शक्तिद्वारा भाग्यस्थानमा केही तागत पाउनेवाला एवं शरीरमा प्रभाव र सम्मान पाउनेवाला, आफ्नै पुरुषार्थले सफलता भेट्टाउनेवाला, सन्तान पक्षबाट सहयोग र भर-थेग पाउनेवाला एवं निकै विद्या ग्रहण गर्नेवाला, वृद्धिस्थानबाट उन्नतिका साधनहरू पाउनेवाला र सामान्य रू पले धर्मको पालन गर्नेवाला, दाजू-भाई दिदी-बहिनीको उत्तम सहयोग सम्पर्क पाउने खालको होला।

कु० नं० ३१३

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ गु. ८ १०

जुन व्यक्तिको मीन राशिका गुरू लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस आफ्नू हृदय भित्र निकै ठूलो प्रतिष्ठा एवं गौरव मान्नेवाला, व्यापार आदिको सम्बन्धमा विशेष उन्नति गर्नेवाला, पिता-स्थानबाट सहायता र शक्ति पाउनेवाला, राज-समाजमा मान-प्रतिष्ठा पाउनेवाला, केही अभिमानका साथ काम गर्नेवाला, स्त्री स्थानको प्रभाव भेट्टाउनेवाला, धनको वृद्धिका लागि हृदय र कर्मबलको महान शक्तिको प्रयोग गरेर उन्नतिपथमा बढ्दै जानेवाला, माताको स्थानमा केही सहयोग पाउने र शत्रु स्थानमा प्रभाव राख्नेवाला, मावली पक्षबाट इज्जत पाउनेवाला सबै लौकिक विषयमा प्रभाव र प्रभुत्वद्वारा काम बनाउने खालको होला।

कु० नं० ३१४

४ २ ५ ३ १ ६ १२गु. ७ ९ ११ ८ १०

जुन व्यक्तिको मेष राशिका गुरू लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानबाट महान गौरव र लाभ र तथा सौन्दर्यको योग प्राप्त गर्नेवाला एवं दैनिक व्यापार भित्र ठूलो इज्जतका साथ लाभका साधनहरू पाउनेवाला, पिता-स्थानबाट लाभको राम्रो योग पाउंनेवाला, राज-समाजको सम्बन्धमा ठूलो लाभ र सम्मान प्राप्त गर्नेवाला, तथा दाजू-भाई दिदी-बहिनीबाट राम्रो सहयोग पाउनेवाला र भोग-विलासको राम्रा साधनहरू पाउनेवाला तथा व्यापारको शक्तिबलले पुरुषार्थबलको वा साहसको महान वृद्धि गर्न जान्नेवाला, हृदय भित्र ठूलो उत्साह र साहसका योजनाहरू पाउनेवाला, धन-सन्तान र विद्याको सुख प्राप्त गर्ने निकै बाठो होला।

कु० नं० ३१५

४ २
५ ३ १गु.
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको वृष राशिका गुरू लग्नबाट बाऱ्हौं स्थानमा छ भने त्यो मानिस पिता-स्थानमा कमजोरी पाउनेवाला, स्त्री स्थानमा हानि भेट्नेवाला र राज-समाजमा सम्मान पाउनेवाला, व्यापारमा ठूला-ठूला झ्याउला र न्यूनता पाउनेवाला, अन्य स्थानहरूको सम्पर्कले व्यापारमा मद्दत प्राप्त गर्नेवाला र मातृ-स्थान या भवन-भूमिका स्थानको आंशिक शक्ति पाउने र जीवनको दिनचर्यामा केही अशान्ति अनुभव गर्ने र इन्द्रिय भोगादिको पक्षमा र गार्हस्थ पक्षको आनन्द वैभवमा केही न्यूनता पाउनेवाला, जीवनमा सहायक हुने पहिलो र गम्भीर वस्तुहरूको केही न्यूनता पाउनेवाला दुर्बल हृदयको होला।

कु० नं० ३१६

४ २गु.
५ ३ १
६ १२
७ ९ ११
८ १०

मिथुन लग्नान्तर-शुक्रफलम्

जुन व्यक्तिको मिथुन राशिको शुक्र लग्नको प्रथम स्थानमा छ भने त्यो व्यक्ति शरीरमा दुर्बलताको योग परेको र अन्यस्थानको सम्बन्धित विषयमा बुद्धि-भित्र निकै ठूलो योग्यता राख्ने भएको तथा मस्तिष्क-शक्तिको बलले निकै बढी र अभिमानपूर्वक धन व्यय गर्ने भएको एवं बुद्धि र वाणीको उल्टो-सुल्टो गरेर महान् चातुर्यको योगले निकै ठूलो सम्मान प्राप्त गर्नेवाला, सन्तान पक्षमा सुख-शान्तिमा न्यूनता अनुभव गर्ने खालको, विद्या भन्दा बढी विद्याको स्थानबाट अनेक चातुर्यले आफ्नू बिग्रन लागेको काम सपार्न जान्ने, स्त्री र भोगादिको पक्षमा पनि खूब धन व्यय गर्ने र बर्ता यातायातमा रूचि राख्ने खालको होला।

कु० नं० ३१७

४ २
५ ३शु. १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको कर्क राशिका शुक्र लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको कोषमा बराबर हानिको योग परेको र अन्यान्य स्थानहरूको सम्पर्कबाट बुद्धिको योगद्वारा धनको शक्ति बढाउन जान्ने खालको तथा निकै विद्या ग्रहण गर्नेवाला र सन्तान पक्षमा केही बन्धन अनुभव गर्नेवाला र कुटुम्ब स्थानमा आंशिक हानि पाउनेवाला तथा जीवनको दिनचर्यामा केही बर्ता व्यय र बुद्धियोगको प्रभावबाट आनन्द प्राप्त गर्नेवाला, खर्च घटाउने वा रोक्ने पनि योजना बनाउनेवाला भए पनि बर्ता व्ययको योग परेको होला। मन-मस्तिष्क भित्र केवल धनको कारणले र सन्तानको कारणले केही कष्ट अनुभव गर्नेवाला, कोष-वृद्धि गर्नका लागि जाति-नजाति सबै काम गर्ने निकै बाठो खालको होला।

कु० नं० ३१८

४शु. २
५ ३ १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको सिंहराशिका शुक्र लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू बल-पुरुषार्थको स्थानमा केही न्यूनता अनुभव गर्ने र दाजू-भाई दिदी-बहिनीको स्थानमा आंशिक कमीको योग परेको तथा आफ्नू बल-बुद्धिको योगबाट घर खर्च संचालन गर्ने शक्ति प्राप्त गरेको होला। विद्याको शक्तिमा केही न्यूनताको योग प्राप्त गर्ने खालको तथा सन्तान पक्षमा केही नीरसता युक्त शक्ति प्राप्त गर्नेवाला एवं केही बल-बुद्धिको उल्टो-सोझो सम्बन्धबाट र बाहिरी सम्पर्कबाट शक्ति प्राप्त गर्नेवाला, भाग्यस्थानको वृद्धि गर्नेवाला, धर्मको सम्बन्धमा अलि चाख मान्ने र आफू भित्र दुर्बलताको योग उत्पन्न गर्ने, निर्के बाठो होला।

कु० नं० ३१९

४ २
५शु. ३ १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको कन्या राशिको शुक्र लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आमाको स्थानबाट हानि पाउने र केही हीनताको अनुभव गर्नेवाला, मातृभूमिको स्थानमा केही दुर्बलता र वियोगको साधन भेट्टाउनेवाला तथा अन्य स्थानको शक्तिबाट राज-समाजमा उन्नतिका साधन पाउनेवाला र विद्या-स्थानमा केही न्यूनता पाउनेवाला र सन्तान सुखमा पनि कमीको योग परेको तथा बढी व्ययको शक्तिले बाहिरी धाक जमाउन जान्नेवाला, तर भित्र खर्चमा मुठी कस्नेवाला र घरेलू दैनिक खर्चमा केही कमजोरी पाउनेवाला तथा गृह-सुखहरूको वातावरणमा केही दुर्बल (आंशिक नपुंसक) हुनाले गर्दा मनभित्र केही हीन भावना भएको एवं संसार भित्र विशेष उन्नतिको इच्छाले गर्दा सुख-शान्तिमा बाधा पाउनेवाला र भित्री बाठो होला।

कु० नं० ३२०

४ २
५ ३ १
६शु. १२
७ ९ ११
८ १०

जुन व्यक्तिको तुला राशिको शुक्र लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्याको स्थानमा केही न्यूनताका साथ-साथै विद्याको संग्रह शक्ति प्राप्त गर्न जान्ने खालको, अन्य बाहिरी सम्पर्कहरूको सम्बन्धको बुद्धि भित्र निकै ठूलो ज्ञान प्राप्त गर्ने खालको, दिमाग भित्र निकै बर्ता कला-शक्ति राख्ने भएको होला। सन्तानको सम्बन्ध भित्र केही कमजोरी र आंशिक शक्ति प्राप्त गर्नेवाला, बुद्धि र बलको प्रभावद्वारा आय-व्ययको साधन पाउनेवाला, धेरै बढी चातुर्यका कुराहरू मिलाउन जान्ने, आफ्नू इलम भित्र शक्ति भए पनि कमजोरी अनुभव गर्नेवाला, बुद्धिमा पनि न्यूनता अनुभव गर्नेवाला, निकै बढी उल्टा-सुल्टा गर्ने चातुर्य भएको होला।

कु० नं० ३२१

४ २
५ ३ १
६ १२
७शु. ९ ११
८ १०

जुन व्यक्तिको वृश्चिक राशिका शुक्र लग्नबाट षष्ठस्थानमा छ भने त्यो मानिस विद्यामा न्यूनताको योग परेको र सन्तान पक्षबाट कष्ट अनुभव गर्ने खालको, व्यय स्थानमा केही अपठेराहरू र आंशिक परतन्त्रताको योग परेको होला। मन-मस्तिष्कमा बढी उल्टो-सुल्टो गर्ने तागतद्वारा निकै डरलाग्दा चालहरू चल्न जान्नेवाला, र शत्रुपक्षबाट अनेक झ्याउलाहरू सहेर पनि आफ्नू चातुर्यले बिग्रिसकेको काम सपार्नेवाला, अन्यान्य स्थानहरूबाट केही बुद्धिखेलाएर काम बनाउनेवाला, बढी धन व्यय गरेर पछितो मान्ने वाला, मावली पक्षबाट केही न्यूनता अनुभव गर्नेवाला, मिथ्या वोलेर कुरा गर्न सिपालुमा गनिने खालको होला।

कु० नं० ३२२

४ २
५ ३ १
६ १२
७ ९ ११
८शु. १०

जुन व्यक्तिको धनराशिका शुक्र लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस अन्य स्थानहरूको सम्पर्कले बुद्धिको योगद्वारा दैनिक व्यापारको उत्तम शक्ति प्राप्त गर्नेवाला तथा विद्या-संग्रहको स्थानमा केही न्यूनता भए पनि रोजगार र व्यापारिक वा व्यावहारिक एवं लौकिक ज्ञान प्राप्त गर्नेवाला, तथा सन्तान पक्षमा अलि-अलि दुर्बलता सहित शक्ति भेट्टाउने खालको होला। स्त्री पक्षमा ठूलो चातुर्यको योग परेको र केही अत्यास वा कष्ट पाउने खालको एवं दैनिक व्यापारको सम्बन्धमा अनेकौं पल्ट साना-ठूला दुर्बलताहरूको र हानिको योग पाउनेवाला, ठूला-ठूला बठ्याइँको योगले आफ्ना स्वार्थ सिद्ध गर्न जान्नेवाला, स्त्री र गार्हस्थ्यको भित्र खूब खर्च र भोगको शक्ति प्राप्त गर्ने खालको भाग्यमानी होला।

कु० नं० ३२३

४ २ ५ ३ १ ६ १२ ७ ९शु. ११ ८ १०

जुन व्यक्तिको मकर राशिका शुक्र लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस विद्या स्थानमा न्यूनता भेट्टाउने र सन्तान पक्षबाट हानि र चिन्ताको योग परेको होला। बुद्धिभित्र महान एवं गहीरो चातुर्यको योगहरूले ठूला-ठूला काम बनाउन जान्नेवाला, दिमागलाई खिन्न पारेर धनको वृद्धि गर्नका लागि अनेक प्रयत्नहरू गर्न जान्ने, दैनिक व्ययको संचालन गर्ने शक्ति वा बुद्धि प्राप्त गर्नका लागि विदेश आदिको सम्पर्क द्वारा काम मिलाउने, जीवनको दिनचर्याको मीठो र गुलियो भित्र अलि-अलि न्यूनताको योग परेको, विद्या-स्थानमा गूढ ज्ञानको शक्तिले काम-चलाउनेवाला, खर्चको कष्ट पाउनेवाला होला।

कु० नं० ३२४

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०शु.

जुन व्यक्तिको कुम्भ राशिका शुक्र लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस विद्या ग्रहण गर्ने राम्रो शक्ति भए पनि विद्या-स्थानमा न्यूनता पाउनेवाला तथा बुद्धिभित्र निकै ठूलो भाग्य-वृद्धिको ज्ञान पाउनेवाला, तर बाहिरी अन्य स्थानहरूको सम्पर्कबाट लाभ प्राप्त गर्ने शक्तिको स्थानमा स्थानीय लाभमा केही कमी पाउनेवाला र भाग्य-वृद्धिको स्थानमा केही बुद्धिका कलाको चमत्कार पाएर उत्तम चातुर्यले तथा खर्चको योगद्वारा काम सपार्ने सफलता प्राप्त गर्नेवाला, भाग्यको स्थानमा कहिले काहीं केही हानिहरूवा निराशाहरूको योग परेको तथा सन्तान पक्षबाट राम्रो लाभ पाउनाको साथै आंशिक न्यूनता पनि अनुभव गर्नेवाला, धर्मको सम्बन्धमा निकै उत्तम चाखलाग्दो भाव भए पनि वास्तविकतामा कमी पाउनेवाला र दाजू-भाई दिदी-बहिनीको स्थानमा केही अरूचि राख्नेवाला, तत्त्वखोजी होला।

कु० नं० ३२५

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ शु. ८ १०

जुन व्यक्तिको मीन राशिका शुक्र लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस विद्या ग्रहण गर्ने र सन्तान-शक्ति प्राप्त गर्नेवाला, पिता-स्थानको शक्ति पाउनेवाला, व्यापार र रोजगारको शक्ति प्राप्त गर्नेवाला तर प्रत्येक विषय भित्र अलिकति कमजोरी वा न्यूनता पाउने खालको तथा बढी व्यय गर्ने खालको होला। अन्यान्य बाहिरी स्थानहरूको निकै ठूलो सम्पर्क राख्नेवाला, बुद्धिको अनेक उच्चातिउच्च युक्तिद्वारा आडम्बर सहित निकै चाक्लो-बाक्लो काम गर्न जान्ने भए पनि कहिले काहीं त्यही ठूलो काम गर्दा-गर्दै कतै निकै हानिको योग परेको तथा मातृ-स्थानमा आंशिक वैमनस्यता र केही कमीको योग भेटनेवाला, उन्नतिको महानता पाउनका लागि सुख-शान्तिको वास्ता नराख्ने भएको र दिमागमा तेजी, राज-समाजमा शेखी-इज्जत पाउनेवाला, ठूलो र प्रभावयुक्त होला।

कु० नं० ३२६

४ २ ५ ३ १ ६ १२शु. ७ ९ ११ ८ १०

जुन व्यक्तिको मेष राशिका शुक्र लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै विद्या ग्रहणको लाभ पाउनेवाला तथा विद्याको पूर्णतामा आंशिक न्यूनता भेट्टाउने वाला र सन्तान लाभको भित्र पनि केही कमी अनुभव गर्नेवाला तथा बुद्धि र विद्याले धनोपार्जन गर्न जान्नेवाला, अनि बढी चातुर्यको योगद्वारा वा अन्यस्थान-हरूको सम्पर्कबाट सम्पत्तिको अनायास लाभ पाउनेवाला र धनागमका अन्यान्य साधन जोर्न समर्थ होला। खर्चको तागतले पनि लाभमा वृद्धि गर्नेवाला तथा स्थानीय लाभको सम्बन्धमा केही हानि पनि पाउनेवाला, निकै चातुर्यको कुरा-कानी गरेर पनि धनागम गर्न जान्नेवाला, अनि सदैव आफ्नू स्वार्थ सिद्धिको उपाय खोजिरहने तथा कला-प्रेमी होला।

कु० नं० ३२७

४ २ ५ ३ १शु. ६ १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको वृष राशिका शुक्र लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस विद्या स्थानमा बढी कमजोरी अनुभव गर्नेवाला, सन्तान पक्षमा ठूलो हानिको योग पाउनेवाला, धेरै बढी व्यय गर्नेवाला, बाहिरी अन्य स्थानहरूको शक्तिद्वारा र दिमागको शक्तिले इच्छा गरे जति सबै प्राप्त गर्नेवाला, हर बखत मस्तिष्क भित्र उल्टो-सुल्टो तागतले कुराकानी गर्ने खालको होला। यस्तै प्रकारको बुद्धि र बलद्वारा दैनिक खर्चको शक्ति प्राप्त गर्नेवाला र मावली पक्षबाट केही न्यूनताको आभास मात्र पाउनेवाला, मस्तिष्कमा अनेक थरिका कष्ट झ्याउलाहरूको योग भेट्टाउने खालको, अनि खर्चको स्थानमा ठूलो कला र चातुर्यहरूको राम्रो योग परेको तथा शत्रु स्थानमा आंशिक बठ्याइँले आफ्नू काम सपार्ने र केही भ्रमित बुद्धि-विचारको होला।

कु० नं० ३२८

४ २शु. ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०

मिथुन लग्नान्तर-शनिफलम्

जुन व्यक्तिको मिथुन राशिका शनि प्रथम स्थानमा छ भने त्यो मानिस भाग्यमानीमा गनिने खालको तथा शारीरिक परिश्रम र सौजन्यतापूर्ण व्यवहारको आडमा लुकेका युक्तिहरूद्वारा उन्नतिको बाटो समाउन जान्नेवाला, शरीरमा केही तेज एवं केही कष्टको योग पाउनेवाला, जीवनलाई सहायक हुने जस्ता केही प्रथम र गम्भीर वस्तुको लाभ पाउनेवाला, दाजू-भाई दिदी-बहिनीको स्थानमा केही अपठेरोको योग पाउनेवाला, स्त्री स्थानमा वैमनस्यताको योग परेको होला। धर्म स्थानको स्वार्थयुक्त भएर पालन गर्नेवाला, लौकिक सम्बन्धमा प्रत्येक विषयको उन्नति गर्नका लागि महान् प्रयत्न गर्नेवाला र भित्रको निकै बाठो होला।

कु० नं० ३२९

४ २
५ ३श. १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको कर्क राशिका शनि लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस पूर्ण संचित धनको शक्ति प्राप्त गर्नेवाला र त्यो धनको नाश गर्नेवाला तथा आयुको शक्ति प्राप्त गर्नेवाला, धनी वर्गको जस्तै दैनिक दिनचर्या व्यतीत गर्नेवाला, धर्मस्थानको पूर्णरूपेण स्वार्थयुक्त भएर करले पालन गर्नेवाला एवं ठूलो कूटनीतिले धनको वृद्धि गर्न जान्नेवाला, जीवनलाई सहायक हुने केही पहिलो र गम्भीर वस्तुको लाभ अकस्मात् पाउने खालको र जीवनमा आमदानीको सम्बन्धबाट केही दुर्बलता र उदासीनताको योग परेको तथा कुटुम्बक स्थानमा केही न्यूनता पाउनेवाला, अनि सुख स्थानमा केही विघ्न-बाधा पाउनेवाला, केही क्रोधी र तामसी धर्मपालन गर्ने खालको होला।

कु० नं० ३३०

४श. २
५ ३ १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको सिंह राशिका शनि लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै बढी परिश्रम गर्नेवाला र आफ्नू उन्नति गर्नका लागि निकै उच्च बुद्धिद्वारा ठूला-ठूला काम गर्न अघिसर्नेवाला, दाजू-भाई दिदी-बहिनीको स्थानमा नीरसताको योग परेको र परिश्रमकै बलले पूर्ण सफलताको योग पाउनेवाला, अनि आयुको वृद्धि पाउनेवाला, जीवनलाई सहायक हुने केही पहिलो र गम्भीर वस्तुको शक्ति प्राप्त गर्नेवाला एवं भाग्य र पुरुषार्थ दुवैलाई ठूलो मान्ने खालको र तमोगुणी धर्मको पालन गर्नेवाला तथा भाग्यको उन्नतिका लागि ठूला-ठूला कष्टसाध्य काम गरेर सफलताको बाटो प्रशस्त पार्न जान्ने र बढी धन व्यय गर्ने खालको होला।

कु० नं० ३३१

४ २
५श. ३ १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको कन्या राशिका शनि लग्नबाट चतुर्थ स्थानमा छ भने त्यो मानिस मातृ स्नेहको लालसामा केही न्यूनताको योग परेको तथा भाग्यको शक्तिको सुख प्राप्त गर्नेवाला र जीवनलाई सहायक हुने केही प्रथम र गम्भीर वस्तुबाट सुख प्राप्त गर्ने खालको होला। धर्म स्थानमा केही सामान्य शक्तिको पालन गर्नेवाला र आयु स्थानको सुख प्राप्त गर्नेवाला, तथा जीवनको दिनचर्याको प्रभाव वा सुखका योगहरूले व्यतीत गर्नेवाला एवं शरीरमा केही कष्ट र अत्यास वा केही भाग्यमानीको योग परेको होला। सज्जनता ढगंले वा गूढ ज्ञानको शक्तिद्वारा अनेक सुखका साधनहरूको वा गूढ ज्ञानको शक्तिद्वारा सुखका साधनहरूको र भूमि-भवन आदिको वृद्धि गर्नमा बराबर लागिरहने खालको बाठो होला।

कु० नं० ३३२

४ २
५ ३ १
६श. १२
७ ९ ११
८ १०

जुन व्यक्तिको तुला राशिको शनि लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस निकै प्रखर र प्रबल बुद्धि भएको तर दूरदेशको बलियो र विशेष

कु० नं० ३३३

४ २
५ ३ १
६ १२
७श. ९ ११
८ १०

ज्ञान राख्नेवाला तथा मस्तिष्कमा बढी तेज भएको होला। बुद्धिको द्वारा भाग्योदयको कारण उत्पन्न गर्ने भएको तथा तामसी धर्मको पालन गर्नेवाला र सन्तान-शक्ति प्राप्त गर्नेवाला, अनि धेरै विद्या ग्रहण गर्ने भएको हुनाले आमदानीको स्थानमा अलिकति हेलचक्राइँ गर्ने, अशान्तिको कारण पाउने भएको र कोष-धनको वृद्धिका लागि जाति-नजाति, सानो-ठूलो सबै प्रकारका यत्न गर्नेवाला र जीवनमा सहायक हुने केही पहिलो र गम्भीर वस्तुको लाभ प्राप्त गर्नेवाला एवं दैनिक व्यापारमा अलि बाधा पाउने खालको भए पनि प्रसन्न चित्त रहने होला।

जुन व्यक्तिको वृश्चिक राशिका शनि लग्नबाट षष्ठस्थानमा छ भने त्यो मानिस जीवनमा ठूलो प्रभावशाली र धनाढ्य जस्तै रहन-सहन भए

कु० नं० ३३४

४ २
५ ३ १
६ १२
७ ९ ११
८श. १०

पनि केही मर्यादामा रहेर आफ्नू दैनिक दिनचर्या व्यतीत गर्ने खालको होला। जीवनको विकास गर्नका लागि महान् अपठेरो र परिश्रमका गूढ युक्तिहरू द्वारा आफ्नू काम सपार्न जान्नेवाला, भाग्यको उन्नति गर्नका लागि तथा बर्ता प्रसिद्धि र प्रभाव बढाउनको लागि धर्माधर्मको कुनै वास्ता नगरेर आफ्नू स्वार्थसिद्धिमा डुबिरहने खालको होला। आयुस्थानको वृद्धि पाउनेवाला, जीवनमा सहायक हुने केही प्रथम तथा गम्भीर वस्तुको स्थायी लाभ पाउनेवाला, दाजु-भाई दिदी-बहिनीको स्थानबाट केही वैमनस्यता पाउनेवाला, र आयुस्थानबाट राम्रो प्रभाव पाउनेवाला, बढी खर्च गर्ने र ईश्वरमा विश्वास नगर्ने खालको होला।

जुन व्यक्तिको धन राशिका शनि लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारको सम्बन्धमा परिश्रमको शक्तिद्वारा भाग्योन्नति गर्नेवाला, विवाह गरिसकेपछि जीवनको आनन्द बृद्धि हुने साधन भेट्टाउनेवाला, रोजगारमा वृद्धि र यश प्राप्त हुने साधन फेलापार्नेवाला एवं महान् गूढ युक्तिहरू द्वारा दैनिक व्यापारको वृद्धि गर्दै रहे पनि केही धर्मको विचार राख्ने भएको, सुख तथा भोगादिकको बढी प्राप्तिका लागि अनेकानेक प्रयत्नमा लागि रहने हुनाले धेरै सफलता प्राप्त गर्नेवाला, जीवनमा सहायक हुने पहिलो र गम्भीर वस्तुको लाभ भाग्यको तागतले प्राप्त गर्ने, लामू आयु भएको र भाग्यमानी होला।

कु० नं० ३३५

४ २ ५ ३ १ ६ १२ ७ ९श. ११ ८ १०

जुन व्यक्तिको मकर राशिका शनि लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस दीर्घ आयु पाउनेवाला, जीवनमा सहायक हुने केही पहिलो र गम्भीर वस्तुको स्थायी लाभ प्राप्त गर्नेवाला, भाग्योन्नतिको स्थानमा कुनै ठूलो बाधा वा तगारो आइलागेको योग परेको होला। विदेश आदिको योगले भाग्योन्नतिका साधनहरू पाउने खालको र धर्मको स्थानमा निकै बर्ता न्यूनताको योग पाउनेवाला, दैनिक दिनचर्यामा निकै आनन्द पाउने र भाग्यमानीको योग परेको होला। विद्या-बुद्धिको स्थानमा बढी बल लगाउनेवाला, सन्तान पक्षमा केही आदरको योग पाउनेवाला, माता-पिता र राज-समाजको स्थानमा केही कष्ट सहेर पनि मानोन्नतिका लागि विशेष प्रयत्न गर्ने होला।

कु० नं० ३३६

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०श.

जुन व्यक्तिको कुम्भ राशिका शनि लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस दीर्घायुको योग परेको र भाग्यमानीको जस्तै जीवन बिताउनेवाला, भाग्यको स्थानमा र उन्नतिमा केही झ्याउलो बारम्बार सहेर पनि सम्पत्ति जोर्न जान्नेवाला, यश प्राप्तिको बाटोमा केही न्यूनताको योग परेको होला। स्वधर्म पालनको स्थानमा आन्तरिक दुर्बलता प्राप्त गर्ने योग परेको, भाग्यको उन्नतिका लागि सत्यको आडमा असत्यद्वारा काम निकाल्न जान्ने योग परेको, उग्र कर्मको पालन गर्ने तथा शत्रु स्थानमा ठूलो प्रभाव राख्नेवाला एवं दाजू-भाई दिदी-बहिनीको स्थानमा केही नीरसताको योग परेको र भाग्योदयका लागि कतै विदेशको योग सम्बन्ध पाउनेवाला, मावली पक्षमा केही न्यूनता पाउने र मिथ्या बोल्ने होला।

कु० नं० ३३७

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ श. ८ १०

जुन व्यक्तिको मीन राशिका शनि लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पितातुल्य केही अन्य व्यक्तिहरूको अलि-अलि सहयोग पनि कुनै प्रकारले पाउनेवाला, व्यापार आदि भाग्योन्नतिको स्थानमा अनेकानेक प्रकारका कर्महरूको साटासाट गरी-गरीकन कुनै विशेष कामको शक्ति पाएर वृद्धि प्राप्त गर्नेवाला, राज-समाजको सम्मान, इज्जत पाउनेवाला, छिमेकीमा भाग्यमानी गनिने खालको होला। मान र उन्नतिको बाटोमा अनेक ठूला-ठूला काम गर्नेवाला, मान्नोन्नतिको बाटोमा परिश्रम झ्याउलो र अनेक थरिका गूढ युक्तिहरू प्रयोग गरेर तथा धार्मिक भावनाको बल लगाएर मान-वृद्धि प्राप्त गर्नेवाला, दैनिक व्यापारमा र अन्य स्थानहरूको सम्बन्धमा वृद्धि उत्पन्न गर्न जान्ने भएको र स्त्री एवं गृहस्थीमा केही वैमनस्यता पाउनेवाला, जीवनमा सहायक हुने केही पहिलो र गम्भीर वस्तुको व्यापार गरेर धन कमाउने प्रभावशाली होला।

कु० नं० ३३८

४ २ ५ ३ १ ६ १२श. ७ ९ ११ ८ १०

जुन व्यक्तिको मेष राशिका शनि लग्नको एघारौं स्थानमा छ भने त्यो मानिस आमदानीको स्थानमा केही न्यूनता र परिश्रमको योग परेको, लाभ स्थानको वृद्धि गर्नका लागि निकै ठूलो, डरलाग्दो युक्तिहरूले बांगा-टिंगा चाल चलेर लाभ प्राप्त गर्नेवाला, आयुस्थानको वृद्धिका लागि र जीवनमा सहायक हुने खालको अनि पहिलो र गम्भीर वस्तुको स्थिर लाभ पाउनेवाला, विद्या र बुद्धिको स्थानमा विशेष शक्तिको योग पाउनेवाला, शरीरमा केही कष्ट भए पनि भाग्यमानीको योग परेको होला। सन्तान पक्षमा केही राम्रो सहायता पाउनेवाला र धर्म स्थानको राम्ररी पालन गर्न नसक्नेवाला एवं धेरै बढी कुरा गरेर प्रतिपक्षीमा प्रभाव पार्ने हरबखत प्रयत्न गर्दै रहनेवाला, जीवनमा हृदयबाट बर्ता उत्साह-उमंग पाउने केही प्रयत्न गर्ने खालको होला।

कु० नं० ३३९

४ २
५ ३ ११श.
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको वृष राशिका शनि लग्नबाट बार्हौं स्थानमा छ भने त्यस मानिसको आफ्नू जीवनमा अनेकानेक अशान्ति र कष्ट पाउने योग परेको होला। केंही अन्य बाहिरी स्थानहरूबाट भाग्यको वृद्धि भेट्टाउने र धर्मको भित्री भागमा न्यूनता पाउनेवाला, तथा बाहिरी भागमा न्यायको पालन गर्ने र 'म सज्जन हुँ' भन्ने मिथ्या दाबी गर्ने खालको व्यक्ति होला। फेरि त्यही मानिस भाग्यमानीमा गनिनेवाला र स्वार्थको सिद्धिका लागि धर्मको हानि-नोक्सानीको कत्ति पनि वास्ता नगर्ने खालको योग परेको होला। बढी-धन व्यय गर्ने योग र धन प्राप्तिको निम्ति साना-ठूला अनेक प्रयत्न गर्ने खालको तथा शत्रु पक्षमा आफ्नो बलियो प्रभाव पार्नेवाला, धन र कुटुम्बमा कहिले काहीं हानि र क्लेशका साधन पाउनेवाला, बाहिरी सम्बन्धहरूको दृढशक्ति मान्नेवाला, आयुस्थानमा सामान्यतया राम्रो शक्ति पाउनेवाला तथा यश-कीर्तिमा आंशिक न्यूनता पाउने र अशान्त मनको होला।

कु० नं० ३४०

४ २श.
५ ३ १
६ १२
७ ९ ११
८ १०

मिथुन लग्नान्तर राहुफलम्

जुन व्यक्तिको मिथुन राशिका राहु लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस अग्लो शरीरको, गहीरो कुटनीतिका शक्तिको आफ्नू हृदयमा भण्डार राख्ने भएको, अप्राप्य र दुस्तर वस्तुहरूको खोजीमा लागेर अनेक कष्टद्वारा स्थिरता प्राप्त गर्नेवाला, शरीरमा केही न्यूनता अनुभव गरे पनि आफूभित्र ठूलो स्वाभिमान राख्न जान्नेवाला, आफ्नू मनले बढी नाम कमाउने भए पनि अनधिकार 'म ठूलो' भन्ने विषयमा सफल हुने खालको होला। आफ्नू दिमागी शक्तिको अगाडि अरू सबैलाई सानो, तुच्छ ठान्ने विचार भएको र चाहिने भन्दा बर्ता तथा सीमा भन्दा पर आफ्ना विचारहरूलाई दगुराउने वाला, निकै ठूला-ठूला योजना तयार पार्नेवाला, तथा आध्यात्मिक ज्ञानको शक्ति छ भन्ने दावी गर्ने खालको होला।

कु० नं० ३४१

४ २
५ ३रा. १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको कर्क राशिको राहु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन स्थानमा अनेक पल्ट हानिको योग परेको र धन-हानिको कारणले गर्दा मनभित्र अनेकानेक वेदनाहरू सहन गर्ने खालको होला। कुटुम्ब स्थानमा ठूला-ठूला क्लेशका योजनाहरू भेट्नेवाला तथा मनोयोगका अनेक ठूला-ठूला कष्टसाध्य उपायहरू द्वारा धनको वृद्धि गर्ने गुप्त योजनाहरू तयार पार्नेवाला, केही अकस्मात् धन पाउने ठूला-साना र मसीना-मोटा विचारहरू प्रयोग गर्न जान्नेवाला, धनको पूर्ति गर्नका लागि कहिले काहीं अर्काको सहायता पनि लिन जान्नेवाला धनको सम्बन्धमा केही व्याज तिर्ने जस्तो जोखिम पनि बोक्नसक्ने खालको होला। धनको कष्ट निवारण गर्नका लागि सदैव चित्तको व्याकुलता सहिरहने र अन्त्यमा कुनै विशेष शक्ति पाउने खालको होला।

कु० नं० ३४२

४रा. २
५ ३ १
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको सिंह राशिका राहु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस दाजू-भाई दिदी-बहिनीबाट केही हानि र क्लेश पाउनेवाला, पुरुषार्थ बलको भित्र ठूला-ठूला दुर्बलता पाउँदै रहे पनि हिम्मत नहार्ने वाला तथा पुरुषार्थकै शक्तिद्वारा अनेकानेक असम्भव काम पनि गर्न अघिसर्नेवाला, दिमाग र बाहुबलद्वारा महान परिश्रम गरिरहने खालको होला। थकाई र हैरानी भएर निराश हुँदा पनि कुनै अज्ञात शक्ति प्राप्त गर्ने पक्का इच्छामा गाडिइरहनेवाला, कुनै योजना शक्तिको केही अनधिकार लाभ पाउनेवाला, सदैव आफ्नू स्वार्थसिद्धिको सिद्धान्तमा अडिइरहनेवाला र साना-ठूला अनेक गुप्त योजनाहरू तयार पार्ने खालको अदम्य साहस हुने खालको होला।

कु० नं० ३४३

४ २ ५रा. ३ १ ६ १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको कन्या राशिको राहु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आमाको सुख सम्बन्धमा केही न्यूनता पाउनेवाला र भूमि-भवन आदिको सम्बन्धमा पनि केही सुखको हानिनै भेट्ने खालको होला। घरेलू सुखका साधनहरूमा पनि केही कमी पाउने एवं सुख प्राप्तिमा वृद्धि गर्नका लागि मस्तिष्कको महान् गहीरो शक्ति प्रयोग गर्ने जान्नेवाला र केही गुप्त योजनाहरूको बलले पनि सुखको वृद्धि गर्ने बांगा उपायहरू कठोर परिश्रमद्वारा काम सपार्ने वाला र कहिले काहीं सुखका स्थान्मा कुनै गहीरो आघात पाउनेवाला, तथा अन्त्यमा सुखसित सम्बन्धित कुनै विशेष शक्तिलाई प्राप्त गर्ने खालको निकै गम्भीर कूटयुक्ति जान्नेवाला होला।

कु० नं० ३४४

४ २ ५ ३ १ ६रा. १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको तुला राशिक राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस आफ्नू प्रखर बुद्धिद्वारा उत्तम श्रेणीको चातुर्यको कुरा विचार गर्ने र भन्न सक्ने खालको भए पनि बुद्धिको वास्तविक प्रशंसामा कमी पाउने खालको होला। सन्तान पक्षबाट केही हानिहरू र झ्याउलाहरू सहनेवाला, लुकाउने शक्तिका कुरा द्वारा तथा यता-उताका कुराबाट आफ्नू मतलब पूरा गर्न जान्नेवाला तथा भाँग-गाँजा आदि कुनै पनि मादक द्रव्यको सेवन गर्नेवाला र केही विपत्तिहरू भोगिसकेपछि सन्तान पक्षमा केही शक्तिको आभास पाउनेवाला, अनि मस्तिष्क शक्तिको भित्र केही न्यूनता वा दुर्बलता तथा केही बलको सम्मिश्रण भएको योग पाउनेवाला, युक्ति जान्ने बाठो खालको होला।

कु० नं० ३४५

४ २ ५ ३ १ ६ १२ ७रा. ९ ११ ८ १०

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस शत्रु स्थानमा आफ्नू ठूलो प्रभाव राख्नेवाला, मावली पक्षमा केही हानिको योग परेको होला। रोगादिक अनेक कष्टको वास्ता नगर्नेवाला तथा पाप-दोष सम्बन्धी धर्म-विरोधी भावनाहरूसित पनि नडराउनेवाला, आफ्नू स्वार्थसिद्धिको पूरा-पूरा ध्यान राख्नेवाला तथा विपत्तीहरूलाई सदैव तल न्यूराउने अनेक उपायहरूको संग्रह गरेर राख्नेवाला, शील, सन्तोष र दया आदि उचित कर्तव्य पालन गर्नमा आफूलाई असमर्थ ठान्नेवाला र गुप्त चालहरू द्वारा वा साहस हिम्मतद्वारा ठूला-ठूला महान कार्य गर्न अघिसर्नेवाला र बहादुर खालको होला।

कु० नं० ३४६

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८रा. १०

जुन व्यक्तिको धन राशिका राहु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानबाट निकै अशान्ति वा हानिको योग पाउनेवाला, दैनिक व्यापारको पक्षमा मस्तिष्कलाई थकित भएको पाउनेवाला, ठूलो परिश्रमी कष्टसाध्य काम गर्न मनपराउने खालको र इन्द्रिय भोगादिको स्थानमा न्यूनता र रिसको योग पाउनेवाला, केही गुप्त र अनुचित रूपमा पनि भोगादिको तृप्ति गर्न पछि नसर्नेवाला, व्यापारको दैनिक प्रणालीभित्र पनि केही गुप्त रूपले वा अपठेरा सतर्कताले पनि काम गर्न रूचाउने तथा केही काममा अल्छी मान्नेवाला र केही संकीर्ण चालले चल्ने खालको योग पाउने र लौकिक प्रणालीमा दुर्बल होला।

कु० नं० ३४७

४ २ ५ ३ १ ६ १२ ७ ९रा. ११ ८ १०

जुन व्यक्तिको मकर राशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनमा केही कष्ट र अत्यास मान्नेवाला, महान् गूढ युक्तिहरूको शक्ति पाउनेवाला, जीवन रक्षासित सम्बन्धित आयुस्थानमा कहिले काहीं सांघातिक र निराशाजनक विपत्ती आइलाग्न सक्तछ, जीवनलाई सहायक हुने केही गम्भीर वस्तुको आंशिक हानिहरू पाइरहेपछि केही दृढता प्राप्त गर्नेवाला, आयुस्थानमा केही बलियो भाव अनुभव गर्ने, कुर्ने ठूलो र गहीरो युक्तिहरूको चिन्तन गर्ने खालको, अनि जीवनको दिनचर्यामा केही न्यूनता पाउनेवाला र केही उदरविकारले पीडित रहने खालको होला।

कु० नं० ३४८

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०रा.

जुन व्यक्तिको कुम्भ-राशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यस्थानमा केही न्यूनता वा दुर्बलता अनुभव गर्ने खालको र भाग्योन्नतिको बाटोमा कहिले कांही भीषण दुर्घटनादिको योग पाउनेवाला, निकै गुप्त चालासित भाग्योन्नतिको साधन भेट्नेवाला, तथा धर्मको पालन गर्नमा केही आलस्य र कमजोरी पाउनेवाला, ईश्वरको विश्वासमा केही कमी देख्नेवाला, कीर्ति र यशमा पनि न्यूनता अनुभव गर्ने खालको होला। आफ्नू स्वार्थसिद्ध गर्नका लागि मौका उत्तम छ कि छैन भन्ने समयको र धर्माधर्मको विचार राख्न नसक्ने खालको होला। म भलादमी छु भन्ने देखाएर त्यसैबाट लाभ कमाउनेवाला, अन्त्यमा भाग्यको बलियो अंश पाउने खालको होला।

कु० नं० ३४९

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ रा. ८ १०

जुन व्यक्तिको मीन राशिको राहु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस आफ्नू पिताको स्थानबाट केही हानि र कष्टको योग परेको होला। आफ्नू उन्नतिका लागि ठूला-ठूला कष्टसाध्य उपायहरू द्वारा अनेकानेक कर्म गर्नेवाला, अनेक थरिका बांगा उपायहरूले वा गुप्त योजनाहरू द्वारा सम्मान वृद्धि गराउन जान्नेवाला, अनि राज-सम्मानको स्थानबाट केही न्यूनता, कमजोरी र कष्टहरू सहने खालको होला। कहिले काहीं मान-सम्मानको स्थानमा अनेकानेक झ्याउलो र अत्यासको योग पाउनेवाला, व्यापारमा अभिमानपूर्वक काम गर्नेवाला, साहसले आफ्नू स्थिति जोगाइराख्ने र अन्त्यमा सफलता पाउनेवाला होला।

कु० नं० ३५०

४ २ ५ ३ १ ६ १२ रा. ७ ९ ११ ८ १०

जुन व्यक्तिको मेष राशिको राहु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै आमदानी गर्ने र बढी लाभ कमाउन जान्ने तथा आयको स्थानमा अनेकानेक युक्तिहरू प्रयोग गरेर मनले तोकेको भन्दा पनि बढी लाभ पाउने प्रयत्न गर्न नछाड्ने खालको होला। लाभ प्राप्तिको स्थानमा अलि-अलि अनुचित काम र गुप्त रूपले पनि फाइदा लिन जान्ने र लेन-देनको स्थानमा सदैव महान् स्वार्थसिद्धिको पूरा-पूरा विचार राख्नेवाला र कहिले काहीं आमदानीमा केही कमी हुनाले मनमा असन्तोष मान्नेवाला, अनि केही ब्याज झैं सित्तैंको लाभ पनि प्राप्त गर्नेवाला र कहिले काहीं लाभको साटो हानि र विपत्तिको योग पाउने खालको साहसी व्यक्ति होला।

कु० नं० ३५१

४ २ ५ ३ १रा. ६ १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको वृष राशिको राहु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बर्ता व्यय हुने कारणहरूले कहिले काहीं कष्ट सहन गर्ने र कहिले काहीं खर्चको शक्तिलाई प्राप्त गर्नको निम्ति अनेक झ्याउलाहरूमा गाडिने खालको होला। खर्च गर्न धन प्राप्तिको बाटोमा ठूला-ठूला विचित्र युक्तिहरूले काम बनाउन जान्नेवाला, अनि केही विपरीत चालले पनि खर्च गर्ने शक्तिको योग पाउनेवाला र खर्च गर्ने स्थानमा कहिले काहीं बढी र कहिले काहीं न्यूनताको योग परेको तथा अन्यान्य स्थानहरूको सम्पर्कमा केही बाधाहरू पाउनेवाला र गुप्त युक्तिहरूले वा केही अनधिकार रीतिले काम गर्नेवाला अनि धेरै परका कुरा विचार गर्ने खालको बाठो होला।

कु० नं० ३५२

४ २रा. ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०

मिथुन लग्नान्तर-केतुफलम्

जुन व्यक्तिको मिथुन राशिका केतु लग्नबाट प्रथम स्थानमा छ भने त्यों मानिस देह स्थानमा दुर्बलता वा चिन्ताहरूको योग पाउनेवाला र शरीरको कद र रंगमा हलूको भाव परेको तथा सौन्दर्यमा न्यूनता भएको एवं शरीरमा कहिले काहीं सांघातिक चोट वा सांघातिक खतराको योजना पाउने भएको र शरीरमा 'म निर्धो छु' भन्ने भावनाले ग्रसित भएको तथा अत्यन्त गुप्त धैर्य शक्ति भएको र अत्यन्त गुप्त रीति वा युक्तिले काम गर्नेवाला, बढी संकीर्ण योजनाहरू विचार्ने भएको, मान-प्रतिष्ठा आदिमा केही हानि वा न्यूनताको योग पाउने र गुप्त हठी वा जिद्दी होला।

कु० नं० ३५३

४ २ ५ ३के. १ ६ १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको कर्क राशिको केतु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको कोष स्थानमा ठूला-ठूला हानिहरू वा विफलताहरू भेट्टाउने खालको होला। कुटुम्ब स्थानमा निकै दुर्बलता र क्लेशको योग पाउनेवाला र धन स्थानको वृद्धि गर्नका लागि तन-मनको महान् शक्तिको भयंकर प्रयोग गर्नेवाला, धन-जनको वृद्धि गर्नका लागि महान् धैर्य र साहसले काम गर्नेवाला, धनको वृद्धिको बाटोमा अन्धविश्वासको साथै आफ्नू संकल्पमा अचल रहेर गुप्त युक्तिहरूले काम सपार्न खोज्ने तथा धनको कठिन र अनधिकार उन्नतिको मार्गमा सफलता पाउने हठी स्वभावको होला।

कु० नं० ३५४

४के. २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०

जुन व्यक्तिको सिंह राशिका केतु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस दाजू-भाई दिदी-बहिनीको स्थानमा अनेक कष्ट र अपठेरा

कु० नं० ३५५

४ २ ५के. ३ १ ६ १२ ७ ९ ११ ८ १०

झ्याउलाहरू पाउने खालको होला। पुरुषार्थ बलको शक्तिमा आंशिक हानि र दुर्बलताको पनि कहिले काहीं हानि नै पाउला, महान र गम्भीर मानसिक र दैहिक परिश्रम धनको लागि गर्नेवाला, महान हिम्मत र साहसका साथै उन्नतिको बाटोमा अग्रसर हुनेवाला, निकै धैर्यको गुप्त शक्तिले ठूला-ठूला काम गर्नेवाला, उन्नति र कार्यसिद्धिका लागि अपरिमित शक्तिको प्रयोग गर्न जान्नेवाला, शौर्य र साहसको स्थानमा निकै कट्टरता र तत्परताद्वारा काम लिने र बढी दौड-धूप गर्ने खालको होला।

जुन व्यक्तिको कन्याराशिको केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृ-स्थानबाट केही हानि अनुभव गर्नेवाला र भूमि-भवनको

कु० नं० ३५६

४ २ ५ ३ १ ६के. १२ ७ ९ ११ ८ १०

सम्बन्धमा केही बाधा र हानिको योग परेको भए पनि निवास स्थानमा आन्तरिक दृढता वा उत्तमताको स्थायी योग प्राप्त गर्नेवाला, सुखका साधनहरूमा धेरै-धेरै विघ्न-बाधा र कष्टहरू सहिसकेपछि कुनै स्थिर शक्ति प्राप्त गर्नेवाला र घरेलू वातावरण भित्र कुनै खास किसिमको आंशिक कमी अनुभव गर्नेवाला र सुख स्थानको वृद्धि गर्नका लागि जुन वेला पनि निकै दृढता र आन्तरिक तत्परताले काम लिन जान्ने खालको होला।

जुन व्यक्तिको तुलाराशिका केतु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्या ग्रहण गर्नमा अनेक थरिका विघ्नबाधा सहनेवाला, मस्तिष्कमा केही कष्ट वा अशान्ति अनुभव गर्नेवाला, बोल-चाल वा कुरा-कानी गर्दा राम्ररी आफ्नो मन्तव्य बुझाउन नसक्ने खालको, बुद्धि विद्याको भित्री तहमा दह्रो पारेर राख्ने खालको होला। विद्या र गुणहरू ग्रहण गर्दा महान् परिश्रम र दृढताले काम लिनेवाला, दिमाग भित्र अन्धविश्वासको धारणा शक्तिको विचार राख्नेवाला, केही कटु भाषण गर्नेवाला, तथा स्वार्थसिद्धिले युक्त, शीलरहित दुर्गुणहरूले भरिएको होला।

कु० नं० ३५७

४　२
५　३　१
६　१२
७के.　९　११
८　१०

जुन व्यक्तिको वृश्चिक राशिको केतु लग्नबाट षष्ठस्थानमा छ भने त्यो मानिस शत्रु स्थानमा निकै ठूलो प्रभाव राख्नेवाला र मावली पक्षबाट केही हानि भेट्टाउने खालको होला। अनेक झ्याउला र कष्टहरूमा विजय प्राप्त गर्नेवाला, महान् आन्तरिक दृढता र अपरिमित शक्तिद्वारा आफ्नू काम सफल पार्नेवाला, गुप्त धैर्यको पराकाष्ठा शक्ति प्राप्त गर्नेवाला, आफ्नू परिश्रम र साहसको विशाल शक्तिको प्रयोग गरेर विजयरूपी शक्ति प्राप्त गर्न जान्नेवाला र शीलको उल्लंघन गर्नेवाला, आफ्नू स्वार्थको पूर्ति गर्नमा निकै तत्परताले अघिसर्नेवाला, उन्नतिको बाटोमा सदैव निर्भयताले काम लिन जान्ने र अत्यन्त बाठो खालको होला।

कु० नं० ३५८

४　२
५　३　१
६　१२
७　९　११
८के.　१०

जुन व्यक्तिको धन राशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा केही क्रान्तिको योग परेको र स्त्रीको मनभित्र कुर्ने

कु० नं० ३५९

४ २ ५ ३ १ ६ १२ ७ ९के. ११ ८ १०

विशेष शक्तिको योग पाउनेवाला, भोग-विलासको केही बढी योग परेको होला। दैनिक व्यापारक स्थानमा महान् परिश्रम र शक्तिले ठूला-ठूला काम गर्न जान्नेवाला, आन्तरिक दृढ भावनाहरूको सहयोग र बलले व्यापारमा असाधारण उन्नतिको मार्गमा अग्रसर हुनेवाला, गृहस्थीको लौकिक उन्नतिका लागि महान् प्रयत्न र गुप्त शक्तिको प्रयोग गर्नेवाला तथा गृहस्थीको व्यवस्थामा आंशिक शक्तिको कमी पाउने भए पनि साहसी होला।

जुन व्यक्तिक मकर राशिका केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस जीवनको दैनिक दिनचर्यामा केही अशान्ति र बाधा सहन

कु० नं० ३६०

४ २ ५ ३ १ ६ १२ ७ ९ ११ ८ १०के.

सक्नेवाला, जीवनलाई सहायक हुने जस्ता केही प्रथम र गम्भीर वस्तुको लाभ प्राप्त गर्नमा ठूला-ठूला अपठेरा र कष्टहरू एवं व्यर्थको परिश्रम सहन गर्नेवाला, तथा जीवन निर्वाह गर्ने शक्तिलाई प्राप्त गर्नको निम्ति वा बलियो तुल्याउनको लागि आन्तरिक धैर्यको महान् शक्तिद्वारा काम सपार्न जान्ने खालको होला। केही उदरविकार-ले पीडित रहनेवाला एवं गुप्त रूपले कठिन पुरुषार्थ र परिश्रम गर्नमा निकै ठूलो पुरुषार्थ र तत्परताले काम लिन जान्ने गुप्त शक्तिवान् होला।

जुन व्यक्तिको कुम्भराशिको केतु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानि भाग्यस्थानबाट केही दुःख-कष्टहरू सहनेवाला तथा भाग्यको उन्नति गर्नका लागि स्थिर रूपले कठोर परिश्रम गर्न सक्नेवाला, धर्मको स्थानमा केही हानिको योग परेको होला। यश प्राप्तिको सम्बन्धमा केही न्यूनता पाउने खालको र ईश्वरको विश्वासमा केही दुर्बलता पाउनेवाला तथा भाग्यको सम्बन्धमा उन्नति गर्नका लागि कटिबद्ध तत्परताको गुप्त शक्तिले काम लिएर अन्त्यमा कुनै बलियो वा दह्रो युक्ति फेलापार्नेवाला र असफलताहरूको समय ठूलो धैर्यले बिताउन जान्ने निकै बाठो खालको होला।

कु० नं० ३६१

४ २
५ ३ १
६ १२
७ ९ ११ के.
८ १०

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानबाट आंशिक हानि र केही दुःख-कष्टको योग परेको र पदोन्नतिको बाटोमा ठूला-ठूला अपठेरा र झ्याउलाहरू सहन गर्नेवाला तथा राज-समाजका कामहरूमा सम्मान प्राप्त गर्नका लागि धेरै ठूलो परिश्रम गर्नसक्ने र व्यापारको उन्नतिका लागि धेरै बर्ता मिहिनेत वा गुप्त धैर्यको महान् शक्तिको प्रयोग गर्नेवाला, कहिले काहीं सम्मान र इज्जतको स्थानमा घोर संकट लाइलागेको प्रत्यक्ष देख्न सक्नेवाला, तर धेरै थरिका निराशाहरूको पछि पनि कुर्ने राम्रो बाटोमा दृढतापूर्वक अडिएर काम गर्दैरहने खालको र अन्त्यमा कुनै बलियो वा दह्रो शक्ति फेला पार्ने खालको साहसी होला।

कु० नं० ३६२

४ २
५ ३ १
६ १२के.
७ ९ ११
८ १०

जुन व्यक्तिको मेष राशिका केतु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आम्दानीको स्थानमा निकै बलियो शक्ति प्राप्त गर्नेवाला, लाभ स्थानमा वृद्धिका लागि महान् शक्तिको प्रयोग गर्न जान्ने भएको, केही अनधिकार लाभ पनि प्राप्त गर्नेवाला एवं लाभ प्राप्तिको स्थानमा अन्ध-विश्वासको धारणा शक्तिलाई लिएर महान् परिश्रम र कठोर दौड़-धूप गर्नेवाला, महान् धैर्यका साथ लाभको स्थानमा तत्परताले काम गर्नेवाला, एवं लाभको विषयमा ठूलो भन्दा पनि धेरै ठूलो विपत्ति पनि सहन सक्ने खालको होला। आफ्नू वास्तविक हकभन्दा बढी पाउने प्रयत्न सदैव गरिरहने वाला र गुप्त शक्तिले सफल हुने खालको होला।

कु० नं० ३६३

४ २
५ ३ १के.
६ १२
७ ९ ११
८ १०

जुन व्यक्तिको वृष राशिको केतु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्ने र खर्चको शक्ति प्राप्त गर्नका लागि महान् परिश्रम गर्ने तथा चातुर्यको बाटोबाट आन्तरिक धैर्य धारण शक्तिद्वारा खर्चका योजनाहरूको संचालन गर्न राम्रो जान्ने र अन्य स्थानबाट सम्बन्धित सम्पर्क बाधाहरू र दुःख-कष्टको योग परेको होला। बाहिरी स्थानको शक्ति पाउनेवाला, अन्यान्य विश्वासका साथै चातुर्यहरूले युक्त बढी कठोर प्रयत्न वा युक्ति गर्न जान्नेवाला र बाहिरी स्थानहरूबाट खर्चको सम्बन्धमा निस्फिक्रि रहनेवाला, त्यो निस्फिक्रीको स्थितिमा कहिले काहीं ठूलो संकट पनि सहन सक्ने र अन्त्यमा राम्रो दह्रो बाटो फेला पार्ने खालको होला।

कु० नं० ३६४

४ २के.
५ ३ १
६ १२
७ ९ ११
८ १०

कर्क लग्न हुनेहरूको-भविष्यका तारीखहरू

सन् १९९७ को वर्षमा-गुरू सातों स्थानमा नीच स्थितिमा चल्ने छन् र राहु केतु चौथो र दसौं स्थानमा चल्नेछन्। यसै निम्ति यो वर्ष गृहस्थी र व्यापारको विषयमा अनेक झ्याउला आइलाग्लान्। २७/१/९७ देखि ३१/६/९७ सम्म भाग्योन्नतिमा प्रायः सफलता प्राप्त हुनेछन्। त्यसपछि व्ययमा वृद्धि भइरहने छ र समय विपरीत चल्न सक्तछ। ता० १९/७/९७ देखि फेरि भाग्य सप्रदै जानेछ। ता० ३/९/९७ देखि समयले उन्नतिको बाटो समाउने छ र ता० १५/१२/९७ सम्म प्रायशः सफलता र शक्ति प्राप्त होला।

कु० नं० ३६५

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

सन् १९९८ को वर्षमा- ता० १/१/९८ देखि समय अलि-अलि विपरीत वा कष्टदायक रहने छ। ता० २१/१/९८ देखि गृहस्थी र व्यापारमा सफलता प्राप्त हुनन्। ता० ९/२/९८ देखि केही झ्याउलाहरू र कष्ट आइलाग्नन्। ता० १६/३/९८ देखि समय सौभाग्य र सफलतातिर लम्कन थाल्नेछ। ता० १७/७/९८ बाट समय उत्तम चल्न थाल्नेछ। ता० २८/९/९८ देखि १५/११/९८ सम्ममा घर-गृहस्थी र भाग्यको विशेष सफलता मिल्ला। पछि ता० १३/१२/९८ सम्ममा भाग्य विपरीत रहने छ।

कु० नं० ३६६

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

कर्क लग्नका सुनौला तारीखहरू

सन् १९९९ को वर्षमा- ता० १/१/९९ देखि समय सामान्य रहने छ। ता० १/३/९९ बाट केही आंशिक सुधार रहला। ता०१८/४/९९ बाट भने भाग्योन्नति आरम्भ हुनेछ। ता० ६/७/९९ बाट फेरि समय बिग्रन सक्छ र व्यय भार बढ्ला। ता० २१/८/९९ बाट सम्मान, प्रभाव र भाग्यको सफलता प्रारम्भ होला। ता० ६/१०/९९ बाट बुद्धिद्वारा लाभको सफलता प्राप्त होला। ता० १९/१२/९९ देखि केही बढी परिश्रम र कष्टमा वृद्धि होला।

कु० नं० ३६७

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

सन् २००० को वर्षमा ता० २/१/२००० देखि साधारण चल्नेछ। ता० ९/२/२००० बाट भाग्य सप्रदै जानेछ। ता० ३०/३/२००० देखि भाग्योदयको बाटो खुल्नेछ। ता० १३/५/२००० बाट भाग्यमा न्यूनता आउन सक्दछ। ता० ५/७/२००० बाट भाग्यको बलले लाभमा सफलता मिल्ला। ता० १५/८/२००० बाट फेरि समय विपरीत हुन सक्दछ। ता० २/९/२००० देखि समय राम्रो हुन थाल्नेछ भाग्यमा जागृति आउला। ता० १३/१२/२००० सम्म समय उत्तम चल्नेछ। त्यसपछि केही न्यूनता रहला। यस वर्षमा धनको न्यूनता पनि रहला।

कु० नं० ३६८

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

कर्क लग्नमा-सुनौला तारीखहरू

सन् २००१ को वर्षमा ता० ६/१/२००१ देखि समय केही दुर्बल रहला। ता० ३/२/२००१ बाट समय सप्रन्दै जान सक्तछ। ता० १९/३/२००१ बाट समय बिस्तार-बिस्तार सप्रला। ता० २/५/२००१ बाट ३०/५/२००१ सम्ममा समय राम्रो रहने छ। ता० ३१/५/२००१ बाट व्यय बढी होला। ता० २६/७/२००१ बाट धनमा सफलता पाए पनि भाग्यमा न्यूनता रहने छ। ता० ३१/१२/२००१ सम्ममा सफलता र अनेक झ्याउलाहरू रहिरहने सम्भावना देखिन्छ।

कु० नं० ३६९

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

सन् २००२ को वर्षमा- ता० १/१/२००२ बाट समय कमजोर रहने छ। ता० २२/२/२००२ बाट समय सप्रदै जानेछ र उन्नति भइरहला। ता० १३/३/२००२ बाट भाग्यमा केही न्यूनता आउन सक्दछ। ता० २३/५/२००२ बाट फेरि भाग्योन्नति आरम्भ हुनेछ। ता० २५/६/२००२ बाट आयभन्दा व्यय बढी रहने छ। ता० १०/८/२००२ बाट भाग्योन्नतिको उत्तम सफलता र उन्नति रहिरहने छ। त्यसपछि ता० ३१/१२/२००२ सम्ममा समयमा केही न्यूनता चल्दै रहला। यो वर्ष राम्रो देखिन्छ।

कु० नं० ३७०

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

कर्क लग्नमा उत्तम तारीखहरू

सन् २००३ को वर्षमा-ता० १/१/२००३ बाट समय विपरीत चल्नेछ। ता० १८/२/२००३ बाट भाग्यको शक्तिमा सफलता रहला र उन्नति भइरहने छ। ता० २३/३/२००३ बाट विभिन्न प्रकारका सफलता र अनेक झ्याउला एवं हानिहरू आइलाग्नेछ। ता० १७/७/२००३ बाट समय सफलता र उन्नतितिर लम्कने छ। ता० ३०/८/२००३ बाट धन र मान-सम्मानमा वृद्धि होला। ता० १८/१०/२००३ बाट घरको सुख-शान्तिमा बाधा पर्न सक्दछ। ता० २०/११/२००३ बाट सद्बुद्धि र सन्तान पक्षबाट उन्नति र सफलता प्राप्त होला। ता० ३१/१२/२००३ सम्मको समय प्रायशः उत्तम रहने छ।

कु० नं० ३७१

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

सन् २००४ को वर्षमा- ता० १/१/२००४ बाट समय केही दुर्बल अर्थात् कमजोर रहला। ता० ३/४/२००४ देखि भाग्य सप्रन्दै जानेछ। ता० १/५/२००४ देखि भाग्योन्नतिको उत्तम समय प्रारम्भ हुनेछ र सबैतिरबाट धनागम होला। ता० १३/६/२००४ बाट समय बढी व्यय गराउने रहला। व्यय घटाउन कठिन पर्नेछ। ता० २०/७/२००४ बाट सर्वोत्तम समय लाभदायक रहला। ता० २/९/२००४ बाट समय केही कष्टदायक रहने छ। ता० ४/१२/२००४ देखि ता० ३०/१२/२००४ सम्ममा भाग्यको सुख र मनको शान्ति बनिरहने छ।

कु० नं० ३७२

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

कर्क लग्नमा उत्तम तारीखहरू

सन् २००५ को वर्षमा- ता० १/१/२००५ बाट समय केही राम्रो केही नराम्रो र नाफा-नोक्सान मिसिएको चल्नेछ। ता० ६/४/२००५ बाट भाग्योदय आरम्भ होला र इच्छित उन्नति हुँदैं जानेछ। ता० १७/७/२००५ बाट धनको पक्ष बलियो भएर जाला तापनि केही कष्टले छाड्ने छैन। ता० २३/८/२००५ बाट भाग्यको उत्तम समय आरम्भ होला। ता० १७/१०/२००५ बाट केही मानसिक कष्ट र शारीरिक रोगले दुःख दिनन्। ता० १६/११/२००५ बाट बुद्धि द्वारा इच्छित सफलता प्राप्त होला। ता० १२/१२/२००५ बाट सफलता केही दुर्बल वा कमजोर रहने छ।

कु० नं० ३७३

सन् २००६ को वर्षमा- ता० १/१/२००६ बाट भाग्यको बल कमजोर र अशान्तिदायक रहने छ। ता० १५/१/२००६ बाट गृहस्थी र व्यापारमा इच्छित सफलता प्राप्त होला। ता० ७/२/२००६ बाट भाग्यमा केही न्यूनता आउन सक्तछ। ता० ४/३/२००६ बाट भाग्यमा आंशिक सुधार आउला। ता० २३/४/२००६ बाट भाग्यमा सफलता आउला। ता० २३/४/२००६ बाट आय कम र व्यय बढी रहने छ। ता० १७/७/२००६ बाट केही लाभमा सफलता प्राप्त होला। ता० ८/८/२००६ बाट उन्नतिमा अनेक बाधा आउलान्। ता० १४/११/२००६ बाट धन, मान, र यशको सफलता मिल्ला।

कु० नं० ३७४

कर्क लग्नका उत्तम तारीखहरू

सन् २००७ को वर्षमा- ता० १/१/२००७ बाट घरेलू सुखहरूमा वृद्धि रहला। शत्रु स्थानमा प्रभाव बढ्ला। ता० २१/१/२००७ बाट आयमा केही न्यूनता आउला। ता० १५/२/२००७ बाट सुख र सफलता रहने छ। ता० २३/३/२००७ बाट राम्रो-नराम्रो दुवै स्थिति चलिरहने छ। ता० १४/४/२००७ देखि भाग्योदयको समय उत्तम रहने छ। ता० १५/६/२००७ बाट बर्ता धन-व्यय रहने छ। ता० १५/७/२००७ बाट समय सप्रन्दै जानेछ। ता० ७/११/२००७ बाट उन्नतिको समय आउने छ। ता० १५/१२/२००७ देखि ३०/१२/२००७ सम्म समय केही सामान्य रहे पनि कुनै कुराको कष्ट हुने छैन।

कु० नं० ३७५

५ ३ ६ ४ २ ७ १ ८ १० १२ ९ ११

कु० नं० ३७६

५ ३ ६ ४ २ ७ १ ८ १० १२ ९ ११

विशेष सूचना– योभन्दा पहिले जुन-जुन ग्रह लाभदायक वा सुख-शान्तिदाता भनेर लेखिएका छन् एवं जन्म कुण्डली भित्र जुन श्रेष्ठ ग्रहहरूको फल बताइएको छ, ती सबैमा यो कुरा अवश्य ध्यान राख्नु पर्दछ कि जब-जब गुरू, मंगल, शुक्र वा अन्य कुनै ग्रह सूर्यबाट अस्त हुन्छन् तब-तब ती उत्तम ग्रहरू पनि भने जस्तो लाभ गर्न समर्थ हुन्नन्। अतः कुनै पनि फलादेश गर्दा यस कुराहरूको विचार गर्नु आवश्यक छ।

कर्क लग्न हुनेहरूको प्रतिकूल समय ज्ञान

कु० नं० ३७७

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

(सबै कालको लागि)

तल लेखिएका ग्रह, जब-जब यी राशिहरूमा आउने छन्, तब-तब ती वर्षहरूमा महीनाहरूमा र दिनहरूमा प्रतिकूल समय रहने छ भन्ने जान्नु होला।

सूर्य- मिथुन, तुला, धन र कुम्भ।
चं०- मिथुन, वृश्चिक, धन र कुम्भ।
मं०- मिथुन, कर्क, धन र कुम्भ।
बु०- सिंह, धन, कुम्भ, र मीन।
गु०- मिथुन, धन, मकर, र कुम्भ।
शु०- मिथुन, धन, कुम्भ र कन्या।
श०- मिथुन, सिंह, धन, कुम्भ र मेष।
रा०- सिंह, धन, कर्क, मकर र कुम्भ।
के०- कर्क, सिंह, मकर, कुम्भ र मिथुन।

सूचना- वर्ष दिनको फलादेश जान्नका लागि शनि, गुरु, राहु र केतु यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। महीनाको फलादेश जान्नका लागि सू०, बु०, शु०, मं०, यी चार ग्रहहरूबाट गणना गर्नुपर्दछ। प्रतिदिनको फलादेश जान्नका लागि चन्द्रमाबाट हेर्न आरम्भ गर्नु पर्दछ। जब कहिले कुनै ग्रह सूर्यबाट अस्त हुन्छ, तब त्यो ग्रह न्यून फलदातामा गनिन्छ।

कर्क लग्न हुनेहरूको अनुकूल समय ज्ञान

(सदैव कालको निम्ति)

कु० नं० ३७८

	५	३	
६	४		२
	७	१	
८	१०		१२
	९	११	

तल लेखिएका ग्रहहरू जब-जब यी राशिहरूमा पञ्चाङ्गमा देखापर्छन्, तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा- लाभप्रद, सुख-शान्तिदायक र आरोग्यदायक फल प्रदान गर्दछन्।

सूर्य- मेष, वृष, कर्क, सिंह, कन्या, वृश्चिक र मीन।
चं०- कर्क, सिंह, कन्या, तुला, मकर, मीन, मेष र वृष।
मं०- मेष, वृष, सिंह, कन्या, तुला, वृश्चिक, मकर र मीन।
बु०- कर्क, कन्या, तुला, वृश्चिक, मकर, मेष र वृष।
गु०- कर्क, सिंह, कन्या, तुला, वृश्चिक, मकर, मीन र मेष।
शु०- वृष, कर्क, सिंह, तुला, वृश्चिक, मकर, मीन र मेष।
श०- वृष, कर्क, कन्या, तुला, वृश्चिक, मकर, र मीन।
रा०- मिथुन, कन्या, मीन र वृषभ।
के०- कन्या, धन, वृषभ र मीन।

सूचना- वर्षको फलादेश जान्नका लागि शनि, गुरू, राहु, केतु यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। महीनाको फलादेश जान्नका लागि सू०, बु०, मं०, शु० यी चार ग्रहहरूबाट जान्नुपर्दछ। फेरि प्रतिदिनको फलादेश जान्नका लागि चन्द्रमाबाट हेर्नुपर्दछ। अनि भिन्न-भिन्न विषयहरूको पूर्ण ज्ञान गर्नका लागि 'अखण्ड भाग्योदय दर्पण' मा हेरे जानिन्छ।

कर्क लग्नान्तर-सूर्यफलम्

जुन व्यक्तिको कर्क राशिका सूर्य लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस धेरै प्रतापी, धनवान, तेजस्वी र सुरक्षा एवं प्रभावको शक्ति सम्पन्न होला। स्त्री पक्षबाट र व्यापारिक पक्षबाट बढी लाभमा पनि मनमनै नीरसता अनुभव गर्नेवाला, साथै केही अपठेरो पनि अनुभव गर्ने खालको र शरीरद्वारा धनको शक्ति पाउनेवाला, धेरै कुटुम्ब भएको र केही नाम र चर्को मिजास भएको एवं शरीरमा केही बन्धन झैं पाउनेवाला, मान र इज्जत प्राप्त गर्नेवाला तथा निकै ठूला-ठूला योजनाहरू बनाउनेवाला र ती योजनाहरू सफल तुल्याउन प्रयत्नशील रहने खालको होला।

कु० नं० ३७९

५ ३
६ ४सू. २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको सिंह राशिका सूर्य लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस ठूलो धनवान र धेरै कुटुम्बवाला तथा धनको कारणले नै जीवनको दिनचर्यामा अलि-अलि अशान्ति अनुभव गर्नेवाला, धनको शक्तिले केही अपठेरो परे पनि केही गूढ तत्त्वको केही फाइदा प्राप्त गर्नेवाला, आयको दिनचर्यामा केही नीरसताको आभास र धनाढ्य व्यक्तिको झैं रहन-सहन भएको होला, धनको तर्फबाट ठूलो प्रभावी शक्ति राख्नेवाला, धनको संग्रह शक्तिलाई नै बढी महत्व दिने खालको र आफ्नू धनको प्रभावी तागतले धनको वृद्धि गर्नेवाला इज्जतदार होला।

कु० नं० ३८०

५सू. ३
६ ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको कन्याराशिका सूर्य तृतीय स्थानमा छ भने त्यो मानिस निकै ठूलो र राम्रो पुरुषार्थको शक्ति प्राप्त गर्नेवाला, आफ्नू पुरुषार्थले नै धन कमाउन जान्नेवाला, निकै यश-कीर्ति पाउनेवाला, धनले नै धर्मको पनि उन्नति गर्न जान्नेवाला, निकै ठूलो भाग्यमानी कहिने खालको होला। दाजू-भाइ दिदी-बहिनी धेरै भएको र कठोर परिश्रम गर्नेवाला, आफ्नू बाहुबलले कुनै चमत्कारिक काम गर्नेवाला तथा ठूलो प्रभावको महान् शक्ति प्राप्त गर्नेवाला, प्रभावको शक्तिले नै धन कमाउनेवाला, अनि आफ्नू ठूलो साहस र शक्तिले ठूला-ठूला सफलता र गौरव पाउने खालको होला।

कु० नं० ३८१

५ ३
६सू. ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको तुला राशिको सूर्य लग्नबाट चतुर्थ स्थानमा छ भने त्यो मानिस धनको कारण परेर कष्ट अनुभव गर्नेवाला, तथा सुख-शान्तिको स्थानबाट व्यर्थ अशान्ति वा बन्धन पाउने खालको होला। फेरि मातृ-स्थानमा केही न्यूनता र पिता-स्थानमा आंशिक वृद्धि पाउने वाला, व्यापार आदिमा मान-प्रतिष्ठाको वृद्धि पाउनेवाला, घरमा नगद सम्पतिमा कमी पाउनेवाला तथा भूमि-भवन आदिसित सम्बन्धित कुनै कष्टको अनुभव गर्नेवाला, राज-समाजमा मान-सम्मान पाउनेवाला, कुटुम्ब स्थानबाट केही न्यूनता र अशान्ति प्राप्त गर्नेवाला, त्यही अशान्तिबाट नै धन कमाउनेवाला, अनि जीवनमा आराम पाउने खालको होला।

कु० नं० ३८२

५ ३
६ ४ २
७सू. १
८ १० १२
९ ११

जुन व्यक्तिको वृश्चिक राशिको सूर्य पाँचौं स्थानमा छ भने त्यो मानिस निकै बर्ता बुद्धिमान र धेरै धन कमाउन जान्नेवाला, अकस्मात बढी लाभ पाउनेवाला, ठूलो परिवारको स्वामी हुने लायक र निकै दूरदर्शिताले काम गर्नेवाला, बढी प्रभावशाली र गहकिलो वाणी बोल्ने तथा तीक्ष्ण बुद्धिले विचार गर्ने खालको होला। सन्तान पक्षबाट केही बन्धन पाउनेवाला र आफ्नू बुद्धिको सामुन्ने अन्यको बुद्धि-विचारलाई न्यून मान्नेवाला, विद्या स्थानमा महानता र प्रभावको शक्ति पाउनेवाला, दिमागले निकै गर्‍हुँगो काम लिन जान्ने र अलि खरो मिजासको साहसी होला।

कु० नं० ३८३

५ ३
६ ४ २
७ १
८सू. १० १२
९ ११

जुन व्यक्तिको धनराशिका सूर्य लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस महान् प्रभावशाली र परिश्रमी तथा कर्मको शक्तिले धन कमाउने, अनेक कष्ट र शत्रुहरूको पनि कुनै वास्ता नराख्ने तथा तिनै कष्ट र शत्रु पक्षबाट लाभ कमाउन जान्ने खालको होला। बढी धन व्यय गर्नेवाला, जुन वेला पनि धनको न्यूनता अनुभव गर्नेवाला, धन-प्राप्तिमा केही परतन्त्रता पाउनेवाला, मावली पक्षबाट केही प्रभाव पाउनेवाला, रोग-दोष, भय आदिमा काबू पाउनेवाला, कुटुम्ब-सुखमा न्यूनता भेट्ने र धनको तागतले प्रभावको ठूलो वृद्धि र इज्जद कमाउने खालको होला।

कु० नं० ३८४

५ ३
६ ४ २
७ १
८ १० १२
९सू. ११

जुन व्यक्तिको मकर राशिको सूर्य लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस धनको कष्ट भए पनि दैनिक व्यापारमा लागि रहनेवाला, व्यापारको कामममा केही झ्याउलाहरू र कष्ट सहेर धन प्राप्त गर्ने खालको होला। स्त्री पक्षबाट केही लाभ र आंशिक कष्ट अनुभव गर्नेवाला, अनि धनवान्हरूमा गणना गरिनेवाला, पत्नी पक्षमा द्रव्यके कारणले केही नीरसताको योग परेको तथा व्यापारमा इज्जत कमाएको र इन्द्रिय सम्बन्धी भोगादिक सुखहरूमा केही बन्धन वा नीरसताको योग परेको तथा लौकिक कार्यहरूमा निकै प्रभावले आफ्नू काम सपार्न जान्ने खालको होला।

कु० नं० ३८५

५ ३
६ ४ २
७ १
८ १०सू. १२
९ ११

जुन व्यक्तिको कुम्भ राशिको सूर्य लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस निकै कष्टसाध्य युक्तिहरू द्वारा धन कमाउन सक्नेवाला, धनको न्यूनता अनुभव गर्नेवाला र कोही मृतक अथवा पैतृक धन वा अपुताली पाउने तथा कहिले काहीं अकस्मात् धन-हानि पनि खप्ने खालको होला। अनि धन आफूसंग जम्मा गर्नमा आफूलाई निकै असमर्थ ठान्नेवाला, धनको विषयमा केही न्याय विरूद्ध काम पनि गर्न सक्नेवाला तथा धनको वृद्धि गर्नका लागि केही गुप्त प्रभावको शक्तिले पनि काम जान्नेवाला र जीवनको दिनचर्यामा केही नीरसता युक्त धनाढ्यको ढाँचा गर्नेवाला, फेरि धन प्राप्तिको लागि केही विदेशको सम्बन्ध पनि पाउने खालको होला।

कु० नं० ३८६

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११सू.

जुन व्यक्तिको मीन राशिको सूर्य लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस निकै भाग्यमानी र ठूलो धर्मात्मा तथा बर्ता धनवान् एवं भाग्यको शक्तिले धन पाउनेवाला, अनि निकै ठूलो पुरुषार्थ गर्नेवाला, दाजू-भाइ दिदी-बहिनी भएको र आफ्नू दूरदर्शिताको शक्तिले लाभ कमाउन जान्नेवाला, गहीरो प्रभावको शक्तिले पनि बढी धन कमाउनेवाला, अनि धेरैं मान-सम्मान, इज्जत कमाउनेवाला, धर्मले धनको वृद्धि पाउनेवाला, गहीरो तत्त्वको ज्ञान भएको र त्यसैले धर्मद्वारा धनको वृद्धि गर्नेवाला, ईश्वरमा विश्वास राख्ने तथा अन्यायले उपार्जिक धनलाई तुच्छ ठान्ने र निकै साहस हिम्मत भएको होला।

कु० नं० ३८७

५ ३
६ ४ २
७ १
८ १० १२ सू.
९ ११

जुन व्यक्तिको मेष राशिका सूर्य लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो प्रभाव पाउने खालको र भूमि-भवन आदिको बढी वास्ता नगर्ने तथा धनको ठूलो स्वामी हुने खालको होला। पिता स्थानबाट बढी उन्नति गर्नेवाला र पिताकै स्थानबाट ठूलो सम्मान र लाभ प्राप्त गर्ने तथा व्यापारमा अथवा कुनै इज्जतको कार्यबाट खूब धन कमाउनेवाला, तथा मातृस्थानबाट केही कष्ट अनुभव गर्ने एवं सुख-शान्तिमा केही बाधा पाउनेवाला, निकै ठूलो प्रभावशाली कर्म गर्नेवाला, राज-समाजबाट सम्मान र धनको खूब शक्ति भेट्नेवाला तथा ठूलो कुटुम्ब भएको र प्रतापी एवं प्रभावशाली होला।

कु० नं० ३८८

५ ३
६ ४ २
७ १सू.
८ १० १२
९ ११

जुन व्यक्तिको वृषराशिका सूर्य लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस लाभ स्थानको योगले धनको शक्ति प्राप्त गर्नेवाला, फेरि रूपियाँले नै रूपियाँ कमाउन जान्ने खालको होला। धन प्राप्तिको स्थानमा वृद्धिले केही उत्तम काम बनाउन जान्ने र सन्तानबाट सहयोग पाउने तथा केही नीरसतायुक्त कुटुम्बको लाभ प्राप्त गर्नेवाला, आमदानीको स्थानबाट पनि आंशिक नीरसताले युक्त धन लाभ र रत्न आभूषण आदि पाउने तथा तीक्ष्ण बुद्धि भएको, विद्या र सन्तानमा केही गहीरो भाव पाउनेवाला, आफ्नू स्वार्थमा अमूल्य-अमूल्य कुरा भन्न जान्ने प्रभावी वक्ता होला।

कु० नं० ३८९

५ ३
६ ४ २सू.
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको मिथुन राशिको सूर्य बाह्रौं स्थानमा छ भने त्यो मानिस बर्ता धन-शक्ति व्यय गर्नेवाला, तथा धन संग्रह गर्न नसक्ने खालको होला। बाहिरी अन्य स्थानबाट धन प्राप्त गर्नेवाला र खर्चको तागतले काम बनाउने, शत्रु स्थानमा प्रभाव राख्नेवाला, अनेक रोग वा कष्ट झ्याउलाहरूबाट रक्षित रहनेवाला तथा धन र कुटुम्बको न्यूनताका कारणहरूले दुःखको योग अनुभव गर्नेवाला एवं बाहिरीया मानिसहरूसित बर्ता मेल-मिलाप वा प्रभावको शक्ति पाइरहने र स्थानीय प्रभावको न्यूनता पाउनेवाला तथा व्यय स्थानबाट शक्ति प्राप्त गर्ने खालको होला।

कु० नं० ३९०

५ ३सू.
६ ४ २
७ १
८ १० १२
९ ११

कर्क लग्नान्तर चन्द्रफलम्

जुन व्यक्तिको कर्क राशिको चन्द्रमा लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस गौरवर्ण राम्रो सलक्क परेको शरीर भएको र सदैव प्रसन्न चित्त,

कु० नं० ३९१

५ ३
६ ४चं. २
७ १
८ १० १२
९ ११

दृढ आत्मा तथा मनमा काबू राख्न सक्ने र स्वाभिमानी, तत्त्वज्ञानी तथा गृहस्थीको परिस्थितिमा पूरा ध्यान दिने र आफ्नू दैनिक कार्य वा व्यापारमा निकै चनाखो रहने, बर्ता भोगेच्छा भएको र इच्छित भोग पाउनेवाला, आफ्नू मनपर्दी गर्ने तथा स्वच्छन्दता-युक्त रहने खालको होला। स्त्री स्थानमा केही नीरसता पाउनेवाला, तथा ख्याति प्राप्त एवं विख्यात र स्थिर चित्तको होला।

जुन व्यक्तिको सिंह राशिको चन्द्रमा लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस खूब धन कमाउनेवाला, तथा तन-मनले धनले कुटुम्बको वृद्धि

कु० नं० ३९२

५चं. ३
६ ४ २
७ १
८ १० १२
९ ११

चाहनेवाला र बृद्धिको लागि काम पनि गर्नेवाला, जीवनमा उच्चकोटिको दिनचर्या राख्ने खालको र आयुको वृद्धिमा पूर्ण ध्यान दिनेवाला तथा पुरातत्त्वको खोजीमा लागिरहने र केही अपठेरो अनुभव गर्नेवाला तथा लौकिक प्रणालीको उन्नति गर्न अघिसर्ने खालको र राम्रो शरीर भएको मनमनै म ठूलो भन्ने अभिमान भएको, समाजमा सम्मान प्राप्त गर्नेवाला र लौकिक काममा नै जीवन लगाइराख्ने ठूलो इज्जतदार र स्वार्थी खालको होला।

जुन व्यक्तिको कन्या राशिको चन्द्रमा लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस ठूलो पुरुषार्थ गर्नसक्ने, तन-मनले उन्नतिका लागि प्रयत्न गरिरहने र सदैव प्रसन्न चित्त रहनेवाला तथा धर्मलाई नमान्ने एवं भाग्यको भरमा निर्भर रहने खालको होला। दाजू-भाई दिदी-बहिनीलाई बर्ता स्नेह-माया गर्नेवाला, सुन्दर शरीर पाउनेवाला तथा उत्साहको महान् शक्ति प्राप्त गर्ने खालको, ठूलो साहसको शक्तिद्वारा विजयी हुनसक्ने र बढी यश प्राप्त गर्नेवाला तथा शान्तिपूर्वक दत्तचित्त भएर आफ्नू काम गर्नेवाला र न्याय एवं ईश्वरमा आस्था राख्ने तथा आत्मबल बढी भएको होला।

कु० नं० ३९३

५ ३
६चं. ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको तुला राशिको चन्द्रमा लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुखपूर्वक आफ्नू स्थानमा निवास गर्ने र सुन्दर शरीर भएको तथा भूमि-भवनको सुख प्राप्त गर्नेवाला एवं मान-प्रतिष्ठा बर्ता पाउने खालको होला। ठूलो व्यापार गर्ने र आफू हाँस्ने र अर्कालाई पनि हँसाउन जान्ने तथा माता-पितालाई उचित सम्मान दिने एवं विदेश जाने इच्छा नभएको, राम्रा-राम्रा काम गर्ने भएको, अनि राज-समाजबाट मान-प्रतिष्ठा प्राप्त गर्ने, शान्तिपूर्वक प्रसन्न मनले दिन बिताउने र मनोयोगको शक्तिले लौकिक वा घरेलू सम्बन्धमा उत्तम सफलता पाउने होला।

कु० नं० ३९४

५ ३
६ ४ २
७चं. १
८ १० १२
९ ११

जुन व्यक्तिको वृश्चिक राशिको चन्द्रमा लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्या बुद्धिमा कमी, सन्तान पक्षबाट केही कष्ट अनुभव गर्ने र हृदयमा केही अशान्ति अनुभव गर्ने खालको होला। धन प्राप्तिको निम्ति बढी चेष्टा र प्रयत्न गर्नेवाला, लाभको विषयमा आफूभित्र अनेक उन्नति गर्नेछु भन्ने भावना राख्नेवाला र केही संकीर्ण विचारवाला तथा कुराकानी वा भाषणद्वारा आफ्नू मनोभाव पूरा बुझाउन नसक्नेवाला, मनबुद्धिमा दुर्बलतायुक्त ज्ञान राख्नेवाला, असत्यले लाभ कमाउनेवाला, शरीर सौन्दर्यमा कमी भएको र पुड्को खालको होला।

कु० नं० ३९५

५ ३
६ ४ २
७ १
८चं. १० १२
९ ११

जुन व्यक्तिको धनराशिका चन्द्रमा लग्नबाट षष्ठस्थानमा छ भने त्यो मानिस शरीरमा केही दुर्बलता र आंशिक रोगको योग परेको, निकै अपठेरा प्रयत्नहरूको प्रभाव पार्न खोज्नेवाला, केही परतन्त्रता युक्त स्थितिमा निवास गर्ने खालको होला। तन-मनले केही अशान्ति पाउनेवाला र कहिले काहीं मावलीमा बस्न मनपराउनेवाला, बढी धन व्यय गर्न खोज्ने तथा शत्रुबाट र अन्यान्य कष्ट झ्याउलाहरूको मनमने भय मान्नेवाला, केही घेरामा वा झंझटहरूमा रहनाले आफूलाई निःसहाय झैं अनुभव गर्नेवाला, सामान्य कद-काठीको र पातलो-दुब्लो शरीर भएको, केही बांगो चालले हिड्ने भए पनि ठूलो हिम्मत भएको होला।

कु० नं० ३९६

५ ३
६ ४ २
७ १
८ १० १२
९चं. ११

जुन व्यक्तिको मकरराशिका चन्द्रमा लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस केही प्रशंसा प्राप्त गर्ने र दैनिक कार्यहरू निकै उत्साहले गर्नसक्ने तथा काम वासनाहरूमा लिप्त रहने खालको होला। भोग विलासको इच्छा गर्ने र पाउने पनि होला। राम्री पत्नी भएको र कोमल अगंवाला, शरीरको सौन्दर्य र स्वाभिमानको पूरा विचार राख्ने भएको तथा आफ्नू व्यक्तित्वलाई केही परतन्त्रतामा राखेर पनि कुनै-कुनै बेला केही काम सपार्नेवाला र स्त्रीलाई बढी महत्व दिनेवाला वा लौकिक प्रणालीमा उत्तम सफलता पाउनेवाला, आत्मबलले दैनिक व्यापारको विशेष आनन्द प्राप्त गर्ने खालको होला।

कु० नं० ३९७

५ ३
६ ४ २
७ १
८ १०चं. १२
९ ११

जुन व्यक्तिको कुम्भ राशिको चन्द्रमा लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस ठूला-ठूला विपत्ति सहन सक्नेवाला, बराबर परदेश गइरहनेवाला, शरीरमा सौन्दर्यको केही कमी अनुभव गर्ने र अनेक कष्टहरूद्वारा वा गुप्त रीतिहरूले आफ्नू उन्नति गर्नेवाला, केही पुरातत्वको खोजीमा लागिरहने र धन प्राप्तिको बराबर ध्यान राख्नेवाला र कुटुम्बको वृद्धि चाहने खालको होला। जीवनको उपस्थित समयबाट लाभ प्राप्त गर्नेवाला र केही नजाती बाटोमा हिड्न मनपराउने र जीवनको दिनचर्यामा सहायक हुने जस्तो केही गम्भीर वस्तुको लाभ पाउने र खिन्न मनको होला।

कु० नं० ३९८

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११चं.

जुन व्यक्तिको मीन राशिका चन्द्रमा लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी र राम्रो धर्मात्मा तथा प्रशस्त ललाट भएको तथा ईश्वरमा विश्वास राख्ने एवं सुन्दर शरीर भएको, प्रसन्न चित्त रहनेवाला, निकै पुरुषार्थ गर्नसक्ने, दाजू-भाई दिदी-बहिनीलाई विशेष मनपराउने तथा तत्त्वज्ञान प्राप्त गर्नेवाला र सुयश कमाउने खालको होला। पुण्य संचय गर्न जान्ने र दैवी बल प्राप्त गर्नेवाला र भाग्यलाई विशेष महत्व दिनेवाला एवं लौकिक प्रणालीमा सफलता पाउनेवाला एवं आत्मबलद्वारा दैनिक व्यापारको बढी आनन्द पाउने खालको होला।

कु० नं० ३९९

५ ३ ६ ४ २ ७ १ ८ १० १२ चं. ९ ११

जुन व्यक्तिको मेष राशिका चन्द्रमा लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस ठूलो वैभवशाली र माता-पिताको स्थानबाट लाभ पाउनेवाला, ठूलो रोजगार व्यापार गर्नेवाला, निकै ठूलो धनाढ्य व्यक्ति झैं रहन-सहन भएको, सबै सुखका साधन प्राप्त गर्ने भएको, भवन-भूमिको इच्छा भएको, सधै म ठूलो हुँ भन्ने इच्छा राख्ने खालको होला। राम्रो कर्म गर्नेवाला, राम्रो शरीर पाएको एवं प्रशंसा पाउने खालको होला। प्रभाव शक्ति पाउने र राज-समाजमा ठूलो सम्मान पाउनेवाला, मनोबलको तागतले ठूलो उन्नति गर्ने र प्रभुत्व भएको होला।

कु० नं० ४००

५ ३ ६ ४ २ ७ १चं. ८ १० १२ ९ ११

जुन व्यक्तिको वृष राशिका चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस स्थूल र प्रभावशाली राम्रो शरीर भएको, तन-मनले निरन्तर धन कमाइरहने तथा ठूला-ठूला लाभ पाउने, बुद्धिमा केही तीखो कुरा राख्नेवाला होला। केही लुकाउने युक्तिले कुराकानी गर्ने र 'म ठूलो' भन्ने अभिमानले रहनेवाला, निकै ठाँट पार्ने भएको र धन कमाउनमा निकै तेजिलो एवं केही न्यूनता वा केही बेवास्ताको योग परेको र मनभित्र धेरै बडी उमंग उत्साह भएको र विद्याको पनि केही न्यूनता एवं वास्ता नराख्ने ख्यालको साहसी होला।

कु० नं० ४०१

५ ३
६ ४ २चं.
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको मिथुन राशिका चन्द्रमा लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस शरीरमा केही कमी वा कमजोरी पाउनेवाला, अन्य बाहिरी स्थानमा बस्ने र बाहिरी स्थानबाट सम्मान पाउनेवाला, मानसिक वा शारीरिक कष्ट अनुभव गर्नेवाला, शत्रु स्थानमा केही प्रभाव कायम राख्ने चेष्टा भएको र त्यही कुरा मनमा राख्नेवाला, बढी धन व्यय गर्नेवाला, मनोबलको तागतले अन्य स्थानसित सम्बन्धित काम गर्नेवाला, मनमा उदासीनता भएको र केही निकै परको कुरा विचार गर्नेवाला, हृदयमा केही दुर्बलताको योग परेको र केही भ्रमित चित्त भएको र अशान्त हृदय होला।

कु० नं० ४०२

५ ३चं.
६ ४ २
७ १
८ १० १२
९ ११

कर्क लग्नान्तर-भौमफलम्

जुन व्यक्तिको कर्क राशिको मंगल लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस आफ्नू मान-प्रतिष्ठामा केही न्यूनता अनुभव गर्ने र माता-पिताको स्थानमा केही कमी सहित शक्ति प्राप्त गर्ने दैनिक व्यापार र स्त्री स्थानको वृद्धिमा विशेष ध्यान दिने भएको एवं देह स्थानमा केही कमी वा दुर्बलता मान्ने खालको, वृद्धि सुख र सन्तान पक्षमा केही चिन्तित रहने भएको, विद्यामा कमी पाउनेवाला, जीवनमा केही नीरसता मान्ने खालको तथा ठूला-ठूला महान् कार्य गर्ने योजना तयार पार्नेवाला, अनि केवल आशावादी उन्नतिको हर्षोल्लासमा मन रमाउनेवाला, अनि केही काम पनि गरौं कि नगरौं भन्ने गुप्त शक्तिमै समय बिताउनेवाला र बढी भोगेच्छा राख्नेवाला होला।

कु० नं० ४०३

५ ३ ६ ४मं. २ ७ १ ८ १० १२ ९ ११

जुन व्यक्तिको सिंह राशिको मंगल लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस पिता-स्थानको शक्तिबाट भर पाएर बुद्धिद्वारा आफ्नू जीवनमा ठूलो र अमूल्य काम गर्नेवाला तथा प्रशस्त धन कमाउनेवाला एवं निकै उन्नति गर्ने खालको होला। भाग्यमानी सन्तान पाउनेवाला तथा धर्मस्थान र भाग्यस्थानको विशेष ध्यान राख्नेवाला, धेरै विद्या संग्रह र धन आर्जन गर्नेवाला, राज-समाज र कुटुम्ब स्थानमा इज्जत पाउनेवाला तथा जीवनको दिनचर्यामा केही अशान्ति अनुभव गर्नेवाला, आफ्नू बुद्धिको चातुर्यले बढी लाभ कमाउने वाला र तत्काल उत्तर दिने अर्थात हाजिर जवाब, गुणग्राही, मानयुक्त होला।

कु० नं० ४०४

५मं. ३ ६ ४ २ ७ १ ८ १० १२ ९ ११

जुन व्यक्तिको कन्या राशिका मंगल लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस ठूलो प्रतापी र राज समाजमा धेरै ठूलो इज्जत पाउनेवाला, बुद्धिबल र कर्मबलले समाजमा अधिकार राख्नेवाला, पिता-स्थानको उन्नति र नाम प्राप्त गराउनेवाला, अनि शत्रु स्थानमा बढी प्रभाव राख्नेवाला, र आफ्नू कर्मद्वारा बुद्धियोगले उन्नतिको निरन्तर चेष्टा गरिरहनेवाला, तथा आफ्नू उन्नति गर्नका लागि मनभित्र सामर्थ्य राख्नेवाला, हिम्मत हारेर कहिल्यै निराश नहुने खालको तथा आफ्नो सफलताहरूको बाटोमा विरुद्धावस्थाको स्थिति आउनासाथ दाजु-भाइ, सन्तान र पिता, धर्म र अधर्म कसैको पनि वास्ता नराख्नेवाला, तथा सम्माजलाई आमा, सन्तान ठान्ने, कार्य-कुशल र विजयी होला।

कु० नं० ४०५

५ ३
६मं. ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको तुला राशिका मंगल लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस बुद्धि-व्यापार एवं ठूला-ठूला कारबारले प्रसस्त धन कमाउने वाला र लौकिक एवं गृहस्थीको काम गर्नमा बर्ता प्रवीणता-दक्षता राख्नेवाला, आफ्नू दैनिक कार्य प्रवीणताको योगले नै धेरै लाभ प्राप्त गर्नेवाला र आफ्नू स्थानमा एवं स्त्री पक्षमा ठूलो प्रभाव र सम्मान प्राप्त गर्नेवाला तथा पिता, पुत्र एवं आमासित सहयोग र सुख पाउनेवाला तथा बर्ता भोगेच्छा भएको एवं प्रभावशाली कार्य गर्नेवाला र राजसमाजमा सम्मान प्राप्त गर्नेवाला तथा विशेष भोग विलास प्राप्त गर्ने खालको प्रतापी व्यक्ति होला।

कु० नं० ४०६

५ ३
६ ४ २
७मं. १
८ १० १२
९ ११

जुन व्यक्तिको वृश्चिक राशिका मंगल लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस राजनीतिक विद्याको सम्बन्धमा विशेष ज्ञान प्राप्त गर्ने खालको तथा पिता र पुत्रको विशेष शक्तिको बलद्वारा सदैव मगनमस्त रहनेवाला, लाभको भन्दा खर्चको बढी योजना राख्नेवाला र जीवनको दिनचर्यामा केही नीरसता अनुभव गर्ने भएको र केही बाधाहरू सहित गूढ तत्त्वको खोजी गर्नेवाला र केही अन्यान्य स्थानहरूबाट विशेष सम्बन्ध राख्नेवाला तथा हुकुम चलाएर कुरा गर्ने खालको होला। आफ्नो र पिताको शक्तिले उन्नति र सम्मान प्राप्त गर्नेवाला, निकै प्रभावशाली एवं जीव विचार राख्ने इज्जतदार व्यापारी होला।

कु० नं० ४०७

५ ३
६ ४ २
७ १
८मं. १० १२
९ ११

जुन व्यक्तिको धन राशिका मंगल लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस ठूलो पराक्रमी साहसी होला। बुद्धि र राजनीतिक युक्तिहरू द्वारा आफ्नू प्रताप र गौरवलाई कायम राख्न सक्ने तथा शत्रु र रोगमा विजय पाउनेवाला, अनि केही 'म ठूलो' भन्ने अनुचित बल प्रयोग गर्नाले आफ्नू शरीरमा विपत्तिको अनुभव गर्नेवाला तर त्यस विपत्तिको किंचित वास्ता नगर्नेवाला, शरीरमा केही दुर्बलता अनुभव गर्नेवाला, भाग्य र उन्नतिको निकै ध्यान राख्नेवाला, तथा बुद्धिलाई बांगो-टिगो चालले र तेर्सो काइदाले गर्जेर कुरा गर्ने, आफ्नू स्वार्थ बनाउन जान्ने र बढी धन खर्च गर्नेवाला, पिता र सन्तान पक्षबाट अलि-अलि अशान्ति पाउने, विद्या र बुद्धिमा कमी भए पनि भेद-बुद्धिमा अत्यन्त बाठो होला।

कु० नं० ४०८

५ ३
६ ४ २
७ १
८ १० १२
९मं. ११

जुन व्यक्तिको मकर राशिको मंगल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो र शानदार व्यापार गर्ने खालको होला। बुद्धि योग र पत्नीको भाग्य द्वारा उन्नति प्राप्त गर्नेवाला, बर्ता लागिपरेंर कुनै दैनिक कार्यक्रमलाई निकै तत्परता साथ पूरा गरेर उन्नति र यश प्राप्त गर्नेवाला, निकै उत्साह र प्रभाव भएको पत्नी पाउनेवाला, राज-समाजमा र ठूला-ठूला स्थानहरूमा इज्जत प्राप्त गर्ने खालको, आफ्नू शरीरमा केही दुर्बलता अनुभव गर्ने खालको र बढी भोग-विलासको शक्ति पाउनेवाला, धन-वृद्धि गर्नमा बर्ता चेष्टा गर्नेवाला, पिता-पुत्रको सहारा पाउने र निकै प्रभावशाली होला।

कु० नं० ४०९

५ ३
६ ४ २
७ १
८ १०मं. १२
९ ११

जुन व्यक्तिको कुम्भ राशिका मंगल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस पुत्रको हानिको योग परेको र महान् गुप्त एवं कठिन कर्महरू गर्ने खालको र विद्या थोरै पाउनेवाला र परदेश आदि अनेक कष्टहरू को योगहरूले सदैव चिन्तित भएरै कर्म गर्दै जानेवाला, तथा असत्य र लुकाउने शक्तिद्वारा काम बनाउन जान्नेवाला, अलि कटु बोल्नेवाला, अलि-अलि गलत बाटोमा हिंड्ने खालको र धन, आमदानी तथा बाहुबलको निकै शक्ति राख्नेवाला, बुद्धिको अभिमान भएको, सम्मान प्राप्तिमा अनेक कष्टको योग परेको अनि राज–समाजको सम्बन्धमा असन्तोष पाउनेवाला, उन्नतिको निम्ति कठोर श्रम गर्ने र अल्छी स्वभावको होला।

कु० नं० ४१०

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११मं.

जुन व्यक्तिको मीन राशिका मंगल लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस निकै भाग्यशाली तथा पिता-पुत्रको सुख प्राप्त गर्नेवाला एवं बुद्धि र कर्मको शक्तिद्वारा सम्मान पाउनेवाला, पूर्व संचित कर्महरूको फल प्राप्त गर्नेवाला, धर्म-कर्म बुझ्नेवाला र हिसाब एवं गणितको राम्रो जानकारी राख्नेवाला, शास्त्र र नीतिका कुरा निकै चातुर्यले वर्णन गर्नेवाला तथा बर्ता धन व्यय गर्नेवाला, भूमि-भवनको सुख प्राप्त गर्ने साधनबाट सम्मान पाउनेवाला, उत्तम विद्या ग्रहण गर्नेवाला, तथा चाक्लो ललाट भएको, व्यापार आदि उच्च कर्मबाट लाभ प्राप्त गर्नेवाला, भाग्यस्थानबाट उन्नति पाउनेवाला कीर्तिवान् र दूरदर्शी होला।

कु० नं० ४११

५ ३
६ ४ २
७ १
८ १० १२ मं.
९ ११

जुन व्यक्तिको मेष राशिका मंगल लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो बुद्धिमान तथा राज्य गर्न सक्ने खालको होला तथा समाजमा अधिकार प्राप्त गर्नेवाला, निकै बुद्धिमान तथा फाइदाको कर्तव्य कर्मको सम्बन्धमा धारा-प्रवाह बोल्न जान्नेवाला तथा निकै ठूलो मान-सम्मान पाउनेवाला एवं ठूलो कर्तव्यपरायण रहनेवाला तथा पिता र पुत्रको महानता पाउनेवाला एवं देहको स्थानमा केही दुर्बलता वा केही कमी राख्नेवाला, उत्तम वेषभूषा धारण गर्नेवाला, महान् प्रभावशाली बन्द-व्यापार गर्न जान्नेवाला, आफ्ना नियमहरूको सुचारूरूपले पालन गर्नेवाला, शरीरको पनि ठीक वास्ता नगर्नेवाला एव दिमागको तातो हुनाले हुकुम चलाएर काम लिनेवाला, प्रतापी र प्रभावशाली होला।

कु० नं० ४१२

५ ३
६ ४ २
७ १मं.
८ १० १२
९ ११

जुन व्यक्तिको वृष राशिका मंगल लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू बुद्धि र व्यापारको तागतले खूब धन कमाउने खालको तथा पिता र पुत्रको स्थानबाट लाभ पाउनेवाला एवं धन संग्रह गर्ने र धन प्राप्त गर्न महान् प्रयत्न गर्नेवाला तथा शत्रुस्थानबाट पनि प्रभाव पाउनेवाला, अनि व्यापार आदिको अनेक शक्तिहरू द्वारा धन लाभ गर्नेवाला र खूब मान-सम्मान पाउने खालको होला। अनेक बाधामा विजय पाउने र विद्या तथा सन्तानको तागतले उन्नति गर्ने राज-समाजबाट निकै धन पाउनेवाला, निकै प्रभावशाली र स्वार्थयुक्त होला।

कु० नं० ४१३

५ ३
६ ४ २मं.
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको मिथुन राशिको मंगल बाह्रौं स्थानमा छ भने त्यो मानिस मान-सम्मानमा हानि पाउनेवाला र पिता एवं पुत्रको केही कष्ट अनुभव गर्नेवाला, विद्या र बुद्धिमा केही दुर्बलता पाउनेवाला तथा अन्य बाहिरी स्थानहरूबाट सम्बन्ध राखेर काम गर्नेवाला, बढी धन-व्यय गर्नेवाला तथा स्त्री आदि भोगहरूलाई विशेष मनपराउनेवाला, दैनिक व्यापारमा बढी आमदानी गर्नेवाला, कुनै पनि काम शुरू गर्ने इच्छा नभएको तथा केही उल्टो-सोझो कुरा गरेर आफ्नू काम बनाउनेवाला, तथा ठूलो कारवारमा हानि पाउनेवाला र बढी परिश्रम गरेर उन्नति गर्न जान्नेवाला, साहसी र पुरुषार्थवादी होला।

कु० नं० ४१४

५ ३मं.
६ ४ २
७ १
८ १० १२
९ ११

कर्क लग्नान्तर-बुधफलम्

जुन व्यक्तिको कर्क राशिका बुध लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस स्वयं आफ्नू शरीरले पुरुषार्थोन्नति गर्नेवाला, तथा शानदार धन व्यय गर्नेवाला र बाठो व्यापारी, हिम्मतवाला भएर पनि आफूभित्र दुर्बलता अनुभव गर्ने ख्यालको तथा केही अन्य स्थानको सम्बन्धबाट बल प्राप्त गर्नेवाला र गृहस्थ एवं व्यापारमा ठूलो शक्ति लगाउन जान्ने भएको होला। दाजु-भाइ र दिदी-बहिनीको पक्षमा केही कमीयुक्त सुख-लाभ पाउनेवाला, मानयुक्त कोमल स्वभाव भएको दुर्बलता एवं सबलता साथसाथै राख्न सक्नेवाला। अन्य बाहिरी स्थानहरूको सम्बन्धमा महान् विवेक शक्तिले काम लिन जान्नेवाला एवं बाहिरी स्थानहरूमा आउने-जाने शीलवान् होला।

कु० नं० ४१५

५ ३
६ ४बु. २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको सिंह राशिका बुध लग्नको दोस्रो स्थानमा छ भने त्यो मानिस धेरै धन कमाउनेवाला तथा धनको कोष स्थानमा घटी-बढीको कारणहरूले पूर्ण शक्ति नपाउनेवाला, बाहिरी सम्बन्ध योगद्वारा पुरुषार्थी होला। दाजु-भाइ दिदी-बहिनीको अपूर्ण सुख पाउनेवाला तथा जीवनको दिनचर्यामा केही धाक जमाउनेवाला एवं व्ययलाई रोक्ने चेष्टा गर्नेवाला तथा आफ्नै बाहुबलले धनको वृद्धि र धन-हानिको योग उत्पन्न गर्नेवाला, इज्जत कमाउनेवाला, धन कुटुम्बको वृद्धिका लागि नै आफ्नू विवेक शक्तिको प्रयोग गर्नेवाला, अनि गूढ युक्तिले काम गर्न जान्ने होला।

कु० नं० ४१६

५बु. ३
६ ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको कन्या राशिको बुध लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस धेरै ठूलो पुरुषार्थ गर्नेवाला, तथा पुरुषार्थको सामुन्ने भाग्यको बललाई दुर्बल मान्नेवाला, र बाहिरी सम्बन्धहरूबाट बढी शक्ति पाउनेवाला तथा दाजु-भाइ, दिदी-बहिनीको योग पाउनेवाला, तर भाइ-बहिनीको सम्बन्धमा र बाहुबलको प्रकट शक्तिमा केही भित्री दुर्बलताको योग पाउनेवाला, धर्ममा थोरै विश्वास गर्नेवाला, राम्रो कद-काठीको बढी खर्च गर्ने शक्ति भएको होला। विवेक र महान् साहस, हिम्मतको बलले ठूलो उत्साहको योग परेको होला। सौम्य शक्तिको बलमा प्रभाव र साहस प्राप्त गर्नेवाला होला।

कु० नं० ४१७

५ ३
६बु. ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको तुला राशिको बुध लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुखपूर्वक आफ्नू काम गर्ने र खर्च चलाउने तथा सुखको प्राप्तिको स्थानमा आनन्दका साथसाथै केही सुखको न्यूनता अनुभव गर्नेवाला तथा माता-पिताको स्थानमा न्यूनता पाउनेवाला, भूमि-भवनको लागि आंशिक शक्ति पाउनेवाला, आफ्नू स्थानबाट नै अन्य स्थानहरूको कार्य साहस र शान्तिपूर्वक गर्ने, दाजु-भाइ, दिदी-बहिनीको थोरै सुख भेट्टाउनेवाला, अन्य स्थानको सम्बन्धमा विवेक र परिश्रमको शक्ति र त्यसको फलले सुखका साधन पाउनेवाला र राज-समाजको सम्बन्धमा केही सफलता र असफलता प्राप्त गर्ने होला।

कु० नं० ४१८

५ ३
६ ४ २
७बु. १
८ १० १२
९ ११

जुन व्यक्तिको वृश्चिक राशिको बुध लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्या बुद्धिको स्थानबाट शक्ति-बल प्राप्त गर्नेवाला तथा विद्या स्थानबाट नै धन व्यय गर्नेवाला र बाहिरी शक्तिका कारणहरूले बुद्धियोगद्वारा लाभ पनि प्राप्त गर्नेवाला, सन्तान पक्षमा दाजु-भाइ, दिदी-बहिनीमा केही कमीका साथै सुखको अनुभव गर्नेवाला र बाठो, बुद्धिमान र आफूले भनेका कुराको गलती स्वीकार नगर्नेवाला, सवै कुरालाई यता-उता घुमाएर चातुर्यले मैले भनेको ठीक हो भनेर सिद्ध गर्न जान्नेवाला, बुद्धियोगले कहिले काहीं हानिको योग पाउनेवाला, आफ्नू मस्तिष्क भित्र केही शक्ति र केही दुर्बलता मिश्रित प्रभाव पाउने र निकै बाठो होला।

कु० नं० ४१९

५ ३
६ ४ २
७ १
८बु. १० १२
९ ११

जुन व्यक्तिको धन राशिका बुध लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस अन्य बाहिरी स्थानहरूको सम्पर्कबाट केही बन्धन पाउनेवाला, खर्च गर्नमा अपठेरो अनुभव गर्नेवाला, परतन्त्रता युक्त झ्याउलोको काम गर्ने र खर्चले केही कष्ट सहेर पनि बढी खर्च गर्ने मन भएको, शत्रु स्थानबाट केही विवेकको शक्तिले शीलयुक्त भएर काम गर्नेवाला र दाजु-भाइ, दिदी-बहिनीको पक्षमा झ्याउलो र कमजोरी पाउनेवाला, केही अशान्तप्रद रहने र अन्य केही गुप्त विवेक भएको होला।

कु० नं० ४२०

५ ३
६ ४ २
७ १
८ १० १२
९बु. ११

जुन व्यक्तिको मकर राशिको बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस बाहिरी स्थानहरूको योगले र नित्यको परिश्रम र सुचारू ढंगको कर्मले दैनिक व्यापार गर्दै रहेर खर्चको शक्ति प्राप्त गर्नेवाला, दाजु-भाइको भन्दा दिदी-बहिनीको राम्रो सुख प्राप्त गर्नेवाला, स्त्री-स्थानबाट केही न्यूनताका साथै साहस एवं शक्तिको पनि योग पाउनेवाला, व्यापारको घेराबाट सम्मान पाउनेवाला, व्यापारमा केही शक्ति र कमजोरी मिश्रित योग पाउनेवाला, शरीरमा केही शक्ति घट-बढको योग पाउनेवाला तथा लौकिक कार्यहरूमा विवेक शक्तिले सफलता पाउनेवाला, बडो बाठो व्यक्ति होला।

कु० नं० ४२१

५ ३
६ ४ २
७ १
८ १०बु. १२
९ ११

जुन व्यक्तिको कुम्भ राशिका बुध लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू बल-पुरुषार्थमा न्यूनता पाउनेवाला, र गुप्त शक्तिले काम सिद्ध पार्ने खालको तथा विवेकको योगले र विदेशको योगले बढी परिश्रमद्वारा खर्च चलाउनेवाला, धन प्राप्तिको लागि कठिन भन्दा पनि कठिन काम गर्नेवाला तथा दाजु-भाइ, दिदी-बहिनीको वियोग सहनेवाला, धेरै परको युक्तिद्वारा आफ्नू काम बनाउन जान्नेवाला, बांगो-टिंगो काम गर्न अघिसर्नेवाला,शीलद्वारा गुप्त रीतिले काम गर्न जान्ने खालको होला।

कु० नं० ४२२

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११बु.

जुन व्यक्तिको मीन राशिको बुध लग्नबाट नवम स्थानमा छ भने त्यो मानिस ईश्वरमा केही अविश्वास गर्नेवाला तथा दाजू-भाई र दिदी-बहिनीको अपूर्ण सुख प्राप्त गर्नेवाला, भाग्यको दुर्बलता पाउनेवाला भए पनि बर्ता पुरुषार्थ गर्ने खालको होला। धर्मको केही हानि र केही कमजोरी पाउनेवाला, अन्यान्य स्थानहरूबाट पनि आंशिक दुर्बलता पाउनेवाला, खर्चको न्यूनताले गर्दा भाग्यलाई दोषी मान्नेवाला, उचित रीतिले सनातन धर्मको पालन गर्न नसक्ने होला। समाजवादी व्यवस्थालाई मान्नेवाला र भाग्य एवं यशको हानि पाउनेवाला, धन-वृद्धिमा न्यूनता पाउनेवाला र संकीर्ण विवेकी होला।

कु० नं० ४२३

५ ३
६ ४ २
७ १
८ १० १२ बु.
९ ११

जुन व्यक्तिको मेष राशिको बुध लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस विवेक शक्तिको द्वारा राम्ररी काम गर्नेवाला, केही 'म ठूलो' भन्ने अभिमान राख्नेवाला, दाजु-भाइ र पिताको शक्तिमा आंशिक दुर्बलताको योग पाउनेवाला, आफ्नू शक्तिको शान र सुखको हेतु बढी व्यय गर्नेवाला भए पनि शान र ढाँचा देखाउनेवाला, व्यापार आदिको सम्बन्धमा केही कमजोरी पाउनेवाला तथा बाहिरी अन्य स्थानहरूको योगले केही शक्ति पाउनेवाला तथा मातृस्थानमा केही दुर्बलता पाउनेवाला र राज-समाजको स्थान सम्बन्धमा विवेकको शक्ति बर्ता प्रयोग गरेर पनि सफलतामा केही न्यूनता प्राप्त गर्ने खालको होला।

कु० नं० ४२४

५ ३
६ ४ २
७ १ बु.
८ १० १२
९ ११

जुन व्यक्तिको वृषराशिको बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू बाहुबलको र विवेक शक्तिको योगले तथा बाहिरी सम्बन्धहरूबाट बढी लाभ कमाउनेवाला, केही खर्चको शक्तिले पनि लाभ पाउनेवाला र लाभ स्थानमा केही कमी पनि अनुभव गर्नेवाला, बुद्धि र चातुर्यले विशेष काम सपार्न जान्नेवाला, लाभ-प्राप्तिक लागि धेरै उल्टो-सोझो कामहरू गर्नेवाला तथा सन्तान पक्षमा केही हानि र लाभ पनि पाउनेवाला, बुद्धिद्वारा केही उल्टो र केही सोझो काममा पनि व्यर्थ विवाद गर्नेवाला, दाजु-भाइ, दिदी-बहिनीबाट सामान्य लाभ पाउनेवाला, केही बल र पुरुषार्थ प्राप्त गर्ने, बढी खर्च गर्ने खालको होला।

कु० नं० ४२५

५ ३
६ ४ २बु.
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको मिथुन राशिको बुध लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो व्ययको शक्ति राख्नेवाला, दाजू-भाई र दिदी-बहिनीबाट केही हानि पाउनेवाला र तिनीहरूसित केवल टाढाको सम्बन्ध राख्नेवाला होला। आफ्नू दाजू-भाइसित केही हानि पाउनेवाला होला। आफ्नू संचित शक्ति खर्च गरिदिनेवाला, सबै थरिका पुरुषार्थमा कमी पाउनेवाला, अन्यान्य स्थानहरूको सम्बन्धबाट काम चलाउनेवाला, खर्चको शक्तिले शत्रु स्थानमा प्रभाव राख्ने र रोग एवं कष्टको लागि पनि केही शक्तिको प्रयोग गर्नेवाला र खर्चको स्थानमा कहिल्यै पनि कुनै प्रकारको बाधा नगर्नेवाला र आफ्नू विवेक शक्तिको प्रयोग निकै चातुर्यको साथ गर्ने र सबै काममा ढीलो गर्ने खालको होला। साहसको स्थानमा दुर्बलता पाउने र विवेकको शक्तिले नै खर्चको संचालन-शक्ति कायम राख्ने खालको होला।

कु० नं० ४२६

५ ३बु.
६ ४ २
७ १
८ १० १२
९ ११

कर्क लग्नान्तर-गुरुफलम्

जुन व्यक्तिको कर्क राशिको गुरू लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस ठूलो आत्मज्ञानी, धर्मात्मा, प्रतापी, ठूलो भाग्यशाली तथा हृदयमा शूर-वीरता राख्नेवाला एवं न्याय र सत्य मनपराउने खालको तथा धर्म र अधर्मलाई राम्ररी चिन्नेवाला, ठूलो सम्मान पाउनेवाला, गौरवर्ण हुने र राम्रो देह-यष्टिवाला, प्रसस्त बुद्धिमान, चाक्लो ललाट भएको, निकै अग्लो व्यक्ति होला। धेरै सन्तानवाला, पुण्यकर्मको बलले उत्थान पाउनेवाला, स्त्री-भोगादिमा केही न्यूनता पाउनेवाला, गृहस्थीको सम्बन्धमा केही उदासीन रहनेवाला, धनी मावली भएको र प्रभावशाली, स्वार्थसिद्धिमा लाग्ने, विद्यावान, ज्योतिष-प्रेमी, धेरै बाठे, भेदकलाको शक्ति राख्नेवाला, शत्रुलाई जित्नेवाला विजयी होला।

कु० नं० ४२७

५　३　६　४गु.　२　७　१　८　१०　१२　९　११

जुन व्यक्तिको सिंह राशिको गुरू लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस आफ्नू प्रभाव र भाग्यले खूब धन कमाउनेवाला, महान् प्रभावशाली कर्म गर्नेवाला र अनेक थरिका दाउ-पेंचको ज्ञान राख्ने हुनाले शत्रु स्थानबाट लाभ कमाउनेवाला, धेरै ठूलो व्यापार गर्न जान्नेवाला, लौकिक उन्नतिको निम्ति महान् परिश्रमयुक्त कर्म गर्नेवाला, प्रसस्त धन-मान पाउनेवाला, मावली पक्षबाट लाभ र इज्जत कमाउनेवाला, राज-समाज र पिता स्थानबाट केही सामान्य झ्याउलोहरू द्वारा मान, इज्जत र धनको लाभ पाउनेवाला, तथा धन र भाग्यको शक्तिले प्रभावको वृद्धि पाउनेवाला, अपठेरा युक्तिहरूद्वारा र हृदयबलद्वारा धनको वृद्धि भेट्टाउने खालको होला।

कु० नं० ४२८

५गु.　३　६　४　२　७　१　८　१०　१२　९　११

जुन व्यक्तिको कन्या राशिका गुरू लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू बल पुरुषार्थले उन्नति गर्नेवाला तथा स्त्री भोगादि र गृहस्थको पक्षमा सानो ठान्ने खालको होला। दाजु-भाइको शक्तिको योग पाउनेवाला तथा केही चातुर्यले धर्मको पालन गर्नेवाला र भाग्य एवं पुरुषार्थद्वारा खूब लाभ पाउनेवाला तथा केही बांगा-टिंगा युक्तिहरूद्वारा शत्रुस्थानमा सफलता प्राप्त गर्नेवाला र दाजु-भाइ, दिदी-बहिनीको स्थानमा केही उन्नति पाउनको साथै आंशिक वैमनस्यताको पनि योग पाउनेवाला, उन्नतिको शिखरमा पुग्नको विशेष चेष्टा गर्ने खालको होला। परिश्रम गर्नमा सदैव लागि रहनेवाला, प्रभावशाली तथा भोगादिक इन्द्रियहरूमा केही न्यूनता प्राप्त गर्नेवाला र गृहस्थीमा बर्ता चिन्तित रहनेवाला होला।

कु० नं० ४२९

५ ३ ६गु. ४ २ ७ १ ८ १० १२ ९ ११

जुन व्यक्तिको तुला राशिका गुरू लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस भाग्यमानी जानिनेवाला र बढी खर्च गर्नेवाला तथा भाग्यको विकासका लागि गूढ युक्तिहरूमा विशेष ध्यान राख्दै त्यसमा केही नीरसताको योग प्राप्त गर्नेवाला तथा सुख प्राप्तिको वृद्धि गर्नका लागि केही दैवी-युक्तिहरूको बल द्वारा सफलता र भूमि-भवन आदिका साधन पाउनेवाला र मातृस्थानमा केही सुख-दुःखसहित प्रभाव पाउनेवाला, जीवनको दिनचर्यामा नीरसताको योग पाउनेवाला र शक्तिको अनुभव गर्नेवाला, अनि भाग्यस्थानको शक्तिबाट केही युक्तिद्वारा राजा-समाज र पिता-स्थानबाट मान पाउनेवाला तथा अन्य स्थानबाट पनि सफलताको योग परेको र शत्रु पक्षको सम्बन्धमा केही अशान्ति पाउने खालको होला।

कु० नं० ४३०

५ ३ ६ ४ २ ७गु. १ ८ १० १२ ९ ११

जुन व्यक्तिको वृश्चिक राशिको गुरू लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो बुद्धिमान, धार्मिक तथा धर्मशास्त्रहरूको निकै सम्मान गर्नेवाला र ज्योतिष कलामा पूरा दखल राख्नेवाला तथा धेरै ठूलो सम्मान पाउनेवाला, र शरीरमा भाग्यमानी र सौन्दर्यको योग पाउनेवाला, तथा 'म ठूलो' भन्ने अभिमानको कुरा बर्ता गर्नेवाला, आफ्नो कुरा माथि पारेर प्रभाव जमाउनेवाला, दिमाग भित्र सत्यको प्रधानताका साथसाथै केही गुप्त शक्तिले पनि काम बनाएर शत्रु स्थानमा विजयी हुनेवाला, सन्तान पक्षबाट शक्तियुक्त आंशिक वैमनस्यता पाउनेवाला तथा ठूलो दूरदर्शी एवं प्रसस्त ललाट भएको र तत्त्वको खोजी गर्नेवाला, केही युक्ति जान्ने र ईश्वरवादी होला।

कु० नं० ४३१

५ ३
६ ४ २
७ १
८गु. १० १२
९ ११

जुन व्यक्तिको धन राशिका गुरू लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस धर्मको ठीकसित पालन नगर्ने खालको होला। सनातन धर्मबाहेक यौटा प्रपञ्च रचित धर्मलाई मान्नेवाला, तथा हृदयबल र असहयोगको न्याय शक्तिको बलद्वारा शत्रु पक्षलाई 'म ठूलो' भन्ने प्रभाव शक्तिले पराजित गर्नेवाला। यौटा ठूलो तपस्यापछि भाग्यको उन्नति पाउनेवाला, हठ्योगको शक्तिले मान र धन पाउनेवाला, मावली पक्षबाट केही शक्ति पाउनेवाला, रोग, शत्रु र झ्याउलाहरूमा भाग्यबलले विजय पाउनेवाला किन्तु भाग्यको उन्नतिको बाटोमा सदैव विघ्न-बाधाहरूको उपस्थिति पाउनेवाला, आफ्नू प्रभाव कायम राख्ने योजनाहरूको कारणले पुनर्जन्मको निम्ति धर्म संग्रह गर्ने आवश्यकताहरूलाई निर्मूल ठनेर अस्वीकार गरिदिनेवाला राज-समाजमा प्रभाव पाउनेवाला तथा बढी धन व्यय गर्नेवाला एवं प्रभावशाली तथा उन्नति पाउनका लागि महान् परिश्रम गर्ने होला।

कु० नं० ४३२

५ ३
६ ४ २
७ १
८ १० १२
९गु. ११

जुन व्यक्तिको मकर राशिको गुरू लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस भाग्यको उन्नतिमा र विवाहको सम्बन्धमा निकै अत्यास र कष्टहरूको योग पाउनेवाला, अल्झो र झ्याउलाहरू जस्तै दैनिक व्यापार चिन्तायुक्त भएर गर्दै रहनेवाला, त्यही कामको भरमा शरीरमा प्रभाव पाउनेवाला, केही गुप्त परिश्रम र भाग्यको बलले लाभको वृद्धि र पुरुषार्थको उन्नति पाउनेवाला, दाजु-भाइ दिदी-बहिनी भएको, धर्म पालनको सम्बन्धमा गलती गर्नेवाला, गृहस्थीको र दैनिक कामहरूमा केही अपठेरो अनुभव गर्नेवाला, स्त्रीपक्षमा र इन्द्रियादिक भोगपक्षमा केही कमी र केही दिक्कतका साथ आफ्नू काम निकाल्नेवाला, केही दुर्बल भाग्यको होला।

कु० नं० ४३३

५ ३ ६ ४ २ ७ १ ८ १०गु. १२ ९ ११

· जुन व्यक्तिको कुम्भ राशिका गुरू लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यमा केही दुर्बलताको योग पाउनेवाला र अनेक झ्याउला आइलाग्ने खालको होला। धर्मको पालन ठीकसित गर्न नसक्नेवाला, भाग्यको वृद्धि गर्नका लागि विदेश आदिको महान् परिश्रमी र अपठेरा कर्मको योगले काम पूरा गर्नेवाला। खूब खर्च गर्नेवाला, शत्रु पक्षको सम्बन्धमा ठूलो कठिनाईहरूले भलादमीको आडमा लुकेको शक्तिले काम लिन जान्ने, मावली पक्षबाट केही हानि पाउनेवाला, अन्य स्थानहरूको योगले शक्ति, उन्नति सुख र प्रभाव पाउनेवाला, सुयशको कमी, ईश्वरको निष्ठमा कमीको योग पाउने खालको होला।

कु० नं० ४३४

५ ३ ६ ४ २ ७ १ ८ १० १२ ९ ११गु.

जुन व्यक्तिको मीन राशिको गुरू लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी, बर्ता मान पाउनेवाला र निकै बुद्धिमानीले काम गर्न जान्नेवाला, मिलेको कदवाला, सन्तान शक्ति पाउनेवाला र विद्या, विवेक एवं वाणीको शक्ति पाउनेवाला, केही ठग वृत्तिले उत्तम धर्मको पालन गर्नेवाला, भाग्यबलले शत्रुलाई पराजित गर्न जान्ने खालको होला। भाग्यस्थानमा केही बाधा पाउनेवाला, झगडा-विवाद नगर्नेवाला, भाग्यमानी मावली पाउनेवाला एवं धर्म र सज्जनताको स्थानमा सदैव आफ्नू गुप्त स्वार्थको पालन ध्यानपूर्वक गर्न जान्नेवाला, निकै बाठो व्यक्ति होला।

कु० नं० ४३५

जुन व्यक्तिको मेष राशिको गुरू लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस महान् प्रभावशाली तथा ठूलो भाग्यमानी र ठूला-ठूला व्यापार समस्याहरूको गाँठो फुकाउन जान्ने खालको होला। राज-समाज र पिताको स्थानमा मान र प्रभाव पाउनेवाला, आफ्नू भोगादिक उन्नतिका लागि महान् परिश्रम र दौड-धूप गर्न सक्नेवाला र धन स्थानको खूब वृद्धि गर्न जान्ने तथा भाग्यलाई दैवी शक्तिको बलले उन्नतिको बाटोमा स्वतन्त्र ख्याति प्राप्त गर्नेवाला, आफ्नू घेराभित्र नाइके बनेर रहनेवाला, शत्रुपक्षमा निकै ठूलो प्रभाव राख्नेवाला, मावलीको शक्तिमा विशेष सम्मान पाउनेवाला र पूर्वसंचित बलले लाभ पाउनेवाला, पुनर्जन्मको लागि धर्मको वास्ता नगर्ने र सदैव स्वार्थयुक्त चाल चल्नेवाला बाठो होला।

कु० नं० ४३६

जुन व्यक्तिको वृषराशिका गुरू लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस भाग्यको शक्तिले र युक्तिहरूले खूब धन कमाउनेवाला तथा निकै पुरुषार्थ गर्नेवाला एवं दैनिक व्यापारलाई तुच्छ ठनेर केही वेवास्ता गर्नेवाला र स्त्री पक्षमा र इन्द्रिय भोगादिक पक्षमा न्यूनता पाउनेवाला तथा विद्या र सन्तान पाउनेवाला, शत्रु पक्षबाट केही सामान्य लाभ पाउनेवाला र धर्मको सम्बन्धबाट केही लाभ पाउनेवाला अनि बठ्याइँले कुरा गर्न जान्नेवाला तथा दाजु-भाइ, दिदी-बहिनीको योग पाउनेवाला, दैनिक व्यापारमा केही अपठेरो र केही तुच्छ एवं लघुताको योग पाउनेवाला र प्रत्येक किसिमले स्वार्थसिद्ध गर्नेवाला निकै बाठो र बुद्धिमान होला।

कु० नं० ४३७

५ ३
६ ४ २गु.
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको मिथुन राशिको गुरू लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन खर्च गर्ने तथा भाग्यस्थानमा केही दुर्बलता पाउनेवाला र धर्म एवं न्यायको पालन गर्न नसक्ने खालको होला। गुप्त प्रभावले काम बनाउनेवाला र शत्रु पक्षबाट केही हानि-नोक्सानी पाउनेवाला, अन्य बाहिरी स्थानको सम्बन्धबाट परिश्रमको योगले भाग्य शक्तिलाई निकै कष्टपूर्वक प्राप्त गर्नेवाला र खर्चको संचालन शक्तिमा भाग्य र परिश्रमको भर-थेग पाउनेवाला, यश प्राप्तिमा केही कमी पाउनेवाला र ईश्वरको निष्ठामा पनि केही न्यूनता पाउनेवाला, बाहिरी स्थानहरूमा प्रभाव पाउनेवाला र जीवनको दिनचर्यामा-सुखप्राप्तिको सम्बन्धमा केही नीरसता पाउने खालको होला।

कु० नं० ४३८

५ ३गु.
६ ४ २
७ १
८ १० १२
९ ११

कर्क लग्नान्तर-शुक्रफलम्

जुन व्यक्तिको कर्क राशिका शुक्र लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस माताको शक्तिबाट सुखपूर्वक लाभ पाउनेवाला, शरीरलाई राम्रो र सुखी-सफा राख्नेवाला, सुखरहित लाभ मन नपराउने खालको होला। मावलीको सम्पत्ति पाउनेवाला, स्त्री स्थानमा सुख प्राप्तिको योग पाउनेवाला, तथा दैनिक व्यापार सुखपूर्वक चलाएर सुख एवं लाभ अनुभव गर्नेवाला र इज्जत, मान प्राप्त गर्नेवाला, निकै चतुर होशियार र देहको योगबाट पनि आयको वृद्धिको कारण बनाउन जान्नेवाला, शान्त स्वभाव राख्ने भएको ठूलो आदर्श चातुर्यको योगले नै गृहस्थी र लौकिक कामहरूमा सफलता पाउनेवाला तथा शरीरको सुन्दरता मनपराउने खालको होला।

कु० नं० ४३९

५ ३
६ ४शु. २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको सिंह राशिको शुक्र लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस लाभ प्राप्ति र धनको पक्षमा सुखयुक्त भए पनि यौटा विशेष अत्यास र झ्याउलाहरूको योग लाभको सम्बन्धमा पाउनेवाला र आमाको सुख वा मातृस्थानमा केही हानि मनमा ठान्ने वा हानि पाउनेवाला तथा धनको कोष सम्बन्धित विषयमा प्रकट दर्शाउने साटो मुकाबलामा भित्री दुर्बलता अनुभव गर्नेवाला र आफ्नू जीवनको दिनचर्यामा एक प्रकारले 'म धनी हुँ' भन्ने दर्शाउनेवाला, आयुको पूर्ण सुख पाउनेवाला अनि अनेक गूढ युक्तिहरूको प्रयोग गर्नामा सुखको अनुभव गर्नेवाला एवं लौकिक पद्धतिमा ठूलो चातुर्यले लाभ प्राप्त गर्नेवाला तथा आराम र सुखको स्वच्छन्दतामा केही बन्धनको योग परेको भए पनि इज्जतदार व्यक्ति होला।

कु० नं० ४४०

५शु. ३
६ ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको कन्या राशिका शुक्र लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नै बल पुरुषार्थले आमदानीमा वृद्धि गर्नमा दुर्बलता मान्नेवाला, भाग्यमा पूरा भरोसा गर्नेवाला, आफ्नू दुर्बलताले गर्दा सुखमा हानि ठनेर दुःख अनुभव गर्ने खालको होला। दाजु-भाइ र दिदी-बहिनीको पक्षमा केही कमी पाउनेवाला, धर्मबाट सुख र लाभ पाउनेवाला र धर्म एवं ईश्वरको सत्ता मान्नेवाला, मातृस्थानको तर्फबाट केही दुर्बलता अनुभव गर्नेवाला, परिश्रम र व्यवस्थाभन्दा भाग्यलाई नै ठूलो ठन्नेवाला,भाग्यमानी मानिनेवाला, भूमि-भवनको सुखमा केही न्यूनता पाउनेवाला तथा केही अल्छी स्वभावको होला।

कु० नं० ४४१

५ ३
६शु. ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको तुला राशिको शुक्र लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस भूमि स्थानको महान् लाभ पाउनेवाला, भूमि-भवनबाट लाभ कमाउनेवाला, अनेक पथबाट आमदानी पाउनेवाला, धेरै थरिका राम्रा-राम्रा सुखद सामग्री तथा सुख प्राप्तिका साधन, महान् गम्भीर चातुर्यले प्राप्त गर्न जान्नेवाला, आमाको विशेष कृपा-पात्र हुनेवाला, पिता-स्थानबाट लाभ प्राप्त गर्नेवाला तथा सवारीको सुख प्राप्त गर्नेवाला र मान-प्रतिष्ठायुक्त जीवन बिताउनेवाला, राजसमाजमा सुख पाउनेवाला एवं उन्नतिको शिखरमा पुग्नका लागि अनेक थरिका चातुर्यपूर्ण राम्रा-राम्रा कार्य गर्नेवाला र शान्तिप्रिय, स्वस्थ व्यक्ति होला।

कु० नं० ४४२

५ ३
६ ४ २
७शु. १
८ १० १२
९ ११

जुन व्यक्तिको वृश्चिक राशिका शुक्र लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो बुद्धि राख्नेवाला, बुद्धिले अनेक लाभ प्राप्त गर्नेवाला, बुद्धि र वाणीमा ठूला-ठूला कलाहरू राख्न सिपालु होला तथा बुद्धिद्वारा ठूला-ठूला सुख प्राप्त गर्नेवाला, सन्तानको सुख प्रसस्त पाउनेवाला, गम्भीरता र शान्तिपूर्वक चातुर्यपूर्ण अनेक मीठा-मीठा सुखद कुरा भन्न जान्ने, इज्जतदार, मानयुक्त तथा प्रसस्त धनी होला। सुखपूर्वक विद्याग्रहण गर्नेवाला, र लाभ-प्राप्तिको सम्बन्धमा अनेक गम्भीर योजनाहरू बनाउनेवाला, सुखपूर्वक रहेर नै लाभ पाउनेवाला, धेरै बाठो र शान्तियुक्त होला।

कु० नं० ४४३

५ ३
६ ४ २
७ १
८शु. १० १२
९ ११

जुन व्यक्तिको धनराशिको शुक्र लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस केही कष्ट वा केही परतन्त्रताको योगवाट आमदानी पाउनेवाला र अधिक खर्च गर्ने खालको होला। मातृ-स्थानमा केही न्यूनता पाउनेवाला र सुख शान्तिमा बाधा पाउनेवाला तथा भूमि-भवनको केही कमी र केही अपठेरो मात्रै खालको होला। अनि केही रोग र शत्रुस्थानबाट लाभ पाउनेवाला एवं केही मावली पक्षबाट सुखको सानो योग पाउनेवाला, धेरै यता-उताको चातुर्यहरूले सुख र लाभको वृद्धि गर्नेवाला, शत्रुस्थानमा शान्तिपूर्ण युक्तिहरूले काम बनाउनेवाला, शत्रुसित सम्मुख भएर विवाद नगर्नेवाला, अन्यान्य स्थानहरूबाट पनि सुख र लाभको योजना पाउनेवाला, गुप्त बाठो होला।

कु० नं० ४४४

५ ३
६ ४ २
७ १
८ १० १२
९शु. ११

जुन व्यक्तिको मकर राशिको शुक्र लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी तथा भाग्यको शक्तिले नै लाभ र सुखको वृद्धि गर्नेवाला, धर्मस्थानको र केही परोपकारको लाभ महान चातुर्यहरूद्वारा प्राप्त गर्नेवाला, माताको र मातृस्थानको खूब लाभ प्राप्त गर्नेवाला, भवन-भूमिको शक्ति पाउनेवाला एवं बल पुरुषार्थको शक्तिमा केही न्यूनता र केही उदासीनताको योग-पाउनेवाला, दाजु-भाइको मद्दतको वास्ता नराख्ने खालको होला। चाक्लो ललाट भएको र ईश्वरमा धेरै भर गर्ने खालको र सुखपूर्वक लाभोन्नति तथा कहिले काहीं अकस्मात् धन पाउने होला।

कु० नं० ४४५

५ ३ ६ ४ २ ७ १ ८ १०शु. १२ ९ ११

जुन व्यक्तिको कुम्भ राशिको शुक्र लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस निकै गूढ र लामो युक्तिहरू द्वारा लाभ पाउनेवाला र लाभ प्राप्तिको लागि अन्य स्थानहरूको सम्बन्ध पाउनेवाला, आफ्नू स्थानीय सुखमा हानि तथा अन्यान्य स्थानहरूबाट सुख र लाभको सुन्दर योग पाउनेवाला र मातृ-स्थानमा केही असन्तोष पाउनेवाला आयुस्थानमा केही वृद्धि पाउनेवाला, जीवनको दिनचर्यामा निकै गम्भीर चातुर्यहरूको योगमा बढी सुख मान्ने खालको होला। धन-वृद्धिको धेरै विचार राख्ने भए पनि केही नीरसता पाउनेवाला, जीवनमा सहायक हुने खालको केही प्रथम र गम्भीर वस्तुको लाभ पाउनेवाला अत्यन्त बाठो व्यक्ति होला।

कु० नं० ४४६

५ ३ ६ ४ २ ७ १ ८ १० १२ ९ ११शु.

जुन व्यक्तिको मीन राशिको शुक्र लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस निकै र वाफ भएको र दैनिक व्यापारबाट सुखका साधन जोर्नेवाला, शरीरमा सौन्दर्यको योग पाउनेवाला, स्त्री स्थानमा पनि सुख र लाभको योग पाउनेवाला, दैनिक व्यापारकै स्थानबाट सुख र लाभको साधन निकै चातुर्यले प्राप्त गर्ने खालको होला। लौकिक र गृहस्थीका काममा गौरव र सुख-मान पाउनेवाला, मातृस्थान र भूमि स्थानबाट ठूलो भर पाउनेवाला, इन्द्रिय भोगादिकको विशेष लाभ पाउनेवाला, शान्तिपूर्वक अनेकानेक सफलता पाउने र बाठो होला।

कु० नं० ४४७

५ ३
६ ४ २
७ १
८ १० १२ शु.
९ ११

जुन व्यक्तिको मेष राशिको शुक्र लग्नबाट दशम स्थानमा छ भने त्यो मानिस माता-पिताबाट सुख र लाभ प्राप्त गर्नेवाला, राज-समाजमा मान र आनन्द पाउनेवाला एवं धेरै ठूलो र राम्रो चातुर्यपूर्ण कर्म गर्न जान्नेवाला, भूमि-भवनबाट लाभ र ऐश्वर्य प्राप्त गर्नेवाला, मान-प्रतिष्ठाको स्थायी योजनाहरू पाउनेवाला, बडो उज्जवल व्यापार गर्न जान्नेवाला, आमदानीको स्थानमा सुख र मान बाहेक अरू प्राप्ति नखोज्नेवाला, सवारी आदिको राम्रो लाभ पाउनेवाला, निकै प्रभावशाली इज्जतदार, कार्य-कुशल व्यक्ति होला।

कु० नं० ४४८

५ ३
६ ४ २
७ १शु.
८ १० १२
९ ११

जुन व्यक्तिको वृष राशिको शुक्र लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस सुखपूर्वक निस्फिक्रीसित आमदानी पाउनेवाला, भूमि-भवनको लाभ पाउनेवाला, अनेक थरिका लाभहरू स्वतः प्राप्त गर्नेवाला। विद्या ग्रहण गर्नेवाला र सन्तान सुखले प्रसन्न रहनेवाला, अनि मीठा-मीठा कुरा गरेर पनि निकै लाभ पाउनेवाला, निकै राम्रा-राम्रा सुखहरूको प्राप्तिका लागि निकै ठूलो चातुर्यको योगले धन-कमाउनेवाला, कुनै ठूलो र गम्भीर लाभको स्थानमा स्थिरताले काम लिन जान्ने प्रकृति भएको होला। सदैव शान्ति-युक्त तोकिएको आमदानीलाई नै महत्व दिने महान् बाठो व्यक्ति होला।

कु० नं० ४४९

५ ३ ६ ४ २शु. ७ १ ८ १० १२ ९ ११

जुन व्यक्तिको मिथुन राशिको शुक्र लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस माताको स्थानबाट केही हानि पाउनेवाला तथा बढी धन व्यय गर्नेवाला र बाहिरी अन्य स्थानहरूको योगबाट लाभ पाउनेवाला र अन्य स्थानमा नै सुखको अनुभव गर्नेवाला र भूमि-भवनादिको किन-बेचले पनि सुख र खर्चको शक्ति पाउनेवाला र आमदानीलाई प्रायशः खर्च गरिदिनमा नै सुखको अनुभव गर्नेवाला, केही परिश्रम र प्रपञ्चको योगद्वारा पनि सुख र लाभ प्राप्त गर्नेवाला। आफ्नू मातृभूमिको केही हानि पाउने खालको होला। शत्रु स्थानबाट र गुप्त चातुर्यहरूले काम लिनेवाला, केही अशान्तियुक्त होला।

कु० नं० ४५०

५ ३शु. ६ ४ २ ७ १ ८ १० १२ ९ ११

कर्क लग्नान्तर-शनिफलम्

जुन व्यक्तिको कर्कराशिको शनि लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस निकै ठूलो परिश्रमबाट दैनिक व्यापार चलाउनेवाला तथा लामू आयुष्य पाउनेवाला एवं आफ्नी यौटी पत्नीसित तृप्त नहुने वाला र इन्द्रिय भोगादिकको सम्बन्धमा बर्ता उच्च र गूढ युक्तिहरू द्वारा काम गर्न जान्नेवाला होला। व्यापारको सम्बन्धमा निकै गूढ युक्तिहरू र दैनिक उन्नति गर्नका लागि काम गर्नेवाला, कष्टमा झन बर्ता मनोयोगले काम गर्नेवाला, लौकिक उन्नतिका लागि उच्च प्रपञ्चले काम सपार्नेवाला, पिता स्थानमा र राज-समाजको सम्बन्धमा केही न्यूनता र केही उदासीनताले काम लिनेवाला वास्तविक उन्नति र मान–प्रतिष्ठामा दुर्बलता पाउनेवाला तथा दाजु-भाइको पक्षमा मद्दत दिने र लिने सम्बन्धमा केही कष्टको योग पाउनेवाला तथा शरीरमा केही अस्वस्थता र दुर्बलताको योग पाउनेवाला तथा चिन्तित रहने भए पनि साहसी होला।

कु० नं० ४५१

५ ३ ६ ४श. २ ७ १ ८ १० १२ ९ ११

कु० नं० ४५२

५श. ३ ६ ४ २ ७ १ ८ १० १२ ९ ११

जुन व्यक्तिको सिंह राशिका शनि लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस निकै गहीरो र गूढ युक्तिहरूको संग्रह शक्ति द्वारा दैनिक व्यापार चलाउनेवाला तथा लामो आयु भएको र स्त्री एवं गृहस्थीको सम्बन्धमा बन्धन र अशान्तिको योग पाउनेवाला एवं पुरातत्त्व शक्तिको बलले भूमिस्थानको र सुखस्थानको विशेष शक्ति पाउनेवाला तथा जीवनको दिनचर्यामा केही बन्धन र केही नीरसता वा अमीरीको योग पाउनेवाला र पूर्वसंचित धन र कुटुम्बको हानि पाउनेवाला तथा आफ्नू दैनिक परिश्रमको बलले युक्तिद्वारा लाभ पाउनेवाला, जीवनको दिनचर्याको बलले भोग प्राप्त गर्ने आनन्दी व्यक्ति होला।

जुन व्यक्तिको कन्या राशिका शनि लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै ठूलो उद्योग गर्नेवाला र आफ्नै पुरुषार्थको बलले अनेक ठूला-ठूला युक्तिहरूद्वारा दैनिक व्यापार चलाउनेवाला, जीवनको दिनचर्यामा केही आनन्दको योग पाउनेको तथा इन्द्रियभोग, सुख पाउने र आयुको शक्तिं पाउने खालको होला। सन्तान पक्षमा केही कष्ट अनुभव गर्नेवाला र स्त्री भोगादिको पक्षमा प्रभावको शक्ति पाउनेवाला र दाजु-भाइ दिदी-बहिनीको स्थानमा केही झ्याउलो पाउनेवाला र खूब धन-व्यय गर्ने खालको होला। जीवनमा सहायक हुने केही पहिलो र गम्भीर वस्तुको शक्ति पाउनेवाला र धर्मसम्बन्धी केही हानि र भाग्यको केही वृद्धि गर्ने खालको ठूलो तेजस्वी व्यक्ति होला।

कु० नं० ४५३

५ ३
६श. ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको तुला राशिको शनि लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आफ्नो जीवनको दिनचर्यामा बडो सुखी र आनन्दको योग परेको होला। आयुको वृद्धि पाउने र पिता-स्थानमा धेरै उदासीनताको योग परेको होला। राज-समाजमा सम्मानको कमी पाउने र दैनिक व्यापारमा निकै ठूलो गम्भीर प्रपञ्चका साथ सुख प्राप्त गर्नेवाला होला। शत्रु स्थानमा सदैव केही लाभ-हानि वा उतार-चढावको योग पाउनेवाला, जीवनलाई सहायक हुने केही पहिलो र गम्भीर वस्तुको गहीरो लाभ पाउनेवाला, शरीरमा केही व्याधिं र चिन्ताको योग परेको होला। स्त्री भोगादिक र गृहस्थीको सम्बन्धमा अनेक सुखका साधनहरू पाउनेवाला, अल्झोहरूमा पनि राम्रा युक्तिहरू द्वारा विजय पाउने खालको व्यक्ति होला।

कु० नं० ४५४

५ ३
६ ४ २
७श. १
८ १० १२
९ ११

जुन व्यक्तिको वृश्चिक राशिको शनि लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस केही फिक्री वा चिन्ताहरूले गर्दा दैनिक व्यापारलाई चलाइराख्ने खालको होला। व्यापार र सन्तान तथा पत्नीका कारणहरूले मस्तिष्कमा अनेक थरिका कष्ट र झ्याउलाहरू सहनेवाला होला। स्त्री भोगादिकको सम्बन्धको प्राप्ति र वृद्धिका लागि संलग्नतापूर्वक सदैव चिन्तन र साधन गरिरहनेवाला, धनको कोष वृद्धिका लागि निरन्तर चिन्तातुर र प्रयत्नशील रहने खालको होला। आयुको अवधिमा केही लौकिक आनन्द प्राप्त गर्नेवाला, बुद्धिभित्र स्वार्थ र क्रोध तथा अपठेरा चालहरूको योग प्राप्त गर्नेवाला, केही कटु बोल्नेवाला व्यक्ति होला।

कु० नं० ४५५

५ ३
६ ४ २
७ १
८श. १० १२
९ ११

जुन व्यक्तिको धन राशिको शनि लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस लामो आयु पाउनेवाला, निकै ठूलो प्रपञ्चको शक्तिद्वारा र महान परिश्रमबाट केही कष्ट अनुभव गर्नेवाला, केही रोगादि र मुद्दा आदि झ्याउलाहरूले जीवनको दिनचर्यामा अनेक प्रभाव पाउनेवाला तथा प्रभावको वृद्धि गर्नका लागि महान् कष्टसाध्य र बांगा-टिंगा युक्तिहरूको प्रयोग गर्नेवाला तथा इन्द्रिय भोगादिको पक्षमा केही कमी र केही कष्ट तथा अनेक थरिका हानि पाउनेवाला, अनि मावली पक्षबाट पनि आंशिक हानि र विवाद चलाउनेवाला, जीवनलाई सहायक हुने खालका केही पहिलो र गम्भीर प्रभाव पार्ने वस्तुको लाभ पाउनेवाला तथा ठूलो प्रसिद्धि प्राप्त गर्नेवाला, शत्रु स्थानमा लुकेको आगोले आफ्नू काम सपार्नेवाला बर्ता रिसाहा खालको होला।

कु० नं० ४५६

५ ३
६ ४ २
७ १
८ १० १२
९श. ११

जुन व्यक्तिको मकर राशिको शनि लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस अनेक प्रकारले महान परिश्रमी र दैनिक व्यापारमा लागि रहने तथा स्त्री स्थानबाट प्रभाव प्राप्त गर्नेवाला, फेरि स्त्री स्थानमै केही कष्टसाध्य शक्तिको योग पाउनेवाला तथा जीवनलाई सहायक हुने खालको केही शक्ति व्यापारबाट र केही ससुरालीबाट पाउनेवाला तथा आयुको वृद्धि पाउनेवाला, स्त्री स्थानमा र भोगादिको पक्षमा केही न्यूनाधिक स्वीकृति वा अस्वीकृतिको योग पाउनेवाला तथा शरीरमा कष्ट पाउने एवं गृहस्थी र जीवनको दिनचर्यामा भाग्यमानीको योग परेको तथा केही गुप्त फाइदाले स्वार्थसिद्धि गर्ने एवं पुरातत्त्व शक्तिको बलले भूमि-भवन र सुखको वृद्धि गर्ने, धर्मको हानि गर्ने भोगी खालको होला।

कु० नं० ४५७

५ ३ ६ ४ २ ७ १ ८ १०श. १२ ९ ११

कु० नं० ४५८

५ ३ ६ ४ २ ७ १ ८ १० १२ ९ ११श.

जुन व्यक्तिको कुम्भ राशिका शनि लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनमा स्त्री पिता एवं पुत्रको तर्फबाट चिन्ताहरूको कारण पाउने खालको होला र जीवनको दिनचर्यामा यौटा ठूलो आनन्दको स्थिर योग पाउनेवाला र जीवनमा सहायक हुने खालको कुनै गम्भीर वस्तुको स्थाई लाभ प्राप्त गर्नेवाला किन्तु स्त्री र गृहस्थीको भोगका सम्बन्धमा केही झ्याउलाहरू सहित तथा केही गुप्त योजनाहरू द्वारा आफ्नू काम चलाउनेवाला, आयुमा वृद्धि पाउने खालको होला। राज-समाजको स्थान सम्बन्धमा उन्नतिको निम्ति केही बाधाहरूको र केही बेवास्ताको योग पाउनेवाला, सम्मानमा कमी पाउनेवाला, व्यापारको सम्बन्धमा र दैनिक रोजगारको सम्बन्धमा दुर्बलता र कष्टको अनुभव गर्नेवाला, आफ्नू दैनिक कार्यक्रमको शक्ति विकास गर्नका लागि विदेश आदिको विशेष सम्बन्ध पाउनेवाला तथा कटुवाणी बोल्ने एक गुप्त कर्मिष्ठ खालको होला।

जुन व्यक्तिको मीन राशिको शनि लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी झैं फाइदासाथ जीवनको दिनचर्या व्यतीत गर्नेवाला,

कु० नं० ४५९

५ ३
६ ४ २
७ १
८ १० १२ श.
९ ११

भाग्यमानीमा गनिनेवाला, आयुमा वृद्धि पाउनेवाला, अनि जीवनमा सहायक हुने खालको कुनै पहिलो र गम्भीर वस्तुको लाभ भाग्यफलले प्राप्त गर्नेवाला तथा वास्तविक भाग्यस्थानमा केही भित्री असन्तोषले गर्दा कष्ट पाउनेवाला, दैनिक आयमा वृद्धि गर्नका लागि तथा स्त्री र गृहस्थीको सुख भोग्नका लागि कुनै राम्रो प्रपञ्चको लट्ठीले काम लिन जान्ने, आफ्नू प्रभाव कायम राख्नको लागि देखावटी सज्जनताको योगले निकै सतर्कता र तत्परताले काम लिन जान्नेवाला तथा खूब लाभ पाउनेवाला, वास्ता नराख्ने खालको होला।

जुन व्यक्तिको मेष राशिको शनि लग्नबाट दशम स्थानमा छ भने त्यो मानिस पिताको स्थानमा महान् कष्टको योग परेको होला। दैनिक रोजगार

कु० नं० ४६०

५ ३
६ ४ २
७ १श.
८ १० १२
९ ११

र व्यापारको उन्नतिका लागि ठूला-ठूला कष्टसाध्य बांगा खाले कर्म गर्नेवाला, गृहस्थी र स्त्रीको सम्बन्धमा निकै विचित्र प्रकारको साना-ठूला योजनाहरू पाउनेवाला तथा पुरातत्त्व शक्तिको बलद्वारा केही भवन-भूमि आदिको सुख पाउनेवाला, मातृस्थानको केही आडम्बरी सुख पाउनेवाला, बढी धन व्यय गर्नेवाला, राज-समाजको स्थानमा गुप्त युक्तिहरूले दैनिक व्यवसायको लाभ प्राप्त गर्नेवाला, भोग-विलासको विशेष इच्छा भएर पनि केही न्यूनाधिक योग पाउनेवाला जीवनमा सहायक हुने खालको केही पहिलो वस्तुको दुर्बलता पाउने र केही अल्छी स्वभावको होला।

जुन व्यक्तिको वृष राशिका शनि लग्नबाट एकादश स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनमा आयुस्थानको खूब वृद्धि पाउने खालको होला।

कु० नं० ४६१

५ ३ ६ ४ २श. ७ १ ८ १० १२ ९ ११

जीवनमा सहायक हुने केही पहिलो र गम्भीर वस्तुको ठूलो लाभ पाउनेवाला, खूब धन कमाउनेवाला र जीवनको दिनचर्या प्रसस्त आनन्दको र दैनिक व्यापारको निकै ठूलो लाभ पाउनेवाला, देहको एक भागमा केही न्यूनता पाउनेवाला, स्त्री भोगादिको खूब लाभ पाउनेवाला र अफ्नो हक र इच्छा गरेको भन्दा बढी नाफा कमाउने वाला। सन्तान र वाणीमा कटुता पाउनेवाला एवं गूढ युक्तिहरूको आफूलाई मास्टर ठन्नेवाला तथा उदर विकारले युक्त विदेश आदिबाट खूब लाभ कमाउने खालको होला।

जुन व्यक्तिको मिथुन राशिका शनि लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस बढी धन खर्च गर्ने खालको तथा जीवनमा सहायक हुने जस्तो

कु० नं० ४६२

५ ३श. ६ ४ २ ७ १ ८ १० १२ ९ ११

पहिलो वस्तुको केही हानि पाउनेवाला तथा बाहिरी स्थानहरूको सम्बन्धबाट दैनिक व्यापारमा शक्ति प्राप्त गर्नेवाला र अनेक कष्टसाध्य युक्तिहरूले वा गुप्त उपायहरू द्वारा भाग्यको वृद्धि गर्नेवाला, आयुको स्थानमा कहिले काहीं ठूलै हानिहरूको योग पाउनेवाला, स्त्री र गृहस्थीको सुख सम्बन्धमा ठूला-ठूला दुर्बलताहरूको योग पाउनेवाला तथा इन्द्रिय भोगादिकको सुख सम्बन्धमा स्थानीय दुर्बलता पाएर केही खर्चको शक्तिले काम बनाउन जान्नेवाला र भाग्यको र धर्मको झूठो शक्तिमा केही वृद्धि पाउनेवाला तथा धनकोषको हानि पाउने र कुटुम्बको पनि हानि पाउने खालको होला।

कर्क लग्नान्तर-राहुफलम्

जुन व्यक्तिको कर्क राशिको राहु लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस आफ्नू देहको स्थानमा केही अरिष्ट र केही न्यूनताको योग पाउने खालको, देहकै सम्बन्धमा अनेक थरिको चिन्ता र फिक्री मान्ने भएको, अनेक ठूला चातुर्यहरू गुप्त रीतिले विचारेर प्रयोग गर्न जान्नेवाला तथा केही मानसिक कष्ट र शरीरको सौन्दर्यमा आंशिक कमी पाउनेवाला र मनमा केही डर, केही अत्यासको योग पाउनेवाला, आफ्नू व्यक्तित्वको उन्नति र जागृतिको लागि अनेक कष्टसाध्य अनधिकार चेष्टा गर्नेवाला तथा देहकै सम्बन्धमा कहिले-काहीं मरणासन्न कष्टको योग पाउनेवाला तथा ठूला-ठूला गहीरा र गुप्त युक्तिहरू द्वारा अन्त्यमा गहीरो आनन्द पाउने खालको होला।

कु० नं० ४६३

५ ३
६ ४रा. २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको सिंह राशिको राहु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको कोष स्थानमा ठूलो हानि पाउने खालको होला। कुटुम्बको पनि निकै हानि आइलाग्ला र धन वृद्धिका लागि महान् तीक्ष्ण भेदयुक्त कर्म गुप्तरूपले गर्नेवाला, धन हानिले गर्दा कहिले-काहीं मस्तिष्कको भित्री भागमा मूर्छा झैं अनुभव गर्नेवाला, कठोर वेदनाको अनुभव गर्नेवाला, धन र इज्जतको रक्षाका लागि ठूला-ठूला युक्तिहरूले काम बनाउनेवाला, धनका कार्यहरूको पूर्ति गर्नका लागि कहिले-काहीं ऋण लिएर काम चलाउनेवाला, केही परेशानी र चिन्तातुर झैं रहने खालको होला।

कु० नं० ४६४

५रा. ३
६ ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको कन्या राशिको राहु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस ठूलो हिम्मतको शक्तिले काम गर्न जान्ने र युक्तिहरूको शक्तिले साहस र हिम्मतमा वृद्धि पाउनेवाला धेरै-धेरै सफलता र आँटेका योजनाहरूको लाभ कमाउनेवाला, दाजु-भाइ र दिदी-बहिनीको स्थानमा केही हानि र क्लेश पाउनेवाला, आफ्नू स्वार्थसिद्ध गर्न परेमा न्याय वा अन्यायको वास्ता नगर्ने खालको होला। तर कार्यसिद्धिको मौकामा निकै ठूलो तत्परता र स्वयं उपस्थित रहेर काम लिनेवाला, बाहुबलको स्थानमा युक्ति बलले बढी सफलता पाउनेवाला, सावधान, होशियार र धैर्यवान एवं साहसी होला।

कु० नं० ४६५

५ ३
६रा. ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको तुला राशिको राहु लग्नबाट चतुर्थ स्थानमा छ भने त्यो मानिस सुख शान्तिमा बाधा पाउनेवाला तथा मातृस्थानमा केही क्लेश र हानिको योग परेको होला। भूमि-भवनको स्थानमा केही हानि र न्यूनताको योग पाउनेवाला तथा निवासस्थानमा पनि आंशिक कमी अनुभव गर्नेवाला र सुखका साधनहरू प्राप्त गर्नका लागि अनेक गम्भीर र गुप्त युक्तिहरूद्वारा काम लिन जान्ने खालको एवं मस्तिष्क शक्तिको बलले सदैव सुखस्थानको स्थिर वृद्धिमा नै लागिरहनेवाला, अन्त्यमा सुखको केही नवीन बल प्राप्त गर्ने र निकै बाठो होला।

कु० नं० ४६६

५ ३
६ ४ २
७रा. १
८ १० १२
९ ११

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षबाट अनेक झ्याउलाहरू र कष्टको योग पाउनेवाला र विद्या स्थानमा पनि ठूला-ठूला बाधा सहिसकेपछि केही गुप्त युक्तिहरूद्वारा सफलता प्राप्त गर्नेवाला, केही असत्य बलको शक्तिले वाणीद्वारा विद्याको प्रभाव बढी देखाउनेवाला र वाणीको भित्र ठूलो वीरत्व शक्तिको परिचय दिने खालको, केही मादक पदार्थको बानी परेको र प्रत्येक शब्दहरू सतर्क भएर बोल्नेवाला भए पनि केही नीरसताको आभास प्रतीत गराउनेवाला र मस्तिष्क भित्र केही कष्टको योग परेको तर मन बलियो राख्न सक्ने खालको होला।

कु० नं० ४६७

५　३
६　४　२
७　१
८रा.　१०　१२
९　११

जुन व्यक्तिको धन राशिको राहु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस अनेक गुप्त युक्तिहरूद्वारा काम लिन जान्नेवाला र न्याय-अन्यायको वास्ता नराख्ने खालको होला। शत्रु पक्षको सम्बन्धमा धेरै गुप्त र बढी संकीर्ण खालको चाल चल्न जान्ने र मावली पक्षमा हानि पाउनेवाला, शत्रु र चिन्ता बढेपछि आफ्नू गुप्त युक्तिहरूको प्रयोग गरेर काम सिद्ध पार्नेवाला, प्रभावको वृद्धि गर्नका लागि अत्यन्त गुप्त शक्तिको प्रयोग गर्नेवाला, झगरा र विवादको स्थानमा केही वाद-विवादपछि सफलता पाउनेवाला, बडो होशियार मतलबी, स्वार्थी र सावधान रहने खालको होला।

कु० नं० ४६८

५　३
६　४　२
७　१
८　१०　१२
९रा.　११

जुन व्यक्तिको मकर राशिको राहु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्रीको स्थानमा केही कष्ट अनुभव गर्नेवाला तथा स्त्रीको सम्बन्धमा कहिले काहीं घोर अशान्ति र निराशाहरूको पनि योग पाउनेवाला, दैनिक व्यापारमा अनेक थरिका झ्याउलाहरू र कष्ट सहनेवाला तथा रोजगारको स्थानमा कहिले काहीं सांघातिक हानिको योग पनि पाउनेवाला एवं व्यापारको लाइनमा ठूला-ठूला अपठेरा, गुप्त युक्तिहरूले वा परिश्रमले सफलता प्राप्त गर्नेवाला, गृहस्थीको संचालन र दैनिक कामहरूमा एवं भोगादिको पक्षमा केही न्यूनताको कारणहरूले अतृप्त रहने खालको, वासनाहरूलाई अन्त्यमा पूर्तिको साधन प्राप्त गर्नेवाला, आफ्नू स्वार्थपरताले काम सिद्ध पार्ने खालको होला।

कु० नं० ४६९

५ ३
६ ४ २
७ १
८ १०रा. १२
९ ११

जुन व्यक्तिको कुम्भ राशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो र महान् चातुर्यले स्वयं तत्पर रहेर काम गरेर जीवनको दिनचर्यामा शक्ति पाउनेवाला, तथा पुरातत्त्वको गहीरो वा गुप्त खोजी गरेर त्यसबाट लाभ प्राप्त गर्नेवाला, उदर वा पेटमा केही शिकायत भएको र जीवनको दिनचर्यामा केही चिन्तित रहने खालको होला। जीवनमा सहायक हुने केही पहिलो गम्भीर वस्तुको हानि पाउनेवाला, जीवनमा अनेक थरिका निराशाहरूको पछि आशाको योग पाउनेवाला, गूढ युक्तिहरूलाई झन गूढ पारेर काम सिद्ध पार्नेवाला, केही भित्री कष्टको अनुभव गर्ने खालको होला।

कु० नं० ४७०

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११रा.

जुन व्यक्तिको मीन राशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यस्थानमा ठूलो हानि र कष्टहरू पाउनेवाला, धर्मको स्थानमा वास्तविकताको न्यूनता पाएपछि पनि केही विचारहरूको भित्री निर्णयले केही सुफलको समान कामहरूमा नै धर्मको पूरा शक्ति माननेवाला, धर्मको बाहिरी नाटक राम्ररी देखाउन सक्ने खालको त्राटकी होला। भाग्यको उन्नतिका लागि गुप्त चातुर्यका ओजस्वी प्रयोग गर्न जान्नेवाला। अनेकानेक निराशाहरू पछि अन्त्यमा आशाको बलियो आधार पाउनेवाला, भाग्यबाट पनि आफ्नू युक्तिहरूको बलमा बढी लाभ पाउने बाटो उत्पन्न गर्न जान्ने खालको होला।

कु० नं० ४७१

५ ३ ६ ४ २ ७ १ ८ १० १२ रा. ९ ११

जुन व्यक्तिको मेष राशिको राहु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानमा कष्ट अनुभव गर्ने खालको होला तथा दैनिक व्यापार आदिमा ठूला-ठूला बाधाहरू सहनेवाला, राज-समाजको स्थानमा, महान कष्टसाध्य कर्म गरिरहेपछि र कठोर विपत्ति सहिसकेपछि मान-सम्मान प्राप्त गर्नेवाला, अनि मानोन्नति र पदोन्नतिको लागि अनेक अपठ्यारा कर्महरूको गुप्त रूपले निकै दृढता साथ आफ्नू काममा लगाउनेवाला तथा मान-प्रतिष्ठाका लागि कहिले-काहीं आर्थिक वेदनाहरूको पनि योग पाउनेवाला र मस्तिष्कको भित्री भागमा बडो शाही ढंगले योजनाहरू राख्ने र कठिन परिश्रम गर्ने खालको होला।

कु० नं० ४७२

५ ३ ६ ४ २ ७ १रा. ८ १० १२ ९ ११

जुन व्यक्तिको वृष राशिको राहु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आमदानीको स्थानमा धेरै धन कमाउनेवाला तथा कहिले-काहीं

कु० नं० ४७३

५ ३
६ ४ २रा.
७ १
८ १० १२
९ ११

सित्तैंको साधन पनि प्राप्तः गर्नेवाला र लाभको अधिकता पाउनको लागि ठूला-ठूला गहीरा युक्तिहरूको गुप्तरूपले प्रयोग गर्न जान्नेवाला र लाभ प्राप्तिको स्थानको सम्बन्धमा सदैव गहीरो स्वार्थयुक्त युक्तिहरूले विचार गर्नेवाला तथा आमदानीको स्थानमा धेरै ठूलो चातुर्य र सतर्कताले काम लिन जान्ने र आफ्नू हकभन्दा बर्ता नाफा खानेवाला तथा महान् चातुर्य भएको, प्रतापी व्यक्ति होला।

जुन व्यक्तिको मिथुन राशिको राहु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मनुष्य निकै शाही खर्च गर्नेवाला तथा खर्चको स्थानमा ठूला-ठूला गहीरा

कु० नं० ४७४

५ ३रा.
६ ४ २
७ १
८ १० १२
९ ११

उच्च योजनाहरूले काम लिन जान्नेवाला र बडो हेलचक्राइँ र सजिलैसित खर्च चलाउन सक्नेवाला र बाहिरी अन्यान्य स्थानहरूको महान् सम्बन्ध पाउनेवाला र बाहिरी सम्बन्धहरूमा ठूला-ठूला उच्च योजनाहरूको महान् अपठेरा काइदाले र गुप्त शक्तिको बल काममा ल्याएर प्रभाव पाउनेवाला, मस्तिष्कको भित्री भागमा बाहिरी सम्बन्धहरूको ज्ञानको महान् शक्ति राख्ने खालको होला।

कर्क लग्नान्तर-केतुफलम्

जुन व्यक्तिको कर्कराशिको केतु लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस आफ्नू शरीरको सौन्दर्यमा न्यूनता पाउनेवाला तथा देहमा दुर्बलता र कष्टको योग पाउनेवाला र कहिले काहीं शरीरमा कुनै सांघातिक मृत्यु-तुल्य विपत्तिको योग पाउनेवाला तथा हृदयमा मानसिक चिन्ताको योग पाउनेवाला तथा आफ्नू मनभित्र आन्तरिक मजबूती र शक्तिको योग अनुभव गर्नेवाला र गुप्त युक्तिहरूको निस्फिक्रिसित प्रयोग गर्नेवाला र अन्त्यमा केही नाम र शक्तिको स्थिर लाभ आफूभित्र प्राप्त गर्नेवाला, भित्री साहस, हिम्मत भएको र जिद्दी स्वभावको होला।

कु० नं० ४७५

	५		३	
६		४के.		२
	७		१	
८		१०		१२
	९		११	

जुन व्यक्तिको सिंह राशिका केतु लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस धनको ढुकुटीको स्थानमा धेरै हानिहरू पाउनेवाला तथा धनको वृद्धि गर्नका लागि महान् परिश्रम गर्न सक्ने खालको होला। धनको लागि बाहुबलको भित्री शक्ति र युक्तिहरूको घोर प्रयोग गर्नेवाला, धन र कुटुम्बको स्थानमा कहिले काहीं महान् विपत्तिको घेरामा पर्नेवाला, अनि धन संग्रहमा चिन्ताको गुप्त योग पाउनेवाला, अन्त्यमा कुनै ठूलो बलको साथ धनको बाटो पाउने खालको होला।

कु० नं० ४७६

	५के.		३	
६		४		२
	७		१	
८		१०		१२
	९		११	

जुन व्यक्तिको कन्या राशिको केतु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू पुरूषार्थ र बाहुबलको अपार शक्ति प्राप्त गर्न सक्ने खालको होला। त्यही शक्तिको बलले महान् सफलता र उन्नति पाउनेवाला तथा धैर्यको महान् शक्तिको प्रयोग निकै गुप्त रीतले गर्न जान्नेवाला, निकै ठूलो यता-उता दौड़-धूपको शक्तिले ठूलो सफलता र साहस हिम्मत प्राप्त गर्नेवाला, आफ्नू बाहुबलको शक्तिको प्रयोग बेहिसाबसित आशायुक्त भएर सदैव गर्दै जानेवाला र आफ्नू शक्तिमा अलिकति दुर्बलता भए पनि निस्फिक्रिसित अगाडि बढ्दै जान सक्ने प्रभाव भएको होला।

कु० नं० ४७७

५ ३
६के. ४ २
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको तुला राशिका केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुख स्थानमा र मातृस्थानमा हानि र न्यूनताको योग पाउनेवाला होला। भवन-भूमि आदिको शक्तिमा पनि धेरै न्यूनताको योग पाउनेवाला र सुख प्राप्तिका साधनहरू पाउनका लागि महान् कठोर परिश्रम र गहीरो गुप्त शक्तिको प्रयोग गर्न जान्नेवाला तथा निवास स्थानमा केही जिद्दीले र हठ्योगले गुप्त सुख अनुभव गर्नेवाला र सुखको प्रकटस्थानमा कहिले काहीं घोरसंकटको योग पाउने भए पनि महान् धैर्यको शक्तिले अन्त्यमा सुखको ठूलो मजबूती पाउनेवाला व्यक्ति होला।

कु० नं० ४७८

५ ३
६ ४ २
७के. १
८ १० १२
९ ११

जुन व्यक्तिको वृश्चिक राशिको केतु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तानको सम्बन्धमा हानि र क्लेशको योग पाउनेवाला, विद्या

कु० नं० ४७९

५ ३
६ ४ २
७ १
८के. १० १२
९ ११

स्थानमा गुप्त दुर्बलता र गुप्त सबलताको योग पाउनेवाला, बोल-चालमा पनि शब्दहरूको सौन्दर्यमा निकै दुर्बलता पाउनेवाला, केही झडंगे मिजासले कुरा गर्नेवाला, मस्तिष्क सम्बन्धी केही चिन्ता-फिक्रीको योग परेको व्यक्ति होला। दाजु-भाइ र दिदी-बहिनीको राम्रो सहयोग पाउनाले व्यापारमा बढी आय र ससुराली तर्फको पनि पूरा मद्दत पाउने खालको होला।

जुन व्यक्तिको धनराशिको केतु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो साहस राख्नेवाला, अत्यन्त गहीरो र कठोर युक्तिहरूले

कु० नं० ४८०

५ ३
६ ४ २
७ १
८ १० १२
९के. ११

काम सिद्ध पार्नेवाला, शत्रु स्थानमा प्रभावको विशेष शक्ति राख्नेवाला, जति नै ठूलो वा बलवान शत्रुलाई पनि पराजित पारेर न्यूराउने खालको र भयानक आतंक जमाउनेवाला, मावली पक्षबाट हानि पाउनेवाला, गुप्त युक्तिहरूको प्रयोग आफ्नू उन्नतिको लागि, धेरै ठूलो वेगको साथ प्रयोग गर्नेवाला, शीलको उल्लंघन गर्नेवाला, तथा स्वार्थ सिद्धिको सामुन्ने पाप-पुण्यको अलिकति पनि वास्ता नराख्नेवाला, बर्ता डरलाग्दो, बढी निर्भीक र विजयी होला।

जुन व्यक्तिको मकर राशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस आफ्नी स्त्रीको स्थानबाट कष्ट पाउनेवाला र दैनिक व्यापार भित्र अनेक झ्याउला र महान् परिश्रमको योग पाउनेवाला, अनि व्यापारको उन्नतिका लागि गुप्त परिश्रम द्वारा बाहुबलको भरमा संलग्नतापूर्वक काम गर्न जान्नेवाला, व्यापार भित्र कहिले काहीं घोर निराशाहरू पाइसक्दा पनि निरूत्साह हुन नजान्ने वाला र अन्त्यमा बडो स्थिर दृढतालाई भेट्टाउने खालको होला र इन्द्रिय भोगादिकको स्थानमा गुप्त शक्तिको महानता पाउनेवाला एवं अधिक भोग प्राप्त गर्नेवाला र एक स्त्रीद्वारा पार नपाउनेवाला, किन्तु वास्तविक स्त्री स्थानमा केही अशान्तिको योग पाएर पनि आन्तरिक धैर्यले काम लिने र लौकिक गृहस्थीको विषयमा निकै परिश्रम गर्ने खालको होला।

कु० नं० ४८१

५ ३ ६ ४ २ ७ १ ८ १०के. १२ ९ ११

जुन व्यक्तिको कुम्भराशिका केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस गूढ युक्तिहरूको कामलाई, प्राप्त बाहुबलको शक्तिले संलग्नतापूर्वक गर्नेवाला र पेट भित्र केही भित्री बीमारीको योग परेको र आयुस्थानमा अनेकानेक गहीरा खतरा पाइसकेर पनि अन्त्यमा आयुको दृढता प्राप्त गर्नेवाला र पुरातत्त्वको वर्तमान शक्तिहरूमा हानि पाउनेवाला र भविष्यको शक्ति पाउनेवाला, जीवनको दिनचर्यालाई निस्फिक्रिसित व्यतीत गर्नाका लागि महान् परिश्रम गरी-गरीकन अन्त्यमा कुनै स्थिर शक्ति भेट्टाउने खालको होला। आफ्नू दिनचर्या भित्र यौटा विचित्र र दुर्बल आनन्दको योग प्राप्त गर्ने खालको व्यक्ति होला।

कु० नं० ४८२

५ ३ ६ ४ २ ७ १ ८ १० १२ ९ ११के.

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यको स्थानमा ठूला-ठूला कष्ट सहन सक्नेवाला र भाग्योन्नतिमा अनेक बाधाहरू पाउनेवाला, भाग्यस्थानमा कहिले काहीं घोर निराशाहरू पाएपछि पनि अन्त्यमा भाग्यको दृढता सम्बन्धी बाटो परिश्रमके शक्तिले फेला-पार्नेवाला र धर्मको स्थानमा वास्तविक हानिको योग पाउनेवाला र कुनै प्रकालले कोही उग्र तामसी धर्मको पालन गर्नेवाला र आफ्नू भाग्यको वृद्धि गर्नका लागि धर्मको हानि पनि सहन गर्ने खालको होला। अनि भाग्योन्नतिको स्थानमा गुप्त बाहुबलको शक्तिद्वारा र गुप्त मन्त्रणाहरू द्वारा आफ्नू काम सिद्ध पार्न जान्नेवाला तथा देखाउनको लागि धर्मज्ञ बन्ने खालको व्यक्ति होला।

कु० नं० ४८३

५ ३
६ ४ २
७ १
८ १० १२ के.
९ ११

जुन व्यक्तिको मेष राशिको केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानमा केही हानिको योग परेको होला। पिता स्थानबाट केही छुट्टिने खालको र केही कष्ट अनुभव गर्ने खालको होला। व्यापार आदि उन्नतिका स्थानमा ठूला-ठूला बाधाहरू र झ्याउलाहरू सहन सक्ने र राज-समाजमा मान-सम्मानको उन्नतिका लागि महान कठोर परिश्रम र गुप्त शक्तिको आधारमा गर्नेवाला र मान इज्जत, सम्मानको स्थानमा, कहिले काहीं घोर अन्धकार पाए पनि गुप्त धैर्यको शक्तिद्वारा काम सिद्ध पार्न जान्नेवाला र अन्त्यमा कुनै बलियो योगलाई प्राप्त गरेर केही आन्तरिक निस्फिक्रि पाउने र कठिन कर्मेष्ठी होला।

कु० नं० ४८४

५ ३
६ ४ २
७ १के.
८ १० १२
९ ११

जुन व्यक्तिको वृष राशिका केतु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै आमदानी प्राप्त गर्नेवाला र लाभ-हानिको स्थान मार्गमा, लाभको बढी वृद्धि गर्नका लागि गुप्त बाहुबलको शक्तिको महान् प्रयोग र महान् परिश्रम गर्नेवाला, लाभको स्थानमा गुप्त चातुर्यको योगद्वारा तथा बढी दृढतापूर्वक आफ्नू स्वार्थसिद्धि गर्नेवाला तथा सदैव स्वार्थयुक्त विचार गरिरहने हुनाले कुनै पनि लेन-देन भित्र केही कटु प्रयोग गर्नेवाला, केही आफ्नू हकभन्दा बढी नाफा खानेवाला, तैपनि आमदानीको सम्बन्धमा केही कमी अनुभव गर्नेवाला, ठूलो प्रयत्नशील, उद्योगी व्यक्ति होला।

कु० नं० ४८५

५ ३
६ ४ २के.
७ १
८ १० १२
९ ११

जुन व्यक्तिको मिथुन राशिको केतु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस व्ययको स्थानमा महान् कठिनाई र अशान्तिको योग पाउनेवाला, खर्चको स्थानमा कहिले काहीं घोर संकटकालको योग पाउनेवाला र बाहिरी अन्यान्य स्थानहरूको सम्बन्धमा निकै मुश्किल र कष्टहरू सहनेवाला र बाहिरी सम्बन्धमा वा खर्चको सम्बन्धमा महान् कष्टसाध्य कर्म गर्न अघिसर्नेवाला र ठूला-ठूला मुश्किलहरूबाट संकीर्ण गुप्त शक्तिको बलले, खर्च संचालन शक्ति प्राप्त गर्नेवाला र व्ययको स्थानमा केही अनुचित रीतिको पनि प्रयोग गर्न नडराउने तथा लघु धैर्यवाला पारिवारिक सहयोग प्राप्त गर्ने खालको व्यक्ति होला।

कु० नं० ४८६

५ ३के.
६ ४ २
७ १
८ १० १२
९ ११

सिंह लग्न हुनेहरूको-भविष्यका तारीखहरू

सन् १९९७ को वर्षमा गुरू षष्ठ स्थानमा नीच चल्नेछन् यसै निम्ति जीवनमा वा मस्तिष्कमा अनेक थरिका झ्याउलाहरू प्रायः बनिरहने छन्।

कु० नं० ४८७

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२

ता० २८/१/९७ देखि समय कमजोर रहने छ। ता० १४/४/९७ देखि भाग्यको उन्नति हुने समय आउने छ। अनि ता० १५/७/९७ सम्म सफलता र लाभ बनिरहला। त्यसपछि फेरि कष्ट आउला। बढी व्यय रहने छ। ३/९/९७ देखि सुख र सफलता चल्ने छ। ३१/१२/९७ सम्म प्रायः भाग्यको उत्तम समय चलिरहने छ।

सन् १९९८ को वर्षमा ता० २/१/९८ देखि बुद्धि र विद्याबाट सफलता एवं लाभ रहने छ। ता० २१/१/९८ देखि उन्नतिमा बाधा पर्नेछ।

कु० नं० ४८८

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२

ता० ९/२/९८ देखि समय राम्रो रहने छ। ता० २५/२/९८ देखि धनको पक्ष निर्बल रहने छ। ता० ४/५/९८ देखि भाग्यको उत्तम समय आरम्भ हुनेछ। ता० ११/६/९८ देखि समय बढी व्ययदायक र केही कष्टदायक पनि रहने छ। ता० २७/८/९८ बाट समय प्रभावशाली आरम्भ हुनेछ। ता० ३०/१२/९८ सम्म प्रायः सुख सफलता प्राप्त होला।

सिंह लग्नमा- सुनौला तारीखहरू

सन् १९९९ को वर्षमा ता० १/१/१९९९ बाट समय केही ठीक रहने छ। ता० १४/१/९९ बाट केही दुर्बल समय रहने छ। ता० १४/२/९९ देखि गृहस्थी र व्यापारमा सफलता प्राप्त होला। ता० ९/४/९९ बाट धनको पक्ष राम्रो रहने छैन। ता० १२/५/९९ देखि ता० १६/६/९९ सम्ममा भाग्य र लाभको राम्रो उन्नति रहने छ, पछि भाग्य केही कमजोर होला। ता० १९/८/९९ देखि भाग्य सप्रदै जानेछ, मान प्रभाव बढ्ने छ। र ता० ३१/१२/९९ सम्ममा भाग्यमा सुख सफलता चल्दै रहला, उन्नति भइरहने छ।

कु० नं० ४८९

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२

सन् २००० को वर्षमा ता० ६/१/२००० बाट समय केही कमजोर चल्नेछ। ता० २८/१/२००० देखि भाग्यमा सुख र सफलता रहने छ। ता० १/४/२००० बाट धनको पक्ष अलि दुर्बल रहने छ। ता० १९/४/२००० देखि भाग्यको सफलता चल्ने छ। ता० १५/७/२००० सम्ममा प्रायः भाग्य र लाभको उन्नति रहने छ। त्यसपछि समय दुर्बल र बढी खर्च हुने खालको चल्नेछ। ता०१८/८/२००० बाट समय प्रभावशाली रहने छ। ता० १/१०/२००० बाट समय उन्नतिदायक रहने छ। ता० १८/१०/२००० बाट केही कष्टको समय रहला। ता० १७/११/२००० देखि ३०/१२/२००० सम्ममा भाग्यको सफलता उत्तम प्राप्त हुनेछ।

कु० नं० ४९०

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२

सन् २००१ को वर्षमा ता० १/१/२००१ बाट धनको पक्ष केही कष्टदायक रहने छ। ता० ७/३/२००१ बाट गृहस्थी एवं व्यापारमा पूर्ण सफलता रहने छ। ता० २५/३/२००१ बाट धनको पक्ष फेरि कमजो चल्नेछ। ता० १२/४/२००१ बाट भाग्योन्नतिको समय चल्नेछ। ता० २३/६/२००१ सम्ममा लाभ र सफलतामा वृद्धि हुनेछ। पछि खर्च बढ्नेछ। भाग्यमा कमजोरी रहने छ। ता० २/८/२००१ बाट ता० २४/१२/२००१ सम्ममा प्रायः भाग्यमा सफलता र अनेक सुख प्राप्तिका साधन जोरिने छन्।

कु० नं० ४९१

६ ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२

सन् २००२ को वर्षमा ता० १/१/२००२ बाट समय केही ठीक रहने छ। ता० ७/२/२००२ बाट समय केही कमजोर चल्नेछ। ता०२८/२/२००२ देखि समय केही कमजोर चल्नेछ। ता० १५/२/२००२ देखि समय क्रमशः सप्रन्दै जानेछ। ता०१७/३/२००२ बाट ३१/३/२००२ सम्म फेरि धनको अभाव बनिरहला। ता० १/४/२००२ देखि भाग्यको सफलता मिल्दै जानेछ। ता० २६/५/२००२ देखि ता० ८/७/२००२ सम्ममा प्रायः भाग्यको सफलता प्राप्त होला। त्यसपछि व्ययभार बढ्दै जानेछ। ता० ३/९/२००२ देखि लिएर ता० ३१/१२/२००२ सम्ममा प्रायः भाग्यको सफलता बनिरहने छ।

कु० नं० ४९२

६ ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२

सन् २००३ को वर्षमा ता० १/१/२००३ बाट बुद्धिद्वारा धनको सफलता रहने छ। ता०२/२/२००३ बाट धन लाभमा बाधा पर्न सक्तछ।

कु० नं० ४९३

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२

ता० २१/२/२००३ बाट व्यापारमा सफलता प्राप्त हुनेछ। ता० ९/३/२००३ देखि धनको पक्ष कमजोर रहन सक्तछ। ता० २६/३/२००३ देखि धन र भाग्य दुवैको उन्नति हुँदै जानेछ। ता० ३१/५/२००३ देखि समय विशेष खर्च बढाउने खालको रहने छ। ता० ३०/८/२००३ बाट समय सप्रन्दै जानेछ। ता० २६/९/२००३ बाट ता० २/११/२००३ सम्ममा भाग्योन्नतिको सर्वश्रेष्ठ समय रहने छ। पछि सामान्य नै रहन सक्तछ। ता० १/१२/२००३ सम्ममा भाग्य र सुख शान्तिको समय उपस्थित हुनेछ।

सन् २००४ को वर्षमा- ता० ३/१/२००४ बाट समय केही राम्रो चल्नेछ। ता०२७/१/२००४ देखि समय केही कष्टदायक रहने छ। ता०

कु० नं० ४९४

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२

२०/३/२००४ बाट समय सप्रन्दै जानेछ। ता०८/५/२००४ देखि भाग्यमा उन्नतिको बल बढ्ने छ। ता० ९/७/२००४बाट समय फेरि राम्रो आउने छ। ता०२/९/२००४ देखि समय भाग्योन्नतिको र लाभदायक रहने छ। ता० ४/११/२००४ बाट फेरि भाग्य केही धनाभावको रहने छ। ता०२२/१२/२००४ देखि ३१/१२/२००४ सम्ममा भाग्यको उत्तम सफलता रहने छ।

सिंह लग्न हुनेहरूको-सुनौला तारीख

सन् २००५ को वर्षमा- ता० १/१/२००५ देखि बराबर भाग्योन्नतिको समय रहने छ। ता० १३/४/२००५ बाट भाग्यको समय अलि कष्टदायक रहने छ। ता० १३/६/२००५ देखि फेरि भाग्यको उन्नति र सुखदायक समय रहने छ तापनि धनको खर्च बर्ता नै रहने छ। ता० १४/७/२००५ देखि धनको पक्ष सप्रन्दै जानेछ। ता० ५/८/२००५ बाट ता० १६/९/२००५ सम्म धनको खर्च बढ्दै जानेछ। ता० १७/९/२००५ बाट भाग्यको प्रायः उन्नति रहने छ। ता० ११/१०/२००५ बाट केही कष्टको स्थिति आउने छ। ता० ५/११/२००५ बाट ता० ३१/१२/२००५ सम्ममा भाग्य राम्ररी सप्रने छ।

कु० नं० ४९५

६ ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२

सन् २००६ को वर्षमा- प्रथम साता दिन सबै ठीक रहला। परन्तु ता० १०/१/२००६ देखि भाग्यको उन्नतिमा अनेक बाधा आउला। ता० ११/३/२००६ देखि भाग्यको उन्नति हुँदै जानेछ। ता०२३/४/२००६ बाट प्रायः भाग्यको सफलता स्पष्ट देखिने छ। ता० १६/५/२००६ बाट भाग्य र धनलाभ दुवैको स्थिति उत्तम रहने छ। ता० ३१/७/२००६ देखि धनको खर्च बढ्दै जानेछ। ता०१७/८/२००६ बाट ता० २३/९/२००६ सम्म भाग्यको सफलता बनि-रहला। अगाडि केही कष्टको स्थिति आउन सक्दछ। ता० २४/११/२००६ देखि भाग्योन्नति र सुख-शान्ति रहने छ।

कु० नं० ४९६

६ ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२

सन् २००७ ई० को वर्षमा- ता० ३/१/२००७ बाट धनको पक्ष कष्टदायक र दुर्बल रहला। ता० ११/३/२००७ बाट ता० ३०/३/२००७ सम्म धन र व्यापारमा पूर्ण सफलता रहने छ। त्यसपछि धनको पक्ष कष्टकर रहने छ। ता० १०/४/२००७ बाट भाग्यमा सफलता रहने छ। ता० १३/५/२००७ देखि समय फेरि कष्टकर रहने छ। ता० १५/८/२००७ देखि भाग्यको सफलता स्पष्ट थाहा हुनेछ। ता०१२/१०/२००७ देखि घरेलू सुखका विशेष साधन जोरिनन्। ता० २७/१२/२००७ सम्म भाग्य र धन सन्तानको सफलता उपलब्ध रहने छ।

कु० नं० ४९७

६ ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२

सन् २००८ को वर्षमा ता० १/१/२००८ बाट भाग्यमा दुर्बलता रहने छ। ता० ४/३/२००८ बाट भाग्यको उन्नति हुँदै जानेछ। ता० २१/३/२००८ देख दुर्भाग्यको आगमन हुन सक्त छ। ता० २५/४/२००८ देखि फेरि भाग्यको उन्नति हुन थाल्नेछ। ता० ९/६/२००८ देखि सौभाग्य र मान प्रभावको विशेष उन्नति रहने छ। ता० १५/७/२००८ बाट हानि लाभ दुवै साथसाथै चल्नेछ। ता० २९/७/२००८ बाट धन-मानमा वृद्धि चल्नेछ। ता० १/९/२००८ देखि भाग्यको निकै दुर्बलता देखापर्ने छ। ता० १८/११/२००८ बाट ता० ३१/१२/२००८ सम्ममा भाग्य र धनको सफलता रहने छ।

कु० नं० ४९८

६ ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२

सिंह लग्न हुनेहरूको प्रतिकूल समय-ज्ञान

कु० नं० ४९९

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२

(सदैव कालको निम्ति)

तल लेखिएका ग्रह जब-जब यी राशिहरूमा पञ्चांगमा आउनन् तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा प्रतिकूल समय रहने छ।

सू०- कर्क, तुला, मकर र मीन।
चं०- कन्या, वृश्चिक, मकर, मीन र सिंह।
मं०- कर्क र मीन।
बु०- कर्क, मकर र मीन।
गु०- कर्क, मकर र कन्या।
शु०- कर्क, कन्या, मकर र मीन।
श०- कर्क, कन्या, मकर, मीन र मेष।
राहु- सिंह, कन्या, वृश्चिक, धन, कुम्भ, मीन र वृष।
केतु- सिंह, कन्या, वृश्चिक, कुम्भ, मीन, वृष र मिथुन।

नोट- कहिले काहीं जब कुनै ग्रह सूर्यबाट अस्त हुन्छ, तब त्यो ग्रह कमजोर फल दिने खालको हुन्छ। यसको अतिरिक्त सालाना फलादेशको ज्ञान गर्नका लागि, शनि, गुरू, राहु र केतु- यी चार ग्रहहरूबाट हेर्नुपर्दछ र महीनाको फलादेश जान्नका लागि सूर्य,मंगल, बुध र शुक्र यी चार ग्रहबाट हेर्नुपर्दछ र प्रतिदिनको फलादेश जान्न चन्द्रमाबाट हेर्नुपर्दछ।

सिंह लग्न हुनेहरूको-अनुकूल समयको ज्ञान

कु० नं० ५००

६ ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२

(सदैव कालको निम्ति)

तल लेखिएका ग्रह जब-जब यी राशिहरूमा पञ्चागंमा आउने छन् तब-तब ती वर्षहरू, महीनाहरू र दिनहरूमा उन्नतिदायक समय विद्यमान रहने छ।

सू०- सिंह, कन्या, वृश्चिक, धन, कुम्भ, मेष, वृष र मिथुन।
चं०- कर्क, तुला र मिथुन।
मं०- मिथुन, सिंह, कन्या, तुला, वृश्चिक, धन, कुम्भ, मेष र वृष।
बु०- मिथुन, सिह, कन्या, तुला, वृश्चिक, धन, कुम्भ, मेष र वृष।
गु०- सिंह, तुला, वृश्चिक, धन, मीन, मेष, वृष र मिथुन।
शु०- मिथुन, सिंह, तुला, वृश्चिक, धन, कुम्भ, मेष र वृष।
श०- मिथुन, सिंह, तुला, वृश्चिक, धन, कुम्भ र वृष!
राहु- मिथुन, तुला, मकर, कर्क, र मेष।
केतु- तुला, धन, मकर, कर्क र मेष।

नोट- सालाना फलादेशको ज्ञान गर्नका लागि शनि, गुरू, राहु र केतु यी चार ग्रहहरूबाट हेर्नुपर्दछ र महीनाको फलादेश जान्नका लागि सूर्य,बुध, शुक्र र मंगल- यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। प्रतिदिनको फलादेश जान्नका लागि चन्द्रमाबाट हेर्नुपर्दछ।

सिंह लग्नान्तर-सूर्यफलम्

जुन व्यक्तिको सिंह राशिका सूर्य लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस निकै ठूलो प्रतापको शक्ति राख्ने खालको होला। केही प्रसिद्धि प्राप्त गर्नेवाला, शरीरमा लमाई र गौरवको योग पाउनेवाला, धेरै ठूलो अभिमान र क्रोध राख्नेवाला, स्त्री स्थानमा केही न्यूनता र केही नीरसताको योग पाउनेवाला, दैनिक व्यापारको बाटोलाई हेय दृष्टिले देर्नेवाला, उत्सुकता रहित भएर नै गृहस्थीको कार्य र दैनिक व्यापारको संचालन गर्ने खालको होला। आफ्नो आनन्दमा अन्तरात्मामा मस्त रहनेवाला, इन्द्रिय भोगादिकको वास्तविक अभाव झैं वा विरोध झैं अनुभव गर्नेवाला किन्तु त्यसपछि पनि भोगादिको विशेष इच्छा राख्नेवाला, निकै स्वाभिमानी र देहाभिमानी, शूर-वीर होला।

कु० नं० ५०१

६ ४ ७ ५सू. ३ ८ २ ९ ११ १ १० १२

जुन व्यक्तिको कन्या राशिका सूर्य लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस प्रसस्त कमाउनेवाला तथा ठूलो धनी कहिलेवाला र धन कमाउनमा नै लागि-परिरहने खालको तथा धन स्थानबाट नै प्रभावको ठूलो वृद्धि पाउनेवाला र शरीरमा केही बन्धन पाउनेवाला अथवा घेरिए झैं अनुभव गर्नेवाला र जीवनको दिनचर्यामा एक प्रकारले ठूलो धनीको झैं फाइदा बनाइ-राख्ने खालको होला र पुरातत्त्व स्थानबाट फाइदा तथा आत्मबलको शक्तिले उत्पन्न गर्नेवाला र आयुस्थानमा शक्ति उत्पन्न गर्नेवाला तथा मृत्युस्थानमा गौरव पाउनेवाला र कुटुम्बको प्रभाव राख्नेवाला तथा जीवनमा सहायक हुने कुनै पूर्व शक्तिको लाभ प्राप्त गर्ने खालको होला।

कु० नं० ५०२

६सू. ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२

जुन व्यक्तिको तुला राशिका सूर्य लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस धेरै उन्नति गर्ने खालको होला। पुराषार्थको वृद्धिमा असफलताहरूको

कु० नं० ५०३

	६		४	
७सू.		५		३
	८		२	
९		११		१
	१०		१२	

योग पाउनेवाला र भाग्यस्थानको निकै वृद्धि गर्न सक्नेवाला तथा ठूलो भाग्यवान मानिनेवाला र ईश्वरको शक्तिमा प्रशस्त विश्वास गर्नेवाला तथा धर्मलाई बढी महत्त्व दिने र भाग्यको उन्नति गर्नका लागि केही अनुचित प्रयत्न पनि गर्न अघिसर्न सक्नेवाला र भाग्यको दाजु-भाइ दिदी-बहिनीको स्थानमा केही असन्तोष पाउनेवाला र आफ्नू बल पुरुषार्थमा केही न्यूनता पाउनेवाला र कहिले काहीं निराशाको योग पाउनेवाला साहसी होला।

जुन व्यक्तिको वृश्चिक राशिका सूर्य लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृस्थानको ठूलो शक्ति प्राप्त गर्नेवाला र भूमि-भवनको सुख

कु० नं० ५०४

	६		४	
७		५		३
	८सू.		२	
९		११		१
	१०		१२	

पाउनेवाला र सुखपूर्वक आफ्नो स्थानमा बस्नेवाला तथा प्रभावको महान्‌शक्ति पाउनेवाला र माताका गुणहरूलाई ग्रहण गर्नेवाला र पिता स्थानमा र व्यापार स्थानमा केही नीरसताको योग पाउनेवाला र राजसमाजको सम्बन्धमा केही वैमनस्यताको साथै सम्बन्ध राख्नेवाला र विदेश यात्राको सम्बन्धमा आफू भित्र सफल मान्नेवाला र देह एवं आत्माभित्र भित्री कोमलता र प्रकटमा कटुता राख्ने खालको र निर्भय रहनेवाला तथा शान्ति मनपराउने क्रोधी होला।

जुन व्यक्तिको धनराशिका सूर्य लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्याको स्थानमा विशेष शक्ति पाउनेवाला तथा हृदयमा महान् ज्ञानलाई धारण गर्नेवाला र वाणीले र शरीरले महान् प्रभाव प्राप्त गर्नेवाला र सन्तान शक्तिको महान् गौरव पाउने खालको र निकै अभिमानपूर्वक कुरा-कानी गर्नेवाला र आफ्नू बुद्धिलाई सबभन्दा उच्च वा ठूलो सिद्ध गर्नेवाला र लाभ प्राप्तिको वृद्धिको महान् विचार राख्नेवाला र धनको महान् लाभ पाउनेवाला तथा आत्मबलको शक्तिभन्दा पनि ठूला-ठूला परको गहीरो कुरा राम्ररी विचार्ने वा अध्ययन गर्ने खालको तथा निकै ठूलो सम्मान पाउनेवाला र प्रभावशाली विद्वान होला।

कु० नं० ५०५

६ ४
७ ५ ३
८ २
९सू. ११ १
१० १२

जुन व्यक्तिको मकर राशिका सूर्य लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस शत्रुहरूमाथि विजय प्राप्त गर्नेवाला, आफूभित्र महान प्रभावको शक्ति राख्नेवाला, केही प्रभावयुक्त परतन्त्रताको झैं योग पाउनेवाला, शरीरमा केही अत्यास झैं र नीरसता झैं योग परेको होला। बढी धन खर्च गर्नेवाला, बाहिरी अन्यान्य स्थानहरूमा प्रभाव पाउनेवाला, मावली पक्षमा केही नीरसताको योग पाउनेवाला, अनेक झ्याउलो विपत्ति एवं कष्टहरूको अलिकति पनि वास्ता नगर्नेवाला, दाउ-पेंचका शक्तिलाई निकै वेवास्तासित वा बडो बहादुरीद्वारा काममा ल्याउनेवाला र क्रोधी होला।

कु० नं० ५०६

६ ४
७ ५ ३
८ २
९ ११ १
१०सू. १२

जुन व्यक्तिको कुम्भ राशिको सूर्य लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारको श्रेणीमा नीरसताले युक्त कडा परिश्रम गर्नेवाला,

कु० नं० ५०७

६ ४
७ ५ ३
८ २
९ ११सू. १
१० १२

स्त्री स्थानमा नीरसताको साथै विशेष सम्बन्ध राख्नेवाला, केही परतन्त्रताको झैं प्रभावयुक्त काम-काज गर्नेवाला र गृहस्थी सम्बन्धी दैनिक र लौकिक कामहरूमा केही अरुचि र विशेष आसक्ति राख्नेवाला, अनि आफ्नू स्वाभिमानको विशेष ध्यान राख्नेवाला र आफ्नू हृदय भित्रको अशान्ति र केही गरमी (तातो) राख्नेवाला र इन्द्रिय सम्बन्धी भोगादि पक्षमा केही अतृप्ति पाउनेवाला तथा आत्मशक्ति राख्नेवाला र केही दूरदर्शिताको शक्ति पनि राख्न जान्ने प्रभावशाली व्यक्ति होला।

जुन व्यक्तिको मीन राशिको सूर्य लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस कुनै अन्य स्थानमा निवास गर्नेवाला, आफ्नू आत्मबलको शक्तिले

कु० नं० ५०८

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२सू.

ठूला-ठूला कष्टहरूमा पनि विजय पाउनेवाला, आयुस्थानको वृद्धि गर्नेवाला, लुकेको गुप्त क्रियाहरूलाई जान्ने महान् शक्ति राख्नेभएको व्यक्तिहोला। निकै गहीरो र बांगो-टिंगो गूढ चालहरूलाई काम सिद्ध पार्न प्रयोग गर्नेवाला, धन कमाउनका लागि पूरा ध्यान राख्नेवाला। शरीरमा केही चिन्ता र सौन्दर्यको केही न्यूनता पाउनेवाला, आफ्नू जीवनको दिनचर्यामा केही गौरव अनुभव गर्नेवाला, जीवनमा सहायक हुने केही पूर्व संचित-शक्तिको लाभ प्राप्त गर्नेवाला, केही बन्धन झैं अनुभव गर्ने खालको व्यक्ति होला।

जुन व्यक्तिको मेष राशिको सूर्य लग्नबाट नवम स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी झैं शक्ति प्राप्त गर्नेवाला, निकै बर्ता सौन्दर्य पाउने

कु० नं० ५०९

	६ ४	
७	५	३
	८ २	
९	११	१सू.
	१० १२	

भएको र चाक्लो लामो मस्तक भएको दाजु-भाई-दिदी-बहिनीको केही वास्ता नराख्ने भएको, धर्मको विशेष ज्ञान तथा विशेष पालन गर्नेवाला र आफ्नू प्रभावको महान् शक्ति राख्नेवाला तथा धेरै ठूला-ठूला मान-सम्मान प्राप्त गर्नेवाला र धेरै यश कमाउनेवाला तथा धार्मिक स्थानमा ठूलो बनेर रहने खालको तथा भाग्यको शक्तिको भरबाट आनन्द र निस्फिक्रीको योग पाउनेवाला अनि आत्मज्ञान र आत्मीयताको महान शक्ति राख्ने भएको तथा परोपकारी कार्यको काम गर्नेवाला र केही प्रसिद्धताको योग पाउनेवाला व्यक्ति होला।

जुन व्यक्तिको वृष राशिका सूर्य लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस ठूलो प्रतापको शक्ति राख्नेवाला तथा धेरै मान-प्रतिष्ठा पाउनेवाला

कु० नं० ५१०

	६ ४	
७	५	३
	८ २सू.	
९	११	१
	१० १२	

र सुख स्थानको वृद्धिमा पूरा ध्यान दिनेवाला र प्रयत्न गर्दै रहनेवाला, अनि पिताको स्थानमा केही नीरसताले युक्त सम्बन्ध पाउनेवाला र निकै ठूलो 'म' भन्ने अभिमानपूर्वक रहनेवाला र माताको स्थानमा विशेष माया गर्नेवाला र व्यापार आदिको देह शक्तिको द्वारा खूब काम गर्नेवाला र राज-समाजको सम्बन्धमा निकै प्रयत्न गर्नेवाला, भूमि-भवनको वृद्धिमा ख्याल राख्नेवाला, निकै स्वाभिमानी व्यक्ति होला।

जुन व्यक्तिको मिथुनराशिको सूर्य लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो लाभ प्राप्त गर्नेवाला, तथा धेरै ठूलो सम्पत्तिको पनि आमदानी प्राप्त गर्नेवाला र बढीभन्दा पनि बढी लाभ र नाफा खाने प्रयत्न गर्नेवाला, शरीरलाई शक्तिशाली तुल्याउने पनि कोशिश गर्नेवाला, सन्तान शक्ति प्राप्त गर्नेवाला तथा विद्या ग्रहण गर्नमा अग्रणी र प्रभावपूर्ण भाषा र वाणीमा बोल्न सक्ने खालको र शरीरमा ठूलो प्रभाव पाउनेवाला तथा त्यही प्रभावको शक्तिले नै धेरै र अनेक थरिका धनलाभ तथा अनेक पदार्थ पाउने दूरदर्शी व्यक्ति होला।

कु० नं० ५११

६ ४
७ ५ ३सू.
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको कर्क राशिको सूर्य लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस केही दुर्बल शरीरको तथा बाहिरी अन्य स्थानहरूमा बस्नेवाला तथा हृदयमा केही बढी दुर्बलता पाउने खालको र धेरै धन खर्च गर्नेवाला र शत्रु स्थानलाई निकै तीक्ष्ण दृष्टिले हेर्ने भएको तथा अनेक प्रकारका झ्याउला र अपठेराहरूबाट आफूलाई सुरक्षित जोगाउने साधन विचार्ने र राख्नेवाला, आफ्नो प्रभाव कायम राख्ने निकै ठूलो प्रयत्न तथा ध्यान राख्नेवाला, अन्य स्थानमा ठूलो प्रभाव जमाउने खालको अनि आत्माभित्र केही एक्लोभाव अनुभव गर्नेवाला र देहको सम्बन्धमा केही अशान्ति र केही भ्रमणको शक्ति राख्नेवाला तथा आफ्नू शरीरया केही सौन्दर्यको न्यूनता अनुभव गर्ने खालको होला।

कु० नं० ५१२

६ ४सू.
७ ५ ३
८ २
९ ११ १
१० १२

सिंह लग्नान्तर-चन्द्रफलम्

जुन व्यक्तिको सिंहराशिको चन्द्रमा लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस बाहिरी अन्य स्थानहरूको सम्पर्क शक्ति राख्नेवाला, केही भ्रमण गर्ने खालको र शरीरमा केही दुर्बलता पाउने भएको तथा देहको वास्तविक सौन्दर्यमा कमी पाउनेवाला, मनको भित्र केही शक्ति वा केही कमजोरीको सम्मिश्रण योग पाउनेवाला, शानदार प्रभावशाली धन व्यय गर्नेवाला, स्त्री स्थानको बाहिरी सम्बन्धमा खर्च गर्ने र देहको तागतले खर्चको शक्ति प्राप्त गर्नेवाला, दैनिक व्यापार र स्त्री स्थानमा न्यूनताको योग अनुभव गर्ने खालको तथा अन्य स्थानहरूको सम्बन्धमा मन-द्वारा धेरै प्रकारका शक्ति प्राप्त गर्नेवाला, केही दुर्बल मनभ्रमित खालको होला।

कु० नं० ५१३

६ ४
७ ५चं. ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको कन्या राशिका चन्द्रमा लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस धन संग्रह गर्ने कोषको स्थानमा केही हानि र केही न्यूनता पाउनेवाला तथा कुटुम्बमा केही हानि पाउनेवाला र अन्य स्थानहरूसित सम्बन्धित मनोयोगको शक्तिद्वारा धनको वृद्धि गर्ने साधन पाउनेवाला र खर्चको शक्तिलाई बन्दिशमा ल्याएर धन जोर्ने (वृद्धि) गर्ने चेष्टा गर्नाले संचित धनमा कहिले काहीं बढी व्यय भएर जाने योग परेको होला। जीवनको पूर्व सहायक पुरातत्त्व शक्तिमा पनि केही हानि पाउने खालको र जीवनको दिनचर्यामा केही धन-व्ययको उज्जवलता पाउने भएको तथा केही फोस्रो धनाढ्यको योग पाउने खालको होला।

कु० नं० ५१४

६चं. ४
७ ५ ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको तुला राशिका चन्द्रमा लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू मनको भित्र-बाहिरी अन्य स्थानहरूको सम्बन्धितको बल प्राप्त गर्ने खालको होला। स्थानीय बाहुबलको शक्तिमा न्यूनता पाउनेवाला तथा दाजु-भाई र दिदी-बहिनीको स्थानमा कमजोरी र हानिहरूको योग पाउनेवाला। भाइ बहिनीको पक्षमा र पुरुषार्थको वृद्धिको सम्बन्धमा बढी खर्च गर्नेवाला, मनभित्र केही दुर्बलता एवं शक्तिको समीकरण योग पाउनेवाला तथा धर्म र भाग्यको स्थानमा पनि केही न्यूनता अनुभव गर्नेवाला र बर्ता धन व्ययले गर्दा पुरुषार्थ बलमा दुर्बलता अनुभव गर्नेवाला, शान्तियुक्त पुरुषार्थ गर्ने खालको व्यक्ति होला।

कु० नं० ५१५

६　४
७चं.　५　३
८　२
९　११　१
१०　१२

जुन व्यक्तिको वृश्चिक राशिका चन्द्रमा लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृस्थानमा महान् त्रुटि र दुर्बलता पाउनेवाला, सुख-शान्तिमा अनेक बाधा पाउनेवाला र मनोयोगका महान् अशान्तिप्रद कार्यहरूद्वारा खर्चको शक्ति प्राप्त गर्ने खालको होला। संकीर्ण रूपले खर्च गर्ने कारणहरूले केही कष्ट र अशान्तिको योग पाउनेवाला र बाहिरी अन्य सम्बन्धबाट मनोयोगको परिश्रमद्वारा अनेक कष्टहरू सहेर इज्जत र मान-प्रतिष्ठाको वृद्धि गर्ने खालको तथा भवन-भूमिको कमी र हानि पाउनेवाला। पिता समान कुनै अन्य व्यक्तिको सहयोग पाउनेवाला, घरभित्र नै अनेक थरिका मानसिक र शारीरिक कष्ट सहन सक्ने खालको होला।

कु० नं० ५१६

६　४
७　५　३
८चं.　२
९　११　१
१०　१२

जुन व्यक्तिको धन राशिको चन्द्रमा लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बाहिरी अन्य स्थानहरूसित सम्बन्धित मन र बुद्धिद्वारा खर्चको संचालन शक्ति राख्ने खालको होला र सन्तान पक्षमा हानि वा कमजोरी पाउनेवाला र केही भ्रमित हुने भएको र केही मनोयोग द्वारा अनर्गल प्रलाप गर्नेहरूलाई पनि भ्रमित पार्न सक्ने क्षमता भएको तथा दिमागमा लाभ र हानि सम्बन्धी अनेक झ्याउलाहरू अनुभव गरेर चिन्तित रहनेवाला, तथा लाभ प्राप्तिको स्थानमा केही कमजोरी पाउनेवाला र धेरै ठूला विचारहरूको सोध-खोजमा अलमलिनेवाला, वास्तविक पाउनेपर्ने भन्दा थोरै पाउनेवाला तथा परसम्मको विचार गर्ने खालको होला।

कु० नं० ५१७

६ ४
७ ५ ३
८ २
९चं. ११ १
१० १२

जुन व्यक्तिको मकर राशिको चन्द्रमा लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस व्ययको स्थानमा केही परतन्त्रता झैं अनुभव गर्ने र मनभित्र महान् घेराव र बन्धन झैं योग पाउनेवाला र मनको शक्तिद्वारा बाहिरी स्थानहरूसित सम्बन्धित, अपठेरो मामलाहरूको हल गर्नमा मनमा थकाईको अनुभव गर्नेवाला तथा खर्चलाई रोक्ने वा कम गर्नका लागि कोशिश गरेर पनि झन् बढी व्यय गर्ने भएको, अनि शत्रु स्थानमा निकै नरम भएर र शान्तिले आफ्नू काम सिद्ध पार्नेवाला र मावली पक्षमा हानिको योग परेको तथा केही रोगादि झ्याउलाहरूको विषयमा पनि खर्च गर्ने खालको, आफ्नू प्रभावमा केही न्यूनता अनुभव गर्ने र शत्रुलाई हानि पुऱ्याउने खालको होला।

कु० नं० ५१८

६ ४
७ ५ ३
८ २
९ ११ १
१०चं. १२

जुन व्यक्तिको कुम्भ राशिको चन्द्रमा लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस आफ्नू गृहस्थी र स्त्रीको स्थानबाट हानि तथा दुर्बलता

कु० नं० ५१९

६ ४
७ ५ ३
८ २
९ ११चं. १
१० १२

पाउनेवाला र अन्यान्य बाहिरी स्थानहरूसित सम्बन्धित दैनिक व्यापार चलाउनेवाला तथा स्थानीय रोजगारमा हानि पाउनेवाला र इन्द्रिय भोगादिक सुखहरू मा कमजोरी पाउनेवाला र बाहिरी सम्बन्धहरू द्वारा भोग प्राप्त गर्ने मनमा इच्छा राख्ने खालको होला। शरीरमा केही न्यूनता र दुर्बलता पाउनेवाला, दैनिक व्यापार भित्र मनको शक्तिले ठूला-ठूला उल्टो-सुल्टो गर्नका लागि उपाय सोचिरहनेवाला, भोगादिक पक्षमा र गृहस्थीको पक्षमा अधिकांश व्यय गर्न अघिसर्नेवाला, केही चिन्ताग्रस्त रहने र दैनिक कार्यहरूमा केही कमजोरी पाउने खालको व्यक्ति होला।

जुन व्यक्तिको मीन राशिका चन्द्रमा लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस खर्चको संचालन शक्तिलाई अन्यान्य स्थानहरूको योगले तथा

कु० नं० ५२०

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२चं.

मानसिक परिश्रमद्वारा प्राप्त गर्न सफल हुनेवाला, खर्चको केही कमी र केही झ्याउलो पाउनेवाला, जीवनको दिनचर्यामा अलिकति अभाव झैं अनुभव गर्नेवाला, जीवनमा सहायक हुने खालको केही पूर्वसंचित शक्तिको न्यूनता भेट्टाउने खालको होला। अनि बाहिरी स्थानहरूबाट सम्बन्धित गूढ विषयको ज्ञान मनभित्र प्राप्त गर्नेवाला, बाहिरी सम्बन्धहरूको शक्तिले मनद्वारा धनको वृद्धि गर्ने सदैव उद्योग गरिरहनेवाला, धनको ढुकुटीमा केही न्यूनताको पनि अनुभव गर्ने खालको होला। जीवनमा सहायक हुने मुख्य शक्ति ढीलो गरेर प्राप्त गर्नेवाला, आयुको वृद्धिमा केही न्यूनता पाउने र केही चिन्तित मनको होला।

जुन व्यक्तिको मेष राशिका चन्द्रमा लग्नबाट नवम स्थानमा छ भने त्यो मानिस भाग्यको तागतले खर्च संचालनको शक्ति प्राप्त गर्नेवाला तर भाग्यको सम्बन्धमा केही कमजोरीको योग परेको होला। धर्ममा केही न्यूनताको योग पाउनेवाला, ईश्वरको निष्ठमा पनि केही भ्रमात्मक विचारहरूलाई मनमा राख्नेवाला, यशमा कमी भएको होला। अन्यान्य स्थानको सम्बन्धबाट लाभ पाउनेवाला, केही दैवी सहायता पाउनेवाला तथा मनभित्र केही शान्ति र केही अशान्ति मिश्रित योग परेको होला। दाजु-भाई र दिदी-बहिनीको स्थानमा न्यूनता देख्नेवाला र बल-पुरुषार्थमा पनि केही कमजोरी अनुभव गर्ने खालको व्यक्ति होला।

कु० नं० ५२१

६		४
७	५	३
८		२
९	११	१चं.
१०		१२

जुन व्यक्तिको वृषराशिका चन्द्रमा लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस बाहिरी स्थानहरूको सम्पर्क शक्तिले मनोयोगले ठूलो व्यापार गर्नेवाला, स्थानीय व्यापारमा धेरै हानिहरूको योग परेको होला। पिताको स्थानमा, बाहिरी सम्बन्धको शक्ति तथा स्थानीय स्थितिमा केही दुर्बलता र आंशिक हानिको योग पाउनेवाला, मातृस्थानमा पनि केही हानि पाउनेवाला तथा भूमि-भवन आदिमा पनि केही न्यूनता पाउनेवाला, मनको सुख-शान्तिमा पनि निकै दुर्बलता पाउनेवाला र धेरै बढी शाही काइदाको खर्च गर्न अघिसर्नेवाला तथा राज-समाज र प्रतिष्ठाको स्थानमा खर्चको शक्तिले देखावटी प्रभावको शक्ति भेट्टाउने खालको होला। वास्तविक उन्नतिमा न्यूनता पाउनेवाला, मनमा प्रसन्न रहने र ठूला-ठूला उल्टो-सोझो कामले आफ्नू काम चलाउने खालको होला।

कु० नं० ५२२

६		४
७	५	३
८		२चं.
९	११	१
१०		१२

जुन व्यक्तिको मिथुन राशिको चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस बाहिरी स्थानहरूको सम्बन्धबाट मनोयोगद्वारा ठूलो लाभ पाउनेवाला र खर्चको शक्तिले पनि धन कमाउन सक्नेवाला तथा खूब खर्च गर्ने शक्ति पाउनेवाला तथा लाभ प्राप्तिको स्थानमा दुर्बलता अनुभव गर्नेवाला र सन्तान पक्षमा केही विरोध र कमजोरी पाउनेवाला र विद्या ग्रहण गर्नमा पनि न्यूनता पाउनेवाला, अनि मन र बुद्धि भित्र ठूलो उल्टा-सीधा कुराहरू विचारि रहनेवाला तथा आफ्नो आवश्यकताका प्रयोग गरिने वस्तुहरूमा केही बाधा र कमी अनुभव गर्नेवाला अनि मनमा केही भित्री दुर्बलता र बाहिरी प्रसन्नताको योग पाउने खालको व्यक्ति होला।

कु० नं० ५२३

६ ४ ७ ५ ३चं. ८ २ ९ ११ १ १० १२

जुन व्यक्तिको कर्क राशिका चन्द्रमा लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस धेरै धाराप्रवाह धन खर्च गर्नमा नै मनलगाउनेवाला र खूब बढी खर्च गर्ने खालको होला। बाहिरी सम्बन्धहरूको महान् शक्ति प्राप्त गर्नेवाला, तथा बाहिरी सम्बन्धमा नै मनभित्र बढी हर्ष मान्नेवाला र प्रसन्नताको योग पाउनेवाला। ख़र्च स्थानमा ठूलो गौरव र चमत्कार राख्ने खालको तथा खर्चलाई रोक्ने शक्तिमा असमर्थता पाउनेवाला, मावली पक्षबाट केही हानि वा कमजोरीको योग पाउनेवाला, शत्रु स्थानमा केही नरम भएर पनि काम सिद्ध पार्नेवाला, केही अशान्ति युक्त र बलियो मन भएको होला।

कु० नं० ५२४

६ ४चं. ७ ५ ३ ८ २ ९ ११ १ १० १२

सिंह लग्नान्तर-भौमफलम्

जुन व्यक्तिको सिंह राशिका मंगल लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस भाग्यको शक्तिद्वारा ठूलो मान र भूमि-भवन सम्बन्दी महान् शक्ति प्राप्त गर्ने भएको र भूमि-भवनद्वारा नै ठूलो भाग्यमानीमा गनिने तथा आमाको शक्ति र आमाकै आदर्श प्राप्त गरेर सुख प्राप्तिका अनेक उच्च साधनहरू एवं प्रभाव प्राप्त गर्नेवाला र यथा-शक्ति धर्मको सम्बन्धलाई वर्तमानमा पालन र ध्यान गर्नेखालको होला। पूर्वसंचित धर्मको बलद्वारा धेरै प्रकारका आशाहरू र अनेक थरिका सुख-सुविस्ता पाउनेवाला, शरीरलाई सुन्दर र सुखद राख्न जान्ने तथा जीवनको दिनचर्यामा ठूलो गौरव मान्नेवाला, स्त्री र गृहस्थी एवं व्यापारको स्थानमा नीरसताको योग पाउनेवाला, पुरातत्त्वले सुखी र धन-धान्यपूर्ण रहने व्यक्ति होला।

कु० नं० ५२५

६ ४ ७ ५मं. ३ ८ २ ९ ११ १ १० १२

जुन व्यक्तिको कन्या राशिको मगंल लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी तथा भाग्यको शक्तिले दैवी सम्पत्तिको वृद्धि प्राप्त गर्ने खालको होला। धनको शक्तिले ठूलो भाग्यमानीमा गनिने तथा भवन-भूमि बेसरी प्राप्त गर्नेवाला र स्वार्थयुक्त भएर धर्मको पालन गर्नेवाला, पूर्वसंचित धन-धर्मको बलले तथा धनको संचित शक्तिको योग पाउनेवाला, अनि आमाको पक्षमा वा घरेलू सुखको स्थानमा केही कष्ट आइलागेको मनमा ठान्नेवाला, कौटुम्बिक शक्तिको पाउनेवाला तथा यथेच्छ सन्तान सुख प्राप्त गर्नेवाला, विद्या-बुद्धिको स्थानमा सज्जनता धारण गर्ने तथा कुराकानीमा सत्यता र गम्भीरताको योग परेको व्यक्ति होला।

कु० नं० ५२६

६मं. ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२

जुन व्यक्तिको तुला राशिको मंगल लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस ठूलो सौभाग्य प्राप्त गर्ने भाग्यमानी एवं पुरुषार्थको शक्तिले र

कु० नं० ५२७

६ ४
७मं. ५ ३
८ २
९ ११ १
१० १२

आफ्नू बाहुबलद्वारा धेरै ठूलो सफलता प्राप्त गर्नेवाला, दैवी सहायताहरूको द्वारा निकै सजिलोसित उन्नतिको मार्गमा अग्रसर हुँदै जानेवाला, यश र प्रभावको शक्ति वृद्धि प्राप्त गर्नेवाला तथा धर्मलाई मान्नेवाला, शत्रुस्थानमा महान् प्रभाव पाउनेवाला, अनि मावली पक्षमा केही गौरव र सुख भएको देख्नेवाला तथा पिताको स्थानमा केही नीरसता पाउनेवाला र राज-समाज एवं मानोन्नतिको स्थानमा केही बाधाहरूको साथै वृद्धिको योग परेको र रोग-दोष एवं झ्याउलाहरूको अलिकति पनि भय वा वास्ता नगर्नेवाला, निकै ठूलो साहस भएको, आमा र भाइ-बहिनीको शक्तिपाउने प्रभावशाली होला।

.जुन व्यक्तिको वृश्चिक राशिको मंगल लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस भूमि-भवनको स्वामी र शक्ति पाउने भएको, ठूलो भाग्यमानी-

कु० नं० ५२८

६ ४
७ ५ ३
८मं. २
९ ११ १
१० १२

मा गनिनेवाला, गम्भीर सुख-शक्ति प्राप्त गर्नेवाला र रोजगार-व्यापारको बाटोमा केही नीरसता अनुभव गर्ने खालको होला। आमाको स्थानबाट महानता र सुख पाउनेवाला। राज-समाज र लौकिक कार्यहरूमा तथा मान वृद्धिको योग पाउनेवाला र कतिपय स्थितिमा असन्तोष मान्ने खालको होला। भाग्यबल र स्थानबलद्वारा प्रसस्त लाभ पाउनेवाला, ईश्वरप्रति गम्भीर विश्वास भएको र धर्मको राम्ररी पालन गर्नेवाला तथा स्त्री र पिताको स्थानमा केही नीरसताको योग पाउने तथा सुख-प्राप्तिको आनन्दमा मग्न रहने खालको होला।

जुन व्यक्तिको धन राशिको मंगल लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सुख सन्तोषपूर्वक विद्या ग्रहण गर्नेवाला तथा सन्तानको सुख प्राप्त गर्नेवाला र विद्या बुद्धिको स्थानबाट भाग्यको उन्नति र सुख सन्तोष प्राप्त गर्नेवाला र भूमि-भवनको सुख पाउनेवाला अनि सुखपूर्वक लाभ प्राप्त गर्नेवाला, जीवनको दिनचर्यामा भाग्य-शक्तिको गौरव अनुभव गर्नेवाला, भाग्यको सुख-शक्तिको तर्फबाट बाहिरी स्थानहरूमा केही न्यूनताको योग परेको होला। व्यय स्थानमा केही कमी अनुभव गर्नेवाला, वृद्धिको भित्र कोमलता राख्नेवाला, आमाका गुणहरू ग्रहण गर्ने खालको होला। शान्तिको इच्छा गर्ने र आयुको सुख प्राप्त गर्नेवाला, धर्मलाई राम्ररी जान्नेवाला तथा वाणीद्वारा सज्जनताको पालन गर्नेवाला गूढ ज्ञानी व्यक्ति होला।

कु० नं० ५२९

६ ४
७ ५ ३
८ २
९मं. ११ १
१० १२

जुन व्यक्तिको मकर राशिको मंगल लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस भाग्यको शक्तिद्वारा प्रभावको महान् उन्नति प्राप्त गर्नेवाला तथा सत्वगुणी शक्तिद्वारा शत्रुलाई पराजित गर्न जान्ने र तमोगुणी धर्मको पालन गर्नेवाला। मावली पक्षबाट महानता पाउनेवाला, मातृ-सुखमा केही न्यूनता देख्नेवाला, सुख-शान्तिमा बाधा अनुभव गर्ने खालको होला। केही भवन-भूमि आदिको शक्ति भएको तथा भाग्योन्नतिको स्थानमा केही विघ्न-बाधा र झ्याउलाहरू सहन परे पनि वृद्धितिर बराबर लम्किरहनेवाला, भाग्योन्नतिको स्थानमा केही परिश्रमको अधिकता र दैवी सहायताको सम्मिश्रण योग पाउनेवाला तथा धन-व्ययमा कमीको योग परेको र देहमा केही भाग्यद्वारा सम्मानको योग प्राप्त गर्नेवाला, धर्मको आडमा केही अनुचित उन्नति पाउने खालको व्यक्ति होला।

कु० नं० ५३०

६ ४
७ ५ ३
८ २
९ ११ १
१०मं. १२

जुन व्यक्तिको कुम्भ राशिको मंगल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस आमाको पक्षमा, स्त्री पक्षमा केही नीरसतायुक्त सुखको योग परेको होला। घरेलू सुखको घेरामा सुखयुक्त भएर पनि केही असन्तोष मान्नेवाला र दैनिक व्यापारको स्थानमा अलिकति परिश्रम गरेर पनि सफलता प्राप्त गर्नेवाला, केही भवन-भूमि आदिको सुख प्राप्त गर्नेवाला, उन्नति प्राप्त गर्नका निम्ति धेरै प्रयत्न गर्ने, भाग्यको तागतद्वारा केही धनको शक्ति प्राप्त गर्नेवाला, केही सामान्य धर्मको पालन गर्नेवाला र गृहस्थीको प्रत्येक दैनिक कार्यहरूमा केही धर्मको ख्याल राख्नेवाला, भोगादिको प्राप्तिका लागि केही धर्मको हानि पाउने खालको मानयुक्त होला।

कु० नं० ५३१

६		४	
७	५	३	
८		२	
९	११मं.	१	
१०		१२	

जुन व्यक्तिको मीन राशिको मंगल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस भाग्यको स्थानमा ठूला-ठूला कष्ट सहनेवाला, धर्मको हानि पाउने भएको, सुख-शान्तिमा अनेक बाधा-हरू पाउनेवाला, माताको स्थानमा न्यूनता र कष्ट सहनेवाला, भवन-भूमि आदि निवास स्थानको पनि न्यूनता मातृ-भूमिको भिन्न पाउनेवाला यश प्राप्तिमा पनि न्यूनता पाउनेवाला तथा अन्य शहरहरूको योगले सुख प्राप्त गर्नेवाला तथा अन्य स्थानहरूको योगले नै भाग्यको वृद्धिको योग पाउनेवाला, भाग्यको उन्नतिका लागि ठूला-ठूला सुखहरूको आहुति दिने खालको होला। जीवनमा सहायक हुने कुनै पुरातत्त्व शक्तिको भर पाउनेवाला र आयुमा वृद्धि पाउने खालको व्यक्ति होला।

कु० नं० ५३२

६		४	
७	५	३	
८		२	
९	११	१	
१०		१२मं.	

जुन व्यक्तिको मेष राशिको मंगल लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्य स्थानमा अनेक सुख र उन्नति प्राप्त गर्ने खालको होला। अनि माता-पिताको वैभव प्राप्त गर्नेवाला, पैतृक सम्पत्ति भवन-भूमि आदिको सुरक्षा गर्नेवाला। धर्म-कर्ममा श्रद्धा र विश्वास राख्नेवाला, राज-समाजमा अनेक उपहार र धनादि प्राप्त गर्ने खालको बलियो विचार राख्ने खालको होला। मान प्रतिष्ठा र यश प्राप्त गर्नेवाला, सन्तान पक्षबाट सुख-शान्ति पाउनेवाला होला।

कु० नं० ५३३

६ ४ ७ ५ ३ ८ २ ९ ११ १मं. १० १२

जुन व्यक्तिको वृष राशिको मंगल लग्नबाट दसम स्थानमा छ भने त्यो मानिस बढी व्यापारिक शक्ति प्राप्त गर्नेवाला, निकै ठूलो भाग्यमानीमा गनिने खालको होला। भूमि-भवन आदिको महान् शक्तिको आनन्द प्राप्त गर्नेवाला तथा माताको स्थानमा अपार आनन्द पाउनेवाला तथा सुख-शान्ति सम्बन्धित विषयमा धेरै ठूलो सहायक साधन प्राप्त गर्नेवाला, अन्यान्य बाहिरी स्थानहरूमा केही त्रुटि केही उदासीनताको योग पाउनेवाला र धर्मको राम्ररी पालन गर्न जान्नेवाला तथा ईश्वरमा अटल विश्वास भएको व्यक्ति होला। ठूलो कीर्ति पाउनेवाला र भाग्यको भरमा नै मोज गर्नेवाला तथा ठूलो मान-सम्मान प्राप्त गर्ने खालको व्यक्ति होला।

कु० नं० ५३४

६ ४ ७ ५ ३ ८ २मं. ९ ११ १ १० १२

जुन व्यक्तिको मिथुन राशिको मंगल एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यको शक्तिद्वारा सुखपूर्वक इच्छित लाभ प्राप्त गर्ने खालको होला। धनको संग्रह गर्नमा केही दैवी सहायता पाउनेवाला, माताको स्थानबाट इच्छित लाभ प्राप्त गर्ने खालको होला। सुख-शान्तिका अनेक साधन पाई प्रसन्न रहनेवाला, भूमि-भवन आदिको लाभ कमाउनेवाला र शत्रु स्थानमा महान् यश र प्रभाव पाउनेवाला, मावली पक्षमा केही महानताको योग परेको होला। कुटुम्बको सुख-शान्ति देखेर प्रसन्न रहने वाला, अनि वृद्धि स्थानमा र विद्या स्थानमा निकै बुद्धिमानीले आफ्नू काम सिद्ध पार्नेवाला। सन्तानको लाभ र सुख आंशिक रूपमा पाउने खालको होला। पुनर्जन्मका पुण्यहरूको शक्तिले ठूला-ठूला लाभ र अनेक थरिका साना-ठूला सफलताहरू प्राप्त गर्नेवाला, धर्मलाई मान्ने भए पनि भित्री मनमा स्वार्थभाव गडेको व्यक्ति होला।

कु० नं० ५३५

६ ४
७ ५ ३मं.
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको कर्क राशिको मंगल लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यस्थानमा महान् न्यूनता दुर्बलता पाउने खालको तथा मातृस्थानमा निकै ठूलो हानि पाउने र सुख एवं शान्तिमा महान् न्यूनता र कमजोरी प्राप्त गर्नेवाला र निवासस्थानको र भूमि-भवन आदिमा ठूलो हानि पाउनेवाला र बाहिरी अन्यान्य स्थानहरूको योगले ठूला अशान्तिद्वारा आफ्नू बल र पुरुषार्थको वृद्धि गर्नेवाला र खर्चको स्थानमा ठूलो अशान्तिले गर्दा पाउने कष्ट तथा धर्मको सम्बन्धमा धेरै ठूलो दुर्बलता प्राप्त गर्नेवाला र बाहिरी अन्यान्य स्थानहरूको योगले दैनिक व्यापारमा इच्छित उन्नति गर्ने र ठूलो यश प्राप्त गर्नेवाला, र बाहिरी अन्यान्य स्थानहरूको योगले दैनिक व्यापारमा इच्छित उन्नति गर्ने र ठूलो यश प्राप्त गर्नेवाला तथा शत्रु स्थानमा निकै प्रभाव पाउने खालको व्यक्ति होला।

कु० नं० ५३६

६ ४मं.
७ ५ ३
८ २
९ ११ १
१० १२

सिंह लग्नान्तर- बुधफलम्

जुन व्यक्तिको सिंह राशिको बुध लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस आफ्नै देहद्वारा इच्छित धन कमाउनेवाला, शरीरले नै धनी व्यक्ति मानिने खालको होला। विवेकको महान् शक्तिद्वारा अनेक प्रकारका महान् स्वार्थ-सिद्ध पार्नेवाला, धनको शक्तिले नै दैनिक व्यापारमा बढी सफलता पाउनेवाला र स्त्री स्थानमा महान् लाभ प्राप्त गर्नेवाला, आदर्श शक्तिको द्वारा लौकिक वा भोगादिक पदार्थहरूमा बढी सफलता प्राप्त गर्नेवाला, खूब मान-सम्मान पाउने र शरीरमा सौन्दर्य र शीतलता प्राप्त गर्नेवाला, सदैव धन कताबाट तान्न पाइन्छ भन्ने उपाय उत्पन्न गर्ने र ठूलो इज्जतदार एवं बाठो व्यक्ति होला।

कु० नं० ५३७

६ ४
७ ५बु. ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको कन्या राशिको बुध लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस बढी धन संग्रह गर्न जान्ने र धेरै कुटुम्बहरू भएको,अनि जीवनको दिनचर्यामा केही परेशानी र केही उदासीनता एवं केही बेवास्ता, उपेक्षाद्वारा काम गर्ने खालको होला। पुरातत्त्व शक्तिको अवहेलना गर्न नसक्ने र धनको शक्ति प्राप्त गर्नमा महान् अनेकानेक विवेक शक्तिद्वारा काम सिद्ध पार्नेवाला। आमदानीको स्थानमा केही बाधा-बन्धन झैं भएर बाटो पाउनेवाला, धेरै ठूलो मान-इज्जत कमाउनेवाला, धनको वृद्धिका कारणहरूले आयुको समयको नीरसता युक्त उपेक्षाले राख्ने खालको होला।

कु० नं० ५३८

६बु. ४
७ ५ ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको तुला राशिको बुध लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू पुरुषार्थ र बाहुबलद्वारा धेरै धन कमाउनेवाला, तथा अनेकानेक प्रकारका लाभ प्राप्त गर्नेवाला तथा दाजु-भाई र दिदी-बहिनीको पनि लाभ प्राप्त गर्नेवाला र ठूलो भाग्य शक्तिद्वारा उन्नति गर्न अघिसर्नेवाला तथा धनको तागतले नै धर्म पनि गर्नेवाला र विवेकको महान् शक्तिले बढी उन्नति र यश-कीर्ति पाउनेवाला र आफ्नू पुरुषार्थमा बढी भरोसा राख्ने खालको होला। ईश्वरमा पनि खूब निष्ठा र विश्वास गर्ने तथा उत्साहको महानता पाउनेवाला र धन-वृद्धिका कारणहरूले केही बन्धन युक्त झैं हेर आफ्नू काम गरिरहने खालको बाठो व्यक्ति होला।

कु० नं० ५३९

६ ४
७बु. ५ ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको वृश्चिक राशिको बुध लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस धनको संग्रह शक्तिबाट ठूलो सुख प्राप्त गर्नेवाला र सुखपूर्वक विवेक शक्तिको द्वारा आमदानी र धनागम गर्न जान्नेवाला, अनि भवन-भूमिको उपयुक्त र राम्रो शक्ति प्राप्त गर्नेवाला तर घरमा बसी-बसी सुखपूर्वक प्रत्येक आवश्यकताहरूको पूर्ति पाउनेवाला तथा ठूला-ठूला राम्रा-राम्रा वस्त्र आभूषण इत्यादिको शक्ति प्राप्त गर्नेवाला तथा धनको शक्तिबाट ठूला-ठूला व्यापार गर्नेवाला, अनि राज-समाजमा प्रसस्त इज्जत कमाउनेवाला र आमाको सम्बन्धमा सुख प्राप्तिको सम्बन्धमा केही बन्धन-युक्त लाभको योजना भेट्टाउनेवाला, र पिताको स्थानबाट धनको लाभ पाउने निकै बाटो खालको होला।

कु० नं० ५४०

६ ४
७ ५ ३
८बु. २
९ ११ १
१० १२

जुन व्यक्तिको धन राशिक बुध लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस अनेक विद्यामा निपुण हुनेवाला तथा बुद्धिको भित्र महान् कला राख्नेवाला र विद्या बुद्धिको योगले खूब धनार्जन गर्न जान्नेवाला तथा ठूला-ठूला महान् अमूल्य लाभ पाउनेवाला र सन्तान पक्षबाट विशेष लाभ पाउनेवाला, विवेकको महान् शक्तिद्वारा ठूला-ठूला बहुमूल्य योजनाहरू बनाउनेवाला, तथा दिमागी शक्तिले सदैव स्वार्थसिद्धिमा लागि रहने खालको तथा मान र इज्जत कमाउनेवाला एवं कोमल वाणीद्वारा आफ्नो अर्थ झिक्न जान्ने खालको बाठो व्यक्ति होला।

कु० नं० ५४१

६ ४
७ ५ ३
८ २
९बु. ११ १
१० १२

जुन व्यक्तिको मकर राशिको बुध लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस अलि परतन्त्रता युक्त कर्मको बलले धनको प्राप्ति गर्न जान्नेवाला र केही गुप्त एवं घुमाउरो विवेकको शक्तिबाट पनि धन लाभ पाउनेवाला र धन संचय गर्ने स्थानमा केही न्यूनता वा दुर्बलता पाउने खालको होला। अनि धनको सम्बन्धमा केही झ्याउलो वा कष्ट सहनेवाला र शत्रु एवं रोगको सम्बन्धमा केही धनबाट लाभ उठाउन जान्ने र खूब खर्च गर्नेवाला र शत्रु पक्षमा र विवाद झगडामा केही लाटो जस्तो कीमती योजनाहरू द्वारा काम सिद्ध पार्नेवाला र केही अन्यान्य स्थानहरूको सम्बन्धमा पनि लाभ प्राप्त गर्नेवाला निकै बाठो होला।

कु० नं० ५४२

६ ४
७ ५ ३
८ २
९ ११ १
१०बु. १२

जुन व्यक्तिको कुम्भराशिको बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस धनको तागतबाट तथा विवेक शक्तिद्वारा दैनिक व्यापारमा धेरै ठूलो सफलता एवं वृद्धि प्राप्त गर्नेवाला र खूब धन कमाउन जान्ने खालको होला। ससुरालीबाट फाइदा पाउनेवाला र स्त्री एवं गृहस्थीको स्थानमा धनको तागतले ठूलो आनन्द पाउनेवाला किन्तु साथ-साथै केही बन्धन झैं अनुभव गर्नेवाला र मान-सम्मान पाउने तथा कुटुम्बको शक्ति प्राप्त गर्नेवाला र भोगादिकको बढी लाभ पाउने भएको तथा आमदानीको दैनिक शक्तिको खूब लाभ कमाउनेवाला धनी, बाठो र सौन्दर्ययुक्त प्रतिष्ठित व्यापारी होला।

कु० नं० ५४३

६ ४ ७ ५ ३ ८ २ ९ ११बु. १ १० १२

जुन व्यक्तिको मीन राशिको बुध लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस धन स्थानबाट बढी हानि पाउने खालको र महान् कष्टसाध्य कर्महरू द्वारा धनागम गर्नेवाला तथा धन प्राप्तिका लागि अनेक थरिका अन्यान्य स्थानको योगले र केही गूढातिगूढ न्यून कर्महरूको योगले काम सिद्ध पार्न जान्नेवाला र जीवनलाई सहायक हुने खालको पुरातत्त्व धन शक्तिको बढी दुर्बलता पाउनेवाला र जीवनको दिनचर्यामा र आयुस्थानमा केही अशान्तिको कारण पाउने खालको र धनको वृद्धि गर्नका लागि विवेक शक्तिको संकीर्ण क्रियाको सदैव प्रयोग गर्नेवाला महान् गुप्त युक्तिहरूको बल राख्ने भएको, केही चिन्तित जीवन बिताउने खालको व्यक्ति होला।

कु० नं० ५४४

६ ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२बु.

जुन व्यक्तिको मेष राशिको बुध लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको तागतले इच्छित धन कमाउने खालको होला। अनेक थरिका आवश्यकताहरूको पूर्तिका लागि साधन स्वतः प्राप्त गर्न जान्नेवाला, धर्मको शक्तिले विवेकद्वारा पनि धन कमाउन तत्पर रहनेवाला, धनको शक्तिले धर्मको पनि पालन गर्दै रहनेवाला, धेरै यश-कीर्ति र सफलता प्राप्त गर्नेवाला, ईश्वरको भरोसा र विश्वास गर्नेवाला, दाजु-भाइ दिदी-बहिनीको पनि लाभ पाउनेवाला, धनको शक्तिले पुरूषार्थको वृद्धि गर्न जान्नेवाला, धन प्राप्त गर्नका लागि न्याय-अन्यायको विचार राख्नेवाला, पूर्वसंचित पुण्यहरूले गर्दा धेरै सफलता शक्ति प्राप्त गर्नेवाला, माननीय र इज्जतदार, निकै बाठो व्यक्ति होला।

कु० नं० ५४५

६ ४
७ ५ ३
८ २
९ ११ १बु.
१० १२

जुन व्यक्तिको वृष राशिको बुध लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानबाट इच्छित धनागम गर्नेवाला, रोजगार व्यापार आदिबाट विवेक शक्तिद्वारा खूब धन कमाउनेवाला, धनको तागतले व्यापारको वृद्धि गर्नेवाला, राज-समाजमा ठूलो इज्जत पाउनेवाला तथा पिता स्थानको कारबारमा एवं धनोन्नतिको पक्षमा केही बन्धनयुक्त एवं सम्मानयुक्त काम गर्न जान्नेवाला तथा मातृपक्षमा लाभ प्राप्त गर्नेवाला र भूमि-भवनको शक्ति प्राप्त गर्नेवाला र धनको तागतले अनेक थरिका सुखका साधन प्राप्त गर्नेवाला तथा अनेक प्रकारका ऐश्वर्य युक्त पदार्थ प्राप्त गर्ने खालको प्रतिष्ठित व्यक्ति होला।

कु० नं० ५४६

६ ४
७ ५ ३
८ २बु.
९ ११ १
१० १२

जुन व्यक्तिको मिथुन राशिको बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस महान् लाभ प्राप्त गर्नेवाला र खूब इच्छित धन कमाउनेवाला। आमदानीको स्थानमा केही गौरवयुक्त बन्धनझैं अनुभव गर्नेवाला र विवेकको महान् शक्तिद्वारा नाना थरिका लाभ प्राप्त गर्नेवाला र अनेक प्रकारका आवश्यकताहरूको आपूर्ति स्वतः प्राप्त गरिलिनेवाला र सन्तान पक्षबाट पनि लाभ प्राप्त गर्नेवाला तथा विद्याको स्थानमा धेरै थरि कला तथा धन कमाउने ठूलो शक्ति प्राप्त गर्नेवाला र नवीन लाभको सम्बन्धमा निकै ठूलो र अमूल्य कुरा बोल्न जान्नेवाला, बढी चातुर्यको प्रशंसा गर्नेवाला र ठूलो इज्जतदार धनवान व्यक्ति होला।

कु० नं० ५४७

६ ४ ७ ५ ३बु. ८ २ ९ ११ १ १० १२

जुन व्यक्तिको कर्क राशिको बुध लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस धेरै धन खर्च गर्ने खालको र धन स्थानको दुर्बलता एवं हानिको योग पाउनेवाला र बाहिरी अन्य स्थानहरूको योगद्वारा धन प्राप्तिको साधन पाउनेवाला, र खर्चका योगहरूले पनि धन प्राप्तिका साधन उपलब्ध गराउने खालको होला। धन संग्रहलाई महत्व नदिएर धनको खर्च द्वारा नै धनाढ्यको योग प्राप्त गर्नेवाला र विवेकको महान् शक्तिबाट खर्चको संचालन शक्ति प्राप्त गर्नेवाला, शत्रु र रोग एवं अनेक झ्याउलाहरू हटाउनमा पनि मनको सहायताले काम सिद्ध पार्नेवाला, धनको ढुकुटीमा अभाव पाउनाले केही कष्ट अनुभव गर्ने खालको व्यक्ति होला।

कु० नं० ५४८

६ ४बु. ७ ५ ३ ८ २ ९ ११ १ १० १२

सिंह लग्नान्तर- गुरुफलम्

जुन व्यक्तिको सिंह राशिको गुरु लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस आयुको वृद्धि पाउनेवाला र धेरै थरि विद्या ग्रहण गर्नेवाला, जीवनलाई सहायक हुने कुनै पुरातत्त्व शक्तिको लाभ हृदयको बलले प्राप्त गर्नेवाला, सन्तान शक्तिको लाभ पाउनेवाला, जीवनको दिनचर्यालाई निकै ठूलो धनी जस्तै प्रभाव देखाएर व्यतीत गर्नेवाला, अन्तर ज्ञानको तर्फ पनि निकै ठूलो जान्ने झैं कुरा-कानी गर्नेवाला, भाग्यमानी कहिने र शरीर भित्र निकै प्रभाव वृद्धि र सौन्दर्यको केही न्यूनता पाउने खालको र केही भित्री गूढ युक्तिहरूको सम्मिश्रण गरेर महान् पाण्डित्यको शक्ति दर्शाउने, गृहस्थिक वातावरणमा नीरसता पाउने होला।

कु० नं० ५४९

६ ४
७ ५गु. ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको कन्याराशिको गुरु लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस निकै ठूलो धनीको जस्तै जीवन-यापन गरेर समय व्यतीत गरिरहने खालको होला। धनको ढुकुटीमा केही हानि र केही न्यूनता पाउनेवाला, जीवनको दिनचर्यामा केही बन्धनयुक्त रहेर उन्नति र सम्मानको वृद्धि गर्नमा ठूलो प्रयत्न गर्नेवाला, पिताको स्थानमा र सन्तानको सम्बन्धमा केही झ्याउलो वा कष्ट अनुभव गर्नेवाला, संग्रह गर्ने र जीवनमा सहायक हुने खालको केही पहिलो र गम्भीर वस्तुको लाभ प्राप्त गर्नेवाला, धनको वृद्धि गर्नमा प्राण-पणले लागिरहने र लामू आयु पाउने खालको होला।

कु० नं० ५५०

६गु. ४
७ ५ ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको तुला गुरु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस उन्नति प्राप्त गर्नका लागि महान् प्रयत्न र निकै पुरुषार्थ गर्नेवाला र लामू आयुवाला तथा दाजु-भाइ दिदी-बहिनीको स्थानमा केही क्लेशको योग प्राप्त गर्न जान्नेवाला तथा विद्या ग्रहण गर्न सक्नेवाला तथा सन्तान शक्तिको सम्बन्धमा केही नीरसता-युक्त लाभ पनि पाउनेवाला, बुद्धि र विद्याको शक्तियुक्त गुप्त र गूढ युक्तिहरू द्वारा धेरै लाभ-शक्ति प्राप्त गर्नेवाला, दैनिक व्यापारको भित्र केही अभाव झैं अनुभव गर्नेवाला, जीवनमा सहायक हुने खालका केही 'म ठूलो' भन्ने नीरसता-युक्त शक्ति प्राप्त गर्नेवाला, भाग्यवान मानिने र धैर्यवान् होला।

कु० नं० ५५१

६ ४
७गु. ५ ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको वृश्चिक राशिको गुरु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनको दिनचर्यालाई धेरै ठूलो सुखपूर्वक व्यतीत गर्नेवाला। जीवनलाई सहायक हुने खालको केही पूर्ण गम्भीर वस्तुको लाभको योग पाएर सुखी हुनेवाला, लामू आयु पाउनेवाला तथा केही मातृस्थानको सुखमा हानि पाउनेवाला, अन्य शहरहरूको योगले शक्ति र सुख प्राप्त गर्नेवाला र केही न्यूनताका साथै सन्तान-शक्ति प्राप्त गर्नेवाला र गूढ विद्याको महान् शक्ति प्राप्त गरेर शक्तिभन्दा बढी खर्च गर्नेवाला तथा बाहिरी स्थानहरूको सम्पर्कमा निकै ठूलो प्रभाव पार्नेवाला, स्थानीय सुखमा विघ्न-बाधा भए पनि आनन्दले समय बिताउने खालको होला।

कु० नं० ५५२

६ ४
७ ५ ३
८गु. २
९ ११ १
१० १२

जुन व्यक्तिको धनराशिको गुरु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो गूढ युक्तिहरूको संग्रहात्मक विद्यालाई राम्ररी जान्नेवाला

कु० नं० ५५३

	६	४	
७	५		३
	८	२	
९गु.	११		१
	१०	१२	

तथा केही बाधाहरूले युक्त संतान सुख प्राप्त गर्नेवाला, कुराकानीमा केही अनुचित प्रयोग गरेर धन-लाभ र सम्मान प्राप्त गर्नेवाला र विद्या ग्रहण गर्नमा एवं सन्तान सुख पाउनमा मस्तिष्क भित्र केही चिन्ताको योग पाउनेवाला, पुरातत्त्व शक्तिको बलले केही भाग्यमानी ठानिनेवाला, लामू आयु भएको तथा समाजमा सम्मान पाउने खालको होला। जीवनमा समयलाई आनन्दले काट्नेवाला तथा दिमागमा अनेक योजनाहरू पालेर राख्न जान्नेवाला, सदैव पुरातत्त्व शैलीले कुराकानी गर्ने खालको होला।

जुन व्यक्तिको मकर राशिको गुरू लग्नबाट छैठौं स्थानमा छ भने त्यो

कु० नं० ५५४

	६	४	
७	५		३
	८	२	
९	११		१
	१०गु.	१२	

मानिस आफ्नू जीवनको दिनचर्यामा भयंकर अशान्ति र बाधा झैं अनुभव गर्ने खालको तथा सन्तान कष्ट सहन सक्ने भएको र मस्तिष्क थाक्ने गरी गर्नुपर्ने काम परसारेर जीवनको निर्वाह शक्ति प्राप्त गरेर धनको वृद्धि गर्नमा विशेष प्रयत्न गर्नेवाला तथा बढी भेदपूर्ण कुरा र मिथ्या कुरालाई काममा ल्याउन जान्ने, गुप्त बाठो, अशान्त हृदय, जीवनको आनन्दको योगमा प्रसन्न रहने खालको होला।

जुन व्यक्तिको कुम्भ राशिका गुरू लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस धेरै कष्ट साध्य उपायले बुद्धि र विदेशको योगद्वारा दैनिक व्यापार गर्ने खालको होला। स्त्री-स्थानमा अनेक झ्याउलो र नीरसताको योग प्राप्त गर्नेवाला, व्यापारको संचालित शक्ति प्राप्त गर्नका लागि ठूला-ठूला बाधा, कष्ट, अपठेरो, तगारो आदि भोग्नसक्नेवाला। लामू आयु प्राप्त गर्नेवाला र विद्या, सन्तानको पनि सुख प्राप्त गर्नमा अनेक कष्ट र बाधाहरू सहने खालको र हृदयको प्रापंचिक विचार शक्तिद्वारा बराबर लाभ पाइरहनेवाला र दाजु-भाइ दिदी-बहिनी र पुरुषार्थ-शक्तिको सम्बन्धमा केही नीरसता पाउनेवाला, भोगादिको अनुचित लाभ पाउने इच्छा भएको केही मानयुक्त व्यक्ति होला।

कु० नं० ५५५

६ ४
७ ५ ३
८ २
९ ११गु. १
१० १२

जुन व्यक्तिको मीन राशिको गुरू लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस लामू आयु भएको र सन्तान कष्ट सहन सक्ने खालको र विद्या स्थानमा केही न्यूनता र केही अनावश्यक प्रपंचको महानता पाउनेवाला तथा मस्तिष्कमा केही परेशानी मानिरहनेवाला तथा जीवनमा सहायक हुने केही पुरातत्वसित सम्बन्धित र बौद्धिक शक्तिको महानता पाउनेवाला र जीवनको दिनचर्यामा आनन्दको अनुभव गर्ने खालको होला। बढी धन व्यय गर्नेवाला, मातृस्थानमा केही हानि पाउनेवाला तथा सुख स्थानमा न्यूनता वा दुर्बलता पाउने र अन्य बाहिरी स्थानहरूसित सम्बन्धमा विशेष ज्ञान र विशेष प्रभावको योग पाउने, धन-वृद्धि गर्न खोज्ने अनि केही बांगा कुरा गर्ने कूटनीतिज्ञ व्यक्ति होला।

कु० नं० ५५६

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२गु.

जुन व्यक्तिको मेष राशिको गुरु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस धेरै थरिका विद्याहरू ग्रहण गर्ने खालको तथा सन्तान-शक्ति निकै प्राप्त गर्नेवाला। अनि जीवनलाई सहायक हुने र केही पूर्वसंचित शक्तिको भाग्यबलले नै भर पाएको मान्नेवाला, भाग्यभित्र केही झ्याउलो अनुभव गर्नेवाला र केही विद्याको गुप्त शक्तिको बलले भाग्यको केही शक्तिको विकास गर्ने बाठो, मान प्राप्त गर्नेवाला, केही बांगो-टिगो फाइदाले ठूलो धार्मिक कुराहरू बोलिरहनेवाला र दूरदर्शिताको शक्ति पाउनेवाला, यश प्राप्तिमा केही न्यूनता पाउनेवाला, जीवनको समय निकै भाग्यमानी र ठूलो बुद्धिमानीले व्यतीत गर्ने खालको व्यक्ति होला।

कु० नं० ५५७

६ ४
७ ५ ३
८ २
९ ११ १गु.
१० १२

जुन व्यक्तिको वृष राशिको गुरु लग्नबाट दसम स्थानमा छ भने त्यो मानिस पिताको स्थानमा केही न्यूनताको योग पाउनेवाला र जीवनको पूर्ण समय चातुर्य र महान् गुप्त वा कूटनीतिले काम सिद्ध पार्न जान्नेवाला र राज-समाजमा सम्मान पाउनेवाला र त्यो सम्मानका लागि निकै परिश्रम गर्नेवाला अनि केही बांगा-टिगा युक्तिले कुरा गर्नेवाला, आयुको शक्ति पाउनेवाला तथा धन-वृद्धिका लागि ठूलो प्रयत्न गर्नेवाला, मातृस्थान र सुख स्थानमा केही प्रभाव पाउने र उन्नतिको निम्ति कष्टसाध्य उपायहरू प्रयोग गर्ने तथा हृदयको शक्ति काममा ल्याउन जान्ने, स्वाभिमानी र कार्य-कुशल होला।

कु० नं० ५५८

६ ४
७ ५ ३
८ २गु.
९ ११ १
१० १२

जुन व्यक्तिको मिथुन राशिको गुरु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस शत्रुद्वारा वृद्धि पाउने र विद्या प्राप्त गर्ने तथा सन्तानबाट शक्ति प्राप्त गर्ने खालको होला। जीवनको सारा समय प्रसन्नतापूर्वक बिताउनेवाला, अनि जीवनलाई सहायक हुने किसिमको केही पूर्व संचित शक्ति वा बुद्धिबाट लाभका युक्तिहरू द्वारा निकै धनको लाभ प्राप्त गर्नेवाला तर लाभको प्रकट स्थानमा केही विघ्न-बाधाको योग पाउनेवाला र स्त्री एवं गृहस्थीका दैनिक कार्यहरूमा अनेक असुविधाहरूको योग पाउने खालको होला। दाजु-भाइ र दिदी-बहिनी वा पुरुषार्थ शक्तिको स्थानमा पनि केही न्यूनता पाउने खालको होला।

कु० नं० ५५९

६ ४
७ ५ ३गु.
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको कर्क राशिका गुरु लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्नेवाला र अलिकति विद्या एवं अलिकति सन्तान वाला र ठूलो चातुर्यले आफ्नू कुरा बुझाउन जान्ने र मावली पक्षबाट केही हानि पाउनेवाला र लामू आयु पाउने खालको होला। जीवनको दिनचर्यामा केही बाहिरी स्थानहरूको गौरव र बाहिरी स्थानहरूको ज्ञान प्राप्त गर्नेवाला र सन्तान पक्षमा र हृदय भित्र केही दुःख सुखको सम्मिश्रण योग प्राप्त गर्नेवाला र सुख स्थानमा केही हानि पाउनेवाला र जीवनलाई सहायक हुने केही पहिलो र गम्भीर वस्तुको लाभ पाउने र अन्य स्थानबाट विशेषरूपमा सुख पाउने होला।

कु० नं० ५६०

६ ४गु.
७ ५ ३
८ २
९ ११ १
१० १२

सिंह लग्नान्तर-शुक्रफलम्

जुन व्यक्तिको सिंह राशिको शुक्र लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस आफ्नू बल पुरुषार्थले धेरै काम गर्नेवाला तथा मान-सम्मान प्राप्त गर्नेवाला र दाजु-भाइ वा पिताको शक्ति प्राप्त गरेर पनि त्यसमा केही नीरसताको आभास पाउनेवाला तथा व्यापार वा रोजगारको वृद्धि गर्नेवाला र स्त्री स्थानमा मान र शक्ति प्राप्त गर्नेवाला। भोगादिकको विशेष शक्ति पाउनेवाला र राजसमाजबाट मान प्राप्त गर्नका लागि केही बढी परिश्रम गर्ने र अनेक चातुर्यद्वारा काम सिद्ध पार्नेवाला, आफ्नो शरीरमा केही 'म ठूलो' भन्ने शोभाको ध्यान राख्ने कर्मिष्ठ व्यक्ति होला।

कु० नं० ५६१

६		४
७	५शु.	३
८		२
९	११	१
१०		१२

जुन व्यक्तिको कन्या राशिका शुक्र लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस धनको कोष स्थानमा केही न्यूनता अथवा दुर्बलता पाउने खालको होला। दाजु-भाइ र पिताको स्थान सम्बन्धमा न्यूनता पाउनेवाला तथा बाहुबलको शक्तिमा पनि कमजोरी वा न्यूनता पाउनेवाला तथा कुटुम्ब स्थानमा पनि न्यूनताको अनुभव गर्ने खालको होला। जीवनको दिनचर्यामा केही विशेष शक्तिको गौरव अनुभव गर्नेवाला र पुरातत्त्व स्थानको केही बढी शक्ति प्राप्त गर्नेवाला र आयुस्थानको वृद्धि-योग पाउनेवाला र राज-समाजको शान्तिमा न्यूनता वा दुर्बलता पाउने खालको, मान-सम्मान र इज्जतमा पनि केही न्यूनताको योग पाउनेवाला, तथा धनको वृद्धिका लागि गुप्त शक्तिको प्रयोग गुप्त चातुर्यद्वारा गर्ने खालको होला।

कु० नं० ५६२

६शु.		४
७	५	३
८		२
९	११	१
१०		१२

जुन व्यक्तिको तुला राशिको शुक्र लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस धेरै ठूलो उद्योग व्यापार गर्नेवाला र दाजु-भाइ दिदी-बहिनी, पिता आदिको शक्ति पाउनेवाला तथा राजको सम्बन्धबाट महान शक्ति वा प्रभाव र मान-सम्मान प्राप्त गर्नेवाला तथा आफ्नू बाहुबलको शक्ति द्वारा भाग्यको वृद्धि गरेर भाग्यमानी कहिनेवाला तथा ठूलो यश प्राप्त गर्नेवाला र धर्म-कर्म गर्नेवाला। व्यापारादिबाट पनि उन्नति गर्नसक्नेवाला, चातुर्य शक्तिको महान् भर मान्नेवाला, तथा उन्नति प्राप्त गर्नका लागि महान् प्रयत्न गर्नेवाला तथा ठूलो उत्साही र परिश्रमी एवं साहस र हिम्मतवाला अनि कार्य-कुशल होला।

कु० नं० ५६३

६ ४
७शु. ५ ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको वृश्चिक राशिको शुक्र लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस ठूलो सुखपूर्वक ठूलो व्यापार गर्नेवाला, तथा निकै बढी मान-सम्मान र प्रतिष्ठा प्राप्त गर्नेवाला र आमा-बाबु र भाइ-बन्धुहरूको सुख प्राप्त गर्नेवाला र राज-समाजबाट ठूलो चातुर्यद्वारा बढी सुखको शक्ति प्राप्त गर्नेवाला र भवन-भूमि आदिको पनि इच्छित सुख पाउने खालको होला। सुख प्राप्तिका साधनहरूको पनि सहयोग र शक्ति पाउनेवाला र आफ्नू बल-पुरुषार्थको शक्तिबाट गौरव पाउनेवाला तथा निवास स्थानमा सुन्दरता र सजावटको योग प्राप्त गर्नेवाला। अनि आफ्नू महान् प्रभावको शक्ति संचित गरेर राख्नेवाला तथा निकै नियमित कार्य-कुशल होला।

कु० नं० ५६४

६ ४
७ ५ ३
८शु. २
९ ११ १
१० १२

जुन व्यक्तिको धन राशिको शुक्र लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्याको स्थानमा महानता पाउनेवाला तथा सन्तानको शक्ति प्राप्त गर्नेवाला तथा दाजु-भाइ र दिदी-बहिनी र पिता स्थानको शक्तिबाट लाभ पाउनेवाला र राजनैतिक काइदा-कानूनका कुराहरू जान्ने-बुझ्ने र मौकामा बोल्ने खालको होला। आफ्नू बुद्धिले पुरुषार्थ कर्मद्वारा महान् उन्नति र ठूलो लाभ प्राप्तिका साधन पाउनेवाला, बढी चातुर्यको कुरा निकै ठूलो प्रभावको साथ भन्नेवाला, राज-समाजबाट सम्मान र लाभ पाउनेवाला, आफ्नू मस्तिष्क भित्र निकै ठूलो गौरव मान्नेवाला, बुद्धिद्वारा प्रभाव जमाउने बन्धन आर्जन गर्ने बाठो व्यक्ति होला।

कु० नं० ५६५

६ ४
७ ५ ३
८ २
९शु. ११ १
१० १२

जुन व्यक्तिको मकर राशिका शुक्र लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस दाजु-भाइ दिदी-बहिनी र पिताको स्थानमा केही वैमनस्यताको शक्ति योग प्राप्त गर्नेवाला, मान-सम्मानको उन्नति वा पदोन्नतिको स्थानमा केही बाधा वा न्यूनता पाउनेवाला होला। मावली पक्षबाट केही शक्तिको योग पाउनेवाला तथा निकै ठूलो रूपमा व्यापार चलाउन खोज्दा अनेक विघ्न-बाधा पाउनेवाला र गुप्त युक्तिहरूको पुरुषार्थ बलद्वारा शत्रु स्थानमा प्रभाव कायम गर्ने खालको होला। उन्नति पाउनका लागि महान् परिश्रम गर्नेवाला वा केही घेराउको अनुभव गर्ने खालको व्यक्ति होला।

कु० नं० ५६६

६ ४
७ ५ ३
८ २
९ ११ १
१०शु. १२

जुन व्यक्तिको कुम्भ राशिको शुक्र लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो दैनिक र स्थाई व्यापार वा कारबार-प्राप्त गर्नेवाला र दाजु-

कु० नं० ५६७

६ ४
७ ५ ३
८ २
९ ११शु. १
१० १२

भाइ दिदी-बहिनी र पिता स्थानको शक्तिबाट उत्तम लाभ पाउनेवाला र आफ्नू लौकिक उन्नति गर्नमा महान् शक्ति र चातुर्यको प्रयोग परिश्रम गरेर महान् सफलता पाउनेवाला, राज-समाजको सम्बन्धमा दैनिक कार्यहरूको शक्तिले मान र प्रभाव पाउनेवाला र स्त्री एवं गृहस्थीको स्थानमा ठूलो शक्ति र वैभव प्राप्त गर्ने खालको होला। भोगादिकको महान शक्ति प्राप्त गर्नेवाला र महान कार्य-कुशलता र पुरुषार्थको शक्ति पाउनेवाला, निकै साहसी र हिम्मति एवं होशियार होला।

जुन व्यक्तिको मीन राशिका शुक्र लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस धेरै-धेरै परसम्मको विदेश यात्रा गर्नेवाला र आफ्नू जीवनमा यौटा

कु० नं० ५६८

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२शु.

विशेष किसिमको गहीरो आनन्दको गुप्त योग प्राप्त गर्नेवाला र दाजु-भाइ दिदी-बहिनी र पिताको सम्बन्धमा केही विचित्र प्रकारको दुःख-सुख प्राप्त गर्ने खालको होला र आयुको वृद्धि पाउनेवाला तथा धनको कोषस्थानमा केही न्यूनता उदासीनता प्राप्त गर्नेवाला, कुटुम्बको असहयोग पाउनेवाला र जीवनमा सहायक हुने कुनै पुरातत्त्वको शक्तिबाट लाभ भेट्टाउने योग परेको होला। कुनै महान् गूढ कर्मको शक्तिबाट लाभको योग प्राप्त गर्नेवाला, कुनै ठूलो अभाव पाउने र मान प्राप्त गर्ने तथा जंगलको राजा होला।

जुन व्यक्तिको मेष राशिको शुक्र लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको शक्तिबाट बल पाएर महान् सफलता र उन्नति प्राप्त गर्नेवाला तथा दाजु-भाइ र दिदी-बहिनी एवं पिता स्थानको शक्तिबाट लाभ उठाउने वाला र महान् चातुर्यको कर्मयोगद्वारा भाग्यको वृद्धि गर्नेवाला र धर्म-कर्मको योगबाट लाभ पाउनेवाला, ईश्वरीय सहायताहरूको चमत्कार र सफलताहरूबाट मान-सम्मान पाउने खालको होला। आफ्नू बाहुबलको शक्तिले महान् वृद्धि प्राप्त गर्नेवाला र निकै सज्जनताको ढंगबाट काम गर्न जान्ने बढी प्रभावशाली व्यक्ति होला।

कु० नं० ५६९

६ ४
७ ५ ३
८ २
९ ११ १शु.
१० १२

जुन व्यक्तिको वृष राशिको शुक्र लग्नबाट दशम स्थानमा छ भने त्यो मानिस दाजु-भाइ दिदी-बहिनी तथा पितास्थानबाट शक्तिको लाभ पाउनेवाला र राज-समाजको शक्तिबाट पनि लाभ पाउनेवाला तथा मान-प्रतिष्ठाको स्थानमा ठूलो सफलता पाउनेवाला, अनि आमाको सम्बन्धबाट शक्ति प्राप्त गर्नेवाला तथा भूमि-भवन आदिको शक्ति पनि पाउनेवाला, निकै ठूलो प्रभावशाली र उन्नति गर्नका लागि महान पुरुषार्थयुक्त कर्मको शक्ति द्वारा आफ्नू काम सिद्ध पार्न जान्ने खालको होला। चातुर्यको गहीरो शक्तिले व्यापार आदिमा ठूलो सफलता पाउनेवाला प्रसस्त गृह-सुख भोग्नेवाला निकै ठूलो उत्साह र उमंग भएको परिश्रमी र स्वाभिमानी होला।

कु० नं० ५७०

६ ४
७ ५ ३
८ २शु.
९ ११ १
१० १२

जुन व्यक्तिको मिथुन राशिको शुक्र लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू बाहुबलको शक्तिले इच्छित धन कमाउन सक्नेवाला, महान चातुर्यका कर्मयोगले निकै ठूलो सम्मान र प्रभाव पाउनेवाला, पिता र दाजु-भाइ एवं दिदी-बहिनीको शक्तिबाट ठूलो लाभ पाउनेवाला, राज-समाजबाट फाइदा प्राप्त गर्नेवाला तथा व्यापार आदिको लाभ प्राप्त गर्नेवाला, पुरुषार्थ शक्तिमा वृद्धि तथा विद्या स्थानमा ठूलो सफलता प्राप्त गर्नेवाला र सन्तान स्थानबाट शक्ति प्राप्त गर्ने खालको होला। कुरा-कानी गर्दा चातुर्यको महान् शक्तिको परिचय दिनेवाला, ठूलो लाभ पाउने भएको उत्साही र कर्मशील व्यक्ति होला।

कु० नं० ५७१

६ ४
७ ५ ३शु.
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको कर्क राशिको शुक्र लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस धेरै बर्ता धन व्यय गर्ने तथा पिता र दाजु-भाइको स्थानमा न्यूनता वा हानिको योग पाउने खालको होला। बाहिरी अन्यान्य स्थानहरूको सम्पर्कबाट शक्ति प्राप्त गर्नेवाला, व्यापार आदिमा तथा उपस्थित परिस्थितिमा केही हानि र दुर्बलता सहनेवाला र राज-समाजको स्थानमा केही प्रभावको कमजोरी पाउनेवाला र बाहिरी स्थानमा प्रभाव पाउनेवाला, खर्च गर्न शक्तिले र चातुर्यको योगले शत्रु स्थानमा प्रभाव राख्नेवाला र बल-पुरुषार्थमा न्यूनता पाउनेवाला, लुकाएको तागतले काम सिद्ध पार्नेवाला व्यक्ति होला।

कु० नं० ५७२

६ ४शु.
७ ५ ३
८ २
९ ११ १
१० १२

सिंह लग्नान्तर-शनिफलम्

जुन व्यक्तिको सिंह राशिको शनि लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस आफ्नू शरीरद्वारा कठिन परिश्रम गरेर दैनिक व्यापार गर्न जान्नेवाला, गृहस्थी र स्त्रीसित सम्बन्धित मार्गमा निकै कठिनाईहरू भोगेपछि राम्रो योग र प्रभाव प्राप्त गर्ने खालको होला। शत्रु पक्षबाट पनि केही कष्टको साथ-साथ प्रभावको शक्ति पाउनेवाला र शरीर भित्र केही रोग र घेराव झैं वा केही गुप्त चिन्ता आदिको योग परेको होला। भोगादिकमा बढी कामेच्छा भएको योग पाउनेवाला र उन्नतिको मार्गमा महान पुरुषार्थ कर्मद्वारा कार्यसिद्ध पार्नेवाला, धेरै ठूलो दगुरा-दगुरको शक्तिले र युक्तिले काम बनाउन जान्ने खालको होला।

कु० नं० ५७३

६　४
७　५श.　३
८　२
९　११　१
१०　१२

जुन व्यक्तिको कन्या राशिको शनि लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको स्थानमा कतिपय बांगा-टिगः उपायहरूद्वारा दैनिक कामहरूमा केही सफलता पाउनेवाला, तथा वृद्धिको निम्ति केही बन्धनयुक्त परिश्रम गर्नेवाला र धन-स्थानमा कहिले-काहीं केही हानि पनि पाउनेवाला र लाभस्थानको वृद्धि गर्नका लागि महान् प्रयत्नशील रहनेवाला तथा मातृ-स्थानमा वा सुखस्थानमा बाधाहरू भेट्ने खालको होला। भवन-भूमि आदि निवासस्थानमा केही अशान्तिको वातावरण पाउनेवाला र स्त्री स्थानमा र दैनिक व्यापारको सम्बन्धमा र शत्रु स्थानमा केही सम्बन्धयुक्त शैलीको योगले काम सिद्ध पार्न जान्नेवाला, केही अशान्त जीवनको व्यक्ति होला।

कु० नं० ५७४

६श.　४
७　५　३
८　२
९　११　१
१०　१२

जुन व्यक्तिको तुला राशिको शनि लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस महान् परिश्रमी र पुरुषार्थको शक्ति प्राप्त गर्नेवाला, शत्रु स्थानमा प्रभाव शक्तिले र बाहुबलको शक्तिद्वारा विजय पाउनेवाला, मावलीबाट केही प्रभाव पाउनेवाला र आफ्नू पुरुषार्थको बलले दैनिक व्यापारको महान् शक्ति प्राप्त गर्ने खालको होला। स्त्री, गृहस्थीमा प्रभावको महान् शक्ति प्राप्त गर्नेवाला, धेरै ठूलो हिम्मत र साहसले काम लिन जान्ने भएको र सन्तान पक्षमा अशान्तिको योग पाउनेवाला र धर्म स्थानमा र भाग्य स्थानमा केही न्यूनता र उदासीनताको योग प्राप्त गर्ने वाला, व्यय स्थानमा केही अशान्ति पाउनेवाला र बाहिरी स्थानमा प्रभाव जमाउने खालको व्यक्ति होला।

कु० नं० ५७५

६ ४
७श. ५ ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको वृश्चिक राशिको शनि लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृ स्थानमा हानि र केही क्लेशको योग पाउनेवाला र आफ्नू स्थानमा दैनिक व्यापारको योगले प्रभावको ठूलो शक्ति पाउनेवाला र शत्रुलाई थिच्न सक्ने खालको होला तापनि सुख शान्तिमा बाधाहरू पाउनेवाला र स्त्री स्थानमा अशान्ति युक्त सुखका साधन पाउनेवाला, देहको स्थानमा केही सौन्दर्यको कमी र अशान्ति पाउनेवाला र प्रभावको उन्नतिका लागि र लौकिक एवं गृहस्थीको उन्नति गर्नका लागि महान् परिश्रम र युक्तिहरूले काम लिन जान्नेवाला र रोगादिक र झ्याउलामा विजयी हुने, धैर्यवान् र हठी खालको व्यक्ति होला।

कु० नं० ५७६

६ ४
७ ५ ३
८श. २
९ ११ १
१० १२

जुन व्यक्तिको धन राशिको शनि लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस आफ्नू बुद्धियोग द्वारा निकै संलग्नतापूर्वक दैनिक व्यापार खूब

कु० नं० ५७७

६ ४
७ ५ ३
८ २
९श. ११ १
१० १२

गर्नेवाला र अधिक भोगादिकको शक्ति प्राप्त गर्नेवाला, भोगादिकके अनेक थरिका योजनाहरू मस्तिष्कमा सदैव बनाइराख्ने र सन्तान पक्षमा केही चिन्ता र केही नीरसताको योग पाउनेवाला, विद्या र बुद्धिको स्थानमा केही लौकिक ज्ञान र गुप्त युक्तिहरूको व्यावहारिक शक्तिहरू प्राप्त गर्ने खालको होला। धनको वृद्धिका लागि अनेक थरिका साना-ठूला प्रयत्नमा लागिरहनेवाला र मस्तिष्कमा केही परेशानी भएको भए पनि निकै सतर्क र कार्य-कुशल एवं शत्रुपक्षलाई प्रभावित पार्न सक्ने खालको होला।

जुन व्यक्तिको मकर राशिको शनि लग्नबाट छैठौं स्थानमा छ भने त्यो

कु० नं० ५७८

६ ४
७ ५ ३
८ २
९ ११ १
१०श. १२

मानिस स्त्री पक्षबाट सदैव झ्याउलो वा प्रभावको योग प्राप्त गर्नेवाला, इन्द्रिय भोगादिकको केही न्यूनता र केही अनुचित लाभ प्राप्त गर्नेवाला, शत्रु स्थानमा प्रभाव पाउनेवाला र दैनिक व्यापारमा कठोर परिश्रम र अनेक विघ्न-बाधा सही-सहीकन पनि प्रभाव पाउनेवाला, जीवनको दिनचर्यामा केही कष्ट र बाधा सहनेवाला र प्रभाव उत्पन्न गर्ने खालको तथा गूढ युक्तिहरूलाई आफ्नू काममा प्रयोग गर्ने, पुरुषार्थको शक्ति पाउने, बाठो र बहादुर होला।

जुन व्यक्तिको कुम्भ राशिको शनि सातौं स्थानमा छ भने त्यो मानिस बढी परिश्रम र युक्तिहरूद्वारा दैनिक व्यापारमा स्थिर शक्ति पाउनेवाला,

कु० नं० ५७९

६ ४
७ ५ ३
८ २
९ ११श. १
१० १२

इन्द्रिय भोगादिकको ठूलो शक्ति प्राप्त गर्नेवाला, स्त्री स्थानबाट केही वैमनस्यताको साथसाथै विशेष शक्ति प्राप्त गर्नेवाला, धर्ममा हानि पुऱ्याउन अघिसर्नेवाला, भाग्यस्थानमा केह न्यूनता र दुर्बलता एवं उदासीनताको योग पाउनेवाला र यशको कमी पाउने खालको होला। लौकिक र दैनिक कार्यहरू आफैं रुजू रहेर गर्नेवाला, परेशानी सहन सक्ने र शरीरमा कुनै रोगले कष्ट पाउनेवाला। मातृस्थानमा र सुख-शान्तिको स्थानमा ठूला-ठूला अनेक बाधाहरू पाउनेवाला तथा परिश्रमी, बाठो र शत्रुमाथि प्रभाव बनाइराख्ने खालको होला।

जुन व्यक्तिको मीन राशिको शनि लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानबाट विशेष हानि पाउनेवाला र दैनिक व्यापारको विषयमा अत्यन्त विघ्न-बाधा सहनेवाला र विदेश आदिको योगबाट तथा महान

कु० नं० ५८०

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२श.

बांगा-बांगा युक्तिहरूबाट तथा महान् परिश्रमको योगले व्यापार र गृहस्थीको संचालन शक्ति प्राप्त गर्नेवाला र सन्तान पक्षमा पनि कष्ट सहन गर्नेवाला तथा विद्या-स्थानमा केही हानि पाउनेवाला र कुरा-कानी भित्र केही रूखो भावको र बर्ता बोल्ने शक्ति प्राप्त गर्नेवाला र लामू आयु पाउनेवाला तर आयुस्थानमा कहिले काहीं बढी निराशाहरू र जीवनको दिनचर्यामा बर्ता अशान्तिको योग पाउनेवाला र राज-समाज एवं मान उन्नतिको पक्षमा वृद्धि पाउनको लागि महान प्रयत्न गर्नेवाला र शत्रु पक्षमा बढी गुप्त चालहरूद्वारा काम लिन जान्ने गुप्त शक्ति भएको होला।

जुन व्यक्तिको मेष राशिको शनि लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यस्थानमा बढी न्यूनता मान्नेवाला र धर्मलाई केही हानि पुऱ्याएर आफ्नू प्रभावको वृद्धि पाउनेवाला र स्त्री एवं गृहस्थीको शक्तिमा केही दुर्बलता पाउनेवाला र ईश्वरको शक्तिमा विश्वासमा केही कमी पाउनेवाला, महान् पुरुषार्थ र परिश्रमको शक्तिबाट अधिक काम लिनेवाला र केही धन र लाभको पूर्ति पाउनेवाला तथा आयमा वृद्धिगर्नका लागि ठूलो प्रयत्न गर्नेवाला र अपठेरो युक्तिको शक्तिको महान् प्रयोग गर्नमा सज्जनताको आडबाट सफलता पाउनेवाला, यशमा कमी पाउनेवाला केही अशान्तप्रद होला।

कु० नं० ५८१

६ ४
७ ५ ३
८ २
९ ११ १श.
१० १२

जुन व्यक्तिको वृष राशिको शनि लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारमा ठूलो शक्ति प्राप्त गर्नेवाला र दैनिक कार्यक्रमको योग्यता द्वारा सम्मान प्राप्त गर्नेवाला र राज-समाज वा मान-सम्मानको उन्नति स्थानमा महान् परिश्रम र महान् प्रयत्न गरेर सफलता पाउनेवाला र स्त्री भोगादिकको अपार शक्ति प्राप्त गर्नेवाला र बढी धन व्यय गर्ने ख्यालको होला। अनेक साना-ठूला युक्तिहरूको शक्तिले लौकिक कार्यहरूमा बढी उन्नति र सम्मान पाउनेवाला र दैनिक कार्यहरूको महानताद्वारा शत्रु स्थानमा प्रभाव राख्नेवाला र सुख-शान्तिमा केही बाधा कष्ट पाउनेवाला र माता-पिताको स्थानमा केही अशान्ति पाउनेवाला, निकै ठूलो परिश्रमी र कुशल व्यक्ति होला।

कु० नं० ५८२

६ ४
७ ५ ३
८ २श.
९ ११ १
१० १२

जुन व्यक्तिको मिथुन राशिको शनि लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस दैनिक कार्यक्रममा र व्यापारको विषयमा धेरै धन कमाउनेवाला, शरीरमा केही रोग र केही अशान्ति पाउनेवाला, धन लाभको वृद्धि गर्नका लागि केही अनधिकार प्रयत्न पनि गर्न अघिसर्ने भएको र निकै ठूलो विश्वास र युक्तिहरू द्वारा धेरै थरिको लाभ धेरै थरिका फाइदा उठाउनेवाला तथा बढी प्रभाव पाउनेवाला, स्त्री तथा भोगादिकको बर्ता लाभ पाउनेवाला र शत्रु स्थानबाट ठूलो प्रभाव पाउनेवाला तथा जीवनको दिनचर्यामा ठूलो कष्ट र झ्याउलाहरूको योग पाउनेवाला र व्यापारमा बर्ता नाफा खानेवाला र महान गूढ युक्तिहरूको प्रयोग गरेर जीवन व्यतीत गर्ने खालको व्यक्ति होला।

कु० नं० ५८३

६ ४
७ ५ ३श.
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको कर्क राशिको शनि लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्ने खालको र स्त्री स्थानमा केही हानि पाउनेवाला खर्चको बलले शत्रु स्थानको तागतले राख्नेवाला, धनको कोषमा विशेष वृद्धि गर्नको लागि बाहिरी व्यापारको शक्ति र परिश्रमको बलले काम सिद्ध पार्न जान्नेवाला, अन्यान्य स्थानहरूको सम्बन्धमा दैनिक व्यापार र प्रभावको शक्ति प्राप्त गर्नेवाला र भाग्य एवं ईश्वरमा थोरै विश्वास राख्नेवाला, भाग्य स्थान र धर्म स्थानमा केही हानि पाउनेवाला यशमा कमी पाउने र झगडा-विवाद र रोगादिक सम्बन्धमा पनि बढी खर्च गर्ने तथा केही अशान्ति युक्त होला।

कु० नं० ५८४

६ ४श.
७ ५ ३
८ २
९ ११ १
१० १२

सिंह लग्नान्तर - राहुफलम्

जुन व्यक्तिको सिंह राशिको राहु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस केही दुर्बलता र केही न्यूनता पाउनेवाला र मस्तिष्कमा केही चिन्ता र केही आंशिक शक्ति पाउनेवाला, शरीरको सौन्दर्यमा केही कमी पाउनेवाला, शरीरमा केही बर्ता थकाई अनुभव गर्नेवाला, शरीरको माथिल्लो भागमा कहिले काहीं कुर्ने निकै सांघातिक चोटहरूको पनि योग परेको होला। बर्ता लुकाईको शक्तिले काम लिनेवाला, केही अनधिकार लाभ पाउनेवाला, आफूभित्र कुनै स्थिर शक्ति पाउने गुप्त रूपले महान् प्रयत्न गर्नेवाला, भित्र-भित्रै केही डर-भय मान्नेवाला, निकै उच्चस्वार्थ सिद्ध पार्ने योजनाहरू तयार पार्नेवाला र प्रभावशाली होला।

कु० नं० ५८५

६ ४
७ ५रा. ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको कन्या राशिको राहु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको कोष-वृद्धि गर्नका लागि गुप्त रूपले महान् प्रयत्न गर्नेवाला, धनकै सम्बन्धद्वारा कुनै अन्य स्थानको धन पनि केही अनधिकार लाभ पाउनमा सफलता र दुःख-कष्टको सम्मिश्रण भएको योग पाउने खालको होला। कहिले काहीं धन स्थानमा केही हानिहरू पनि पाउनेवाला, धनीहरूमा गनिने खालको र धन स्थानमा केही भित्री न्यूनताको मनमा अनुभव गर्नेवाला, कुटुम्ब स्थानमा केही कमीको योग पाउनेवाला, धन प्राप्तिका लागि महान् गहीरो युक्तिहरू द्वारा गुप्त साधन र गुप्त तागत वा परिश्रम र झ्याउलाहरूले काम बनाउने र केही अशान्तिप्रद व्यक्ति होला।

कु० नं० ५८६

६रा. ४
७ ५ ३
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको तुला राशिको राहु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै ठूलो कूट युक्तिहरूको शक्ति प्राप्त गर्नेवाला, दाजु-भाइ दिदी-बहिनीको स्थानमा केही विग्रह र अशान्तिको योग पाउनेवाला र धेरै ठूलो दगुरा-दगुर गर्नमा आफ्नू भित्र आत्मिक शक्तिको संचार राख्नेवाला, आफ्नू बाहुबलको स्थानमा साहस भएको होला। आफ्नू स्वार्थसिद्धि गर्ने स्थानमा दुर्बलता र शीलरहित भएर काम सिद्ध पार्नेवाला र कठिन भन्दा पनि कठिन कार्यहरू पनि पूरा गर्नका लागि ठूलो धैर्य-शक्ति राख्ने भएको होला। अपठेरो र कष्टहरूको वास्ता नगर्नेवाला, बढी गुप्त र बाठो, अन्त्यमा धनको वृद्धि पाउने खालको व्यक्ति होला।

कु० नं० ५८७

६ ४ ७रा. ५ ३ ८ २ ९ ११ १ १० १२

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस माताको र मातृस्थानको हानि या वियोगको योग पाउनेवाला र सुख प्राप्तिको लागि सबै साधनमा बढी हानि पाउनेवाला र भवन-भूमिको न्यूनता पाउनेवाला र सुख प्राप्तिका स्थानहरूमा केही अन्य व्यक्तिहरूको पनि सहयोग लिनेवाला, केही भित्री अशान्ति अनुभव गर्नेवाला, सुख प्राप्तिका लागि ठूला-ठूला र कठिन एवं गुप्त कार्यहरू गर्नेवाला, धेरै ठूला-ठूला अशान्तिहरू सहनेवाला कहिलेकाहीं घरेलू वातावरणमा घोर संकटकाल पनि सहनेवाला, अनेक कष्टहरू सहेपछि सुख प्राप्तिका साधनहरू निकै कठिनाईद्वारा प्राप्त गर्ने खालको व्यक्ति होला।

कु० नं० ५८८

६ ४ ७ ५ ३ ८रा. २ ९ ११ १ १० १२

जुन व्यक्तिको धन राशिको राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस महान असत्यको शक्तिद्वारा कुरा गरेर आफ्नूकाम सिद्ध पार्नेवाला तथा सन्तान पक्षमा बढी कष्ट सहन गर्नेवाला र विद्या प्राप्तिको स्थानमा न्यूनता पाउनेवाला र केही अपठेरा र कटु कुरा बोल्नेवाला, बुद्धि भित्र धेरै थरिका गुप्त विचार राख्नेवाला र केही राम्रो प्रकारले ठीक शब्दहरूमा आफ्नू इच्छा मन्त्यब्य प्रकट गर्नमा बर्ता कष्ट, अपठेरो पाउनेवाला र कहिले मस्तिष्क भित्र मूर्च्छा जस्तै स्थितिको योग प्राप्त गर्नेवाला, अनेक थरिका सोचविचारमा गाडिइरहनेवाला, केही अशान्ति-ग्रस्त व्यक्ति होला।

कु० नं० ५८९

६ ४
७ ५ ३
८ २
९रा. ११ १
१० १२

जुन व्यक्तिको मकर राशिको राहु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस शत्रु स्थानमा महान् प्रभावको शक्ति राख्नेवाला तथा अपठेरा र झ्याउलाहरू लाई थिचिराख्नेवाला र महान् हिम्मतक शक्तिद्वारा आफ्नू काम सिद्ध पार्नेवाला र मावली पक्षबाट हानि पाउनेवाला, लुकेको गूढ युक्तिहरू द्वारा गुप्त चातुर्यबाट महान् स्वार्थको सिद्धि गर्न जान्ने र नरमभाव एवं शील सन्तोषको उल्लंघन गर्नेवाला तथा आफ्नू गुप्त युक्तिहरूको सफलतामा खुशी मनाउनेवाला र दुःख तथा भयको आशंकाहरूबाट मुक्त रहनेवाला, बाठो र प्रभावशाली विजयी व्यक्ति होला।

कु० नं० ५९०

६ ४
७ ५ ३
८ २
९ ११ १
१०रा. १२

जुन व्यक्तिको कुम्भ राशिको राहु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानबाट अशान्तिको योग पाउनेवाला, दैनिक व्यापार भित्र पनि ठूला-ठूला कष्ट परेशानीहरू सहनेवाला, भोगादिक इन्द्रिय सम्बन्धी केही विकारको योग पाउनेवाला र भोगादिको पक्षमा केही अतृप्त वासनाहरूलाई तृप्त पार्ने इच्छा राख्नेवाला, केही भोगादिकको स्थानमा निकै ठूलो गुप्त योजनाहरूद्वारा काम सिद्ध पार्न जान्नेवाला, व्यापारको पंक्तिमा बडो गुप्त युक्तिहरूद्वारा र कष्टहरूबाट काम पूर्ण पार्नेवाला, गृहस्थी भित्र कहिले-काहीं महान संकट आइलाग्दा सहजै निराकरण गर्नेवाला, अन्त्यमा केही दरिलो भएर दैनिक व्यवस्थामा सफल हुने खालको व्यक्ति होला।

कु० नं० ५९१

६ ४
७ ५ ३
८ २
९ ११रा. १
१० १२

जुन व्यक्तिको मीन राशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनको दिनचर्यामा निकै अल्झो मान्नेवाला, पेटभित्र केही भित्री विकार भएको अनुमान गर्नेवाला तथा जीवनलाई सहायक हुने खालका केही पहिलो र स्थाई वस्तुको आंशिक हानि पाउनेवाला र महान् गुप्त योजनाहरूद्वारा र बढी कष्टसाध्य युक्तिहरूद्वारा जीवनी शक्ति प्राप्त गर्नेवाला, आयुको स्थानमा कहिले-काहीं सांघातिक हानिहरूको योग पनि प्राप्त गर्नेवाला र अनेक आपत्ति सहिसकेपछि अन्त्यमा शान्तिको मुख्य कारण भेट्टाउने खालको चिन्तित रहने व्यक्ति होला।

कु० नं० ५९२

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२रा.

जुन व्यक्तिको मेष राशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यस्थानमा निकै ठूलो अशान्ति र हानिहरूको योग प्राप्त गर्नेवाला र धर्मको सम्बन्धमा ठूला-ठूला दुर्बलता पाउनेवाला र ईश्वरको निष्ठामा अनेक हानिको योग परेको होला र भाग्यको उन्नति गर्नका लागि अनेक गुप्त र बांगा-बांगा उपायले काम गर्नेवाला तथा भाग्य वृद्धिको लागि धर्म-अधर्मको वास्ता नगर्नेवाला र भाग्यस्थानमा ठूला-ठूला बाधा, तगारो तेर्सिएको देखेपछि अन्त्यमा सफलता शक्ति पाउनेवाल, विघ्न-बाधा टार्न केही अनुचित स्वार्थपूर्ति गर्नेवाला, यशको कमी पाउनेवाला होला।

कु० नं० ५९३

६ ४
७ ५ ३
८ २
९ ११ १रा.
१० १२

जुन व्यक्तिको वृष राशिको राहु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानमा निकै कष्ट सहनेवाला, राज-समाजको सम्बन्धमा पनि केही अपठेरोको योग पाउनेवाला तथा उन्नति प्राप्त गर्नका लागि महान् गुप्त युक्तिहरूद्वारा काम गर्नेवाला र सम्मान-उन्नति वा पदोन्नतिमा विघ्न-बाधाको योग पाउनेवाला र कहिले काहीं इज्जतको स्थानमा घोर संकटकालको योग पाउनेवाला र अनेक कष्ट सहन गरेपछि ठूलो राजनीतिक युक्तिहरूले उन्नतिको बाटो भेट्टाउनेवाला र निकै राजसी काइदाले बस्ने खालको होला।

कु० नं० ५९४

६ ४
७ ५ ३
८ २रा.
९ ११ १
१० १२

जुन व्यक्तिको मिथुन राशिको राहु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस निकै बलियो आमदानी भेट्टाउनेवाला र लाभ प्राप्तिको स्थानमा धेरै अपठेरो युक्तिहरूको शक्तिशाली प्रयोग गर्नेवाला तथा अपुताली जस्तै धेरै धन प्राप्त गर्नेवाला र प्राप्तिको स्थानमा महान् स्वार्थयुक्त भएर स्थिरताको निकै ठूलो साहसले प्रयोग गर्नेवाला, बढी भन्दा पनि अझ बढी नाफाखाने युक्तिहरू निकाल्नेवाला र धन-प्राप्तिको स्थानमा कहिल्यै पनि सन्तोष नमान्ने खालको तृष्णावन्त व्यक्ति होला।

कु० नं० ५९५

६ ४
७ ५ ३रा.
८ २
९ ११ १
१० १२

जुन व्यक्तिको कर्क राशिको राहु लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस धेरै बर्ता धन खर्च गर्ने खालको तथा खर्चको कारणले गर्दा महान् कष्ट अनुभव गर्नेवाला र बाहिरी अन्य स्थानहरूको सम्बन्धबाट पनि दुःख सहनेवाला र अनेक विघ्न-बाधा र चिन्ताहरूबाट खर्चको संचालन शक्ति प्राप्त गर्नेवाला, कहिले-काहीं खर्चको बाटोमा घोर विपत्तिहरूको सामना गर्ने-वाला तथा अनेक युक्तिहरूले खर्चको शक्ति पाउने तथा धेरै समयपछि खर्चको विषयमा चिन्ता-मुक्त हुने खालको होला।

कु० नं० ५९६

६ ४रा.
७ ५ ३
८ २
९ ११ १
१० १२

सिंह लग्नान्तर - केतुफलम्

जुन व्यक्तिको सिंहराशिको केतु लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस आफ्नू शरीर भित्र केही दुर्बलता र केही न्यूनता अनुभव गर्ने र

कु० नं० ५९७

६ ४
७ ५के. ३
८ २
९ ११ १
१० १२

देहमा कहिले काहीं कुर्ने मृत्यु तुल्य दुर्घटनाको योग पाउनेवाला, शरीरले निकै ठूलो परिश्रमको काम गर्नेवाला र शरीरमा सौन्दर्यको पनि केही न्यूनताको योग पाउनेवाला, देहसित सम्बन्धित अव्यवस्थित भावनाहरूद्वारा गुप्त रूपले उन्नतितिर अग्रसर हुनेवाला र मान एवं गौरवमा कमी अनुभव गर्नेवाला तर आफ्नू शक्तिको गुप्त बलले प्रभाव दर्शाउनेवाला, साहसी र भोगादिको पनि बढी शक्ति भएको तथा बर्ता दगुरा-दगुर गर्ने खालको होला।

जुन व्यक्तिको कन्या राशिको केतु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको कोषस्थानमा केही हानि र केही न्यूनता पाउने खालको

कु० नं० ५९८

६के. ४
७ ५ ३
८ २
९ ११ १
१० १२

र धनको वृद्धि गर्नका लागि आफ्नू गुप्त शक्तिको महान् प्रयोग गर्ने र धनको सम्बन्धमा महान् परिश्रम र बर्ता दगुरा-दगुरको हडबडीले काम गर्नेवाला, आन्तरिक धारणा-शक्तिको बलले धन वृद्धि गर्ने मार्गमा कहिल्यै निराश र हताश नहुनेवाला, बरू उत्तरोत्तर प्रयत्नले सफल भएर धनको प्राप्तिमै लागिरहने र कुटुम्ब स्थानमा केही न्यूनताको योग पाउनेवाला तथा लौकिक वृद्धि-भित्र महान् धैर्यले काम लिन जान्ने होला।

जुन व्यक्तिको तुला राशिको केतु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस बाहुबलको महान् शक्ति प्राप्त गर्नेवाला र महान् पुरुषार्थ र ठूलो परिश्रम गर्नेवाला तथा उन्नति गर्नका लागि युक्ति र शक्तिको सम्मिश्रण योगबाट लगातार काम गरिरहनेवाला र सफलता प्राप्त गर्ने महान् उत्साहको शक्तिले विजयी हुनेवाला र दाजु-भाइ दिदी-बहिनीको स्थानमा केही कमी र केही अशान्ति पाउनेवाला र सार्न्है ठूलो साहस राख्नेवाला तथा प्रभावको महानता वृद्धि पाउनेवाला, नरमभाव र शीलको वास्ता नराख्नेवाला, आफ्नू स्वार्थसिद्धि गर्नमा तत्पर रहने ख्यालको शक्तिशाली होला।

कु० नं० ५९९

	६	४
७के.	५	३
	८	२
९	११	१
	१०	१२

जुन व्यक्तिको वृश्चिक राशिको केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस माताको स्थानमा केही हानि र न्यूनताको योग पाउनेवाला मातृभूमि र जन्मभूमिबाट वियोग पाउनेवाला, सुख प्राप्तिका साधनहरूमा ठूला-ठूला विघ्न-बाधाहरू पाउने ख्यालको होला। निवासस्थान र भूमि-भवन आदिको सम्बन्धमा पनि कहिले-काहीं न्यूनता पाउनेवाला र स्थान परिवर्तनको योग प्राप्त गर्नेवाला तथा केही अशान्ति युक्त वातावरणमा रहनेवाला र अलि-अलि संकटकाल पनि पाउनेवाला र अनेक कष्ट सहेपछि अन्त्यमा सुखको बलियो साधन र आन्तरिक धैर्यको शक्ति प्राप्त गर्ने ख्यालको होला।

कु० नं० ६००

	६	४
७	५	३
	८के.	२
९	११	१
	१०	१२

जुन व्यक्तिको धन राशिको केतु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धिको महान् परिश्रम विद्याबाट ग्रहण गर्नेवाला र सन्तान पक्षमा केही कष्ट सहने गर्नेवाला र ज्ञान तथा विवेकको बृद्धि गर्नका लागि शक्तिभन्दा बढी परिश्रम गर्नेवाला तैपनि मस्तिष्कलाई केही प्रभाव-शून्य अनुभव गर्नेवाला र केही चिन्तित रहनेवाला, कुरा-कानीमा ठूलो प्रभाव दर्शाएर आफ्नू काम सिद्ध पार्नेवाला तर यथार्थ मन्तव्य र ठीक तत्त्वलाई बुझ्न कठिन परे झैं अनुभव गर्नेवाला, अतिरिक्त धारणाशक्ति प्राप्त गर्ने र आफ्नू कुरामा अटल रहेर काम गर्ने खालको होला।

कु० नं० ६०१

६ ४ ७ ५ ३ ८ २ ९के. ११ १ १० १२

जुन व्यक्तिको मकरराशिको केतु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस शत्रु स्थानमा ठूलो प्रभावी शक्तिले काम बनाउने र रोग एवं कष्टको नाश गरिदिने वाला, मावली पक्षबाट हानि पाउनेवाला, बाहुबलको परिश्रम र शक्तिले विजय प्राप्त गर्नेवाला, धेरै ठूलो विपत्तिमा पनि धैर्य धारण गर्नेवाला, शीलको उल्लंघन गर्ने तथा महान् कार्यसिद्धि गर्ने र निकै बहादुरी कायम गर्ने एवं ठूलो साहस भएको र कस्तै कठिन स्थितिमा पनि काम पूरा गर्न तत्पर रहने होला।

कु० नं० ६०२

६ ४ ७ ५ ३ ८ २ ९ ११ १ १०के. १२

जुन व्यक्तिको कुम्भ राशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानबाट ठूलो हानि पाउनेवाला, इन्द्रिय भोगादिकको बर्ता शक्ति पाउनेवाला, दैनिक व्यापारको स्थानमा ठूलो परिश्रम गर्न सक्नेवाला, दैनिक व्यापारमा उन्नति गर्नका लागि कठोर श्रम गर्नेवाला व्यापारमा उन्नतिका लागि विशेष शक्तिको प्रयोग गरेर अतिरिक्त धारणाको बलले सफल हुनेवाला, कहिले-काहीं व्यापारको स्थानमा घोर संकटकालको योग पाउनेवाला, स्त्री भोगादिकको क्रममा र व्यापारको क्रममा केही अनधिकार लाभ पाउने र केही साहस र गुप्त भयको सम्मिश्रण शक्तिले गृहस्थिको काम चलाउनेवाला होला।

कु० नं० ६०३

६ ४
७ ५ ३
८ २
९ ११के. १
१० १२

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनको दिनचर्यामा महान् कष्टको योग पाउने र पेटभित्र केही भित्री बिमारी या अन्य शिकायत सहनेवाला, केही पूर्वसंचित जीवनमा सहायक हुने खालका वस्तुको केही हानि पाउनेवाला, जीवनमा केही गूढातिगूढ स्थानमा कहिले काहीं महान् सांघातिक हानिको योग पनि पाउनेवाला र जीवन निर्वाह शक्तिलाई, प्राप्त गर्नका निम्ति महान् कष्टसाध्य कठिन परिश्रम गर्ने खालको होला। अन्त्यमा अनेक कष्टहरू सहिसकेपछि जीवन निर्वाह शक्तिको निम्ति उपाय गर्ने खालको व्यक्ति होला।

कु० नं० ६०४

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२के.

जुन व्यक्तिको मेष राशिको केतु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्य स्थानमा ठूला-ठूला कष्टहरू सहनेवाला र भाग्योन्नतिको बाटोमा बाधा वा केही हानि सहनेवाला र धर्म पालनको सम्बन्धमा हानिहरूको र बाधाहरूको योग प्राप्त गर्नेवाला र ईश्वरको यथार्थ निष्ठामा न्यूनता राख्नेवाला तथा यश प्राप्तिको स्थानमा धेरै कमी पाउनेवाला र केही उग्र धर्मको पालन गर्नेवाला र भाग्यको उन्नति गर्नका लागि महान् परिश्रम गर्नेवाला तथा आन्तरिक धारणाको शक्तिद्वारा भाग्योन्नतिको बाटोमा आँखा चिम्लेर अग्रसर हुनेवाला र अन्त्यमा भाग्योको दह्रो योग पाउने खालको होला।

कु० नं० ६०५

६ ४ ७ ५ ३ ८ २ ९ ११ १के. १० १२

जुन व्यक्तिको वृष राशिको केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानमा केही हानिको योग पाउनेवाला, रोजगार व्यापार आदिको स्थानमा महान् परिश्रम गर्ने र कष्ट सहन सक्ने तथा राज-समाजमा उन्नति पाउनका लागि ठूला-ठूला दुःख-कष्ट सहने र मानोन्नति पदोन्नतिको लागि महान चातुर्यहरूको गुप्त-चाल भित्र कठिन परिश्रम गर्ने र कहिले-काहीं इज्जतको स्थानमा घोर संकटकालको योग पाउनेवाला, महान् धैर्य शक्तिद्वारा अनेक कष्टपछि उन्नतिको बाटो फेला पार्नेवाला, गुप्त पुरूषार्थी होला।

कु० नं० ६०६

६ ४ ७ ५ ३ ८ २के. ९ ११ १ १० १२

जुन व्यक्तिको मिथुन राशिको केतु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आयको स्थानमा केही न्यून परिश्रमको शक्तिद्वारा काम गर्नेवाला, केही न्यून लाभ पनि पाउनेवाला, लाभ प्राप्तिको स्थानमा केही असन्तोष मान्ने, लाभ प्राप्तिको निम्ति केही कष्टसाध्य कर्मको योगबाट सफलता पाउनेवाला, केही अनुचित लाभ प्राप्त पनि गर्नेवाला, केही धन प्राप्तिमा वृद्धि गर्नका लागि अर्काको लाभ-हानिको पनि वास्ता नगर्नेवाला, धनको निम्ति केही शक्तिभन्दा बर्ता परिश्रम गर्ने र आफ्नू आवश्यकताहरूको पूर्ति हुनमा केही गुप्त शक्तिहरूको योग पाउनेवाला, निकै गुप्त धैर्यवान् व्यक्ति होला।

कु० नं० ६०७

६ ४ ७ ५ ३के. ८ २ ९ ११ १ १० १२

जुन व्यक्तिको कर्कराशिको केतु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस धेरै खर्च गर्ने र खर्चको स्थानमा महान् अशान्तिको योग पाउने तथा केही कष्टसाध्य कर्मका योगले खर्चको शक्ति प्राप्त गर्ने खालको होला। अनि खर्चको शक्ति प्राप्त गर्नका लागि महान कठोर परिश्रम गर्नेवाला र खर्चको स्थानमा कहिले काहीं घोर संकट र मार्मिक वेदनाको अनुभव गर्नेवाला र बाहिरी स्थानसित सम्बन्धित परिश्रममा केही अशान्ति पाउनेवाला तथा अनेक कष्टहरू सहेर आन्तरिक धैर्यले काम लिनेवाला र अन्त्यमा खर्चको केही दह्रो स्थान पाउने व्यक्ति होला।

कु० नं० ६०८

६ ४के. ७ ५ ३ ८ २ ९ ११ १ १० १२

कन्या लग्न हुनेहरूको भविष्यका तारीखहरू

सन् १९९७ सालमा-गुरू पाँचौं स्थानमा नीच चल्नेछन् यसै कारण गृहस्थी र सन्तानमा केही परेशानी रहने छ। ता० १०/१/९७ देखि भाग्यमा केही अपठेरो परिरहने छ। ता० २६/१/९७ बाट भाग्यमा सफलता रहने छ। ता० २०/५/९७ देखि भाग्यमा केही न्यूनता वा कमजोरी रहनेछ। ता० १/७/९७ बाट भाग्यमा सफलता रहनेछ। ता० ३/९/९७ देखि समय बढी व्यय हुने र हानि नोकसानी दिने रहला। ता० १६/११/९७ बाट ता० ३१/१२/९७ सम्म समय प्रभावयुक्त पुरुषार्थको सफलता दिने रहला।

कु० नं० ६०९

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

सन् १९९८ को वर्षमा- ता० १/१/९८ देखि समय केही सुख र सफलताको रहनेछ। ता० ९/२/९८ बाट समय निकै परेशानीको रहला। ता० ५/३/९८ बाट भाग्यको समय सप्रन्दै जानेछ। ता० ३०/३/९८ देखि भाग्यमा केही न्यूनता वा दुर्बलता रहला। ता० १९/५/९८ देखि ता० ५/७/९८ सम्म समय लाभयुक्त सफलताको रहने छ। त्यसपछि खर्च बढ्दै जाला। ता० १२/९/९८ देखि १७/१०/९८ सम्म सफलता रहि रहने छ, त्यसपछि लाभ हानि चल्नेछ। ता० १६/११/९८ देखि ३१/१२/९८ सम्म उन्नतिदायक समय रहला।

कु० नं० ६१०

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

कन्या लग्नमा - सुनौला तारीखहरू

सन् १९९९ को वर्षमा ता० १/१/९९ देखि समय प्रायः राम्रोतिर लम्कने छ। ता० ४/२/९९ बाट केही दुःख-कष्ट रहने छ। ता० १९/४/९९ देखि व्यापार र गृहस्थीमा सुख सफलता रहने छ। ता० १२/८/९९ सम्ममा अधिकांश रूपले लाभ र सफलता रहने छ त्यसपछि देखि भाग्यको समय सप्रन्दै जानेछ, तर अगाडि केही कष्ट पनि रहने छ। ता० १७/११/९९ देखि साहस र शक्ति बढ्ने छ र ता ३१/१२/९९ सम्ममा समय अलि राम्रो रहने छ।

कु० नं० ६११

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

सन् २००० को वर्षमा- ता० १/१/२००० बाट समय साधारण तथा उत्तम चल्नेछ। ता० ६/२/२००० बाट ता २९/२/२००० सम्ममा भाग्यको सफलता। बनिरहने छ। त्यसपछि भाग्यमा न्यूनता आउनेछ। ता० १/४/२००० देखि ता० २८/९/२००० सम्ममा प्रायः भाग्यको सफलता रहिरहने छ, त्यसपछिको समय केही नोकशानदायक र कमजोर रहने छ। ता० १६/११/२००० बाट भाग्यको समय उन्नतिदायक रहने छ। ता० ३१/१२/२००० सम्ममा प्रायः सफलता बनिरहने छ।

कु० नं० ६१२

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

कन्या लग्नमा सुनौला तारीखहरू

सन् २००१ को वर्षमा- ता० १/१/२००१ बाट समय सामान्यतया राम्रो रहने छ। ता० २३/२/२००१ देखि समय केही दुर्बल वा कष्टदायक रहने छ। ता० २२/३/२००१ देखि समय केही सप्रन्दै जानेछ। ता० ९/४/२००१ बाट भाग्य कमजोर नै चल्नेछ। ता० ९/२/२००१ बाट भाग्यको उत्तम समय चल्ने छ। ता० १/८/२००१ बाट फेरि भाग्य कमजोर रहने छ। बढी व्यय होला। ता० १०/९/२००१ देखि भाग्यको उत्तम समय रहने छ। ता० १७/१०/२००१ देखि धनको पक्ष दुर्बल रहने छ। ता० १६/११/२००१ देखि समय सप्रने छ। ता० ९/१२/२००१ देखि ३१/१२/२००१ सम्ममा सुख शान्ति रहने छ।

कु० नं० ६१३

७ ५ ८ ६ ४ ९ ३ १० १२ २ ११ १

सन् २००२ को वर्षमा ता० ३/१/२००२ देखि समय उत्तम रहने छ। ता० १/३/२००२ देखि अलि-अलि झ्याउलो समेत काम चल्दै रहने छ। ता० ३०/३/२००२ देखि उन्नतिमा विघ्न-बाधा आइलाग्ला। ता० २९/४/२००२ देखि समय उत्तम चल्ने छ। ता० २६/५/२००२ बाट भाग्य केही न्यून चल्नेछ। ता० २१/६/२००२ देखि २५/७/२००२ सम्म उत्तम समय चल्नेछ, पछि धन व्यय बढी रहला। २४/१०/२००२ बाट ता० ३१/१२/२००२ सम्म भाग्योदय बनिरहने छ।

कु० नं० ६१४

७ ५ ८ ६ ४ ९ ३ १० १२ २ ११ १

कन्या लग्नमा - सुनौला तारीखहरू

सन् २००३ को वर्षमा- ता० १/१/२००३ बाट समय सामान्यतथा ठीकै रहने छ। ता० २४/१/२००३ बाट भाग्यको न्यूनता दुर्बलता चल्नेछ।

कु० नं० ६१५

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

ता० १८/२/२००३ देखि भाग्य सप्रन्दै जानेछ, तर शरीरमा आंशिक अशान्ति रहने छ। ता० ८/४/२००३ बाट समय सफलतातिर लम्कने छ। ता०१७/८/२००३ देखि समय हानिकारक कष्ट दिने खालको रहला तथा उन्नतिमा लाभ-हानि चल्दै रहने छ। ता० १/१२/२००३ बाट ३१/१२/२००३ सम्ममा भाग्यबाट सुख सफलता र धनागम रहने छ, साहस बढ्ने छ।

सन् २००४ को वर्षमा- ता० ३/१/२००४ बाट पुरुषार्थ कर्मद्वारा भाग्यको सफलता चल्नेछ र सुखका साधन जोरिने छन्। ता० १३/२/२००४ बाट विघ्न-बाधा र कष्ट रहने छ।

कु० नं० ६१६

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

ता० २६/५/२००४ बाट भाग्यको उन्नति चल्नेछ। ता० ४/८/२००४ देखि भाग्यमा केही न्यूनता र दुर्बलता चल्नेछ। ता० २०/९/२००४ देखि धनागम र भाग्यको सफलता रहने छ, प्रभाव बढ्ला। ता० १७/१०/२००४ देखि धनको पक्ष केही कमजोर चल्नेछ। ता० १६/११/२००४ बाट मान प्रभाव बढ्ने छ र सुखका साधन बढ्ने छन्। ता० २८/१२/२००४ सम्ममा प्रायः भाग्यको सफलता चल्दै रहने छ।

कन्यालग्न हुनेहरूको लागि सुनौलो तारीख

सन् २००५ को वर्षमा ता० १/१/२००५ देखि समय साधारण रहने छ। ता० २७/१/२००५ देखि गृहस्थ एवं व्यापारमा सफलताहरू रहने छन्, भाग्यको उन्नति रहने छ। ता० १४/३/२००५ बाट एक महीनाको निम्ति व्यापारमा केही न्यूनता र दुर्बलता रहने छ। ता० १४/४/२००५ देखि आयमा कमी रहने छ। ता० १/७/२००५ बाट भाग्यमा सुधार चलि रहने छ। ता० २८/७/२००५ बाट इज्जत र प्रभाव बढ्ने छ। ता० २३/८/२००५ देखि केही कष्टको समय चल्नेछ। ता० १७/१०/२००५बाट धनको केही हानि रहने छ। ता० १६/११/२००५ बाट भाग्यको मार्ग उन्नतिमा रहने छ। ता० ३१/१२/२००५ सम्म समय प्रायः ठीक रहने छ।

कु० नं० ६१७

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

सन् २००६ को वर्षमा- ता० १/१/२००६ देखि समय प्रायः राम्रो रहने छ। ता० ९/२/२००६ बाट भाग्यको अवनति रहने छ। ता ८/३/२००६ बाट गृहस्थी र व्यापारमा सफलता रहने छ। ता० ७/५/२००६ बाट समय राम्रो रहने छ। ता० ६/७/२००६ बाट भाग्यमा केही न्यूनता रहने छ। ता० ३/९/२००६ देखि भाग्यमा केही न्यूनता रहने छ। ता० ३/९/२००६ देखि भाग्य र धनको सफलता रहने छ। ता० १७/१०/२००६ बाट धनको हानि हुन सम्भव छ। ता० १७/११/२००६ देखि भाग्य सफलतातिर लम्कने छ। ता० ३१/१२/२००६ सम्म भाग्यको पक्ष बलियो रहने छ।

कु० नं० ६१८

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

कन्या लग्न हुनेहरूको - सुनौलो तारीख

सन् २००७ को वर्षमा- ता० १/१/२००७ बाट पुरुषार्थ कर्मद्वारा भाग्यको उन्नति रहने छ। ता० २३/३/२००७ देखि भाग्यमा न्यूनता आउला। ता० १७/४/२००७ देखि व्यापारमा धनको सफलता रहने छ। ता० ९/५/२००७ देखि भाग्यमा न्यूनता आउन सक्दछ। ता० ६/६/२००७ देखि ता० १४/८/२००७ सम्म भाग्योन्नति र मान प्रभाव बढ्दै जानेछ। त्यसपछि भाग्यमा न्यूनता आउला। ता० १७/११/२००७ देखि भाग्य र धनको सफलता रहने छ र ता० ३१/१२/२००७ सम्म भाग्योन्नति रहने छ।

कु० नं० ६११

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

सन् २००८ को वर्षमा- ता० ९/१/२००८ बाट पुरुषार्थ र कर्मद्वारा भाग्यमा उन्नति रहने छ। ता० २३/३/२००८ बाट भाग्यमा आंशिक न्यूनता रहने छ। ता० १७/४/२००८ बाट व्यापारमा धनको सफलता रहने छ। ता० ९/५/२००८ बाट भाग्यमा न्यूनता आउने छ। ता० ६/६/२००८ देखि ता० १४/८/२००८ सम्म भाग्योन्नति रहला र मान-सम्मान, प्रभाव बढ्ने छ। त्यसपछि भाग्यमा न्यूनता आउला। ता० २९/१२/२००८ देखि भाग्योन्नति र व्यापारमा सफलता एवं धनागम्म भइरहने छ।

कु० नं० ६२०

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

कन्या लग्न हुनेहरूको - प्रतिकूल समय ज्ञान

कु० नं० ६२१

७ (top-left)	५ (top-right)	८ (left-upper)	६ (centre-top)
४ (right-upper)	९ (left-centre)	३ (right-centre)	११ (bottom-left)
१० (left-lower)	१२ (centre-bottom)	२ (right-lower)	१ (bottom-right)

(सदैव कालको लागि)

तल लेखिएका ग्रहहरू जब-जब यी राशिहरूमा पञ्चाङ्गमा आउने छन्, तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिन-हरूमा कन्या राशिको प्रतिकूल समय रहने छ।

सू०- तुला, मकर, मीन, मिथुन, शेष समान राशिहरू वृष, कन्या, धन हुन्।

चं०- सिंह, वृश्चिक, कुम्भ र मीन।

मं०- कर्क, सिंह, तुला र मीन।

बु०- सिंह, कुम्भ, मीन र मेष।

गु०- सिंह, मकर, कुम्भ र मेष।

शु०- सिंह, कुम्भ, मेष र कन्या।

श०- सिंह, मेष र मीन।

रा०- तुला, धन, मेष, मीन र कन्या।

के०- तुला, मेष, मिथुन, कन्या र मीन।

नोट- जब-जब कहिले कुनै ग्रह सूर्यबाट अस्त हुन्छ, तब-तब त्यो दुर्बल वा कमजोर फल दिन्छ। यसको अतिरिक्त वर्षको फलादेश जान्नका लागि श०गु०रा०के० यी चार ग्रहहरूबाट ज्ञात गर्नुपर्दछ र महीनाको फलादेश जान्नका लागि सू०मं०बु०शु० यी चार ग्रहहरूबाट ज्ञात गर्नुपर्दछ र दैनिक फलादेश जान्नका लागि चन्द्रमाबाट हेर्नुपर्दछ।

कन्या लग्न हुनेहरूको - अनुकूल तारीखहरू

कु० नं० ६२२

७ ५ ८ ६ ४ ९ ३ १० १२ २ ११ १

(सदैव कालको लागि)

निम्नलिखित ग्रहहरू जब-जब यी राशिहरूमा, पञ्चांगमा आउने छन्, तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा उन्नतिदायक समय रहने छ।

सू०- कर्क, वृश्चिक, कुम्भ, मेष र सिंह।

चं०- कर्क, कन्या, तुला, धन, मकर, मीन, वृष र मिथुन।

मं०- कन्या, वृश्चिक, मकर, कुम्भ, मेष, वृष र मिथुन।

बु०- कर्क, कन्या, तुला, वृश्चिक, धन, मकर र वृष।

गु०- कर्क, कन्या, तुला, वृश्चिक, धन, मीन, वृष र मिथुन।

शु०- कर्क, कन्या, तुला, वृश्चिक, धन, मकर, मीन, वृष र मिथुन।

श०- कर्क, कन्या, तुला, वृश्चिक, धन, मकर, कुम्भ, वृष र मिथुन।

रा०- कर्क, वृश्चिक, कुम्भ, वृष, मिथुन र सिंह।

के०- कर्क, वृश्चिक, धन, कुम्भ, वृष र सिंह।

नोट- सालाना फलादेश जान्नका लागि शनि,गुरू, राहु र केतु यी चार ग्रहवाट हेर्नु पर्दछ र मासिक फलादेश जान्नका लागि सू०,बु०, शु०, मं० यी चार ग्रहहरूबाट हेर्नुपर्दछ र दैनिक फलादेश जान्नका लागि चन्द्रमाबाट गणना गर्नुपर्दछ।

कन्या लग्नान्तर - सूर्यफलम्

जुन व्यक्तियो कन्या राशिको सूर्य लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस बढी धन खर्च गर्ने किसिमको र शरीरमा दुर्बलता वा कमजोरीले धडेको तथा अन्य स्थानहरूको सम्बन्धले प्रभाव पाउने खालको होला। शारीरिक परिश्रम द्वारा खर्च वहन गर्नेवाला तथा दैनिक व्यापारलाई खर्चको तागतले केही संचालन गरिरहनेवाला र स्त्री स्थानमा न्यूनता र केही कमजोरी पाउनेवाला र अन्यस्थानहरूमा आउने-जाने गरिरहनेवाला र व्यापारमा केही हानि र कमजोरी पाउनेवाला, शरीरको दुर्बलतामा पनि क्रोध बर्ता भएको तथा खर्च गर्ने प्रभाव एवं शक्ति राख्नेवाला तथा केही चिन्ताग्रस्त रहने खालको होला।

कु० नं० ६२३

७ ५
८ ६सू. ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको तुला राशिका सूर्य लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको ठूलो हानि पाउनेवाला र धनलाई अनावश्यक काममा व्यय गर्नेवाला, धन संग्रह गर्न सकिन भन्ने पछितो पाइरहने र कुटुम्बको हानि पाउनेवाला र अन्य स्थानहरूसित सम्बन्धित विघ्न-बाधा द्वारा धनको किंचित सुख पाउनेवाला, पुरातत्त्वको लाभ प्राप्त गर्नेवाला, जीवनको दिनचर्यामा केही प्रभाव पाउनेवाला, गूढ र अनुचित एवं बांगा युक्तिहरूले काम बनाउनेवाला, इच्छानुसार खर्चमा कमी पाउने होला।

कु० नं० ६२४

७सू. ५
८ ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको वृश्चिक राशिको सूर्य लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नै पराक्रमले खर्च चलाउनेवाला, दाजु-भाइलाई हानि पुऱ्याउनेवाला, भाग्यमा केही न्यूनता र चिन्ता अनुभव गरिरहनेवाला, धर्मलाई पनि केही हानि पुऱ्याउने चेष्टा भएको होला। अन्यान्य स्थानहरूको बल पाउनेवाला, ठूलो साहस र उल्टो-सोझो शक्तिको उपयोग गर्नेवाला, निकै परिश्रमी होला।

कु० नं० ६२५

७ ५
८सू. ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको धन राशिको सूर्य लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुख प्राप्तिका साधनहरूको निम्ति खर्च गर्नेवाला र सुखपूर्वक खर्च चलाउने र सुखका साधनहरूमा न्यूनता पाउनेवाला र मातृस्थानमा केही न्यूनता र वियोग पाउनेवाला तथा पिताको स्थानबाट केही न्यूनता वा दुर्बलता पाउनेवाला र व्यापारको ठूला-ठूला काम-काजमा पनि कमजोरी-दुर्बलता पाउनेवाला अनि अन्यान्य राज-समाज एवं मान-सम्मान वृद्धिको योगमा केही कमी पाउनेवाला र घर भित्र व्यय-शक्तिको प्रभाव राख्नेवाला केही अशान्त प्रकृतिको होला।

कु० नं० ६२६

७ ५
८ ६ ४
९सू. ३
१० १२ २
११ १

जुन व्यक्तिको मकर राशिको सूर्य लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धिको चातुर्यले आफ्नू खर्च चलाउन जान्नेवाला र विद्या स्थानमा न्यूनता पाउनेवाला र सन्तान पक्षबाट केही कष्ट अनुभव गर्नेवाला तथा केही चिन्तित मस्तिष्क भएको होला। अनि अन्यान्य स्थानासित सम्बन्धित झ्याउलाहरूद्वारा आफ्नू लाभको योजना बनाएर धनागम गर्नेवाला, अनि लाभमा केही न्यूनता पाउनेवाला र आफ्नू कमजोर पक्ष वा कुरालाई पनि बलियो र पक्षलाई सबल तुल्याउनेवाला, बर्ता रिसाउने र आफ्नू कुरा घुमाई-फिराई बुझाउन जान्नेवाला, त्यतिभएर पनि आफ्नू कथन राम्ररी बुझाउन जान्नेवाला, त्यतिभएर पनि आफ्नू कथन राम्री बुझाउन असमर्थ हुने र चंचल दिमागको व्यक्ति होला।

कु० नं० ६२७

७ ५ ८ ६ ४ ९ ३ १० सू. १२ २ ११ १

जुन व्यक्तिको कुम्भराशिको सूर्य लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस केही परतन्त्रता, केही कर्मले खूब खर्च गर्नेवाला, खर्च रोक्न खोज्दा पनि रोक्न नसक्ने खालको होला। खर्चको सम्बन्धमा केही बाधा र केही नीरसताको योग पाउनेवाला, मावली पक्षमा केही हानि र रोगादि झगडा-विवाद मुद्दामा खर्चको योग पाउनेवाला, खर्चको बलमा अभिमान वा प्रभाव राख्नेवाला र खर्चमा एवं प्रभाव वृद्धिमा केही अन्य स्थानहरूको सम्बन्ध पाउने खालको व्यक्ति होला।

कु० नं० ६२८

७ ५ ८ ६ ४ ९ ३ १० १२ २ ११सू. १

जुन व्यक्तिको मीन राशिको सूर्य लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारले खर्च चलाउने र व्यापारमा केही न्यूनता तथा अन्य स्थानको सम्बन्ध पनि पाउनेवाला र स्त्री पक्षमा केही हानि वा दुर्बलता पाउनेवाला, गृहस्थीको सुखमा कमी र अशान्तिको योग पाउनेवाला र खर्चको योगले देहमा केही अशान्तिको योग परेको र अंगमा केही दुर्बलताको योग पाउनेवाला, व्यापारको पक्षमा केही यता-उताबाट काम चलाउनेवाला तथा गृहस्थीमा खर्च गर्ने शक्तिको प्रभाव पाउने खालको व्यक्ति होला।

कु० नं० ६२९

७ ५
८ ६ ४
९ ३
१० १२सू. २
११ १

जुन व्यक्तिको मेष राशिका सूर्य लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस अन्य स्थानहरूको सम्पर्कद्वारा पुरातत्त्वको लाभ र बढी धन व्यय गर्ने तथा संचित हुने धनको काममा केही न्यूनता पाउनेवाला तथा कुटुम्ब स्थानमा पनि केही दुर्बलता पाउनेवाला, जीवनको दिनचर्यालाई निकै शानदार खर्चको योजनाहरूद्वारा व्यतीत गर्न जान्नेवाला र प्रभाव एवं आनन्द भोग्नेवाला, विदेश आदिको ठूलो मौका पाउनेवाला र खर्चको विषयमा निकै गूढ युक्तिहरूले र केही विपत्तिहरूको योगले आफ्नू काम सिद्ध पार्न जान्नेवाला तथा धनको संग्रह शक्तिलाई सामान्य महत्व दिने खालको व्यक्ति होला।

कु० नं० ६३०

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १सू.

जुन व्यक्तिको वृषराशिको सूर्य लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्य-शक्ति द्वारा धन व्यय गर्नेवाला तर भाग्यको चिन्ता अनुभव गर्नेवाला र धर्म तथा ईश्वरको श्रद्धा भक्तिमा केही न्यूनता पाउनेवाला र पुरुषार्थमा केही कमजोरी पाएर पनि पुरुषार्थ वा उद्योग गर्दै रहनेवाला र दाजु-भाइको स्थानमा केही हानिको योग पाउनेवाला, भाग्यमा अन्य स्थानको सम्बन्ध पनि पाउनेवाला, धर्मको सम्बन्धमा केही यथार्थको विरोध गरेर कुनै प्रभावशाली न्यून धर्मलाई स्वीकार्नेवाला तथा सुयश उन्नतिको स्थानमा बाधा पाउनेवाला व्यक्ति होला।

कु० नं० ६३१

७ ५ ८ ६ ४ ९ ३ १० १२ २सू. ११ १

जुन व्यक्तिको मिथुन राशिको सूर्य लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता-स्थानमा आंशिक हानिको योग पाउनेवाला, पिता-स्थान र व्यापार स्थानबाट खर्च चलाउनेवाला, तथा शानदार खर्च गर्नेवाला, मातृस्थानमा पनि केही हानि वा कमजोरीको योग परेको र व्यापारस्थानमा वा मान-प्रतिष्ठको उन्नतिमा केही न्यूनता पाउनेवाला, पुरातन राज्यको विरोध गरेर नवीन राज्यको समर्थन गर्नेवाला, आफ्नू मान-प्रतिष्ठा बनाउनमा अन्यान्य स्थानको पनि सहयोग पाउनेवाला, धेरै बाहिरी फैशन देखाउन मनपराउने र असलीको ठाउँमा नकली काम गर्नेवाला व्यक्ति होला।

कु० नं० ६३२

७ ५ ८ ६ ४ ९ ३सू. १० १२ २ ११ १

जुन व्यक्तिको कर्क राशिको सूर्य लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आयको योगबाट व्यय गर्नेवाला र आयमा केही न्यूनता पाउनेवाला र अन्यान्य स्थानहरूमा सम्बन्धित लाभको योग पाउनेवाला र पुरातन लाभको योगको लाभ छोडेर नवीन फाइदाले लाभको योग राम्रो पाउनेवाला, सन्तान पक्षमा केही हानिको योग पाउनेवाला, विद्यामा केही कमी पाउनेवाला, बुद्धि र वाणीमा अलि खस्रोभाव र तीक्ष्णता राख्नेवाला, प्रभावको उल्टो र सोझो दुवै कामले लाभ र खर्च गर्ने होला।

कु० नं० ६३३

७ ५ ८ ६ ४सू. ९ ३ १० १२ २ ११ १

जुन व्यक्तिको सिंह राशिको सूर्य लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस खूब धन व्यय गर्नेवाला र अन्य स्थानको सम्पर्कबाट पनि खर्च गर्ने शक्ति पाउनेवाला र मावली पक्षको केही हानिको योग पाउनेवाला, शत्रु माथि प्रभाव राख्नेवाला, केही झगडा-विवादको मामलामा पनि र रोगादिमा पनि बढी खर्च गर्नेवाला र खर्च संचालनको शक्ति स्वतः प्राप्त गर्नेवाला र छेक-थुन वा झ्याउलाहरूलाई खर्चको तागतले पर हुत्याइदिनेवाला, खर्च स्थानमा महान् प्रभावको शक्ति पाउनेवाला होला।

कु० नं० ६३४

७ ५सू. ८ ६ ४ ९ ३ १० १२ २ ११ १

कन्या लग्नान्तर- चन्द्रफलम्

जुन व्यक्तिको कन्याराशिको चन्द्रमा लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस तन-मनले प्रसन्नतापूर्वक लाभ पाउनेवाला र राम्रो शरीर भएको वा शान्ति स्वभावको होला। राम्री पत्नीवाला र व्यापारबाट खूब धन कमाउनेवाला तथा भोग सुख प्राप्त गर्नेवाला, ठूलो मान-सम्मान पाउनेवाला र प्रसन्न चित्त भएको र स्त्री स्थानमा खूब मन लगाउनेवाला, र ससुरालीबाट लाभ पाउनेवाला, दैनिक व्यापार र आमदानीको विशेष ख्याल राख्नेवाला, ठूला-ठूला राम्रा र दिव्यपदार्थ प्राप्त गर्नेवाला, धेरै उच्च विचार भएको तेजवान, नामी र विशेष भोग-विलास मनपराउने होला।

कु० नं० ६३५

७ ५
८ ६चं. ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको तुला राशिको चन्द्रमा लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धेरै धन कमाउनेवाला, धन संचय गर्न जान्ने तथा ठूलो कुटुम्बवाला र जीवनको समयमा ठूलो लाभको आनन्द अनुभव गर्नेवाला र लामू आयुवाला, पुरातत्त्वको लाभ पाउनेवाला र सदैव धन-संचयमा मन लगाउनेवाला र गूढ युक्तिहरूको बलले पनि लाभ पाउनेवाला तथा निकै इज्जतदार अनि सेतो वस्तुबाट बढी धन कमाउनेवाला, मनोयोगको शक्ति द्वारा धनको वृद्धि गर्ने महान् कारण उत्पन्न गर्नेवाला, धनाढ्य होला।

कु० नं० ६३६

७चं. ५
८ ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको वृश्चिक राशिका चन्द्रमा लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस मनोयोगको कठोर परिश्रम द्वारा सामान्य लाभ पाउनेवाला, यस कष्टसाध्य कर्म मार्गबाट भाग्यमानीमा गनिनेवाला, धर्म र ईश्वरमा श्रद्धा र विश्वास राख्नेवाला, दाजु-भाइको पक्षमा थोरै वा क्लेशको योग पाउनेवाला र मानसिक परिश्रम द्वारा विचारहरूमा केही अशान्तिको योग पाउनेवाला तथा पुरुषार्थमा केही न्यूनता पाउनेवाला र केही परतन्त्रतायुक्त भाग्यको वृद्धि पाउनेवाला र मन र हिम्मत भित्र दुर्बलता राख्नेवाला तथा लाभ प्राप्तिका लागि केही अनुचित काम पनि गर्नेवाला र सानो विचारद्वारा साना चाल चल्नेवाला, बल र साहसको स्थानमा केही लुकाउने र न्यूनताले काम निकाल्न जान्ने र चिन्तित मनवाला व्यक्ति होला।

कु० नं० ६३७

७ ५
८चं. ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको धन राशिको चन्द्रमा लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुखपूर्वक इच्छित आय पाउनेवाला र भवन-भूमिको लाभ पाउनेवाला तथा व्यापारबाट पनि लाभ पाउनेवाला, सवारी (वाहन) को आनन्द लिनेवाला, ठूलो सम्मान पाउनेवाला र राजसमाजबाट पनि लाभ पाउनेवाला र प्रसन्न मन रहनेवाला र राम्रा कर्म गर्नेवाला र राम्रा-राम्रा वस्त्राभूषण आदि पाउनेवाला, मातृस्थानबाट खूब सुख प्राप्त गर्नेवाला र मनोयोगको तागतले सुख प्राप्तिका अनेक साधन पाउनेवाला होला।

कु० नं० ६३८

७ ५
८ ६ ४
९चं. ३
१० १२ २
११ १

जुन व्यक्तिको मकर राशिका चन्द्रमा लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धिद्वारा लाभ पाउनेवाला र सन्तान-लाभ पाउनेवाला तथा विद्या प्राप्त गर्नेवाला र बुद्धि भित्र मानसिक परिश्रमद्वारा विचारहरूमा केही प्रधानताको लाभ पाउनेवाला र विशेष प्राप्तिको लागि सदैव बुद्धिमा बल दिनेवाला एवं लाभको लागि निरन्तर ध्यान राख्नेवाला र विचारहरूमा शीतलता र वाणीमा नम्रता धारण गर्नेवाला, धेरै बाठो, बुद्धिमान तथा बुद्धि र मनमा अलि-अलि चिन्ता गर्नेवाला र केही पुत्रको भन्दा कन्या सन्तानको पक्ष पाउनेवाला र मनोबल, बुद्धिबलले खूब लाभ पाउनेवाला व्यक्ति होला।

कु० नं० ६३९

७ ५
८ ६ ४
९ ३
१० चं. १२ २
११ १

जुन व्यक्तिको कुम्भ राशिको चन्द्रमा लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस लाभको सम्बन्धमा केही न्यूनता पाउनेवाला र मानसिक चिन्ताहरू पाउनेवाला र धन बढी खर्च गर्ने र आमदानीको निम्ति केही परतन्त्रताको योग पाउनेवाला या अपठेरो वा झ्याउलो युक्त कर्मबाट लाभ पाउनेवाला र लाभको विषयमा केही बाहिरी स्थानहरूको सम्बन्ध पनि पाउनेवाला र मन मुताबिक आवश्यक पदार्थहरूको केही कमी पाउनेवाला र अनियमित फाइदाले लाभको योजना पाउनेवाला एवं केही मनलाई बन्धनमा पाउनेवाला र लाभ प्राप्तिको कारणले केही प्रभाव पाउनेवाला र शीलयुक्त व्यक्ति होला।

कु० नं० ६४०

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ चं. १

जुन व्यक्तिको मीन राशिको चन्द्रमा लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारमा बढी लाभ कमाउनेवाला र राम्री पत्नी पाउने र काइदासाथ भोग-विलास प्राप्त गर्नेवाला, घर-गृहस्थीको उत्थानमा नै मन लगाउने र राम्रो शरीर भएको होला। ससुरालीबाट पनि लाभ पाउनेवाला र मनोयोग शक्तिले दैनिक व्यापारमा ठूलो सफलता पाउने तथा सौन्दर्यसित सम्बन्धित कामहरूमा बढी लाभ पाउनेवाला तथा शान्तचित्त, मानयुक्त, उत्साही र अनेक राम्रा वस्तु पाउनेवाला, प्रत्येक लौकिक काममा सफलता पाउने र बाठो व्यक्ति होला।

कु० नं० ६४१

७ ५
८ ६ ४
९ ३
१० १२चं. २
११ १

जुन व्यक्तिको मेष राशिको चन्द्रमा लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस लाभको निम्ति केही कष्टको योग पाउने र विदेश आदि स्थानहरूको सम्बन्धबाट लाभ पाउनेवाला तथा धनागमको लागि अनेक प्रयत्न गर्ने र पुरातत्त्वको लाभ पाउनेवाला तथा गूढ युक्तिका गहीरा चालहरूले मनोयोगद्वारा लाभ पाउनेवाला तथा लाभ पाउने र शानदार जीवन व्यतीत गर्नेवाला र मानसिक कष्ट सहनेवाला र कुटुम्ब, धन, भाग्यको वृद्धिको इच्छा सदैव राख्नेवाला, जीवनमा सहायक, हुने केही पहिलो र कुनै गम्भीर वस्तुको लाभ पाउनेखालको व्यक्ति होला।

कु० नं० ६४२

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १चं.

जुन व्यक्तिको वृषराशिको चन्द्रमा लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस उच्च विचारभएको, निकै भाग्यमानी धर्ममा आस्था र ईश्वरमा विश्वास भएको तथा बढी श्रद्धा राख्ने राख्नेवाला, यश-मान प्राप्त गर्नेवाला, दाजु-भाइको पक्षमा केही न्यूनताको योग पाउनेवाला र पुरुषार्थलाई कुनै पनि महत्व नदिने खालको होला। बल पौरुषमा कमी पाउनेवाला र तत्वग्राही, दूरदर्शी र उन्नत ललाट र दुब्लो पातलो कदवाला, प्रभावशाली र अनेक दिव्य पदार्थ-भाग्यबल र मनोयोग द्वारा प्राप्त गर्नेवाला, ठूलो धर्मको खोजीमा लागेको र चौबीस वर्षको उमेरमा लाभको ठूलो उन्नति पाउने खालको होला।

कु० नं० ६४३

७ ५
८ ६ ४
९ ३
१० १२ २चं.
११ १

जुन व्यक्तिको मिथुन राशिको चन्द्रमा लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस भलादमी काइदाले व्यापारबाट लाभ कमाउनेवाला तथा राज-समाजबाट लाभ पाउनेवाला र मनोयोगको कर्म बलले उन्नति गर्नेवाला, निकै उच्च श्रेणी झैं रहन-सहन भएको तथा ठूला-ठूला बहुमूल्य पदार्थहरू प्राप्त गर्नेवाला र सुख भोग्नेवाला, मातृस्थानको र भूमि-भवनको सुख लाभ प्राप्त गर्नेवाला तथा सम्माननीय, प्रभावशाली कर्मिष्ठ र प्रतिष्ठयुक्त तथा चौबीस वर्षको उमेरबाट उन्नति गर्नेवाला, निकै उच्च विचार उदार प्रकृतिको व्यक्ति होला।

कु० नं० ६४४

७ ५
८ ६ ४
९ ३चं.
१० १२ २
११ १

जुन व्यक्तिको कर्क राशिको चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस स्वतः राम्रो लाभ कमाउनेवाला एवं लाभका लागि केवल मनोयोगको शक्तिको सकंल्पले नै कुनै प्रयत्न नगरीकनै प्राप्त गर्नेवाला र अनेकानेक दिव्य पदार्थ पाउनेवाला एवं प्रयोग गर्नेवाला र सन्तानबाट केही सुख शान्ति प्राप्त गर्नेवाला, विद्या-विवेकको शक्ति पाउनेवाला र ठूलो चातुर्य र बुद्धियोगले आफ्नू काम पूर्ण पार्नेवाला तथा चौबीस वर्षको उमेरबाट लाभमा उन्नति पाउनेवाला र स्थिर चित्त भएको चिन्ता रहित रहने व्यक्ति होला।

कु० नं० ६४५

७ ५
८ ६ ४चं.
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको सिंह राशिको चन्द्रमा लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्ने र अन्य स्थानहरूको योगले लाभ पाउनेवाला, चंचल चित्त र अशान्त मन भएको तथा धेरै परका कुटाहरू मनमा सोचिरहनेवाला, केही रोग वा झगडा विवादको सम्बन्धमा आफ्नू लाभका कुरा विचार्नेवाला, आए जति सबै धन खर्च गरिदिने खालको होला। शत्रु पक्षमा शान्त चित्तले काम सिद्ध पार्ने कुरा विचार गरिरहनेवाला तथा मावली पक्षबाट लाभको योजना पाउनेवाला र आयमा न्यूनता पाउने र केही नीरसता युक्त होला।

कु० नं० ६४६

७ ५चं.
८ ६ ४
९ ३
१० १२ २
११ १

कन्या लग्नान्तर-भौमफलम्

जुन व्यक्तिको कन्या राशिको मंगल लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस पूर्ण आयु पाएको र शरीरमा केही कष्ट अनुभव गर्नेवाला, ठूलो पराक्रमी र उच्च श्रेणीको कूटनीतिले काम सिद्ध पार्नेवाला, निकै गहीरो चाल चल्नेवाला, साहसी र पैतृक व पुरातत्त्वको लाभ पाउनेवाला, मातृस्थानमा केही हानिको योग पाउनेवाला र स्त्री पक्षमा केही क्लेश अनुभव गर्नेवाला, दाजु-भाइ दिदी-बहिनीको पक्षमा केही न्यूनता योग भए पनि इच्छित सहयोग पाउनेवाला, जीवनको समयलाई निकै शानदार काइदाले बिताउने खालको र जीवनलाई सहायता दिने शक्ति प्राप्त गर्नेवाला तथा केही प्रसिद्ध व्यक्ति होला।

कु० नं० ६४७

७ ५
८ ६मं. ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको तुला राशिको मगंल लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस निकै धनी झैं जीवनको समय व्यतीत गर्नेवाला र लामू आयु भएको तथा दाजु-भाइ दिदी-बहिनीको पक्षमा केही न्यूनता र बन्धन झैं अनुभव गर्नेवाला र धन संग्रहमा केही कमी र हानि पाउनेवाला एवं कुटुम्बको केही हानि पाउनेखालको होला र धन प्राप्तिको बन्धनमा धेरै कूटनीतिको शक्ति प्रयोग गर्ने खालको होला। निकै गहीरो चाल चल्न जान्ने र पुरातत्त्वको फाइदा पाउनेवाला, विख्यात एवं प्रभावशाली र सन्तान पक्षमा ठूलो शक्ति प्रयोग गर्नेवाला र बर्ता बोल्न सक्ने खालको व्यक्ति होला।

कु० नं० ६४८

७मं. ५
८ ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको वृश्चिक राशिको मंगल लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस अनेक कष्ट सहेर पनि ठूलो पुरुषार्थ गर्नेवाला, तीक्ष्ण शक्तिको प्रयोग गर्न जान्नेवाला तथा दाजु-भाइको पक्षमा केही थिचो-मिचो गर्न सक्नेवाला र निकै कूटनीतिको गहीरो कर्म गर्न जान्नेवाला, मावली पक्षको र पिता-स्थानको केही हानि गर्नेवाला, बाहुबल र हिम्मतले काम मिलाउन जान्ने, लामो आयु भएको र पुरातत्त्वको शक्ति प्राप्त गर्नेवाला, धर्मस्थानमा केही हानि पुऱ्याउने वाला, तथा भाग्यमा केही न्यूनता(कमी) पाउनेवाला, पुरुषार्थलाई ठूलो मान्नेवाला र शत्रु पक्षमा प्रभाव जमाउने व्यक्ति होला।

कु० नं० ६४९

७ ५
८मं. ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको धनुराशिको मंगल लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस लामू आयुवाला र जीवनको समयलाई सुखपूर्वक बिताउने र मातृस्थानमा केही हानि पाउनेवाला, पुरातत्त्व र पैतृक लाभ पाउनेवाला स्त्री स्थानमा केही हानि पुऱ्याउनेवाला र आमदानीमा केही न्यूनता अनुभव गर्नेवाला, पिता स्थानमा केही कमी र केही क्लेश अनुभव गर्नेवाला र शान्तिपूर्वक थिचिएका युक्तिहरू द्वारा काम गर्नेवाला र सुखका साधनहरूमा केही न्यूनता पाउनेवाला, प्रभावयुक्त जीवन बिताउनेवाला, भाइको पक्षबाट सुख पाउने खालको अलमस्त व्यक्ति होला।

कु० नं० ६५०

७ ५
८ ६ ४
९मं. ३
१० १२ २
११ १

जुन व्यक्तिको मकर राशिको मंगल लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस निकै शानदार जीवन व्यतीत गर्नेवाला तथा ठूलो नाम कमाउने र प्रतिष्ठा प्रभाव पाउने खालको होला। बुद्धिद्वारा निकै गहीरो कूटनीति प्रयोग गर्नेवाला एवं कुनै विचित्र आविष्कार गर्नेवाला, लाभमा केही कमी पाउने र खर्च खूब गर्नेवाला, वाणीमा केही कला भएको र सन्तान पक्षमा एक किसिमको सुख-दुःखको गहीरो अनुभव गर्नेवाला, लामो आयु भएको र पुरातत्त्वको लाभ एवं ज्ञान प्राप्त गर्नेवाला तथा गम्भीर विचारवाला र अन्यान्य स्थानहरूको विशेष सम्बन्ध राख्नेवाला, निकै तेज मस्तिष्क भएको रिसाहा प्रकृतिको व्यक्ति होला।

कु० नं० ६५१

७ ५
८ ६ ४
९ ३
१० मं. १२ २
११ १

जुन व्यक्तिको कुम्भ राशिको मंगल लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस आफ्नू मावलीबाट केही हानि पाउनेवाला र दाजु-भाइ दिदी-बहिनीको पक्षमा केही वैमनस्यता र वियोग पाउनेवाला र अपठेरो काम परेर केही परेशानीहरू द्वारा शक्ति पाउनेवाला र शत्रुहरूलाई या विपक्षीहरूलाई ठूलो कूटनीति एवं गुप्त शक्तिको आगोले तप्त पार्ने खालको र आफ्नू तीतो प्रभावलाई कायम राख्नका लागि शरीरमा पनि अनेक कष्ट सहनेवाला, आफ्नू काममा धर्म र भाग्यको केही हानि पुऱ्याएर पनि प्रभाव वृद्धिको नै ध्यान राख्नेवाला एवं पुरातत्त्वको हानि पाउनेवाला, लामो आयु र जीवनको समयलाई केही तामसी प्रयोग द्वारा बिताउनेवाला, आफ्नू जिद्दीमा अडिइरहनेवाला खूब खर्च गर्ने र केही बन्धन झैं अनुभव गर्ने होला।

कु० नं० ६५२

७ ५
८ ६ ४
९ ३
१० १२ २
११मं. १

जुन व्यक्तिको मीन राशिको मंगल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा केही क्लेश सहनेवाला र व्यापारको पक्षमा केही विघ्न-बाधा र परिश्रम द्वारा सफलता पाउनेवाला, व्यापारको सम्बन्धमा केही लुकेका युक्तिहरूबाट लाभ उन्नतिको योजना बनाउनेवाला र धनको सम्बन्धमा केही संग्रह शक्तिको न्यूनता(कमी) पाउनेवाला र पिताको स्थानमा केही क्लेश, कष्टको योग परेको र दाजु-भाइ दिदी-बहिनीको पक्षमा केही कमी पाउनेवाला र धेरै परिश्रमले दैनिक कार्य गर्दै रहनेवाला, लामू आयु पाउनेवाला र शरीरमा केही चिन्ता पाउनेवाला र पुरातत्त्वको लाभ पाउनेवाला तथा राज-समाजका कामहरूमा र मान्नोन्नतिको मार्गमा महान् परिश्रम गर्नेखालको होला।

कु० नं० ६५३

७ ५
८ ६ ४
९ ३
१० १२मं. २
११ १

जुन व्यक्तिको मेष राशिको मगंल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस धेरै आय पाउनेवाला, जीवनको गुप्त शक्तिको बलियो विकास गर्नेवाला, पुरातत्त्वको विशेष लाभ र अधिकार पाउनेवाला, लाभको पक्षमा केही न्यूनता भेट्टाउने खालको कुर्ने वैदेशिक स्थानद्वारा शक्ति प्राप्त गर्नेवाला, गुप्त कर्मका बलको आड-भरोस मान्नेवाला, धेरै कष्टसाध्य कार्य गर्नेवाला, बर्ता डरलाग्दो र मस्त जीवन प्राप्त गर्नेवाला र जीवनको समयको ठूलो मूल्य पाउनेवाला तथा धेरै बढी कठिन परिश्रम द्वारा आफ्नू शक्तिको विकास पाउनेवाला व्यक्ति होला।

कु० नं० ६५४

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १मं.

जुन व्यक्तिको वृष राशिको मंगल लग्नबाट नवम स्थानमा छ भने त्यो मानिस पुरातत्त्व शक्तिको लाभ पाउनेवाला, लामू आयु भएको र बढी खर्च गर्नेवाला, मातृस्थानमा केही हानि पाउनेवाला र सुखका साधनहरूमा केही कमी अनुभव गर्नेवाला, धर्मस्थान र भाग्यस्थानमा केही दुर्बलता पाउनेवाला, यशको हानि पाउनेवाला र जीवनको समय भाग्यमानीले जस्तै सुखपूर्वक बिताउनेवाला, पुरुषार्थमा लुकेका शक्तिहरूको प्रयोगद्वारा उन्नति पाउनेवाला, केही गलत बाटोमा मस्तीको लाभ उठाउनेवाला र ईश्वरमा केही कम श्रद्धा-विश्वास राख्नेवाला, बडो परिश्रमी, सफल पुरुषार्थी तथा दाजु-भाइ दिदी-बहिनीको सम्बन्धमा केही सुख-दुःख मिश्रित योगपाउनेवाला होला।

कु० नं० ६५५

७　५　८　६　४　९　३　१०　१२　२मं.　११　१

जुन व्यक्तिको मिथुन राशिको मंगल लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता-स्थानलाई केही कष्टप्रद प्रमाणित हुनेवाला र पैत्रिक एवं पुरातत्त्वको लाभ पाउनेवाला र आफ्नू व्यापारिक सामाजिक उन्नतिमा केही सुख-दुःखको योग पाउनेवाला र देहमा केही कष्ट र परेशानीको योग पाउनेवाला र सन्तान पक्षमा केही विशेष शक्तिको प्रयोग गर्नेवाला, र दुःख-सुखको विशेष अनुभव बुद्धिद्वारा गर्नेवाला तथा कटुवाणी बोल्ने र गुप्त कर्मको प्रयोगले उन्नतिको आशा गर्नेवाला र उन्नतिका लागि ठूला-ठूला कष्टसाध्य प्रयत्न गर्ने तथा मातृस्थानमा वा सुखस्थानमा केही न्यूनता पाउने खालको एवं लामू आयु पाउनेवाला र जीवनको समय शानदार ढगंले व्यतीत गर्नेवाला र दाजु-भाइको पक्षमा दुःख-सुख पाउने र मानयुक्त प्रभावशाली होला।

कु० नं० ६५६

७　५　८　६　४　९　३मं.　१०　१२　२　११　१

जुन व्यक्तिको कर्क राशिको मगंल लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू आय र लाभको स्थानमा केही कमी पाउनेवाला,दाजु-भाइको पक्षबाट केही कष्ट अनुभव गर्नेवाला र लाभ प्राप्तिको निम्ति अनेक कष्टसाध्य कर्म गर्नेवाला र केही गुप्तरीतिले र उल्टो बाटोले पनि लाभ पाउनेवाला र विद्या-बुद्धिमा वा सन्तान पक्षमा निकै बल गरेर उन्नति गर्नेवाला र शत्रुस्थानलाई एवं मावली पक्षलाई केही हानि पुर्‍याउनेवाला र धन संग्रहको स्थानमा पनि केही हानि पाउनेवाला, केही लामू आयुको तथा केही चिन्तित जीवन व्यतीत गर्नेवाला र कुटुम्बको केही हानि पाउनेवाला पुरातत्त्वको सामान्य लाभ भेट्टाउने खालको होला।

कु० नं० ६५७

७		५
८	६	४मं.
९		३
१०	१२	२
११		१

जुन व्यक्तिको सिंह राशिको मगंल लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन खर्च गर्ने र पुरातत्त्वको केही हानि पाउनेवाला र गुप्त शक्तिको बलले लुकेर अनेक काम गर्नेवाला र शत्रु स्थान एवं मावली पक्षको केही हानि पाउनेवाला र दाजु-भाइ दिदी-बहिनी र स्त्रीको पनि केही हानि पाउनेवाला, दैनिक व्यापारको पक्षमा केही हानि र कष्ट अनुभव गर्नेवाला तथा बाहिरी सम्बन्धबाट शक्ति प्राप्त गर्नेवाला र आफ्नू शक्तिको केही अनुचित प्रयोग गर्नेवाला, आयुको स्थानमा कहिले काहीं कुनै हानिको योग पाउनेवाला, जीवनको समयको केही दुर्बलता पाउने र केही परतन्त्रताको झैं योग पाउनेवाला र विदेशसित सम्बन्धित शक्तिको ठूलो आड-भरोस मान्नेवाला व्यक्ति होला।

कु० नं० ६५८

७		५मं.
८	६	४
९		३
१०	१२	२
११		१

कन्या लग्नान्तर-बुधफलम्

जुन व्यक्तिको कन्याराशिको बुध लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस लामो र अग्लो शरीर भएको तथा राजसी ऐश्वर्य भोग्नेवाला प्रभावशाली र पितास्थानबाट उन्नति पाउनेवाला तर धेरै ठूलो बन्द-व्यापार गर्नेवाला, स्त्रीपक्षमा केही उदासीनता र केही कमी अनुभव गर्नेवाला र इन्द्रिय भोगादिक पक्षमा पनि निकै न्यूनता पाउनेवाला, ठूलो स्वाभिमानी र देहाभिमानी तथा निकै बाठो बुद्धिमान, कार्य कुशल, साना दैनिक व्यापारबाट घृणा मान्नेवाला, बढी बाठो राजनीतिज्ञ, कर्मिष्ठ र अगाध आमदानी र उन्नति पाउने तथा विवेकी व्यक्ति होला।

कु० नं० ६५९

७ ५ ८ ६बु. ४ ९ ३ १० १२ २ ११ १

जुन व्यक्तिको तुला राशिको बुध लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धेरै धन कमाउने तथा व्यापार आदिबाट उन्नति पाउनेवाला, पिताको इज्जत पाउनेवाला, तथा धन कमाउनमा र धनको वृद्धिमा पूर्ण चातुर्यले काम सिद्ध पार्न जान्नेवाला, धन र कुटुम्बको बुद्धिलाई नै जीवनको मुख्य ध्येय मान्नेवाला, ठूलो धनी तथा इज्जतदार माननीय लामू आयुवाला, कार्य-कुशल, पुरातत्त्व र पैतृक सम्पत्ति पाउनेवाला र केही घेराबन्दीमा रहेर उन्नति गर्ने खालको व्यक्ति होला।

कु० नं० ६६०

७बु. ५ ८ ६ ४ ९ ३ १० १२ २ ११ १

जुन व्यक्तिको वृश्चिक राशिको बुध लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै राम्रो पुरुषार्थ गर्ने भएको र उन्नति प्राप्त गर्नेवाला र धर्म-कर्मलाई मान्नेवाला, पितास्थानको शक्ति पाउने खालको होला। दाजु-भाइ दिदी-बहिनीको शक्ति पनि पाउने भएको र कार्य कुशलता द्वारा सफलता पाउनेवाला र सौम्य प्रकृतिको भएर पनि ठूलो साहस र विवेकको चातुर्यले काम सिद्ध पार्न जान्नेवाला र सम्मान प्राप्त गर्नेवाला तथा निकै उच्च श्रेणीको जस्तै वास-गाँस गरेर रहने भएको, निकै स्वाभिमानी, ईश्वरवादी र देह बल एवं बाहुबलको शक्ति भएको बडो उत्साही व्यक्ति होला।

कु० नं० ६६१

७ ५
८बु. ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको धन राशिको बुध लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस बडो सुखपूर्वक रहनेवाला, पैतृक सम्पत्ति निकै पाउने भएको र ठूलो साज-सज्जाको सुन्दर भवन स्थानमा निवास गर्नेवाला, माता-पिताको सुख प्राप्त गर्नेवाला र सुख-शान्तिपूर्वक राम्रो बन्द-व्यापार गरेर मान-प्रतिष्ठा पाउने भएको निकै बाठो र कर्मिष्ठ सुन्दर शरीर भएको, बडो बुद्धिमान तथा स्वाभिमानी इच्छित वैभव युक्त तथा राज-समाजबाट सुख र सम्मान प्राप्त गर्नेवाला र देहबल र कर्मबल द्वारा सुखका अनेक साधन जोर्नेवाला, एक प्रकारको आनन्दी व्यक्ति होला।

कु० नं० ६६२

७ ५
८ ६ ४
९बु. ३
१० १२ २
११ १

जुन व्यक्तिको मकर राशिको बुध लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो बुद्धिमान, विद्याबान र सन्तान शक्ति प्राप्त गर्ने खालको, ठूलो स्वाभिमानी र कर्तव्य कर्मलाई राम्ररी जान्ने तथा व्यापार कर्मको बुद्धियोगले राम्रो लाभ पाउनेवाला, तथा सुन्दर र सुसज्जित काइदाले निकै प्रभावयुक्त भएर निवास गर्नेवाला, आत्मज्ञानी राज-समाजको नियम-कानूनमा पनि दखल राख्ने खालको होला। पिताद्वारा योग्यता प्राप्त गर्नेवाला र शीलयुक्त विवेकको शक्ति द्वारा कुराकानी गर्न जान्ने र आमदानीको वृद्धि गर्नका लागि बराबर प्रयत्न र ध्यान राख्नेवाला महान बाठो व्यक्ति होला।

कु० नं० ६६३

७ ५
८ ६ ४
९ ३
१० बु. १२ २
११ १

जुन व्यक्तिको कुम्भ राशिको बुध लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस केही परतन्त्रता युक्त रहनेवाला र मावली पक्षमा केही उन्नतिको योग पाउनेवाला र पिताको स्थानबाट केही वैमनस्यताको योग पाउने भएको र आफ्नू उन्नतिमा केही बाधा पाउनेवाला र रोग आदि झगडा-विवादमा रहेर नै केही कार्य सफल तुल्याउनेवाला, शत्रुपक्षबाट शान्तिपूर्वक विवेक शक्तिको द्वारा आफ्नू इच्छा पूर्ण गर्न जान्नेवाला तथा बढी खर्च गर्ने र केही गुप्त परेशानी युक्त कार्यमा पनि केही गौरव अनुभव गर्नेवाला र शारीरिक सौन्दर्य र कदमा केही न्यूनता पाउनेवाला र केही पापकर्म भोगनेवाला शीलयुक्त होला।

कु० नं० ६६४

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ बु. १

जुन व्यक्तिको मीन राशिको बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस गृहस्थीमा आत्तिएको योग पाउनेवाला र पिताबाट तथा स्त्री स्थानबाट केही कमी र कष्ट अनुभव गर्ने खालको र शरीरमा केही दुर्बलता पाउनेवाला र त्यो कमजोर स्थितिमा पनि आफ्नू स्वाभिमान राख्न जान्ने होला। दैनिक रोजगार वा व्यापारमा केही न्यूनता र दुःख अनुभव गर्नेवाला र मान-सम्मानको रक्षा बडा कठिनले गर्न सक्नेवाला र स्त्रीको सम्भोग सम्बन्धित मामलामा आफ्नो प्रभावलाई केही न्यून र सुखको कमी अनुभव गर्नेवाला र व्यापारको पक्षमा बडो परिश्रम र केही सेवाको किसिमले र परेशानीको झैं काम गर्नेवाला, केही परतन्त्रता पनि पाउनेवाला र केही अनुचित कर्म गर्ने र व्यथित रहने खालको होला।

कु० नं० ६६५

७ ५
८ ६ ४
९ ३
१० १२बु. २
११ १

जुन व्यक्तिको मेष राशिका बुध लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नो शरीर र पिताको सुख सम्बन्धमा केही हानि र क्लेशको योग पाउनेवाला, अनि आफ्नू उत्थानको सम्बन्धमा हृदयमा दुर्बलता र दुःख मान्नेवाला र विदेश आदिमा निवास गर्ने र वृद्धि आदिकको योजनामा लागिरहनेवाला, व्यापारको निम्ति संकष्ट सहनेवाला तथा पुरातत्त्व र गूढ युक्तिहरूबाट लाभ प्राप्त गर्नेवाला, शुभकर्म नगरेर आफ्नू मतको बाटोमा हिड्ने र आफ्नू ज्यान अर्पण गरेर अनेक कष्ट सहन गरी मान प्राप्त गरेर सुखी जीवन पिताउने खालको होला।

कु० नं० ६६६

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १बु.

जुन व्यक्तिको वृषराशिको बुध लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी होला, धर्म-कर्मको पालन गर्ने र पितास्थानबाट सहायता, मान-सम्मान र उन्नति पाउनेवाला, व्यापारमा सफलता पाउनेवाला तथा राज-समाजमा मान पाउनेवाला र सुन्दर सुसज्जित शरीरवाला र उचित कर्मको पालन गर्न जान्नेवाला र दाजु-भाइ दिदी-बहिनीहरू भएको र ईश्वरमा निष्ठा राख्नेवाला र आफ्नू व्यक्तित्वलाई राम्रो मान्नेवाला तथा दैवी सहायता र उन्नति पाउनेवाला तथा राजसी ठाट-बाट पाउनेवाला र पुरुषार्थ कर्मबाट फाइदा पाउने खालको होला।

कु० नं० ६६७

७ ५ ८ ६ ४ ९ ३ १० १२ २बु. ११ १

जुन व्यक्तिको मिथुन राशिको बुध लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस आफ्नू देह-बल र हृदय-बलले महान् उन्नति पाउनेवाला, शोभायुक्त सौन्दर्य प्राप्त गर्नेवाला, विवेकशक्ति द्वारा ठूलो बन्द-व्यापार गर्ने खालको होला। धेरै ठूलो मान-सम्मान पाउनेवाला, पिता स्थानबाट र समाजबाट उन्नति एवं सुख प्राप्त गर्ने खालको होला, राज्यबाट मान-सम्मान पाउनेवाला, भवन-भूमिको र माताको सुख प्राप्त गर्नेवाला र ठूलो सौम्य कर्म गर्नेवाला तथा आफूलाई स्वाभिमानी, वैभव युक्त ठाट-बाटले निवास गर्नेवाला, प्रभावशाली रजोगुणी स्वभाववाला, हाकिम जस्तो मिजास भएको होला।

कु० नं० ६६८

७ ५ ८ ६ ४ ९ ३बु. १० १२ २ ११ १

जुन व्यक्तिको कर्क राशिका बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस पिता स्थानबाट बढी लाभ पाउनेवाला तथा व्यापारबाट इच्छित लाभ

कु० नं० ६६९

७ ५
८ ६ ४बु.
९ ३
१० १२ २
११ १

कमाउनेवाला र राज्यसित सम्बन्धित विशेष फाइदा पाउनेवाला तथा दिव्य वस्त्राभूषण आदि धारण गर्नेवाला, अनि बढी चातुर्यले कुशलतापूर्वक काम गर्नेवाला तथा विद्यामा निपुणता पाउनेवाला, सन्तान सुख पाउने खालको होला। देह द्वारा सम्मान पाउने भएको र राजाको झैं स्वभाव राख्नेवाला र स्वतन्त्र मिजासको तथा देह र समाजको योगबाट विवेकशक्तिद्वारा बढी लाभ पाउने खालको होला।

जुन व्यक्तिको सिंह राशिका बुध लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्नेवाला र विदेश आदिमा बस्न जानेवाला र पिता

कु० नं० ६७०

७ ५बु.
८ ६ ४
९ ३
१० १२ २
११ १

पक्षमा वा देह पक्षमा केही न्यूनता दुर्बलता र अशान्तिको योग पाउनेवाला र मान प्रतिष्ठा र बन्द व्यापारको निम्ति अन्य स्थानको सहयोग पाउनेवाला, अन्य स्थानमा नै आफ्नू शक्तिको परिचय दिनेवाला तथा झ्याउलाहरू र शत्रुपक्षमा केही शान्ति युक्त साहसले काम लिन जान्नेवाला, मावली पक्षमा केही माया स्नेह राख्नेवाला, केही अशान्ति युक्त एक्लो भए झैं अनुभव गर्नेवाला, शरीरको महान शक्तिद्वारा खर्चको संचालन गर्ने शक्ति प्राप्त गर्ने खालको होला।

कन्या लग्नान्तर-गुरुफलम्

जुन व्यक्तिको कंन्या राशिको गुरू लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस उत्तम गृहस्थ सुख प्राप्त गर्नेवाला र सुयोग्य पत्नी पाउने खालको र माताको सुख आनन्द पाउनेवाला, निकै सुखयुक्त सुन्दर व्यापार गर्न जान्ने र भाग्यमानीमा गनिने खालको होला। गृहस्थीमा धर्म-कर्मको पनि ध्यान राख्नेवाला, सन्तान पक्षमा केही न्यूनता र दुःखको अनुभव गर्नेवाला, विद्या र बुद्धिमा केही न्यूनता वा कमजोरी पाउनेवाला, गृहस्थीका अनेक झंझटहरूले बुद्धिमा केही परेशानी अनुभव गर्नेवाला, बोल्नमा र कुरा बुझ्नमा केही कमजोरीयो योग पाउनेवाला र स्त्री सम्बन्धी मार्गका कारणहरूले बुद्धिमा केही कुण्ठित भए झैं योग परेको होला र बुद्धिमा केही अनुचित र संकीर्ण विचार राख्नेवाला, माननीय स्थूल देह, बाठे र सुखी होला।

कु० नं० ६७१

७ | ५
८ | ६ गु. | ४
९ | ३
१० | १२ | २
११ | १

जुन व्यक्तिको तुला राशिको गुरु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको शक्तिले इज्जतदार कहिने र भवन-भूमि आदिको सुख प्राप्त गर्नेवाला, मातृस्थानबाट र स्त्री स्थानको सुखमा केही बन्धनको योग पाउनेवाला र दैनिक व्यापारबाट तथा स्त्रीको सम्बन्धबाट केही धन प्राप्त गर्नेवाला र पितास्थानबाट सहयोग पाउने खालको होला। राज-समाजमा सुख र सम्मान पाउनेवाला, जीवनमा केही सुखको अनुभव गर्नेवाला, लामू आयुष्य पाउने र पुरातत्त्वको सुख र लाभ प्राप्त गर्नेवाल, धेरै कुटुम्ब भएको र शत्रु पक्षमा प्रभाव राख्नेवाला, ठूलो व्यापारी र मावली पक्षमा केही न्यून सुखको अनुभव गर्ने र निकै साहसी व्यक्ति होला।

कु० नं० ६७२

७ गु. | ५
८ | ६ | ४
९ | ३
१० | १२ | २
११ | १

जुन व्यक्तिको वृश्चिक राशिको गुरू लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस सुखपूर्वक अनेक व्यापार गरेर इच्छित धन लाभ गर्नेवाला र सुन्दर एवं प्रभावशाली पत्नी पाउनेवाला र आफू पनि राम्रो कद-काठीवाला तथा खूब भोग सुख प्राप्त गर्नेवाला र गृहस्थ धर्मको निकै सुचारू रूपले पालन गर्नेवाला, तथा अनेक थरिका दिव्य पदार्थ प्राप्त गर्नेवाला र धर्म-कर्ममा श्रद्धा एवं विश्वास राख्नेवाला, मातृस्थानबाट शक्ति प्राप्त गर्नेवाला, दाजु-भाइ दिदी-बहिनी धेरै भएको, बर्ता परिश्रम गर्ने र प्रभावशाली एवं सबै काममा प्रवीण तथा ससुरालीबाट केही शक्ति पाउनेवाला र विवाह गरेपछि उन्नति गर्नेवाला। यी सबै कुराको सोन्ह वर्षको उमरमै विकास पाउनेवाला भाग्यमानी होला।

कु० नं० ६७३

७ ५
८गु. ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको धन राशिका गुरू लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृस्थानको र स्त्रीस्थानको सुख प्राप्त गर्नेवाला र सम्पत्ति पाउनेवाला; बढी धन खर्च गर्नेवाला, व्यापारबाट सुख प्राप्त गर्नेवाला, पुरातत्त्वको लाभ पाउनेवाला र लामू आयु भएको तथा कुनै ठूलो भलादमी झैं सुखपूर्वक जीवनको समय व्यतीत गर्नेवाला र मान प्रतिष्ठा पाउनेवाला, सुखपूर्वक व्यापार गर्नेवाला निकै कर्मिष्ठ र पिता स्थानको सुख प्राप्त गर्नेवाला, अनि गृहस्थीको यथेच्छ सुख भोग्नेवाला, बाहिरी सम्बन्धबाट पनि व्यापारमा सुखको वृद्धि पाउनेवाला, गूढ कर्मले पनि सुखको मार्ग पाउनेवाला आनन्दी जीव होला।

कु० नं० ६७४

७ ५
८ ६ ४
९गु. ३
१० १२ २
११ १

जुन व्यक्तिको मकर राशिको गुरु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस मनुष्य आफ्नू गृहस्थ सुखको सम्बन्धमा ठूला-ठूला कष्ट अनुभव गर्नेवाला र मातृस्थानबाट र स्त्री पक्षमा कमी र दुर्बलता पाउनेवाला, दैनिक व्यापारमा केही अत्यास झैं अनुभव गर्नेवाला, विद्या-बुद्धिबाट केही न्यूनता पाउनेवाला, कुराकानीमा केही हचकचाउनेवाला र लाभ अधिक खोज्ने खालको सुख-शान्तिमा बाधा देखेर र वृद्धिको परेशानीहरू द्वारा सानो व्यापारमा उत्तम लाभ गर्नेवाला र धर्ममा श्रद्धा र विश्वास राख्नेवाला, शरीरले सुख र सम्मान पाउनेवाला र भोगविलासको सम्बन्धमा केही अनुचित विचार राख्ने व्यथित बुद्धिको होला।

कु० नं० ६७५

७　५
८　६　४
९　३
१० गु.　१२　२
११　१

जुन व्यक्तिको कुम्भराशिका गुरु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मनुष्य गृहस्थीको सुखमा ठूलो बाधा पाउनेवाला, र मातृपक्षमा र स्त्रीपक्षमा केही क्लेश सहनेवाला र सुख शान्तिमा कमी पाउनेवाला र दैनिक व्यापारमा अनेक बाधा सहनेवाला, मान-सम्मान पाउनेवाला र केही धन संग्रह गर्नेवाला, आंशिक कुटुम्ब सुख पाउनेवाला, मावली पक्षमा केही सामान्य सुख प्राप्त गर्नेवाला र खूब खर्च गर्नेवाला, शत्रुपक्षमा केही नरम बनेर काम सिद्ध पार्नेवाला, कष्ट सहेर पनि प्रभाव राख्ने तथा भोग-विलासमा केही न्यूनता पाउनेवाला र रहन-सहनको स्थानमा केही त्रुटि पाउनेवाला तथा पितास्थानबाट सहायता पाउने र उच्च व्यापारको योजना बनाउने खालको व्यक्ति होला।

कु० नं० ६७६

७　५
८　६　४
९　३
१०　१२　२
११गु.　१

जुन व्यक्तिको मीन राशिका गुरु लग्नबाट सतौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो सुख-भोग प्राप्त गर्नेवाला, बर्ता प्रभावी र सुखद व्यापार गर्नेवाला, बढी लाभ पाउनेवाला र दैनिक व्यापार कर्मले नै ठूलो सम्मान र सुखको वृद्धि पाउनेवाला होला। सुखको वृद्धि पाउनेवाला, स्त्रीमा केही शान्तिको अनुभ्रव गर्ने खालको तथा माता स्थानबाट राम्रो योग पाउनेवाला, धेरै ठूलो पुरुषार्थ गर्न जान्नेवाला, दाजु-भाइ दिदी-बहिनी भएको, राम्रो कद-काठी भएको, अनेक वस्तुहरूको सुख लाभ प्राप्त गर्नेवाला, ठूलो परिश्रमी, विलाषी र हृदय-बलको तागतले बडी सफलता पाउनेवाला व्यक्ति होला।

कु० नं० ६७७

७ ५
८ ६ ४
९ ३
१० १२गु. २
११ १

जुन व्यक्तिको मेष राशिको गुरु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस गृहस्थ जीवनमा निकै ठूलो दुःख पाउनेवाला र स्त्री पक्षको केही क्लेश र वियोग सहने खालको तथ स्त्री पक्षको पूर्ति केही गहीरो चालाहरूले एवं कूटयुक्तिहरूले पूरा गर्न जान्नेवाला, र दैनिक व्यापारको पक्षमा ठूला-ठूला कष्टहरू सहन गरेर सफलता पाउनेवाला र धन संग्रहको चेष्टा गर्ने खालको र जीवनको समय प्रभावयुक्त र विशेष बडप्पनले बिताउन जान्ने खालको होला। पुरातत्त्वको भूमि लाभ पाउनेवाला, लामू आयु पाउनेवाला र केही गुप्त युक्तिहरूले व्यापारको लाभ कमाउने भएको र अशान्तियुक्त एवं केही पहिलो गम्भीर वस्तुको लाभ जीवनलाई सुखी तुल्याउनको निम्ति हृदय-बलले प्राप्त गर्ने खालको होला।

कु० नं० ६७८

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १गु.

जुन व्यक्तिको वृष राशिको गुरु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यमानीमा गनिने र हृदय बलको सुख प्राप्त गर्नेवाला तथा ईश्वरको ध्यान गर्नेवाला एवं भाग्यको शक्तिले गृहस्थीको सुख पाउनेवाला, भाग्य-शक्तिले नै व्यापार चलाउने खालको होला। लौकिक र पारलौकिक दुवैको पूरा ध्यान राख्नेवाला तथा भाग्यमा केही न्यूनता वा कमजोरी अनुभव गर्नेवाला, आमा र पत्नी दुवै धार्मिक विचार भएका भेट्ने खालको होला। भवन-भूमि पाउने र दाजु-भाइ दिदी-बहिनी भएको, पुरुषार्थ गर्ने तथा तत्त्वगुणी, दैविक सुख पाउनेवाला, सन्तान कष्टको योग अनुभव गर्नेवाला, बुद्धिमा न्यूनता, विद्यामा कमी र वाणी द्वारा केही कमजोर तथा केही त्रुटियुक्त शब्द बोल्ने, शान्तिप्रिय दूरदर्शी र परोपकारी खालको व्यक्ति होला।

कु० नं० ६७९

७ ५ ८ ६ ४ ९ ३ १० १२ २गु. ११ १

जुन व्यक्तिको मिथुन राशिको गुरु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै प्रतापी, कर्मिष्ठ र राजसी भोग-विलास पाउनेवाला, ठूलो व्यापार गर्नेवाला र खूब धन कमाउने तथा भवन-भूमि आदि जोर्नेवाला, माता-पिताको स्थानबाट सुखको योग पाउने, राज-समाजमा मान-सम्मान पाउने खालको होला। स्त्री स्थानबाट सुख र प्रभाव एवं सौन्दर्य पाउनेवाला, व्यापारमा इज्जत कमाउने तथा शुभ कर्म गर्नेवाला, हृदयमा राजसी वृत्ति भएको र बर्ता कुटुम्ब भएको, मावली पक्षबाट केही सामान्य सुख पाउने र सुख-शान्ति युक्त कर्म गरेर उन्नति र प्रतिष्ठा पाउने आनन्दी व्यक्ति होला।

कु० नं० ६८०

७ ५ ८ ६ ४ ९ ३गु. १० १२ २ ११ १

जुन व्यक्तिको कर्क राशिको गुरु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारबाट बढी लाभ पाउने र निकै राम्री पत्नीको सुख प्राप्त गर्ने तथा उत्तम भोग-विलास, पाउने र माताको एवं भूमि-भवनको पनि इच्छित लाभ पाउनेवाला तथा दाजु-भाइ दिदी-बहिनीको सुख पाउनेवाला र सन्तान-पक्षमा केही न्यूनता अनुभव गर्नेवाला र विद्या-बुद्धिमा दुर्बलता पाउने तथा निकै राम्रो पुरुषार्थ गरेर सफलता पाउने खालको र धेरै थरी अमूल्य पदार्थहरू भोग गर्नेवाला अनि सुखयुक्त कर्म गरेर पनि ठूलो नाफा कमाउने अनि अनेक थरिका वाहनहरूको सुख प्राप्त गर्नेवाला, सदैव प्रसन्न रहनेवाला, केही त्रुटियुक्त वाणी बोल्नेवाला र हृदयमा आनन्द भए पनि मन चिन्तित रहने खालको व्यक्ति होला।

कु० नं० ६८१

७ ५
८ ६ ४ गु.
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको सिंह राशिको गुरु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन खर्च गर्ने र स्त्रीको हानि पाउनेवाला तथा दैनिक व्यापारमा विवाद झ्याउलो पाउनेवाला र मातृस्थानमा केही न्यूनता वा दुर्बलता पाउनेखालको होला। अन्य बाहिरी स्थानहरू बाट सुखका साधन पाउनेवाला, मातृस्थानको वृद्धिमा बर्ता ध्यान दिनेवाला, जीवनको समयमा सुखको केही अनुभव गर्नेवाला र आयुको पूर्ण सुख प्राप्त गर्नेवाला, अन्यान्य स्थानहरूबाट स्त्री र ससुरालीको योग प्राप्त गर्नेवाला, खर्चको बलले प्रभाव राख्ने र पुरातत्त्वको केही लाभ पाउनेवाला, गुप्त भएका गुढ युक्तिहरूले पनि सुख प्राप्त गर्नेवाला र सम्पत्तिको केही लाभ-हानि प्राप्त गर्नेवाला, मातृस्थानको बलले पनि केही दैनिक खर्च चलाउन जान्ने खालको व्यक्ति होला।

कु० नं० ६८२

७ ५ गु.
८ ६ ४
९ ३
१० १२ २
११ १

कन्या लग्नान्तर - शुक्रफलम्

जुन व्यक्तिको कन्याराशिको शुक्र लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस शरीरमा केही दुर्बलता पाउनेवाला र धन प्राप्तिका लागि केही धर्मको हानि र शारीरिक परिश्रम गरेर धन कमाउनेवाला र धनमा आंशिक न्यूनता पाउने खालको होला। भाग्यमानी पत्नी पाउने र निकै ठूलो दैनिक व्यापार गर्नेवाला, भोग-विलासको प्राप्तिमा अधिकता पाउनेवाला, विवाह भइसकेपछि व्यापारमा उन्नति पाउनेवाला र केही विवाद र अडको पाइसकेपछि व्यापारमा भाग्य-शक्तिले पनिं विशेष उन्नति गर्नेवाला तथा ठूला-ठूला युक्ति जान्नेवाला र आफ्नू हृदय भित्र भाग्यको सम्बन्धमा केही दुर्बलता वा न्यूनता पाउने, निकै बाठो व्यक्ति होला।

कु० नं० ६८३

७ ५
८ ६शु. ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको तुला राशिको शुक्र लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस ठूलो धनवान र भाग्यमानी तथा इज्जतदार, ठूलो कुटुम्बवाला र बढी भाग्यशाली, अकस्मात् धनको वृद्धि पाउने तथा जीवनको समय निकै भलादमी र धनीको झैं काइदाले व्यतीत गर्नेवाला एवं लामू आयु पाउने र पुरातत्त्वको केही लाभ पाउनेवाला एवं गूढ युक्तिहरू द्वारा पनि लाभ पाउनेवाला, तत्वग्राही, धर्मज्ञ, माननीय तथा धर्मको वास्तविक रूपमा वा ईश्वर-भक्तिमा केही बन्धन पाउने तथा पूर्वजन्मका पुण्यको बलले धनको वृद्धि पाउनेवाला व्यक्ति होला।

कु० नं० ६८४

७शु. ५
८ ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको वृश्चिकराशिको शुक्र लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यको शक्तिबाट धनको वृद्धि पाउनेवाला र धेरै सुयश कमाउने खालको होला। निकै धर्मात्मा, न्याययुक्त पुरुषार्थले धन कमाउन जान्ने र दाजु-भाइ दिदी-बहिनी धेरै भएको तथा धार्मिक उन्नतिको लागि र धन, बलद्वारा काम सिद्ध पार्न जान्ने तथा राम्रो शरीर भएको ठूलो भाग्यमानी लौकिक र पारलौकिक दुवै धर्मको पालन गर्न जान्ने निकै बाठो माननीय उन्नतिशील र ईश्वरीय शक्तिको ठूलो विश्वास र भर मान्ने भएको दूरदर्शी, इज्जतदार, प्रभावशाली र सुग्घर सफा मनपराउने खालको व्यक्ति होला।

कु० नं० ६८५

७ ५
८ शु. ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको धन राशिको शुक्र लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस धन संग्रह गर्न जान्ने, भाग्यशाली, कर्मिष्ठ र भूमि-भवन भएको तथा सुखपूर्वक धन प्राप्त गर्नेवाला, माता-पितको स्थानबाट लाभ पाउनेवाला र सम्मानयुक्त व्यापारबाट धन कमाउने र धर्म-कर्मको पालन गर्न जान्ने, माननीय, निकै बाठो कार्य कुशल, कुटुम्ब धेरै भएको इज्जतदार, राज-समाजमा मान्य र मातृस्थानमा केही न्यूनताको योग पाउनेवाला, समाज-सेवा र धन तथा भाग्यको शक्तिले सुखका साधन पाउने, भोगी व्यक्ति होला।

कु० नं० ६८६

७ ५
८ ६ ४
९शु. ३
१० १२ २
११ १

जुन व्यक्तिको मकर राशिको शुक्र लग्नबाट पाँचौं स्थानमा छ भने त्यो बाठो, भाग्यवान र धर्मलाई राम्ररी जान्ने खालको, धार्मिक विषयमा राम्रो बोल्नेवाला, खूब धन कमाउनेवाला तथा ज्योतिषमा प्रेम भएको, राम्रो नीतिज्ञ र विशेष सन्तान सुख प्राप्त गर्नेवाला तथा कुटुम्ब सुख उठाउने खालको, माननीय, बुजुर्गको फाइदा जान्नेवाला, अनेक लाभयुक्त र ईश्वरीय शक्तिको चमत्कार अनुभव गर्नेवाला, निकै कुरा बुझ्ने खालको, दयावान र दूरदर्शी व्यक्ति होला।

कु० नं० ६८७

७		५
८	६	४
९		३
१० शु.	१२	२
११		१

जुन व्यक्तिको कुम्भ राशिको शुक्र लग्नबाट छैठों स्थानमा छ भने त्यो मानिस ठूलो सफलता एवं कूटनीति एवं बांगा-टिंगा युक्तिले चाल चल्नेवाला, धर्मको केही हानि गर्ने खालको होला। भेदयुक्त कार्वाइले, धन र धर्मको बलले शत्रुमाथि विजय पाउनेवाला, भाग्यको सम्बन्धमा केही कष्ट अनुभव गर्नेवाला र धन संग्रहको सम्बन्धमा केही दुर्बलता अनुभव गर्नेवाला र बढी खर्च भएर पनि केही वास्ता नगरे झैं अनुभव गर्नेवाला, भाग्यमानी, मावली भएको र मावलीबाट आंशिक लाभ पाउनेवाला र ईश्वरको विश्वास र श्रद्धाको पालनमा केही न्यूनता पाउनेवाला, प्रभावको स्थानमा सज्जनता र शक्ति एवं बठ्याइँ चातुर्यले काम गर्ने होला।

कु० नं० ६८८

७		५
८	६	४
९		३
१०	१२	२
११शु.		१

जुन व्यक्तिको मीन राशिको शुक्र लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस भाग्यको शक्तिले धन-वृद्धिको योग प्राप्त गर्नेवाला र धेरै सुयश

कु० नं० ६८९

७ ५
८ ६ ४
९ ३
१० १२शु. २
११ १

पाउने खालको होला। न्याययुक्त, धर्मात्मा र पुरुषार्थ द्वारा धन कमाउनेवाला, दाजु-भाइ दिदी-बहिनी धेरै भएको, धार्मिक विचार-धाराको योग परेको, धनी ससुराली भएको र बढी कुटुम्ब-शक्ति प्राप्त गर्नेवाला र देहमा केही कमी वा न्यूनता पाउनेवाला, धर्म कार्य पनि गरिरहने, इज्जतदार र भाग्यको तागत द्वारा र महान् चातुर्यहरूले अनेकानेक प्रकारका लौकिक र पारलौकिक सफलताहरू प्राप्त गर्ने सुयोग्य विद्वान व्यक्ति होला।

जुन व्यक्तिको मेष राशिको शुक्र लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस भाग्यमा र कुटुम्बमा दुर्बलता वा न्यूनताको योग परेको तथा धन

कु० नं० ६९०

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १शु.

स्थानमा हानि पाउने भएको, धर्मको राम्ररी पालन गर्न सक्नेवाला, धन र भाग्यको उन्नतिका लागि विदेश आदिमा अनेक कष्ट र झ्याउलाहरू सहित सफलता पाउनेवाला र धन-प्राप्तिको लागि न्याय-अन्यायको कुनै वास्ता नगर्ने खालको होला। भाग्यको उन्नतिका लागि कूटनीतिको प्रयोग गरेर आफ्नू काम सिद्ध पार्न समर्थ भएको व्यक्ति होला। लामू आयु भएको र जीवनको धेरै वर्ष केही इज्जतदार र प्रतिष्ठित व्यक्ति झैं बिताउनेवाला, पुरातत्त्व धनको लाभ पाउने खालको व्यक्ति होला।

जुन व्यक्तिको वृष राशिको शुक्र लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस निकै सौभाग्यशाली र धर्मात्मा एवं भाग्यको शक्तिद्वारा स्वतः

कु० नं० ६९१

७ ५
८ ६ ४
९ ३
१० १२ २शु.
११ १

व्यापारमा उन्नति प्राप्त गर्नेवाला, अकस्मात धन पाउनेवाला र कुटुम्बको सुख प्राप्त गर्ने भएको तथा ठूलो यश कमाउनेवाला, बढी दूरदर्शी र धनको तागतले धर्म गर्नेवाला तथा धर्मले नै धनको वृद्धि प्राप्त गर्ने खालको होला। दाजु-भाइ, दिदी-बहिनी र कुटुम्ब आदिको सुख प्राप्त हुनेवाला, निकै राम्रो पुरुषार्थ गर्ने खालको तथा सफलता युक्त हिम्मतवाला एवं माननीय, इज्जतदार तथा ईश्वरको प्रति श्रद्धा विश्वास नभएको व्यक्ति होला।

जुन व्यक्तिको मिथुन राशिको शुक्र लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो सम्मान पाउनेवाला र धेरै बढी भाग्यमानीमा गनिने

कु० नं० ६९२

७ ५
८ ६ ४
९ ३शु.
१० १२ २
११ १

भएको तथा भाग्यकै शक्तिद्वारा र धनको तागतले निकै बढी उन्नति गर्ने र पितास्थानबाट इज्जत र सफलता प्राप्त गर्ने खालको तथा धेरै बढी व्यापार आदिबाट अनेक चातुर्यहरू द्वारा धन कमाउने भएको अनि राज-समाजबाट मान पाउने र धर्म-कर्म गर्दै रहनेवाला तथा मातृस्थानबाट सुख प्राप्त गर्नेवाला र भवन-भूमि प्रसस्त भएको अनि कुटुम्बको सुख प्राप्त गर्ने र प्रभावशाली इज्जतदार, धनवान, धेरै बाठो तथा समाजमा बढी लाभ र मान प्राप्त गर्नेवाला शोभा युक्त व्यक्तित्व भएको होला।

जुन व्यक्तिको कर्क राशिको शुक्र लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस भाग्य-शक्तिबाट खूब धन कमाउनेवाला, निकै बाठो, बुद्धिमान र धर्मको नियमपूर्वक पालन गर्नेवाला र सन्तान सुख प्राप्त गर्ने भएको व्यक्ति होला। कौटुम्बिक लाभ पाउनेवाला तथा धर्म-कर्मको बलले पनि लाभ कमाउनेवाला अनि अनेक वस्त्राभूषण र दिव्य पदार्थ प्राप्त गर्नेवाला र लौकिक एवं पारलौकिक ज्ञान भएको र निकै चातुर्य युक्त कुराकानी गर्न जान्ने भएको, तथा इज्जतदार, माननीय र दैवयोगले पनि निकै सफलता प्राप्त गर्नेवाला, साहसी र अन्यायको विरोधी होला।

कु० नं० ६९३

७ ५ ८ ६ ४शु. ९ ३ १० १२ २ ११ १

जुन व्यक्तिको सिंह राशिको शुक्र लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्नेवाला भाग्यमा केही कमी र दुर्बलता पाउनेवाला, अन्यान्य स्थानहरूको योगले आफ्नू काम सिद्ध पार्न जान्नेवाला र केही अपयश र अशान्ति प्राप्त गर्नेवाला र कौटुम्बिक हानि पाउनेवाला, खर्चको स्थानमा केही नीरसतायुक्त शक्ति पाउनेवाला र शत्रुहरूलाई मित्र बनाउन जान्ने तथा मावली पक्षमा केही राम्रो पाउनेवाला, धन र भाग्यको पक्षमा केही नीरसताको योग पाउनेवाला र धर्मको हानि पाउनेवाला होला।

कु० नं० ६९४

७ ५शु. ८ ६ ४ ९ ३ १० १२ २ ११ १

कन्या लग्नान्तर-शनिफलम्

जुन व्यक्तिको कन्या राशिको शनि लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस ठूलो विजयी गम्भीर र बांगो विचार राख्ने भएको र थरि-थरिका युक्तिहरू द्वारा प्रभावको उन्नति पाउनेवाला र योग्य सन्तान र विद्या पनि अंग्रेजी फैशनको पाउनेवाला र दैनिक व्यापारको सम्बन्धमा केही अपठेरो परे पनि वृद्धि पाउनेवाला र सन्तान पक्षमा केही वैमनस्यता वा केही शक्ति एवं केही वियोग पनि पाउनेवाला तथा बढी पुरुषार्थ गर्नेसक्ने र दाजु-भाइको पक्षमा केही विरोधाभासको भावना राख्ने तथा विद्याको सम्बन्धमा पिता-स्थानबाट केही प्रभाव र सहयोगग पाउनेवाला, किन्तु पितासित तर्कद्वारा अनेक विरोधी विचार पनि ससम्मान राख्नेवाला र स्वयं शरीरबाट केही रोग वा सतर्कता एवं तेजवाणी वा बहादुरी र विवेक राख्ने खालको साहसी व्यक्ति होला।

कु० नं० ६९५

७ ५
८ ६श. ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको तुला राशिको शनि लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस बुद्धिको अनेक बांगो युक्तिद्वारा बेसरी धन कमाउने खालको र धन प्राप्तिका लागि साना-ठूला अनेक परिश्रमको शक्तिले महान् कार्य गर्नेवाला, मातृस्थानबाट केही हानि पाउने खालको र लाभको लागि खूब परिश्रम तथा अनेक चातुर्य द्वारा काम सिद्ध पार्ने भएको र जीवनको दिनचर्यामा केही अशान्ति अनुभव गर्ने खालको र आयु सम्बन्धमा केही वास्ता नगर्ने योग परेको तथा सन्तान पक्षमा केही अपठेराहरूको साथ-साथै वृद्धिको योग पाउनेवाला र मावली पक्षबाट पनि केही आर्थिक उन्नतिको योग पाउनेवाला तथा विद्या-बुद्धिमा केही अपठेरा कलाहरूको योग संग्रह गर्नेवाला तथा मनमा अशान्तिले घर गरिसकेको व्यक्ति होला।

कु० नं० ६९६

७श. ५
८ ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको वृश्चिक राशिको शनि लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै ठूलो बुद्धियोग द्वारा पुरुषार्थ गर्नेवाला, निकै गहीरो हिम्मत वाला युक्ति र बुद्धि द्वारा प्रभाव उत्पन्न गर्नेवाला, विशेष खर्चका योजनाहरू द्वारा केही दिक्दारीको भावना अनुभव गर्नेवाला, अलि उत्ताउलो र जिद्दी स्वभावको सन्तान पाउनेवाला, वाक्-चातुर्यले झूठो कुरालाई पनि सत्यमा परिणत पार्ने क्षमता भएको, शत्रु र रोगादिमा विजय प्राप्त गर्ने, परिश्रमले भाग्यको उन्नति गर्न सक्ने भएको, दाजु-भाइको पक्षमा आफ्नू प्रभाव राख्ने भएको, केही प्रभावशाली मावलीवाला र झगडा-विवाद र झ्याउलो परेको मामलामा उन्नति र सफलताको योजना बनाउन जान्ने र हिम्मती एवं प्रभावशाली होला।

कु० नं० ६९७

७ ५
८श. ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको धन राशिको लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आफ्नू भूमि-भवन अनावश्यक धाक देखाएर सुखको बलद्वारा बढी प्रभाव राख्नेवाला र रोग एवं अपठेराहरूसित सम्बन्धित बुद्धिद्वारा सुख प्राप्त गर्नेवाला, स्वयं पनि शरीरमा केही रोग र परेशानी सहनेवाला र मावलीबाट केही सुख पाउने तथा झगडा विवादमा घरै बसी विजय पाउनेवाला, बहादुरी र हुल्याहाको दाबी गर्नेवाला, माता-पिताको सुखमा केही कमी र क्लेशको योग पाउनेवाला र माताको स्थानमा कुनै अर्की स्त्रीको पनि योग पाउनेवाला, समाजमा निकै सम्मान पाउने खालको होला। सुख शान्तिको सम्बन्धमा केही न्यूनता पाउने र सन्तान पक्षबाट केही सुख-दुःखको मिश्रित योग पाउनेवाला केही कूटनीति जान्ने खालको व्यक्ति होला।

कु० नं० ६९८

७ ५
८ ६ ४
९श. ३
१० १२ २
११ १

जुन व्यक्तिको मकर राशिको शनि लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस निकै तीक्ष्ण बुद्धि भएको, बुद्धिबाट सदैव गुप्त युक्तिहरूको नै

कु० नं० ६९९

७ ५
८ ६ ४
९ ३
१० श. १२ २
११ १

बलियो कुरा गर्नेवाला र सन्तानको सम्बन्धमा केही अपठेरो सहित वृद्धि पाउनेवाला, धन र व्यापारको सम्बन्धमा बर्ता युक्ति र बल लगाउने भएको र शत्रु पक्षमा बुद्धिको युक्तिहरूबाट विजय पाउनेवाला, झगडा, विवादको र रोगादिको सम्बन्धमा निकै ज्ञान राख्नेवाला र स्त्री स्थानमा यौटी स्त्रीसित सन्तोष नमान्नेवाला, स्त्री पक्षमा र दैनिक व्यापारको पक्षमा केही क्लेश र परिश्रम सहन सक्नेवाला, निकै बाठो र बढी रिस भएको व्यक्ति होला।

जुन व्यक्तिको कुम्भ राशिको शनि लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस बुद्धिको विकृत युक्तिले ठूलो प्रभाव राख्न जान्ने र शत्रुपक्षको दमन

कु० नं० ७००

७ ५
८ ६ ४
९ ३
१० १२ २
११श. १

गर्नेवाला तथा मावली पक्षबाट केही प्रभावको योग परेको विचार राख्न जान्नेवाला, झगडा र रोग आदिको वास्ता नराख्ने खालको होला। दाजु-भाइसित केही कटुता वा विरोध सम्बन्ध राख्नेवाला, जीवनको समयमा केही अशान्ति पाउने खालको र पुरातत्त्वमा केही कमी अनुभव गर्नेवाला र खर्चको सम्बन्धमा केही क्लेश अनुभव गर्ने भएको र सन्तान पक्षबाट निकै क्लेशको योग पाउनेवाला र विद्यामा केही न्यूनता पाउनेवाला तथा तामसी विद्यामा केही निपुणता प्राप्त गरेको र सदैव बांगो घुमाई-फिराई कुराकानी गर्ने वा आफ्नू पक्ष प्रस्तुत गर्नेवाला, संस्कृत विद्याको घोर विरोध गर्ने वाला र हरबखत आफ्नू प्रभाव वृद्धिको युक्तिहरू विचार गरिरहनेवाला र वृद्धिबाट ठूलो कठिन परिश्रम गर्नेवाला तथा बर्ता रिस गर्ने र प्रभावशाली व्यक्ति होला।

जुन व्यक्तिको मीन राशिको शनि लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस धेरै थरिका दैनिक व्यापार गर्ने भएको तथा धेर किसिमले न्यूनाधिक स्त्री सम्भोग गर्नेवाला, स्त्री पक्षमा साना-ठूला अनेक झ्याउला र क्लेशहरू पनि सहनेवाला अनि सन्तान पक्ष केही क्लेशित रहेर स्त्रीको भाग्यद्वारा सन्तान प्राप्त गर्नेवाला र मातृ-स्थानमा क्लेश-कष्ट पाउने खालको होला। सुखको सम्बन्धमा कुनै अर्की स्त्रीबाट मातृ-सहयोग प्राप्त गर्नेवाला तथा व्यापार वृद्धिको बर्ता विचार गरिरहनेवाला र शरीरमा केही रोग क्लेश सहनेवाला, रोजगारमा आफ्नू प्रभाव राख्नेवाला तथा मतलबको वा कामलाग्ने विद्या संग्रह गर्ने, अनि धर्म-कर्मको सम्बन्धमा तर्क-वितर्क गर्ने भए पनि साहसी व्यक्ति होला।

कु० नं० ७०१

७ ५
८ ६ ४
९ ३
१० १२श. २
११ १

जुन व्यक्तिको मेष राशिको शनि लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षबाट निकै कष्ट अनुभव गर्नेवाला, थोरै विद्या प्राप्त गर्ने र जाती-नजाती वा निन्दनीय युक्तिहरूद्वारा, आफ्नू काम सिद्ध पार्न जान्ने, झूठो बोल्ने र लुकाई-छिपाईको विषयमा निकै ठूलो योग्यता भएको तथा सेवा र चिन्ताहरूमा गाडिएर समय व्यतीत गर्ने खालको होला। धेरै इच्छा गर्नेवाला र पुरातत्त्वको हानि गर्ने तथा व्यापार गर्नमा बढी कुशलता राख्ने भएको, अनि मावली पक्षको हानि पाउनेवाला तथा बुद्धिमा सदैव चिन्तित रहेर सोचिरहनेवाला र धन प्राप्तिका लागि अनेक थरिका बांगा उपायहरू झिक्न जान्ने. महान कूटनीतिले काम सिद्ध पार्न जान्नेवाला र जीवनकालमा साना-ठूला अनेक संकट सहनेवाला, धेरै बोल्ने अनि गाँजा-भांग सुर्ती आदि खाइरहनेवाला, उदर विकार वा गुदाको रोगले पीडित रहने खालको बढी चिन्ता गर्ने व्यक्ति होला।

कु० नं० ७०२

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १श.

जुन व्यक्तिको वृष राशिको शनि लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो बुद्धिमान बर्ता बाठो र बढी भाग्यमानी देखिने खालको होला।

कु० नं० ७०३

७ ५
८ ६ ४
९ ३
१० १२ २श.
११ १

सन्तानबाट सुख पाउनेवाला, निकै प्रभावशाली कठोर परिश्रमी तथा मावलीबाट उन्नति पाउनेवाला, अनेक थरिका भेद युक्तिहरूले सफलता पाउने भएको र ठूलो लाभ कमाउनेवाला र झगडा-विवाद रोगादिको विषयमा राम्रो दक्षता राख्नेवाला र आफ्नू प्रभाव इज्जत वृद्धिको सदैव योजना बनाइरहनेवाला र आफ्नू बुद्धि बलद्वारा र भाग्यको सहयोगले शत्रुलाई न्यूराउनेवाला तथा धर्म स्थानमा केही युक्तिसहित निकै रुचि र पूर्ण ज्ञान राख्ने भएको तथा पाप-पुण्यको बढी व्याख्या गर्न जान्ने, निकै बाठो र दाजु-भाइको पक्षमा शत्रुताको भाव राख्नेवाला, काइदा साथ उल्टो-सोझो लडाई लड्नेवाला, निकै उन्नति गर्ने र साहसी, हिम्मती बढी रिसाहा व्यक्ति होला।

जुन व्यक्तिको मिथुन राशिको शनि लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस आफ्नू योग्यताले आफ्नू प्रभावको वृद्धि गर्नेवाला तथा बुद्धि-

कु० नं० ७०४

७ ५
८ ६ ४
९ ३श.
१० १२ २
११ १

बल द्वारा ठूलो सम्मान प्राप्त गर्नेवाला, सन्तान पक्षमा केही अपठेरोको साथै मान पाउनेवाला र बुद्धिद्वारा ठूला-ठूला युक्तिबाट व्यापारमा सफलता पाउनेवाला र खर्चको सम्बन्धमा केही तीतो-पीरो र केही असुविस्ता अनुभव गर्नेवाला र मातृस्थानमा केही झ्याउलाहरू नाघेर वृद्धिको योग बनाउन जान्ने, आमाको स्थानमा केही अरुचि पाउनेवाला र व्यापारको स्थानमा नित्य नवीन युक्तिहरू र उचित बाटो खोज्न जान्ने खालको तथा बढी उच्च कार्य-प्रवीण, साहसी व्यक्ति होला।

जुन व्यक्तिको कर्क राशिको शनि लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस बुद्धिका युक्तिहरूद्वारा धेरै लाभ कमाउनेवाला र बांगो बाटो द्वारा पनि लाभ कमाउनेवाला तथा अर्काको झगडा-विवाद आफ्नू टाउकोमा बोक्न पनि जान्ने, सन्तानको लाभ केही कष्टले राम्रो पाउनेवाला र जीवनको समयमा सधैं अशान्ति अनुभव गर्ने र पुरातत्त्वमा केही न्यूनता पाउने तथा शरीरमा केही अस्वस्थताले सताइरहने तथा धेरै बांगा-सोझा किसिमले कुराकानी गर्ने, निकै हिम्मत भएको, बुद्धिमान, चतुर र धन कमाउने खालको, बढी होशियार र शत्रुमा विजय प्राप्त गर्नेवाला र आफ्नू प्रभाव पार्न जान्ने तथा आफ्नू निम्ति यथार्थ लाभ र वस्तुहरूमा केही न्यूनता अनुभव गर्ने खालको साहसी व्यक्ति होला।

कु० नं० ७०५

७ ५ ८ ६ ४श. ९ ३ १० १२ २ ११ १

जुन व्यक्तिको सिंह राशिका शनि लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस अनावश्यक खर्चले परेशान रहनेवाला, सन्तान पक्षबाट हानि र क्लेश पाउनेवाला, तथा विद्या-बुद्धिमा न्यूनता पाउनेवाला र अनेक युक्तिहरूले कार्यसिद्ध पार्न जान्नेवाला तथा धन वृद्धिको निकै ठूलो योजना तयार पार्नेवाला, अन्यान्य बाहिरी स्थानबाट काम गर्न जान्ने र भाग्यको उन्नतिका लागि विशेष राम्रो प्रयत्न गर्दै रहनेवाला र आफ्नू प्रभावमा केही न्यूनता अनुभव गर्नेवाला र हिम्मती, सदैव बुद्धिमा चिन्ता पाउनेवाला, धर्म-कर्ममा आस्था भएको, चिन्तामा ग्रसित भएर धेरै परका कुरामा गाडिइरहने अनि थोरै बोल्नेवाला र मावली पक्षमा केही हानि पाउने खालको होला।

कु० नं० ७०६

७ ५श. ८ ६ ४ ९ ३ १० १२ २ ११ १

कन्यालग्नान्तर - राहुफलम्

जुन व्यक्तिको कन्या राशिको राहु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस धेरै चातुर्यले कुराकानी गर्न जान्ने खालको र आफ्नू प्रभाव राख्न र गुप्त युक्तिहरू द्वारा बढी सफलता प्राप्त गर्नेवाला र आफ्नू आन्तरिक परिस्थितिको दुर्बलता-न्यूनता लुकाएर आफ्नू सज्जनता एवं योग्यताको विशेष परिचय दिनेवाला र आफ्नू वास्तविक परिस्थितिमा न्यूनता, दुर्बलता अनुभव गर्ने खालको होला। कहिले काहीं शरीरमा केही सकंट सहनेवाला र केही अपूर्ण सुखको अनुभव गर्नेवाला तथा स्त्री र व्यापारको स्थानमा तीखो दृष्टि पुऱ्याउनेवाला र स्थायी नाम कमाउनका लागि र महान् सफलता पाउनका निम्ति प्रयत्न र परिश्रम गरिरहने खालको व्यक्ति होला।

कु० नं० ७०७

७ ५
८ ६रा. ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको तुला राशिको राहु लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस धनको पक्षमा केही न्यूनता पाउनेवाला र केही कुटुम्ब-क्लेश पाउनेवाला र धनको सम्बन्धमा केही बाहिरी आडम्बरको अनुसार आन्तरिक दुर्बलता पाउनेवाला र कहिले काहीं ऋण लिएर पनि काम चलाउन जान्नेवाला, इज्जतदारीं पाउनेवाला र धनको विषयमा कहिले काहीं अकस्मात धनको हानि पनि पाउनेवाला र पुरातत्त्व र गहीरो चालाहरूको ध्यान राख्नेवाला र धनोन्नतिको चिन्ता गर्नेवाला र सदैवको लागि स्थिर रूपमा धनको शक्ति पाउनका लागि महान् प्रयत्न गर्नेवाला साहसी होला।

कु० नं० ७०८

७रा. ५
८ ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै परिश्रमी, ठूलो पराक्रमी र दाजु-भाइको पक्षमा केही क्लेशको योग पाउनेवाला र आफ्नू काममा लुकेको युक्तिहरूद्वारा अनेक काम सिद्ध पार्नेवाला र आफ्नू काम बनाउनका लागि निकै सतर्कता र होशियारी राख्न जान्नेवाला र आफ्नू उन्नतिको लागि महान् परिश्रम द्वारा लखतरान हुने खालको होला। प्रत्येक काम गर्दा-गर्दा ठूलो प्रभाव र सफलता पाउनेवाला भए पनि आफ्नू शक्तिमा केही कमी अनुभव गर्नेवाला र ठूलो हिम्मत भएको तर स्वार्थी व्यक्ति होला।

कु० नं० ७०९

७ ५
८रा. ६ ४
९ ३
१० १२ २
११ १


जुन व्यक्तिको धन राशिको राहु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुखस्थानमा धेरै ठूलो अशान्ति पाउनेवाला र मातृस्थानमा केही अधिक हानि र क्लेशको योग पाउने र भूमि-भवन, निवास स्थानको केही दुःख अनुभव गर्नेवाला, अन्य स्थानको अलिकति भर-थेग लिनेवाला, दुःखका साधन पाउनेवाला र सुख-प्राप्तिका लागि केही क्षुद्र मार्गको अनुसरण गर्नेवाला, पिता स्थान र उन्नति स्थानको अनेक युक्तिहरू सहित विचार राख्नेवाला, घोर संकटहरूको साधनाहरू द्वारा सुख प्राप्तिको बाटो पाउने खालको र गुप्त शक्तिको सुख प्राप्तिका लागि अनेक कष्ट भोग्नेवाला होला।

कु० नं० ७१०

७ ५
८ ६ ४
९रा. ३
१० १२ २
११ १

जुन व्यक्तिको मकर राशिको राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्या बुद्धिमा केही अशान्ति र दुर्बलता एवं गुप्त युक्तिहरूको योग


कु० नं० ७११



पाउनेवाला र बोल्दा आफ्नू भावलाई बढी बुझ्ने प्रयत्न गर्नेवाला तथा गूढ ज्ञानको शक्ति भएको र कुराकानीमा सत्यासत्यको वास्ता नगर्ने तथा भांग-गांजा सुर्ती आदि मादक द्रव्य सेवन गर्नेवाला र कहिले काहीं झींजो मान्दै रिसले काम सिद्ध पार्नेवाला, शब्दको तौल-नाप केही उल्टो किसिमले राख्नेवाला र केही सन्तान कष्ट सहने खालको होला।

जुन व्यक्तिको कुम्भराशिको राहु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस निकै बर्ता प्रभावशाली र ठूलो हिम्मत साहस तथा कूटनीतिको शस्त्र

कु० नं० ७१२



राख्नेवाला र मावली पक्षको केही हानि पाउनेवाला तथा निकै वास्ता नराख्नेवाला, र शत्रुलाई कपटनीतिले पराजित गर्न जान्नेवाला तथा रोगहरूमा विजय पाउनेवाला र केही झ्याउलोमा उल्झने खालको होला। कुनै उल्टो चाल-चलेर केही अनावश्यक लाभ कमाउनेवाला र आफ्नू प्रभावमा भित्री केही न्यूनता अनुभव गर्नेवाला तथा झूठो आडम्बरमा निकै हिम्मत र तत्पर रहेर प्रहार गर्नेवाला, स्वार्थ सिद्धिमा अटल रहने खालको होशियार व्यक्ति होला।

जुन व्यक्तिको मीन राशिको राहु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री पक्षमा केही कष्ट सहन गर्ने भएको र गृहस्थीको सम्बन्धमा चिन्तित रहने खालको र व्यापारको स्थानमा अनेक ठूला अपठेराहरू तथा क्लेश-कष्ट सहने खालको केही परिश्रम युक्त युक्तिहरूले काम सिद्ध पार्नेवाला र दैनिक व्यापारको सम्बन्धमा बाहिरी परिस्थितिको भन्दा बढी आन्तरिक परिस्थितिमा भिन्नता पाउनेवाला र रोजगार संचालनमा केही बाँगा चातुर्यले काम गर्नेवाला, व्यापारमा कहिले काहीं बढी संकट सहनेवाला तथा व्यापारमा केही गुप्त शक्तिद्वारा पनि काम गर्न जान्ने भएको साहसी व्यक्ति होला।

कु० नं० ७१३

७ ५ ८ ६ ४ ९ ३ १० १२रा. २ ११ १

जुन व्यक्तिको मेष राशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस जीवन कालमा ठूला-ठूला झ्याउलाहरू सहन सक्ने खालको र साहसी होला। मनमा दुःख मान्नेवाला तथा पुरातत्त्वमा केही हानि पाउनेवाला, आयुको स्थानमा कहिले काहीं घोर संकट पाउनेवाला, पेटमा नाभिभन्दा अलितलको भागमा वा गुदामा केही निकै ठूलो कष्ट पाउनेवाला र कठिन परिश्रम गरेर सहन सक्नेवाला, अभिमानी स्वभावको तथा बढी गहीरो र गुप्त चालहरू उपयोगमा ल्याउन जान्ने तथा बढी धनको इच्छा राख्ने खालको व्यक्ति होला।

कु० नं० ७१४

७ ५ ८ ६ ४ ९ ३ १० १२ २ ११ १रा.

जुन व्यक्तिको वृष राशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यमा केही न्यूनता अनुभव गर्नेवाला र धर्मस्थानमा केही हानिको योग परेको तथा यश-मान प्राप्तिमा पनि केही न्यूनता पाउने खालको, अनि ईश्वरमा वास्तविक श्रद्धाको केही कमी र देखावटी श्रद्धाको अधिकता पाउनेखालको तथा धर्मको केही बाहिरी अंग दरिलो भेट्टाउने खालको र भाग्यस्थानमा कहिले काहीं घोर संकटको योग परेको व्यक्ति होला तर अन्त्यमा बलिष्ठता पाउनेवाला, असत्यलाई पनि सत्य झैं देखाउन सक्नेवाला होला।

कु० नं० ७१५

७ ५ ८ ६ ४ ९ ३ १० १२ २रा. ११ १

जुन व्यक्तिको मिथुन राशिको राहु लग्नबाट दसौं स्थानमा छ भने त्यों मानिस आफ्नू पिता स्थानमा कुनै नवीन फाइदाले विशेषता पाउनेवाला, व्यापार आदि कारबारमा पनि केही नवीय युक्तिहरू द्वारा महानता पाउनेवाला र बाहिरी ढाँचा-काँचा र मिथ्या प्रदर्शनको अनुसार आफ्नू भित्री वास्तविक परिस्थितिमा र वैभवमा केही कमी वा न्यूनता पाउनेवाला तथा आफ्नू उन्नतिका लागि निकै दह्रो र ठूलो अपठेरा कारवाहीहरू आरम्भ गर्नेवाला, निकै ठूलो होशियारी र लागिपरेर काम गर्नेवाला, परिश्रम र परेशानीको अलिकति पनि वास्ता नगर्नेवाला र राज-समाजका मामिलाहरूमा आफ्नू महान् गहीरो युक्तिहरू द्वारा प्रभाव पाउने खालको होला।

कु० नं० ७१६

७ ५ ८ ६ ४ ९ ३रा. १० १२ २ ११ १

जुन व्यक्तिको कर्क राशिको राहु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस खूब लाभ कमाउने खालको र लाभको स्थानमा केही झ्याउलाहरू पनि सहन सक्नेवाला र कहिले काहीं अकस्मात् धनागमकै बीचमा हानिको योग पनि पाउनेवाला र लाभको सम्बन्धमा अनेकानेक युक्तिहरू द्वारा आफ्नू काम सिद्ध पारिरहने भए पनि केही मानसिक चिन्ता पाउने खालको व्यक्ति होला। थोरै काममा पनि बढी नाफा खानेवाला, बुद्धियोगबाट निकै सतर्कताको ध्यान राख्नेवाला, एवं केही वस्त्राभूषणहरूको कमी वा न्यूनता पाउनेवाला, आफ्नू प्रयोगमा ल्याउने देह सम्बन्धी पदार्थहरूको केही कमी अनुभव गर्ने खालको साहसी व्यक्ति होला।

कु० नं० ७१७

७ ५
८ ६ ४रा.
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको सिंह राशिको राहु लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस खर्चको सम्बन्धमा अनेक कष्ट सहनेवाला, र झ्याउलाहरू बोक्ने खालको तथा खर्चको संचालन शक्तिमा केही अन्य स्थानका क्लेषित सम्बन्ध हुने मामलाहरूमा असफलता पाउँदा पाउँदै पूरा थाकेको अनुभव गरेर पनि बडो कष्टसाथ आफ्नू ठेगानमा पुग्नेवाला, अपूरो लाभ पाउनेवाला, अन्य स्थानहरूसित सम्बन्धित खर्चको मामलामा बडो युक्तिहरू र अनेक उपायहरू द्वारा आफ्नू काम सिद्ध गर्नेवाला, खर्च स्थानमा कहिले काहीं घोर संकटको सामना पाउनेवाला, अन्तमा खर्चका सम्बन्धमा केही मजबूती पाउने खालको होला।

कु० नं० ७१८

७ ५रा.
८ ६ ४
९ ३
१० १२ २
११ १

कन्या लग्नान्तर- केतुफलम्

जुन व्यक्तिको कन्याराशिको केतु लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस आफूभित्र बढी अभिमान राख्नेवाला, शरीरमा केही दुर्बलता र कमजोरी पाउनेवाला र ठूला-ठूला युक्तिहरू प्रयोग गर्नेवाला, आफ्नू प्रभाव जमाउनेवाला र आफ्नू महानता पाउनका लागि महान् दृढतायुक्त रहनेवाला, आफ्नू देहभित्र विशेष रूपमा केही कमी अनुभव गर्नेवाला, बाहिर सदैव दरिलोभाव दर्शाउनेवाला, धेरै बाठो, माननीय भए पनि अनेक झ्याउलाहरूले युक्त रहनेवाला, आफ्नू हृदयभित्र महान् शक्तिको संचार पाउनेवाला, जथाभावी काम गर्नेवाला व्यक्ति होला।

कु० नं० ७१९

७ ५
८ ६के. ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको तुला राशिको केतु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको पूर्ण संग्रह गर्न नसक्नेवाला र धनको प्राप्तिमा र धन संचयको स्थानमा बडो भारी दृढता र चातुर्यले काम लिनेवाला र कौटुम्बिक क्लेशको पनि योग पाउने खालको होला र धनको बाहिरी दह्रोभावको समकक्षमा भित्री दुर्बलता अनुभव गर्नेवाला र धनको सदैव अभाव अनुभव गर्ने र अन्त्यमा धन संग्रहको शक्ति पाउनेवाला र धनको वृद्धिका लागि महान् परिश्रम गर्ने खालको होला।

कु० नं० ७२०

७के. ५
८ ६ ४
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको वृश्चिक राशिको केतु तृतीय स्थानमा छ भने त्यो मानिस धेरै बर्ता पराक्रमी र कठोर परिश्रम गर्नेवाला, दाजु-भाइ दिदी-बहिनीको पक्षबाट केही हानि पाउनेवाला वा वियोगी या अशान्ति सहन सक्नेवाला, धेरै बढी हिम्मत र साहसले आफ्नू काम सपार्नेवाला तथा महान् शौर्य एवं बहादुरीले बिग्रिसकेको काम पनि सपार्न जान्नेवाला, आफ्नू कठोर परिश्रम र अदम्य उत्साहको सामुन्ने भविष्यका परिणामको वास्ता नगरेर, निर्बाध शक्तिको प्रयोग गर्नेवाला, बर्ता उग्र विख्यात नामी, शील रहित, निर्भय व्यक्ति होला।

कु० नं० ७२१

७, ५, ८के., ६, ४, ९, ३, १०, १२, २, ११, १

जुन व्यक्तिको धनराशिको केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस भवन, भूमि, सम्पत्ति राख्न सक्नेवाला र मातृस्थानमा एक विशेष प्रकारको आडम्बरयुक्त सुख प्राप्त गर्नेवाला, आफ्ना सुखका साधनहरूलाई बलपूर्वक समाइरहनेवाला र वास्तविक शान्तिमा केही न्यूनता र दुर्बलता पाउनेवाला, सुखको विशेष मिथ्या आडम्बर गर्दै रहनाले अनेक थरिका कष्ट अपवाद, निन्दा सहनेवाला र सुख प्राप्तिका साधनहरूमा शील, सन्तोषको उल्लंघन गर्नेवाला र सुख एवं मातृस्थानमा कहिले काहीं घोर संकटको विपत्ति सहनेवाला महान् धैर्यवान व्यक्ति होला।

कु० नं० ७२२

७, ५, ८, ६, ४, ९के., ३, १०, १२, २, ११, १

जुन व्यक्तिको मकर राशिको केतु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बर्ता कठोर र कठिन बुद्धिवाला विद्या ग्रहण गर्ने वेलामा अनेक दुःख-

कु० नं० ७२३

भाव	राशि
१	६
२	५
३	७
४	८
५	९
६	१० के.
७	११
८	१२
९	१
१०	२
११	३
१२	४

कष्टहरू पाउनेवाला, बढी रिस र तेजी दिमागमा सदैव राख्नेवाला, आफूले भनेका कुराहरू सरलता र शुद्धतापूर्वक आफ्नू अधीनमा राख्न नसक्नेवाला, सन्तान पक्षमा केही कष्ट पाउनेवाला र केही जिद्दी दिमागवाला, बुद्धिमा चिन्ता पाउनेवाला एवं केही नशा (लागू) सेवन गर्नेवाला र आफ्ना कुरालाईनै ठूलो र उचित सिद्ध गर्न खोज्नेवाला, केही शीलको उल्लंघन गर्ने खालको बाठो व्यक्ति होला।

जुन व्यक्तिको कुम्भ राशिको केतु लग्नबाट छैठौं स्थानमा छ भने त्यो

कु० नं० ७२४

भाव	राशि
१	६
२	५
३	७
४	८
५	९
६	१०
७	११ के.
८	१२
९	१
१०	२
११	३
१२	४

मानिस धेरै ठूलो महान् शक्ति र बल पुरुषार्थ राख्नेवाला, आफूलाई बढी निडर मान्नेवाला र आफ्नू स्वार्थको सिद्धि गर्नमा निकै तत्परताले काम सिद्ध पार्नेवाला र शत्रुलाई पराजित पार्नेवाला, अभिमान र वास्ता नराखी सदैव काम गर्नेवाला र मावली पक्षमा हानिको योग पाउनेवाला, रोगहरूलाई दमन गर्न सक्नेवाला, आफ्नू प्रभाव र उन्नति गर्नमा न्याय वा अन्यायको कुनै वास्ता नगर्नेवाला, शीलरहित, स्वार्थयुक्त प्रभावशाली व्यक्ति होला।

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री पक्षबाट कष्ट अनुभव गर्नेवाला र गृहस्थीको संचालनमा अनेक बाधा पाउनेवाला, निकै परिश्रमले घरको काम चलाउनेवाला, दैनिक व्यापारको पक्षमा बढी मुश्किलले र परिश्रमले काम गर्नेवाला, र स्त्री भोगादिको सम्बन्धमा केही तीव्रता राख्ने खालको होला। तर केही अपूर्व सुखको अनुभव गर्नेवाला र रोजगारमा निकै गुप्त हिम्मतको शक्तिले काम चलाउने वाला, प्रत्येक दैनिक कार्यहरूमा आन्तरिक धैर्यले काम सिद्ध पार्ने खालको होला।

कु० नं० ७२५

७ ५
८ ६ ४
९ ३
१० १२के. २
११ १

जुन व्यक्तिको मेष राशिको केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनमा अनेक अशान्ति पाउनेवाला, समय दुःखले व्यतीत गर्नेवाला तथा पुरातत्त्वबाट केही हानि पाउनेवाला, नाभीको तल्लो भागमा पेट वा गुदामा केही खराबी एवं केही अरू पनि शिकायत पाउनेवाला र गुप्त कूट शक्ति राख्नेवाला र जीवनमा निकैपल्ट मृत्यु तुल्य खतरामा परेको होला, चिन्ताग्रस्त रहने र जीवनलाई सफल तुल्याउनका लागि र नाम कमाउनका निम्ति कुनै महान् कठिन परिश्रम गर्ने तथा गुप्त शक्तिको महानता राख्नेवाला होला।

कु० नं० ७२६

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १के.

जुन व्यक्तिको वृषराशिको केतु नवौं स्थानमा छ भने त्यो मानिस आफ्नो आमदानीको स्थानमा केही कष्ट-बाधाहरू द्वारा खूब लाभ पाउनेवाला र आमदानीको लागि मनको स्थानमा केही आघात सहेर पनि मनको कट्टरताबाट खूब लाभ प्राप्त गर्नेवाला र लाभ स्थानमा केवल मजदूरी (ज्याला) पाउनेवाला र आमदानीको वृद्धि गर्नका लागि, मनले नरुचाएको कामहरु पनि गर्नेवाला, र लाभस्थानमा महान् परिश्रम गरेर पनि आफ्नू दैनिक प्रयोगमा आउने वस्तुहरूमा केही न्यूनता पाए तापनि लाभ-प्राप्तिमा केही कमी पाउनेवाला होला।

कु० नं० ७२७

७ ५
८ ६ ४
९ ३
१० १२ २के.
११ १

जुन व्यक्तिको मिथुन राशिको केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता-स्थानमा हानि र कष्टको योग पाउनेवाला र राज्यस्थानमा पनि कष्टको योग पाउनेवाला, व्यापार आदि कर्म र उन्नतिको मार्गमा ठूला-ठूला बाधा र तगारो राखेको सहन गर्नेवाला, ठूलो स्थानको कामहरूमा थिचिएको र तल गिरेको योग पाउनेवाला र आफ्नू नामको रक्षा गर्ने चिन्ता पाउनेवाला र आफूलाई अभिमानी ठान्नेवाला, उन्नतिको मार्गबाट लुकाउने र रोक्ने काम गर्नेवाला र केही न्यून परिश्रम गर्ने खालको व्यक्ति होला।

कु० नं० ७२८

७ ५
८ ६ ४
९ ३के.
१० १२ २
११ १

जुन व्यक्तिको कर्क राशिको केतु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू आमदानीको स्थानमा केही बाधा र कष्टद्वारा खूब लाभ कमाउनेवाला र आमदानीको लागि मनको स्थलमा केही आघात सहेर पनि मनको कट्टरताबाट खूब लाभ प्राप्त गर्नेवाला र लाभस्थानमा ज्याला (मजदूरी) कमाउनेवाला र आमदानीको वृद्धि गर्नका लागि मनले नरुचाएको काम पनि गर्न अघिसर्नेवाला र लाभ स्थानमा महान् परिश्रम गरेर पनि आफ्नू प्रयोगमा ल्याउने पदार्थमा केही कमी पाउनेवाला व्यक्ति होला।

कु० नं० ७२९

७ ५
८ ६ ४के.
९ ३
१० १२ २
११ १

जुन व्यक्तिको सिहं राशिको केतु राशिको केतु लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस खर्चको स्थानमा महान् संकट सहनेवाला र अन्य स्थानको सम्बन्धमा अनेक कष्ट र बाधाको योग पाउनेवाला र खर्च संचालनको शक्ति प्राप्त गर्नका लागि ठूला-ठूला अपठेराहरू सहनेवाला, त्यति भए पनि ठूलो साहस हिम्मत र बहादुरीले सफलतातिर दगुर्नेवाला र खर्चको मार्गमा सदैव केही न केही बाधा सहनेवाला किन्तु खर्चको दह्रो शक्ति पाउनको लागि महान् परिश्रम गर्ने र अन्तमा सफलता पाउनेवाला होला।

कु० नं० ७३०

७ ५के.
८ ६ ४
९ ३
१० १२ २
११ १

तुला लग्न हुनेहरूको - भविष्यका तारीख

सन् १९९६ को वर्षमा- गुरू चौथो स्थानमा नीच रहने छन्। यसै निम्ति घरेलू वातावरणमा केही न केही झन्झट रहने छ। ता० ६/१/९६ देखि समय पुरुषार्थको सफलताको रहने छ। ता० ४/३/९६ देखि केही कष्ट-बाधा रहने छ। ता० १५/६/९६ देखि ता० १९/९/९६ सम्म भाग्यको उन्नति र धन-लाभ रहने छ। त्यस पछि व्यय बढी रहने छ। ता० ५/१२/९६ बाट ता० ३१/१२/९६ सम्ममा भाग्य र पुरुषार्थको सफलता रहने छ।

कु० नं० ७३१

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

सन् १९९७ को वर्षमा - ता० २/१/९७ बाट पुरुषार्थ कर्मको सफलता चल्नेछ। ता० २५/२/९७ बाट भाग्यमा केही कमजोरी रहने छ। ता० ४/५/९७ देखि व्यापार र गृहस्थीमा लाभ रहने छ। ता०२/८/९७ बाट शरीरमा केही कष्ट रहने छ। भाग्यको उन्नति चल्दै रहने छ। १२/९/९७ बाट खर्च बढी रहने छ। ता० १८/१२/९७ बाट स्थिति सप्रने छ। ता० १७/११/९७ बाट ता० ३१/१२/९७ सम्ममा सफलता रहने छ, मनमा प्रसन्नता रहला।

कु० नं० ७३२

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

तुला लग्नमा- सुनौलो तारीखहरू

सन् १९९८ को वर्षमा- ता० १/१/९८ देखि समय राम्रो चल्नेछ, धनको सफलता रहने छ, पछि धनमा असफलता रहले छ। ता० २६/५/९८ देखि भाग्यमा सफलता रह्ने छ। त्यसपछि केही बाधा सहित धनलाभ चल्दै रहने छ। ता० १२/९/९८ देखि भाग्यमा केह परेशानी रहने छ। ता० ६/१०/९८ देखि केही सप्रन्दै जानेछ। ता० १७/११/९८ देखि भाग्यमा सुख र सफलता चल्नेछ र ता० ३१/१२/९८ सम्ममा प्रायः भाग्यको सफलता रहिरहने छ।

कु० नं० ७३३

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

सन् १९९९ को वर्षमा- ता० १/१/१९९९ देखि समय सफलतातिर लम्कने छ। ता० १/४/९९ देखि भाग्यमा केही बाधा कष्ट आइलाग्ला। ता० ७/७/९९ देखि भाग्यमा सुधार चल्नेछ र उन्नतिको बाटो खुल्नेछ। ता० १७/९/९९ देखि व्यय भार बढ्ने छ। ता० २१/११/९९ देखि फेरि भाग्यको सफलता चल्नेछ। मान-सम्मान र प्रभाव बढ्ने छ। ता० २९/१२/९९ सम्ममा उन्नति र सफलता मिल्दै रहने छ।

कु० नं० ७३४

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

तुला लग्नमा- सुनौला तारीखहरू

सन् २००० को वर्षमा- ता० २/१/२००० देखि भाग्यको सफलता चल्नेछ र ता० २१/३/२००० सम्म भाग्योन्नति रहने छ। त्यसपछि भाग्यमा कमजोरी आउला। ता० १४/४/२००० देखि गृहस्थी र व्यापारमा सफलता प्राप्त होला। ता० १४/५/२००० देखि समय कमजोर चल्नेछ। ता० ३/७/२००० देखि भाग्य सप्रन थाल्नेछ। ता० २५/७/२००० देखि फेरि भाग्यमा सुधार चल्नेछ। ता० ९/१०/२००० सम्ममा राम्रो भाग्यमा सुधार चल्नेछ। ता० ९/१०/२००० सम्ममा राम्रो लाभ रहने छ। त्यसपछि सामान्य बित्नेछ। ता० १६/११/२००० देखि ता० ३१/१२/२००० सम्ममा भाग्यको स्थिति राम्रो रहने छ।

कु० नं० ७३५

सन् २००१ को वर्षमा- ता० ५/१/२००१ देखि पराक्रमद्वारा सफलता चल्दै रहने छ। त्यसपछि पनि सफलताका साधन बढ्दै जानेछन्। ता० १/३/२००१ देखि भाग्य कमजोर रहला। ता० १/४/२००१ देखि समय राम्रो चल्नेछ। ता० ६/७/२००१ देखि फेरिभाग्यमा दुर्बलता आउला। ता० २५/६/२००१ देखि ता० १६/९/२००१ सम्ममा भाग्यको सफलता र लाभ रहने छ। त्यसपछि समय कमजोर आउला। ता० १४/१०/२००१ देखि ता० ३१/१२/२००१ सम्ममा भाग्यको सफलता राम्रो रहने छ।

कु० नं० ७३६

तुला लग्नमा- सुनौला तारीखहरू

सन् २००२ को वर्षमा- ता० १/१/२००२ बाट पुरुषार्थ कर्मद्वारा भाग्य र लाभको सफलता रहने छ। सुखका साधन बढ्ने छन्। ता० ९/३/२००२ बाट भाग्यको केही कमजोरी रहने छ। ता० २६/३/२००२ बाट भाग्यमा आंशिक सुधार रहने छ। ता० २/६/२००२ बाट भाग्योन्नतिमा बाधा पर्ला। ता० ६/७/२००२ बाट भाग्य र धनलाभको सफलता चल्नेछ। ता० २३/८/२००२ बाट व्यापार र गृहस्थीमा धनको पक्षमा समय कमजोर चल्ने छ। ता० १/१२/२००२ बाट ता० ३१/१२/२००२ सम्ममा भाग्य र मान-प्रभावको जागृति हुनेछ।

कु० नं० ७३७

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

सन् २००३ को वर्षमा- ता० १/१/२००३ बाट पुरुषार्थ कर्मको द्वारा भाग्यको सफलता रहला। ता० २७/१/२००३ बाट घरेलू सुखका साधन बढ्नेछन्। ता २४/२/२००३ बाट बुद्धि र सन्तान पक्षबाट लाभ रहने छ। ता० १/३/२००३ बाट भाग्यमा कमजोरी रहला। ता० १७/४/२००३ बाट व्यापारमा लाभ रहला। ता० २१/५/२००३ बाट केही कष्ट आउने छ। ता० १५/६/२००३ बाट भाग्यमा सफलता र जागृति चल्नेछ। ता० १६/९/२००३ बाट भाग्यमा दुर्बलता रहने छ। खर्च बढ्ने छ। ता० १९/१२/२००३ बाट ता० ३१/१२/२००३ सम्ममा भाग्यमा सफलता रहने छ।

कु० नं० ७३८

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

तुला लग्नका लागि सुनौला तारीखहरू

सन् २००४ को वर्षमा- ता० १/१/२००४ बाट भाग्यको उत्तम समय चल्नेछ। ता० १४/३/२००४ बाट आमदानी केही घट्तै जानेछ। ता० १४/४/२००४ बाट भाग्यमा नाफा-नोक्सान, अग्लो-होचो रहने छ। ता० १५/६/२००४ बाट भाग्यको उत्तम समय चल्नेछ। लाभ रहने छ। ता० २/८/२००४ बाट धनको हानि रहने छ। ता० २७/९/२००४ बाट भाग्यको समय सप्रन थाल्नेछ, तर शरीर अस्वस्थ रहने छ। ता०५/११/२००४ बाट मान-प्रभाव बढ्ने छ। ता० ३१/१२/२००४ सम्म प्रायशः भाग्यको सफलता रहने छ।

कु० नं० ७३९

८ ६ ९ ७ ५ १० ४ ११ १ ३ १२ २

सन् २००५ को वर्षमा- ता० १/१/२००५ बाट भाग्य र गृहस्थीको समय प्रायः सुखदायक रहने छ। ता० १५/३/२००५ बाट समय केही कमजोर चल्नेछ। ता० २१/४/२००५ बाट भाग्यमा सुधार रहने छ। ता० १६/५/२००५ बाट धनमा केही उतार-चढाव रहने छ। ता० ८/८/२००५ बाट भाग्यमा सुधार र लाभ रहने छ। ता० १७/९/२००५ धनको खर्चा बढी रहने छ र उन्नतिको बाटोमा कष्ट-बाधा रहने छ। २४/११/२००५ देखि ता० २८/१२/२००५ सम्म धनको वृद्धि भइरहने छ।

कु० नं० ७४०

८ ६ ९ ७ ५ १० ४ ११ १ ३ १२ २

तुला लग्न हुनेहरूको–सुनौला तारीख

सन् २००६को वर्षमा- ता० १/१/२००६ बाट ता० ९/२/२००६ सम्म लाभ राम्रो रहने छ, त्यसपछि कमजोर रहने छ। ता० १३/५/२००६ बाट लाभमा उन्नति रहने छ। ता० १०/७/२००६ बाट धनको पक्ष कमजोर रहने छ। ता० ३०/८/२००६ बाट भाग्यको पक्ष उन्नतिदायक सुखदायक रहने छ। ता० ११/९/२००६ बाट कष्ट-बाधा रहने छ। ता० १/११/२००६ बाट सुधारमा रहने छ अनि ता० २७/१२/२००६ सम्म प्रायः भाग्यको सफलता रहने छ।

कु० नं० ७४१

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

सन् २००७ को वर्षमा- ता० १/१/२००७ बाट धन र गृहस्थीमा सुखदायक समय रहने छ। ता० १७/३/२००७ बाट धन र गृहस्थीमा कष्ट-बाधा रहने छ। ता०१४/४/२००७ बाट व्यापार र गृहस्थीमा लाभ रहने छ। ता० १५/५/२००७ बाट लाभ घट्तै जानेछ, भाग्यमा कष्ट पर्नेछ। ता० १७/७/२००७ बाट भाग्यमा सुधार आउला। ता० ३१/८/२००७ बाट उन्नतिमा बाधा रहने छ। ता० १८/११/२००७ बाट भाग्यमा लाभको सफलता रहने छ। ता० १६/१२/२००७ सम्म उन्नति रहने छ।

कु० नं० ७४२

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

तुला लग्न हुनेहरूको- प्रतिकूल समय ज्ञान

कु० नं० ७४३

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

(सदैव कालको लागि)

तल लेखिएका ग्रह जब-जब यी राशि हरूमा, पञ्चांगमा आउने छन्, तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा प्रतिकूल समय रहने छ।

सू०- कन्या, तुला मीन र वृष।

चं०- कन्या, वृश्चिक, मीन र वृष।

मं०- कन्या, मीन, वृष र कर्क।

बु०- मीन र वृष।

गु०- कन्या, मकर र वृष।

शु०- कन्या र वृष।

श०- कन्या, मीन, मेष र वृष।

रा०- तुला, वृश्चिक, धन, मकर, मेष, वृष र कर्क।

के०- तुला, वृश्चिक, मकर, कुम्भ, मेष, वृष, मिथुन र कर्क।

नोट- **पूरा वर्षको फलादेश जान्न का लागि - श० गु० रा० के० यी चार ग्रहहरूबाट हेर्नुपर्दछ र मासिक फलादेश जान्नका लागि- सू० बु० शु० मं० यी चार ग्रहहरूबाट हेर्नुपर्दछ र प्रतिदिनको फलादेश जान्नका लागि चन्द्रमाबाट हेर्नुपर्दछ।**

तुला लग्न हुनेहरूको अनुकूल समय ज्ञान

कु० नं० ७४४

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

(सदैव कालको लागि)

तल लेखिएका ग्रहहरू जब-जब यी राशिहरूमा, पंचांगमा आउने छन् तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा उन्नतिदायक समय रहने छ।

सू०- सिंह, वृश्चिक, धन, मकर, कुम्ब, मेष, मिथुन, र कर्क।

चं०- कर्क, सिंह, कन्या, धन, मकर, कुम्भ, मेष र मिथुन।

मं०- तुला, वृश्चिक, धन, मकर, कुम्भ, मेष, मिथुन र सिंह।

बु०- सिंह, कन्या, तुला, वृश्चिक, धन, मकर, कुम्भ, मेष, मिथुन, र कर्क।

.गु०- तुला, वृश्चिक, धन, कुम्भ, मीन, मेष, मिथुन, कर्क, सिंह।

शु०- तुला, वृश्चिक, धन, मकर, कुम्भ, मीन, मेष, मिथुन, कर्क र सिंह।

श०- तुला, वृश्चिक, धन, मकर, कुम्भ, मिथुन, कर्क र सिंह।

रा०- मीन, मिथुन, सिंह, कुम्भ र कन्या।

के०- सिंह, कन्या, धन र मीन।

नोट- पूरा वर्ष दिनको फलादेश जान्नका लागि- शनि,गुरू, राहु र केतु- यी चार ग्रहहरूबाट हेर्नु पर्दछ र महीनाको फलादेश जान्नका लागि सू० बु० शु० मं०- यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। दैनिक फलादेश जान्नका लागि चन्द्रमाबाट हेनुपर्दछ।

तुला लग्नान्तर- सूर्यफलम्

जुन व्यक्तिको तुलाराशिको सूर्य लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस आफ्नू शारीरिक परिश्रमद्वारा धनागम गर्ने खालको तर त्यस

कु० नं० ७४५

८ ६
९ ७सू. ५
१० ४
११ १ ३
१२ २

आमदानीमा केही दुर्बलता वा कमजोरी पाउनेवाला र शरीरमा पनि दुर्बलता अनुभव गर्ने, तथा दैनिक व्यापारमा सफलता पाउने वाला, गृहस्थीमा र स्त्री स्थानमा विशेष लाभको योजना पाउनेवाला र विशेष भोग प्राप्त गर्ने खालको होला। लाभस्थानमा केही बन्धन अर्थात केही परतन्त्रताको झैं वा केही झ्याउलो लागे झैं योग परेको अनुभव गर्ला अनि मान-सम्मानमा केही कमीको योग पाउनेवाला र गृहस्थधर्मको उच्चशिखरमा पुग्नका लागि अर्थात गृहस्थको स्थितिलाई सुन्दर र सुचारू तुल्याउनलाई सदैव प्रयत्नशील र चिन्तित रहने खालको र केही पातलो शरीर भएको साहसी र ईश्वर-भक्त व्यक्ति होला।

जुन व्यक्तिको वृश्चिक राशिको सूर्य लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस बढी धन संग्रह गर्नेवाला र बढी आमदानी पाउनेवाला अनि

कु० नं० ७४६

८सू. ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

कुटुम्ब लाभ अथवा धनको लाभ पाउनेवाला र जीवनको समयमा लाभको सम्मुख सुख आरामको वास्ता नगर्नेवाला र धन संग्रह गर्नका लागि आफ्नू आवश्यक पदार्थहरूको प्रयोगको पनि वास्ता नगर्नेवाला, पुरातत्त्वको स्थानमा अकस्मात लाभ प्राप्त गर्ने खालको होला। झलक्क हेर्दा धनी होला भन्ने जानिने तथा प्रकाशवान इज्जतदार, अनेक दिव्य पदार्थहरूको संग्रह गर्नेवाला, लाभको उपभोगमा केही बन्धन र न्यूनता पाउनेवाला र लाभ प्राप्तिको सम्बन्धमा दृढता पाउने खालको व्यक्ति होला।

जुन व्यक्तिको धनु राशिको सूर्य लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै सफल पुरुषार्थ गर्नेवाला र पुरुषार्थद्वारा खूब लाभ कमाउने

कु० नं० ७४७

८ ६
९सू. ७ ५
१० ४
११ १ ३
१२ २

वाला र बढी तागत एवं प्रभाव भएको, परिश्रमी, उत्साही, साहस र हिम्मतवाला, दाजु-भाइको लाभ पाउनेवाला र धर्म प्राप्त गर्नेवाला र धर्म स्थानबाट पनि लाभ पाउनेवाला र आमदानीको तागतले भाग्यमानी एवं बलशाली कहिने खालको वा सदैव साहस र हिम्मतले धन कमाउनेवाला, दिव्य लाभ पाउनेवाला र लाभको कारणले स्फूर्ति पाउनेवाला, पुरुषार्थवादी होला।

जुन व्यक्तिको मकर राशिको सूर्य लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आफ्नू स्थानमा नै केही नीरसता युक्त लाभ प्राप्तिको योजना

कु० नं० ७४८

८ ६
९ ७ ५
१०सू. ४
११ १ ३
१२ २

पाउनेवाला र सुखपूर्वक लाभको योजनामा केही न्यूनता वा आलस्य झैं अनुभव गर्नेवाला र लाभको स्थितिको घेराबाट मान-सम्मान पाउनेवाला र पिता स्थानको लाभ पनि मातृ-स्थानको सहायताले प्राप्त गर्नेवाला, मातृस्थानको सुख अर्थात माताको र भवन(घर) को केही सुख नीरसता साथ पाउनेवाला, आवश्यक पदार्थहरूलाई येन-केन प्राप्त गर्ने, इज्जतदार र मान प्राप्त गर्ने खालको होला।

जुन व्यक्तिको कुम्भ राशिको सूर्य लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धियोगद्वारा खूब लाभ कमाउने खालको र विद्या ग्रहण गर्नमा अलिकति आलस्य पाउने भए पनि विद्या प्राप्त गरेर लाभ कमाउनेवाला, सन्तान स्थानबाट विशेष लाभ पाउनेवाला र सन्तान पक्षबाट कहिले काहीं अशान्ति अनुभव गर्ने किसिमको होला। लाभ प्राप्तिका कारणहरूबाट आफ्नू मस्तिष्कमा थोरै अशान्ति वा थकाई अनुभव गर्नेवाला र दिमागमा केही गर्मी भएको होला। धन लाभ सम्बन्धी मामलामा नै बर्ता ध्यान दिनेवाला, केवल स्वार्थ सिद्धिको नै कुरा गर्नेवाला तथा शीलरहित बुद्धिमान, तेज वक्ता होला।

कु० नं० ७४९

८ ६
९ ७ ५
१० ४
११ सू. १ ३
१२ २

जुन व्यक्तिको मीन राशिका सूर्य लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस बन्धन वा केही परतन्त्रता युक्त कर्मबाट लाभ पाउनेवाला र लाभ स्थानको सहयोगले प्रभाव र मान पाउनेवाला र कुनै झगडा-विवादबाट पनि फाइदा पाउनेवाला र शत्रु स्थानमा विजय पाउनेवाला र मावली पक्षबाट पनि आंशिक लाभ पाउने हक-दावी राख्नेवाला, खूब धन खर्च गर्नेवाला, लाभको सम्बन्धमा केही अन्य स्थानहरूको सम्पर्क पनि पाउनेवाला, आमदानीमा केही न्यूनता परेको सहेर पनि प्रभावको विशेषता प्राप्त गर्नेवाला, लाभको तागत र प्रभावले रोग र दोषमा विजय पाउनेवाला, प्रभावशाली, बहादुर प्रकृतिको र तेजस्वी व्यक्ति होला।

कु० नं० ७५०

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२सू. २

जुन व्यक्तिको मेष राशिको सूर्य लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो प्रभावशाली व्यापार गर्नेवाला, व्यापारबाट धेरै लाभ प्राप्त गर्नेवाला, स्त्री र ससुरालीको महान् सहयोग र लाभ पाउनेवाला र राम्री पत्नीवाला, स्त्री पक्षबाट विशेष भोग प्राप्त गर्नेवाला र स्त्री स्थानमा ठूलो प्रभाव पाउनेवाला र आमदानीको विशेषताहरूबाट अथवा कामको बढी हुल-हालले गर्दा शरीरमा कष्ट-बाधा अनुभव गर्ने भएको र भोगको अधिकताले गर्दा केही दुर्बलता अनुभव गर्नेवाला र देहमा बढी कमजोरी (दुर्बलता) पाउनेवाला, लौकिक उन्नति र आनन्दको सामुन्ने शरीर-स्वास्थ्यको पनि वास्ता नराख्ने खालको, र व्यापार एवं आमदानीको कार्यभन्दा ठूलो प्रभाव पाउनेवाला, उच्च कार्य गर्नेवाला, बढी परिश्रमी व्यक्ति होला।

कु० नं० ७५१

८ ६ ९ ७ ५ १० ४ ११ १सू. ३ १२ २

जुन व्यक्तिको वृष राशिका सूर्य लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आमदानीको लागि अनेक बाधा-कष्ट सहन सक्नेवाला, विदेश आदिमा लाभको साधन पाउनेवाला र जीवनमा लाभकै कारणले केही परेशानीका साथ केही प्रभाव मान्नेवाला र धन सञ्चयको बढी ध्यान राख्नेवाला र गूढ युक्तिहरूले पनि लाभ पाउनेवाला पुरातत्त्व र मैत्रिक लाभको पूर्ति गर्नेवाला अर्थात कष्टपूर्वक लाभ पाउनेवाला, पुरातत्त्व र मैत्रिक लाभको पूर्ति गर्नेवाला अर्थात अनेक दुःख सहेर आवश्यकताहरूको पूर्ति गर्नेवाला, परिश्रमी जीवन र कुटुम्ब वृद्धि गर्नेवाला होला।

कु० नं० ७५२

८ ६ ९ ७ ५ १० ४ ११ १ ३ १२ २सू.

जुन व्यक्तिको मिथुन राशिको सूर्य लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी र भाग्य शक्तिले युक्त जस्तै आमदानी पाउनेवाला धर्म सम्बन्धमा दूरदर्शिताको शक्तिबाट लाभ पाउनेवाला, भाग्यको तागतले धेरै ठूला-ठूला लाभ पाउनेवाला, लाभ-शक्तिबाट पुरुषार्थ र हिम्मतको वृद्धि पाउनेवाला, दाजु-भाइ दिदी-बहिनीबाट पनि लाभको योजना पाउनेवाला र दैवयोगले असम्भव लाभ पनि अर्थात जुन लाभको कल्पना पनि नहोस त्यस्तो लाभ-पनि प्राप्त गर्नेवाला र ईश्वर प्राप्तिको सम्बन्धको लाभ पनि पाउनेवाला तेजस्वी, प्रभावशाली र निस्फिक्री होला।

कु० नं० ७५३

८　६
९　७　५
१०　४
११　१　३सू.
१२　२

जुन व्यक्तिको कर्क राशिको सूर्य लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै इज्जतसाथ आमदानी पाउनेवाला, ठूलो व्यापार गर्नेवाला र पितास्थानको खूब लाभ पाउनेवाला, निकै माननीय र राज्य-स्थानबाट पनि लाभको योग पाउनेवाला, प्रभावशाली कार्य गर्नाले लाभ युक्त रहनेवाला, मातृस्थानको सुखमा न्यूनता पाउनेवाला र भूमि-भवनबाट पनि केही लाभ र नीरसताको योग पाउनेवाला, प्रभावशाली र राजसी ठाट-बाट राख्ने भएको, कारबारको सम्बन्धमा निकै दूरदर्शिताबाट काम सिद्ध पार्नेवाला, बूढा-पाकाको स्थानबाट र उत्तम ढंगले लाभको योजना पाउनेवाला होला।

कु० नं० ७५४

८　६
९　७　५
१०　४सू.
११　१　३
१२　२

जुन व्यक्ति सिंह राशिको लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस बढी लाभ पाउनेवाला, बलियो आमदानी नियमित रूपले प्राप्त गर्नेवाला,

कु० नं० ७५५

८ ६ ९ ७ ५सू. १० ४ ११ १ ३ १२ २

ठूला-ठूला अमूल्य लाभलाई र प्रकाशवान् पदार्थहरूलाई स्वतः पाउनेवाला, सन्तान पक्षमा केही बाधा सहित फल प्राप्त गर्नेवाला, केही वैमस्यताका साथै विद्या ग्रहण गर्नेवाला र लाभ प्राप्तिको सम्बन्धमा केही नीरसता युक्त वाणी बोल्नेवाला अर्थात बोल-चालमा तेजीले र झर्को-फर्को गरेर काम सिद्ध पार्नेवाला, बुद्धिमा तेजी हुनाले आफ्नू मन्तव्य (भनाइ) लाई राम्रोसित अरूलाई बुझाउन नसक्नेवाला, आवश्यकताहरूको पूर्ति सदैव प्रत्येक स्थानमा प्रभावले नै प्राप्त गर्ने खालको होला।

जुन व्यक्तिको कन्या राशिको सूर्य लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन खर्च गर्नेवाला, अन्यान्यस्थानको सम्बन्धबाट आमदानी

कु० नं० ७५६

८ ६सू. ९ ७ ५ १० ४ ११ १ ३ १२ २

पाउनेवाला, सर्वस्व लाभलाई खर्चगर्नेवाला, त्यागवृत्ति राख्ने र प्रभावशाली धन व्यय गर्ने किसिमको, अन्य स्थानमा प्रभावके शक्ति द्वारा आवश्यकताहरूको पूर्ति गर्नेवाला र शत्रु स्थानमा वा विपक्षीहरूमा मैत्री प्रभावको तागतको लाभ पाउनेवाला, अर्थात प्रभाव शक्तिलाई मित्ररूपमा प्रयोग गरेर शत्रुसित लाभ पाउनेवाला र मावली पक्षबाट पनि लाभको केही सम्बन्ध पाउनेवाला, वस्त्रादि पदार्थहरूलाई सानू रूपमा पाउने खालको होला।

तुला लग्नान्तर-चन्द्रफलम्

जुन व्यक्तिको तुला राशिको चन्द्रमा लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस निकै प्रतापी र ऐश्वर्ययुक्त माननीय र पिता स्थानबाट उत्थान पाउनेवाला, ठूलो उत्तम र प्रशंसनीय काम गर्नेवाला, निकै राम्रो शरीरवाला, धेरै उच्च विचारहरूको योजनादि मनमा राख्नेवाला र भोग-विलासको उत्तम आनन्द लिनेवाला तथा स्त्री सुख प्राप्त गर्नेवाला, व्यापारको सम्बन्धमा निकै उदारताले काम सिद्ध पार्नेवाला एवं मानयुक्त रहने खालको होला। स्त्री स्थानबाट प्रभाव पाउनेवाला, रोजगार व्यापारबाट अर्थात सुन्दर मनोयोगका कार्यबाट मान-प्रतिष्ठा र प्रभुत्व पाउने भएको र राज-समाजमा मान पाउने प्रभावशाली, शान्त मन र स्वाभिमानी होला।

कु० नं० ७५७

८ ६
९ ७चं. ५
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको वृश्चिक राशिको चन्द्रमा लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन स्थानबाट न्यूनता पाउनेवाला र पिता स्थानमा बाधा पुऱ्याउने खालको अनि पिता स्थान र व्यापार स्थानबाट कमजोरी पाउनेवाला र मान-सम्मानमो र इज्जत बेइज्जतमा दुर्बलता अनुभव गर्नमा मानसिक कष्ट सहनेवाला, उन्नतिको स्थानमा मानसिक अशान्ति र धनको अभावद्वारा न्यूनता पाउनेवाला, पैत्रिक र पुरातत्त्व शक्तिको लाभ पाउनेवाला र जीवनको दिनचर्यालाई निकै उपेक्षापूर्वक व्यतीत गर्नेवाला, आयुमा वृद्धि पाउनेवाला, धन प्राप्तिका लागि केही गुप्तरूपले काम गर्नेवाला, न्यून तागतको प्रभाव शक्ति भएको, गूढ युक्तिहरूले साधनाको फल पाउने, सानो कुटुम्बी होला।

कु० नं० ७५८

८चं. ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको धन राशिको चन्द्रमा लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै राम्रो मनोयोगद्वारा पुरुषार्थ गरेर उन्नति पाउनेवाला

कु० नं० ७५९

८ ६
९चं. ७ ५
१० ४
११ १ ३
१२ २

अर्थात सुन्दर प्रभावशाली पुरुषार्थ गरेर सम्मान र प्रतिष्ठा एवं प्रभुत्व पाउनेवाला र पिता-स्थानको शक्तिलाई आफ्नू सामर्थ्यमा धारण गर्ने खालको होला। मानसिक शक्तिबाट सदैव उन्नतिको मार्गमा हिड्नेवाला, निकै ठूला योजनाहरूको बलले प्रभाव र स्फूर्ति पाउनेवाला, दाजु-भाइ दिदी-बहिनीको उत्थानको योग पाउनेवाला, ठूलो भाग्यमानी, सफल पुरुषार्थी तथा मनमा मग्न रहनेवाला, कर्म-शक्तिद्वारा धर्म-कर्म गर्नेवाला अर्थात धर्मको पालन गर्ने र मनोयोगले ईश्वरमा पूर्णश्रद्धा एवं विश्वास राख्ने तथा आदर्श विचार भएको र आकाशी पुरुषार्थद्वारा भाग्य वृद्धि प्राप्त गर्नेवाला, निकै साहसी, हिम्मती र उद्योगी होला।

जुन व्यक्तिको मकर राशिको चन्द्रमा लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस घरको सम्पत्ति जोगाउनेवाला र आफ्नू इज्जतको रक्षा गर्नमा

कु० नं० ७६०

८ ६
९ ७ ५
१०चं. ४
११ १ ३
१२ २

समर्थ होला। माता-पिताको सुख शक्तिलाई पाउनेवाला र ठूलो कारबारको सुख प्राप्त गर्नेवाला तथा प्रभावशाली एवं माननीय र मुखले नै काम गर्नेवाला भएर पनि कार्य स्थानमा केही आलस्य अनुभव गर्नेवाला, मान-प्रतिष्ठाको वृद्धि मनोयोगले घरै बसी-बसी गर्दै रहनेवाला र कार्यकुशल, स्वाभिमानी र राम्रा-राम्रा काम गर्नेवाला, निकै उच्च मानसिक विचार राख्नेवाला तथा राज-समाजमा मानप्रतिष्ठाको बलियो साधन संग्रह गर्नेवाला, त्यही मानप्रतिष्ठाले सुखको विशेष अनुभव गर्ने होला।

जुन व्यक्तिको कुम्भ राशिको चन्द्रमा लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धेरै थरिका काम गर्ने युक्तिहरू जान्नेवाला, बुद्धियोग र

कु० नं० ७६१

८ ६
९ ७ ५
१० ४
११ चं. १ ३
१२ २

मनोयोगले आफ्नू प्रभुत्व शक्ति पाउने खालको होला। त्यो शिक्षित, प्रभावशाली, निकै बाठो र रजोगुणी स्वभावको एवं मानसिक विचारहरूबाट धेरै उच्च योजनाहरू आफ्नू उन्नतिका लागि सदैव विचार राख्नेवाला अर्थात आफ्नू कुरा माथि राख्न जान्ने, जिद्दी स्वभावको होला। सन्तानको सोखीन र सन्तान द्वारा नै उन्नति पाउनेवाला तथा लौकिक कर्महरूको ध्यान र मान राख्नेवाला, पिता स्थानको सुख केही न्यूनता सहित प्राप्त गर्नेवाला एवं पिताके शक्तिले धनको लाभ पाउने खालको होला। आफ्नू हुकुम पालन गराउन एकहरो मस्तिष्कको व्यक्ति होला।

जुन व्यक्तिको मीन राशिको चन्द्रमा लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस आफ्नू मान-प्रतिष्ठामा केही न्यूनता पाउनेवाला र पिता स्थान

कु० नं० ७६२

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२चं. २

र पिताको शक्तिमा केही दुर्बलता पाउनेवाला र मनोयोगको परिश्रमी कर्मद्वारा उज्ज्वल व्यापार गर्ने खालको र खर्च गर्ने शक्तिलाई वित्त शक्तिभन्दा बर्ता पाउनेवाला तथा आफ्नू मान सम्मानको रक्षाका लागि निकै बाधा-कष्ट र अनेक अनुचित किसिमले आफ्नू काम सिद्ध गर्न जान्नेवाला र शत्रु-स्थानमा र कष्ट-बाधाको स्थानमा मानसिक अशान्ति सहनेवाला तथा मावली पक्षबाट केही शक्ति पाउनेवाला र आफ्नू उन्नतिमा अनेक बाधा पाउने र गुप्त चाल चल्नेवाला र गुप्त शक्तिबाट साहस पाउने एवं बाहिरी स्थानको सम्पर्क शक्ति राख्ने खालको होला।

जुन व्यक्तिको मेष राशिको चन्द्रमा लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस निकै बाबू साहेब झैं दैनिक व्यापार गर्ने अर्थात् उज्ज्वल व्यवसाय गर्नेवाला, मनोयोगको प्रभाव पाएको परिश्रमी कर्ममा प्रधान उन्नति एवं प्रभुत्व शक्ति पाउने खालको होला। निकै राम्री पत्नी तथा सुन्दर सुखभोग प्राप्त गर्नेवाला, स्वयं पनि सौन्दर्यको धनी होला। विवाह भइसकेपछि मान-सम्मान र उन्नति पाउनेवाला तथा इज्जतदार ससुराली पाएको र गृहस्थ जीवनमा महान् ऐश्वर्य पाउनेवाला, बढी बाठो कुशल कर्मिष्ठ एवं उत्साह-युक्त रहने खालको तथा व्यावहारिक ज्ञानको पालन उत्तम प्रकारले गर्ने र व्यावसायिक ज्ञानमा सिद्धियोग पाएको र मानसिक शक्ति पूरा भएको र सदैव भोग-विलास रूचाउने खालको होला।

कु० नं० ७६३

८ ६
९ ७ ५
१० ४
११ १चं. ३
१२ २

जुन व्यक्तिको वृष राशिको चन्द्रमा लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस पिता स्थानबाट एवं अंगमा दुर्बलता र अर्को एक अंगबाट पूरा बल पाउनेवाला अर्थात पिताको र आफ्नो मान-प्रतिष्ठाको सम्बन्धमा केवल धाक लगाउने इज्जतको विषयमा केही आन्तरिक दुर्बलता वा कमजोरी अनुभव गर्ने खालको होला। मनोयोगको गूढ शक्तिको बलले उन्नति प्राप्त गर्ने किसिमको प्रभावी होला। जीवनका दिनहरू शान र प्रतिष्ठापूर्वक व्यतीत गर्नेवाला र पुरातत्त्वको लाभ पाउने, विपत्ती आइपर्दा धैर्य धारण गर्न सक्नेवाला र कुटुम्ब स्थानमा केही न्यूनता अनुभव गर्नेवाला, आन्तरिक ज्ञान राख्ने भएको विदेश आदि स्थानमा जाने-आउने मान पाउने तथा मर्नेवेलामा बढी कष्ट नपाउने र मरेपछि सबैले सम्झनी गर्ने खालको होला।

कु० नं० ७६४

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २चं.

जुन व्यक्तिको मिथुन राशिको चन्द्रमा लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस निकै भाग्यमानी र धर्म-कर्मलाई मान्ने र शुभ कर्महरूमा मन लगाउनेवाला र व्यापारमा शक्ति मनोयोग र भाग्यको बलले प्राप्त गर्नेवाला, पिता स्थानको शक्तिबाट फाइदा एकदम सजिलो काइदा वा रीतिले प्राप्त गर्नेवाला, राज्य-समाजमा मान-सम्मान युक्त निवास गर्नेवाला, निकै राम्रो काइदाले पुरुषार्थको पालन गर्नेवाला, धेरै दाजु-भाइ दिदी-बहिनी भएको र खूब भाग्यमानीमा गनिने खालको परम विवेकी तत्त्वखोजी र मानसिक बलले ठूला-ठूला कार्यहरूमा सफलता पाउनेवाला र ऐश्वर्य एवं यश प्राप्त गर्ने ईश्वरवादी होला।

कु० नं० ७६५

८　६
९　७　५
१०　४
११　१　३चं.
१२　२

जुन व्यक्तिको कर्कराशिको चन्द्रमा लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै प्रतापी ऐश्वर्यवान् राज्य-समाजबाट सम्मान र प्रभाव पाउने र पिताको वृद्धि गर्नेवाला तथा पिताबाट वृद्धि पाउनेवाला तथा निकै ठूलो व्यापार गर्ने, मान-प्रतिष्ठा प्राप्त गर्ने तथा मनोबलको योगले निकै उच्च योजनाहरू द्वारा प्रभुत्व शक्ति प्राप्त गर्ने भएको र सदैव उन्नति पाउने नै मनमा विचार गरिरहने भएको, आफ्नू मान-सम्मानले गर्दा ठूलो सुख र शान्ति प्राप्त गर्ने खालको अनि बढी स्वाभिमानी र राजसी ढाँचाले रहने भएको ठूलो इज्जतदार र मातृ स्थानको सुख र लाभ पाउनेवाला एवं सपत्ति सुरक्षित राख्न जान्ने र आफ्नू हुकुम पालन गराइछाड्ने, कर्मिष्ठ व्यक्ति होला।

कु० नं० ७६६

८　६
९　७　५
१०　४चं.
११　१　३
१२　२

जुन व्यक्तिको सिंह राशिको चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस निकै दिव्य प्रभावशाली लाभ पाउने भएको र मनोयोगको महान् कार्यलाई बुद्धिको सहायताले महान् सफल तुल्याउने भएको, धेरै बर्ता उच्च लाभ पाउने चेष्टा आफ्नू मनमा सदैव राख्ने राख्नेवाला, पिता स्थानको उत्तम लाभ पाउनेवाला, प्रभावशाली ठूला कर्म गर्नेवाला र आकाशी कार्यको योजनाहरू द्वारा ठूलो लाभ पाउनेवाला र विद्या एवं बुद्धिलाई उत्तम किसिमले ग्रहण गर्न जान्ने भएको र सन्तान सुख प्राप्त गर्नेवाला, प्रसन्न रहने र उत्तम कर्म गर्ने अनि कर्मेष्ठी, राज्यमानी ठूलो व्यापारी तथा समाजबाट लाभ कमाउने मानयुक्त व्यक्ति होला।

कु० नं० ७६७

८ ६
९ ७ ५चं.
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको कन्या राशिको चन्द्रमा लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस पिता स्थानबाट हानि पाउनेवाला र बढी धन खर्च गर्नेवाला, व्यापारमा हानि पाउनेवाला तथा अन्य स्थानबाट कारबारको योजना पाउनेवाला, राज्य स्थानमा न्यूनता अथवा हानि पाउनेवाला अनि मान-सम्मानको अभाव अनुभव गर्नेवाला र मान-सम्मानलाई मनोयोग द्वारा खर्चले र केही अन्य स्थानको सहयोगले शक्ति प्राप्त गर्नेवाला र आफ्नू प्रभाव र अभिमानको रक्षा हेतु धन व्यय गर्नेवाला र आफ्नू खर्चमा प्रभाव र प्रभुत्व देखाउन अधिसर्नेवाला, शत्रु स्थानमा पनि खर्चकै शक्ति र मनोयोगद्धारा प्रभाव देखाउन सक्ने र मनमा प्रभावको न्यूनता अनुभव गर्ने होला।

कु० नं० ७६८

८ ६चं.
९ ७ ५
१० ४
११ १ ३
१२ २

तुला लग्नान्तर-भौमफलम्

जुन व्यक्तिको तुला राशिको मंगल लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस निकै धनवान र ठूलो इज्जतदार तथा शरीरमा केही दुर्बलता पाउनेवाला र ठूलो बहुमूल्य व्यापार धन्दा गर्नेवाला निकै सुयोग्य सुशील पत्नी पाउनेवाला, आदर्श सुख भोग प्राप्त गर्नेवाला र ठूलो सुख प्राप्त गर्नेवाला, भूमि-भवन आदिको विशेष इज्जत पाउनेवाला, पुरातत्त्वको लाभ पाउनेवाला, शरीरमा रक्त विकार एवं चिन्ता इत्यादिको असुविधा पाउने भएको, व्यापारमा धनको संग्रह गर्ने शक्ति प्राप्त गर्नेवाला, निकै आदर्श जन बल भएको सुख-शान्तिको लागि निरन्तर कर्म गर्ने खालको होला।

कु० नं० ७६९

८ ६
९ ७मं. ५
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको वृश्चिक राशिको मंगल लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस व्यापारको क्रममा धनको वृद्धि पाउनेवाल, जन-शक्ति प्राप्त भएको तथा ससुरालीबाट आंशिक लाभ पाउनेवाला र स्त्रीपक्षमा भोग सुखको न्यूनता पाउनेवाला र धन-जनको शक्तिले भोग-विलासको पूर्ति तथा अधिकता पाउनेवाला र केही पुत्र-सुखले सन्तुष्टि पाउने होला। व्यापारको सम्बन्धमा धनको वृद्धिका लागि निकै तीक्ष्ण बुद्धिले काम लिनेवाला र सन्तानबाट सहायता पाउनेवाला र सन्तान पक्षमा केही बन्धन पाउने र भाग्य एवं पुरातत्त्वबाट केही लाभ पाउने इज्जतदार र परिश्रमी व्यक्ति होला।

कु० नं० ७७०

८मं. ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको धन राशिको मंगल लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली बढी परिश्रम गर्नेवाला र व्यापारको सम्बन्धमा जन-बल र धन-बल तथा बाहुबलद्वारा प्रभावशाली उत्तम र राम्री पत्नीवाला किन्तु स्त्री र मातृ पक्षमा केही बन्धन पाउनेवाला र पिता स्थानमा केही असन्तोष पाउनेवाला, भाग्य वृद्धिको बराबर चेष्टा गरिरहने खालको होला। स्त्री भोग र व्यापार एवं धनका कारणहरूबाट मान-सम्मानको उत्तम वृद्धिमा केही न्यूनता वा कमजोरी पाउनेवाला एवं राज-समाजमा केही कमी अनुभव गर्ने खालको होला। ठूलो उत्साही प्रयत्नशील, यता-उता दगुर्न सक्नेवाला तथा शत्रुस्थानको पक्षमा र बाधा-कष्टमा पनि बडो स्फूर्तिले काम सपार्न जान्ने खालको, निकै साहस र हिम्मत भएको, राम्रो कद-काठीको र परिश्रमले धन कमाउने होला।

कु० नं० ७७१

८ ६ ९मं. ७ ५ १० ४ ११ १ ३ १२ २

जुन व्यक्तिको मकर राशिको मंगल लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारको महानताद्वारा ठूलो सुख र धन प्राप्त गर्नेवाला र भूमि-भवनको सुख पाउनेवाला तथा विवाह भइसकेपछि धनमा वृद्धि पाउने खालको होला। घरमा स्त्रीको प्रभुता पाउनेवाला र माताको स्थानबाट सुख प्राप्त गर्नेवाला, जन-बल र धन-बलको सुख पाउनेवाला, पितास्थानमा केही कमजोरी पाउनेवाला, धेरै थोक व्यापारमा र ठूलो काममा केही वास्ता नगर्ने तथा दुर्बलता पाउनेवाला भोग-विलासको खूब आनन्द पाउनेवाला, सुखी गृहस्थी भएको व्यक्ति होला।

कु० नं० ७७२

८ ६ ९ ७ ५ १०मं. ४ ११ १ ३ १२ २

जुन व्यक्तिको कुम्भ राशिको मंगल लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धिको बलले दैनिक व्यापार गरेर धन कमाउने खालको होला। बढी धन खर्च गर्ने र विद्या प्राप्त गर्नेवाला, बुद्धिमा केही दु:ख र बन्धनको योग परेको, गृहस्थीको सम्बन्धमा सुख्र मान्नेवाला, सन्तान पक्षमा केही विरोधी भावनाहरूको योग पाउनेवाला, धनको वृद्धिको तागतले अन्य स्थानहरूको लाभ प्राप्त गर्नेवाला तथा जीवनको दिनचर्यामा केही बन्धन र 'धनी हुँ' भन्ने तागत देखाउनेवाला र स्त्री वा गृहस्थीमा केही झ्याउलाहरूले युक्त रहेर शक्ति प्राप्त गर्नेवाला, बोलचालमा छिटै तात्ने र बुद्धिमती स्त्री हुने र स्वार्थ युक्त अनुभवशील होला।

कु० नं० ७७३

८ ६
९ ७ ५
१० ४
११ मं. १ ३
१२ २

जुन व्यक्तिको मीन राशिको मंगल लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस व्यापार र धनको सम्बन्धमा केही न्यूनता पाउनेवाला र केही कष्ट-बाधाहरूको मार्गबाट धनको तागत प्राप्त गर्नेवाला र स्त्री एवं गृहस्थीमा केही झ्याउलाहरूले युक्त रहेर शक्ति पाउनेवाला तथा भाग्य र देहको शरीरको सहयोग लिने-दिने खालको होला। खूब धन खर्च गर्नेवाला तथा शत्रु पक्षमा निकै प्रभाव राख्नेवाला र मावलीबाट केही मद्दत पाउने र देहमा केही विकार र इज्जत पाउनेवाला रोगादि र झगडा विवाद आदि मामलामा केही लाभ पाउनेवाला अनि आफ्नू प्रभाव राख्न जान्ने हुनाले धन र व्यापारको कमजोरी पनि सहनेवाला र भोग आदि विलासको सुखमा न्यूनता पाउनेवाला, बाँगो चाल चल्न जान्नेवाला व्यक्ति होला।

कु० नं० ७७४

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२मं. २

जुन व्यक्तिको मेष राशिको मंगल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस धनको तागतले आफ्नू दैनिक व्यापारको पूरा लाभ प्राप्त गर्नेवाला र दैनिक व्यापारबाट धमाधम बेसरी धन कमाउनेवाला र धन प्राप्तिको लागि लगातर कर्म, उद्योग गर्नेवाला, दैनिक कर्म-बलका कारणहरूले मनको संघर्षमा केही न्यूनता पाउने र शरीरमा केही बन्धन पाउनेवाला, पिता स्थानमा र राज्यस्थानमा केही दुर्बलता पाउनेवाला, निकै इज्जतदारमा गनिने खालको, राम्री र दृढ (बलिई) स्त्री पाउनेवाला, ससुरालीबाट केही लाभ प्राप्त गर्नेवाला र उच्च प्रकारको व्यापारको सम्बन्धमा न्यूनता पाउने तथा देहमा केही बन्धन पाउने खालको जन-बल युक्त होला।

कु० नं० ७७५

८ ६
९ ७ ५
१० ४
११ १मं. ३
१२ २

जुंन व्यक्तिको वृषराशिको मंगल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस उपस्थित धनको केही हानि पाउनेवाला, पुरातत्त्वबाट धन प्राप्त गर्नेवाला, दैनिक व्यापारमा बर्ता दुःख-कष्ट पाउने खालको होला र झ्याउला सहित गूढतासित सम्बन्धित व्यापार गर्नेवाला, धनसंग्रहमा कमी र हानि पाउनेवाला र स्त्री एवं गृहस्थ र कुटुम्बिक क्लेशमा पर्नेवाला सहसा धन पाउनेवाला, धनको लागि साना-ठूला प्रयत्न र परिश्रम गर्ने, दाजु-भाइ दिदी-बहिनीको स्थानमा केही बन्धन पाउने व्यक्ति होला।

कु० नं० ७७६

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २मं.

जुन व्यक्तिको मिथुन राशिको मंगल लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू र पत्नीको भाग्यबाट धन प्राप्त गर्ने खालको र दैनिक व्यापारबाट धनको वृद्धिगर्नेवाला र धनजनको तागतबाट अन्य स्थानहरूको पनि लाभ कमाउने भएको र खूब धन व्यय गर्नेखालको वा ठूलो सुख प्राप्त गर्नेवाला, मातृस्थानबाट खूब फाइदा पाउने भएको र भूमि-भवनको पनि खूब सुख भोग्ने खालको र गृहस्थी सम्बन्धी धन-जन द्वारा भाग्य-बलले सुखको अनुभव गर्नेवाला, दैनिक व्यापारको सुख प्राप्त गर्नेवाला, व्यापारमा गृहस्थी सम्बन्धी कार्य भोगमा सत्वगुणी कर्म गर्ने, धर्माचरण र धर्म-पालक, सकाम कर्म गर्ने इज्जतदार भाग्यमानी न्यायोक्त धन पाउने खालको व्यक्ति होला।

कु० नं० ७७७

८ ६ ९ ७ ५ १० ४ ११ १ ३मं. १२ २

जुन व्यक्तिको कर्क राशिको मंगल लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस धनको तथा व्यापारको विषयमा न्यूनता (कमी) पाउनेवाला र मान सम्मान एवं राजसमाजबाट पाउने इज्जतमा पनि न्यूनता पाउने खालको, स्त्री र पिताको स्थानमा पनि धनको कमीले गर्दा निकै अपामानजनक वेदना सहन गर्ने खालको र पिता स्त्री तथा कोष (ढुकुटी) मा कमी र कष्ट सहने भएको तथा क्षुद्र व्यापारबाट आजीविका चलाउन बाध्य भएको अनि ठूलो काममा हानि पाउने खालको एवं मातृस्थानको सुख-शान्ति पाउने भएको र विशेष सुखको इच्छाले गर्दा व्यापारको पक्षमा यौटा अनावश्यक बन्धन झैं अनुभव गर्ने भएको एवं भोग-विलासमा न्यूनता (कमी) पाउने किसिमको तथा असली अकर्मण्य झैं मानिनेवाला र अपमानको बढी वास्ता नगर्ने किसिमको गुप्त कर्मेष्ठी व्यक्ति होला।

कु० नं० ७७८

८ ६ ९ ७ ५ १० ४मं. ११ १ ३ १२ २

जुन व्यक्तिको सिंह राशिको मंगल लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारबाट र धन-जनको तागतद्वारा धेरै जबरदस्त आमदानी पाउनेवाला तथा बढी धन कमाउन जान्ने खालको र ठूलो-ठूलो मोटो स्थूल लाभ पाउनेवाला र स्त्री सुख प्राप्त गर्ने भएको र निकै बुद्धिमान र ठूलो प्रभावशाली एवं बांगो बाटोद्वारा झ्याउलो समेतको कर्महरूबाट विशेष लाभ पाउनेवाला, बढी हिम्मत (साहस) भएको एवं विपक्षीबाट लाभ पाउने भएको, बढी सतर्कताद्वारा काम गर्न जान्ने खालको र धन कमाउनु एकदम सामान्य काम हो भन्ने विश्वास भएको तथा फिक्री-चिन्ता नगरेर प्रसन्न रहने खालको र धारा प्रवाह बोल्ने, तोकिएको आमदानी पाउने अधिकारी होला।

कु० नं० ७७९

८ ६
९ ७ ५मं.
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको कन्या राशिको मंगल लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस धन-जनको धेरै ठूलो हानि पाउनेवाला, स्त्री र गृहस्थीमा अशान्ति पाउनेवाला तथा दैनिक व्यापारमा केही अशान्ति र हानि पनि पाउने खालको होला। दैनिक व्यापारमा केही अन्य स्थानको शक्तिद्वारा खर्चको माध्यमले लाभ पाउनेवाला, बढी शारीरिक परिश्रम गर्ने र दौड-धूपले आफ्नू काम सिद्ध पार्न जान्ने भएको, धेरै धन व्यय गर्ने बानी भएको, दाजु-भाइ र दिदी-बहिनी तथा व्यापारको बाटोमा एक प्रकारको कुर्ने बन्धन आइलागे झैं योग पाउने खालको होला। विपक्षीहरूमा केही प्रभाव पार्न सक्नेवाला धनको प्रभाव अनुभव गर्नेवाला अनि व्यापारमा केही विशेषता पाउनेखालको व्यक्ति होला।

कु० नं० ७८०

८ ६मं.
९ ७ ५
१० ४
११ १ ३
१२ २

तुला लग्नान्तर-बुधफलम्

जुन व्यक्तिको तुला राशिको बुध लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी मानिने खालको तथा बर्ता धन खर्च गर्ने भएको र खर्च एवं भाग्यको शक्तिद्वारा शरीरको आनन्द भोग्ने खालको र शरीरमा केही दुब्लो भाव भएको होला। अन्य स्थानको सम्पर्कको निकै उत्तम लाभ प्राप्त गर्नेवाला, स्त्रीसित सम्बन्धित गृहस्थीको आनन्द भोग्नेवाला तथा व्यापारमा खूब सफलता पाउने धर्मको सम्बन्धमा निकै उच्च विचार राख्नेवाला र मान-प्रतिष्ठा प्राप्त गर्ने खालको तथा बाठो, परम विवेकी र न्यायान्याय बुझ्ने एवं शुद्ध न्यायको शक्तिमा केही न्यूनता पाउने किसिमको होला। धेरै परको कुरा विचार गर्नसक्ने, अलिकति दुर्बलताको साथै भाग्यमानी, प्रभावयुक्त, कोमल स्वभावको होला।

कु० नं० ७८१

८		६
९	७बु.	५
१०		४
११	१	३
१२		२

जुन व्यक्तिको वृश्चिक राशिको बुध लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनवान् एवं इज्जतदार मानिने खालको र धन संग्रह शक्तिमा केही न्यूनता पाउने भए पनि धनको आनन्द भाग्य-शक्ति द्वारा र अन्य स्थानको सम्पर्क शक्तिद्वारा पाउने भएको अर्थात भाग्य र खर्च शक्तिको द्वारा जीवनको दिनचर्यामा भाग्य शक्तिको आंशिक चमत्कार प्राप्त गर्नेवाला अर्थात् भाग्य र खर्च शक्तिको द्वारा जीवनमा आनन्द अनुभव गर्नेवाला, पुरातत्त्वबाट पनि लाभ पाउनेवाला र खर्च रोकेर पनि बढी धन खर्च गर्ने किसिमको होला तथा कुटुम्बको स्थानमा केही कमजोरीको साथै वृद्धि पाउनेवाला, धर्मको सम्बन्धमा पनि केही दुर्बलताका साथै धर्म-धन संग्रह गर्ने खालको र धर्मद्वारा नै धनागम गर्ने व्यक्ति होला।

कु० नं० ७८२

८बु.		६
९	७	५
१०		४
११	१	३
१२		२

जुन व्यक्तिको धन राशिको गुरु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू बल पुरुषार्थले भाग्यको वृद्धि पाउनेवाला, ठूलो भाग्यमानी मानिने खालको, अन्य स्थानको शक्तिको सम्पर्क द्वारा उन्नतिको मार्ग बनाउन जान्ने भएको, सर्वशक्तिको योगबाट आनन्द पाउने किसिमको र धर्मको वृद्धिबाट केही कमजोरीका साथै पालन गर्नेवाला, भाग्यको सम्बन्धमा केही कमजोरी भएर पनि विवेकको शक्तिले भाग्यलाई दरिलो, बलियो तुल्याउनेवाला तथा सनातनमा प्रचलित नियम पालन गर्नेवाला, त्यो पनि भक्तिको योगद्वारा सफल तुल्याउनेवाला, अनि साहस र हिम्मत भएको, कोमलांग भएको तथा दाजु-भाइ दिदी-बहिनीबाट केही दुर्बलता सहित राम्रो सम्पर्क पाउनेवाला, धार्मिक शक्तिको ज्ञान र भाग्य-शक्तिको ज्ञानबाट प्रभाव पाउने माननीय, यशस्वी होला।

कु० नं० ७८३

८ ६
९बु. ७ ५
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको मकर राशिको बुध लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यशाली सुख भोग्नेवाला, खर्च गरेर सुख मान्नेवाला, मातृस्थानमा केही कमीका साथै आंशिक रूपमा दह्रोपना पाउनेवाला, अन्या स्थानहरूको सम्बन्धबाट खर्चको योगद्वारा सुखपूर्वक आफ्नै घरबाट उन्नति गर्नेवाला, विवेक शक्तिको भाग्य सम्बन्धी कार्यबाट सुख र मान-प्रतिष्ठा प्राप्त गर्नेवाला र माताको र भूमिस्थानको सुख ढीलो पाउनेवाला, भाग्यशक्तिको सदैव सहयोग पाउनेखालको र विवेक एवं सुखद कार्यबाट भाग्योदय पाउनेवाला, निकै इज्जतदार र सुखी मानिने खालको होला, धर्म-कर्म मान्ने अर्थात धर्मको कर्मरूपमा पालन गर्नेवाला होला।

कु० नं० ७८४

८ ६
९ ७ ५
१०बु. ४
११ १ ३
१२ २

जुन व्यक्तिको कुम्भराशिको बुध लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धर्मको सम्बन्धमा धेरै परसम्मको गहीरो ज्ञान राख्नेवाला र धार्मिक विवेकका कुराहरू निकै कोमलतापूर्ण केही उल्टो-सोझोले गर्न जान्नेवाला, बडो बाठो विद्यावान् र बुद्धि-विद्या र वाणीको चक्र चलाएर भाग्य-वृद्धि गर्नेवाला र केही कमी सहित राम्रो सुख प्राप्त गर्नेवाला र सन्तान पक्षमा यौटा दुर्बल र अर्को भाग्यमानी, विवेकी सन्तान पाउनेवाला, बुद्धियोगले भाग्यशक्ति द्वारा दैनिक खर्च चलाउनेवाला, ठूलो नीतिज्ञ, परम विवेकी र अन्य स्थानहरूको सम्पर्क शक्तिबाट लाभ-बुद्धि र भाग्यले यश प्राप्त गर्ने खालको होला।

कु० नं० ७८५

८ ६ ९ ७ ५ १० ४ ११ बु. १ ३ १२ २

जुन व्यक्तिको मीन राशिको बुध लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यमा महान् दुर्बलता र अपयश पाउनेवाला र बर्ता संकोची विचार भएको र विवशताको चक्रमा अल्झी बढी खर्च गरेर भाग्यमा हानि पाउनेवाला र शत्रु स्थानमा अशान्तिको योग पाउनेवाला, अनि मावली पक्षबाट दुर्बलता वा न्यूनता पाउने खालको होला। धर्मस्थानमा हानि पाउने भएको तथा गुप्त र निम्न श्रेणीको धर्म पालन गर्नेवाला तथा ईश्वरको भक्ति र परलोक धर्मको वास्ता नगर्नेवाला अर्थात धर्मको सम्बन्धमा निकै कमजोरी पाउनेवाला, आफ्नू भाग्यमा अफसोस गरेर चिन्तित रहनेवाला, डर र दुःख-कष्टको योग प्राप्त गर्नेवाला, अन्य स्थानहरूबाट सदैव ठूलो र राम्रो सम्बन्ध पाउनेवाला, अनि खर्चमा अपठेरो बेहोर्नेवाला, बढी गुप्त चाल चल्ने खालको व्यक्ति होला।

कु० नं० ७८६

८ ६ ९ ७ ५ १० ४ ११ १ ३ १२बु. २

जुन व्यक्तिको मेष राशिको बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यशाली र गृहस्थीको आनन्द पाउने खालको र विवाह भइसकेपछि व्यापारबाट उन्नति प्राप्त गर्नेवाला, खर्च-शक्तिलाई सुचारू-रूपले गृहस्थीको सम्बन्धमा पाउने भएको, अन्य स्थानको सम्पर्कद्वारा खर्चबाट विवेक र युक्तिहरूले भाग्य वृद्धिको योग पाउनेवाला, स्त्रीको स्थानबाट केही कमजोरीको साथै निकै उत्तम आनन्द प्राप्त गर्नेवाला, मान-सम्मान पाउने खालको र भाग्य एवं खर्च-शक्तिबाट भोग प्राप्तिको राम्रो साधन पाउने खालको होला। धर्मको सम्मबन्धमा लौकिक वृद्धिका लागि सकाम कर्म गर्नेवाला तथा स्त्रीमा पनि धार्मिक स्वभाव पाउनेवाला र व्यापारमा केही हानिको साथ-साथै सुन्दर वृद्धि पाउने खालको व्यक्ति होला।

कु० नं० ७८७

८ ६
९ ७ ५
१० ४
११ १बु. ३
१२ २

जुन पुरुषको वृष राशिको बुध लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यमा क्लेश अनुभव गर्नेवाला, खर्चको सम्बन्धमा कमजोरी र अशान्ति पाउनेवाला, खर्च र भाग्य-शक्तिको कुनै अन्य परको स्थानबाट प्राप्त गर्ने खालको तथा धर्मको सम्बन्धमा निकै न्यूनता पाउने, निजी धर्मको पालन केही उल्टो काइदाले गर्नेवाला, पैत्रिक र पुरातत्त्वको शक्तिबाट फाइदा कमाउने तथा गुप्त र गूढ योजनाहरू वा भाग्य-बलबाट धनको वृद्धि गर्दै रहँदा पनि केही न्यूनता (दुर्बलता) पाउनेवाला, समयको दिनचर्यालाई केही राम्रो र आनन्दले बिताउने, आयमा केही बलियो योग पाउनेखाको र पारलौकिक भन्दा लौकिक जीवनको नै बढी चिन्ता गर्ने र मृत्युको सुन्दर समय पाउने व्यक्ति होला।

कु० नं० ७८८

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २बु.

जुन व्यक्तिको मिथुन राशिको बुध लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी र यश प्राप्त गर्नेवाला अन्य स्थानको सम्पर्कबाट स्वतः भाग्यवृद्धिलाई विवेक शक्ति द्वारा प्राप्त गर्नेवाला, दैवी सहायताको अधिकार पाउनेवाला, भाग्यको बलले स्वतः खर्चको संचालन शक्ति पाउने भएको र धर्मको स्थानबाट केही न्यूनताको साथ-साथै बल पाउने, ईश्वरमा विश्वास राख्नेवाला, ईमानदार कहिने भएको, भाग्यको सम्बन्धमा पनि केही न्यूनताको साथै निकै दरिलो स्थिति पाउनेवाला, प्रथम अवस्थामा भाग्यको केही चिन्ता गर्नेवाला, युवावस्था देखि वृद्धिमा प्राप्त हुनेवाला, हिम्मती, पुरुषार्थी, दाजु-भाइ दिदी-बहिनी भएको होला।

कु० नं० ७८९

८　६
९　७　५
१०　४
११　१　३बु.
१२　२

जुन व्यक्तिको कर्कराशिको बुध लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी प्रतापी र ऐश्वर्य प्राप्त गर्नेवाला, भाग्य-शक्तिबाट वा अन्य स्थानहरूको सम्पर्कबाट निकै राम्रो व्यापार गर्ने भएको तथा खर्च- शक्ति द्वारा र उत्तम विचारहरू द्वारा तथा राम्रा कर्महरू गर्दै रहनाले राम्रो प्रतिष्ठा प्राप्त गर्ने भएको र पितास्थानबाट केही दुर्बलताका साथै श्रेष्ठ भाग्यको उन्नति पाउने भएको र पिताको उन्नतिका साथै केही अवनति पनि पाउने खालको र सुखका साधन भेट्टाउने र बढी धन व्यय गर्ने, धर्मको सम्बन्धमा केही कमजोरी सहित धर्मलाई कर्मको रूपमा पालन गर्ने, मातृस्थानमा केही न्यूनताका साथै राम्रो साधन पाउने, सम्माननीय, प्रतिष्ठवान् र इज्जतदार होला।

कु० नं० ७९०

८　६
९　७　५
१०　४बु.
११　१　३
१२　२

जुन व्यक्तिको सिहं राशिको बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्य र अन्य स्थानको शक्तिबाट खूब लाभ कमाउने खालको र उत्तम विवेक बुद्धिले आफ्नू आयमा वृद्धि गर्नेवाला र आमदानीको स्थानमा सफलताको साथै साथ केही कमजोरी (न्यूनता) पनि अनुभव गर्ने भएको, विद्या र बुद्धि ग्रहण गर्नेवाला, बढी विवेकी दूरदर्शी र सन्तान पक्षमा केही न्यूनताका साथै सफलता पाउनेवाला र आमदानीको विषयमा केही दुर्बलताका साथ राम्रो न्यायले काम सिद्ध पार्नेवाला, धर्मको सम्बन्धमा पनि केही कमजोरीका साथै राम्रो विवेकद्वारा धर्मको लाभ पाउनेवाला भाग्यमानी, बाठो होला।

कु० नं० ७९१

८ ६
९ ७ ५बु.
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको कन्या राशिको बुध लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्ने खालको, भाग्यस्थानमा कैयौं पल्ट हानिहरू पाउने भएको, युवावस्था पछि अन्य स्थानहरूको सम्पर्कबाट विवेक शक्तिद्वारा महान् भाग्य वृद्धि पाउनेवाला, धर्मको यथार्थ अंगमा श्रद्धा र विश्वास राख्नेवाला, धर्मको आडम्बर रूपलाई मान्नेवाला, तीर्थयात्रा इत्यादि बाहिरी धर्ममा बढी खर्च गर्ने भएको अर्थात् देखावटी धर्मलाई श्रद्धा सहित पालन गर्नेवाला, मावली पक्षमा हानि पाउनेवाला र प्रभावमा कमी भेट्टाउने खालको, साहसको स्थानमा भय मान्नेवाला र यश प्राप्तिमा न्यूनता पाउने भए पनि भाग्यमानी मानिने तथा विपक्षको सम्बन्धमा विवेकको निम्न चाल चल्नेवाला होला।

कु० नं० ७९२

८ ६बु.
९ ७ ५
१० ४
११ १ ३
१२ २

तुला लग्नान्तर – गुरुफलम्

जुन व्यक्तिको तुला राशिको गुरु लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली काम गर्ने खालको र ठूलो हिम्मत भएको तथा शरीरमा ठूलो परिश्रम गर्न सक्ने, निकै बुद्धिमान, चतुर नीतिवाला निकैबर्ता युक्ति बलद्वारा बाहुबलले व्यापार गर्नेवाला तथा मान-सम्मान प्राप्त गर्नेवाला र पुरुषार्थको सफलताबाट भाग्यमानी ठनिने भएको र धर्मको आचरणको विशेष ध्यान राख्नेवाला तर स्वार्थसिद्धिको स्थानमा धर्म पालनको वास्ता गर्न नसक्ने खालको र आफ्नू शरीरमा केही कष्ट र अपठेराहरूको साथै एक प्रकारको गौरव अनुभव गर्ने खालको र सन्तान सुखमा आंशिक वैमनस्यता पाउनेवाला तथा स्त्री पक्षमा पनि केही वैमनस्यताका साथै गौरव पाउने खालको र निकै चातुर्यले आफ्नू चाल चल्ने र गूढ चालको ज्ञाता होला। विपक्षीहरूमा विजय पाउने युक्ति जान्ने खालको होला।

कु० नं० ७९३

८ ६
९ ७गु. ५
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको वृश्चिक राशिका गुरू लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस आफ्नू परिश्रम र दौडधूपको शक्तिद्वारा खूब धनको तागतबाट शत्रुस्थानमा प्रभाव राख्ने खालको तथा निकै ठूलो इज्जत पाउनेवाला तथा हृदय-बलबाट प्रभाव उत्पन्न गर्ने भएको र निकै अमूल्य योजनाहरू तयार राख्नेवाला र निकै फुर्तिला र बांगा युक्तिहरूबाट ठूलो शक्ति प्राप्त गर्ने भएको र दाजु-भाइ दिदी-बहिनीको पक्षमा केही बन्धन पाउने खालको र धन-जन एवं राज-समाजबाट उन्नति तथा मान-सम्मान प्राप्त गर्ने किसिमको, जीवनको समयमा केही राम्रो गौरव पाउनेवाला, मावली पक्षको शक्तिबाट पनि केही लाभ पाउनेवाला र पिता स्थानको उन्नति गर्ने खालको व्यक्ति होला।

कु० नं० ७९४

८गु. ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको धनराशिको गुरु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै उत्तम प्रभावशाली पुरुषार्थ गर्ने र मावली पक्षको शक्तिबाट

कु० नं० ७९५

८ ६
९गु. ७ ५
१० ४
११ १ ३
१२ २

पनि राम्रो सहयोग कुनै वेला पाउने खालको तथा आफ्नू ओजस्व पूर्ण परिश्रमद्वारा व्यापार र त्यसको लाभ प्राप्त गर्नेवाला र परिश्रमको सफलताबाट नै भाग्यमानीहरूमा गनिने भएको तथा हृदयमा जबरदस्त साहस र शक्तिको संचार पाउने भएको, दाजु-भाइ दिदी-बहिनीको स्थानमा स्वयं आफ्नू सत्ताको अधिकार पाउने भएको र विपक्षी सत्तामाथि सदैव आफ्नू पूरा प्रभाव राख्ने खालको तथा अपठेरा र झ्याउलाहरूमा पूर्ण धैर्यले काम गरेर त्यसबाट लाभ पाउने भएको र आफ्नू शक्ति अनुसार कर्तव्य-अकर्तव्यको धर्म सम्बन्धमा सामान्य ध्यान राख्ने खालको होला।

जुन व्यक्तिको मकर राशिको गुरु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृ स्थानमा हानि पाउनेवाला, सुखको सम्बन्धमा निकै कष्टले

कु० नं० ७९६

८ ६
९ ७ ५
१०गु. ४
११ १ ३
१२ २

आंशिक शान्ति पाउने खालको तथा मान उन्नति र उत्थानका लागि व्यर्थ परिश्रम गरेर एवं अशान्ति सहेर पनि धनागम गर्न जान्नेवाला, घरमा पनि अशान्त रहनेवाला, दाजु-भाइ दिदी-बहिनी र मावली पक्षमा अशान्ति पाउनेवाला, पुरातत्त्व शक्ति र जीवनाधार शक्तिको लाभ कठोर परिश्रमद्वारा पाउने भएको, बढी खर्च गर्नेवाला, अन्य स्थानहरूको सम्बन्धनबाट पनि शक्ति पाउने भएको, सुख स्थानमा कहिले काहीं बन्धनयुक्त कारावास झैं अनुभव गर्ने र विजय पाउनका लागि विपक्षी-हरूलाई गुप्त युक्तिहरूले पन्छाउने भएको र वास्तविक धर्म न्यायको वास्ता नराख्ने र प्रकट न्यायलाई मान्ने तथा गुप्त साहस भएको व्यक्ति होला।

जुन व्यक्तिको कुम्भ राशिको गुरू लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धिको बलले शक्ति प्राप्त गर्न जान्ने, शरीर र भाग्यले नै बल प्राप्त गर्ने, बुद्धि र सन्तान बलद्वारा लाभमा वृद्धि पाउनेवाला, बुद्धिको कठोर परिश्रमद्वारा आफ्नू भित्र साहस र सम्मान एवं प्रभाव उत्पन्न गर्न जान्ने, सन्तान सुख प्राप्त गर्नका लागि अनेक कष्टसाध्य युक्तिहरूको योग पाउनेवाला, विद्या ग्रहण गर्दा बुद्धि थकित भए झैं र केही दुर्बलता पाउनेवाला, कुनै बहादुरी बुद्धि भएको र बहादुरी सन्तानवाला, चातुर्यका बटारिएका कुराले काम सिद्ध पार्न जान्ने र गुप्त युक्तिहरूद्वारा सम्मान पाउने खालको र बुद्धिमा चिन्ता मान्ने तथा धार्मिक शक्तिको पनि प्रयोग उन्नतिका लागि गर्ने खालको निकै बाठो बुद्धिमान र कार्य-प्रवीण व्यक्ति होला।

कु० नं० ७९७

८ ६
९ ७ ५
१० ४
११ गु. १ ३
१२ २

जुन व्यक्तिको मीन राशिको गुरू लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो पुरुषार्थ गर्ने खालको वीर-प्रकृति भएको, आफ्नू महान् परिश्रम द्वारा महानता प्राप्त गर्नेवाला र पिता स्थानबाट अकस्मात उत्थानको योग प्राप्त गर्नेवाला, लौकिक मान-प्रतिष्ठाको उन्नति हृदय-बलको शक्तिद्वारा एवं बाहुबलको शक्तिद्वारा सदैव गर्ने र गर्न खोज्नेवाला तथा स्थायी हिम्मत भएको र दाजु-भाइ दिदी-बहिनी पक्षमा शक्ति र वैमनस्य दुवैको योग पाउनेवाला र आफ्नू प्रतिष्ठा जोगाउने तथा हठयोगी र धन-जनको शक्ति पाउनेवाला, इज्जतदार र टेढो-बांगो बाटोको शक्ति राख्ने भएको एवं विपक्षीलाई पराजित गर्ने, धैर्यवान र कुनै वेला मावली पक्षबाट पनि शक्तिको लाभ प्राप्त गर्नेवाला, नित्य कर्मेष्ठी र आफ्नू काममा केही बन्धन अनुभव गर्ने खालको, वास्ता नराख्ने स्वार्थी व्यक्ति होला।

कु० नं० ७९८

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ गु. २

जुन व्यक्तिको मेष राशिको गुरु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस व्यापारको निकै ठूलो शक्ति प्राप्त गर्नेवाला, बडो भारी कार्य-कुशल एवं सफल परिश्रमी र स्त्रीद्वारा पनि महान् शक्तिको योग पाउनेवाला र केन्द्रिय शक्ति द्वारा लाभ, मान तथा बल प्राप्त गर्ने खालको र न्यूनतम दाजु-भाइको सहयोग पाउने तथा जबरदस्त उद्योग गर्नेवाला र आफ्नू बल-पुरुषार्थ द्वारा केही युक्तिहरू प्रयोग गरेर नित्य-निरन्तर कार्य शक्ति गर्दा-गर्दा अन्त्यमा एक महान् लाभदायक शक्ति प्राप्त गर्नेवाला र त्यही कार्य-शक्ति द्वारा शरीर स्वास्थ्य र सम्मान प्राप्त गर्ने तथा त्यही शक्तिबाट शत्रुपक्षको दमन गरेर ठूलो प्रभाव पाउनेवाला र हृदयको ठूलो शक्तिले विजय पाउने खालको व्यक्ति होला।

कु० नं० ७९९

८　६
९　७　५
१०　४
११　१गु.　३
१२　२

जुन व्यक्तिको वृषराशिको गुरु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू शक्तिमा महान् दुर्बलता अनुभव गर्ने खालको, बढी भीरू (डरछेरूवा) हृदय हुने, महान् गुप्त युक्तिहरू र गुप्त शक्तिहरूद्वारा काम सिद्ध पार्ने, विपक्षीसित अथवा झगडिया आदि शत्रुपक्षसित न्यूरेर काम बनाउनेवाला र पुरातत्त्व शैलीबाट चल्न जान्ने एवं महान् परिश्रम गर्नेवाला र मावली पक्षबाट न्यूनता पाउने भएको, खूब बढी धन व्यय गर्ने भएको एवं जन्म स्थानको सहयोग द्वारा शक्ति पाउनेवाला, धन संचयको योजना राख्नेवाला, एवं मातृस्थान र मातृभूमि तथा सुखस्थानमा न्यूनता अनुभव गर्ने खालको व्यक्ति होला।

कु० नं० ८००

८　६
९　७　५
१०　४
११　१　३
१२　२गु.

जुन व्यक्तिको मिथुन राशिको गुरु लग्नस्थानबाट नवौंमा छ भने त्यो मानिस आफ्नू भाग्यस्थानबाट शक्तिपाउनेवाला, केही अपठेरो सहित दाजु-भाइको सहयोग पनि पाउने भएको, केही युक्तिहरूका साथै निकै राम्रो पुरुषार्थ गर्ने-वाला, झगडा आदि शत्रुपक्षको केही वास्ता नगर्ने र आफ्ना बाहुबलको भरोसा गर्ने खालको र न्यायको अध्ययन गर्नाले वृद्धि पाउने खालको र धर्म-बलको मद्दत लिनेवाला किन्तु ईश्वरको यथार्थ भक्तिमा केही कमी पाउने खालको, सनातन शक्तिको पूजा गर्नेवाला र आफ्नै बल-पुरुषार्थद्वारा सम्मान पाउने तथा बुद्धिमा तीव्रता राख्नेवाला, सन्तानवाला, वास्तविक धर्म-पालनमा र भाग्यस्थानमा केही त्रुटि पाउने भएको केही राम्रो मावली हुने प्रभावशाली र साहसी व्यक्ति होला।

कु० नं० ८०१

८　६
९　७　५
१०　४
११　१　३ गु.
१२　२

जुन व्यक्तिको कर्क राशिको गुरू लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो प्रभावशाली तथा मातृस्थानको भिन्न तथा पितृ स्थानको उन्नति गर्ने खालको व्यक्ति होला। त्यो निकै ठूलो व्यापार गर्ने खालको महान् प्रतिभा पाउनेवाला, राम्ररी विचारेको युक्तिले विजय पाउनेवाला, उच्च मावली भएको, निकै स्वाभिमानी, बहादुर र राजसी काम गर्न जान्ने, वीर पुरुष कहिने, काम-काजको विशेषताहरूले गर्दा सुख-शान्तिमा बाधा पाउने, मानयुक्त रहेर धन वृद्धि गर्ने र दाजु भाइ दिदी-बहिनी बर्ता हुने र बांगा चाल चल्न निकै जान्ने खालको होला।

कु० नं० ८०२

८　६
९　७　५
१०　४ गु.
११　१　३
१२　२

जुन व्यक्तिको सिंह राशिको गुरू लग्नबाट एघारौं छ भने त्यो मानिस निकै ठूलो पुरुषार्थी र पुरुषार्थ बलले नै केही युक्तिहरूसहित धेरै धन कमाउनेवाला, विवेकी र आमदानीको शक्ति द्वारा बल र हिम्मतको वृद्धि पाउने खालको व्यापारमा सफलता पाउनेवाला, निकै सफल उद्यमी एवं प्रभावशाली र दाजु-भाइको शक्ति पाउनेवाला, स्त्री स्थानमा ठूलो शक्तिको उपभोग र सेवन गर्ने भएको, सन्तान पक्षमा केही प्रभावको कमी र वैमनस्यता पाउने खालको, आमदानीको स्थानमा केही बाधा र परिश्रमको योजनाहरूबाट धन पाउनेवाला र व्यापार एवं भोग्य वस्तुहरूको शक्ति प्राप्त गर्नमा आफ्नू सम्पूर्ण शक्ति लगाउन सक्ने बाठो व्यक्ति होला।

कु० नं० ८०३

८ ६
९ ७ ५गु.
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको कन्या राशिको गुरू लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस आफ्नू शक्ति पुरुषार्थमा न्यूनता पाउने भएको, न्यूरने किसिमको साहसले काम गर्ने भएको, गुप्त तागतको भरलाई नै ठूलो मान्ने खालको र दाजु-भाइसित विरोध र वैमनस्यता राख्ने भएको, मावली पक्षमा न्यूनता पाउनेवाला, विपक्षीहरूको एवं शत्रु पक्षलाई आफ्नू गुप्त युक्तिहरूको बलले पराजित गर्ने प्रयत्नमा लागेको र अन्य स्थानको शक्तिले नै शक्ति पाउने एवं कुनै प्रकारले परतन्त्रताको योग पाउने खालको तथा आलसी, अकर्मण्य झैं र प्रभावमा दुर्बलता पाउनेवाला, पुरातत्त्व र गूढ युक्तिहरूको परिधिबाट शक्ति पाउनेवाला र जीवनको दिनचर्यामा केही साहसरूपी शक्ति पाउने खालको र कुनै कामको पनि वास्ता नराख्ने वा बढी खर्च गर्दा बलमा कमजोरी पाउने व्यक्ति होला।

कु० नं० ८०४

८ ६गु.
९ ७ ५
१० ४
११ १ ३
१२ २

तुला लग्नान्तर-शुक्रफलम्

जुन व्यक्तिको तुला राशिको शुक्र लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस आत्मविकास गर्नमा पूरा सहयोग धारण गर्ने भएको र लामू आयुष्य पाउने खालको र पुरातत्त्वको आर्दश लाभ पाउनेवाला तथा गहीरो चालहरूलाई निकै बर्ता उच्चतम रीतिद्वारा आफ्नू काममा लगाउन जान्ने तथा महान चातुर्यले काम गर्ने खालको र शरीरमा केही कमजोरी पाउने भएको वा आत्मामा दृढता राख्ने खालको र दैहिक एवं आत्मिक बलद्वारा दैनिक कार्यहरू निकै राम्रो काइदासाथ गर्न जान्ने र यौटा विचित्र प्रकारको सुख-दुःखले युक्त गृहस्थी धर्मको संचालन गर्नेवाला र ठूलो आत्मज्ञानी, दूरदर्शी, महानआत्मा, कूटनीतिज्ञ, प्रभावशाली व्यक्ति होला।

कु० नं० ८०५

८	७शु.	६
९	१० ४	५
११	१	३
१२		२

जुन व्यक्तिको वृश्चिक राशिको शुक्र लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस पुरातत्त्व धनको लाभ पाउने तथा लामू आयुष्य पाउने पाउनेवाला, घरको धन र कोषको वृद्धि गर्नमा आफ्नू महान सम्पूर्ण शक्तिको प्रयोग गर्ने खालको होला। इज्जतदार, धनवान कहिने समाजमा मान-प्रतिष्ठा पाउने र धनस्थानमा कहिले काहीं हानि पाउने भएको र महान् गहीरा युक्तिहरूबाट वा आत्मयोगबाट वृद्धि प्राप्त गर्ने खालको तथा कौटुम्बिक स्थानमा केही सुख-दुःखको योग पाउने र लौकिक उन्नतिमा आत्मसमर्पण गर्ने तथा केही बन्धन युक्त होला।

कु० नं० ८०६

८शु.	७	६
९	१० ४	५
११	१	३
१२		२

जुन व्यक्तिको धन राशिको शुक्र लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस ठूलो पुरुषार्थ गर्ने भएको र कठिन परिश्रम द्वारा आफ्नू व्यक्तित्व

कु० नं० ८०७

	८	६
९शु.	७	५
१०		४
११	१	३
१२		२

प्रकट गर्न जान्ने खालको तथा आयुष्यमा शक्ति पाउनेवाला र भाग्यको वृद्धि गर्नमा प्राणपणले चेष्टा गर्ने भएको, बडो उत्साह प्राप्त गर्ने खालको, आफ्नो प्रभाव र परिश्रमद्वारा महानता पाउनेवाला र बढी दौडा-दौड गर्न सक्ने भएको, दाजु-भाइको स्थानमा केही न्यूनता सहित पूर्ति पाउने खालको र पुरातत्त्वको शक्ति राख्नेवाला धर्म स्थानमा केही न्यूनतासहित निकै श्रद्धा राख्ने र बाठो व्यक्ति होला।

जुन व्यक्तिको मकर राशिको शुक्र लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आफ्नू स्थानमा सुखपूर्वक जीवन-व्यतीत गर्ने खालको होला


कु० नं० ८०८

	८	६
९	७	५
१०शु.		४
११	१	३
१२		२

र लामू आयुष्य पाउनेवाला तथा धनाढ्य व्यक्तको झैं प्रभाव फिजाएर बस्ने खालको र पुरातत्त्व भूमि स्थानलाई प्राप्त गर्नेवाला र सुखपूर्वक आफ्नू व्यक्तित्व द्वारा पुरातत्त्वको पूरा लाभ पाउनेवाला, माता-पिताको स्थानमा केही कमी सहित मान-सम्मान पाउने तथा सुख-साम्राज्यलाई प्राप्त गर्नमा जीवनको सम्पूर्ण शक्तिको प्रयोग गर्ने भएको तथा निकै ठूलो चातुर्यहरूले राज-समाज वा घरेलू कामहरू सबै गराउन जान्ने व्यक्ति होला।


जुन व्यक्तिको कुम्भ राशिको शुक्र लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धेरै स्थिर बुद्धिको काम गर्नेवाला र पुरातत्त्वको प्रत्यक्ष वा विशेष ज्ञान राख्ने भएको, बढी गूढ ज्ञान र आत्मज्ञानको पूर्ण शक्ति पाउने भएको, सन्तान पक्षमा केही कष्टसाध्य सुख प्राप्त गर्ने खालको, लाभ प्राप्तिको विषयमा पूरा ध्यान राख्नेवाला र लामू आयु पाउनेवाला, निकै गम्भीरतापूर्ण गहीरो हिसाबले कुरा गर्न जान्ने, आफ्नू सिद्धान्तलाई सिद्ध गर्नमा आत्मशक्तिको प्रयोग गर्ने तथा बडो दूरदर्शी, कुटनीतिज्ञ, कठिन समस्यामा गाडिएको होला।

कु० नं० ८०९



जुन व्यक्तिको मीन राशिका शुक्र लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस निकै शानदार ढंगले वीर पुरुषको भेषमा निवास गर्नेवाला तथा बहादुर प्रकृतिको र महान कुटनीतिज्ञ तथा आफ्नू जीवनको कठिन भन्दा पनि कठिन समस्याहरूलाई समाधान गर्न जान्नेवाला, बडो लापरवाह (वास्ता नराख्ने) आनन्दी र जीवनको शानदारी र प्रभावको सामुन्नेमा केही खर्चको अभाव महसूस गर्नेवाला, केही परतन्त्रता वा स्वतन्त्रता युक्त रहने भएको र मावलीबाट विशेष सहयोग पाउने भएको तथा अनेक झ्याउलोहरू र कष्टादिमा विजय पाउने दाबी गर्ने भएको, लामो आयु पाएको र दैहिक परिश्रमको लाभमा कमी पाउने खालको होला।

कु० नं० ८१०



जुन व्यक्तिको मेष राशिको शुक्र लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस शरीरको महान् शक्तिद्वारा दैनिक व्यापारलाई संचालित राख्ने भएको र लामू आयुवाला तथा सुन्दर शरीर आत्मदर्शी, कुटनीतिमा पारंगत, बडो बाठो र आफ्नू कामलाई आफ्नू सम्पूर्ण शक्तिद्वारा पूरा पार्नेसम्बन्धमा महानता र प्रतिष्ठा केही कष्टयुक्त युक्तिहरू द्वारा सुख प्राप्त गर्ने, शारीरिक र आत्मिक बल प्राप्त गर्ने भएको तथा भोगादि पक्षमा केही नजाती र केही गूढ युक्तिहरू द्वारा आफ्नू काम सिद्ध पार्न जान्नेवाला र पुरातत्त्व शक्तिबाट लाभ पाउने खालको दूरदर्शी, स्वाभिमानी तथा बढी भोगी होला।

कु० नं० ८११

८ ६ ९ ७ ५ १० ४ ११ १शु. ३ १२ २

जुन व्यक्तिको वृष राशिको शुक्र लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस शरीरको सौन्दर्यमा केही न्यूनता र केही दुर्बलता पाउने भएको र लामू आयुष्यवाला तथा बडो भारी कुटनीतिज्ञ र सानै उमेरदेखि नै बूढो झैं देखिनेवाला, र आफूसित सम्बन्धित कुनै अन्य स्थानमा पनि बस्न सक्नेवाला तथा मन भित्र ज्ञानको शक्ति पाउने खालको र पुरातत्त्वको महान् लाभ प्राप्त गर्ने भएको तथा धन पाउनेको प्राणपणले चेष्टा गर्नेवाला एवं शानदार प्रभाव-शक्तिको जीवन व्यतीत गर्ने खालको र कुटुम्ब मनपराउने तथा आफ्नू दैहिक कलाहरूद्वारा ख्याति पाउने र गुप्त हिम्मत भएको होला।

कु० नं० ८१२

८ ६ ९ ७ ५ १० ४ ११ १ ३ १२ २शु.

जुन व्यक्तिको मिथुन राशिको शुक्र लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस सौभाग्यले जीवन व्यतीत गर्नेवाला तथा लामू आयुष्य पाउनेवाला र आफूभित्र लापरवाही (वेवास्ता) र वेफिक्री मान्नेवाला, भाग्यवादी, परिश्रमी र भाग्यउन्नतिको सम्बन्धमा प्राणपणले चेष्टा गर्ने भएको तर पनि भाग्य स्थानमा केही दुर्बलता अनुभव गर्ने खालको र दाजु-भाइ-दिदी-बहिनी प्रसस्त भएको, त्यति भएर पनि तीसित प्रेममा केही कमी पाउनेवाला र धर्ममा आस्तिकता राख्ने भएर पनि धर्मको पूरा पालन गर्न नसक्ने र ठूलो हिम्मतले काम सिद्ध पार्नेवाला, पुरातत्त्वको फाइदा पाउने र सुखी देह हुने बाठो माननीय व्यक्ति होला।

कु० नं० ८१३

८　६
९　७　५
१०　४
११　१　३शु.
१२　२

जुन व्यक्तिको कर्क राशिको शुक्र लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस राजसी जीवन व्यतीत गर्नेवाला तथा प्रभुता पाउने खालको र बर्ता 'म ठूलो' भन्ने अभिमान राख्ने भएको तथा पिता स्थानमा केही कमीका साथै सम्मान पाउनेवाला र मातृ स्थानको सुख प्राप्त गर्नेवाला, लामो आयु भएको र आफ्नो अभिमानको रक्षा गर्न प्राणपणले चेष्टा गर्दै रहने खालको होला। पुरातत्त्वको लाभ पाउने भएको र गूढ कार्य गर्न अघिसर्ने भए पनि सुख आराम बर्ता खोज्ने खालको र मानवृद्धिमा कष्ट पाउनेवाला व्यापारमा निकै कठिनताले वृद्धि पाउने र हठधर्मी व्यक्ति होला।

कु० नं० ८१४

८　६
९　७　५
१०　४शु.
११　१　३
१२　२

जुन व्यक्तिको सिंह राशिको गुरु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस जीवनमा अनेक थरिका लाभ पाइरहनेवाला तर आफ्नू स्वयंको लाभ स्थानमा केही नीरसता अनुभव गर्ने खालको होला। निकै ठूलो चातुर्य जान्नेवाला, जीवनको आयुमा केही अपठेरोको योग पाउनेवाला तथा सुन्दरता युक्त रहन मनपराउने र केही सन्तान एवं विद्या प्राप्त गर्नेवाला, पुरातत्त्वको लाभ पाउने खालको र शरीरको कठोर कर्मबाट लाभका ठूला साधन जोर्नेवाला, बडो युक्ति प्रयोग गर्न जान्ने मानयुक्त होला।

कु० नं० ८१५

८　६
९　७　५शु.
१०　४
११　१　३
१२　२

जुन व्यक्तिको कन्या राशिको शुक्र लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस आफ्नू अंगमा धेरै दुर्बलता र खराबी पाउनेवाला, अन्यान्य स्थानमा पनि आयुमा कमी पाउनेवाला, पुरातत्त्वको हानि पाउने खालको तथा सदैव आत्मामा अशान्ति पाउने भएको र अनेक थरिका झञ्झट झ्याउलामा विशेष रुचि भएको होला। गुप्त शक्तिको महान् प्रयोग गर्न जान्ने र दाउ-पेंचका चालहरू बराबर चलिरहने वाला र खर्चमा बढी कष्ट र कमी भोग्नेवाला, अन्य स्थानबाट पनि कष्टकै अनुभव गर्नेवाला र मावलीको केही थेग-भर पाउने र जीवनको दिनचर्यामा अशान्ति मान्ने खालको होला।

कु० नं० ८१६

८　६शु.
९　७　५
१०　४
११　१　३
१२　२

तुला लग्नान्तर - शनिफलम्

जुन व्यक्तिको तुला राशिको शनि लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस राम्रो सलक्क परेको शरीरवाला, धेरै ठूलो सुख भोग्नेवाला, खूब विद्या ग्रहण गर्ने भएको र निकै बुद्धिमान तथा बडो प्रभावशाली र बढी परिश्रमी एवं ठूला-ठूला बन्द व्यापारको विचार राख्ने भएको र स-साना व्यापारमा बढी अरूचि वा अश्रद्धा राख्ने भएको र स्त्रीलाई घरका व्यवहारमा वृद्धि दिए तापनि कटुवाणी बोलेर बराबर कष्ट दिइरहनेवाला, आफू पनि हृदय भित्र भोगादिक पक्षमा वा स्त्रीको वातावरणमा केही कमी वा उदासीनता राख्नेवाला र सम्पत्ति आदिको तथा सन्तान सुखको खूब आनन्द प्राप्त गर्नेवाला तथा आफ्नू शारीरिक सुखको बढी विचार राख्नेवाला र मातृ स्थानको सुख-शक्ति पाउने खालको होला।

कु० नं० ८१७

	८		६
९		७श.	५
	१०		४
११		१	३
	१२		२

जुन व्यक्तिको वृश्चिक राशिको शनि लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस भवन-भूमि आदि सम्पत्तिको शक्ति पाउनेवाला, बुद्धि र जन-धनको बलले महान् सुखको अनुभव गर्नेवाला तथा सुखका अनेक साधनहरूको संग्रह शक्ति प्राप्त गर्ने खालको प्रतापी होला। घरमा संचित सुन-चाँदी आदि नगद धनको पनि बढी वास्ता नगर्नेवाला तथा मातृस्थानबाट वृद्धि गर्ने तथा माता एवं सन्तान पक्षमा केही अशान्ति र केही बन्धन, कष्ट वा कुनै समस्या वेहोर्नु पर्ने तथा जीवनको दैनिक दिनचर्यामा सुख-शान्तिको योग पाउने भएको र खूब धन कमाउन जान्ने तथा बुद्धिरूपी धन प्रसस्त राख्नेवाला र स्थिर शान्तिले धन कमाउनेवाला एवं केही गूढयोग वा पुरातत्त्वको सुख पनि प्राप्त गर्नेवाला साहसी समाजमा इज्जतदार व्यक्ति होला।

कु० नं० ८१८

	८श.		६
९		७	५
	१०		४
११		१	३
	१२		२

जुन व्यक्तिको धनराशिको शनि लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस ठूलो पुरुषार्थी तथा निकै बुद्धिमानि र बुद्धि-बलको महान् शक्ति भएको तथा बढी बोल्ने एवं शीलरहित, निःसंकोच कुरा गर्ने, बुद्धिमा शान्तिको ज्ञान भएर पनि त्यसको पूर्णरूपले पालन गर्न नसक्ने खालको व्यक्ति होला। दुष्ट सन्तानवाला, बढी खर्च गर्ने र बुद्धियोगको बर्ता परिश्रम गर्ने र बुद्धि तथा सन्तानको प्रभाव भेट्टाउने अनि भाग्य र धर्मको विचार राख्ने, दाजु-भाइको केही शक्ति पाउने र मातृ स्थानको केही विरोध पाउनेवाला, बुद्धियोगले अन्य स्थानको सम्पर्क पनि राख्ने, बुद्धि-विद्याको संग्रह शक्तिले काम गर्ने खालको होला।

कु० नं० ८१९

८ ६
९श. ७ ५
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको मकर राशिको शनि लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सदा सुखी रहनेवाला, खूब विद्याग्रहण गरेर पनि केवल सुख प्राप्तिको नै बर्ता ध्यान राख्ने खालको र शरीरलाई परम सुखी प्रभावशाली राख्नको लागि बुद्धि योगको शक्तिले काम चलाउनेवाला, सुखको शक्तिको प्रभावले बुद्धि योगद्वारा विपक्षीहरूमा अर्थात शत्रु स्थानमा आफ्नू पूरा प्रभाव राख्नेवाला, तथा आफ्नू मान प्रतिष्ठा कायम राख्नमा समर्थ र माताको एवं भूमि-भवनको शक्ति पाउनेवाला र सन्तान पक्षबाट पूर्ति पाउनेवाला, आफू भित्र आत्मगौरव र देह गौरवको योग पाउने, निकै आनन्दी र निःफिक्री रहने व्यक्ति होला।

कु० नं० ८२०

८ ६
९ ७ ५
१०श. ४
११ १ ३
१२ २

जुन व्यक्तिको कुम्भ राशिको शनि लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस प्रसस्त विद्या ग्रहण गर्नेवाला, निकै बुद्धिमान र सन्तान सुख प्राप्त गर्नेवाला, आफ्नू बुद्धिमा सुखको पूर्ण अनुभव गर्ने खालको, मीठो वाणी बोल्नेवाला, स्त्री स्थानमा न्यूनताको अनुभव गर्ने भएको, आफ्नू कटुवाणी द्वारा स्त्रीलाई कष्ट पुऱ्याउनेवाला अर्थात कटुभाषणले व्यथित पार्नेवाला, धन-संग्रहमा केही न्यूनताको अनुभव गर्नाको कारणले धन-वृद्धिको बर्ता चेष्टा गरिरहनेवाला, दैनिक व्यापारमा वा लाभमा आंशिक कमीको योग पाउनेवाला अर्थात सुख-दुःख अनुभव गर्नेवाला, बुद्धि भित्र मातृस्थानको परम सुख अनुभव गर्नेवाला व्यक्ति होला।

कु० नं० ८२१

८ ६ ९ ७ ५ १० ४ ११ श. १ ३ १२ २

जुन व्यक्तिको मीन राशिको शनि लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस मातृ स्थान र सन्तान स्थानबाट दुःख-कष्टको अनुभव गर्ने खालको र सुख प्राप्तिको अथवा विद्या प्राप्तिमा कमी पाउनेवाला र मावली पक्षमा केही विचित्र प्रकारको वृद्धि पाउनेवाला तथा आयुमा र दिनचर्यामा केही सुखको अनुभव गर्ने भएको तथा शत्रुपक्षको वृद्धि पाएर पनि विपक्षीहरूको वास्ता नगर्ने खालको, बढी बाठो पुरुषार्थी र परिश्रमी एवं बुद्धि योगबाट गुप्तरूपमा कुनै बांगो चालको जाल तयार पार्नेवाला, सतर्क रहने भएको र बढी खर्च गर्नेवाला, केही घेराउ पाउने भएको र कुरा-कानी गर्नमा निकै घुमाएर बटारने शैलीद्वारा काम सिद्ध पार्न जान्नेवाला, केही कटुवाणी बोल्ने, साहसी, हिम्मती र प्रभावशाली तथा दाजु-भाइसित केही वैमनस्यताका साथै सम्पर्क पाउनेवाला र पुरातत्वको सुख पाउने गूढ ज्ञानी होला।

कु० नं० ८२२

८ ६ ९ ७ ५ १० ४ ११ १ ३ १२श. २

जुन व्यक्तिको मेष राशिको शनि लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा कष्ट अनुभव गर्नेवाला, स्त्री स्थानबाट नै न्यून रीतिबाट सुख प्राप्त गर्नेवाला, मातृ स्थानमा हानि पाउनेवाला र गृहस्थ जीवनमा सुखको हानि हुनाले बुद्धिमा परेशानी भएर पनि सुखको अनुभव गर्ने भएको तथा सुख प्राप्त गर्ने साधन बनाउन समर्थ भएको, त्यसै प्रकार सन्तान पक्षमा निकै हानिहरू सहने भएपछि सुख साधन पाउनेवाला र विद्या ग्रहण गर्नमा ठूला-ठूला विपत्तीहरूको मनमा अनुभव गरेपछि थोरै विद्याले पनि सुखको योग पाउनेवाला र देहमा अग्लो र दैनिक व्यापारमा क्लेश र भाग्यमा बल पाउनेवाला आफ्नू समस्त बुद्धिको लागि चाल-चल्ने खालको होला।

कु० नं० ८२३

८ ६
९ ७ ५
१० ४
११ १श. ३
१२ २

जुन व्यक्तिको वृषराशिको शनि लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस ठूलो कूटनीतिज्ञ र लामा-लामा कुरा विचार्नेवाला, दूरदर्शिता राख्ने भएको, विद्या र सन्तान पक्षमा फल प्राप्ति भएर पनि त्यसमा कमीको योगले गर्दा कष्ट पाउनेवाला र बडो गहीरो भावलो कुरा गर्नेवाला र मातृस्थानमा केही वियोग पाउनेवाला तथा सुख शान्तिको आहुति हालेर बुद्धियोग द्वारा जीवनाधार हुने पुरातत्त्व शक्ति प्राप्त गर्ने खालको र आयुको लामो सुख भोग्नेवाला र मान-प्रतिष्ठाको उन्नतिका लागि अनेक साना-ठूला युक्तिहरूबाट सदैव काम सिद्ध पार्ने तथा पिता स्थानमा सुखको हानि पाउनेवाला र धनस्थानमा न्यूनता देख्ने खालको वा सुखमा न्यूनता पाउने किसिमको गूढ ज्ञानी होला।

कु० नं० ८२४

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २श.

जुन व्यक्तिको मिथुन राशिको शनि लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्य शक्तिद्वारा सुख प्राप्त गर्ने तथा बडो बुद्धिमान धर्मज्ञानी

कु० नं० ८२५

	८		६
९		७	५
	१०	४	
११		१	३श.
	१२	२	

र विद्यायुक्त शास्त्रीय कला जान्ने भएको र सन्तान सुख प्रसस्त पाउने खालको धेरै शान्तियुक्त बुद्धिबलको प्रभाव राख्ने भएको महान् बाठो, नीतिज्ञ, गुणी र लाभ स्थानमा केही न्यूनता अनुभव गर्ने भए पनि उत्तम धन लाभ पाउनेवाला र कुनै ठूलो पुरुषार्थ गर्ने साहस भएको र आफ्नू भाग्यबलले मातृ स्थानको सुख प्राप्त गर्नेवाला, निःफिक्रि रहने खालको अर्थात विशेष झ्याउलाहरू आइलागे पनि ती सबैको वास्ता नराख्नेवाला, मावली पक्षमा केही वैमनस्यताको योग भएर पनि केही आंशिक सहयोग पाउनेवाला, धर्मस्थानमा स्थायी रूपले बुद्धि लगाउनेवाला तथा उन्नत ललाट हुने भाग्यमानी, सुखी, न्यायी व्यक्ति होला।

जुन व्यक्तिको कर्क राशिको शनि लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानको सुख शान्तिमा वैमनस्यता पाउने भएको, मातृस्थानको

कु० नं० ८२६

	८		६
९		७	५
	१०	४श.	
११		१	३
	१२	२	

सुख प्राप्त गर्ने खालको तथा सन्तान पक्षमा शक्ति पाउने र विद्यावान एवं बाठो र होशियार एवं आफ्नू उन्नतिका लागि निकै मीठा कुरा भन्ने भएको, आफ्ना कुराहरूलाई ठूलो र महत्वको तुल्याउने चेष्टा राख्ने, बढी धन खर्च गर्ने, एवं प्रभुत्व पाउने भएको रजोगुणी स्वभाव भएको, स्त्री स्थानमा त्रुटि वा कमी अनुभव गर्नेवाला, आफ्नू कठोर वाणीले स्त्रीलाई कष्ट दिनेवाला तथा व्यापारमा कमजोरी पाउनेवाला र रोजगार चाहने र गर्न जान्नेवाला माननीय, इज्जतदार घर मालिक र सुखी होला।

जुन व्यक्तिको सिंह राशिको शनि लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस बढी विद्या पाउनेवाला र सुख पाउने तथा विद्या-बुद्धिले ठूलो उन्नति गर्ने, शरीरमा महानता प्राप्त गर्नेवाला महान् सुखको अनुभव आफूभित्र गर्ने भएको, मातृ स्थानको केवल आफ्नू निम्ति उत्तम योग पाउनेवाला र सन्तान सुखको विशेष लाभ केही आलस्यको दोष पाउनेवाला, आमदानीको स्थानमा केही विशेषता भए पनि केही कष्ट-बाधाको योग अनुभव गर्नेवाला, सुख मान्ने खालको, आयुमा र दिनचर्यामा सुखको योग पाउने भएको, पुरातत्त्व र गूढ युक्तिहरूबाट पनि सुखको राम्रो साधन पाउने किसिमको, जीवनमा कुनै पनि फिक्री वा चिन्ता नभोग्ने खालको व्यक्ति होला।

कु० नं० ८२७

८		६	
९	७	५श.	
१०		४	
११	१	३	
१२		२	

जुन व्यक्तिको कन्या राशिको शनि लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस सुख पाउनका लागि बढी धन व्यय गर्ने, अर्थात खर्चबाट नै सुख अनुभव गर्नेवाला, अधिक खर्चले गर्दा सुख स्थानमा न्यूनताको योग पाउने भएको अर्थात् बुद्धिमा झ्याउलो अनुभव गर्ने र अन्यान्य स्थानहरूमा सुख शान्तिको साधन पाउनेवाला अनि आफ्नू मातृ स्थानमा सुखको हानि पाउने भएको तथा विद्या-बुद्धिमा केही कमजोरी पाउनेवाला र सन्तान पक्षमा हानिको योग परेको, सन्तान सुख धेरै समयपछि अलि-अलि पाउनेवाला, धन-संग्रहमा र कुटुम्बको सम्बन्धमा निकै वैमनस्यताका साथ सुखको केही आंशिक सम्बन्ध पाउनेवाला र अन्य स्थानबाट एवं खर्चको शक्तिले भाग्यमानीको योग प्राप्त गर्ने भएको र धर्मको सम्बन्धमा विशेष रूचि राख्नेवाला, न्यायलाई मान्ने र अनेक थरिका दुःख-कष्टहरूको विशेष योग भए पनि धैर्य र साहस नत्याग्ने खालको व्यक्ति होला।

कु० नं० ८२८

८		६श.
९	७	५
१०		४
११	१	३
१२		२

तुला लग्नान्तर - राहुफलम्

जुन व्यक्तिको तुला राशिको राहु लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस ठूलो चातुर्यले तथा धेरै बठ्याइँहरूको प्रयोग गरेर आफ्नू काम सिद्ध पार्ने भएको, सदा सतर्क र होशियार रहनेवाला अनि केही ख्याति पाउनेवाला र शरीर एवं मस्तिष्कमा केही फिक्री मान्नेवाला तथा आफ्ना युक्तिबल द्वारा निकै गहीरो लाभ पाउने प्रयत्न गर्दै रहने भएको अर्थात स्थिर लाभ पाउने पूर्ण चेष्टा गर्ने भएको अनि मनमा डर मान्ने र आफ्नू परिस्थितिमा निकै गुप्त दुर्बलता अनुभव गर्नेवाला र आफ्नू चातुर्यमा गर्व-अभिमान अनुभव गर्ने खालको अनि आफ्नू निर्भयता देखाउने र शरीरमा कहिले काहीं विशेष आघात सहन गर्ने खालको अर्थात जीवनबाट निराश हुने सम्मको योग पनि पाउने व्यक्ति होला।

कु० नं० ८२९

८　६
९　७रा.　५
१०　४
११　१　३
१२　२

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस धन संग्रह गर्ने स्थानमा केही दुःख-कष्टको अनुभव गर्ने खालको अर्थात धनको अभाव अनुभव गर्नेवाला र कुटुम्बको सम्बन्धमा केही न्यूनता वा क्लेश अनुभव गर्नेवाला र कुटुम्बको सम्बन्धमा केही न्यूनता वा क्लेश अनुभव गर्नेवाला, धन संग्रहको दृढताका लागि निकै ठूलो र बलियो प्रयत्न गर्दै रहनेवाला र कहिले काहीं धन र जनमाथि ठूला-ठूला आघात सहन गर्नेवाला, धनको विषयमा ठूला-ठूला आपत्ति विपत्तिहरू सहेर त्यसपछि निस्फिक्रिको योग पाउनेवाला अर्थात निराशापछि मात्र दृढता पाउने भएको, धनको निम्ति कुनै न कुनै नवीन बाटो झिक्ने व्यक्ति होला।

कु० नं० ८३०

८रा.　६
९　७　५
१०　४
११　१　३
१२　२

जुन व्यक्तिको धन राशिको राहु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस दुर्बल पुरुषार्थ भएको, दाजु-भाइको स्थानमा हानि पाउने खालको, बान्धवको पक्षमा क्लेश अनुभव गर्ने भएको, गुप्त हिम्मत र साहसको युक्तिले आफ्नू काम सिद्ध पार्न जान्ने खालको, गुप्त ताागतलाई नै श्रेष्ठ मान्ने भएको र केही अकर्मण्य आलसीझैं रहने खालको, स्वार्थ सिद्धिका केही अप्रशंसनीय काम गर्नेवाला कार्यक्रमको प्रगतिबाट केही थकाई अनुभव गर्नेवाला, बाहुहरूमा केही दुर्बलता पाउनेवाला, भित्री साहसको सदैव डर मान्नेवाला र आफ्नू दुर्बलतामा लुकेको साहसद्वारा धेरै काम सपार्नेवाला अर्थात् बर्ता हिम्मत भएको व्यक्ति होला।

कु० नं० ८३१

८	७	६
९रा.	१०	५
११	१	४
१२	२	३

जुन व्यक्तिको मकर राशिको राहु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुखका साधनहरूमा केही न्यूनता पाउनेवाला, माताको पक्षमा वा मातृस्थानमा केही कमीको साधन पाउनेवाला, घरको निवासस्थानमा केही अशान्ति अनुभव गर्ने भएको, घर आदिमा वा भूमि-स्थानमा केही कमी, बाधा वा झ्याउलो अनुभव गर्नेवाला, सुख स्थानमा कहिले काहीं ठूलै हानि पाउनेवाला र सुख प्राप्तिको बलियो हाँगो भेट्टाउनका लागि निकै कठोर परिश्रम वा प्रयत्न गर्ने अन्त्यमा सत्यको गहीरो दृढता पाउनेवाला र सुख प्राप्तिको सम्बन्धमा अनेक थरिका ठूला-ठूला विचित्र प्रयोगहरू गर्न जान्ने खालको व्यक्ति होला।

कु० नं० ८३२

८	७	६
९	१०रा.	५
११	१	४
१२	२	३

जुन व्यक्तिको कुम्भ राशिको राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्या ग्रहण गर्नमा बढी कष्ट अनुभव गर्ने र बुद्धि एवं वाणीद्वारा तथा गुप्त भेदहरूका युक्तिहरूबाट आफ्नू काम सिद्ध पार्ने, सन्तान पक्षमा केही बाधाहरू पाउनेवाला, गुप्त रीतिले कुराकानी गर्नमा नै गौरव ठान्ने भएको, विद्या अलि थोरै नै भए पनि विद्याको वर्ता ज्ञान प्रदर्शित गर्ने सदा प्रयत्न गरिरहने खालको होला। कुनै गहीरो फाइदालाई- जुन बुद्धिको नै विषय हो, त्यसैलाई पाउनेवाला, सन्तान पक्षमा पनि उचित सुख-शान्ति पाउनेवाला, बुद्धि र विद्यामा अनि सन्तान पक्षमा कहिले काहीं गहीरो आघात सहनेवाला र चातुर्यले काम बनाउने खालको होला।

कु० नं० ८३३

८ ६
९ ७ ५
१० ४
११ रा. १ ३
१२ २

जुन व्यक्तिको मीन राशिको राहु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली एवं निडर प्रकृतिको र रोगादि कष्टहरूमा विजय प्राप्त गर्ने र शत्रु पक्षलाई जित्न सक्ने तथा मावली पक्षबाट हानि पाउने र प्रभावको उन्नतिका लागि ठूला-ठूला प्रयत्न गर्ने र प्रभावको स्थानमा कहिले काहीं केही चिन्ता पनि सहने तर प्रभावको पक्का जरो जमाउने नै प्रयत्न गर्ने र अन्त्यमा प्रभावलाई बलियो पार्नेवाला र धैर्य एवं साहसले काम गर्ने तथा बडो ठूलो युक्तिले काम लिने, सावधान, सतर्क रहने व्यक्ति होला।

कु० नं० ८३४

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२रा. २

जुन व्यक्तिको मेष राशिको राहु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री पक्षबाट केही कष्ट सहने र व्यापारको विषयमा अनेक ठूला-ठूला युक्तिहरू प्रयोग गर्नेवाला र अपठेरा एवं झ्याउलाहरू सहन सक्नेवाला र स्त्री स्थानमा कठिन आघात सहने वा स्त्री र दैनिक व्यापारको पक्षमा अपूर्ण सुख र अनेक दुःख-कष्ट झ्याउलाहरूका साथै हिंड्न मनपराउने र केही गुप्त तागतले आफ्नू काम सिद्ध पार्न जान्ने खालको होला। स्त्री र व्यापार पक्षको दरिलो शक्ति पाउनका लागि सदैव इच्छुक र प्रयत्नशील रहने भएको र अन्त्यमा कुनै खास किसिमको दह्रो हाँगा फेला पार्नेवाला इन्द्रियमा कुनै विकार पाउने भएको, आफ्नू दैनिक काम कुनै प्रकारले परिश्रमद्वारा चलाउने भएको, योग प्राप्तिमा केही सित्तैको झैं विचित्र साधन पाउने व्यक्ति होला।

कु० नं० ८३५

८ ६ ९ ७ ५ १० ४ ११ १रा. ३ १२ २

जुन व्यक्तिको वृष राशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस जीवनमा केही कष्टसाध्य अनुभव गर्ने किसिमको र आफ्नू दैनिक दिनचर्यालाई चिन्तायुक्त भएर व्यतीत गर्न बाध्य भएको अर्थात जीवनको समयको केही सदुपयोग कुनै राम्रो काइदाले गर्न नसक्ने भएको र त्यसमा अनेक बाधा अनुभव गर्ने भएको पुरातत्त्वमा हानि पाउनेवाला, कुनै गूढ ज्ञानको गहीरा युक्तिहरूलाई प्रयोग गर्न जान्ने र उदरको तल्लो भागमा अथवा गुदामा केही खराबी अथवा कब्जियको व्याथि पाउने भएको, पैतृक सम्पत्तिमा केही हानि पाउनेवाला र जीवनमा केही अमर नाम कमाउने महान् साधन खोज्नेवाला र आयुको स्थानमा अनेक प्रकारका मार्मिक आघात सहन सक्ने खालको व्यक्ति होला।

कु० नं० ८३६

८ ६ ९ ७ ५ १० ४ ११ १ ३ १२ २रा.


जुन व्यक्तिको मिथुन राशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यमानीको वृद्धिका लागि ठूला-ठूला गहीरा प्रयत्न गर्नेवाला र भाग्यमानीको नकली स्थितिलाई उच्च फाइदाले प्रदर्शित गर्नेवाला र धर्मको सम्बन्धमा निकै गहीरा युक्तिहरूको प्रयोग गर्नेवाला र धर्मको विषयमा अनेक थरिका व्याख्यान दिनेवाला र धर्मको निकै ठूलो प्रदर्शन गर्नेवाला, धर्म र भाग्यको पक्षको केही यथार्थताहरूमा कमजोरी पाउने भएको र धर्म एवं भाग्यको शक्तिबाट केही अनधिकार सफलता पाउने र भाग्य बलियो पार्नका लागि कुनै स्थिर साधन प्राप्त नगरी नछाड्नेवाला, प्रत्यक्ष र अप्रत्यक्ष दुइ तरहका स्थिति राख्ने भएको, भेद जान्ने खालको व्यक्ति होला।

कु० नं० ८३७

८ ६
९ ७ ५
१० ४
११ १ ३रा.
१२ २

जुन व्यक्तिको कर्क राशिको राहु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस केही चिन्तित रहनेवाला र आफ्नू पितास्थानबाट केही हानिको योग पाउनेवाला, राज-समाजमा, व्यापार स्थानमा कहिले काहीं सकंट सहन गर्नेवाला र उन्नतिका लागि सदैव प्रयत्नशील रहने खालको र केही स्वतन्त्रतामा न्यूनता अनुभव गर्नेवाला, आफ्नू मान-प्रतिष्ठको सम्बन्धमा केही कमी वा केही क्लेशको योग परेको र व्यापार वृद्धिका लागि कठिन भन्दा पनि कठिन कष्टसाध्य कर्म गर्नेवाला तथा मानसिक क्लेश वा यातना सहने भएको र कहिले काहीं मान-प्रतिष्ठमा केही आघात पनि सहनेवाला र अन्त्यमा कुनै विशेष कार्यको शक्ति अकस्मात प्राप्त गर्ने खालको व्यक्ति होला।

कु० नं० ८३८



जुन व्यक्तिको सिंह राशिको राहु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस खूब लाभ कमाउने र लाभको स्थानमा केही कष्ट झ्याउलो पनि सहन सक्ने, लाभ प्राप्तिको सम्बन्धमा विशेष प्रयत्नशील सदैव रहने भएको र विशेष लाभको इच्छा भएर पनि ऊ आफ्नू अधिकार र अनधिकारको केही वास्ता न गरेर स्वार्थ सिद्धिको नै लक्ष्य तुल्याइराख्नेवाला, आमदानीको सम्बन्ध स्थानमा कहिले काहीं संकटको पनि विशेष अनुभव गर्नेवाला र अन्त्यमा कुनै दह्रो आयको बाटो भेट्नेवाला, लाभको लागि ठूला-ठूला विचित्र युक्तिहरू प्रयोग गर्ने खालको व्यक्ति होला।

कु० नं० ८३९

८ ६
९ ७ ५रा.
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको कन्या राशिको राहु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्ने र खर्चको स्थानमा केही अपूरो अनुभव गर्नेवाला, खर्च स्थानमा कहिले काहीं ठूलो सकंट सहन सक्ने, खर्च सदैव नियमानुसार नै कायम राख्ने, अन्यान्य स्थानहरूको केही दुर्बलताको साथ साथै एक विशेष दह्रो नै पाउनेवाला र खर्च स्थानमा केही अपठेरो वा झ्याउलोको साथै एक धनाढ्यको झैं ढंग पनि पाउने भएको र अन्त्यमा खर्चको सम्बन्धमा निकै बलियो योग पाउनेवाला र अन्य स्थानबाट शक्ति प्राप्त गर्ने भएको, अर्कालाई निकै वेवास्ता वा लापरवाही दर्शाउने भएको र गुप्त युक्ति जान्ने होला।

कु० नं० ८४०

८ ६रा.
९ ७ ५
१० ४
११ १ ३
१२ २

तुला लग्नान्तर - केतुफलम्

जुन व्यक्तिको तुला राशिको केतु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शरीरमा केही दुर्बलता पाउनेवाला र आफूभित्र केही अपूर्ण जस्तो अनुभव गर्ने खालको र आफू भित्रको उपस्थित न्यूनता वा दुर्बलताको वास्ता नगर्नेवाला र आफ्नो अहंकार र बहादुरीको ढंगले जीवन-यापन गर्नेवाला, ठूला-ठूला आपत्तिहरू सहेर र केही गुप्त युक्तिहरू द्वारा आफू भित्र यौटा बलियो शक्ति पाउनेवाला तथा यता-उता दगुरेर वा झ्याउलाहरूको माझमा काम गर्ने, आफ्नू स्थानमा दरिलो भएर अडिने र स्वार्थसिद्धि गर्नका लागि डर-भय नमान्ने, हठ्योगी जस्तो व्यक्ति होला।

कु० नं० ८४१

८ ६
९ ७के. ५
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको वृश्चिक राशिको केतु लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस धनको कोषस्थानमा केही हानि पाउने खालको र धन संग्रह गर्न नसक्नाले मनमा दुःखी रहने भएको र केही कौटुम्बिक हानि पाउनेवाला तथा धन-जनको स्थानमा कहिले काहीं अकस्मात हानि र विपत्तिहरू आइलाग्न सक्तछन् तथा धन संग्रह गर्नको लागि ठूला-ठूला कष्ट-बाधा पछि पनि दृढता साथ बराबर उद्योग गरिरहने भएको र ठूलो साहसले काम सिद्ध पार्नेवाला र अधिक परिश्रम तथा केही विशेष युक्तिहरूबाट धनको निर्भयता प्राप्त गर्न सक्नेवाला र धन संग्रहको लागि निकै दगुरा-दगुर गर्ने र गुप्त शक्ति भएको व्यक्ति होला।

कु० नं० ८४२

८के. ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको धन राशिको केतु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस ठूलो पुरुषार्थ गर्ने, हिम्मतको काममा तोकिएको संख्याभन्दा बढी काम गर्ने र बढी दौड-धूप गर्न सक्ने, ठूलो उत्साही हुनाले आफ्नू कुनै पनि कामको बाटोमा भविष्यको अलिकति पनि वास्ता नगरेर सदैव अधिसरि रहनेवाला र महान् वीरता राख्ने खालको र दाजु-भाइ दिदी-बहिनीको स्थानमा केही विशेष र अपूर्ण महत्व प्राप्त गर्ने भएको तथा पुरुषार्थको पराकाष्ठासम्म पुग्ने साहस वा हिम्मत राख्ने भएको तथा निकै प्रभावशाली, परिश्रमी र कठोर एवं लामा-लामा भुजाहरू हुने र गुप्त शक्तिको बल-हृदयमा धारण गर्नेवाला निकै बाटो, कुरा गर्न जान्ने, तेजिलो व्यक्ति होला।

कु० नं० ८४३

८ ६ ९के. ७ ५ १० ४ ११ १ ३ १२ २

जुन व्यक्तिको मकर राशिको केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुखको स्थानमा र मातृस्थानमा केही हानिको योग पाउनेवाला, सुख प्राप्तिको लागि निकै ठूलो प्रयत्न गर्नेभएको र सुख एवं भूमिको सम्बन्धमा कहिले काहीं ठूला-ठूला निराशाहरूको पछि पनि हिम्मत नहार्नेवाला र अन्त्यमा कुनै दह्रो र बलियो शक्ति प्राप्त गरेर सुखको अनुभव गर्नेवाला किन्तु सुखको साधनहरूको लागि परिश्रम र पुरुषार्थ एवं युक्तिहरू द्वारा काम सिद्ध पार्न जान्ने र आफ्नू स्थानबाट बाहिर पनि बस्ने भएको, सुखका एकत्रित साधनमा केही कमी अनुभव गर्नेवाला, केही अशान्ति युक्त र गुप्त साहसबाट सुख पाउनेवाला, निस्फिक्री रहने व्यक्ति होला।

कु० नं० ८४४

८ ६ ९ ७ ५ १०के. ४ ११ १ ३ १२ २

जुन व्यक्तिको कुम्भ राशिको केतु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्या ग्रहण गर्नमा अनेक थरिका बाधा र कष्टहरू भोग्ने खालको

कु० नं० ८४५

८ ६
९ ७ ५
१० ४
११ के. १ ३
१२ २

वृद्धिको सम्बन्धमा अन्तस्थलमा दरिलो भाव पाउनेवाला, किन्तु आफ्नो मन्तव्यलाई वाणीद्वारा अर्कालाई बुझाउनमा ठूलो बाधा अनुभव गर्ने भएको, बुद्धिमा कठोरता र बाधा पाउने भएको तथा सन्तान पक्षमा कष्टको योग परेको व्यक्ति होला। बुद्धिमा विशेष चिन्तित रहने भएको विद्याको एकताको विपत्तिहरूपछि र निराशाहरूको पछाडि यौटा मजबूत (दरिलो) काइदाले प्राप्त गर्नेवाला, वृद्धिमा गुप्त योजनाहरू राख्ने र आफ्नू सिद्धान्तमा अटल रहने खालको होला।

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस शत्रुहरू माथि आफ्नू ठूलो प्रभाव राख्नेवाला, मावली पक्षमा हानि

कु० नं० ८४६

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२के. २

पाउनेवाला वा क्लेश पाउनेवाला, झ्याउलाहरूमा विजय पाउनेवाला, निकै बहादुर प्रकृति भएको, धैर्यवान बढी हिम्मत राख्नेवाला, शीलको उल्लंघन गर्ने र आफ्नू स्वार्थ सिद्ध गर्नेवाला, अनि विजयको गुप्त योजनाहरूमा महान् कार्य गर्ने भएको तथा ठूलो साहसको साथ विफलताहरूसित जुझ्न तयार रहने भएको, प्रत्येक मामलामा प्रत्येक व्यक्तिसित जीतको कुरालाई नै समाउने पूरा प्रयत्न गर्नेवाला, रोगादि र झगडा-विवादको विषयमा छिटै मुक्त हुने उपाय गर्न जान्ने, निर्भय स्वभावको व्यक्ति होला।

जुन व्यक्तिको मेष राशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा कष्ट र हानिको योग पाउने भएको र घर गृहस्थीमा गहन चिन्ता पाउनेवाला, दैनिक व्यापारमा अनेक थरिका झ्याउला र हानि-नोक्सानी पाउनेवाला एवं व्यापारको सम्बन्धमा अनेक विच्छेद र बाधा एवं निराशाहरू आइपरेकालाई विजय गर्ने भएको र व्यापारको विषयमा केही अन्यको संहयोग र गुप्त भेदका क्रियाहरू द्वारा आफ्नू काम सिद्ध पार्नेवाला र विशेष चिन्तित रहने खालको र व्यापारको बलियो शक्ति पाउनको लागि सदैव विशेष प्रयत्नशील रहनेवाला र अन्त्यमा कुनै बलियो हाँगा फेला पार्ने, परिश्रमको काम गर्ने व्यक्ति होला।

कु० नं० ८४७

८ ६
९ ७ ५
१० ४
११ १के. ३
१२ २

जुन व्यक्तिको वृषराशिको केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनमा केही अशान्ति पाउनेवाला र जीवनको गुप्त धैर्य शक्तिको तागतबाट दरिलो पाराले धारण गर्नेवाला र पुरातत्त्वको केही हानिहरू पाउने खालको भएर पनि कुनै प्रकारले केही विशेष शक्तिको प्रयोग संचय गर्ने भएको तथा जीवनको पैत्रिक सम्पत्तिमा केही न्यूनता पाउनेवाला र जीवनधारा निर्वाहक शक्तिमा केही विघ्न-बाधा तथा केही मजबूती पाउने खालको र बढी शान अभिमानले जीवन बिताउने खालको तथा जीवनमा कुनै विशेष कार्य सम्झना स्वरूप गर्ने भएको तथा केही उदर विकारले पीडित होला।

कु० नं० ८४८

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २के.

जुन व्यक्तिको मिथुन राशिको केतु लग्नबाट नवौ स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यमा ठूला-ठूला निराशाहरूको संचार पाउने खालको एवं भाग्यको विषयमा अफसोस मान्नेवाला र अपयश पाउने खालको, धर्ममा दुर्बलता पाउने भएको, कुनै निम्न धर्मको पालन गर्नेवाला, यथार्थ धर्ममा श्रद्धा पाउन सक्नेवाला र भाग्य स्थानको मानिस ठूला-ठूला आघात सहन गर्नेवाला, भाग्य उदयको सम्बन्धमा निकै चिन्तित रहने भएको र ठूला-ठूला विपत्तिहरूबाट भाग्य वृद्धिको बाटो फेला पार्ने भएको तथा धर्मलाई हानि पुऱ्याउने खालको र ईश्वरमा श्रद्धा राख्नेवाला भाग्योदयको लागि गुप्त चाल चल्न जान्ने, गुप्त साहस भएको व्यक्ति होला।

कु० नं० ८४९

८　६
९　७　५
१०　४
११　१　३के.
१२　२

जुन व्यक्तिको कर्क राशिको केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा हानि पाउनेवाला र पिता स्थानबाट क्लेश अनुभव गर्ने भएको र व्यापारमा तथा अन्य कारबारमा हानि सहने खालको र कहिले काहीं मान रक्षाको लागि ठूला-ठूला संकटहरूको सामना गर्नेवाला र गुप्त शक्तिको संचार पाउनेवाला, हठधर्मीबाट काम सिद्ध पार्न जान्ने र आफ्नू उन्नतिका लागि जति पनि विपत्ति सहन तयार रहने, त्यसमा पछि नसर्नेवाला, अन्त्यमा कुनै बलियो शक्ति हात पार्न समर्थ होला। निकै दृढताले काम गर्नेवाला र भेष-भूषामा र वस्त्राभूषणहरूमा केही न्यूनता पाउनेवाला, मानसिक चिन्ता सहन सक्ने र राज्य विरोधी होला।

कु० नं० ८५०

८　६
९　७　५
१०　४के.
११　१　३
१२　२

जुन व्यक्तिको सिंह राशिको केतु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू आमदानीका लागि निकै ठूलो शक्तिको प्रयोग गर्नेवाला र निकै लाभ पाउने भएको, कहिले काहीं सित्तै जस्तो लाभ प्राप्त गर्ने खालको र आमदानीको स्थानमा केही बाधा पनि पाउनेवाला तथा केही झ्याउलो पनि सहन गर्ने अर्थात् आमदानीको वृद्धिका लागि जतिसुकै बाधाहरू आए पनि नआत्तिने, अत्यास अनुभव नगर्नेवाला र आमदानीका लागि अन्त्यमा बलियो बाटो फेलापार्ने, गुप्त शक्ति भएको, स्वार्थसिद्धिमा तत्पर रहने खालको व्यक्ति होला।

कु० नं० ८५१

८ ६
९ ७ ५के.
१० ४
११ १ ३
१२ २

जुन व्यक्तिको कन्याराशिको केतु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस निकै दह्रो स्थानमा छ भने त्यो मानिस निकै दह्रो फाइदाले सदैव नियमपूर्वक खर्च गर्नेवाला, अन्य स्थानबाट तागतको सहयोग पाउने भएको, अर्थात् अन्य स्थानको शक्तिलाई सदैव पाइराख्ने र खर्चको शैली, शानदारी कायम राख्ने खर्चको विषयमा केही दुर्बलता भए पनि प्रत्यक्षतः ठूलो उत्साहले काम गर्ने, तथा खर्चको स्थानमा कहिले काहीं अशान्तिहरूको बाढी झैं आइलागे पनि साहस नछाड्ने र हिम्मतले काम चलाउने अनि खर्चको भविष्यमा बेफिक्री पाउन ठूलो इन्तजाम (व्यवस्था) मिलाउने खालको होला।

कु० नं० ८५२

८ ६के.
९ ७ ५
१० ४
११ १ ३
१२ २

वृश्चिक लग्न हुनेको–भविष्यका तारीखहरू

सन् १९९६ को वर्षमा- ता० १/१/९६ देखि समय उत्तम रहने छ। शक्ति र साहसमा केही थेर-थोर भइरहने छ। ता० १०/५/९६ बाट केही कष्ट र बाधा रहला। ता० ३/९/९६ बाट समय निकै प्रभावशाली चल्नेछ। ता० ७/१०/९६ बाट ता० १५/११/९६ सम्ममा बाधा र कष्टले छाड्ने छैनन। ता० १६/११/९६ बाट सप्रन्दै जानेछ। ता० ३१/१२/९६ सम्ममा प्रायः सफलता मिल्दै रहला। शरीर स्वास्थ्यमा केही कष्ट बनिरहला।

कु० नं० ८५३

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

सन् १९९७ को वर्षमा - ता० १/१/९७ बाट समय उत्तम रहने छ। ता० २५/१/९७ बाट साहस शक्ति र प्रभाव शक्ति बढ्न लाग्ला। ता० ३/६/९७ बाट केही कष्ट बाधा रहला। समयमा न्यूनता आउला। ता० १८/७/९७ देखि भाग्यको समय केही राम्रो चल्नेछ। उन्नति हुँदै जानेछ। ता०१७/१०/९७ बाट समय कमजोर चल्नेछ। ता० १७/११/९७ बाट समय सप्रन थाल्नेछ। ता०६/१२/९७ बाट ता० ३१/१२/९७ सम्ममा सम्मान र प्रभाव, इज्जत र सुख लाभ हुनेछ।

कु० नं० ८५४

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

वृश्चिक लग्नका–सुनौला तारीखहरू

सन् १९९८ को वर्षमा - ता० १/१/९८ देखि भाग्यको समय उत्तम रहने छ। ता० ९/४/९८ बाट केही झ्याउलो तथा कष्ट आइलाग्ला। ता० ६/८/९८ देखि भाग्यमा सुधार चल्नेछ र ता० १७/१०/९८ सम्ममा प्रायः सफलता मिल्दै रहला। त्यसपछि समय अलि दुर्बल रहने छ। ता० १०/११/९८ देखि ता० ३१/१२/९८ सम्ममा भाग्यको समय सफलतातिर लम्कने छ र स्वास्थ्यमा अनेक बाधा आइलाग्ला।

कु० नं० ८५५

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

कु० नं० ८५६

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

सन् १९९९ को वर्षमा - ता० १/१/९९ बाट भाग्य र प्रभावको सफलता देखिने छ। ता० १४/४/९९ बाट समय केही वरालोतिर लाग्नेछ। ता० २६/७/९९ सम्ममा प्रायः भाग्य सफलतातिर लम्किरहने छ। त्यसपछिको समय बढी राम्रो रहने छैन। ता० २३/११/९९ देखि ता० ३१/१२/९९ सम्ममा भाग्यको सफलता एवं धनको आगमन भइरहने छ।

वृश्चिक लग्नमा–सुनौला तारीखहरू

सन् २००० को वर्षमा - ता० ६/१/२००० बाट समय आंशिक रूपमा ठीक रहने छ, परिश्रमले छाड्ने छैन। ता० २३/२/२००० देखि केही सुखका साधन जोरिनन्। ता० १२/४/२००० बाट केही कष्ट-बाधा रहला। ता०१५/५/२००० देखि गृहस्थी र व्यापारमा पूर्ण सफलता मिल्नेछ ता० १५/६/२००० बाट भाग्यमा न्यूनता आउला। ता० २७/७/२००० बाट भाग्यको उत्तम समय देखिने छ। ता० १८/१०/२००० बाट भाग्य फेरि दुर्बल हुँदै जाला। ता० १८/११/२००० देखि ता० ३१/१२/२००० सम्ममा भाग्य र मान-प्रभाव बढ्दै जानेछ।

कु० नं० ८५७

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

सन् २००१ को वर्षमा- ता० १/१/२००१ बाट धनको सफलता रहने छ। प्रभावमा वृद्धि होला। ता० १/४/२००१ बाट लाभमा केही कमी आउन सक्तछ। ता० १५/५/२००१ देखि आंशिक सुधार रहने छ। ता० १५/६/२००१ देखि उन्नतिमा बाधा आउन सक्तछ। ता० १७/७/२००१ देखि भाग्योन्नतिको समय चल्नेछ। ता० १८/१०/२००१ बाट भाग्यको न्यूनता चल्नेछ। खर्च बढी रहला। ता० १७/११/२००१ बाट ता० ३०/१२/२००१ सम्ममा भाग्योन्नति चल्दै रहला।

कु० नं० ८५८

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

वृश्चिक लग्नमा–सुनौला तारीखहरू

सन् २००२ को वर्षमा- ता० १/१/२००२ बाट धन र भाग्यको पक्ष बलियो रहने छ। ता० १४/३/२००२ बाट केही कष्ट-बादा रहला। ता० २/६/२००२देखि गृहस्थीमा सुधार रहला। ता० १६/६/२००२ बाट उन्नतिमा केही बाधा आउला। ता० १७/७/२००२ देखि भाग्यमा सफलता आरम्भ होला, मन-शान्त रहला। ता० २३/८/२००२ बाट मान-प्रतिष्ठा र लाभमा वृद्धि होला। ता० २५/९/२००२ बाट धनको लाभ बढ्दै जानेछ। ता० १८/१०/२००२ बाट भाग्य र शरीर स्वास्थ्यमा बाधा आइपर्ला। ता० २२/११/२००२ बाट मान-प्रभाव र इज्जत बढ्ला। ता० ३१/१२/२००२ सम्ममा उन्नतिका साधन जोरिनन्। शक्ति र साहस बढ्दै जाला।

कु० नं० ८५९

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

सन् २००३ को वर्षमा - ता० १/१/२००३ बाट उन्नतिका लागि विशेष प्रयत्न चलिरहने छ। ता० १०/२/२००३ बाट सुखका साधन घरमा जोरिनन्। ता० १४/३/२००३ देखि बुद्धि र सन्तान पक्षमा उन्नति एवं सफलता रहने छ। ता० २६/४/२००३ देखि समय केही न्यून चल्ने देखिन्छ। ता० १६/७/२००३ बाट भाग्यको सफलता र उन्नति रहने छ। ता० ४/१०/२००३ देखि भाग्योन्नतिमा केही बाधा आउला। ता० ४/१२/२००३ देखि भाग्योन्नतिमा राम्रो समय आउला। ता० ४/१२/२००३ बाट ता० ३१/१२/२००३ सम्ममा मान-प्रभाव एवं उन्नतिमा सफलता प्राप्त होला।

कु० नं० ८६०

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

वृश्चिक लग्न हुनेका लागि-सुनौला तारीखहरू

कु० नं० ८६१

९ ७ १० ८ ६ ११ ५ १२ २ ४ १ ३

सन् २००४ को वर्षमा - ता० १/१/२००४ देखि धनको सफलता रहने छ तथा पुरुषार्थ कर्मद्वारा उन्नति हुँदै जानेछ। ता० १४/४/२००४ देखि शरीरमा र भाग्यमा पनि अनेक कष्ट र बाधा आइलाग्नन्। ता० ६/८/२००४ देखि भाग्यमा केही न्यूनता रहे पनि लाभमा वृद्धि रहने छ। ता० २६/९/२००४ बाट भाग्यको कमजोरी बढ्ने छ। व्यापारमा हानि हुने सम्भावना छ। ता०३/१२/२००४ बाट ३१/१२/२००४ सम्म भाग्यको सफलता रहने छ।

कु० नं० ८६२

९ ७ १० ८ ६ ११ ५ १२ २ ४ १ ३

सन् २००५ को वर्षमा - ता० १/१/२००५ बाट धनको पक्षमा केही सफलता रहने छ। ता० १४/२/२००५ देखि पुरुषार्थ कर्मबाट नै सफलता मिल्नेछ। ता० ५/४/२००५ देखि प्रायः समय सामान्य रहने छ। त्यसपछिको समय केही अग्लो-होचो भएर चलिरहने छ। ता० १/८/२००५ देखि भाग्यको उत्तम समय रहने छ। ता० १७/१०/२००५ बाट भाग्यको समयमा न्यूनता आउला। ता० २६/११/२००५ बाट ३१/१२/२००५ सम्म भाग्यको निकै उत्तम समय रहने छ।

वृश्चिक लग्न हुनेका लागि-सुनौलो तारीखहरू

सन् २००६ को वर्षमा- ता० १/१/२००६ बाट भाग्यको उन्नति रहने छ। ता० ९/२/२००६ देखि शरीर केही अस्वस्थ रहला तर भाग्यमा सुधार चल्दै रहने छ। ता० ६/६/२००६ बाट लिएर ता० २८/६/२००६ सम्म भाग्य र लाभको प्रायः उन्नति चल्दैरहने छ। ता० ११/९/२००६ देखि भाग्यमा केही न्यूनता रहने छ। ता० १७/११/२००६ बाट ता० २२/११/२००६ सम्म उन्नति रहने छ तर पछि ता० १२/१२/२००६ बाट ता० २९/१२/२००६ सम्म भाग्यको सफलता बनिरहने छ।

कु० नं० ८६३

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

कु० नं० ८६४

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

सन् २००७ को वर्षमा- ता० २/१/२००७ बाट भाग्यमा सुधार रहने छ र उन्नति हुँदै जानेछ। ता० ५/४/२००७ बाट समय केही न्यूनतातिर लाग्ने छ। ता० १६/७/२००७ बाट भाग्यमा सुधार हुनेछ। धनागममा वृद्धि होला। ता० १८/१०/२००७ देखि फेरि भाग्यमा बाधा, बन्धन आइरहला। ता० १६/११/२००७ बाट फेरि भाग्यको उन्नति चल्नेछ। ता० २३/१२/२००७ सम्म भाग्यको सफलता प्राप्त भइरहने छ।

वृश्चिक लग्न हुनेहरूको- प्रतिकूल समय ज्ञान

कु० नं० ८६५

९		७
१०	८	६
११		५
१२	२	४
१		३

(सदैव कालको लागि)

तल लेखिएका ग्रह-जब-जब यी राशिहरूमा पञ्चांगमा आउने छन्, तब-तब ती वर्षहरूमा-महीनाहरूमा र दिनहरूमा-प्रतिकूल समय रहने छ।

सू०- तुला र मिथुन।
चं०- तुला, वृश्चिक, मेष र मिथुन।
मं०- तुला, मिथुन र कर्क।
बु०- तुला, मकर, मेष र मिथुन।
गु०- तुला, मीन र मेष।
शु०- तुला, मेष, मिथुन र कन्या।
श०- तुला, मेष र मिथुन।
रा०- वृश्चिक, धन, कुम्भ, वृष र सिंह।
के०- वृश्चिक, कुम्भ, वृष, केतु र सिंह।

नोट- जब-जब कहिले कुनै ग्रह सूर्यबाट अस्त भएर जान्छ, तब-तब त्यस ग्रहको फल कमजोर हुन्छ। पूरा वर्षको फलादेश श० गु० रा० के० यी चार ग्रहबाट हेर्नुपर्दछ। प्रत्येक महीनाको फलादेश सू० मं० शु० बु० यी चार ग्रहबाट हेर्नु पर्दछ। दैनिक फलादेश चन्द्रमाबाट हेर्नुपर्दछ।

वृश्चिक लग्न हुनेहरूको-अनुकूल समय ज्ञान

कु० नं० ८६६

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

(सदैव कालको लागि)

निम्नलिखित ग्रह जब-जब यी राशिहरूमा पञ्चांगमा आउने छन् तब-तब ती वर्षहरूमा, ती महीनाहरूमा र दिनहरूमा उन्नतिदायक समय रहने छ।

सू०- कर्क, सिंह, कन्या, वृश्चिक, धन, मकर, कुम्भ, मीन, मेष र वृष।

चं०- कर्क, सिंह, कन्या, धन, मकर, कुम्भ, मीन र वृष।

मं०- सिंह, कन्या, वृश्चिक, मकर, कुम्भ, मीन, मेष र वृष।

बु०- कर्क, सिंह, कन्या, वृश्चिक, धन, मकर, कुम्भ, वृष र मिथुन।

गु०- कर्क, सिंह, कन्या, वृश्चिक, धन, कुम्भ, मीन र वृष।

शु०- वृष, कर्क, सिंह, वृश्चिक, मकर, कुम्भ र मीन।

श०- कन्या, वृश्चिक, धन, मकर, कुम्भ, मीन, वृष, कर्क र सिंह।

रा०- कन्या, तुला, मकर, मीन, मेष र मिथुन।

के०- कन्या, तुला, धन, मकर र मेष।

नोट- सालाना फलादेश जान्नका लागि श० गु० रा० के० यी चार ग्रहबाट ज्ञात गर्नुपर्दछ। मासिक फलादेश जान्नका लागि शु० सू० बु० मं० यी चार ग्रहबाट हेर्नु पर्दछ। दैनिक फलादेश जान्नका लागि चन्द्रमाबाट हेर्नु पर्दछ।

वृश्चिक लग्नान्तर-सूर्यफलम्

जुन व्यक्तिको वृश्चिक राशिको सूर्य लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस राजसी ऐश्वर्य पाउने खालको तथा निकै प्रतापी र ठूलो

कु० नं० ८६७

९ ७
१० ८सू. ६
११ ५
१२ २ ४
१ ३

प्रभावशाली एवं बढी क्रोध र अभिमान राख्ने भएको तथा हुकुम चलाएर काम गराउनेवाला, स्त्रीस्थानमा न्यूनता पाउने तथा भोगादि योगहरू प्राप्त गर्नेवाला, पिता स्थानबाट शक्ति पाउनेवाला र निकै उच्च व्यापार गर्ने भएको र कुनै पनि उच्च कर्म नै गर्नेवाला तथा राम्रा वस्त्र आभूषण लगाउनेवाला र देहादिक सम्बन्धबाट सदैव सम्मान पाउने तथा शान र अभिमानपूर्वक रोजगार व्यापार गर्नेवाला तथा सबै काम झटाझट गर्ने र धेरै ठूला-बडा मानिससित मेल-मिलाप राखेर आफ्नू काम सिद्ध पार्न जान्ने खालको व्यक्ति होला।

जुन व्यक्तिको धनराशिको सूर्य लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस आफ्नू व्यापारमा खूब धन कमाउने र ठूलो इज्जत कमाउनेवाला

कु० नं० ८६८

९सू. ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

तथा पिता स्थानबाट वृद्धिको बाटो फेला पार्ने भएको तथा राज वा समाजबाट फाइदा प्राप्त गर्नेवाला, कुटुम्बमा प्रभाव पाउने भएको, जीवनको दिनचर्यामा बढी शान अभिमान अनुभव गर्ने भएको र ठूला-ठूला विशाल कर्म गर्ने खालको वा धन कमाउनको लागि पूर्ण शक्तिको प्रयो गर्नेवाला तथा पुरातत्त्वको गहीरो खोजी गर्ने भएको, पैतृक धनको लाभ पाउने तथा संचित कर्म शक्तिको बलद्वारा जीवनमा प्रकाश पाउनेवाला, ठूलो उद्योगी र सम्मान युक्त होला।

जुन व्यक्तिको मकर राशिको सूर्यलग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै पुरुषार्थी र बर्ता परिश्रमी एवं पिता स्थानको र दाजु-भाइको स्थानबाट शक्ति केही वैमनस्यताका साथ पाउनेवाला उद्योगद्धारा नै उन्नतिको शिखरमा पुग्ने खालको, मान प्रतिष्ठा पाउनेवाला, भाग्यशाली कहिने भएको, धर्म-कर्मको पालन गर्ने र परिश्रमबाट यश कमाउने तथा भलादमीको योजनाहरूमा काम गर्नेवाला किन्तु आफ्नू परिश्रम अनुसार पूर्ण सफलता पाउन निकै दौड-धूप गर्ने र हिम्मतमा विश्वास राख्ने खालको होला।

कु० नं० ८६९

९ ७ १० सू. ८ ६ ११ ५ १२ २ ४ १ ३

जुन व्यक्तिको कुम्भ राशिको सूर्य लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस पिताको सम्पर्क सुखको आंशिक नीरसताद्धारा प्राप्त गर्नेवाला तथा व्यापारलाई सुखपूर्वक चलाउनेवाला किन्तु केही बाधा पनि सहन सक्नेवाला र केही बाधाहरूका साथै माता-पिताको सम्बन्ध र स्थानको फाइदा पाउने भएको, भूमि-भवनको पनि सामान्यतया आय प्राप्त गर्नेवाला र घर बसी-बसी अनेक थरिका उल्टा-सीधा युक्तिहरू विचार्नेवाला, केही प्रकाशवान कर्महरू गर्ने भएको र सुख एवं ऐश्वर्यका साधनहरूमा केही विघ्न-बाधा सहने खालको र केही प्रभावशाली तथा हुकुम चलाउने र माननीय राजसी ढाँचाले दिन बिताउने व्यक्ति होला।

कु० नं० ८७०

९ ७ १० ८ ६ ११सू. ५ १२ २ ४ १ ३

जुन व्यक्तिको मीन राशिको सूर्य लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धेरै चातुर्य युक्त, व्यापार आदिको राम्रो ज्ञान राख्ने भएको तथा विद्याहरूलाई व्यावहारिक युक्ति तथा राजनीतिक रीतिले सिक्ने र त्यसै अनुसार चल्न जान्ने र योग्य सन्तान प्राप्त गर्ने खालको र पिताको शक्तिबाट फाइदा कमाउने, व्यापारदिबाट निकै लाभ पाउनेवाला, सर्तकता र चातुर्यहरूले कुरा-कानी गरेर काम सपार्न जान्ने, एवं आफ्नू उन्नतिकै कुरामा लागि रहने, उन्नतिको निम्ति ठूला-ठूला उपायले काम गर्न जान्ने, आफ्नू स्वार्थको सदैव ध्यान राख्ने भएको तर लौकिक पद्धतिको विपरीत चल्न नमान्ने खालको होला।

कु० नं० ८७१

९ ७ १० ८ ६ ११ ५ १२ सू. २ ४ १ ३

जुन व्यक्तिको मेष राशिको सूर्य लग्नबाट छैठौं स्थानमा छ भने त्यों मानिस निकै ठूलो प्रभावशाली र शत्रुहरूमा विजय प्राप्त गर्न सक्नेवाला र पिताको स्थानबाट केही विरोध र केही प्रभाव पाउने खालको होला। आफ्नो अभिमान राख्नेवाला एवं मावली पक्षमा केही शक्ति र प्रभाव पाउनेवाला तथा खर्चमा केही न्यूनता पाउनेवाला र अन्य स्थानहरूको सम्पर्क पनि केही दुर्बलताले पाउनेवाला, आपत्ति र विपत्तिहरूबाट नआत्तिने खालको कुनै बलियो युक्ति द्वारा मान-प्रतिष्ठा बनाउने भएको र युक्तिहरूकै कारबार गर्नेवाला र तामसी उग्रकार्यहरू द्वारा ठूलो प्रभाव जमाउन जान्ने तथा झगडा र झ्याउलोमा ठूलो साहस देखाउने खालको होला।

कु० नं० ८७२

९ ७ १० ८ ६ ११ ५ १२ २ ४ १सू. ३

जुन व्यक्तिको वृष राशिको सूर्य लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस व्यापारलाई निकै शानदार काइदाले चलाउनेवाला र केही विघ्न-

कु० नं० ८७३

९ ७
१० ८ ६
११ ५
१२ २सू. ४
१ ३

बाधा आइपर्दा पनि व्यापारमा केही बडप्पन पाउनेवाला एवं स्त्री स्थानमा केही वैमनस्यताका साथै मान-सम्मान पाउने भएको र स्त्रीमा केही तेजी वा प्रभाव पाउनेवाला र व्यापार वा कर्म शक्तिको योगबाट मान-सम्मान प्राप्त गर्ने खालको तथा स्त्री पक्ष र भोगादिक पक्षमा केही न्यूनताका साथ-साथै प्रभाव र अभिमान भएको र लौकिक तथा गृहस्थीका कर्म बढी उत्तेजनाका साथ वा प्रभावसहित पालन गर्ने भएको र गृहस्थ कर्म गर्नमा नै आफ्नू शोभा र गौरव ठान्ने खालको तथा पितास्थानबाट केही गृहस्थीको र व्यापारको शक्ति पाउने भएको बढी बाठो व्यक्ति होला।

जुन व्यक्तिको मिथुन राशिको सूर्य लग्नबाट आठौं स्थानमा छ भने त्यो-मानिस पिता स्थानबाट हानि पाउने भएको र मान-प्रतिष्ठाको न्यूनता

कु० नं० ८७४

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३सू.

अनुभव गर्ने तथा निकै गूढ युक्तिहरूको व्यवहारमा लाभ कमाएर उन्नतिको चेष्टा गर्ने खालको र उन्नतिको लागि नै बढी चिन्तित रहने भएको तथा विशेष कार्यमा कोशिश गर्नेवाला र धन प्राप्तिको लागि बढी प्रयत्न गर्नेवाला र जीवनको दिनचर्यामा एक प्रकारको तेज वा प्रकाश पाउनेवाला र आयुमा वा दिनचर्यामा वृद्धि र प्रभाव पाउने भएको तथा कुटुम्बको पनि वृद्धि चिताउने खालको र केही खोटो या गलत कर्मलाई परिश्रम सहित गर्न अघिसर्ने र राज-समाजमा विशेषता प्राप्त नगर्ने अनि पुरातत्त्वको केही शक्ति पाउने व्यक्ति होला।

जुन व्यक्तिको कर्क राशिको सूर्य लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यमानी प्रतापी र धर्म-कर्म गर्नेवाला र ईश्वरको शक्तिको चमत्कारमा प्रसस्त आनन्द पाउने भएको पिताबाट बढी फाइदा पाउने खालको, बर्ता पुरुषार्थ गर्न सक्ने भएर पनि भाग्यलाई नै प्रधान मान्नेवाला, दाजु-भाइको सम्बन्ध स्थानमा पिताको भन्दा अलि न्यून प्रेम राख्नेवाला तथा रजोगुणी र सत्वगुणी कर्मको पालन गर्नेवाला र राजसी ऐश्वर्य केवल तकदीरको बलले प्राप्त गर्ने खालको र खूब व्यापार पनि गर्ने भएको र निकै प्रभावशालीमा गनिने तथा कीर्ति पाउने, दूरदर्शी र तत्त्वखोजी, परोपकारी ज्ञानी होला।

कु० नं० ८७५

९		७
१०	८	६
११		५
१२	२	४सू.
१		३

जुन व्यक्तिको सिंह राशिको सूर्य लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस राज समाजको वैभव प्राप्त गर्ने भएको र निकै ठूलो हुकूमत राख्ने खालको तथा पिता स्थानको महान शक्ति पाउने अनि राज्य शासनको सम्बन्ध पाउने एवं धेरै ठूलो प्रभावशाली तथा प्रतापी र मान-सम्मान पाउने भएको र महान् उत्तेजनाहरूको कार्य झटाझट गर्ने खालको तथा निकै उग्र कर्मेष्ठी र आफ्नू व्यापार एवं कार्यशैलीको सामुन्ने कसैको पनि वास्ता नगर्ने भएको तथा पितालाई सम्मान दिनेवाला भएर पनि पिताको वास्ता नराख्ने तथा मातृ स्थानमा केही विरोध पाउने खालको र केही अशान्त प्रकृतिको होला।

कु० नं० ८७६

९		७
१०	८	६
११		५सू.
१२	२	४
१		३

जुन व्यक्तिको कन्या राशिको सूर्य लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस प्रसस्त लाभ पाउनेवाला, व्यापारादिबाट खूब धन कमाउने र बढी शान र धाकले कमाई गर्ने खालको र पिता स्थानको बढी लाभ प्राप्त गर्नेवाला तथा सधैं लाभ र सम्मानको ख्याल राख्ने एवं विद्यामा विशेष उत्तमता पाउनेवाला, सन्तानको वैभव पाउने भएको तथा बर्ता चातुर्यका कुराहरूले र कामले सम्मान भेट्टाउने खालको, राजनीतिको सम्बन्धमा राम्रो वक्ता र ज्ञान राख्ने भएको तथा प्रभावको साथै बोल्न जान्ने एवं पिताको उन्नति चाहनेवाला र गर्नेवाला, उत्तम कार्य गर्ने र तेजीका साथै काम गरेर लाभ पाउने खालको व्यक्ति होला।

कु० नं० ८७७

९ ७ १० ८ ६सू. ११ ५ १२ २ ४ १ ३

जुन व्यक्तिको तुला राशिको सूर्य लग्नबाट बाह्रौं स्थापना छ भने त्यो मानिस पिता स्थानको हानि पाउनेवाला र व्यापारमा लाभ पाउने तथा मान-प्रतिष्ठाको हानि पाउने भएको, खर्चको स्थानमा क्लेश सहने भएको र आफ्नू एवं अन्य स्थानहरूमा पनि कारबार र मान-प्रतिष्ठाको निम्ति बर्ता चिन्तित रहेर दुर्बलताको साथै काम गर्न अघिसर्ने र केही अल्छी र दब्बू झैं नीतिद्वारा आफ्नू काम सिद्ध पार्न जान्ने र शत्रु स्थानमा र मावली पक्षमा केही प्रभावको योग पाउनेवाला, योग दोषको वास्ता नगर्ने खालको र गुप्त तागतद्वारा बढी बांगा एवं प्रभावी योजना बनाउने खालको व्यक्ति होला।

कु० नं० ८७८

९ ७सू. १० ८ ६ ११ ५ १२ २ ४ १ ३

वृश्चिक लग्नान्तर-चन्द्रफलम्

जुन व्यक्तिको वृश्चिक राशिको चन्द्रमा लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस भाग्यको दुर्बलता र मानसिक चिन्ता पाउनेवाला, बढी उत्साहका साथ व्यापारमा निकै ठूलो दौड-धूप गर्नेवाला, शरीर दुब्लो भएको तथा गृहस्थीको पूरा ख्याल राख्ने खालको र स्त्रीमा र भोगादि पक्षमा मनको विशेष आशक्ति राख्ने भएको तथा व्यापारको सम्बन्धमा मन र भाग्यको तागतले उन्नति गर्ने भएको, धर्मको अपूर्ण पालन गर्नेवाला र भाग्यको उन्नति बर्ता चाहने भए पनि अझ बढी उन्नतिका धेरै-धेरै अवसर पाएर पनि यथार्थ उन्नतिबाट विघ्न-बाधा पाउनेवाला र उच्च भावनाहरूका साथै भएर पनि मनमा दुर्बलता पाउने खालको र दैवगतिमा दिक्क र अफसोस मान्ने खालको होला।

कु० नं० ८७९

९ ७
१० ८चं. ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको धनराशिको चन्द्रमा लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस भाग्यमानी र धेरै धनवान् तथा भाग्यबलको तागतले बढी धनराशि कमाउनेवाला र कुटुम्बको बर्ता आनन्द पाउने खालको र धर्म संग्रह गर्दै रहँदा पनि धर्मको यथार्थ सम्बन्धबाट केही अरूचि झैं भएको, पूर्वसंचित कर्महरूको संस्कारबाट लौकिक सफलता तथा भाग्यको चमत्कारको प्रभाव पाउने भएको एवं ऐश्वर्य भोगनेवाला र आयुमा बुद्धिको योग पाउने खालको र जीवनको दिनचर्यामा गौरव तथा सम्मानको आनन्द अनुभव गर्ने किसिमको र मानसिक विचारहरूको तागतबाट र धर्म बलको तागतबाट धन-वृद्धि गर्ने र बढी धनको इच्छा राख्ने व्यक्ति होला।

कु० नं० ८८०

९चं. ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको मकर राशिका चन्द्रमा लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस महान उत्साही, निकै पराक्रमी एवं धर्मबल र ईश्वरको भरोसामा बढी विश्वास मान्ने भएको र ईश्वर-भक्त तथा धर्मको संगति गर्ने र सत्वगुणी शक्तिको निकै राम्रोसित सदुपयोग गर्न जान्ने भएको र मनमोजी बस्न मनपराउने र दाजु-भाइ दिदी-बहिनीको अपूर्व आनन्द प्राप्त गर्नेवाला र निकै उच्चविचार भएको तथा पारलौकिक सम्बन्धमा पनि धेरै परसम्म गहीरो कुराहरू विचार गर्ने तथा पुरुषार्थ कर्ममा केही नीरसता युक्त महान् रस पाउने व्यक्ति होला।

कु० नं० ८८१

९ ७
१० चं. ८ ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको कुम्भ राशिका चन्द्रमा लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस निकै भाग्यमानी र खूब सोख भोग्नेवला, धर्म-कर्मको पालन गर्ने भएको, माताको र भूमि स्थानको सुख पनि पाउनेवाला, पिताको लाभ पनि पाउनेवाला, मनोयोगबाट ठूलो सुख प्राप्त गर्ने खालको, मनमा धर्मको भावना बढी राख्नेवाला, ठूलो व्यापार गर्नेवाला तथा भाग्य-शक्तिबाट बढी सुख र ऐश्वर्य प्राप्त गर्ने भएको, आफ्नो मातृ स्थानमा मनोयोगबाट भाग्योदय पाउने भएको, सामान्य बाधाको साथै प्रसन्न रहने, ईश्वरवादी, कर्मिष्ठ होला।

कु० नं० ८८२

९ ७
१० ८ ६
११चं. ५
१२ २ ४
१ ३

जुन व्यक्तिको मीन राशिको चन्द्रमा लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो बुद्धिमान र विद्यावान एवं दूरदर्शी, तत्त्वज्ञाता र मनोयोगको दैवी शक्ति प्राप्त गर्ने भएको ठूलो भाग्यमानी, धर्मात्मा र सत्यलाई ग्रहण गर्ने भएको र सन्तान पक्षबाट पूरा सहयोग पाउने एवं बुद्धियोग र सात्त्विक मनोयोग द्वारा भाग्योदय पाउने खालको र ईश्वरको भक्ति श्रद्धा मनमा हुने, धर्मको ज्ञान राख्ने भएको, भाग्यको तागतबाट अनेक थरिका राम्रा-राम्रा लाभ पाउने र मीठो वाणी बोल्ने गुणी होला।

कु० नं० ८८३

९ ७
१० ८ ६
११ ५
१२ चं. २ ४
१ ३

जुन व्यक्तिको मेष राशिको चन्द्रमा लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस ईश्वरको सम्बन्धमा थोरै श्रद्धा-विश्वास राख्ने खालको र भाग्यको पक्षमा केही न्यूनता पाउने भएको एवं भाग्यको उन्नतिका लागि धेरै समयसम्म चिन्तित रहेर मानसिक कष्ट सहनेवाला, कतिपय झगडा-विवाद आइलाग्ने विघ्न-बाधा र कष्टयुक्त कर्मबाट भाग्य-वृद्धि पाउनेवाला र भाग्यको सम्बन्धमा केही घेरावको झैं योग परेको, खर्चको साधन बढी पाउने र शत्रु पक्षमा केही शान्ति द्वारा सफलता प्राप्त गर्नेवाला, स्वार्थ सिद्धिको लागि न्यायान्यायको वास्ता नगर्ने खालको व्यक्ति होला। मनभित्रका ठूला-ठूला बांगा, बटारिएका युक्तिबाट लाभ पाउने होला।

कु० नं० ८८४

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ चं. ३

जुन व्यक्तिको वृषराशिको चन्द्रमा लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यको बल्दो वा चम्किरहेको चमत्कार स्पष्ट देखनेवाला, तथा भाग्य शक्ति द्वारा अनेक थरिका राम्रा-राम्रा योग प्राप्त गर्ने भएको तथा स्त्री स्थानमा बढी शान्ति, सुख र फाइदा पाउनेवाला र व्यापारमा बढी लाभ कमाउने भएको र भाग्यबलबाट मनोयोग द्वारा लौकिक उन्नतिको र लौकिक आनन्दको उत्तम योग पाउने खालको, धर्मको सम्बन्धमा विशेष रूचि राख्ने भए पनि सामान्य रूपमा पालन गर्ने भएको र व्यापार एवं गृहस्थीको उन्नतिका लागि धर्मकार्यको यथा सम्भव विशेष पालन गर्ने खालको, शरीरमा केही दुर्बलता र मनमा उमंग उत्साह पाउने व्यक्ति होला।

कु० नं० ८८५

९ ७ १० ८ ६ ११ ५ १२ २चं. ४ १ ३

जुन व्यक्तिको मिथुन राशिको चन्द्रमा लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस भाग्यको दुर्बलताबाट मानिसक कष्ट सहने भएको, भाग्यको उन्नतिका लागि ठूला-ठूला विघ्न-बाधा खप्न सक्ने तथा विदेशादिमा एवं विपत्तीहरूमा भाग्यबलको शक्तिबाट गूढ युक्तिहरू द्वारा प्राप्त गर्ने र धनको वृद्धिको लागि अनेक मानसिक चिन्तन गरिरहने खालको र कहिले काहीं अपयश पनि भेट्टाउने भएको अनि धर्मको हानि गर्नेवाला तथा पुरातत्त्वको अनायास लाभ पाउनेवाला र लामू आयुष्य पाउनेवाला तथा भाग्य वृद्धिका लागि मनोयोगको निकै गहीरो युक्तिहरू विचार्ने भएको र ईश्वरको भरमा रहन नमान्ने भएको र धन प्राप्तिको लागि न्याय-अन्यायको वास्ता नगर्ने खालको व्यक्ति होला।

कु० नं० ८८६

९ ७ १० ८ ६ ११ ५ १२ २ ४ १ ३चं.

जुन व्यक्तिको कर्क राशिको चन्द्रमा लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यशाली र यश प्राप्त गर्नेवाला र धर्मको निकै उत्तम

कु० नं० ८८७

९		७
१०	८	६
११		५
१२	२	४चं.
१		३

काइदाले पालन गर्ने भएको तथा ईश्वरको श्रद्धा भक्तिमा बढी तत्परता देखाउनेवाला, बढी स्थिरताले प्रसन्न चित्त रहने भएको र न्यायलाई प्रधान मान्ने, ईश्वरमा पूरा भरोसा राख्ने भएको वा धार्मिक योजनाहरूबाट भाग्य-वृद्धि पाउने खालको तथा मनोयोग शक्तिको बढी फाइदा प्राप्त गर्नेवाला र बर्ता गहीरो एवं परसम्मको सोच-विस्तार गर्नेवाला, दैवीयोगको चमत्कारबाट आनन्द पाउनेवाला, पुरुषार्थ र भक्तिको सहयोगद्वारा सफलता पाउने भएको आनन्दी प्राणी होला।

जुन व्यक्तिको सिंह राशिको चन्द्रमा लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली र राज्य-सुखको आनन्द स्वतः प्राप्त

कु० नं० ८८८

९		७
१०	८	६
११		५चं.
१२	२	४
१		३

गर्नेवाला, धर्म-कर्मलाई मान्ने भएको, पिता स्थानबाट र मनोयोगबाट भाग्य-वृद्धि प्राप्त गर्नेवाला, अनेक थरिका राम्रा-राम्रा कर्म र सुन्दर व्यापार गर्ने भएको, आफ्नू भाग्यबलद्वारा धेरै सम्मान पाउने खालको र धेरै वैभवशाली तथा बढी सन्तान भएको र कुनै उच्च शानदार धर्मको पालन गर्ने भएको एवं लौकिक र पारलौकिक दुवै धर्महरूको विशेष ध्यान राख्ने भएको, ठूलो यशस्वी तथा प्रतापी र मातृस्थानको सहायता पाउने भएको व्यक्ति होला।

जुन व्यक्तिको कन्याराशिको चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस भाग्य शक्तिको बलबाट धेरै थरिका राम्रा-राम्रा दिव्य लाभ पाउने भएको र आमदानीको तर्फबाट निःफिक्री रहने खालको र धर्मको राम्ररी पालन गर्ने भएको र धर्मको पंक्तिबाट वा धार्मिक विचारहरूबाट लाभ पाउने किसिमको तथा खूब धन कमाउने भएको, विद्या स्थानलाई सुचारू रूप दिएर व्यवहारमा ल्याउन जान्ने र सत्यको सदैव ध्यान राख्नेवाला एवं सन्तानसुख प्राप्त गर्ने भएको, दैवयोगद्वारा अनेक विद्याहरूको तथा वस्तुहरूको लाभ पाउने खालको, आफ्नू शील स्वभावले पनि फाइदा पाउने भएको भाग्यमानी र दयालु व्यक्ति होला।

कु० नं० ८८९

९ ७
१० ८ ६चं.
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको तुला राशिको चन्द्रमा लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस भाग्यको दुर्बलता पाउनेवाला, अन्य स्थानबाट भाग्यको सहयोग पाउने भएको र बढी खर्चको योग पाउनेवाला भाग्यमा यशको न्यूनता पाउने भएको, धर्मको कमजोरी पाउनेवाला र धर्ममा थोरै विश्वास राख्ने खालको र भाग्यको तर्फबाट मानसिक कष्ट सहनेवाला र सनातन धर्मलाई नमानेर कुनै कमजोर धर्मको पालन गर्ने भएको र धन खर्चको संचालनमा भाग्यको सहायता पाउने खालको र भाग्यको उदय अलि ढीलो पाउने खालको र मावली पक्षबाट तथा शत्रु पक्षबाट केही सान्त्वना पाउने भएको व्यक्ति होला।

कु० नं० ८९०

९ ७चं.
१० ८ ६
११ ५
१२ २ ४
१ ३

वृश्चिक लग्नान्तर-भौमफलम्

जुन व्यक्तिको वृश्चिक राशिको मंगल लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस प्रभावशाली, बलियो शरीर भएको र बर्ता रिस एवं अभिमान गर्ने भएको, अनि शरीरमा केही गरमीको विकार, कुनै रोगको रूपमा पाउनेवाला र माताको एवं मातृस्थानको केही हानि पाउनेवाला, भूमि-भवनादिको सुख-शान्तिको वातावरणमा केही विघ्न-बाधा पाउनेवाला, स्त्री स्थानमा पनि केही क्लेश पाउने खालको र अशान्ति पाउनेवाला र दैनिक व्यापारमा केही कष्ट सहने भएको तथा जीवनमा केही परेशानी मान्ने खालको तथा निकै बहादुरी र आत्मबलद्वारा अनेकानेक नाम निकाल्नेवाला एवं बढी जबरजस्त हिम्मत भएको र मावली पक्षको केही शक्ति पाउने खालको व्यक्ति होला।

कु० नं० ८९१

९ ७
१० ८मं. ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको धनराशिको मंगल लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस आफ्नू शरीरद्वारा धनवानमा गनिने खालको र धन प्राप्तिका लागि सदैव विशेष प्रयत्न गर्ने तथा धन-संग्रहको लागि निकै दगुरा-दगुर गर्ने र धन-संग्रहको सम्बन्धमा कमी हुनाले केही कष्ट अनुभव गर्ने र शरीरमा केही रोग र बन्धन पाउनेवाला, मावलीको केही न्यून सहायता पाउनेवाला, निकै बलियो कुरा गर्नेवाला, विद्या ग्रहण गर्नेवाला र सन्तान पक्षमा केही वैमनस्यताका साथै बल प्राप्त गर्ने भएको, जीवनको दिनचर्यामा केही शान पाउनेवाला, धर्म र भाग्यमा न्यूनता पाउने तथा [illegible] धर्म मान्ने होला।

कु० नं० ८९२

९मं. ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको मकर राशिको मंगल लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली र महान् कार्य गरेर महानता पाउने भएको, उच्चकोटिको परिश्रम र पुरुषार्थ गर्नेवाला, ठूलो साहस भएको मावली पक्षको शक्ति प्राप्त गर्ने र झगडा आदि झ्याउलाहरूमा विजय पाउनेवाला, शत्रुमा पूरा प्रभाव पार्ने भएको, धर्म वा भाग्यमा केही दुर्बलता अनुभव गर्ने खालको र व्यापार आदि र मान प्रतिष्ठाहरूमा उन्नति पाउनेवाला र उन्नतिका लागि सदैव प्रयत्नशील रहने भएको र पिता स्थानमा न्यूनता वा दुर्बलता पाउने र दाजु-भाइको स्थानमा आफ्नू प्रभुत्व राख्नेवाला, आफ्नू मिहिनेतको ठूलो भर मान्नेवाला-स्वाभिमानी व्यक्ति होला।

कु० नं० ८९३

जुन व्यक्तिको कुम्भराशिको मंगल लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृ स्थानमा माताको पक्षमा केही कमी र केही नीरसता पाउनेवाला, आफ्नू स्थानमा अडिने र सुख शान्तिको इच्छा गर्ने, दैनिक व्यापार गर्नेवाला तथा सुख स्थानमा हानि पाउने भएको, एवं स्त्री स्थानमा केही विरोध पाउने खालको स्त्री पक्ष र व्यापार पक्षमा केही आसक्ति वा परिश्रमको योग प्राप्त गर्नेखालको तथा अनेक युक्तिहरूद्वारा वा बल र आत्मबलबाट विशेष लाभ पाउनेवाला र आफ्नू इज्जत बढाउने तथा निकै प्रभाव पाउनेवाला, पिता स्थानबाट केही विरोध भाव सहित शक्ति पाउनेवाला र समाजमा सम्मान पाउने भएको र केही भूमियुक्त होला।

कु० नं० ८९४

जुन व्यक्तिको मीन राशिको मंगल लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बर्ता बुद्धिमान, बाठो र आनन्दी तथा नीतिज्ञ, सदैव होशियारी

कु० नं० ८९५

९		७
१०	८	६
११		५
१२ मं.	२	४
१		३

राख्न जान्ने र स्वाभिमानी तथा सधैं वीरताका कुरा गर्ने भएको र विजयमा विश्वास राख्नेवाला तथा पुरातत्त्व सिद्धान्तहरूलाई मान्ने भएको एवं जीवनमा गौरव युक्त भएर रहने खालको र आमदानी पाउनका लागि ठूलो प्रयत्न गर्नेवाला र बढी धन खर्च गर्न अधिसर्ने, अन्यान्य स्थानमा पनि सम्पर्क राख्नेवाला, वाणी र बुद्धिमा शक्ति भएको, पुत्रबाट शक्ति पाउनेवाला, किन्तु पुत्र-सम्बन्धमा केही विरोध वा बाधा-कष्ट पनि पाउने खालको र शरीरमा रोगको योग पाउनेवाला तथा शीलताको पालन गर्न असमर्थ रहने व्यक्ति होला।

जुन व्यक्तिको मेषराशिको मंगल लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस आत्माभिमानी, बहादुर र आत्मज्ञानी तथा दृढ शरीर भएको तथा

कु० नं० ८९६

९		७
१०	८	६
११		५
१२	२	४
१मं.		३

विपत्तीहरू र शत्रुहरूको वास्ता नराख्नेवाला एवं उन्नतिशील विजय र देह-बल तथा आत्मबल र परिश्रमद्वारा सम्मान पाउनेवाला, ठूलो प्रभावशाली भए पनि केही परतन्त्रता युक्त रहेर ख्याति प्राप्त गर्ने खालको तथा धर्म स्थानमा र भाग्यस्थानमा केही न्यूनता वा दुर्बलता अनुभव गर्ने भएको, बर्ता धन व्यय गर्ने र युक्तिबल द्वारा वा बांगो बाटोबाट धेरै थरि काम सपार्न जान्नेवाला तथा विशेष उन्नति गर्न सक्ने भएको एवं मावली पक्षमा प्रभाव पाउनेवाला तथा शरीरमा केही अशान्ति र आधि व्याधी एवं झ्याउलाहरू तथा थकाईको योग पाउने खालको सतर्क र सावधान रहने व्यक्ति होला।

जुन व्यक्तिको वृष राशिको मंगल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा केही वैमनस्यता पाए पनि केही शक्ति पाउनेवाला केही झगड़ा वा हित प्राप्त गर्ने खालको एवं व्यापारको स्थानमा बढी परिश्रमले आफ्नू काम चलाउने र व्यापारबाट नै सम्मान पाउनेवाला साहसी भोगी, इन्द्रिय-सुख प्राप्त गर्नेवाला स्वाभिमानी देह-बलभएको, देहमा र इन्द्रियमा केही गुप्त रोग वा परेशानी अनि केही परिश्रम प्राप्त गर्नेवाला, आफ्नू परिश्रमबाट मुख्य दुइ कुरा-मान र धनको विशेष ख्याल राख्ने भएको र पितास्थानबाट शक्ति वा इज्जतमा वृद्धि गर्ने किसिमको, राज-समाजको स्थानमा परोपकारी द्वारा सफलता र प्रभाव पाउनेवाला, बाँगो वा कठिन चाल चल्न जान्ने इज्जतदार व्यक्ति होला।

कु० नं० ८९७

९ ७ १० ८ ६ ११ ५ १२ २मं. ४ १ ३

जुन व्यक्तिको मिथुन राशिको मंगल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस शरीरले कष्ट पाउनेवाला र हृदयमा दाह भोग्नेवाला, रोगयुक्त प्रदेशवासी वा अन्य स्थानमा निवास गर्ने, केही विपत्तीमा परेको, मावली पक्षबाट हानि पाउनेवाला, सानो खाले पुड्को, आमदानी र लाभ तथा धन-प्राप्तिको विशेष ध्यान राख्ने र त्यसमा कोशिशसहित लागि पर्ने भएको, निकै ठूलो पुरुषार्थ गर्ने, दाजु-भाइलाई बढी मनपराउने र निकै ठूलो हिम्मत वा साहस भएको र गुप्त शक्तिवाला तथा ठूलो भेद युक्त नीति जान्ने र मान अपमानको वास्ता नराख्ने भएको गुप्त तागतका कारणहरूले गर्दा केही डरलाग्दो खालको मानिनेवाला, जीवनमा आफूभित्र केही अभिमान राख्ने खालको व्यक्ति होला।

कु० नं० ८९८

९ ७ १० ८ ६ ११ ५ १२ २ ४ १ ३मं.

जुन व्यक्तिको कर्क राशिका मंगल लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफू भित्र न्यूनता वा दुर्बलता अनुभव गर्ने खालको र शरीरमा

कु० नं० ८९९

९ ७
१० ८ ६
११ ५
१२ २ ४मं.
१ ३

कमजोरी पाउनेवाला र कुनै कमजोर धर्मको पालन गर्ने भएको र निकै ठूलो पुरुषार्थ गर्नेवाला वा परिश्रमले हैरानी दिक्दारी पाउनेवाला तथा धेरै धन खर्च गर्नेवाला र मातृस्थानमा र मावली पक्षमा पनि दुर्बलता पाउने भएको र सुखका साधन आदि वा भूमिको अधिकार पाउनको लागि प्रयत्नशील रहने खालको र अन्यान्य स्थानको पनि सम्पर्क योग राख्ने भएको र ईश्वरभक्ति वा यथार्थ धर्ममा श्रद्धा भक्ति कम राख्ने किसिमको तथा केही दुर्बलताको साथ वा ढीलो-चाँडो भए पनि भाग्य-वृद्धिलाई परिश्रमले प्राप्त गर्नेवाला तथा केही गुप्त युक्ति जान्ने खालको दाजु-भाइको शक्ति पाउने व्यक्ति होला।

जुन व्यक्तिको सिंह राशिको मंगल लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै प्रतापी, बुद्धिद्वारा राज्य-सुख भोग्ने भएको, शरीरमा सौन्दर्य

कु० नं० ९००

९ ७
१० ८ ६
११ ५मं.
१२ २ ४
१ ३

र तेज प्राप्त गर्ने खालको निकै प्रभावशाली होशियार कर्मिष्ठ, बढी बाठो दिमागी काम गर्नेवाला,केही रोगयुक्त वा पिता स्थानको उन्नति गर्ने भएको र पितासित केही विरोध पाउनेवाला, एवं नाम कमाउनेवाला, आत्मबल भएको दृढ संकल्प राख्ने वाला, मातृस्थानमा केही नीरसता पाउनेवाला या विरोध पाउनेवाला परिश्रमी, सन्तान शक्ति प्राप्त गर्नेवाला, निकै बुद्धिमान, विद्यावान, बोल्नमा दह्रो र हुकुम चलाएर आफ्नू काम गराउने खालको केही ख्याति प्राप्त व्यक्ति होला।

जुन व्यक्तिको कन्या राशिको मंगल लग्नबाट एघारौं स्थानमा छ, भने त्यो मानिस आफ्नू शारीरिक शक्तिले बढी धन कमाउने खालको, ठूलो प्रभावशाली तथा उत्तम पुरुषार्थ गर्न सक्ने वा बढी नाफा खाने, मावली पक्षबाट लाभ युक्त शक्ति प्राप्त गर्ने भएको, लाभ प्राप्त गर्ने र बुद्धिमा बल र तीक्ष्णता पाउने खालको तथा पुत्र-सुख प्राप्त गर्नेवाला र सन्तान पक्षबाट केही न्यूनता वा व्यर्थ झ्याउलो आइलाग्ने तथा आफ्नू चातुर्य र सावधान रहने योगले विशेष लाभ पनि पाउने भएको र विपक्षीहरूमा विजय एवं आफ्नू प्रभाव पार्न जान्नेवाला, शरीरमा केही कमजोरी पाउने भएको निकै रिसाहा व्यक्ति होला।

कु० नं० ९०१

९ ७
१० ८ ६मं.
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको तुला राशिको मंगल लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस शारीरिक पक्षमा बढी कष्ट अनुभव गर्नेवाला तथा दुर्बलता पाउनेवाला र खर्चको विघ्न बाधाले निकै परेशान रहने, झगड़ा-विवादको विषयमा र रोगादि झ्याउलोमा धन खर्च गर्नेवाला, मावली पक्षमा कमजोरी पाउने खालको र केही अन्य स्थानहरूमा निवास गर्ने भएको तथा ठूलो पुरुषार्थ एवं कडा परिश्रम गर्नेवाला, दाजु-भाइलाई मनपराउनेवाला तथा दुर्बलतामा पनि प्रभाव कायम राख्ने भएको र व्यापारमा कुशलता पाएको, हृदयमा अशान्ति अनुभव गरिरहने र स्त्री एवं गृहस्थीमा सुख-दुःखको अनुभव गर्ने तथा भोगको बढी इच्छा राख्ने भएको र भोगप्राप्तिको लागि विशेष प्रयत्न गर्दै रहनेवाला, चंचल मन र हृदय अशान्त भए पनि भ्रमण गर्न रुचाउने खालको व्यक्ति होला।

कु० नं० ९०२

९ ७मं.
१० ८ ६
११ ५
१२ २ ४
१ ३

वृश्चिक लग्नान्तर-बुधफलम्

जुन व्यक्तिको वृश्चिक राशिको बुध लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस पुरातत्त्व शक्तिबाट सम्बन्धित विशेष कार्यको द्वारा लाभ र आमदानी पाउनेवाला, सौम्य प्रकृति वा सौम्य आचरणको भएर पनि एक प्रकारको रिस र अशान्ति आफूभित्र राख्न सक्ने, लामू आयुवाला र उत्साहपूर्वक शानदार जीवनको समय व्यतीत गर्ने भएको, गहीरो र गुप्त चालहरूको आदर्शरूपमा विवेक शक्तिद्वारा प्रयोग गरेर व्यापारमा फाइदा कमाउनेवाला, शरीरको योगद्वारा र शरीरको कठिन परिश्रमहरू द्वारा लाभ पाउने अधिकारी भएको, जीवनको आमदानीको शक्तिद्वारा लौकिक गृहस्थीको पूरा ध्यान राख्ने खालको होला।

कु० नं० ९०३

९　७
१०　८बु.　६
११　५
१२　२　४
१　३

जुन व्यक्तिको धन राशिका बुध लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन संग्रह गर्नमा अनेक साना-ठूला युक्तिहरू विवेक-शक्तिको पूर्ण सफलता प्राप्त गर्ने खालको तथा आमदानीलाई जोर्ने प्रयत्न गर्दै रहनेवाला, पुरातत्त्वको निकै ठूलो लाभ कमाउनेवाला, र धन संग्रह गर्नमा केही हानिहरू पनि पाउनेवाला र जीवनको दिनचर्यामा केही धनी परिवारको झैं रहन-सहन उच्च हुने कारणले पनि धन-संग्रहको केही न्यूनता पाउनेवाला र लामू आयुष्य भएको, ठूलो इज्जतदार र सुख भोग्नेवाला तथा व्यापारमा बढी लाभ कमाउनेवाला र गूढ एवं पैतृक लाभ पाउनेखालको तथा विचार शक्ति ले ठूला-ठूला गहीरा चाल सोचेर फाइदा कमाउनेवाला र कुटुम्बको लाभ र हानि दुवैको योग पाउनेवाला होला।

कु० नं० ९०४

९बु.　७
१०　८　६
११　५
१२　२　४
१　३

जुन व्यक्तिको मकर राशिको बुध लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस सौम्य रीतिले ठूलो पुरुषार्थ गर्नेवाला र पुरुषार्थले लाभ पाउनेवाला तथा गूढ विवेक-शक्तिले लाभ पाउने खालको र पुरातत्त्व शक्तिको उत्तम फल प्राप्त गर्नेवाला एवं गूढ लाभको योजनाहरूद्वारा भाग्यमा सफलताको योग पाउने भएको र आयुको वृद्धि पाउने भएको, दाजु-भाइ दिदी-बहिनीको सम्पर्कमा केही विघ्न-बाधाको साथ-साथै लाभ र आत्मीयताको योग पाउने भएको र दाजु-भाइ दिदी-बहिनीको सम्बन्धमा केही न्यूनता या क्लेशको साधारण योग प्राप्त गर्नेवाला तथा धर्मको सम्बन्धमा केही स्वार्थयुक्त नीतिको प्रयोग गर्नेवाला व्यक्ति होला।

कु० नं० १०५

९ ७ १० बु. ८ ६ ११ ५ १२ २ ४ १ ३

जुन व्यक्तिको कुम्भ राशिको बुध लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आफ्नू स्थानमा केही विघ्न-बाधाहरू सहित सुखपूर्वक आमदानी र पुरातत्त्व लाभको सुख भोग्ने खालको तथा आमदानी र दिनचर्याका कारणहरूबाट सुखका साधनहरूमा केही कमीको योग पाउने भएको र मातृस्थानमा लाभयुक्त भएर पनि केही न्यूनता र क्लेश पाउने भएको र आमदानी एवं पुरातत्त्वको लाभ र सुखलाई विवेक र विचारहरू द्वारा प्राप्त गर्ने भएर र मान-सम्मानलाई युक्तिले प्राप्त गर्ने र गूढ युक्तिहरूबाट बढी सुखको अनुभव गर्ने व्यक्ति होला।

कु० नं० १०६

९ ७ १० ८ ६ ११बु. ५ १२ २ ४ १ ३

जुन व्यक्तिको मीन राशिको बुध लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्या र बुद्धिमा केही न्यूनता पाउनेवाला एवं थोरै विद्या पाउनेवाला र सन्तान पक्षमा केही हानि र क्लेश पाउने भएको तथा आयुको केही दुर्बलताको ख्याल राख्ने भएको र गुप्त एवं गहीरो योजनाहरू द्वारा र बुद्धि-बलले अधिक लाभ कमाउने भएको र बर्ता लाभको कुरा हरेक-स्थितिमा विचार्ने खालको तथा बढी लाभ पाउनका लागि बर्ता चिन्तित रहने भएको अनि आफ्नू जीवनमा केही भित्री दुर्बलता र शारीरिक कष्ट अनुभव गर्नेवाला तथा पुरातत्त्वको लाभ कष्ट गरेर नै पाउने भए पनि पुरातत्त्वकै योगले र बुद्धिको कठिन परिश्रमद्वारा बढी लाभ पाउनेवाला, कटुवाणी बोल्ने र लुकाइ-छपाइ गर्ने खालको होला।

कु० नं० ९०७

९　७
१०　८　६
११　५
१२ बु.　२　४
१　३

जुन व्यक्तिको मेष राशिको बुध लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस आमदानीको लागि आफ्नू जीवनमा चिन्ता र परतन्त्रताको योग पाउनेवाला, केही आमदानी रोग वा विघ्न-बाधा वा आफ्नू कर्मले पनि पाउनेवाला र खर्चको साधन बढी पाउने तथा अन्यान्य स्थानको पनि केही सम्बन्ध पाउनेवाला र आफ्नू जीवनकालमा दिनचर्याको समयको पूरा सदुपयोग गर्न नसक्ने तर चिन्ताहरूले ढाकिइरहने खालको वा गुप्त योजनाहरूलाई विवेक शक्तिद्वारा अझ बढी गूढ तुल्याएर प्रयोग गर्ने भएको तथा जीवनका कठिनाईहरू सहन गरेर नै निवारण गर्ने जान्ने र शत्रु स्थानमा कोमल भावले काम सिद्ध पार्ने र मावलीबाट केही न्यून सहयोग पाउने खालको होला।

कु० नं० ९०८

९　७
१०　८　६
११　५
१२　२　४
१बु.　३

जुन व्यक्तिको वृष राशिको बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारको स्थानमा केही कष्टयुक्त कर्मद्वारा लाभ प्राप्त गर्ने

कु० नं० १०९

९ ७
१० ८ ६
११ ५
१२ २बु. ४
१ ३

भएको र सम्मान पनि पाउनेवाला एवं स्त्री स्थानमा सुख लाभको अतिरिक्त केही गुप्त विघ्न-बाधा र क्लेश पनि सहने खालको, तर जीवनको आनन्ददायक समय पनि विवाह भइसकेपछि पाउनेवाला, इन्द्रिय भोगविलासको सम्बन्धमा प्रत्यक्ष भन्दा अप्रत्यक्षको वर्ता लाभ पाउने खालको तथा व्यापार र लाभको सम्बन्धमा केन्द्रस्थ रहेर जनताको जानकारीमा आएर काम गर्ने भएको तथा गूढ योजनाहरूबाट जटिल विचारहरू द्वारा बढी लाभ कमाउने अनि गहीरो विवेक-शक्तिको लाभ र व्यापारद्वारा जीवनमा गौरव मान्ने भएको परिश्रमी व्यक्ति होला।

जुन व्यक्तिको मिथुन राशिको बुध लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस लामू आयु भएको तथा अत्यन्त गूढ तत्त्वलाई विवेक-शक्तिले

कु० नं० ११०

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३बु.

सरल तुल्याउन जान्ने, पुरातत्त्व विभागको विशेष अधिकार र लाभ पाउने भएको अनि आमदानी र लाभको लागि अन्यान्य स्थानको सुयोगबाट लाभ कमाउनेवाला तथा लाभ पाउने गोरेटोबाट अथवा प्राप्तिको मार्ग स्थानका कारणहरूद्वारा जीवनको दिनचर्यामा विशेष उज्ज्वलता र शानदारी पाउनेवाला, धन संग्रहको लागि पूर्ण शक्ति जुन गूढभन्दा पनि गूढ छ, त्यसैको प्रयोग गर्नेवाला, जीवनमा आनन्द, सुख र दिनचर्यामा कठोरता एवं कोमलता मिश्रित उपयोग गर्ने व्यक्ति होला।

जुन व्यक्तिको कर्क राशिको बुध लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्य-शक्ति द्वारा आमदानी सम्बन्धी प्रत्यक्षको खूब लाभ पाउनेवाला, विवेक-शक्तिद्वारा पैतृक र पुरातत्त्वको बल पाउनेवाला, वर्तमानमा पुण्य संचय गर्ने इच्छा भए पनि अपूर्ण काम नै गर्नसक्ने भएको, पुरुषार्थको वृद्धि गर्ने खालको, जीवनको दिनचर्यामा आनन्द लिने भएको, लामू आयुष्य पाउनेवाला, यशमा केही न्यूनता पाउनेवाला, लौकिक र पारलौकिक विषयको गूढ विवेकको लाभ पाउनेवाला, स्वार्थसिद्धिको पूरा ध्यान राख्ने भएको र भाग्यमा केही कमजोरी न्यूनता पाउने चिन्तारहित होला।

कु० नं० १११

९ ७
१० ८ ६
११ ५
१२ २ ४बु.
१ ३

जुन व्यक्ति सिंहराशिको बुध लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस सम्मानपूर्वक लाभ पाउने खालको, पुरातत्त्व र पैतृक लाभ पनि सिर ठड्याएर पाउनेवाला, पिताको स्थानमा केही हानि वा क्लेषयुक्त लाभको योजना पाउने भएको, लामू आयु पाउनेवाला, जीवनको समय निकै प्रभावशाली कर्मले वा विवेक बलले व्यतीत गर्नेवाला, आमदानीको लागि र उन्नतिको निम्ति निकै गूढ विवेक र राजनीतिले काम गर्ने भएको, तर कठोरता भित्र कोमलता राख्न जान्ने भएको, आफ्नू पदोन्नतिको लागि र मान प्रतिष्ठाको सम्बन्धमा केही बाधा पाउने साहसी व्यक्ति होला।

कु० नं० ११२

९ ७
१० ८ ६
११ ५बु.
१२ २ ४
१ ३

जुन व्यक्तिको कन्याराशिको बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस पुरातत्त्वको महान लाभ पाउने भएको र लामू आयुष्य पाएको,

कु० नं० ९१३

९ ७
१० ८ ६बु.
११ ५
१२ २ ४
१ ३

विवेक-शक्ति र गूढ युक्तिहरू द्वारा धेरै थरिका अनेक लाभ पाउनेवाला र जीवनमा भोगानन्दको महान लाभ पाउनेवाला, विद्या र बुद्धिमा केही न्यूनता वा दुर्बलता पाउने भएको, सन्तान पक्षमा केही क्लेशको योग पाउनेवाला एवं बोल-चालमा कुराकानी गर्दा विवेक शक्तिमा पनि केही कमजोरी पाउनेवाला, पूर्व संचित शक्तिको निकै लाभ पाउने भएको, लुकाउने कुराहरूबाट निष्कर्ष झिक्न जान्ने, जीवनको मग्न लापरवाहीबाट र केही कटु वाणीबाट आफ्नू प्रभाव पार्न जान्ने व्यक्ति होला।

जुन व्यक्तिको तुला राशिको बुध लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस धेरै बर्ता धन खर्च गर्ने र अन्यान्य स्थानको सम्पर्कबाट पनि बढी

कु० नं० ९१४

९ ७बु.
१० ८ ६
११ ५
१२ २ ४
१ ३

लाभ पाउने भएको एवं पुरातत्त्वको संचित विभूतिको यथार्थ लाभ पाउने नसक्ने तर पूर्व र वर्तमानको हानि पाएर विवेक-शक्तिबाट अन्य स्थानबाट सफलता प्राप्त गर्ने खालको र बाल्यकालको जीवनमा अशान्तिको योग पाउनेवाला तथा जीवनकालमा ढीलो वा परको सम्पर्कबाट लाभ पाउने भएको र खर्चबाट फाइदा प्राप्त गर्ने खालको तथा लाभमा दुर्बलता वा न्यूनता पाउनेवाला तथा आयुस्थानमा पनि कहिले काहीं निकै निराशाजनक योग पाउनेभएको, स्वतः बर्ता खर्चको योग पाउने भएको, केही विवाद झगडा र रोग इत्यादिको योग पनि पाउनेवाला होला।

वृश्चिक लग्नान्तर- गुरुफलम्

जुन व्यक्तिको वृश्चिक राशिको गुरू लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस बुद्धिमान, पण्डित र निकै ठूलो धर्मज्ञ, नीतिज्ञ वा धनको शक्ति प्राप्त गर्ने भएको, निकै योग्यता र सन्तान पाउने खालको, हृदय र बुद्धिको बलले ठूलो सम्मान पाउने भएको, पुत्रको माध्यमबाट उन्नति पाउने, गृहस्थी र व्यापारको बढी ध्यान राख्नेवाला, धन र कुटुम्बको वृद्धि गर्नमा लागि रहने भएको ठूलो गुणी, न्यायको पक्षधर, उचित र बचाउतिरको कुरा गर्नेवाला, आफ्नू अंगमा अनेक कला राख्ने भएको तथा ज्योतिषमा बढी प्रेम गर्ने भएको, प्रतिष्ठवान, दूरदृष्टि राख्ने खालको, आत्मज्ञानी कहिने, प्रभावशाली तथा सनातन-धर्म मान्ने, ईश्वरमा निष्ठा र विश्वास भएको होला।

कु० नं० ९१५

९ ७
१० ८गु. ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको धन राशिको गुरू लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस बुद्धि-विद्याको बलले धनसंग्रह गर्ने भएको र धेरै विद्याको धनी, बडो होशियार, ठूलो प्रभाव राख्ने विद्याको बलले धेरै सम्मान पाउने खालको तथा आफ्नू इज्जतमा उन्नति पाउने भएको पिता स्थानबाट लाभ र वृद्धिको योग पाउनेवाला, राज-समाजबाट अनेक फाइदा पाउनेवाला, बडो कर्मेष्ठी र उन्नतिको लागि मन र बुद्धि द्वारा निकै प्रयत्नशील रहिरहने भएको तथा सन्तान भरिपूर्ण भएको, जीवनमा प्रतिष्ठित सम्मान प्राप्त गर्नेवाला र केही पुरातत्त्वको क्रमबाट फाइदा पाउनेवाला र सन्तान पक्षमा र विद्यास्थानमा केही बन्धन अनुभव गर्ने व्यक्ति होला।

कु० नं० ९१६

९गु. ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको मकर राशिको गुरू लग्नबाट तेस्रो स्थानमा छ भने त्यो मानिस दाजु-भाइको हानि गर्ने र दाजु-भाइबाट कमजोरी वा न्यूनता पाउने तथा धनजनको हानि पाउने खालको र विद्या-बुद्धिमा पनि न्यूनता पाउने भएको तथा सन्तान पक्षमा पनि दुर्बलता नै पाउने भएको, टाउको ठूलो, धार्मिक र ईश्वरमा श्रद्धा-भक्ति राख्ने तथा सदैव न्यूरेर हिंड्नेवाला, पुरुषार्थको स्थानमा कमजोरी पाउने भएको र बुद्धि एवं धनको हीनताले गर्दा एवं लुकाइ-छिपाइ गर्ने र शक्तिले काम सिद्ध पार्नेवाला, स्वतः लाभ पाउनेवाला र व्यापारमा निकै लाभ कमाउने तथा स्त्री स्थानमा सहयोग शक्ति भेट्टाउने र इन्द्रिय भोगमा बुद्धि अड्याउने भएको धर्म एवं भाग्य शक्तिलाई ठूलो मान्ने खालको र दुर्बल हृदयको व्यक्ति होला।

कु० नं० ११७

९ ७ १० गु. ८ ६ ११ ५ १२ २ ४ १ ३

जुन व्यक्तिको कुम्भ राशिको गुरू लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस धनवान, बुद्धिमान तथा इज्जतदार र सन्तान प्राप्त गर्ने खालको, लामू आयु पाउनेवाला, खूब धन खर्च गर्नेवाला र सुखका साधनहरूमा केही न्यूनता र केही नीरसता अनुभव गर्ने भएको, मातृस्थानमा केही वैमनस्यता वा मन नपराइकन सहयोग पाउने र पिता स्थानमा फाइदा पाउनेवाला, जीवनको दिन-चर्यामा समय ठूलो धनाढ्यको झैं व्यतीत गर्न जान्ने भएको धन जोर्नमा वा सम्पत्ति कायम राख्नमा केही विघ्न-बाधाहरू अनुभव गर्ने खालको होला।

कु० नं० ११८

९ ७ १० ८ ६ ११गु. ५ १२ २ ४ १ ३

जुन व्यक्तिको मीन राशिको गुरू लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो विद्वान तथा धेरै थरिका विद्या जान्ने, बर्ता प्रभाव पाउने

कु० नं० ९१९

९ (top-left)	८ (centre top)	७ (top-right)
१०		६
११		५
१२ गु.	२ (centre bottom)	४
१		३

र प्रभाव-युक्त शैलीले नै 'म ठूलो' भन्ने भावले बोल्ने र आध्यात्मिक ज्ञानमा अधिकार र श्रद्धा राख्नेवाला, देहमा गौरव र सम्मान पाउनेवाला, आफूभित्र धन-जनको शक्ति राख्ने भएको अनुकूल सन्तान प्राप्त गर्नेवाला र भाग्यवृद्धि पाउने खालको र भाग्यलाई नै ठूलो भान्ने भएको, सनातन धर्मको हृदयदेखि नै पालन गर्ने भएको र ईश्वरमा विश्वास राख्नेवाला, अनेक लाभ पाउने भएको, बुद्धि र वाणीमा विशेष कला राख्ने तथा बुद्धिले नै धन कमाउन जान्ने, शास्त्रीय ज्ञान भएको निकै भाग्यशाली होला।

जुन व्यक्तिको मेष राशिको गुरू लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस केही परतन्त्रता वा केही विघ्न-बाधा भए पनि बराबर धन कमाउने

कु० नं० ९२०

९ (top-left)	८ (centre top)	७ (top-right)
१०		६
११		५
१२	२ (centre bottom)	४
१ गु.		३

भएको, बुद्धिको परिश्रम-युक्त कामले उन्नति पाउने भएको, मान र इज्जतको काम गर्नेवाला, पिता स्थानको उन्नति गर्ने र शत्रु स्थानमा युक्तिद्वारा काम सिद्ध पार्ने, अधिक धन संग्रह गर्नका लागि बढी प्रयत्नशील रहनेवाला, कुटुम्बको पनि केही वृद्धि गरिदिने तथा सन्तान र विद्याको न्यूनता पाउने भएको, विद्या पढ्ने वेलामा कष्ट अनुभव गर्ने खालको, खूब धन खर्च गर्ने र आफ्नू कुरा राम्ररी बुझाउन असमर्थ रहने भएको एवं बुद्धिमा र हृदयमा केही कमजोरी मान्नेवाला र मावलीबाट केही सहायता प्राप्त गर्ने खालको होला।

जुन व्यक्तिको वृष राशिको गुरू लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस बुद्धिद्वारा दैनिक व्यापारको पंक्तिबाट केही परिश्रमयुक्त रहेर पनि धन कमाउने भएको, हृदय बलले केही सम्मानपूर्ण व्यापार गर्नेवाला, धेरै राम्रो लाभ पाउनेवाला, मान-सम्मान पाउनेवाला, दाजु-भाइको स्थानमा न्यूनता पाउने खालको, पुरुषार्थ र साहसबाट पनि दुर्बलतानै पाउनेवाला, विवाहपछि स्त्रीबाट सहायता शक्ति र धन वृद्धिको योग पाउनेवाला, सन्तान सुख पाउनेवाला, स्त्रीमा प्रभाव पाउने र स्त्रीस्थानमा केही नीरसताको योग पाउने भएको, विद्यामा केही न्यूनताका साथै सतर्कता र होशियारी पाउने खालको, बडप्पन र धनाढ्य झैं काइदा राख्ने, कीमती कार्य गर्ने र सावधान रहने व्यक्ति होला।

कु० नं० ९२१

९	८	७
१०		६
११		५
१२	२गु.	४
१		३

जुन व्यक्तिको मिथुन राशिको गुरु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस थोरै विद्या पाएको र थोरै धन भएको सन्तान पक्षमा कष्ट सहन गर्ने भएको र हृदयमा अशान्ति अनुभव गर्नेवाला, बढी धन व्यय गर्ने र धन कमाउने सम्बन्धमा निकै परिश्रम तथा अनेक थरिका विघ्न-बाधा र कूटनीति एवं गुप्त योजनाहरूबाट काम सिद्ध पार्ने, पुरातत्त्व धनको प्राप्ति गर्न जान्नेवाला, विदेशको सम्पर्क पनि धनको निम्ति नै बनाउने भएको र धन संचय गर्नका लागि र सन्तान सुख प्राप्त गर्नका लागि कठिन प्रतीक्षा गर्ने भएको, कहिले काहीं धन हानि र सन्तान हानिहरूको योग पाउनेवाला, भूमि-भवन र मातृस्थान तथा सुखका साधनहरूमा केही नीरसता अनुभव गर्ने भएको र प्रकट बुद्धिको युक्तिभन्दा गुप्त भेदको बुद्धिद्वारा बोल-चालको शक्ति राख्ने खालको तथा लामू आयु भएको, धनाढ्य व्यक्ति झै रहन-सहन भएको होला।

कु० नं० ९२२

९	८	७
१०		६
११		५
१२	२	४
१		३गु.

जुन व्यक्तिको कर्क राशिको गुरू लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी बुद्धिमान तथा महान विद्याद्वारा सम्मान पाउनेवाला, धार्मिक कार्य गर्ने भएको र धार्मिक विषयमा धारा-प्रवाह बोल्न सक्ने अनि भाग्यको शक्तिबाट महान् शास्त्रीय ज्ञान पाउनेवाला, उत्तम तथा भाग्यमानी सन्तान प्राप्त गर्नेवाला, धेरै ठूलो प्रतिष्ठा पाउने भएको, ज्योतिषको पूरा ज्ञान भएको तथा देहमा प्रभाव अनि मस्तक चाक्लो भएको तथा निकै दूरदर्शी र बुद्धि एवं भाग्य-बलद्वारा धेरै धन पाउने भएको र कौटुम्बिक शक्तिवाला र सनातन धर्मी र थोरै परिश्रम गर्न मनपराउनेवाला, पुरुषार्थमा केही न्यूनता पाउने भएको तथा दाजु-भाइ दिदी-बहिनीको तर्फबाट कमीको कारण अनुभव गर्ने भएको, हृदयमा निकै बर्ता उत्साह भएको तथा ईश्वरमा श्रद्धा-भक्ति र अटल विश्वास राख्ने भएको आत्मज्ञानी व्यक्ति होला।

कु० नं० १२३

९ ७ १० ८ ६ ११ ५ १२ २ ४गु. १ ३

कु० नं० १२४

९ ७ १० ८ ६ ११ ५गु. १२ २ ४ १ ३

जुन व्यक्तिको सिंह राशिको गुरू लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो इज्जतदार तथा धेरै धन कमाउने भएको, राज-समाजबाट बुद्धियोगद्वारा धन-शक्ति प्राप्त गर्नेवाला, व्यापार र पिता स्थानबाट पनि धन-शक्ति पाउने भएको र ठूलो कारबार गर्न जान्ने, निकै बर्ता प्रभावशाली कर्मको योगबाट प्रभाव पाउने खालको, उत्तम सन्तान पाउनेवाला, राजनैतिक र सामाजिक विद्या तथा विवेकको राम्रो ज्ञान राख्ने र मानयुक्त अभिमानको पूजनीय योग पाउने भएको, धेरै धन-जनको शक्ति पाउनेवाला र मावली पक्षमा पनि बढी इज्जत र लाभ पाउनेवाला र शत्रुहरूमा आफ्नू बुद्धि धन र ऐश्वर्यको विलक्षण प्रभाव स्थापित गर्नेवाला, सुखस्थानमा केही अपठेरो सहित सम्बन्ध पाउने खालको उत्साही व्यक्ति होला।

जुन व्यक्ति कन्या राशिको गुरू लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस बुद्धिद्वारा र विद्याको योगबाट धन कमाउने भएको, सन्तान लाभको

कु० नं० ९२५

९ ७
१० ८ ६गु.
११ ५
१२ २ ४
१ ३

उत्तम सुख प्राप्त गर्नेवाला, उत्तम र बहुमूल्य विद्या पाउने भएको, धन-जनको शक्तिबाट खूब लाभ पाउने खालको, पुरुषार्थमा न्यूनता पाउने भएको, दाजु-भाइको स्थानमा पनि न्यूनता अनुभव गर्नेवाला, बुद्धि-युक्त लाभको कुरा गर्ने जान्ने तथा अभिमान-युक्त कुराकानी गर्नेवाला र केही आलस्य माने पनि प्रसस्त व्यापार गरेर धन कमाउन जान्ने भएको, स्त्री भोगादिमा बुद्धि राख्ने भएको र व्यापारको घेरामा पनि निकै ठूलो विचारका साथ जुन वेला पनि उन्नतिकै विचार गर्नेवाला तथा मान्यजन र गुरूजनहरूको कृपा पाउनेवाला तथा कौटुम्बिक लाभ पाउने भएको धनवान र इज्जतदार व्यक्ति होला।

जुन व्यक्तिको तुला राशिको गुरू लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो

कु० नं० ९२६

९ ७गु.
१० ८ ६
११ ५
१२ २ ४
१ ३

मानिस बढी धन खर्च गर्ने, धन संग्रह गर्नमा अनेक कष्टहरू सहन गरे पनि धनमा न्यूनता वा दुर्बलता पाउने भएको र धनको लागि अन्य स्थानको सम्पर्क पाउने भएको, सन्तान पक्षमा अनेक हानिहरू पाउने खालको, फेरि सन्तान पक्षमै कष्ट अनुभव गर्नेवाला, विद्या ग्रहण गर्ने वेलामा अनेक बाधाहरू सहन गर्ने भएको, केही अनुचित फाइदाले कुराकानी गर्ने खालको, आफ्नू कथन वा आफ्नू भनाइको तात्पर्य अन्य व्यक्तिलाई राम्ररी बुझाउन नसक्ने भएको तथा घुमाउरो फाइदाले कुरा गरेर कुनै प्रकाले पनि आफ्नू काम सिद्ध पार्न जान्ने भएको, सुख शान्ति तथा मातृस्थानमा केही कमी अनुभव गर्ने भएको, शत्रु पक्षमा भिन्नताको प्रभाव राख्ने खालको र लामू आयु पाउनेवाला, अनि धनाढ्य काइदाले समय व्यतीत गर्नेवाला एवं पुरातत्त्वको लाभ पाउने खालको व्यक्ति होला।

वृश्चिक लग्नान्तर-शुक्रफलम्

जुन व्यक्तिको मकर राशिको शुक्र लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस अन्यान्य स्थानको सम्पर्कबाट राम्रो दैनिक व्यापार पाउने भएको

कु० नं० ९२७

९ ७ १० ८शु. ६ ११ ५ १२ २ ४ १ ३

तथा निकै शानदारी सहित बढी धन व्यय गर्नेवाला, केही जाती-नजाती काइदाले व्यापारमा बडो सतर्कता साथ काम गर्न जान्ने भएको तर व्यापारमा केही न्यूनता वा दुर्बलता र थोरै नाफा पाउने भएको, स्त्री-सुख र भोगादिमा केही वृद्धि पाउने, स्त्री-कै कारणबाट बढी व्यय र शरीरमा कमजोरी पाउने खालको, व्यापारले गर्दा बढी डुल-फिर गर्ने र सम्मान पाउने, निकै बाठो र उत्तम भोगको इच्छा गर्ने तथा लौकिक व्यवहारलाई निकै योग्यताले उल्टो-सोझो गर्न जान्ने, बडो कुशल एवं बाठो र सावधान रहने, दूरदर्शी र सौन्दर्य मनपराउने खालको होला।

जुन व्यक्तिको धन राशिको शुक्र लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारद्वारा तथा केही अन्य स्थानको सम्पर्कबाट धन प्राप्त

कु० नं० ९२८

९शु. ७ १० ८ ६ ११ ५ १२ २ ४ १ ३

गर्ने भएको र धन संग्रहको स्थानमा केही न्यूनता वा दुर्बलता पाउने खालको तथा केही धन हानि पाउनेवाला र इन्द्रियादिको बढी भोग खोज्ने खालको र खर्चलाई रोक्ने चेष्टामा रहनेवाला, आयुको समयमा एवं दिनचर्यामा बर्ता भोग र खर्चको आनन्द लिनेवाला, पुरातत्त्वको फाइदा अपूरो पाउनेवाला, धनवान र इज्जतदारमा गनिने भएको तथा कुटुम्बमा केही हानि पाउनेवाला, व्यापारको वृद्धिका लागि ठूला-ठूला युक्तिहरू रच्नेवाला, अन्य स्थानसित सम्बन्धित खर्च धनको योगबाट व्यापारमा उन्नति पाउने भएको तथा केही न्यूनता वा कमजोरी पनि अनुभव गर्ने खालको साहसी व्यक्ति होला।

जुन व्यक्तिको मकर राशिको शुक्र लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस व्यापारको लागि निकै दगुरा-दगुर र पुरुषार्थ गर्ने भएको, अन्य स्थानको सम्पर्क शक्तिबाट व्यापारमा बल वृद्धि पाउने भएको, स्त्री भोगादिकको खर्च शक्तिबाट बढी उत्साह प्राप्त गर्ने खालको, भाग्योन्नतिको बर्ता चेष्टा र प्रयत्न गर्नेवाला र गृहस्थीको प्रसस्त आनन्द अभिमानपूर्वक लिने र दाजु-भाइ दिदी-बहिनीको केही योग-शक्ति पाउने भएको, स्त्रीको सहयोग पाउनेवाला, स्त्रीको र आफ्नू पुरुषार्थद्वारा खर्चको आनन्द लिनेवाला तथा शारीरिक बल-पुरुषार्थमा केही न्यूनता पाउनेवाला, दाजुभाइहरूका तर्फबाट केही हानिको योग पाउनेवाला तथा बढी चातुर्य एवं प्रभाव राख्ने भएको र व्यापारमा केही न्याय-अन्यायको पनि ध्यान राख्ने भएको बाठो व्यक्ति होला।

कु० नं० १२९

९ ७
१० शु. ८ ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको कुम्भ राशिको शुक्र लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस बर्ता चातुर्यले दैनिक व्यापारलाई आफ्नू स्थानमा सुखपूर्वक चलाउन सक्ने, खर्च पनि सुखपूर्वक नै चलाउनेवाला तथा व्यापारमा केही न्यूनता वा कमजोरी र केही हानि सहने खालको, मातृ-स्थानमा केही हानि पाउनेवाला तथा सुखका साधनहरूमा केही हानि पाउनेभएको, स्त्री स्थानबाट सुख प्राप्त गर्ने खालको र व्यापारमा केही अन्यान्य स्थानहरूको सम्पर्क पाउने भएको एवं भोग र व्ययको आनन्द लिनेवाला, पिता स्थानबाट केही वैमनस्यता पाउने भएको र मानोन्नतिमा केही विघ्न-बाधा पाउनेवाला तथा केही भूमि इच्छा गरेभन्दा बढी पाउनेवाला, आनन्दी जीवन बिताउने व्यक्ति होला।

कु० नं० १३०

९ ७
१० ८ ६
११शु. ५
१२ २ ४
१ ३

जुन व्यक्तिको मीन राशिको शुक्र लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस चातुर्यको कलासहित दैनिक व्यापार चलाउने र बढी होशियार, पढे-लेखेको बुद्धिमान तथा ठूलो काट-छाँट गर्नेवाला, बढी धन व्यय गर्ने तथा आमदानीमा केही कमी पाउने भएको प्रभावशाली स्त्री भएको, व्यापारमा अन्य स्थानको सम्पर्क पनि पाउने खालको, इच्छित सन्तान पाउनेवाला, बर्ता भोग वासना राख्ने भएको, परिश्रम र कामको पूरा-पूरा लाभ पाउन नसक्नेवाला, सन्तान पक्षमा केही कमी पाउने भएको, बढी खर्च हुनाले केही कष्ट अनुभव गर्ने खालको, व्यापारको उन्नतिका लागि ठूला-ठूला दिमागी प्रयत्न सदैव गरिरहने खालको व्यक्ति होला।

कु० नं० १३१

९ ७
१० ८ ६
११ ५
१२ शु. २ ४
१ ३

जुन व्यक्तिको मेष राशिको शुक्र लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस स्त्रीबाट विरोध पाउनेवाला र स्त्रीका सुखहरूमा घाटा पाउने र व्यापारमा बर्ता कमजोरी पाउनेवाला र व्यापारमा हानि र बन्धन वा परेशानी एवं अन्यान्य स्थानको सहयोग पाउने भएको, बढी व्ययको विघ्न-बाधाहरूमा परेर खर्च गर्ने भएको वा खर्चको सम्बन्धमा केही बन्धन अनि रुकावट पाउनेवाला, गृहस्थीको सुखमा कष्ट सहने भएको, भोगमा बाधा पाउनेवाला र अन्य स्थानका सम्पर्कहरू केही बन्धन युक्त तथा व्यापारदायक वा युक्तिपूर्वक पाउनेवाला र व्यापारमा केही सोझो-बांगोको विवाद र खर्चा सहेर केही गुप्त युक्तिहरूसित चल्न जान्ने र केही स्त्री पक्षमा खर्च सहने, धेरै बाठो र होशियार व्यक्ति होला।

कु० नं० १३२

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१शु. ३

जुन व्यक्तिको वृष राशिको शुक्र लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस बाहिरी स्थानको सम्पर्कबाट ठूलो रोजगार गर्न जान्नेवाला र रोजगारको दृढताका लागि बढी व्यय र निकै दगुरा-दगुर गर्न सक्ने भएको र स्त्री तथा गृहस्थीको खूब आनन्द भोग्ने खालको र खूब खर्च गर्न सक्ने वा खूब भोग पाउने खालको र व्यापारमा सुन्दरता एवं राम्रोपना तथा कलाको ध्यान राख्ने भएको र अन्य स्थानका मानिसहरूसित सम्पर्क राखेर आफ्नू व्यापारमा सुचारू रूपबाट उत्तम काम गर्न जान्ने र यति भएर पनि व्यापारमा केही दुर्बलता र केही कम नाफा पाउनेवाला, अनि स्त्रीपक्षको सुखमा केही न्यूनता पाउने भएको र स्त्रीबाट खर्चको विशेष सम्बन्ध राख्ने खालको व्यक्ति होला।

कु० नं० ९३३

९ ७ १० ८ ६ ११ ५ १२ २शु. ४ १ ३

जुन व्यक्तिको मिथुन राशिको शुक्र लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस स्त्री-स्थानबाट केही हानि पाउने भएको र दैनिक व्यापारमा महान् कष्ट-बाधा सहनेवाला र व्यापारको अन्य स्थानहरूको सम्पर्कबाट र विघ्न-बाधाबाट खर्चको योगद्वारा चलाउन जान्ने भए तापनि व्यापारमा कहिले काहीं निकै बाधाहरू एवं न्यूनताहरू पाउनेवाला तथा तामसिक गुप्त कलापूर्ण कार्यहरूबाट संचालित गर्न सक्ने खालको अनि धेरै परिश्रम सहन सक्ने र धन-वृद्धिको बढी चेष्टा राख्ने भएको, भोगादिक कामेन्द्रियहरूको सुखमा बर्ता कमी अनुभव गर्ने खालको, गृहस्थीका ठूला-ठूला झ्याउलाहरू र खर्चको विपरीतताबाट परेशानी अनुभव गर्नेवाला, गुप्त चालहरू पनि निकै युक्तिहरूले चल्न जान्ने र फेरि दैनिक दिनचर्यालाई शानदार ढंगले चलाइरहने उपायहरू विचार्दै रहने खालको व्यक्ति होला।

कु० नं० ९३४

९ ७ १० ८ ६ ११ ५ १२ २ ४ १ ३शु.

जुन व्यक्तिको कर्क राशिको शुक्र लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस व्यापारिक शक्तिलाई अन्य स्थानको सम्पर्कबाट र धार्मिक सम्बन्धबाट भाग्यको शक्तिद्वारा पाउनेवाला र भाग्यबलद्वारा नै खर्चको शक्ति पाउनेवाला, व्यापार र भाग्यमा केही कमजोरी पाउनेवाला, स्त्री र गृहस्थीको सुख भाग्य-शक्तिद्वारा केही न्यूनता सहित उत्तम प्राप्त गर्ने भएको, व्यापारमा केही न्याय गर्ने खालको, धर्म-सम्बन्धमा केही दुर्बलता पाउनेवाला, सौन्दर्य युक्त धेरै पुरुषार्थ गर्ने भएको, दाजु-भाइ दिदी-बहिनीहरूको योग न्यूनता-युक्त प्राप्त गर्नेवाला, ईश्वर र पुरुषार्थ दुवैलाई मान्ने र केही भाग्यमानी होला।

कु० नं० ९३५

९ ७ १० ८ ६ ११ ५ १२ २ ४शु. १ ३

जुन व्यक्तिको सिंह राशिको शुक्र लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस व्यापारलाई अन्यस्थानको सम्पर्कबाट उच्च ढंगले गर्नेवाला, केही दुर्बलता र विघ्न-बाधा पनि व्यापारको उन्नतिका लागि सहन गर्नेवाला तथा प्रदर्शनको अनुसार भित्री मान-प्रतिष्ठामा केही अशान्तिको वातावरण पाउनेवाला र स्त्री पक्षमा केही न्यूनता सहित उच्चता र सुख पाउने खालको अरू भूमि-भवनादि रहन-सहन र सुखका साधनहरू प्राप्त गर्ने तथा भोग-विलासको उच्च योजनाका अनुसार उच्चता नपाउनेवाला, पिता स्थानमा केही अशान्तिको योग पाउने खालको होला।

कु० नं० ९३६

९ ७ १० ८ ६ ११ ५शु. १२ २ ४ १ ३

जुन व्यक्तिको कन्या राशिको शुक्र लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारको लाभ निकै कमजोर स्थितिमा र अन्यान्य स्थानको सम्पर्कबाट प्राप्त गर्ने खालको र आमदानीमा बढी दुर्बलताहरू सहन सक्ने भएको र खर्च शक्तिमा पनि न्यूनता नै पाउने भएको तथा बर्ता बुद्धि र बढी चातुर्यहरू द्वारा काम सिद्ध पार्न जान्ने, स्त्री र गृहस्थीको लाभ अधुरो झैं या न्यूनता (कमजोरी) पाउने भएको, भोगादिक इन्द्रियहरूको सुखमा केही कमी पाउनेखालको र खर्च-शक्तिबाट पनि केही फाइदा पाउने भएको र खर्चलाई घटाउने चेष्टा गरिरहने भएको तथा सन्तानको केही वृद्धि पाउने भएको र लौकिक व्यवहारमा वा व्यापारको परिधिमा केही बढी ज्ञान राख्ने भएको र बर्ता बोलेर बढी प्रभावलाई विद्या-बुद्धिले पूर्ण जमाउन जान्ने खालको होला।

कु० नं० ९३७

९ ७ १० ८ ६शु. ११ ५ १२ २ ४ १ ३

जुन व्यक्तिको तुला राशिको शुक्र लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस स्त्री र गृहस्थीको हानि पाउने खालको र स्त्री भोगादिक सुखहरूलाई व्यय-शक्ति र अन्य स्थानको योगबाट प्राप्त गर्ने भएको तथा व्यापारको लाभ पनि अन्य स्थानको सम्पर्कबाट नै पाउनेवाला र बढी धन व्यय गर्नेवाला एवं राम्रा पदार्थहरूमा र सौन्दर्य-युक्त कामहरूमा तथा मनोरंजन गर्ने कलाहरूमा नै प्रायः बढी धन व्यय गरेर स्यावासी पाउने र हर्ष मनाउने खालको होला। शत्रु पक्षमा केही न्यूरेर भए पनि आफ्नो काम सपार्न जान्नेवाला र अन्यान्य स्थानबाट निकै प्रभाव पाउने भएको तथा आफ्नो स्थानमा गृहस्थीको समस्त बात व्यवहारमा बढी कमजोरी (न्यूनता) अनुभव गर्ने खालको तथा मावली पक्षबाट अलि-अलि सहयोग पाउने व्यक्ति होला।

कु० नं० ९३८

९ ७शु. १० ८ ६ ११ ५ १२ २ ४ १ ३

वृश्चिक लग्नान्तर - शनिफलम्

जुन व्यक्तिको वृश्चिक राशिको शनि लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस ठूलो पुरुषार्थ गर्ने भएको र साहसी, उत्साही व्यक्ति होला। दाजु-

कु० नं० ९३९

९ ७
१० ८श. ६
११ ५
१२ २ ४
१ ३

भाइ दिदी-बहिनीको तागत पाउनेवाला, व्यापारमा उन्नति गर्ने खालको र पिता स्थानमा केही क्लेष सहन गर्नेवाला र ठूलो व्यापारमा केही विघ्न-बाधा एवं परेशानी अनुभव गर्ने भएको र आफ्नू सुख सामर्थ्य कायम राख्न केही अपठेरो अनुभव गर्ने खालको र आफू भित्र ठूलो ओज राख्नेवाला र भोग-विलासको बढी इच्छुक तथा आफ्नू उन्नतिका लागि बर्ता दौड-धूप गर्ने र लामा बाहु भएको र धेरै वर्ता सुखको इच्छा गर्ने तथा जिद्दी-हठी, परिश्रमी, साहसी र हिम्मती होला।

जुन व्यक्तिको धन राशिको शनिश्चर लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धेरै भूमि-भवन हुने र त्यसको आमदानी पाउने अर्थात

कु० नं० ९४०

९श. ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

सम्पत्तिरूपी धन-संग्रहको शक्तिद्वारा परम सुख अनुभव गर्ने खालको तथा मातृस्थानको सुखमा केही बन्धन पाउने भएको तथा राम्रो आमदानी, सुख सम्बन्धी अनेक लाभ प्राप्त गर्ने, दाजु-भाइ दिदी-बहिनीको केही बन्धन र वृद्धि पाउनेवाला र कुटुम्ब वृद्धिका साथै हानि वा न्यूनताको योग पाउने र धनको पक्षमा प्रथम हानि अनि वृद्धि पाउने भएको, आयुमा र दैनिक दिनचर्यामा सुख अनुभव गर्ने र धन-वृद्धिका लागिनै पुरुषार्थ गर्दै रहने भएको र सुख-दुःख समान ठनेर सहने खालको होला।

जुन व्यक्तिको मकर राशिको शनि लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस ठूलो पुरुषार्थी र सुखपूर्वक ठूला-ठूला कार्य गर्ने भएको र दाजु-भाइ दिदी-बहिनीको सुख प्राप्त गर्नेवाला, बुद्धिमा बर्ता तेजी राख्ने खालको र अनेक थरिका कुराहरूले धेरै काम बनाउने भएको तथा धेरै बर्ता धन-व्यय गर्नेवाला एवं सन्तान पक्षमा अलि ढीलो वृद्धि पाउनेवाला, अनि भूमि-भवनको केही शक्ति राख्ने भएको तथा भाग्य वृद्धिका लागि प्रयत्न गर्दै रहने खालको, माताको सम्पर्क योगबाट बल प्राप्त गर्ने भएको र अनेक थरिका विद्याहरूको र गुणहरूको संग्रह गर्ने चेष्टा भएको एवं बुद्धि र वाणीद्वारा उचितानुचित कुरा सुनाउने बलियो बानी भएको, आफ्नै बलबाट अन्यान्य स्थानको सम्पर्क शक्तिको निकै राम्रो सहयोग पाउने भएको तथा अन्य स्थानबाट धेरै ठूलो सुखको आनन्द प्राप्त गर्ने खालको व्यक्ति होला।

कु० नं ९४१

९ ७
१० श. ८ ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको कुम्भ राशिको शनि लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस धेरै बर्ता धन सम्पत्ति भएको, भूमि-भवनको सुख प्राप्त गर्ने खालको र माताको शक्तिबाट लाभ र सुख प्राप्त गर्ने भएको र मातृ-स्थानबाट शक्ति स्वतः पाउनेवाला र दाजु-भाइ दिदी-बहिनीको सुख प्राप्त गर्नेवाला र मामाको पक्षमा केही हानि पुऱ्याउने भएको र मावली पक्षबाट केही न्यूनता, दुर्बलता पाउने खालको र शत्रु पक्षबाट केही अशान्ति अनुभव गर्ने भएको तथा सुख-शक्तिको परिधिअनुसार आफ्नू शरीर र आत्मामा सुखको कमी वा न्यूनता अनुभव गर्ने खालको र पिता-स्थानमा पनि केही सुखको सम्बन्धबाट कमीको योग पाउनेवाला अनि गुप्त दाउ-पेंच चल्न जान्ने खालको व्यक्ति होला।

कु० नं० ९४२

९ ७
१० ८ ६
११श. ५
१२ २ ४
१ ३

जुन व्यक्तिको मीन राशिको शनि लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस निकै तीव्र बुद्धिवाला र धेरै विद्या जान्ने तथा बुद्धिद्वारा कुराकानीमा

कु० नं० ९४३

९		७
१०	८	६
११		५
१२ श.	२	४
१		३

केही कठोरता र उत्तेजनाहरूबाट काम सिद्ध पार्न जान्ने एवं सन्तान पक्षमा केही वृद्धि पाएर पनि केही नीरसता पाउने भएको र मातृ स्थानबाट आउने विपत्तिको वास्ता नगर्ने तथा व्यापारको लाइनमा उन्नति गर्ने भएको अनि धन संग्रहको निम्ति बढी प्रयत्न गरि रहनेवाला, स्त्री सुखमा विशेष आसक्ति राख्ने खालको र अकस्मात आमदानी पाउनेवाला र धन-जनको सम्बन्धमा केही बढीभन्दा पनि निकै बर्ता उन्नतिको चेष्टा गर्दै रहने भएको, धेरै भोग सुख प्राप्त गर्नेवाला र भूमि स्थानबाट पाउने सुख शक्तिको तागतलाई मस्तकमा धारण गर्ने खालको साहसी व्यक्ति होला।

जुन व्यक्तिको मेष राशिको शनि लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस माताको सुखमा हानि पाउनेवाला र मातृ-स्थानको कमी (न्यूनता)

कु० नं० ९४४

९		७
१०	८	६
११		५
१२	२	४
१श.		३

पाउनेवाला र दाजु-भाइसित विरोध वा वैमनस्यता पाउने भएको र आफ्नू गुप्त तागतले निकै पुरुषार्थ गर्ने खालको तथा गुप्त साहसवाला, मावली पक्षबाट हानि पाउनेवाला, कुनै रोगमा केही बन्धन या शक्ति क्षीणताको केही अनुभव गर्ने भएको र कुनै प्रकारले केही शत्रु पक्षमा कहिले काहीं क्लेशको अनुभव गर्ने खालको र जीवनमा केही शक्ति वा सुखको योगद्वारा दिनचर्या यथाक्रम व्यतीत गर्नेवाला र धन बढी व्यय गर्न अघिसर्ने खालको, अन्य स्थानको सम्बन्धमा केही शक्ति र सुख प्राप्त गर्ने भएको तथा बिस्तार-बिस्तार शक्ति सम्बन्ध बन्ने भएको एवं उल्टा र बांगा योजनाहरूबाट सफलता पाइरहने भएको साहसी व्यक्ति होला।

जुन व्यक्तिको वृष राशिको शनि लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस हस्थ जीवनमा धेरै सुख पाउनेवाला र घरकी सम्पत्तिरूपी स्त्री वा दैनिक व्यापारको स्थानबाट बढी सुख प्राप्त गर्ने भएको एवं शक्ति हस्तगत गर्नेवाला र स्त्री तथा मातृ सम्बन्धबाट गृहस्थी सुखको उदय पाउनेवाला, भाइ-बन्धुहरूको वास्ता नराख्ने भएको र भाग्यको उन्नतिमा सकेसम्म बल लगाउनेवाला तथा व्यापारमा दृढताको योगबाट सुख-शक्तिको संचार गर्न जान्ने खालको र भोगमा बढी आसक्ति राख्ने भएको, शरीर थकित हुनाले दुःखी रहनेवाला, व्यापारको उन्नतिको लागि पूरा शक्ति लगाउने भएको र व्यापारमा निकै ठूलो उत्साहले काम गर्ने भएको तथा अर्कालाई सुख-शान्ति पुऱ्याउने कामको पनि ध्यान राख्ने खालको व्यक्ति होला।

कु० नं० १४५

९ ७
१० ८ ६
११ ५
१२ २श. ४
१ ३

जुन व्यक्तिको मिथुन राशिको शनि लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस मातृ-पक्षको सुखमा हानि पाउनेवाला र दाजु-भाइ दिदी-बहिनीका तर्फबाट अशान्तिको योग पाउने भएको, मातृस्थान र भूमियोगको केही न्यूनता पाउनेवाला तथा पुरुषार्थमा कमजोरी पाउने भएको, आयुमा वृद्धि पाउने र पितास्थानमा अशान्ति सहित क्लेश पाउने भएको, वृद्धि स्थानमा र कुरा-कानीमा बढी शक्तिको प्रयोगबाट सुख प्राप्त गर्नेवाला र बोल्न जान्ने उदार कहलिएको तथा सन्तान पक्षमा केही विरोध शक्तिको साथसाथै वृद्धि पाउने खालको, विदेश आदिमा जाने भएको, पुरातत्त्व शक्तिको लाभ प्राप्त गर्ने अनि बर्ता परिश्रमबाट सुख प्राप्त गर्ने भएको तथा धन-वृद्धिका लागि निकै ठूलो प्रयत्न गर्नेवाला होला।

कु० नं० १४६

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३श.

जुन व्यक्तिको कर्क राशिको शनि लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस बढी पुरुषार्थी सुन्दर सुखद काम गर्नेवाला, भाग्यमानीमा गनिने भएको, प्रसस्त लाभ पाउनेवाला, धन कमाउनमा निकै सामर्थ्य राख्ने भएको, दाजु-भाइको सहयोग पाउने अनि आमाको र भाइको सहयोग पाउने अनि आमाको र भाइको सहायक शक्ति पाउनेवाला, परिश्रमद्वारा सुख सम्मान र यश एवं साहस प्राप्त गर्ने खालको, विपक्षीहरूलाई केही अनुचित काइदाले थिच्ने भएको र सुख एवं सामर्थ्यको दृष्टिले प्रभावमा केही न्यूनता पाउनेवाला, मावली पक्षले कमजोरीमा केही सुख प्रदान गर्ने र धर्म एवं ईश्वरको श्रद्धा भक्तिमा सुख-सन्तोष मान्ने भएको, बढी परिश्रमले आत्तिनेवाला भवन-भूमिको स्वामी होला।

कु० नं० १४७

९ ७
१० ८ ६
११ ५
१२ २ ४श.
१ ३

जुन व्यक्तिको सिंह राशिको शनि लग्नबाट दसौं स्थानमा छ भने त्यो आफ्नू कटु पुरुषार्थबाट प्रभाव जमाउन सक्ने तथा पिता र दाजु-भाइलाई केही कष्टले सम्मान दिने र बढी धन खर्च गर्ने खालको र अन्य स्थानको सम्पर्क सुख केही दृढताले पाउनेवाला, मातृस्थानको प्रभाव पाउने र खूब दृढताले व्यापार गर्न जान्ने, भवन-भूमिको स्वामी तथा आफ्नू मान उन्नतिको लागि केही कष्ट-बाधा सहने खालको तर कुनै पनि दुःख कष्टको वास्ता नगर्ने एवं हठ्योगद्वारा काम मिलाउन सक्ने अनि सुखपूर्वक काम गर्ने खालको तथा तामसी कर्म गर्नेवाला, स्त्री स्थानबाट सुख र भोग प्राप्त गर्ने खालको होला।

कु० नं० १४८

९ ७
१० ८ ६
११ ५श.
१२ २ ४
१ ३

जुन व्यक्तिको कन्या राशिको शनि लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नो पुरुषार्थद्वारा सुखपूर्वक धेरै आमदानी प्राप्त गर्नेवाला र दाजु-भाइ दिदी-बहिनीको सम्पर्कको लाभ पाउने भएको र मातृस्थानको कारणले सुख पाउनेवाला तथा परिश्रमको कारणले र लाभको कारणले सुखको सम्बन्धमा शरीर र आत्माको बीचमा केही अशान्तिको योग पाउने भएको र बुद्धिमा र वाणीमा वर्ता चंचलता या अधिकताद्वारा काम सिद्ध पार्न जान्ने र दिनचर्यामा सुख-शान्तिको योग पाउनेवाला र लामू आयु पाउने भएको, आफ्नू भवन-भूमिको लाभ पाउने खालको र आमदानीको वृद्धिमा सम्पूर्ण शक्ति लगाउनेवाला अनि त्यसैले सुख प्राप्त गर्ने खालको होला।

कु० नं० १४१

९ ७
१० ८ ६श.
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको तुला राशिको शनि लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस आफ्नू शक्तिद्वारा बलपूर्वक विशेष खर्च गर्ने भएको तथा बढी व्ययको कारणले नै बर्ता सुख मान्नेवाला एवं अन्य स्थानहरूबाट नै विशेष शक्ति र सुख प्राप्त गर्ने भएको अनि दाजु-भाइ दिदी-बहिनीको र मातृस्थानको बढी भइसकेपछि निकै विलम्बले सुख पाउने खालको तथा धनको त्रुटि, कमजोरी भए पनि धनकै निम्ति अन्य स्थानको सम्पर्क शक्तिद्वारा पनि उन्नतिमा बराबर लागिरहने खालको अनि मावली पक्षबाट न्यूनता पाउनेवाला तथा भाग्यको उन्नतिका लागि विशेष प्रयत्न गर्नेवाला, धर्म र ईश्वरमा पूर्ण आस्था राख्ने भएको र शत्रु-पक्षमा केही दुर्बलता मान्नेवाला अनि शत्रु पक्षका लागि कुनै लुकेको गुप्त चाल चल्ने खालको तथा अन्यस्थानको साहस र हिम्मत पाउने खालको होला।

कु० नं० १५०

९ ७श.
१० ८ ६
११ ५
१२ २ ४
१ ३

वृश्चिक लग्नान्तर-राहुफलम्

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शरीरमा दुर्बलता पाउनेवाला र शरीरमा अनेक पल्ट आघात सहनेवाला शरीरमा कुनै प्रकारले चिन्तित रहेर अनेक कष्ट अनुभव गर्ने भएको अनि कठिन एवं कठोर नीतिलाई गुप्त रीतिले व्यवहारमा ल्याउन जान्ने भएको तथा शील स्वभावको पालन गर्न नसक्ने खालको अनि केही महान् शक्तिलाई प्राप्त गर्ने बडो बलियो चाल चल्ने भएको र अनधिकार सफलता पाउने कुनै बांगो युक्ति झिक्न जान्नेवाला र अनधिकार सफलता पाउनकोलागि बांगा युक्तिहरू झिक्नेवाला तथा बारम्बार विपत्ति पाएर पनि मनमा निराश या निष्फल पूर्णरूपेण नहुने खालको, निकै साहसी र बाठे व्यक्ति होला।

कु० नं० ९५१

९ ७
१० ८रा. ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको धन राशिको राहु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन र जन एवं कुटुम्बको क्लेश सहन गर्ने भएको अर्थात धनको न्यूनता र धनको हानि धेरैपल्ट सहनु पर्ने भएको र कुटुम्बमा पनि हानि र कमी तथा क्लेश पाइरहने भएको अनि धनको सम्बन्धमा ऋण लिएर पनि काम चलाउने खालको र धनको सम्बन्धबाट क्षोभ, ईर्ष्या र अपमान सहन गर्ने भएको तथा धन प्राप्तिको लागि कष्टसाध्य र क्षुद्र कर्म पनि गर्नेवाला किन्तु धनको बलियो शक्ति पाउनको लागि बढी प्रयत्नशील रहेर र महान् निराशाहरूपछि कुनै अप्रत्याशीत तत्व-शक्ति प्राप्त गर्नेवाला तथा गरीब युक्तिले बाँच्ने खालको होला।

कु० नं० ९५२

९रा. ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको मकर राशिको राहु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै पराक्रमी र ठूलो पुरुषार्थ तथा बढी हिम्मत भएको, काम-काज गर्नमा निकै स्फूर्ति देखाउने खालको र आफ्नू कठोर परिश्रमद्वारा केही बाधा-कष्टपछि कुनै महान शक्ति फेलापार्ने वाला र निराशाहरूमा नआत्तिने खालको निकै जबरदस्त युक्तिहरू द्वारा उन्नतिको मार्गमा हिंड्दै रहेर सफलता पाउने भएको, दाजु-भाइको विरोध गर्नेवाला, कहिले काहीं हिम्मत त्याग्ने र कमजोरी पाउने अवसर आएर पनि धैर्यले काम लिन जान्ने, विजयी, बहादुर प्रकृति भएको व्यक्ति होला।

कु० नं० १५३

९ ७ १० रा. ८ ६ ११ ५ १२ २ ४ १ ३

जुन व्यक्तिको कुम्भ राशिको राहु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृस्थानमा केही न्यूनता पाउने भएको तथा सुख स्थानमा अलिकति कमी र क्लेश सहने खालको तथा केही झञ्झट-युक्त घरेलू वातावरणले गर्दा केही अशान्ति पाउनेवाला एवं सुखका साधनहरू पाउनको लागि चाहिने भन्दा बर्ता प्रयत्न गर्ने भएको तथा सुख शक्तिलाई निकै बलियो काइदाले पाइसकेपछि सन्तुष्ट हुने वाला, त्यसमा केही अपूर्ण नै भए पनि कुनै आपत्ति नमान्ने खालको, बढी प्राप्तिका लागि ठूला-ठूला युक्तिहरूले इच्छा पूर्ण गर्ने खालको व्यक्ति होला।

कु० नं० १५४

९ ७ १० ८ ६ ११रा. ५ १२ २ ४ १ ३

जुन व्यक्तिको मीन राशिको राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धेरै बढी बुद्धिमान, स्वार्थका कुराहरू बूढा-पुराना झैं किसिमले भन्ने भएको, सत्य-असत्यको वास्ता नगर्ने भएको, सन्तान पक्षबाट केही कष्ट सहनेवाला, विद्या ग्रहण गर्ने वेलामा केही कष्टबाधा सहनेवाला एवं बुद्धिमा केही चिन्तायुक्त रहेर काम गर्नेवाला, कुरा-कानी गर्दा मीठोसित बोल्न नसक्ने भएको, बुद्धि र विद्याको गम्भीरता र तत्त्वको खोजी गरेर आफ्नू मतलबका कुरा मात्र ग्रहण गर्नेवाला, दिमागमा एक प्रकारको उदासीनता राख्ने अर्थात आफ्नू विचारलाई ठीक र उत्तम मान्ने खालको व्यक्ति होला।

कु० नं० ९५५

९ ७
१० ८ ६
११ ५
१२ रा. २ ४
१ ३

जुन व्यक्तिको मेष राशिको राहु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली, शत्रुमा विजय पाउनेवाला, मावली पक्षबाट हानि पाउने भएको तथा स्वार्थ सिद्धिका योजनाहरूलाई निकै दरिलो काइदाले व्यवहारमा ल्याउन जान्ने भएको निकै साहस र अभिमान द्वारा काम सिद्ध पार्न जान्ने खालको, शील र सन्तोषको पालन गर्न नसक्ने भएको अनि विजयी हुनका लागि थरि-थरिका गहीरा चाल चल्ने, आफ्नो प्रभाव कायम राख्नका लागि जतिसुकै आपत्ति-विपत्ति सहनु परे पनि सहन सक्ने तर कुनै न कुनै बलियो युक्ति पाएर नै सन्तोष मान्ने भएको, निकै सतर्क, बडो होशियार र विपत्ति वा रोगको कुनै वास्ता नगर्ने भएको र धैर्यपूर्वक काम सिद्ध पार्ने, बडो बाठो कूटनीतिज्ञ होला।

कु० नं० ९५६

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१रा. ३

जुन व्यक्तिको वृष राशिको राहु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारको सन्बन्धमा निकै ठूला-ठूला सतर्कता र चातुर्यहरूले काम सिद्ध पार्न जान्ने र बढी परिश्रम तथा भेदपूर्ण युक्तिहरूले व्यापारलाई पारीपट्टि पुऱ्याउन जान्ने भएको र स्त्री-स्थानमा केही क्लेश सहन गर्ने खालको र स्त्री पक्षसित सम्बन्धित प्रत्येक विषयमा केही भेदनीति वा युक्तिहरूले काम सपार्न जान्ने भएको, गृहस्थीको सम्बन्धमा केही विघ्न-बाधा अनुभव गर्दै रहे पनि निकै सावधानी र चातुर्यहरू द्वारा आफ्नू दुर्बलता देखापर्न नदिने खालको र लौकिक प्रणालीमा उत्तम सफलता पाउनका लागि सकेसम्म चेष्टा गरेर सदैव उन्नतितिर दगुरिरहने भए पनि मनमा केही अशान्ति पालिरहने व्यक्ति होला।

कु० नं० ९५७

९ ७
१० ८ ६
११ ५
१२ २रा. ४
१ ३

जुन व्यक्तिको मिथुन राशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनमा निकै ठूलो शान अभिमान ठान्ने खालको तथा ठूलो उद्दण्डता र चुरिफुरि देखाउनेवाला एवं पुरातत्त्वको गूढ फाइदा पाउने भएको र गहीरो खाडलमा लुकेको विषयमा धेरै नै बर्ता गहीरो विचारले सोच्ने र अत्यन्त नै गहीरो चाल चल्न जान्नेवाला र आयुमा उन्नति पाउने भएको तर जीवनको दिनचर्यामा केही देखौवा आडम्बरको प्रतिस्पर्धामा भित्री केही न्यूनता वा कमी अनुभव गर्ने भएको र पुरातत्त्व शक्तिलाई कुनै पनि काइदाले अनधिकार या विशेष फाइदा पाउनेवाला तथा ठूलो स्थान छेक्न जान्ने चिन्ताग्रस्त व्यक्ति होला।

कु० नं० ९५८

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३रा.

जुन व्यक्तिको कर्क राशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यमा अनेक चिन्ताहरू पाउने र भाग्यमा विषाद मान्नेवाला र धर्म तथा ईश्वरको सम्बन्धमा वास्तविक न्यूनता पाउने भएको, शील सत्वगुणको पालन राम्रोसित गर्न नसक्ने खालको र मानसिक कष्ट सहने, अपयश पाउने र भाग्योन्नतिको निकै चिन्तापछि निकै लामो समयमा भाग्यवृद्धि पाउने भएको, तैपनि भाग्यस्थानमा कुनै न कुनै विघ्न बाधा र अशान्तिको वातावरण पाउने र भाग्यको सम्बन्धमा अनेकानेक मानसिक आघात सहदै रहे पनि कुनै गहीरो तत्त्वको खोजी गरिरहने खालको होला।

कु० नं० ९५९

९　७
१०　८　६
११　५
१२　२　४रा.
१　३

जुन व्यक्तिको सिंह राशिको राहु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पितास्थानमा हानि र क्लेश पाउने भएको तथा राजसमाजबाट पनि एवं राजयोगमा पनि कण्टक पाउनेवाला, अनि मान-उन्नति या पद-उन्नतिमा विफल हुने खालको र व्यापारादि कारबारमा अनेक झंझट सहने भएको र उन्नतिको मार्गमा विघ्न-बाधा पाउनेवाला तर उन्नति प्राप्त गर्नका लागि ठूलोभन्दा पनि ठूलो परिश्रम सहने खालको र अपठेरा र झ्याउलाबाट नआत्तिएर कटुभन्दा पनि कटु तीक्ष्ण युक्तिहरूलाई व्यवहारमा ल्याउन जान्ने र धर्म-कर्मको कुनै राम्रो र उत्तम नियम पालन गर्न नसक्ने व्यक्ति होला।

कु० नं० ९६०

९　७
१०　८　६
११　५रा.
१२　२　४
१　३

जुन व्यक्तिको कन्या राशिको राहु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै नै धन कमाउने तथा बढी आमदानी पाउने भएको तथा आमदानीको सम्बन्धमा कुनै न कुनै युक्तिका कारणबाट यौटा दरिलो तहमा पुग्न सक्ने अनि केही अपुताली जस्तो धन पाउने पनि संयोग भेट्नेवाला, आमदानी वा कुनै पनि किसिमको प्राप्तिको सम्बन्धमा बडो तत्परताले लड्न तयार हुने तर पनि केही न्यूनता अनुभव गर्ने खालको, धन प्राप्तिको सम्बन्धमा सत्य असत्यको न्यायको वास्ता नगर्ने अनि स्वार्थसिद्धितिर नै लम्कने तथा सतर्क व्यक्ति होला।

कु० नं० ९६१

९ ७
१० ८ ६रा.
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको तुला राशिको राहु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस धेरै धन खर्च गर्ने, खर्चको सम्बन्धमा केही बाहिरी सम्पर्क पाउने भएको र खर्चको लागि धेरै ठूला युक्तिहरूबाट काम मिलाउन जान्नेवाला र खर्चको सम्बन्धमा बाधा-कष्ट पनि सहने खालको तर खर्च शक्तिलाई दरिलो रीतिले प्राप्त गर्नका लागि विपत्तिहरूको वास्ता नराख्ने खालको र अन्य स्थानको सम्पर्कमा अनेक ठूला भेद युक्तिहरूद्वारा काम पूर्ण पार्ने र खर्चको मामलामा केही सित्तैको झैं योजनाको पनि लाभ पाउने भएको र खर्चको पंक्तिबाट केही चिन्तित भावले सदैव पारी वर्लने भएको व्यक्ति होला।

कु० नं० ९६२

९ ७रा.
१० ८ ६
११ ५
१२ २ ४
१ ३

वृश्चिक लग्नान्तर-केतुफलम्

जुन व्यक्तिको वृश्चिक राशिको केतु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शरीरको सम्बन्धमा केही कमजोरी पाउनेवाला र शरीरमा केही घाउ-फोडा इत्यादिको योग पनि पाउनेवाला, भित्री हृदयमा बडो धीरता राख्न सक्नेवाला र आफ्नू जथाभावी शक्तिको सामुन्ने कुनै पनि अन्य व्यक्तिको वास्ता नगर्ने खालको र वीर भेष वा वीरस्वभाव मनपराउने तथा हृदयमा ज्ञानको न्यूनता (कमी) अनुभव गर्ने भएको र केही गुप्त युक्तिहरूद्वारा गहीरो लाभ विचार गरेर फाइदा पाउनेवाला अनि काम-शक्ति बर्ता भएको र बर्ता परिश्रम सहन गर्न सक्ने र कहिले काहीं अनेक थरिका विपत्ती र बर्ता परेशानी सहने खालको चिन्तित र गम्भीर एवं साहसी र बाठो व्यक्ति होला।

कु० नं० ९६३

९ ७
१० ८के. ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको धन राशिको केतु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन स्थानमा ठूला-ठूला जबरदस्त युक्तिहरू द्वारा धन वृद्धिको प्रयत्न गर्ने खालको र धनको सम्बन्धमा निकै ठूलो उच्चता देखाउनेवाला र कुटुम्ब वृद्धिको यौटा निकै ठूलो झ्याउलो झैं पाउनेवाला र धनीवर्गको झैं यौटा निकैं ठूलो आडम्बर झैं पाउनेवाला र धनको वास्तविक परिस्थितिमा यौटा बडो न्यूनता अनुभव गर्ने भएको र धन समूहको प्राप्तिका लागि यौटा उच्च योजना बनाएर एक उच्च दाउ खेल्नेवाला र धनको विशेष प्राप्ति गर्नको सम्बन्धमा कुनै गहीरो विपत्ति पनि पाउने खालको व्यक्ति होला।

कु० नं० ९६४

९के. ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको मकर राशिको केतु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै बहादुर प्रकृतिको, लामा बाहु भएको र बर्ता परिश्रम गर्नेवाला, केही वियोग पाउने भएको र कुनै कार्यसिद्धिको तहसम्म पुग्नलाई जति सुकै असफलता आइपरे पनि सदैव उत्साहयुक्त भएर आफ्नू काममा अगाडि बढ्दै रहने खालको र अन्त्यमा कुनै दरिलो शक्तिलाई प्राप्त गर्नेवाला र स्थिर अडिएको कामलाई नै गर्न मनपराउने भएको, स्वार्थयुक्त नीतिवाला व्यक्ति होला।

कु० नं० १६५

९ ७
१० के. ८ ६
११ ५
१२ २ ४
१ ३

जुन व्यक्तिको कुम्भ राशिको केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृस्थानमा केही कमी पाउनेवाला र भूमिस्थान एवं भूमि-भवन सम्पत्तिको पनि केही कमी पाउनेवाला र सुखको साधनहरूमा पनि न्यूनता पाउनेवाला र जन्म स्थानबाट पनि केही भिन्नता पाउनेवाला तथा सुखका साधनहरूको प्राप्तिको लागि कुनै बलियो मार्ग पाउनेवाला र जबसम्म सुखको मजबूती नपाए सम्म अनेक थरिका युक्ति बल र परिश्रमद्वारा सुख प्राप्तिको साधनहरूमा लागि रहनेवाला र घर भित्रको वातावरणमा केही अशान्तिको कारण पाउने खालको व्यक्ति होला।

कु० नं० १६६

९ ७
१० ८ ६
११के. ५
१२ २ ४
१ ३

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस आफ्नू वृद्धिमा चिन्ता पाउनेवाला तथा विद्याध्ययनमा ठूला-ठूला विघ्न-बाधाहरू पाउने खालको तर विद्याग्रहण गर्नको सम्बन्धमा बडो धैर्यले काम लिनेवाला र सन्तान पक्षमा कष्टको अनुभव गर्नेवाला र आफ्नो मन्तव्यलाई आफ्नू वाणीद्वारा अन्यलाई राम्ररी बुझाउनमा कष्ट अनुभव गर्नेवाला, बोलचालमा केही बलजफतीले काम गर्ने, बुद्धिमा केही कमी अनुभव गर्नेवाला, केही गुप्त युक्तिद्वारा कुराकानी गर्नेवाला, शीलोल्लंघन गर्नेवाला, जिद्दी स्वभावको व्यक्ति होला।

कु० नं० ९६७

९ ७
१० ८ ६
११ ५
१२ के. २ ४
१ ३

जुन व्यक्तिको मेष राशिको केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस वीर बडो बहादुर स्वभाव भएको र शत्रुपक्षमा विजय पाउने भएको र आफूमाथि आइपर्ने कतिपय विपत्तिहरूको वास्ता नगर्ने खालको र अनेक रोग झ्याउलोहरूको बढी सावधानी र मुस्तैदीले हटाइदिने खालको तथा मावली पक्षमा हानि पाउनेवाला अनि आफ्नू सुरक्षा र बचाउको निकै राम्रो र गहीरो उपाय वा साधन जुनवेला पनि तयार राख्नेवाला र निकै दरिलो र गहीरो युक्तिले काम सपार्न जान्ने खालको अनि आफ्नू स्वार्थ सिद्धिको पूरा ध्यान राख्ने भएको र शील सन्तोषको अलिकति पनि वास्ता नगर्ने भएको, केही दुर्बलता वा न्यूनता आफूभित्र सोच्ने भए पनि नडराउने खालको व्यक्ति होला।

कु० नं० ९६८

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१के. ३

जुन व्यक्तिको वृष राशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा केही कष्टसहन गर्ने भएको र दैनिक व्यापारको क्रममा केही बाधा-कष्ट सहन गर्ने भएको, व्यापारको पक्षमा परिश्रम र धैर्यले काम सिद्ध पार्न जान्ने खालको तथा व्यापारमा कहिले काहीं महान् कष्ट आइलागे पनि निश्चेष्ट र मनमा निराश नहुने खालको, गृहस्थीको सम्बन्धमा महान् विघ्न-बाधा र झ्याउलो सहन गर्ने भएको, ठूला-ठूला युक्तिहरूद्वारा साहस र हिम्मतले आफ्नू काम पूरा गर्न जान्नेवाला, बढी मैथुन प्राप्त गर्ने भएको, व्यापारको क्रममा कुनै पनि परिस्थितिमा रहेर पनि केही न केही दृढता वा मजबूती पाएर छाड्नेवाला, लौकिक कार्यहरूमा भित्री कमजोरी भए पनि निस्फिक्री शरीरको प्रयोग गर्ने खालको होला।

कु० नं० १६१

९		७
१०	८	६
११		५
१२	२के.	४
१		३

जुन व्यक्तिको मिथुन राशिको केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवन कालमा बढी दुःख अनुभव गर्ने भएको र अशान्तिप्रद रहने भएको अनि बढी गूढ भन्दा पनि गूढ युक्तिहरूमा पनि गूढ र संकीर्ण युक्तिहरूको प्रयोग गर्ने खालको तथा पुरातत्त्व धनको लाभमा हानिको योग प्राप्त गर्नेवाला, आयुमा केही न्यूनताको विचार गर्ने भएको अनि दिनचर्यामा कुनै गल्ढ्यांग्रो किसिम पाउने खालको सामान्य रहन-सहन हुने भएको, पेट वा गुदामा केही खराबी र कब्जियतको शिकायत पाउनेवाला तथा जीवनमा केही दुरुपयोग पाउने भए पनि मनभित्र साहस र हिम्मत भएको होला।

कु० नं० १७०

९		७
१०	८	६
११		५
१२	२	४
१		३के.

जुन व्यक्तिको कर्क राशिको केतु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यमा ठूला अशान्तिहरूको योग पाउने खालको तथा भाग्योन्नतिको पूर्ण विकासका लागि धेरै दिनसम्म प्रतीक्षा गर्ने भएको अनि धर्मको सम्बन्धमा न्यूनता पाउनेवाला तथा आफ्नू भाग्यमा विषाद गर्ने भएको एवं भाग्यमा कहिले काहीं ठूला-ठूला आघात सहनेवाला एवं भाग्योन्नतिका लागि निकै गहीरो लाभदायक योजना पाउने भएको अनि भाग्योन्नतिका लागि बडो जबरदस्त लाभको चाल चल्नेवाला र अन्त्यमा कुनै बलियो शक्तिमा पुग्नेवाला तथा ईश्वर भक्तिको पूरा साधन भेट्न नसक्ने खालको तथा कुनै कमजोर धर्मको पालन गर्ने खालको होला।

कु० नं० ९७१

९　७
१०　८　६
११　५
१२　२　४के.
१　३

जुन्न व्यक्तिको सिंह राशिको केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा केही हानि र न्यूनता पाउने भएको एवं राज समाजमा बाधा पाउनेवाला तथा पदोन्नति या मानोन्नतिमा विघ्न बाधा पाउनेवाला एवं उन्नति र व्यापारादिमा ठूला-ठूला झ्याउला तथा विपत्तिहरू सहनेवाला, उन्नतिको निम्ति निकै परिश्रम गरेको धेरै दिनपछि सफलताको नजीक निकै अबेरमा पुग्ने भएको तथा आफ्नू इज्जत र सम्मानमा केही कमी (न्यूनता) अनुभव गर्नेवाला किन्तु भित्री हृदयमा केही दृढता राख्ने र साहसवाला, धैर्यले काम बनाउने होला।

कु० नं० ९७२

९　७
१०　८　६
११　५के.
१२　२　४
१　३

जुन व्यक्तिको कन्या राशिको केतु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै आमदानी पाउनेवाला, आमदानीको घेरामा एक प्रकारको

कु० नं० १७३

९ ७ १० ८ ६के. ११ ५ १२ २ ४ १ ३

मजबूती पाउने भएको, लाभ प्राप्तिको सम्बन्धमा निकै तत्परता र दृढताले काम गर्ने खालको, धन-शक्ति पाउनको लागि आफ्नू विशेष शक्तिको प्रयोग गर्नेवाला, भविष्यको जाती नजातीको वास्ता नगर्ने र स्वार्थसिद्धिको ध्यान राख्ने भएको तथा केही अपुताली झैं पाउने खालको एवं कहिले काहीं आमदानीमा कुनै गहीरो आघात सहनेवाला तर साहस तथा बहादुरीले सदैव आफ्नू कामको फाइदा पाउने व्यक्ति होला।

जुन व्यक्तिको तुला राशिको केतु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी खर्च गर्ने भएको तथा खर्चको सम्बन्धमा ठूला युक्तिहरूले र

कु० नं० १७४

९ ७के. १० ८ ६ ११ ५ १२ २ ४ १ ३

धैर्यताबाट काम सिद्ध पार्ने र खर्चको शैलीलाई दह्रो हिसाबले चलाउनेवाला र खर्चको शक्तिमा कुनै बलियो बाटो फेला पार्ने भएको र खर्चको सम्बन्धमा कहिले काहीं कुनै गरीरो आघात पाएर खर्च चलाउनमा आफूलाई बढी असमर्थ पाउने खालको, खर्चको सम्बन्धमा केही कष्ट-बाधाले युक्त अन्य स्थानको सहयोग सम्बन्धको कारण पनि पाउने भएको, खर्च-शक्तिको दृढता कायम राख्नका लागि आफ्नू असीमित शक्तिको प्रयोग गर्ने खालको साहसी व्यक्ति होला।

धनु लग्न हुनेहरूको- भविष्यका तारीख

सन् १९९६ को वर्षमा- गुरू नीचको भएर दोस्रो स्थानमा चल्ने छन्, यसै निम्ति धनको पक्षमा र स्वास्थ्यको पक्षमा कष्ट रहला। ता० ७/१/९६ देखि भाग्यको समय राम्रो रहला। ता० १५/५/९६ देखि भाग्यमा न्यूनता आउला। ता० १५/६/९६ बाट व्यापारमा सफलता रहला। ता० १५/७/९६ देखि फेरि कष्ट रहने छ। ता० ३/९/९६ बाट भाग्यको उत्तम समय रहला। ता० १६/१०/९६ सम्म लाभ रहला, त्यसपछि समय केही दुर्बल रहने छ। ता० १६/१२/९६ बाट ता० ३१/१२/९६ सम्ममा भाग्योन्नतिको समय रहने.छ।

कु० नं० ९७५

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

सन् १९९७ को वर्षमा- ता० १/१/९७ बाट भाग्यको समय राम्रो रहने छ। ता० २३/१/९७ बाट खर्च बढी रहला। ता० १३/२/९७ बाट पुरुषार्थले नै भाग्यको सफलता रहने छ। ता० २२/४/९७ देखि लाभमा न्यूनता आउला ता० ३/६/९७ देखि व्यापार र गृहस्थीमा सफलता मिल्ला।ता० २२/६/९७ देखि उन्नतिमा आंशिक बाधा पर्ला। ता० २८/८/९७ देखि ता० १७/१०/९७ सम्म भाग्योन्नति बलिरहला, त्यसपछि भाग्यमा कमी आउला। ता० १६/१२/९७ बाट ३१/१२/९७ सम्म भाग्यको सफलता रहने छ।

कु० नं० ९७६

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

धनु लग्नमा–सुनौला तारीखहरू

सन् १९९८ को वर्षमा- ता० १/१/९८ बाट समय उत्तम रहला। ता०

कु० नं० ९७७

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

१३/५/९८ बाट समय दुर्बल रहने छ। अलि-अलि दुःख सुख चल्दै रहला। ता० २०/८/९८ बाट भाग्यका दिन फर्कनन्। ता० ३०/१०/९८ देखि समय बढी खर्च हुने खालको रहला, भाग्य प्राय कमजोर नै रहने छ। ता० २०/१२/९८ बाट ता० ३०/१२/९८ सम्ममा समय उत्तम रहने छ।

सन् १९९९ को वर्षमा- ता० १/१/९९ देखि समय उन्नतिदायक रहने

कु० नं० ९७८

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

छ। यस वर्षमा विद्या, बुद्धि र सन्तान पक्षमा समय श्रेष्ठ रहने छ, मान-सम्मान र प्रभाव बढ्ने छ। ता० ३/६/९९ बाट उन्नतिमा बाधा रहने छ। ता० ७/७/९९ देकि गृहस्थीमा सफलता रहने छ। ता० २४/७/९९ बाट समयमा न्यूनता आउने छ, धन-हानि हुन सक्तछ। ता० १६/८/९९ देखि भाग्यको उत्तम समय रहने छ। ता० २५/१०/९९ बाट फेरि समय कमजोर रहला। ता० १६/१२/९९ बाट ३१/१२/९९ सम्म भाग्यको सफलता बनिरहने छ।

धनु लग्नमा–सुनौलो तारीखहरू

सन् २००० को वर्षमा- ता० ६/१/२००० देखि समय लाभदायक रहने छ। ता० २३/४/२००० बाट केही कष्ट-बाधा रहला। ता० १९/६/२००० देखि स्थितिमा आंशिक सुधार होला। ता० १४/७/२००० देखि भाग्यमा न्यूनता आउन सक्छ। ता० २/८/२००० बाट फेरि भाग्यको सफलता चल्न थाल्नेछ। ता० २७/१०/२००० बाट अधिकांश रूपमा भाग्यको सफलता बनिरहला। ता० १६/११/२००० बाट समय बढी खर्चको र दुर्बल रहला। ता० ३/१२/२००० देखि ३१/१२/२००० सम्ममा भाग्यको सफलता रहिरहला।

कु० नं० १७९

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

सन् २००१ को वर्षमा - ता० ५/१/२००१ बाट भाग्य र मान प्रभावको वृद्धि रहला। ता० ७/६/२००१ बाट उन्नतिको मार्गमा बाधा आउन सक्दछ। ता० २५/६/२००१ देखि ता० ८/७/२००१ सम्म पूर्ण सफलता रहने छ। ता० ९/७/२००१ बाट भाग्य कमजोर रहने छ। ता० १७/८/२००१ देखि समय बढी खर्चको रहला र धनको न्यूनता रहने छ। ता० ७/१२/२००१ देखि ३१/१२/२००१ सम्ममा भाग्य र मान-सम्मान बढ्ने छ।

कु० नं० १८०

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

धनु लग्नमा–सुनौलो तारीखहरू

सन् २००२ को वर्षमा - ता० ६/१/२००२ बाट भाग्यको उत्तम समय चल्नेछ। ता० ८/४/२००२ बाट भाग्यमा केही न्यूनता आउला। ता० ४/५/२००२ बाट केही सप्रन्दै जानेछ। ता० २/६/२००२ बाट केही कष्ट-बाधा बढ्दै जानेछ। ता० १७/६/२००२ बाट व्यापार र गृहस्थीमा सफलता प्राप्त हुन सक्तछ। ता० २६/९/२००२ देखि भाग्योन्नतिको समय चल्नेछ। ता० १८/१०/२००२ देखि भाग्यमा केही न्यूनता आउला। ता० १/१२/२००२ देखि २९/१२/२००२ सम्ममा खर्च बढी रहे पनि सामान्य लाभ बनिरहला।

कु० नं० ९८१

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

सन् २००३ को वर्षमा - ता० ६/१/२००३ बाट भाग्योन्नति रहने छ, मान प्रभाव बढ्ने छ। ता० ४/२/२००३ देखि पुरुषार्थ कर्मको सफलता रहने छ। ता० २/४/२००३ देखि घरेलू काममा सुख सफलता बढ्ने छ र सन्तान वृद्धिमा सफलता रहला। ता० २४/५/२००३ देखि भाग्योन्नतिमा अपठेरो आउला। ता० १५/६/२००३ देखि व्यापार र गृहस्थीमा सफलता रहला। ता० १०/७/२००३ देखि भाग्यमा न्यूनता आउला। ता० १७/८/२००३ देखि भाग्य सप्रन्दै जाला। ता० १७/१०/२००३ देखि भाग्यमा फेरि दुर्बलता आउला। ता० १५/१२/२००३ देखि ता० ३०/१२/२००३ सम्म भाग्यमा अग्लो-होचो चलिरहला।

कु० नं० ९८२

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

धनु लग्न हुनेकोहरूको–सुनौला तारीखहरू

सन् २००४ को वर्षमा - ता० १/१/२००४ बाट भाग्य र मान प्रभाव बढ्ने छ। उन्नति रहला। ता० १४/४/२००४ देखि केही कष्ट रहने छ। ता० १५/६/२००४ देखि भाग्यको सफलता रहला। ता० ५/८/२००४ देखि भाग्यमा न्यूनता रहने छ। ता० १८/९/२००४ देखि आमदानी बढ्ने छ। व्यापारमा उन्नति रहला। ता० १६/११/२००४ देखि भाग्य केही विपरीत रहला। ता० २३/१२/२००४ देखि ता० ३१/१२/२००४ सम्ममा भाग्योन्नति रहला, मान-सम्मान बढ्ला।

कु० नं० ९८३

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

सन् २००५ को वर्षमा - ता० १/१/२००५ देखि भाग्यको उन्नति रहला र मान-सम्मान बढ्ला, धनको सफलता प्राप्त होला। ता० ४/३/२००५ देखि ता० ६/४/२००५ सम्ममा घरेलू सुखका विशेष साधन बढ्ने छ। त्यसपछि समय केही कष्टदायक रहने छ। ता० १५/६/२००५ देखि व्यापार र गृहस्थीमा सफलता र उन्नति रहने छ। ता०१७/७/२००५ भाग्यमा न्यूनता रहने छ। ता० १७/८/२००५ देखि १७/१०/२००५ सम्म भाग्य र मान प्रभाव बढ्ने छ। त्यसपछि समय कमजोर रहने छ। ता० १७/१२/२००५ देखि भाग्य सप्रन्दै जानेछ।

कु० नं० ९८४

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

धनु लग्न हुनेहरूको लागि-सुनौलो तारीखहरू

सन् २००६ को वर्षमा - ता० १/१/२००६ देखि भाग्यको सफलता रहने छ। ता० ६/६/२००६ देखि लाभमा कमी आउन सक्दछ । ता० ७/७/२००६ देखि व्यापारमा सफलता रहला। ता० २४/७/२००६ देखि उन्नतिमा बाधा आउला।ता० १७/८/२००६ देखि भाग्यको सफलता प्रारम्भ होला। ता० १८/१०/२००६ बाट भाग्यमा केही कमजोरी आउला। केही लाभ पनि हुनेछ। ता० १/१२/२००६ देखि ३१/१२/२००६ सम्म भाग्यको सफलता रहने छ।

कु० नं० ९८५

१० ८ ११ ९ ७ १२ ६ १ ३ ५ २ ४

सन् २००७ को वर्षमा - ता० १/१/२००७ बाट भाग्योन्नति रहने छ। ता० २३/४/२००७ बाट उन्नतिको बाटोमा बाधा आइपर्ला। ता० ३०/६/२००७ देखि व्यापारमा सफलताको शक्ति बढ्ने छ। ता० १६/७/२००७ देखि भाग्य सप्रन्दै जानेछ। ता० १७/८/२००७ देखि भाग्यमा सुधार आउन सम्भव छ।ता० १४/१०/२००७ सम्म उन्नति रहने छ, त्यसपछि भाग्यमा न्यूनता आउला। ता० १/१२/२००७ देखि भाग्य सप्रन्दै जाला। ता० ३१/१२/२००७ सम्म उन्नति चल्दै रहने छ।

कु० नं० ९८६

१० ८ ११ ९ ७ १२ ६ १ ३ ५ २ ४

कार्य सिद्धिको विषय

धन लग्न हुने व्यक्तिहरूलाई - विद्या र सन्तानको सम्बन्धमा मंगल सदैव केही चिन्ता र कष्टको सूचक छ र लाभ, आमदानीको सम्बन्धमा, शुक्र कुनै न कुनै चिन्ताको कारण बनाउँदै रहन्छ र चन्द्रमा सदैव मनमा फिक्री उमारि रहन्छ। अतः सधैं खानु भन्दा अगाडि, मंगलवारको दिन गहुँको पुरीमा गुलियो हाली लड्डू बनाएर राती गाईलाई खान-दिनु अनि शुक्रवार दूध हालेको भाँग घोटेर शिवलिंगमा चढाउनु, सोमवार एक पाउ दहीमा चीनी हालेर ब्राह्मणलाई दिनु। राहु-केतु स्वभावैले कष्टदाता ग्रह हुन्, यसै निम्ति चरा-चुरूँगी र माछा-कछुवालाई पीठोको गोली खान दिनु।

कु० नं० १८७

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

धनु लग्न हुने व्यक्तिलाई-धन र भाग्योन्नतिको सम्बन्धमा शनि,बुध,शुक्र र सूर्य- यी चारै ग्रह श्रेष्ठ छन्। अतः पञ्चांगमा जुन-जुन वर्षमा, महीनामा शनि, मकर, तुला, सिंह अथवा केन्द्रमा जब-जब आउने मकर, तुला, सिंह अथवा केन्द्रमा जब-जब आउने छन् या शुक्र-मकर, तुला, मिथुन, मेष धन र मीनमा जब-जब आउँछन् वा बुध, मकर, तुला, कन्या, सिंह, मिथुन, धन र मेषमा जब-जब आउने छन, अथवा सूर्य- कन्या, सिंह, धन, मकर, मिथुन र मीन जब-जब आउने छन्, तब-तब ती समयमा धनोन्नति र भाग्योन्नति गर्दै रहन्छन्।

कु० नं० १८८

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

धनु लग्न हुनेहरूको–प्रतिकूल समय ज्ञान

कु० नं० ९८९

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

(सदैव कालको लागि)

तल लेखिएका ग्रहहरू जब-जब यी राशिहरूमा पञ्चांगमा आउने छन्, तब-तब ती वर्षमा, महीनामा र दिनमा अशान्तप्रद वातावरण रहने छ।

सू०- तुला, वृश्चिक, वृष र कर्क।
चं०- वृश्चिक।
मं०- वृश्चिक, वृष र कर्क।
बु०- वृश्चिक, वृष र कर्क।
गु०- वृश्चिक, मकर, वृष र कर्क।
शु०- वृश्चिक, वृष, कर्क र कन्या।
श०- वृश्चिक, मेष, वृष र कर्क।
रा०- धन, मकर, मीन, मेष, कर्क र कन्या।
के०- मकर, मीन, मेष, मिथुन, कर्क र कन्या।

नोट- सालाना फलादेशको क्रम जान्नका लागि श० शु० रा० के० यी चार ग्रहबाट गन्नुपर्दछ। मासिक फलादेश जान्नका लागि सू० बु० शु० मं० यी चार ग्रहबाट गणना गर्नुपर्दछ। अनि दैनिक फलादेश जान्नका लागि चन्द्रमाबाट गणना गरे उत्तम हुनेछ। सूर्यबाट अस्त हुने ग्रहले न्यून फल दिन्छ।

धनु लग्नहुनेहरूको–अनुकूल समय ज्ञान

कु० नं० ११०

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

(सदैव कालको लागि)

तल लेखिएका ग्रहहरू जब-जब यी राशिहरूमा पञ्चांगमा आउने छन्। तब-तब ती वर्षमा, महीनामा र दिनमा लाभप्रद र सुखदायक समय रहने छ।

सू०- सिंह, कन्या, धन, मकर, कुम्भ, मीन, मेष र मिथुन।
चं०- कर्क, सिंह, कन्या, तुला, धन, मकर, कुम्भ, मीन, मेष र मिथुन।
मं०- सिंह, कन्या, तुला, धन, मकर, कुम्भ, मीन, मेष र मिथुन।
बु०- सिंह, कन्या, तुला, धन, कुम्भ, मीन, मेष र मिथुन।
शु०- तुला, धन, मकर, कुम्भ, मीन, मिथुन, सिंह र कन्या।
श०- तुला, धन, मकर, कुम्भ, मीन, मेष, मिथुन र सिंह।
रा०- तुला, वृश्चिक, कुम्भ, वृष, मिथुन र सिंह।
के०- तुला, वृश्चिक, धन, कुम्भ, वृष र सिंह।

नोट- सालाना फलादेश जान्नका लागि श० शु० रा० के० यी चार ग्रहबाट गणना गर्नुपर्दछ। मासिक फलादेश जान्नका लागि सू० बु० शु० मं० यी चार ग्रहबाट गणना गर्नुपर्दछ। अनि दैनिक फ़लादेश जान्नका लागि चन्द्रमाबाट हेर्नु पर्दछ। अन्यान्य जानकारीका लागि 'भाग्योदय दर्पण' हेर्नुहवस्।

धनु लग्नान्तर – सूर्यफलम्

जुन व्यक्तिको धन राशिको सूर्य लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस भाग्यशाली र राम्रो शरीरवाला तथा भाग्यमानी झैं देखिनेभएको र दया धर्मलाई मान्ने तथा ईश्वरमा श्रद्धा विश्वासवाला र भाग्य-शक्तिको ठूला-ठूला चमत्कार राख्ने भएको र प्रभाव पाउने खालको तथा दैवयोगद्वारा सधैं सहायक वस्तुहरू प्राप्त गर्नेवाला र शरीरद्वारा हरेक स्थानमा सम्मान पाउनेवाला तथा यश पाउने खालको र आफ्नू भाग्यमानीको गौरव आफूभित्र राख्न जान्ने भएको, व्यापारमा सफलता पाउने भएको, अनि गृहस्थीमा स्त्रीमा पनि गौरव र सफलता पाउनेवाला, निकै प्रभावशाली, तेजस्वी व्यक्ति होला।

कु० नं० ९९१

१० ८ ११ ९सू. ७ १२ ६ १ ३ ५ २ ४

जुन व्यक्तिको मकर राशिको सूर्य लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यको तागतद्वारा मनमा अपठेरो मान्दै धनको प्राप्ति फेला पार्ने भएको र भाग्यको सम्बन्धमा केही बन्धन झैं अनुभव गर्नेवाला र कुटुम्बसित केही रूखो व्यवहार गर्नेवाला र धन संग्रहको पक्षमा केही कष्ट-बाधा पाउने भएको र पुरातत्त्व स्थानबाट फाइदा प्राप्त गर्ने खालको आयुमा वृद्धि पाउने भएको एवं धर्मको पक्षमा केही हानि पाउने भएको र भाग्यको उन्नतिको सम्बन्धमा केही रूकावट पाउने खालको तथा निकै ढीलो भाग्योदय प्राप्त गर्नेवाला, धर्मभन्दा धनलाई बढी महत्त्व दिने भएको तथा जीवनमा समयलाई सभ्य सुचारू तथा राम्रो काइदाले व्यतीत गर्न जान्ने भएको भाग्यमानी व्यक्ति होला।

कु० नं० ९९२

१० ८ ११ ९ ७ १२ ६ १ ३ ५ २ ४

जुन व्यक्तिको कुम्भ राशिको सूर्य लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू पुरुषार्थले केही कष्ट साध्य उपायहरू द्वारा भाग्यवृद्धि

कु० नं० ९९३

१० ८ ११ सू. ९ ७ १२ ६ १ ३ ५ २ ४

पाउने भएको र परिश्रमद्वारा सफलता पाउनेवाला र धर्मको पालन श्रद्धापूर्वक गर्ने खालको तथा ठूलो साहस र उत्साहले काम गर्ने भएको तर परिश्रम भित्र केही असजिलो वा अपठेरोको योग पाउने खालको र दाजु-भाइ दिदी-बहिनीको उत्तम सहयोग पाएर पनि उनीहरू तर्फबाट केही न्यूनता अनुभव गर्ने भएको र भाग्योदय कालमा केही ढीलो योग परेको तथा प्रभावशाली एवं पराक्रमी र ईश्वरमा श्रद्धा विश्वास राख्ने खालको तथा भाग्य र पुरुषार्थ दुवैलाई परस्पर समान महत्त्व दिनेवाला, भाग्यमानी यशस्वी तथा तत्त्व-खोजी र उदार व्यक्ति होला।

जुन व्यक्तिको मीन राशिको सूर्य लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यशाली र भवन-भूमि प्रसस्त भएको तथा माताको वा मातृ

कु० नं० ९९४

१० ८ ११ ९ ७ १२सू. ६ १ ३ ५ २ ४

स्थानको सुख निकै पाउने भएको पिताबाट पनि फाइदा पाउने र सुख प्राप्तिका साधन स्वयं नै प्राप्त गर्ने खालको तथा धर्म-कर्मको पालन सुखपूर्वक गर्ने भएको र सुखपूर्वक नै यश-मान प्राप्त गर्ने खालको होला। भाग्यको तागतले नै सम्मान पाउने भएको, राजस्थानबाट लाभ पाउने भएको, व्यापारमा नाफा कमाउने खालको र ईश्वरको पूरा भरोसा मान्नेवाला, तत्त्वग्राही, प्रभावशाली र सुन्दर कर्मेष्ठी होला।

जुन व्यक्तिको मेष राशिको सूर्य लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस निकै बुद्धिमान र धेरै विद्यावान् तथा अनेक धर्मको ज्ञान भएको

कु० नं० ९९५

१० ८
११ ९ ७
१२ ६
१सू. ३ ५
२ ४

अनि बुद्धियोगद्वारा भाग्यको उन्नति पाउनेवाला र सन्तान पक्षमा भाग्यमानी गनिने खालको, निकै प्रभावपूर्ण वाणीमा बोल्नेवाला आफूभित्र 'म भाग्यमानी हुँ' भन्ने ठूलो अहं भावना राख्ने वाला र आमदानीको स्थानमा न्यूनता ठान्नेवाला र लाभ प्राप्तिको लागि उदारतालाई त्यागिदिने खालको तथा निकै दूरदर्शी तथा ठूलो ज्ञानी एवं बाठो र भाग्यको उन्नतिका लागि ठूला-ठूला उच्च स्तरका उपायहरू खोजेर निकाल्न जान्ने भएको भाग्यमानी व्यक्ति होला।

जुन व्यक्तिको वृशराशिको सूर्य लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस भाग्यको सम्बन्धमा ठूला-ठूला कष्ट-बाधा र झ्याउला आदिको योग

कु० नं० ९९६

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२सू. ४

परेको, धर्म-कर्मको उचित रूपमा पालन गर्न नसक्ने, एवं शत्रु आदि विपक्षीहरूको स्थानमा प्रभाव पाउने तथा विपत्तीहरूलाई थिचिदिने एवं रोगमा काबू पाउने खालको अनि झगडा-विवाद आइलाग्ने मामलामा परिश्रमद्वारा भाग्योदय पाउनेवाला, बढी धन व्यय गर्ने तथा अन्य स्थानको सम्पर्कबाट केही लाभ पाउनेवाला, ईश्वरमा विश्वास थोरैं भएको र मावली पक्षबाट केही प्रभाव पाउने, तामसी धर्मवाला र प्रतिभाशाली व्यक्ति होला।

जुन व्यक्तिको मिथुन राशिको सूर्य लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस भाग्यको तागतद्वारा व्यापारमा वृद्धि पाउने भएको तथा उत्तम प्रभावशाली स्त्री प्राप्त गर्नेवाला, विवाह भएपछि भाग्यवृद्धि पाउने खालको अर्थात् भाग्यवती स्त्री पाउने भएको एवं व्यापारको उन्नति गर्ने, गृहस्थ धर्मको निकै राम्रो प्रभावशाली काइदाले पालन गर्ने तथा व्यापारको क्रममा प्रभाव र इज्जत वा यश कमाउने खालको, भाग्यमानीको लौकिक आनन्द भोग्ने भएको, व्यापारको परिधिमा ईमानदारीको राम्ररी पालन गर्ने खालको र व्यापारमा अकस्मात धन प्राप्तिको बाटो फेलापार्ने व्यक्ति होला।

कु० नं० ११७

१० ८
११ ९ ७
१२ ६
१ ३सू. ५
२ ४

जुन व्यक्तिको कर्क राशिको सूर्य लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस भाग्यको सम्बन्धमा हानि पाउनेवाला, भाग्योदयको लागि चिन्तित रहने भएको, भाग्यको विकास निकै ढीलो र महान् कष्ट-बाधा एवं विदेश आदिमा प्राप्त गर्ने खालको, पुरातत्त्व शक्तिको निकै लाभ पाउने भएको, अनि जीवनमा निर्वाहक शक्तिको बल पाउने अनि जीवनको समय निकै उत्तम र प्रभावशाली काइदाले व्यतीत गर्न जान्नेवाला, धर्मस्थानमा बढी न्यूनता वा कमजोरी पाउनेवाला, भाग्योदयको लागि ठूला-ठूला र गहीरा युक्तिहरू प्रयोग गर्न जान्ने, लामू आयुष्य भएको, यश र प्रशंसाको कमी (न्यूनता) पाउनेवाला, मृतक धर्म मान्ने, स्वार्थी खालको व्यक्ति होला।

कु० नं० ११८

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४सू.

जुन व्यक्तिको सिंह राशिको सूर्य लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस निकै प्रखर वा तीखो भाग्यभएको तथा तेजस्वी र तीव्र धर्मको पालन

कु० नं० ९९९

१० ८
११ ९ ७
१२ ६
१ ३ ५सू.
२ ४

गर्ने भएको, धर्मात्मा, न्यायकारी ठूलो यश कमाउने खालको तथा स्वयंमेव नै भाग्य वृद्धिको कारण भेट्टाउने भएको र ईश्वरमा श्रद्धा, भक्ति र महान विश्वास राख्ने भएको तथा पुरुषार्थलाई अलि थोरै महत्त्व दिने खालको दाजु-भाइ दिदी-बहिनीमा कम श्रद्धा राख्ने भएको तथा चाक्लो मस्तकवाला, पारलौकिक विषयको धेरै ध्यान राख्नेवाला तथा शीलरहित परोपकार गर्ने भएको, 'न भई छाड्दैन' भन्ने कुरालाई ठूलो मान्ने भएको समदर्शी स्वभावको व्यक्ति होला।

जुन व्यक्तिको कन्या राशिको सूर्य लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस भाग्यमानी र भाग्यको शक्तिबाट नै धेरै मान-सम्मान पाउने भएको

कु० नं० १०००

१० ८
११ ९ ७
१२ ६सू.
१ ३ ५
२ ४

तथा व्यवहारमा सफलता वा यश प्राप्त गर्नेवाला, एवं पिताको स्थानबाट विशेष लाभ र उन्नति पाउने भएको र पिताको उन्नति गर्नेवाला, राज-समाजबाट फाइदाको कारणले र उन्नतिले प्रसन्न रहने भएको, धर्म-कर्मको बढी पालन गर्ने खालको, मातृ स्थानबाट सफलता पाउने भएको तथा निकै प्रभावशाली र प्रतापी, प्रतिष्ठित एवं उत्तम कर्म गर्नेवाला, न्याय मनपराउने र हुकुम चलाउने खालको होला।

जुन व्यक्तिको तुला राशिको सूर्य लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धर्मको सम्बन्धबाट र भाग्यको सम्बन्धबाट साधारण लाभ पाउने भएको र लाभको स्थानमा केही न्यूनता अनुभव गर्ने खालको अनि धर्मको यर्थाथ पालन गर्नमा केही दुर्बलता पाउनेवाला किन्तु धर्मको सम्बन्धमा तथा बुद्धिमा बर्ता ज्ञान राख्ने भएको र विद्यामा प्रकाश पाउनेवाला अनि सन्तान शक्ति भेट्टाउने खालको एवं धार्मिक विषयमा राम्रो बोल्न जान्ने, भाग्यको केही दुर्बलताले गर्दा भाग्यको पूर्ण उदय हुनमा विलम्ब पाउनेवाला, केही परेशानी तथा बन्धन झैं पाउने व्यक्ति होला।

कु० नं० १००१

१० ८
११ ९ ७सू.
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको वृश्चिक राशिको सूर्य लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस भाग्य सम्बन्धमा हानि पाउने भएको र अन्यान्य स्थानबाट भाग्योदय पाउनेवाला र भाग्यको उदयका लागि निकै कष्ट पाउनेवाला र ढिलो हुनाले चक्कर काट्नेवाला,बढी धन व्यय गर्नेवाला तथा धर्मको हानि पाउनेवाला र यशको न्यूनता भेट्टाउने भएको र तीर्थ आदिमा श्रद्धा भएको तथा शत्रु स्थानमा प्रभाव पाउनेवाला अनि ईश्वरमा श्रद्धा थोरै राख्ने खालको र आफ्नू भाग्यमा पश्चात्ताप मान्ने भएको र खर्चको संचालन मार्गमा भाग्यको उत्तम सहयोग पाउने खालको र अन्य स्थानमा सहजै पाउनेवाला, लौकिक बुद्धिको व्यक्ति होला।

कु० नं० १००२

१० ८सू.
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

धनु लग्नान्तर - चन्द्रफलम्

जुन व्यक्तिको धनु राशिको चन्द्रमा लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस लामू आयुष्य पाउनेवाला तथा पुरातत्त्वको लाभ प्राप्त गर्नेवाला अनि पुरातत्त्वको सम्बन्धमा निकै उच्च ज्ञान प्राप्त गर्ने भएको र गहीरो युक्तिद्वारा र गूढ रहस्यहरूको आधारमा कसैलाई आदर्श तुल्याई प्रयोग गर्ने एवं शरीरमा शीतल र गुप्त चिन्ताहरू पाउने भएको र शरीरमा दुर्बलता वा यथार्थ सौन्दर्यतामा केही न्यूनता पाउने खालको, व्यापारमा केही चिन्ता वा घाटा पाउने भएको तथा स्त्री स्थानमा केही झ्याउला बोक्ने भएको र मनभित्र शक्ति र चिन्ताको समावेश भएको अनि जीवनको दिनचर्या भित्र एक प्रकारको तेज-ओज फेलापार्नेवाला, मस्त जीवनको व्यक्ति होला।

कु० नं० १००३

१० ८
११ ९च. ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मकर राशिको चन्द्रमा लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनकालमै दैनिक दिनचर्यालाई यौटा उत्तम परिवारको काइदाले व्यतीत गर्न जान्ने खालको तथा धन संग्रहको स्थानमा केही हानि अथवा न्यूनताको योग पाउने भएको तथा पुरातत्त्व शक्तिहरूको फाइदा भेट्टाउने खालको एवं जीवनको प्रभाव राम्रो र सुन्दर भएर पनि केही अपठेरो खालको कमीको योग पनि पाउने भएको र कौटुम्बिक हानिको योग पनि पाउनेवाला तथा गूढ र गम्भीर समस्याहरूको सम्बन्धमा मनोयोगको महान् शक्तिबाट फाइदा पाउनेवाला तथा लामू आयुष्य पाउने भएको र धन-प्राप्तिका लागि बर्ता आडम्बर र कष्ट-बाधा युक्त रहेर काम गर्ने व्यक्ति होला।

कु० नं० १००४

१०च. ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको कुम्भ राशिको चन्द्रमा लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस दाजु-भाइ दिदी-बहिनीको स्थानमा हानि पाउने भएको र शीतल एवं कठिन पुरुषार्थ गर्ने खालको तथा लामू आयु भएको अनि पुरातत्त्वको सम्बन्धमा मनोबलबाट उन्नति भेट्टाउने र गूढ गुप्त धर्मको स्थानमा केही हानिको योग भेट्टाउने खालको र भाग्यको स्थानमा परिवर्तनका लागि केही कष्ट र भूतकालका लागि उत्तमताको योग पाउनेवाला र बल-पुरुषार्थमा न्यूनता पाउने भएको र कठिन परिश्रम एवं दौड़-धूप गर्ने भएको र आफ्नू पुरुषार्थ स्थानमा केही विघ्न-बाधा झैं अनुभव गर्ने अनि अ़नेक युक्ति जान्ने तथा अलमस्त जीवनयापन गर्ने खालको होला।

कु० नं० १००५

९ १० ११ च. १२ १ २ ३ ४ ५ ६ ७ ८

जुन व्यक्तिको मीन राशिको चन्द्रमा लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृस्थानमा केही हानि पाउनेवाला, पुरातत्त्व शक्तिको धेरै सुख प्राप्त गर्ने भएको, दीर्घ आयुको राम्रो योग पाउनेवाला, घरेलू सुखसित सम्बन्धित वातावरणमा केही हानि पाउने भएको र जीवनको दिनचर्यालाई सुखपूर्वक व्यतीत गर्नेवाला, व्यापारादि र मानोन्नतिको सम्बन्धमा केही साध्य योग पाउनेवाला, पितास्थानबाट पनि केही कष्ट-बाधाको योग पाउनेवाला गूढ युक्तिहरूद्वारा मनको सहयोग र सुखका साधन उत्पन्न गर्नेभएको, उदर विकारबाट मुक्ति पाउनेवाला, अलमस्त र वेवास्ताले समय बिताउने खालको व्यक्ति होला।

कु० नं० १००६

९ १० ११ १२च. १ २ ३ ४ ५ ६ ७ ८

जुन व्यक्तिको मेष राशिको चन्द्रमा लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षबाट कष्ट हानि सहनेवाला, विद्याग्रहण गर्ने वेलामा

कु० नं० १००७

१० ८ ११ ९ ७ १२ ६ १च. ३ ५ २ ४

पनि अपठेरो र विद्याग्रहण गर्नमा पनि कमीको योग पाउने भएको, लामू आयुष्य पाउनेवाला, पुरातत्त्व र पैतृक ज्ञान एवं शक्ति प्राप्त गर्नेवाला र गहीरा विचारहरूलाई मनोयोगको बलले प्रयोग गर्न जान्ने र बढी लाभ पाउनको लागि गहीरा युक्तिहरूलाई गहीरा विचारहरूमा परिणत गर्न जान्ने भएको र लाभमा वृद्धिको लागि मन र बुद्धिमा चिन्तन गरिरहने वाला र आफ्नू जीवनको राम्रो समयलाई निकै बुद्धिपूर्वक र भलादमी झैं व्यतीत गर्ने खालको व्यक्ति होला।

जुन व्यक्तिको वृषराशिको चन्द्रमा लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनमा प्रभाव राख्ने भएको र खर्चको सम्बन्धमा दुर्बलता

कु० नं० १००८

१० ८ ११ ९ ७ १२ ६ १ ३ ५ २च. ४

वा न्यूनता पाउनेवाला र अन्य स्थानको सम्पर्कमा कमजोरी अनुभव गर्नेखालको र शत्रुस्थानमा आफ्नू प्रभाव राख्नेवाला र मावली पक्षमा केही धन र प्रभाव पाउनेवाला र जीवनको समयमा केही घेराउ अनुभव गर्ने भएको र गूढ एवं गहीरो लुकाई-छपाईको युक्तिहरूलाई बढी शानसहित प्रयोग गर्न जान्ने भएको र मन-भित्र केही पुरातत्त्वबाट सम्बन्धित विवाद झ्याउलाको चाल चल्ने शक्ति राख्नेखालको आयुको सम्बन्धमा दृढता पाउनेवाला, निर्भयताले आफ्नू काम सिद्ध पार्न जान्ने, केही शील रहित होला।

जुन व्यक्तिको मिथुन राशिको चन्द्रमा लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस आफ्नू गृहस्थ जीवनको सम्बन्धमा अनेक कष्ट-बाधा सहने भएको र लामू आयुष्य प्राप्त गर्ने खालको र स्त्री पक्षमा केही गुप्त कष्ट, वेदना सहनेवाला र केही व्यापारको सम्बन्धमा बाधा आपत्ति सहन सक्ने भएको अनि पुरातत्त्व शक्तिको पूरा लाभ पाउने खालको र गहीरो एवं गूढ ज्ञानको मनोबलद्वारा व्यापारमा लाभ उत्पन्न गर्ने भएको, शरीरमा केही कष्ट-बाधा पाउनेवाला र जीवनमा अलमस्त बेफिक्री पाउनेवाला र व्यापारको क्रममा पर वा अन्य स्थानको सम्बन्ध भेट्टाउने भएको र व्यापार एवं स्त्रीको पक्षमा केही मानसिक कडाईले काम सिद्ध पार्ने खालको होला।

कु० नं० १००९

१० ८
११ ९ ७
१२ ६
१ ३च. ५
२ ४

जुन व्यक्तिको कर्क राशिको चन्द्रमा लग्नबाट आठौं छ भने त्यो मानिस जीवनकालमै निकै प्रभाव र शानले युक्त समय व्यतीत गर्ने भएको, लामू आयुष्य पाउनेवाला, केही प्रसिद्धि पनि भेट्टाउने भएको र मनोयोग शक्तिको निकै गहीरो ज्ञान राख्ने खालको, जीवनमा पूर्ण चमत्कार उत्पन्न गर्ने खालको युक्तिहरू आफ्नू सिद्धिका लागि प्रयोग गर्ने र पुरातत्त्व सम्बन्धित विषयको पूर्ण ज्ञान राख्ने खालको र यो बाहेक पैत्रिक लाभ पनि उत्तम पाउनेवाला र धनको कोषमा केही हानिको योग पाउने भएको संचित विभूतिहरू र अदृश्य गुप्त वस्तुहरूको लाभ पाउनेवाला र निस्फिक्री जीवन बिताउने व्यक्ति होला।

कु० नं० १०१०

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४च.

जुन व्यक्तिको सिंह राशिको चन्द्रमा लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस पुरातत्त्वबाट संचित विभूतिको आनन्द प्राप्त गर्नेवाला र लाभो

कु० नं० १०११

१० ८
११ ९ ७
१२ ६
१ ३ ५च.
२ ४

आयुष्य प्राप्त गर्ने खालको र धर्मको स्थानमा हानि पाउनेवाला र मनोयोगको प्रपंच बलले अकस्मात भाग्य वृद्धिको योजना बनाउन जान्ने खालको र ईश्वरमा कम विश्वास, श्रद्धा गर्ने भएको र यशमा निर्वाहका लागि राम्रो साधन पाउनेवाला, भाग्यको स्थानमा दुर्बलता र कष्टक पाउने खालको अनि भाग्यको उन्नति र विकासको लागि दुःख र विलम्ब पाउनेवाला र दाजु-भाइ दिदी-बहिनीबाट केही कष्टको योग पाउनेवाला ढाँचा देखाउने शील संतोष भएको होला।

जुन व्यक्तिको कन्या राशिको चन्द्रमा लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा कण्टक पाउनेवाला र लामू आयुष्य पाउने भएको

कु० नं० १०१२

१० ८
११ ९ ७
१२ ६च.
१ ३ ५
२ ४

एवं जीवनको समय शानदार काइदाले व्यतीत गर्न जान्ने भएको र पद-उन्नति, मानोन्नतिको सम्बन्धमा कण्टक र झञ्झटको योग पाउनेवाला र निकै उच्च प्रपंचलाई मनोयोगद्वारा उन्नतिको बाटोमा लगाउन जान्ने खालको र पुरातत्त्व शक्तिको विकास गरेर लाभ पाउने भएको र व्यापार स्थान र राजस्थानमा धेरै प्रकारका झञ्झट र विघ्न-बाधा सहने, केही मातृस्थानमा सुखको कमी पाउने, गहीरो चाल चल्न जान्ने व्यक्ति होला।

जुन व्यक्तिको तुला राशिको चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस पुरातत्त्वको शक्तिको लाभ पाउनेवाला र लामू आयुको लाभ पाउनेवाला र जीवनमा प्रभावको आनन्द लाभको योग पाउनेवाला, आमदानी र लाभको स्थानमा केही झ्याउलो र परिश्रम सहन सक्ने खालको र मनोयोगको गहीरो युक्तिहरूबाट लाभ पाउनेवाला र सन्तान पक्षमा केही क्लेश र कष्ट सहनेवाला र विद्याको स्थानमा केही बाधा पाउनेवाला, पुरातत्त्वको सम्बन्धमा मन तथा बुद्धिमा निकै जोश पाउनेवाला एवं निस्फिक्री र बेवास्ता देखाउने भएको तथा लाभको परिधिमाशील सन्तोष मन नपराउने खालको होला।

कु० नं० १०१३

१० ८ ११ ९ ७च. १२ ६ १ ३ ५ २ ४

जुन व्यक्तिको वृश्चिक राशिको चन्द्रमा लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनमा क्लेश र महान अशान्तिहरूको योग पाउने खालको तथा आयुमा न्यूनता पाउने भएको एवं खर्चको क्रममा निकै बाधा-कष्ट सहने भएको र अन्य स्थानमा अशान्तिको योग अनुभव गर्ने खालको र जीवनको आनन्दमा न्यूनता वा कमी पाउनेवाला तथा पुरातत्त्वको हानि पाउने खालको मन भित्र दुःख र दुर्बलता अनुभव गर्ने भएको र शत्रु स्थानमा अथवा विपक्षीहरूमा प्रभाव पाउनेवाला तथा आफ्नू जीवनलाई थिचेर पनि प्रभाव वृद्धिको बर्ता ध्यान राखेर निकै गुप्त युक्तिहरूबाट कार्यसिद्धि गर्ने भएको, भ्रमण युक्त, चिन्तित र सानोचित्त भएको व्यक्ति होला।

कु० नं० १०१४

१० ८च. ११ ९ ७ १२ ६ १ ३ ५ २ ४

धनु लग्नान्तर - भौमफलम्

जुन व्यक्तिको धनु राशिको मंगल लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस देश-विदेश भ्रमण गर्ने र शरीरमा दुर्बलता पाउने भएको, वृद्धिलाई विशेष वर्काइ-फर्काइ गरेर उच्च काम विचारेर गर्ने खालको, कुरा-कानी गर्ने वेलामा अन्यको साथ निकै दह्रो चक्करका कुरा गरेर आफ्नू काम सिद्ध पार्नेवाला, अन्यान्यलाई अलपत्र परिदिन जान्नेवाला र मातृ स्थानमा हानि पाउनेवाला र स्त्री स्थानमा पनि हानि-क्लेशको योग पाउने भएको र जीवनको दिनचर्यामा निकै अशान्ति अनुभव गर्ने खालको र पुरातत्त्व शक्तिबाट हानि पाउनेवाला र बढी धन व्यय गर्ने खालको विद्या र सन्तान पक्षमा केही न्यूनताको योग पाउनेवाला र अन्यान्य स्थानहरूको निकै आदर्श सम्पर्क वृद्धिद्वारा सुख प्राप्त गर्ने भएको व्यक्ति होला।

कु० नं० १०१५

१० ८
११ ९मं. ७
१२ ६
१ ३ ५
२ ४

कु० नं० १०१६

१०मं. ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मकर राशिको मंगल लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन स्थानमा बर्ता हानि लाभको विचित्र योग पाउने भएको र अर्को अन्य स्थानको सम्पर्कबाट वा बुद्धियोग द्वारा अकस्मात प्रसस्त धन प्राप्त गर्नेवाला र उपस्थित धनमा बढी खर्च गर्ने भएको र धेरै उच्च गहीरो बुद्धि भएको बुद्धि एवं वाणीको जबरदस्त उल्टो-सोझो कार्य द्वारा धन कमाउने गहीरा फाइदाहरू आफूसित सुरक्षित राख्ने भएको र सन्तान शक्ति पाउनेवाला किन्तु सन्तान सम्बन्धमा केही बन्धन केही हानिको योग पाउनेभएको र जीवनको दिनचर्यामा केही न्यूनता र क्लेशको योग पाउनेवाला र भाग्य एवं धर्मस्थानमा पनि उन्नतिका लागि अनेक उल्टो-सोझो गरिरहने खालको व्यक्ति होला।

जुन व्यक्तिको कुम्भ राशिको मंगल लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस दाजु-भाइ दिदी-बहिनीको स्थानमा हानिको योग पाउनेवाला र व्ययशक्तिको स्थानमा केही बल-पुरुषार्थमा न्यूनता पाउने खालको एवं बुद्धि योगद्वारा निकै पुरूषार्थ गर्नेवाला तथा शत्रु स्थानमा प्रभाव जमाई राख्ने भएको तथा सन्तान सम्बन्धमा केही कमीको योग भेट्टाउने भएको र पिता स्थानमा हानिको योग पाउनेवाला एवं पिता र व्यापार स्थानमा उल्टो-सोझोको योग पाउनेवाला र अन्य स्थानसित सम्बन्धित कामहरूमा बुद्धि र कुराकानीको चातुर्य देखाएर प्रभाव पाउनेवाला र मान-सम्मानमा न्यूनता पाउनेवाला, मुढेबलको बुद्धिले काम सपार्न जान्ने र धर्म सम्बन्धमा पनि अनेक थरिका उल्टो-सोझो काम गर्ने र ठूलो साहस भएको व्यक्ति होला।

कु० नं० १०१७

१० ८ ११ मं. ९ ७ १२ ६ १ ३ ५ २ ४

जुन व्यक्तिको मीन राशिको मंगल लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आफ्नू आमाको हानि पाउने भएको र मातृस्थानमा हानि वा क्लेश पाउनेवाला तथा भवन-भूमिको पनि हानि पाउने भएको र स्त्री स्थानमा हानि पाउने खालको र व्यापार एवं लाभको सम्बन्धमा बढी उल्टो-सोझो गरेर बुद्धिले काम सपार्न जान्ने भएको तर व्यापारमा केही हानि पाउनेवाला तथा अन्य स्थानको सम्पर्कबाट बुद्धिद्वारा लाभ पाउनेवाला, सन्तान सम्बन्धमा केही न्यूनता र केही सुख प्राप्त गर्ने भएको र विद्यामा पनि केही कमी पाउनेवाला तथा खर्च शक्तिलाई सुखपूर्वक चलाउने र अन्य स्थानमा पनि निवास गर्ने भएको व्यक्ति होला।

कु० नं० १०१८

१० ८ ११ ९ ७ १२मं. ६ १ ३ ५ २ ४

जुन व्यक्तिको मेष राशिको मंगल लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस ठूलो बुद्धिको र कुराकानीको निकै घुमाउरो काट-छाँटले काम सिद्ध

कु० नं० १०१९

१० ८
११ ९ ७
१२ ६
१मं. ३ ५
२ ४

पार्न जान्ने र बढी धन व्यय गर्ने र सन्तान कष्ट सहनेवाला र आफ्ना वाक्चातुर्यले अन्य व्यक्तिलाई चकित पार्न सक्नेवाला, खर्चको शक्ति प्राप्त गर्नेवाला, अत्यन्त बाठो होला। आफू पनि बुद्धिमान र विचारहरूमा चक्कर खानेवाला किन्तु साथै साथ कुराकानीको दृढताले काम गर्नेवाला र आफ्नू जीवनमा सदैव चिन्तित रहने खालको र बढी धन लाभ गर्न सक्ने भएको, पुरातत्त्व शक्तिको हानि पाउनेवाला र विद्यामा कमी पाउनेवाला अनि आफ्नू बुद्धिद्वारा अन्य स्थानको बलियो सम्पर्क कायम राख्नेवाला र आफ्नू दुर्बलतालाई ढाकेर टर्रिएर कुरा गर्ने व्यक्ति होला।

जुन व्यक्तिको वृषराशिको मंगल लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस सन्तान कष्ट सहने र विद्यामा न्यूनता पाउनेवाला, अनि खर्चको

कु० नं० १०२०

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२मं. ४

स्थानमा विघ्न-बाधा पाइरहने भए पनि खर्च बर्ता गर्ने भएको र खर्चको मामलामा केही परतन्त्रता र अन्य स्थानको सम्पर्क पाउनेवाला र शत्रुलाई दमन (थिच्न) जान्ने भएको अनि शरीरमा केही दुर्बलता र गर्मी अनुभव गर्ने, धर्म स्थानमा केही हानि पुऱ्याउने खालको र भाग्यमा केही न्यूनता पाउनेवाला, मावली पक्षमा केही हानि पुऱ्याउने भएको र बुद्धिद्वारा कुराकानीमा जबरदस्त उल्टो-सोझो बोल्ने र लुकाई-छिपाई गरेर काम पूर्ण पार्नेवाला, गिदीमा गर्मी बढी भएको, सहन शीलताको उल्लंघन गर्ने होला।

जुन व्यक्तिको मिथुन राशिको मंगल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा हानिको योग पाउनेवाला र अन्यस्थानको

कु० नं० १०२१

१० ८
११ ९ ७
१२ ६
१ ३मं. ५
२ ४

सम्पर्कबाट बुद्धिको प्रयोगद्वारा व्यापार गर्ने भएको किन्तु व्यापारको स्थानमा केही हानिको योग पाउनेवाला एवं धन वृद्धिका लागि विशेष रूपमा आफ्नू बुद्धिद्वारा तथा अन्यान्य स्थानबाट बलियो सम्पर्क प्राप्त गर्ने खालको र आफ्नू दुर्बलतालाई ढाक्न जान्ने, सन्तान सम्बन्धमा केही हानि र कष्ट-बाधा पाउनेवाला र पिताको स्थानमा केही हानिको योग पाउने भएको तथा राज-समाजमा पनि कहिले काहीं कुनै कमीको योग पाउने भएको तर अन्य स्थानको सम्पर्कमा उत्तम मान-सम्मान पाउने खालको र विद्यामा पनि केही न्यूनता र देहमा पनि केही दुर्बलता पाउने खालको व्यक्ति होला।

जुन व्यक्तिको कर्क राशिको मंगल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षमा विशेष कष्ट अनुभव गर्ने खालको तथा विद्यामा

कु० नं० १०२२

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४मं.

कमी पाउने भएको र खर्चको विषयमा पनि निकै कष्ट भोग्ने खालको, जीवनमा अशान्ति अनुभव गर्नेवाला, धन-जनको वृद्धिका लागि निकै कठिन भन्दा पनि कठिन चेष्टाहरू गर्नेवाला, पुरातत्त्वको हानि पाउने र आयुमा केही कमीको योग पाउने भएको र बुद्धि खेलाएर गूढ युक्तिहरूको सम्बन्धमा निकै गहीरो र डरलाग्दो चाल खेल्ने भएको र गहीरो लुकाई-छिपाईबाट काम सिद्ध पार्ने, दाजु-भाइ दिदी-बहिनीको स्थानमा केही हानिको योग पाउने तथा लाभस्थानमा निकै प्रयत्न गर्नेवाला अनि केही शरीर विकारले ग्रसित होला।

जुन व्यक्तिको सिंह राशिको मंगल लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस बुद्धि र भाग्यको तागतले बढी धन व्यय गर्ने भएको, भाग्य स्थानमा केही हानिको योग पाउने खालको, अन्य स्थानको गहीरो र उत्तम सम्पर्क पाउनेवाला अनि सन्तान पक्षमा केही हानि र केही लाभ पाउनेवाला तथा मातृस्थानमा आंशिक हानि पाउनेभएको तथा आमाबाट र भूमि-भवन पक्षबाट केही कमी पाउनेवाला एवं विद्यामा केही न्यूनता पाउने भएको र सुख-शान्तिमा केही हानि पाउने भएको, दाजु-भाइ दिदी-बहिनीको स्थानमा केही न्यूनता भेट्टाउने र भाग्यको उन्नतिका लागि निकै ठूलो उल्टो-सोझो बुद्धिद्वारा काम सपार्न जान्ने खालको तथा भाग्योदय पाउने होला।

कु० नं० १०२३

१० ८ ११ ९ ७ १२ ६ १ ३ ५मं. २ ४

जुन व्यक्तिको कन्या राशिको मंगल लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पढे-लेखेको बुद्धिमान तथा राजभाषाको ज्ञाता र तीक्ष्ण बुद्धि द्वारा काम लिन जान्ने तथा सन्तान शक्तिलाई केही दुर्बलताले पाउने खालको, पितालाई हानि पुऱ्याउनेवाला, बर्ता ठस्सा देखाएर खर्च गर्नेवाला तथा आफ्नू उन्नति र पदउन्नतिमा विघ्न-बाधा तथा अनेकानेक हानिहरू पाउनेवाला, मान-सम्मान पाउने, उल्टो-सोझो र दगुरा-दगुरको लाभ केही प्राप्त गर्ने भएको, शरीरमा केही दुर्बलता पाउने खालको र हानि-नोक्सानी सहनेवाला, पुरुषार्थमा दुर्बलता पाउने तथा बुद्धि र विद्यामा धेरै दुर्बलता पाउने भएको तथा अन्यान्य स्थानको सम्बन्ध सदैव बुद्धिद्वारा बलियो कायम राख्न सक्ने तथा बुद्धिद्वारा निकै ठूलो उल्टो-सोझो किसिमको कुरा गर्नेवाला, भ्रमित बुद्धि भएको तथा धेरै परको कुरा चिन्तन गर्नेवाला, शत्रु स्थानमा केही प्रभाव पार्न जान्ने तथा उल्टो काइदाले विवाद गर्ने भएको र मावली पक्षबाट केही हानि पाउने खालको व्यक्ति होला।

कु० नं० १०२४

१० ८ ११ ९ ७ १२ ६मं. १ ३ ५ २ ४

जुन व्यक्तिको तुला राशिको मंगल लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस अन्यान्य स्थानको योगद्वारा लाभ पाउनेवाला, धन वृद्धिको निकै ठूलो प्रयत्न गर्ने भएको, बुद्धिद्वारा प्रसस्त लाभ कमाउने खालको, विद्यामा केही न्यूनताका साथै उत्तम फल पाउनेवाला, सन्तान सम्बन्धमा पनि केही कमीका साथै राम्रो फल पाउने भएको, शत्रुलाई हानि पुऱ्याउनेवाला, मावली पक्षमा हानि पाउने खालको र लाभ-खर्चको ठूलो योग पाएर काइदासाथ चल्न जान्ने, आमदानीका लागि कटु र तीक्ष्ण बुद्धिले काम पूरा गर्नेवाला, धन र कुटुम्बको ठूलो आडम्बर झैं पाउनेवाला र बुद्धि खेलाएर बढी लाभ कमाउने चेष्टा सधैं गरिरहने होला।

कु० नं० १०२५

भाव	राशि
मध्य (लग्न)	९
माथि बायाँ	१०
बायाँ माथि	११
बायाँ मध्य	१२
बायाँ तल	१
तल बायाँ	२
तल मध्य	३
तल दायाँ	४
दायाँ तल	५
दायाँ मध्य	६
दायाँ माथि	७मं.
माथि दायाँ	८

जुन व्यक्तिको वृश्चिक राशिको मंगल लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन खर्च गर्ने खालको तथा सन्तान पक्षबाट अनेक थरिका साना-ठूला हानिहरू सहने भएको तथा स्त्रीस्थानमा पनि निकै हानि पाउनेवाला र दाजु-भाइ दिदी-बहिनीको पक्षमा पनि हानिकै योग पाउने भएको एवं व्यापारमा निकै हानि स्थानबाट बढी इज्जत भेट्टाउने भएको, पिताको सम्बन्धमा केही न्यूनता पाउनेवाला र बढी भोग-विलास प्राप्त गर्ने खालको, सौम्य स्वभाव भित्र अहंभाव राख्नेवाला, धेरै बाठो, परिश्रमी र इज्जतदार, परमविवेकी निकै चातुर्ययुक्त व्यक्ति होला।

कु० नं० १०२६

भाव	राशि
मध्य (लग्न)	९
माथि बायाँ	१०
बायाँ माथि	११
बायाँ मध्य	१२
बायाँ तल	१
तल बायाँ	२
तल मध्य	३
तल दायाँ	४
दायाँ तल	५
दायाँ मध्य	६
दायाँ माथि	७
माथि दायाँ	८मं.

धनु लग्नान्तर - बुधफलम्

जुन व्यक्तिको धनुराशिको बुध लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शोभा र स्वच्छताको निकै उच्च रोजगार व्यापार गर्ने भएको तथा निकै उच्च कार्यकुशल, कर्मेष्ठी तथा लौकिक व्यवहारको राम्रो ज्ञान राख्ने भएको र लौकिक कार्यहरूमा उत्तम सफलता पाउनेवाला, गृहस्थी सम्बन्धमा निकै मान-सम्मान पाउने भएको, धेरै प्रभावशाली पत्नीको स्वामी र पिता अन्यान्य स्थानको सम्पर्कमा सहयोग पाउने भएको, आफ्नू काममा कटुता र कठोरताको योगबाट कर्म गरेर यश अपयश पाउने खालको व्यक्ति होला।

कु० नं० १०२७

१० ८
११ ९बु. ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मकर राशिको बुध लग्नबाट द्वितीय स्थानमा छ भने त्यो-मानिस अनेक थरिका व्यापारद्वारा धेरै धन कमाउने भएको, धनको तागतले वा अन्य स्थानको सम्पर्कद्वारा अथवा बुद्धिद्वारा निकै ठूलो धनराशि पाउनेवाला, धेरै कुटुम्ब भएको, लौकिक प्रणालीमा धेरै इज्जत कमाउने तथा व्यापारमा उन्नति गर्ने भएको र पुरातत्त्व शक्तिबाट लाभ पाउनेवाला, स्त्री र गृहस्थीमा केही बन्धन पाउने भएको र बढी भोग-विलासको इच्छा राख्नेवाला तथा धन संग्रह गर्नेवाला, राज स्थानबाट लाभ पाउने तथा ठूला-ठूला काम गर्ने भएको, निकै विवेकी र परम चतुर होला।

कु० नं० १०२८

१०बु. ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको कुम्भ राशिको बुध लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू कर्मबलद्वारा महान पुरुषार्थ गर्ने भएको र पुरुषार्थले नै महान् उन्नति पाउनेवाला र पिता, दाजु-भाइ दिदी-बहिनीको शक्तिको सहयोग पाउने खालको तथा स्त्री र गृहस्थीमा पनि वृद्धि शक्तिको योग पाउनेवाला, वाहन (कार आदि) को व्यापारमा निकै सफलता पाउनेवाला निकै उत्साही, कार्य कुशल, कर्मेष्ठी तथा धर्म-कर्मको पालन गर्ने भएको र ठूलो राजसी ठाँटले जीवन-यापन गर्नेवाला, उच्च मान-सम्मान पाउने भएको, राम्रो कद-काठीको र महान् परिश्रम एवं बढी चातुर्यद्वारा काम गर्नेवाला तथा सौम्य शक्तिवाला एवं स्वाभिमानी, भाग्यमानी र परम विवेकी व्यक्ति होला।

कु० नं० १०२९

१० ८
११ बु. ९ ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मीन राशिको बुध लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस यशस्थानमा हानि र न्यूनता पाउने भएको तथा घर गृहस्तीमा घोर अशान्तिको योग पाउनेवाला तथा पिता स्थानबाट केही क्लेश र वृद्धि पाउने भएको, भवन-भूमि, धनको न्यूनता पाउनेवाला र घरभित्र जति कष्ट सहे पनि घरको बाहिर प्रदर्शनका लागि बढी शान र इज्जत राख्ने भएको, अनि कुनै व्यापारमा केही दैनिक कमी अर्थात नित्य-प्रतिको व्यापारमा केही दुर्बलता र केही अलि ठूलो फाइदाको व्यापारमा वृद्धि पाउने भएको बढी अल्छी अनि केही उत्साही तथा बिस्तार-बिस्तार कार्यमा वृद्धितिर लम्कने खालको र स्त्री स्थानतिरबाट पनि केही न्यूनता पाउने भएको गुप्त विवेकी व्यक्ति होला।

कु० नं० १०३०

१० ८
११ ९ ७
१२ बु. ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मेष राशिको बुध लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस स्त्रीस्थानबाट, पिता स्थानबाट महान् कार्य गर्ने भएको तथा महान् चातुर्यका योगहरूबाट निकै ठूलो व्यापार गर्ने खालको, परम विवेकी तथा बढी लाभ पाउनेवाला, सन्तान शक्ति प्राप्त गर्ने भएको राज-समाजको राम्रो व्यावहारिक ज्ञान राख्ने भएको, स्त्री स्थानबाट लाभ र योग्यता पाउने खालको र पितास्थानबाट पनि उन्नतिका साधन फेला पार्ने र बुद्धिमा निकै बर्ता प्रभाव पाउने भएको तथा धन-प्राप्ति र भोग वैभवको बढी इच्छा राख्नेवाला तथा लौकिक कार्यहरूमा विशेष दखल राख्ने भएको तथा मान र इज्जतको पनि बढी ध्यान राख्ने खालको व्यक्ति होला।

कु० नं० १०३१

१० ८
११ ९ ७
१२ ६
१बु. ३ ५
२ ४

जुन व्यक्तिको वृष राशिको बुध लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस स्त्रीस्थान र पितास्थानबाट वैमनस्य-विरोधको योग पाउने भएको दैनिक रोजगार-व्यापारमा ठूला-ठूला कष्ट-बाधा सहने र केही परतन्त्रता युक्त कर्म गरेर व्यापार चलाउने तथा बढी धन व्यय गर्ने खालको मावली पक्षबाट केही सहयोग अथवा मदत पाउनेवाला, र शत्रु स्थानमा केही नम्रताद्वारा काम लिन जान्ने भएको तर नम्रतामा पनि केही कठोरता राख्ने खालको एवं मान-सम्मानमा केही न्यूनता पाउने भएको र भोग विलासमा पनि केही कमी पाउने खालको र केही अल्छी स्वभाव भएको गृहस्थ जीवनमा केही शान्ति पाउनेवाला तथा गुप्त चातुर्य जान्ने भएको व्यक्ति होला।

कु० नं० १०३२

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२बु. ४

जुन व्यक्तिको मिथुन राशिको बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस निकै बढी उत्तम व्यापार गर्ने भएको र गृहस्थीको उत्तम आनन्द पाउनेवाला, उत्तम प्रभावशाली र बाठी स्त्री भएको र आफ्नू उत्तम कार्यले निकै मान-सम्मान पाउनेवाला र राम्रो वेशभूषा धारण गर्ने तथा निकै विवेक युक्त चातुर्यहरूले सारा लौकिक कार्य गर्ने भएको अनि व्यापारको मध्यस्थलमा पार्न जान्ने तथा कारबारको गुणगान र ख्याति पाउनेवाला अनि खूब भोग-विलास पाउने खालको र पिताबाट व्यापारिक सहायता पाउनेवाला र उत्तम ससुराली भेट्टाउने तथा व्यापार प्रणालीमा सौन्दर्यको र स्वच्छताको पूरा-पूरा ध्यान राख्ने खालको व्यक्ति होला।

कु० नं० १०३३

१० ८
११ ९ ७
१२ ६
१ ३बु. ५
२ ४

जुन व्यक्तिको कर्क राशिको बुध लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू व्यापारमा विघ्न-बाधा र हानिहरू सहन गर्नेवाला र पिता स्थानमा कमी पाउने र स्त्रीस्थानमा न्यूनता पाउने वा हानि पाउनेवाला र पुरातत्त्वको फाइदा पाउने खालको तथा बढी गूंढ र गुप्त चातुर्यहरूको योगबाट व्यापार गर्ने भएको र व्यापारमा विघ्न-बाधाको सामना गर्ने खालको र विदेश आदिमा कामको योग पाउनेवाला, धन-वृद्धिको पूर्ण चेष्टा गर्ने भएको, भोग-विलासमा बढी कमी पाउनेवाला र गृहस्थी सम्बन्धमा क्लेश र मान-हानि सहन गर्ने भएको केही अल्छी र अकर्म्मण्य एवं व्यावहारिक प्रणालीमा उल्टो चाल चल्नेवाला र आफ्नू जीवनमा केही ज्ञान बुझ्नेवाला होला।

कु० नं० १०३४

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४बु.

जुन व्यक्तिको सिंह राशिको बुध लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्य-शक्ति को बलले ठूलो व्यापार गर्ने भएको र व्यवहारमा धर्म-कर्मको बढी ध्यान राख्ने भएको अनि गृहस्थ धर्मको धेरै उत्तम तथा सुचारु-रूपले न्यायोक्त पालन गर्नेवाला तथा उत्तम कर्तव्य परायण स्त्री पाउनेवाला पिता र दाजु भाइ-दिदी-बहिनीको सुन्दर सहयोग पाउनेवाला र धर्म-कर्ममा श्रद्धा-भक्ति राख्ने खालको, निकै ठूलो पुरुषार्थ गर्न सक्ने भएको र रोजगार र कारबारमा निकै योग्यता तथा स्वच्छतासहित परम विवेकपूर्ण काइदाले काम चलाउन जान्ने र धर्मको स्थानमा स्वार्थको पनि बढी ध्यान राख्ने खालको संयमी भाग्यमानी र राज-समाजबाट लाभयुक्त रहने खालको साहसी व्यक्ति होला।

कु० नं० १०३५

१० ८
११ ९ ७
१२ ६
१ ३ ५बु.
२ ४

जुन व्यक्तिको कन्या राशिको बुध लग्नबाट दसौं स्थानमा छ भने त्यो मनुष्य जबरदस्त व्यापार गर्ने भएको र पिता स्थानबाट ठूलो शक्ति प्राप्त गर्नेवाला, राज-समाजमा प्रसस्त इज्जत पाउने खालको, स्त्री अत्यन्त राम्री र प्रभावशाली पाउनेवाला र निकै उच्च ससुराली पाउने भएको, लौकिक व्यवहारमा निकै उच्च स्थानमा पुग्ने खालको अनि अनेक राम्रा-राम्रा चातुर्यहरूको लाभबाट उन्नति पाउनेवाला, माताको पक्षमा न्यूनता पाउने सुख-शान्तिमा बाधा पाउने र भवन-भूमिस्थानमा केही कमी पाउने र निकै प्रभावशाली कार्य गर्ने तथा बढी भोग-विलास पाउनेवाला उन्नतिको अग्लो शिखरमा पुग्नको निम्ति सदैव प्रयत्नशील रहने भएको अत्यन्त बाठो व्यक्ति होला।

कु० नं० १०३६

१० ८
११ ९ ७
१२ ६बु.
१ ३ ५
२ ४

जुन व्यक्तिको तुला राशिको बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस अनेक व्यापारबाट धेरै लाभ पाउने भएको, ठूला-ठूला चातुर्यहरू द्वारा र विवेक बुद्धिको कर्मले धेरै प्रकारका लाभ पाउनेवाला, राम्री स्त्रीको पनि लाभ भेट्टाउने र पिता स्थानबाट विशेष धन पाउने खालको होला। सन्तान शक्ति प्राप्त गर्ने भएको तथा भोग-विलासको पनि लाभ पाउनेवाला तथा ससुरालीबाट मान इज्जत पाउने भएको र राज-समाजसित सम्बन्धित काममा लाभ पाउनेवाला र राम्रा पदार्थहरू अकस्मात भेट्टाउनेवाला, अनेक थरिका लाभ प्राप्त गर्नका लागि महान् प्रयत्न गर्ने तथा माननीय र बाठो व्यक्ति होला।

कु० नं० १०३७

१० ८
११ ९ ७बु.
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको वृश्चिक राशिको बुध लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस व्यापारमा अनेक हानि पाउनेवाला र पिता स्थानमा पनि हानि नै पाउने भएको, अन्यान्य स्थानबाट व्यापारको सम्बन्ध पाउने किसिमको होला। बढी धन खर्च गर्नेवाला र स्त्री स्थानमा हानि भेट्टाउने तथा कुनै पनि व्यापारको निम्ति विघ्न-बाधा परेर बढी दगुरा-दगुर गर्नु पर्ने भएको तथा राज-समाजका कार्यहरूमा न्यूनता पाउनेवाला एवं उन्नतिका कामहरूमा बाधा पाउनेवाला र सम्मानको स्थानमा कमी अनुभव गर्ने र कष्ट सहनेवाला र केही अल्छी स्वभावको, केही झ्याउलाहरू सहने भएको र गृहस्थीमा न्यूनता पाउने र अन्यान्य स्थानको चातुर्यले आफ्ना सवै काम पूरा पार्न जान्ने व्यक्ति होला।

कु० नं० १०३८

१० ८बु.
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

धनु लग्नान्तर - गुरुफलम्

जुन व्यक्तिको धनु राशिको गुरू लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस अनेक सुख भोग्नेवाला र धेरै मान-सम्मान पाउने भएको र

कु० नं० १०३९

१० ८
११ ९गु. ७
१२ ६
१ ३ ५
२ ४

मातृस्थानको स्वयं सिद्ध अधिकार पाउनेवाला तथा मातृभूमि र माताको हृदयमा अगाध श्रद्धा राख्ने तथा भूमिका सर्वत्र जहाँ पुगे पनि मान-सम्मान स्वतः प्राप्त गर्ने खालको र केही स्थूल एवं सलक्क शरीर आदरणीय तथा शान्ति-प्रिय र मीठो भोजन मिष्ठान्नयुक्त खाने इच्छा गर्ने भएको, स्त्रीको सुख र मान-सम्मान प्राप्त गर्नेवाला र सुखपूर्वक व्यापार गरेर इज्जत कमाउने भएको र आफ्नू स्थानमा नै अडिएर रहने भएको विद्या तथा धर्म-कर्मको सुख पाउने खालको तथा सन्तान सुख पाउनेवाला, भाग्यमानी, गुणी व्यक्ति होला।

जुन व्यक्तिको मकर राशिको गुरू लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन प्राप्तिको सम्बन्धमा प्राणको डर पनि नमान्ने भएको

कु० नं० १०४०

१०गु. ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

प्राणभन्दा पनि धनलाई महत्त्व दिनेवाला र धनको पक्षमा अनेक दुःख अनुभव गर्ने खालको अर्थात धन संग्रहमा दुर्बलता पाउने भएको र धन प्राप्तिका लागि सुखलाई गुमाउने खालको, धनको न्यूनताले सुखमा पनि कमी पाउने भएको, मातृ स्थानबाट हानि पाउनेवाला, अनि भूमि-भवनको कमी अनुभव गर्ने खालको, शरीरमा दुर्बलता पाउनेवाला, कुटुम्बको क्लेश सहने भएको, जीवनको दिनचर्यामा उत्थान पाउने खालको, पुरातत्त्वबाट लाभ पाउनेवाला, शत्रुमाथि आफ्नू प्रभाव दर्शाउने भएको, पिता स्थानको सुख प्राप्त गर्ने खालको, व्यापारबाट नै सुखी हुने र मानयुक्त होला।

जुन व्यक्तिको कुम्भ राशिको गुरु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस पुरुषार्थले सुख प्राप्त गर्नेवाला र धन लाभ पाउने भएको अनि भाग्य-शक्तिको पनि सुख प्राप्त गर्नेवाला, व्यापारमा पनि सुख प्राप्त गर्नेवाला र स्त्री स्थानबाट अनेक सुखको योग पाउनेवाला तथा माता र दाजु-भाइ दिदी-बहिनीको पक्षमा सुखको न्यूनताको योग पाउने तथा धर्मको सम्बन्धमा हृदयदेखि नै धर्म-कर्मको पालन गरेर सुखानुभव गर्ने भएको तथा ईश्वरमा निष्ठा राख्नाले सुख अनुभव गर्ने भएको र लाभ प्राप्तिको लागि बढी परिश्रम गर्नेवाला एवं परिश्रममा बर्ता थकाई अनुभव गर्नेवाला र गृहस्थ सुखको लौकिक आनन्द पाउने खालको उद्यमी होला।

कु० नं० १०४१

१० ८
११ गु. ९ ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मीन राशिको गुरु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुखपूर्वक रहनेवाला, मातृस्थानको र माताको सुख प्राप्त गर्नेवाला, वृद्धावस्था भएको तथा भूमि-भवनको स्वामी र सुखका अनेक साधन पाउनेवाला तथा शरीर र हृदयमा परम सुख-शान्तिको अनुभव गर्ने खालको एवं जीवनमा र दिनचर्यामा महान आनन्द र गौरव प्राप्त गर्नेवाला, लामो आयुष्य पाउने भएको र पुरातत्त्वको केही विशेष सुख प्राप्त गर्ने खालको र मान-सम्मान पाउने भएको तथा पिताबाट सुख पाउने खालको र बढी धन व्यय गरेर प्रसन्न हुने भएको अनि बाहिरी स्थानको सम्पर्कमा धेरै सुख अनुभव गर्ने तथा आफ्नू स्थानमा अडिएर रहने तथा साहसी कर्मेष्ठी र गुणी व्यक्ति होला।

कु० नं० १०४२

१० ८
११ ९ ७
१२गु. ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मेष राशिको गुरू लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धिमान, बढी स्वाभिमानी र निकै गौरवशाली अनि सुन्दर शरीर पाएको तथा प्रतापी सन्तानवाला र सन्तानबाट र बुद्धि विद्याको सम्पर्कबाट उन्नति र ख्याति पाउनेवाला र बुद्धि वा सन्तानको कारणले नै भित्री मनमा सुख शान्ति प्राप्त गर्ने भएको अनि मातृ स्थानको शक्तिद्वारा उत्थान पाउने किसिमको तथा अन्तर ज्ञानी र ठूलो नीतिज्ञ एवं शान्तिप्रिय र धर्म-कर्मलाई मान्नेवाला तथा खूब लाभ पाउनेवाला, शास्त्रीय ज्ञान भएको, परम विवेकी र अनेक थरिका मान-सम्मान प्राप्त गर्ने खालको निकै भाग्यमानी व्यक्ति होला।

कु० नं० १०४३

१०		८
११	९	७
१२		६
१गु.	३	५
२		४

जुन व्यक्तिको वृषराशिको गुरू लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस सुख-शान्तिमा बाधा पाउनेवाला शरीरमा दुर्बलता पाउने भएको, केही परतन्त्रताको योग पाउने भएको, केही बन्धन झैं अनुभव गर्ने खालको अथवा केही योगयुक्त रहने भएको, माताको र मातृस्थानको पनि केही सहयोग पाउने भएको, कौटुम्बिक क्लेश सहने, मान प्रतिष्ठा प्राप्त गर्ने भएको, पिता स्थानको उन्नति मनपराउने अनि परिश्रम वा कर्म-बलको योगगबाट प्रभाव पाउने, धनको न्यूनता अनुभव गर्नेवाला, बढी खर्च गर्नेवाला, दानी दुश्मन होशियार तथा गुप्त नीतिज्ञ र अन्यान्य स्थानको सम्पर्क पाउने तथा सावधान खालको व्यक्ति होला।

कु० नं० १०४४

१०		८
११	९	७
१२		६
१	३	५
२गु.		४

जुन व्यक्तिको मिथुन राशिको गुरू लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस सुखपूर्वक निकै व्यापार गर्ने भएको, शरीरमा र व्यापारमा निकै गौरव पाउनेवाला, गृहस्थ जीवनमा एक प्रकारको महानता र सुखको योग पाउनेवाला र सुन्दर प्रभावशाली र गुणी पत्नीवाला, अनि माताको बर्ता कर्मयोग प्राप्त गर्नेवाला, धनको लाभ पाउनेवाला र खूब धन कमाउने भएको र बढी परिश्रम गर्ने खालको तथा शरीरमा बढी सौन्दर्य पाउनेवाला दाजु-भाइ दिदी-बहिनीको पक्षमा वैमनस्यता पाउनेवाला र घरको केही भूमि-भवनको योग पाउने खालको एवं लौकिक कर्म गर्नमा केही कला र अहंभाव पाउनेवाला र स्वाभिमानी होला।

कु० नं० १०४५

१० ८ ११ ९ ७ १२ ६ १ ३गु. ५ २ ४

जुन व्यक्तिको कर्कराशिको गुरू लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस गूढ युक्तिहरूको बलबाट आफूभित्र यौटा अपूर्व शक्तिको मजा लिने भएको र आफ्नू जीवन र दिनचर्यामा यौटा ठूलो तेज र उल्लास प्राप्त गर्नेवाला र धन-जनको तर्फबाट दुर्बलता अनुभव गर्ने खालको तथा खूब खर्च गर्ने खालको तथा निकै उच्चवर्गको रहन-सहनद्वारा निवास गर्नेवाला तर आफ्नू स्थितिमा र आफ्नू आत्मस्थितिमा आफू भित्र दुर्बलता मान्ने भएको र भवन-भूमि प्रसस्त भएको, मातृ-स्थानको शक्ति पाउनेवाला र सुखका साधन पाउनेवाला व्यक्ति होला।

कु० नं० १०४६

१० ८ ११ ९ ७ १२ ६ १ ३ ५ २ ४गु.

जुन व्यक्ति सिंह राशिको गुरू लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस निकै भाग्यमानी, गुणवान र शास्त्रीय ज्ञान राख्ने भएको, धर्माचरण गर्ने भएको, ईश्वरमा श्रद्धा राख्नेवाला, विद्या र बुद्धिमा अधिकार राख्ने उत्तम शरीर भएको धेरै भवन-भूमिको स्वामी र मातृस्थानको सहायता पाउने खालको र ठूलो ख्याति पाउनेवाला र मान-सम्मान पाउने भएको र सुखका अनेक साधन भाग्यको सहायताले नै प्राप्त गर्नेवाला, दाजु-भाइ दिदी-बहिनी र आफ्नू पुरुषार्थको सम्बन्धमा केही वैमनस्यता राख्ने भएको, भाग्यलाई नै ठूलो मान्ने खालको व्यक्ति होला।

कु० नं० १०४७

१० ८
११ ९ ७
१२ ६
१ ३ ५गु.
२ ४

जुन व्यक्तिको कन्याराशिको गुरू लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस सुखपूर्वक ठूलो व्यापार गर्ने भएको र आफ्नू कारबारमा उन्नति गर्ने खालको र भूमि-भवनको ठूलो प्रभाव प्राप्त गर्ने भएको, धेरै ठूला साधनहरू पाउने भएको तथा माता-पिताको इज्जत सम्मान गर्ने र राज-समाजमा सम्मान पाउनेवाला र धन-जनको तर्फबाट न्यूनता वा झञ्झट अनुभव गर्ने भएको र निकै ठूलो प्रभाव भेट्टाउने खालको तथा प्रभावशाली कर्म गर्नेवाला एवं आफूभित्र निकै ठूलो अहंकार राख्ने भएको तथा पिता स्थानमा केही सुविस्ता पाउनेवाला र सदैव धेरै ठूलो राजसी उन्नतितिर प्रयत्नशील रहने खालको तथा नम्र अभिमानी र कर्मेष्ठी व्यक्ति होला।

कु० नं० १०४८

१० ८
११ ९ ७
१२ ६गु.
१ ३ ५
२ ४

जुन व्यक्तिको तुला राशिको गुरू लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस सुखका साधनहरूद्वारा लाभ पाउनेवाला तर त्यो लाभ पाउनमा केही वैमनस्यता र अपठेराहरू पाउने भएको र आफ्नै शरीरले लाभ पाउने साधनहरू उत्पन्न गर्ने खालको र मातृ स्थानको शक्तिबाट केही मद्दत पाउने, दाजु-भाइ दिदी-बहिनीको स्थानमा केही विवाद वा वैमनस्यता पाउने खालको र विद्या एवं बुद्धिमा उत्तम अधिकार प्राप्त भएको र सन्तान सुख प्रसस्त प्राप्त गर्नेवाला, आफ्नू गृहस्थीको स्त्री सम्बन्धित उत्तम सुख प्राप्त गर्ने भएको, व्यापारमा उन्नति पाउने र रोजगारबाट सुख प्राप्त गर्ने, परिश्रमबाट जोगिन खोज्ने भएको उद्योगी व्यक्ति होला।

कु० नं० १०४९

१० ८
११ ९ ७गु.
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको वृश्चिक राशिको गुरू लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस शरीरमा केही सौन्दर्यको न्यूनता र केही दुर्बलताको योग पाउनेवाला बढी धन व्यय गर्ने खालको, खर्चको तागतबाट अनेक सुख प्राप्त गर्ने भएको र अन्य स्थानको राम्रा सम्पर्कले सुखको अनुभव गर्ने भएको र अन्य स्थान्मा नै आफ्नू आत्मस्थिति पाउने खालको, आफ्नै जीवनको दिनचर्यामा धेरै उल्लास अनुभव गर्ने भएको तथा पुरातत्वको गहीरो ज्ञान र बर्ता सुख प्राप्त गर्ने भएको, भित्र हृदयमा दुःख अनुभव गर्नेवाला एवं शत्रु स्थानमा प्रभाव र शान्तिले काम बनाउन जान्नेवाला तथा मातृस्थानको तागतमा केही न्यूनता प्राप्त गर्ने र बर्ता भ्रमणशील व्यक्ति होला।

कु० नं० १०५०

१० ८गु.
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

धनु लग्नान्तर- शुक्रफलम्

जुन व्यक्तिको धनुराशिको शुक्र लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शारीरिक श्रमले आय र लाभ पाउनेवाला र शरीरमा केही रोग पनि पाउने भएको तथा धेरै ठूलो उच्च श्रेणीको चातुर्यद्वारा इच्छासिद्धि गर्ने भएको र आफूभित्र बर्ता काम-वासना भएको र व्यापारको बर्ता हेर-विचार गर्ने खालको र स्त्री स्थानमा केही विवाद र लाभ एवं प्रभाव पाउने भएको तथा निकै चातुर्यद्वारा बढी धन कमाउन जान्नेवाला तथा धन प्राप्तिका लागि परिश्रमको वास्ता नगर्नेवाला र झगडा-विवादको मामलामा फाइदा लिन अनेक उपाय जान्नेवाला, मान सम्मान पाउनेवाला, शत्रुलाई थिच्न जान्ने, श्रृंगार रस आदि बर्ता मनपराउने र प्रभावशाली व्यक्ति होला।

कु० नं० १०५१

१० ८
११ ९शु. ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मकर राशिको शुक्र लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धेरै धन कमाउनेवाला, धन जम्मा पार्न जान्ने, अनेक युक्तिहरूले र परिश्रमले धनको वृद्धि गर्ने काममा न्याय अन्यायको वास्ता नराख्नेवाला र जीवनमा आयको प्रभावले ठूला-ठूला प्रोत्साहन पाउनेवाला र पुरातत्त्वको लाभ पाउने भएको, धनराशिमा अधिकार प्राप्त गर्नका लागि पहिले केही विघ्न-बाधा आइलागेको सहने भएको र धनिक मावली भएको, धन वृद्धिका लागि अनेक थरिका गूढ र गहीरा युक्ति एवं चालको प्रयोग गर्नेवाला, धन संचय गर्ने शक्तिको बल द्वारा निकै ठूलो प्रभाव पाउने भएको, धनकै सम्बन्धमा कहिले केही विवाद र झगडा पनि आइलागेको सहने, आंशिक रूपमा अलि-अलि हानिहरू पनि पाउने इज्जतदार होला।

कु० नं० १०५२

१०शु. ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको कुम्भ राशिको शुक्र लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस अनेक पुरुषार्थ र विभिन्न युक्तिहरूद्वारा धेरै धन लाभ वा

कु० नं० १०५३

१० ८ ११ शु. ९ ७ १२ ६ १ ३ ५ २ ४

आमदानी पाउने भएको तथा राम्रो शक्ति भएको, निकै बलशाली र प्रभावशाली तथा बढी चातुर्यहरूबाट विशेष परिश्रम गर्ने तथा दाजु-भाइको सम्बन्धद्वारा केही सहयोग र आंशिक वैमनस्यता पाउनेवाला एवं परिश्रमको सफलतामा आनन्द प्राप्त गर्ने भएको तथा पुरुषार्थ र हिम्मत, साहस तथा दगुरा-दगुरद्वारा नै लाभको शक्ति पाउनेवाला तथा भाग्यलाई थोरै महत्व दिने भएको तथा धर्मको सम्बन्धमा केही अरुचि झैं विचार राख्ने भएको तथा निकै कठिन र कलापूर्ण शक्तिको भर गर्दै रहनाले मनमा चिन्ता वा फिक्री नभएको व्यक्ति होला।

जुन व्यक्तिको मीन राशिको शुक्र लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस धेरै सुख प्राप्त गर्ने तथा प्रसस्त आमदानी भेट्टाउनेवाला र धेरै भवन-

कु० नं० १०५४

१० ८ ११ ९ ७ १२शु. ६ १ ३ ५ २ ४

भूमिको शक्ति पाउनेवाला, माताको विशेष लाभ र विशेष बल-प्राप्त गर्नेवाला, आफ्नू मातृस्थानमा ठूलो प्रभाव पाउनेवाला, मावली पक्षबाट सुख पाउनेवाला र आमदानीको शक्तिले निश्चिन्तता निस्फिक्री पाउने भएको, सुखका साधनहरूमा ठूला-ठूला राम्रा पदार्थ र अनेक उत्तम वस्तुहरूको भोग भोग्न पाउने भएको अनि अनेक मीठा दिव्य भोजन समयानुसार पाइरहने खालको अर्थात सुख प्राप्तिका अनेक साधनहरू चातुर्यद्वारा प्राप्त गर्दै रहने भएको अनि पिता र मान-सम्मानको स्थानमा केही न्यूनता पाउने खालको व्यक्ति होला।

जुन व्यक्तिको मेष राशिको शुक्र लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धिको महान चातुर्य र अनेक सतर्कताको लाभ पाउने खालको अनि वृद्धि योगबाट आमदानीको बलियो बाटो फेलापार्ने भएको, कुराकानी तथा आमदानीको सन्बन्धमा अनेक घुमाउरा तथा झंझट युक्त कामहरूबाट निकै उत्तम लाभको योजना तयार पार्न जान्नेवाला, विद्या तथा बुद्धिमा पनि चातुर्यको नै प्रभाव भेट्टाउने किसिमको अनि सन्तान लाभ पाउने भए पनि सन्तान सम्बन्धमा आंशिक न्यूनता र अपठेरोको योग पाउनेवाला, शत्रु पक्षलाई केवल बुद्धियोगद्वारा पराजित गर्नेखालको बाठो व्यक्ति होला।

कु० नं० १०५५

१० ८
११ ९ ७
१२ ६
१शु. ३ ५
२ ४

जुन व्यक्तिको वृष राशिको शुक्र लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली झगडा-विवाद मनपराउने र त्यसैबाट फाइदा र आमदानीको योग पाउनेवाला, आमदानीको सम्बन्धमा केही परिश्रम र केही कष्ट-बाधाले वा प्रभावद्वारा धन पाउनेवाला, त्यसको साथै यस कुराको विशेष ध्यान राख्ने- कि आमदानीमा कमी वा बाधा परोस् तर प्रभावमा कतैबाट पनि कमी आउन नपाओस् एवं बढी धन व्यय गर्ने र केही परतन्त्रताको योगबाट आमदानी भेट्टाउने, परिश्रम र मावली पक्षबाट लाभको योग पाउनेवाला, लाभको सम्बन्धमा केही कमी र अन्य स्थानको सम्पर्क पाउनेवाला, गहीरो चातुर्यवाला, धेरै ठूलो घुमाउरो चाल चल्ने र बढी क्रोधी प्रकृतिको साहसी होला।

कु० नं० १०५६

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२शु. ४

जुन व्यक्तिको मिथुन राशिको शुक्र लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस बर्ता चातुर्यहरूले व्यापारमा धन कमाउने खालको, व्यापारमा केही परिश्रम र केही बठ्याइँले काम गर्ने भएको एवं स्त्री स्थानमा राम्रो सहयोग पाउनेवाला र स्त्री पक्षमा केही झगड़ा-विवाद वा वैमनस्यता पाउनेवाला, स्त्रीमा केही कथा र सुन्दरता एवं नखरमाउलो-पना भएको, विशेष भोगको इच्छा राख्ने खालको, सौन्दर्य मनपराउने भएको, स्त्रीमा केही रोग वा अलि दुर्बलता पाउने भएको, व्यापार तथा गृहस्थ जीवनमा निकै बर्ता प्रभाव एवं फाइदा पाउने किसिमको, मान-सम्मान प्राप्त गर्नेवाला, बढी होशियार तथा लौकिक कार्य-कुशल व्यक्ति होला।

कु० नं० १०५७

१० ८
११ ९ ७
१२ ६
१ ३शु. ५
२ ४

जुन व्यक्तिको कर्क राशिको शुक्र लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस लाभ र आमदानीका लागि निकै कष्ट-बाधा सहने भएको, प्रभावमा न्यूनता पाउनेवाला, लाभ प्राप्तिका लागि अत्यन्त गूढ र कठोर भन्दा पनि कठोर युक्तिहरूमा काम गर्ने र पुरातत्वको लाभ पाउने भएको एवं धन-वृद्धिको लागि महान प्रयत्न गर्दै रहने खालको, लाभमा धेरै कमी अनुभव गर्ने भएको, लाभका लागि अन्यान्य स्थानमा पनि प्रयत्न गर्ने भएको, मावली पक्षमा केही हानि पाउने खालको, जीवनको दैनिक दिनचर्यामा केही उत्साह पाउने भएको र निकै ठूलो नीतिज्ञ र शत्रुलाई थिच्नको निम्ति निकै ठूलो चाल चल्न जान्ने खालको होला।

कु० नं० १०५८

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४शु.

जुन व्यक्तिको सिंह राशिको शुक्र लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको बलले लाभ पाउने भएको तर लाभको सम्बन्धमा केही अपठेरो भेट्ने खालको अनि आफ्नू भाग्यको उन्नतिको बाटोमा केही बाधा, तगारो र केही अपठेरोको योग भेट्टाउनेवाला तथा लाभ र भाग्यको लागि ठूला-ठूला युक्तिहरू बराबर प्रयोग गरिरहने खालको, तर भाग्योदयको सम्बन्धमा केही निराशा र ढीलोको योग पाउनेवाला तथा धर्म-कर्मको सम्बन्धमा केही अरुचि सहित धर्मको पालन करले गर्नेवाला, पुरुषार्थको वृद्धिबाट धन-लाभ पाउने खालको र दाजु-भाइ दिदी-बहिनीको पक्षमा केही सम्पर्क पाउनेवाला, साहसी बढी बाढो तथा धर्म-कर्मको आडमा आफ्नू लाभ हुने उपाय गरिरहने खालको होला।

कु० नं० १०५९

जुन व्यक्तिको कन्या राशिको शुक्र लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा क्लेश र केही न्यूनताको योग पाउनेवाला तथा व्यापारादिमा र उन्नतिको पक्षमा न्यूनताहरू पाउने भएको, आमदानीको पक्षमा दुर्बलता पाउने भएको, मातृ स्थानको वृद्धि र मावली पक्षको दुर्बलता पाउने भएको सुखको वृद्धि भेट्टाउने, भूमि स्थानको शक्ति र लाभ पाउने खालको, निकै बांगा र बटारिएका साना-ठूला कर्मलाई अनेक युक्तिहरूबाट आफ्नू इच्छासिद्धि गर्नेवाला, प्रभाव र मान-सम्मानको विषयमा पनि दुर्बलता नै पाउने भएको, केही पूर्व संचित पापको फल भोग्नमा अनेक कष्ट र मानहानि पाउने खालको व्यक्ति होला।

कु० नं० १०६०

जुन व्यक्तिको तुला राशिको शुक्र लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्नेवाला, धेरै आमदानी भेट्टाउने भएको तथा अनेक चातुर्यका साथै विशेष धन लाभको योजना पाउनेवाला, केही परिश्रमको योग पनि लाभको सम्बन्धमा पाउने खालको तर लाभ प्राप्तिको ठूलो दृढतावाला, विद्यामा पनि अनेक युक्तिहरूबाट लाभको युक्ति उत्पन्न गर्ने भएको, सन्तान पक्षमा केही विघ्न-बाधा सहित लाभ कमाउने, द्रव्य प्राप्तिको निम्ति पाप र पुण्यको कुनै ध्यान नगर्ने र शत्रु पक्षबाट लाभ पाउने किसिमको होला।

कु० नं० १०६१

१० ८ ११ ९ ७शु. १२ ६ १ ३ ५ २ ४

जुन व्यक्तिको वृश्चिक राशिको शनि लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन खर्च गर्नेवाला र अन्यान्य स्थानबाट परिश्रमद्वारा विशेष लाभ पाउनेवाला, पूर्ण लाभ सबै खर्च गरिदिनाले नै धन लाभको कमी पाउनेवाला, अनेक कष्ट-बाधाहरूको सम्बन्धमा खर्च गर्ने भएको र अनेक प्रकारका चातुर्यहरूबाट र विघ्न-बाधाहरूबाट उल्टो-सोझो कारणहरूबाट आफ्नू काम चलाउने भएको र केही न्यूनताका साथै शत्रुमा प्रभाव पार्नेवाला र मावली पक्षको केही हानि पाउनेवाला, लाभको लागि केही अन्यायद्वारा पनि काम चलाउन जान्ने र बाठो व्यक्ति होला।

कु० नं० १०६२

१० ८शु. ११ ९ ७ १२ ६ १ ३ ५ २ ४

धनु लग्नान्तर - शनिफलम्

जुन व्यक्तिको धनु राशिको शनि लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस निकै ठूलो पुरुषार्थ तथा परिश्रमी र दगुरा-दगुर गरेर धन वृद्धि

कु० नं० १०६३

१० ८
११ ९श. ७
१२ ६
१ ३ ५
२ ४

गर्ने भएको र दाजु-भाइ दिदी-बहिनीको शक्ति पाउनेवाला शरीरमा केही अशान्ति या केही न्यूनता अनुभव गर्ने, तर देह-बलले ठूला-ठूला कीमती काम गर्ने भएको र मानोन्नति प्राप्त गर्ने खालको ठूलो व्यापार गर्न जान्ने, निकै साहसिलो काम गर्ने खालको तथा उत्साहयुक्त रहने र स्त्री एवं पिताको शक्तिबाट सम्पर्क पाउने भएको र शरीरमा बल वृद्धिका लागि अनेक कारण उत्पन्न गर्ने भएको अनि धन र कुटुम्बको शक्तिको परिमार्जित केही वैमनस्यता प्राप्त गर्ने खालको उत्साही व्यक्ति होला।

जुन मनुष्यको मकर राशिको शनि लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस ठूलो धनी तथा पुरूषार्थले धन-वृद्धि गर्ने साधन भेट्टाउने र

कु० नं० १०६४

१०श. ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

भवन-भूमिको वृद्धि गर्ने भएको तर मातृस्थानमा केही हानिको योग पाउने भएको, निकै उच्च आमदानी पाउने तथा धन-लाभ पाउनका लागि निकै बढी शक्तिको प्रयोग गर्न जान्ने तथा जीवनको दिनचर्यामा केही अशान्ति पाउनेवाला, तथा सुखका साधनहरूमा वास्तविक रूपमा कमी पाउने भएको तर देखाउँदा सुखको वृद्धि भएको देखाउने, दाजु-भाइ दिदी-बहिनीको न्यूनता र कुटुम्बको वृद्धि पाउनेवाला, पुरातत्त्वको हानि पाउने खालको व्यक्ति होला।

जुन व्यक्तिको कुम्भ राशिको शनि लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस ठूलो पुरुषार्थ गरेर धन कमाउने भएको र धन शक्तिको सम्बन्ध हुने काममा छोटो बुद्धिद्वारा काम सिद्ध पार्ने भएको एवं कटु र तीखो वाणी बोल्ने भएको, विद्यामा कमी पाउनेवाला, सन्तान पक्षमा पनि केही न्यूनता र क्लेशको योग पाउने खालको तथा खर्चको सम्बन्धमा केही गाह्रो माने झैं गरेर बढी व्यय गर्ने भएको, भाग्यमा यशको केही न्यूनता पाउनेवाला अनि धर्म-कर्ममा केही अश्रद्धा राख्ने खालको तथा दाजु-भाइ दिदी-बहिनीको सम्बन्धमा केही वृद्धि र बन्धन पाउने भएको र बढी कीमती परिश्रम र पुरुषार्थ गर्ने खालको व्यक्ति होला।

कु० नं० १०६५

१० ८
११ श. ९ ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मीन राशिको शनि लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस धनंको सम्बन्धमा एक प्रकारको विचित्र सुख-दुःखको अनुभव गर्ने भएको, मातृस्थानमा केही विमाताको योग पाउनेवाला तथा भूमि-भवनको प्रथम हानि भएपछि वृद्धिको योग पाउने खालको, धनको सम्बन्धमा बढी परिश्रम वा थकान द्वारा या दाजु-भाइसित केही अशान्तिको योग पाउनेवाला, स्त्री स्थानमा राम्रो प्रभाव राख्नेवाला र पिता स्थानबाट केही राम्रो खाले या फाइदाको योग पाउने भएको तथा रोग झगडा विवाद अथवा विघ्न-बाधाको सम्बन्धमा आफ्नू धन र प्रभाव शक्तिद्वारा सुन्दर काम सिद्ध पार्ने, शरीरले अशान्तिप्रद व्यक्ति होला।

कु० नं० १०६६

१० ८
११ ९ ७
१२श. ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मेष राशिको शनि लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस आफ्नू बुद्धिको कठिन परिश्रमद्वारा धनको वृद्धि पाउने भएको, धनको संचित वृद्धिको सम्बन्धमा चिन्तित रहने खालको र धन-वृद्धिले गर्दा केही तीतो वाणी बोल्ने भएको र केही लुकाउने बुद्धिद्वारा काम सिद्ध पार्नेवाला र सन्तान पक्षमा केही न्यूनता र क्लेशको योग पाउने भएको र विद्यामा न्यूनता पाउने खालको र कुरा-कानीको शब्द शैलीमा पनि आफू भित्र केही न्यूनता अनुभव गर्ने खालको र व्यापारमा वृद्धि गर्न जान्ने भएको, स्त्री स्थानमा केही विशेष शक्ति पाउने भएको, बुद्धिको कठिन परिश्रमबाट निकै बढी नाफाखान जान्ने भएको, बढी धन कमाउन सक्ने खालको व्यक्ति होला।

कु० नं० १०६७

१० ८
११ ९ ७
१२ ६
१श. ३ ५
२ ४

जुन व्यक्तिको वृष राशिको शनि लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस धन तर्फबाट केही दुर्बलता पाउने र दाजु-भाइसित विरोध गर्ने भएको तर दाजु-भाइकै शक्तिको सहयोग पनि पाउने खालको तथा धनतर्फबाट प्रभाव राख्ने भएको, केही गुप्त युक्तिहरूबाट पुरुषार्थद्वारा धन प्राप्त गर्ने तथा धनको तागतको सहारा लिएर जबरदस्त बल पुरुषार्थ प्राप्त गर्ने भएको निकै ठूलो प्रभावशाली र शत्रुलाई पराजित गर्नेवाला र मावली पक्षको केही शक्ति पाउनेवाला, रोग र कष्टलाई थिच्न जान्नेवाला र खर्चमा केही दुर्बलता पाउनेवाला र जीवनको दिनचर्यामा केही विघ्न-बाधा पाउनेवाला र गूढ युक्तिहरू जान्ने खालको, निकै बहादुर अर्कालाई डाँकोले थर्काउने होला।

कु० नं० १०६८

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२श. ४

जुन व्यक्तिको मिथुन राशिको शनि लग्नबाट सतौं स्थानमा छ भने त्यो मानिस व्यापारमा उन्नति गर्ने भएको, परिश्रमले धन कमाउने र भाग्य

कु० नं० १०६९

१० ८ ११ ९ ७ १२ ६ १ ३श. ५ २ ४

स्थानमा केही कष्ट अनुभव गर्ने भएको र शरीरमा केही कमीको योग पाउनेवाला तथा माता-पिताको स्थानमा केही हानि वा अशान्ति पाउनेवाला, सुखका साधनहरूमा केही न्यूनता पाउने भएको र सुख एवं जीवनको वृद्धिको लागि धेरै धन कमाउने भएको तथा धर्ममा सहयोग नदिने र यशको कमी पाउने, स्त्री स्थानमा शक्ति पाउने भएको र तामसी धर्म प्रयोग गर्नेवाला, व्यापारको वृद्धिको लागि परिश्रम र धनको पूरा शक्ति प्रयोग गर्ने र बर्ता भोग-विलास रुचाउने होला।

जुन व्यक्तिको कर्क राशिको शनि लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस धन-जनको न्यूनता पाउने खालको तथा धनको तर्फबाट अनेक

कु० नं० १०७०

१० ८ ११ ९ ७ १२ ६ १ ३ ५ २ ४श.

हानिहरू पाउने भएको कौटुम्बिक क्लेश सहन गर्नेवाला तथा पुरातत्त्व धन र शक्तिको फाइदा पाउनेवाला तथा बुद्धि र विद्यामा निकै कमी पाउने खालको र धनको वृद्धिका लागि केही स-साना विचारधाराले कुराकानी गरेर आफ्नू काम सिद्ध पार्न जान्ने भएको र सन्तान पक्षमा केही चिन्ताहरूका कारण भेट्टाउने भएको र उन्नतिको शिखरमा पुग्नका लागि केही विशेष कर्म र विशेष परिश्रम गर्नेवाला एवं दाजु-भाइ दिदी-बहिनीको सम्बन्धमा केही बाधा र केही धन वृद्धिमा सहयोगको कारण पाउनेवाला तथा आयुमा वृद्धि पाउने भएको, गुप्त वृद्धि र गूढ युक्ति प्रयोग गर्न जान्ने खालको व्यक्ति होला।

जुन व्यक्तिको सिंह राशिको शनि लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्य-शक्ति को बलबाट र पुरुषार्थको सहयोबाट धनको वृद्धि गर्नेवाला र धेरै आमदानी पाउनेवाला तथा दाजु-भाइको सहयोग अलि गाह्रो मानेर भए पनि उत्तम र लाभप्रद पाउने भएको र धर्मको सम्बन्धमा केही अरुचिका साथ सहयोग सम्बन्ध राख्ने भएको र भाग्यलाई बराबर मान्दै रहे पनि पुरुषार्थको प्रधानता स्वीकार गर्नेवाला र धन एवं परिश्रमको योगद्वारा प्रभाव शक्तिलाई स्वतः प्राप्त गर्न सक्ने भएको र शत्रुस्थानमा पनि प्रभाव जमाउनेवाला, रोग र विघ्न-बाधामा विजय पाउने भएको तथा मावली पक्षबाट केही सहयोग सम्बन्ध पाउने खालको व्यक्ति होला।

कु० नं० १०७१

१० ८
११ ९ ७
१२ ६
१ ३ ५श.
२ ४

जुन व्यक्तिको कन्या राशिको शनि लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस आफ्नू शक्तिले राज्य सत्ताको गौरव प्राप्त गर्नेवाला तथा आफ्नू पुरुषार्थले धेरै उन्नति गर्ने भएको एवं धन कमाउने खालको र बर्ता शान अभिमानले काम गर्ने भएको र बढी धन खर्च गर्नेवाला, प्रभावशाली व्यापार गर्नेवाला अन्य स्थानको शक्तिमा वैमनस्यताको सम्पर्क पाउने भएको दाजु-भाइको कुनै निकट सम्बन्ध नपाउनेवाला र स्त्री स्थानमा केही महानता र बन्धन पाउने भएको र पिता स्थानमा आफ्नू पुरुषार्थ शक्तिको आनन्द पाउने खालको र व्यापारको उन्नतिका लागि पूर्ण शक्तिको प्रयोग गर्नेवाला, हठी व्यक्ति होला।

कु० नं० १०७२

१० ८
११ ९ ७
१२ ६श.
१ ३ ५
२ ४

जुन व्यक्तिको तुला राशिको शनि लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस बढी धन कमाउने भएको तथा बर्ता लाभ पाउने भएको, बढी प्राप्तिको लागि कुराकानीमा केही झर्किने तथा कटुवाणी बोल्नेवाला, बुद्धि र विद्यामा न्यूनता पाउने खालको र शरीरमा केही कमी वा बाधा-कष्ट, केही बन्धन झैं प्राप्त गर्नेवाला तथा जीवनको दिनचर्यामा पनि केही बन्धन वा परेशानी भोग्ने भएको तथा दाजु-भाइको राम्रो सहयोगग पाउने भएको, सन्तानमा केही कमी वा क्लेश पाउने भएको तथा कौटुम्बिक शक्तिको लाभ उच्च श्रेणीको पाउने भएको, ठूलो धनवान् तथा अधिक नाफा कमाउने र बढी हिम्मतवाला, धन-जन तथा पुरुषार्थ बलबाट अनेक लाभ पाउने खालको व्यक्ति होला।

कु० नं० १०७३

१० ८
११ ९ ७श.
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको वृश्चिक राशिको शनि लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्ने भएको तथा खर्च शक्तिको साथै केही कष्टले धन पाउने खालको, धन प्राप्तिको सम्बन्धमा अन्यान्य स्थानको सम्पर्क पनि पाउने भएको तथा धन-जनको अपूर्ण तागत पाउनेवाला तर धनीहरूको जस्तो धाक देखाउने खालको तथा भाग्यमा दुर्बलता पाउनेवाला, धर्म-कर्मको पालन ठीकसित गर्न नसक्ने भएको, धनको र पुरुषार्थको भाग्यमा केही चिन्ताहरू पाउने खालको तथा यशको न्यूनता पाउने भएको, शील सन्तोषको पालन गर्न नसक्ने खालको तथा शत्रु स्थानमा प्रभाव जमाउने प्रयत्नमा लागिरहने भएको र दाजु-भाइको विरोधी व्यक्ति होला।

कु० नं० १०७४

१० ८श.
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

धनु लग्नान्तर-राहुफलम्

जुन व्यक्तिको धनुराशिको राहु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शरीरमा कष्ट र झ्याउलो सहन गर्नेवाला र कहिले काहीं देहमा आघात सहनेवाला अर्थात् शरीरमा चोट पाउनेवाला र आफूभित्रको गुप्त शक्तिद्वारा आफ्ना अनेक काम सिद्ध पार्न जान्ने, आफ्नू उन्नति र सम्मान रक्षाका लागी निकै कष्टसाध्य कर्म गर्न अघिसर्नेवाला, अनेक युक्तिहरू र फाइदाहरूबाट काम बनाउन जान्नेवाला र अनधिकार लाभको लागि ठूला-ठूला विपत्तिहरू बोक्न सक्ने खालको, मान-सम्मानमा केही कमी पाउने भएको, कहिले काहीं परतन्त्रताको योग पाउने खालको व्यक्ति होला।

कु० नं० १०७५

१० ८
११ ९रा. ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मकर राशिको राहु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन स्थानमा केही हानि पाउने र कुटुम्ब स्थानमा केही क्लेश सहने भएको एवं धन वृद्धिका लागि ठूला-ठूला गहीरा युक्तिहरू प्रयोग गर्नेवाला, हिम्मत र साहसद्वारा धनको पूर्ति गर्ने खालको तथा धनको कारणले कहिले काहीं निकै सन्ताप सहने खालको, धनको वृद्धिको लागि कहिले काहीं खतरा बोक्ने खालको तथा धनको पूर्ण दृढता प्राप्त गर्नमा बराबर लागिरहने भएको, अन्त्यमा: कुनै न कुनै उपायले केही दृढता पाएरै छाड्ने भएको, धनको लागि गुप्त शक्तिको प्रयोग गर्ने खालको व्यक्ति होला।

कु० नं० १०७६

१०रा. ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको कुम्भराशिको राहु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै ठूलो पुरुषार्थ गर्ने भएको, निकै साहस र हिम्मतले काम सपार्न जान्नेवाला, निकै दगुरा-दगुर गर्न सक्नेवाला, ठूला-ठूला कामको लागि ती जति सुकै कष्टदायक भए पनि त्यसलाई पूर्ण पार्नका लागि तुरुन्त तत्पर हुन सक्ने खालको, ठूला-ठूला जबरदस्त युक्तिहरू प्रयोग गरेर सफलता प्राप्त नगरी शान्त नबस्ने भएको दाजु-भाई दिदी-बहिनीको स्थानमा बाधा पाउने खालको, बल पौरुष भित्र केही दुर्बलता अनुभव गर्ने भएको, पुरुषार्थको उन्नतिका लागि अन्तमा कुनै बलियो तहसम्म पुग्ने खालको व्यक्ति होला।

कु० नं० १०७७

१० ८
११ रा. ९ ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मीन राशिको राहु लग्नबाट चौथों स्थानमा छ भने त्यो मानिस मातृस्थानमा केही हानि र क्लेश सहनेवाला तथा सुखस्थानमा अनेक थरिका बाधा-कष्ट पाउने भएको तथा भूमि-भवन आदिको सम्बन्धमा केही क्लेश र केही न्यूनताको योग पाउनका लागि ठूला-ठूला प्रयत्न गर्ने भएको तथा अन्त्यमा निकै ठूला अशान्तिहरू पछि कुनै सुखको उन्नति पाउने भएको तथा सुख प्राप्तिका साधनहरू पाउनका लागि अनेकानेक विचित्र युक्तिहरूको प्रयोग चिन्तित भएर पनि गर्दै रहने भएको र केही अन्यको सहारा लिएर सुखको न्यूनता पूरा गर्ने भएको र मातासित वा जन्मभूमिसित केही विछोड पनि पाउने खालको होला।

कु० नं० १०७८

१० ८
११ ९ ७
१२रा. ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मेष राषिको राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्यामा कमी पाउने भएको र सन्तान पक्षबाट न्यूनताको कष्ट सहने खालको तथा वृद्धिको स्थानमा कटुता र गुप्त शक्तिद्वारा काम सिद्ध पार्नेवाला र शीलको उल्लङ्घन गर्ने भएको, शब्दको सत्यता प्रदर्शित गरेर आफ्नू काम पूर्ण पार्ने वास्तवमा सत्य असत्यको वास्ता नगर्ने खालको र बुद्धिद्वारा र वाणीले निकै गहीरा चालहरू चल्न जान्ने र बुद्धिमा सदैव कुनै गहीरो स्वार्थको विचार गरिरहने खालको र विद्या एवं बुद्धि तथा सन्तान पक्षको कुनै दह्रो फाइदा प्राप्त हुने, अन्त्यसम्म केही न केही सफल प्रयास गर्ने खालको व्यक्ति होला।

कु० नं० १०७९

१० ८
११ ९ ७
१२ ६
१रा. ३ ५
२ ४

जुन व्यक्तिको मेष राषिको राहु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली तथा शत्रुको दमन गर्न समर्थ हुने खालको र मावली पक्षबाट हानिको योग पाउने भएको र अनेक झ्याउला एवं कष्ट-बाधाको वास्ता नगरेर तथा विपक्षीहरूको प्रतिस्पर्धामा ठूला-ठूला दाउ-पेंचका चालहरू प्रयोग गरेर आफ्नू काम सपार्नेवाला अनि ठूल-ठूला र गहीरा युक्तिहरूको बलबाट र हिम्मतको बलले कुनै ठूलो स्वार्थ सिद्ध पार्ने खालको र शीलको उल्लंघन गर्ने भएको तथा महान साहस र धैर्यले काम गर्न जान्ने भएको तथा कहिले काहीं बढी विपत्तिहरूको घेरामा पर्ने खालको र भित्री शक्ति र युक्तिमा केही दुर्बलता अनुभव गर्ने भएको एवं कूटनीतिज्ञ तथा वास्ता नगर्ने खालको व्यक्ति होला।

कु० नं० १०८०

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२रा. ४

जुन व्यक्तिको मिथुन राशिको राहु लग्नबाट सातौं स्थानमा छ भ
त्यो मानिस व्यापारमा ठूला-ठूला महान युक्तिहरूले काम गर्न जान्ने खालक

कु० नं० १०८१

१०		८
११	९	७
	१२	६
१	३रा.	५
	२	४

र व्यापारको उन्नतिका लागि कुनै कठो
दगुरा-दगुरको विशेष योजनाहरू बनाउ
भएको र आफ्नू काम चारैतिर फिजाए
अनि धन कमाउने तथा राम्रो सच्चाई
सभ्यता दर्शाएर काम गर्न जान्ने भएको
निको ठूलो साहसले व्यापार चलाउ
खालको अनि स्त्रीको सम्बन्धबाट केही बत
एवं वृद्धि तथा लावण्यताको योग पाउनेवाल
र इच्छित भोग प्राप्त गर्नेवाला तथा लौकिक प्रणालीमा बडो होशियार
ठग-ठग पार्न जान्ने र त्यही काम रुचाउने खालको व्यक्ति होला।

जुन व्यक्तिको कर्कराशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्य
मानिस आफ्नू जीवनमा अनेक कष्ट-बाधा सहन गर्नेवाला, पेट र गुदाक

कु० नं० १०८२

१०		८
११	९	७
	१२	६
१	३	५
	२	४रा.

सम्बन्धमा केही लाञ्छना सहन गर्नेवाल
अर्थात् कतिपय व्याधीहरू र कबज इत्यादिक
योग पाउने खालको एवं पुरातत्त्वको संचि
शक्तिहरूमा हानि पाउने भएको र जीवनक
दिनचर्यामा विघ्न-बाधा पाउने भएको तथ
गूढ र प्राप्त युक्तिहरूलाई पुरातत्त्वक
सम्बन्धमा व्यवहार वा प्रयोग गर्नमा अने
कष्ट-बाधा पाउनेवाला, गुप्त चिन्ताम
गाडिइरहने भएको अनि विदेश आदि आउने-जाने यात्राको सम्बन्धमा प
दुःख अनुभव गर्ने खालको व्यक्ति होला।

जुन व्यक्तिको सिंह राशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यमा बर्ता चिन्ता मान्नेवाला र भाग्योदयको सम्बन्धमा पनि अनेक विघ्न-बाधा र दुःख-कष्ट एवं हानिहरू पाउनेवाला र धर्मको सम्बन्धमा अनेकानेक दुर्बलता पाउने खालको र यथार्थ धर्मको पालन गर्न नसक्ने भएको तथा धर्मलाई हानि पुऱ्याउने खालको र धर्मको वास्तविक ज्ञान नबुझ्ने वाला र धर्मको आडम्बरलाई अलि-अलि मान्ने र बुझ्ने खालको र अनेक थरिका झ्याउला र सोझा-बाँगा तथा निकै दिनपछि भाग्य उदयको तहसम्म पुग्ने भएको र यशको न्यूनता पाउनेवाला तथा फारूतिनो गर्न नसक्ने खालको व्यक्ति होला।

कु० नं० १०८३

१० ८ ११ ९ ७ १२ ६ १ ३ ५रा. २ ४

जुन व्यक्तिको कन्याराशिको राहु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस आफ्नू उन्नति प्राप्त गर्नका लागि ठूला-ठूला जबरदस्त युक्तिहरूको प्रयोग गर्नेवाला र धेरै ठूलो विपत्तिमा हाम्फालेर पूर्ण धैर्यसाथ आफ्नू इज्जत र कामको दृढतालाई समाउन सक्ने खालको तथा पिताको सम्बन्धमा केही अपूर्ण सुख शक्ति प्राप्त गर्ने भएको र बन्द-व्यापारमा अनेकानेक गुप्त युक्तिहरूबाट काम गर्न जान्ने खालको र साना-ठूला चातुर्यद्वारा मान उन्नति पाउने भएको तथा राज-काजमा पनि आफ्नू-चातुर्यहरू द्वारा सत्यता दर्शाएर लाभ प्राप्त गर्ने खालको र समाजसित सम्बन्धित कर्म योगमा सफलता र अनेक चिन्ता पाउनेवाला व्यक्ति होला।

कु० नं० १०८४

१० ८ ११ ९ ७ १२ ६रा. १ ३ ५ २ ४

जुन व्यक्तिको तुलाराशिको राहु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस अनेक लाभ प्राप्त गर्नेवाला तथा आमदानीको सम्बन्धमा निकै दृढताले काम लिन जान्ने तथा बढी लाभ पाउनका लागि अनेकानेक प्रकारबाट गुप्त र बाङ्गा युक्तिहरूको प्रयोग गर्न जान्ने खालको र लाभ प्राप्तिको निम्ति कठिन कार्यहरू गरेर लाभका साधनहरूको जरो बलियो पार्नेवाला र लाभको निम्ति अनेक ठूला-ठूला विपत्तिहरू पनि बोक्न तयार हुने र त्यसमा गाह्रो नमान्ने अनि लाभ प्राप्तिको लागि सत्य-असत्यको पनि वास्ता नगर्नेवाला र लाभको सम्बन्धमा पूर्ण स्वार्थयुक्त बनिरहने भएको तथा तत्परता र साहस राख्ने खालको व्यक्ति होला।

कु० नं० १०८५

१०　८
११　९　७रा.
१२　६
१　३　५
२　४

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्नेवाला र खर्चकै कारणले कष्ट र क्लेश सहन गर्ने भएको र खर्चको सम्बन्धमा झ्याउलाबाट जोगिनका लागि अनेक युक्तिहरू प्रयोग गर्नेवाला एवं त्यति गर्दा पनि कष्टहरू द्वारा नै काम चलाउने भएको र अन्यान्य स्थानको सम्बन्धमा पनि अनेक कष्ट सहने खालको र खर्चको सीमामा अनेक थरिका युक्तिहरू प्रयोग गरेर तथा साहस र हिम्मतले काम पूरा गर्ने भएको अनि खर्च संचालको स्थानमा पूर्ण दृढता पाउनका लागि साना-ठूला प्रयत्न गरिरहने भएको तथा खर्चको लागि सत्य असत्य परिश्रम र आराम केही पनि विचार्न नसक्ने खालको व्यक्ति होला।

कु० नं० १०८६

१०　८रा.
११　९　७
१२　६
१　३　५
२　४

धनु लग्नान्तर-केतुफलम्

जुन व्यक्तिको धनुराशिको केतु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस अग्लो कद भएको र बहादुरी राख्ने भएको, धेरै दगुरा-दगुर गर्ने भएको, अभिमान र हठधर्मीसित बस्नेवाला, अन्धविश्वास, उदासीनता आफूभित्र राख्ने भएको, शरीरमा भित्री निकै दृढता पाउने खालको अनि शरीरको सौन्दर्यमा केही कमी पाउने खालको, आफूलाई 'म ठूलो' भन्ने वा महान तुल्याउन खोज्ने, गहीरा युक्तिहरूको निकै लामो प्रयोग गर्ने र गुप्त शक्तिको निकै ठूलो दाबी गर्ने भएको, बहादुरीको पनि निकै दाबी गर्ने खालको, स्वार्थयुक्त थोरै बोल्ने अनि शरीरमा कहिले-काहीं आघात र महान् सङ्कट सहने खालको व्यक्ति होला।

कु० नं० १०८७

१० ८ ११ ९के. ७ १२ ६ १ ३ ५ २ ४

कु० नं० १०८८

१०के. ८ ११ ९ ७ १२ ६ १ ३ ५ २ ४

जुन व्यक्तिको मकर राशिको केतु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिन धनको सम्बन्धमा निकै सङ्कट सहनेवाला अनि कुटुम्ब स्थानमा बढी हानि पाउनेवाला र धनको पक्षमा निकै बढी धैर्य र साहसद्वारा आफ्नू काम सपार्न जान्ने तथा धन वृद्धिका लागि सकेसम्म शक्तिको प्रयोग गर्ने भएको तथा धनको संचित शक्तिमा अपूर्णता पाउनेवाला, धनको अमर शक्ति पाउनका लागि निकै बढी प्रयत्न गर्ने भएको अनि अनेक विपत्तीहरू पछि कुनै बलियो शक्तिको सम्बन्ध भेट्टाउने खालको, धनको निम्ति अनेक साना-ठूला र गहीरा युक्तिहरू प्रयोग गर्न जान्ने, धनसंचय गर्नका लागि सदैव प्रयत्न गर्दै रहने खालको व्यक्ति होला।

जुन व्यक्तिको कुम्भराशिको केतु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस दाजु-भाईको स्थानमा केही हानि पाउने भएको र लामा बाहुवाला, आफ्नू उन्नतिका लागि निकै बर्ता दगुरा-दगुर र परिश्रम गर्नेवाला, साना ठूला प्रयत्न र साहसले उन्नतितर्फ दगुर्ने वाला, पुरुषार्थको निकै वृद्धि गर्नेवाला, आफ्नू शक्तिभित्र केही न्यूनता भएर पनि दुर्बलताको वास्ता कत्ति पनि नगर्ने, निकै प्रभावमा रहने भएको, निकै ठूलो शक्तिको संचार आफूभित्र अनुभव गर्ने खालको व्यक्ति होला।

कु० नं० १०८९

१० ८
११ के. ९ ७
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृस्थानमा क्लेश पाउनेवाला र माताको हानि अथवा वियोग पाउनेवाला अनि जन्मभूमिबाट केही वियोग वा परदेश पाउनेवाला हुन सक्तछ, अनि सुखको सम्बन्धमा केही कमी र अशान्तिको योग पाउने खालको आशा गर्नेवाला तथा निकै ठूलो कूटनीतिद्वारा दृढतापूर्वक अगाडि सर्नेवाला, रोग र विपक्षीहरू माथि काबू पाउने भएको, निकै ठूलो उन्नतिको गुप्त र गहीरा योजनाहरू तयार पार्ने भएको र आफूभित्र भविष्यको दृढता सहित अमर आशा राखेर वृद्धितिर दगुर्दै रहने खालको तथा विजयी रहने भएको अनि शीलको वास्ता नगरेर स्वार्थयुक्त कर्म गर्ने खालको व्यक्ति होला।

कु० नं० १०९०

१० ८
११ ९ ७
१२के. ६
१ ३ ५
२ ४

जुन व्यक्तिको मेषराशिको केतु लग्नबाट पाँचौं स्थानमा छ भने, त्यो मानिस सन्तान पक्षबाट कष्ट सहनेवाला तथा विद्या ग्रहण गर्नमा निकै

कु० नं० १०९१

१० ८
११ ९ ७
१२ ६
१के. ३ ५
२ ४

झ्याउलाहरू सहने भएको तर त्यसको अन्त्यसम्म पुग्नमा लागिरहने खालको तथा विद्या स्थानमा अनेक निराशाहरूको योग पाउनेवाला तथा ठीक प्रकारले आफ्ना कुरा बुझाउन नसक्ने किसिमको तथा केही कटुवाणी बोल्ने भएको तथा दिमाग भित्र बर्ता तेजी राख्नेवाला अनि शील सत्यको उल्लंघन गर्नेवाला, गहीरो स्वार्थ विचार्नेवाला जिद्दी स्वभावको व्यक्ति होला।

जुन व्यक्तिको वृषराशिको केतु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस निकै बर्ता बहादुरी गर्ने प्रकृति भएको तथा शत्रुलाई दमन गर्ने

कु० नं० १०९२

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२के. ४

खालको र निकै जोसले आफ्नू काम सिद्ध पार्ने अनि मावली पक्षमा हानिको योग पाउने तथा विपक्षीहरूमा विजय पाउनको लागि महान परिश्रम गर्नेवाला तथा निकै ठूलो कूटनीतिद्वारा दृढतापूर्वक अगाडि सर्नेवाला, रोग र विपक्षीहरूमाथि काबू पाउने भएको, निकै ठूलो उन्नतिको गुप्त र गहीरा योजनाहरू तयार पार्ने भएको र आफूभित्र भविष्यको दृढतासहित अमर आशा राखेर वृद्धितिर दगुर्दै रहने खालको तथा विजयी रहने भएको अनि शीलको वास्ना नगरेर स्वार्थयुक्त कर्म गर्ने खालको व्यक्ति होला।

जुन व्यक्तिको मिथुन राशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा महान् कष्ट सहने र गृहस्थी भित्र निकै क्लेशसित रहेर अनेक न्यूनता अनुभव गर्ने खालको, व्यापारमा परतन्त्रताको योग पाउनेवाला र व्यापारमा कमी वा महान् परिश्रम पाउने भएको, थकाई अनुभव गर्ने भएको, दैनिक गुजारा गर्न पनि निकै अपठेरा युक्तिहरूले काम चलाउनेवाला, भोगादि पक्षमा निकै बर्ता न्यूनता पाउने भएको र केही अधिकार चेष्टाको द्वारा व्यापार र गृहस्थीको सुख प्राप्तिको योजना बनाउने वाला, लौकिक उन्नतिका लागि अनेक गुप्त चाल चल्ने खालको व्यक्ति होला।

कु० नं० १०९३

१० ८
११ ९ ७
१२ ६
१ ३के. ५
२ ४

जुन व्यक्तिको कर्कराशिको केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनमा अनेक थरिका महान् कष्ट अनुभव गर्ने भएको र पेटभित्र अलि तल्लो भागमा वा गुदामा अनेक थरिका कष्ट पाउने खालको समयको दैनिक दिनचर्यामा अनेक थरिका कष्ट सहनेवाला जीवनको यथार्थतालाई सार्थक तुल्याउनका लागि निकै गहीरो र जबरदस्त योजना तयार गर्ने भएको, आयुमा कहिले काहीं हताश हुने पनि सम्भावना पाउने भएको, पुरातत्वको शक्तिको हानि पाउने भएको, जीवनको मूल्यमा निकै न्यूनता बढी वेदना, भइरहेर पनि भित्र यौटा बलियो शक्तिको संचार पाउने खालको, अलि अभिमानी स्वभाव भएको र धैर्यले काम लिन नजान्ने खालको व्यक्ति होला।

कु० नं० १०९४

१० ८
११ ९ ७
१२ ६
१ ३ ५
२ ४के.

जुन व्यक्तिको सिंहराशिको केतु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो भाग्यमा परेशानी मान्नेवाला, भाग्यको सम्बन्धमा साना-ठूला झञ्झट सहनेवाला, भाग्योदयको चिन्ता मान्ने भएको तथा यशको न्यूनता पाउने खालको र धर्ममा हानि पाउनेवाला तथा धर्ममा उचित रीतिले श्रद्धा नराख्नेवाला, धर्म-कर्मको ज्ञान पनि नभएको अनि न्याय एवं सत्य तथा अहिंसाको पालन गर्न नसक्नेवाला र ईश्वरमा श्रद्धा विश्वासको अभाव भएको परलोकको विषयमा कुनै वास्ता नगर्ने भएको तथा भाग्यको उन्नतिका लागि निकै धैर्य र कठिनाईको गुप्त रूपले बराबर सामना गरिरहने खालको व्यक्ति होला।

कु० नं० १०९५

१० ८
११ ९ ७
१२ ६
१ ३ ५के.
२ ४

जुन व्यक्तिको कन्याराशिको केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा केही न्यूनता पाउनेवाला, व्यापार आदिमा केही विघ्न-बाधा सहने भएको, व्यापारको उन्नति गर्ने सम्बन्धमा निकै ठूलो दृढता वा धैर्यले काम गर्नेवाला, मान-सम्मान उन्नति र पदोन्नतिको बाटोमा डटेर रहिरहनेवाला स्फूर्ति र अन्धविश्वासका साथै अगाडि हिंड्दै रहने खालको तथा गुप्त ज्ञानका कर्मयोग र हिम्मतबाट काम गर्ने भएको अनि स्वार्थयुक्त कर्म गर्ने भएको, अन्त्यसम्म उन्नतिको दृढतालाई प्राप्त गरेर छाड्ने खालको व्यक्ति होला।

कु० नं० १०९६

१० ८
११ ९ ७
१२ ६के.
१ ३ ५
२ ४

जुन व्यक्तिको तुलाराशिको केतु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै थरि लाभ पाउनेवाला तथा द्रव्य प्राप्तिका लागि महान् हठधर्मबाट र महान् गुप्त युक्तिहरूबाट काम सिद्ध पार्ने भएको, निकै बर्ता लाभ पाउनका लागि गहीरो प्रयत्न गर्दै रहने भएको लाभ प्राप्तिको सम्बन्धमा स्थिर र स्थायी योजना बनाउने भएको र लाभको सम्बन्धमा सित्तैको साधन पाउने चेष्टा गर्ने भएको, र लेन-देनको व्यवहारको भित्र आफ्नू स्वार्थ सिद्धिको बढी ध्यान राख्ने खालको तथा लाभको सम्बन्धमा हृदय भित्र लुकेको स्थिर भावनाहरूलाई सदैव स्थान दिदै रहनाले अकस्मात् लाभ पाउने खालको व्यक्ति होला।

कु० नं० १०९७

१० ८
११ ९ ७के.
१२ ६
१ ३ ५
२ ४

जुन व्यक्तिको वृश्चिक राशिको केतु लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्ने योग पाउने भएको तथा स्थिर खर्च गर्ने खालको र अन्य स्थानको सम्बन्धमा निकै बढी परिश्रम र कष्ट-बाधा सहेर बलियो बाटो तयार पार्ने भएको र खर्चको सम्बन्धमा स्थिर शक्ति पाउनका लागि निकै कठिन भन्दा पनि कठिन प्रयास गर्दा-गर्दा यौटा बलियो तहसम्म पुग्ने भएको र खर्चको सम्बन्धमा बर्ता लापरवाहीले आँखा चिम्लेर शक्तिको प्रयोग गर्ने खालको र बढी खर्चको सम्बन्धमा बाधा उठेर सङ्कटहरू सहने खालको तर गुप्त धारणाहरूमा निकै दह्रोपना राख्न जान्ने भएको तथा साहस र हिम्मतले काम सिद्ध पार्ने खालको व्यक्ति होला।

कु० नं० १०९८

१० ८के.
११ ९ ७
१२ ६
१ ३ ५
२ ४

मकर लग्न हुनेको - भविष्यका तारीखहरू

सन् १९९६ को वर्षमा- गुरु नीच भएर लग्नमा चल्नेछन् यसैनिम्ति शरीर स्वास्थ्यमा दुर्बलता रहने छ। ता० ७/१/९६ बाट ता० २९/१/९६ सम्ममा भाग्यको केही दुर्बलता रहला। ता० २८/१/९६ देखि भाग्य र पुरुषार्थ कर्मको सफलता रहने छ, मान प्रभाव बढ्ला। ता० १०/५/९६ बाट सुख शान्ति सफलता रहने छ। ता० ११/६/९६ बाट भाग्यमा केही बाधा आउला र आंशिक सफलता रहला। ता० १६/११/९६ देखि ता० २२/१२/९६ सम्ममा भाग्य र लाभको सफलता बनिरहला, त्यसपछि व्ययभार बढ्ने छ।

कु० नं० १०९९

११ ९ १२ १० ८ १ ७ २ ४ ६ ३ ५

सन् १९९७ को वर्षमा- ता० १/१/९७ बाट व्यय बढी रहने छ। ता० २१/१/९७ देखि लाभको उन्नति रहने छ। ता० १६/३/९७ देखि समय नाफा-हानि दुवैको मिलेर समान चल्नेछ। ता० २६/९/९७ देखि भाग्य र लाभको उत्तम सफलता रहने छ। सुख-प्राप्ति र मान प्रभावको उच्च साधन चल्नेछन्। ता० १७/११/९७ देखि १६/११/९७ सम्ममा उन्नतिमा केही बाधा रहने छ। ता० १७/११/९७ देखि २५/१२/९७ सम्ममा सफलता र लाभ रहने छ।

कु० नं० ११००

११ ९ १२ १० ८ १ ७ २ ४ ६ ३ ५

मकर लग्नमा- सुनौला तारीखहरू

सन् १९९८ को वर्षमा- तारीख १६/११/९८ देखि भाग्य केही सप्रन्दै जानेछ। ता० २६/२/९८ देखि लाभको पूर्ण सफलता रहला। ता० २४/३/९८ देखि धन-मानको सफलता रहने छ। ता० २६/५/९८ देखि भाग्यमा न्यूनता वा कमजोरी रहने छ। ता० ४/८/९८ देखि भाग्यमा सुधार आउला। ता० १८/८/९८ सम्म रहिरहने छ। त्यसपछि केही न्यूनता रहने छ। ता० ६/१०/९८ बाट ता० २२/११/९८ सम्ममा लाभ उत्तम रहने छ। त्यसपछि ता० ३१/१२/९८ सम्ममा बढी व्यय रहला र भाग्यमा केही न्यूनता आउला।

कु० नं० ११०१

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

सन् १९९९ को वर्षमा - प्रथम दुइ साता अलि दुर्बल रहला। ता० १५/१/९९ देखि समय सप्रन्दै जानेछ। ता० २/५/९९ देखि समय अलि घर्कने छ। ता० ११/६/९९ देखि फेरि समय सप्रन्दै जाला। ता० ६/७/९९ देखि भाग्यमा केही न्यूनता रहने छ। ता० २/९/९९ देखि भाग्यमा अझै न्यूनता चलि रहने छ। ता० १९/११/९९ देखि ता० १५/१२/९९ सम्ममा भाग्यको सफलता रहिरहला, त्यसपछि केही न्यूनता आउन सक्तछ।

कु० नं० ११०२

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

मकर लग्नमा- सुनौला तारीखहरू

सन् २००० को वर्षमा - ता० ६/१/२००० बाट समयमा न्यूनता चल्नेछ। ता० ३०/१/२००० बाट भाग्यको सफलता रहला तर यस वर्षमा खर्च बर्ता रहला र शरीर स्वास्थ्यमा अनेक बाधा आउला। ता० १३/४/२००० देखि घरेलू सुखमा वृद्धि रहनेछ। ता० ६/५/२००० बाट बुद्धिद्वारा लाभ र सन्तानको सफलता रहने छ। ता० १/६/२००० बाट समय अलि कष्ट-बाधाको रहने छ। ता० ११/९/२००० देखि समय प्रायः सफलता र उन्नतिमा रहने छ। ता० ३/१२/२००० देखि ता० २९/१२/२००० सम्म समय बढी व्ययको चल्नेछ।

कु० नं० ११०३

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

सन् २००१ को वर्षमा - ता० ४/१/२००१ देखि प्रायशः समय बढी व्ययको रहला। ता० २२/२/२००१ देखि भाग्योन्नतिको समय भएर पनि व्यय बढी रहने छ। ता० ३/३/२००१ बाट लाभको अधिकता रहने छ र सफलता मिल्दै रहला। ता० १५/८/२००१ बाट उन्नतिमा केही बाधा आउला। ता० २१/१०/२००१ बाट भाग्योन्नतिको समय लाभदायक रहला। ता० २७/११/२००१ बाट भाग्योन्नतिको समय लाभदायक रहला। ता० २८/११/२००१ बाट ता० २९/१२/२००१ सम्ममा प्रायः समय कमजोर र बढी व्ययको रहला।

कु० नं० ११०४

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

मकर लग्नहुनेको - सुनौला तारीखहरू

सन् २००२ को वर्षमा - ता० १/१/२००२ बाट समय दुर्बल र हानिकारक रहने छ। ता० २/२/२००२ बाट भाग्यमा सफलता रहने छ।

कु० नं० ११०५

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

ता० २२/३/२००२ बाट केही अशान्तिले लाभ चल्दै रहला। ता० ४/५/२००२ बाट उन्नतिको मार्गमा बाधा-कष्ट रहने छ। ता० २/६/२००२ बाट भाग्य केही सप्रन्दै जानेछ। ता० १७/६/२००२ बाट भाग्यमा सुधार र सुख शान्ति रहला। ता० १८/१०/२००२ बाट भाग्यमा कष्ट-बाधा रहने छ। ता० १/१२/२००२ बाट ३१/१२/२००२ सम्म भाग्यमा कष्ट-बाधा रहने छ। ता० १/१२/२००२ बाट ३१/१२/२००२ सम्ममा भाग्योन्नति र सफलता रहने छ, लाभको वृद्धि रहला।

सन् २००३ को वर्षमा- ता० १/१/२००३ बाट व्यय बढी रहने छ। ता० १४/२/२००३ बाट भाग्य र लाभको राम्रो सफलता चल्नेछ, मान

कु० नं० ११०६

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

प्रभाव बढ्ने छ। ता० ४/८/२००३ बाट भाग्योन्नतिमा विघ्न-बाधा र दुर्बलता आउने छ। ता० २२/८/२००३ बाट फेरि भाग्योन्नति रहने छ, मान-प्रभाव बढ्ने छ। ता० १७/१०/२००३ बाट उन्नतिमा बाधा पर्ला र अनेक झ्याउला आइलाग्नन्। ता० ४/१२/२००३ देखि ३१/१२/२००३ सम्ममा मान प्रभाव र इज्जत बढ्ला धनागम होला।

मकर लग्न हुनेको - सुनौला तारीखहरू

सन् २००४ को वर्षमा- ता० १/१/२००४देखि समय विपरीत रहने छ। ता० १८/१/२००४ देखि भाग्यको समय राम्रो आउला। ता० १२/२/२००४ देखि एक महीनासम्म धनको पक्षमा आंशिक बाधा रहला, त्यसपछि पुरुषार्थ कर्मले सफलता प्राप्त होला। ता० १४/४/२००४ देखि गृहस्थी एवं व्यापारमा हानि हुन सक्तछ। ता० २३/८/२००४ देखि भाग्य सप्रन्दै जानेछ। ता० १६/९/२००४ देखि फेरि धनको न्यूनता रहने छ।

कु० नं० ११०७

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

ता० १६/११/२००४ देखि ३१/१२/२००४ सम्म भाग्य र लाभको सफलता रहला।

सन् २००५ को वर्षमा- ता० १/१/२००५ बाट भाग्यमा दुर्बलता रहला। ता० १५/१/२००५ बाट भाग्य सप्रन्दै जानेछ। ता० १०/४/२००५ सम्म प्रायः समय उत्तम रहला। ता० २३/४/२००५ सम्म भाग्यमा सुधार चल्दै रहला। ता० १०/६/२००५ बाट व्यापार र गृहस्थीमा उन्नति रहला। ता० ६/७/२००५ बाट भाग्य फेरि दुर्बल भएर जाला। ता० २६/८/२००५ बाट २३/९/२००५ सम्म भाग्योन्नति रहला, अनि लाभमा न्यूनता आउला। ता० २४/१२/२००५ बाट फेरि व्यापारमा उन्नति र धनागम होला।

कु० नं० ११०८

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

मकर लग्न हुनेको - सुनौला तारीखहरू

सन्२००६ को वर्षमा - ता० ३/१/२००६ देखि भाग्यको समय राम्रो रहला। ता० २९/१/२००६ देखि भाग्यमा सुधार चल्ने छ र गृहस्थी एवं व्यापारमा केही बाधा आउन सक्दछ। ता० २६/३/२००६ देखि धनको पक्ष सप्रन्दै जाला। ता० ९/७/२००६ देखि भाग्यमा दुर्बलता आउन सक्दछ। ता० २५/७/२००६ देखि भाग्यमा सफलता रहने छ। ता०१५/८/२००६ बाट फेरि भाग्यको सफलता घट्‌तै जाला। ता० ६/१०/२००६ बाट ता० २२/१२/२००६ सम्म भाग्यको सफलता चलिरहला, त्यसपछि समय केही कमजोर रहने छ।

कु० नं० ११०९

११		९	
१२	१०		८
	१	७	
२	४		६
	३	५	

सन् २००७ को वर्षमा - ता० १/१/२००७ बाट भाग्यको समय उन्नतिदायक रहने सम्भावना धेरै छ। ता० ४/५/२००७ बाट उन्नतिमा न्यूनताले कष्ट दिन सक्दछ। ता० २/९/२००७ बाट भाग्यमा सुधार रहने छ। व्यापारमा धनागम होला। ता० १९/९/२००७ देखि भाग्यमा केही न्यूनता आउला। ता० १८/११/२००७ बाट भाग्यमा सफलता तथा अन्य स्रोतबाट धनागम होला। ता० २८/१२/२००७ सम्म प्रायः लाभदायक समय रहने छ।

कु० नं० १११०

११		९	
१२	१०		८
	१	७	
२	४		६
	३	५	

कार्य–सिद्धिको विषय

मकर लग्न हुने व्यक्तिहरूको- पुरुषार्थको सफलता र दाजु-भाई दिदी-बहिनीको सम्बन्धमा बृहस्पति सदैव केही न केही दुर्बलता वा कष्ट-बाधाको सूचक छ। अनि भाग्य र धर्म-कर्म पालनको सम्बन्धमा बुध सदैव केही न केही झ्याउलाहरूको सूचक छ। यसै निम्ति बृहस्पतिवारको दिन भोजन गर्नुभन्दा अगावै गाईलाई आधा किलो जति गुड खान दिनु पर्दछ र बुधवारको दिन एक पाउ जति हरियो फल खान दिए उत्तम हुनेछ। राहु र केतु स्वभावैले दुःख दिने खालका ग्रह हुन्। यस निम्ति पक्षीलाई अन्न र माछालाई पीठोको गोली बनाएर खान दिनु।

कु० नं० ११११

मकर लग्न हुने हरूको- धनागमको सम्बन्धमा शनि र मंगल श्रेष्ठ छन् र उन्नतिको सम्बन्धमा शुक्र र बुध उत्तम छन्, व्यापारमा चन्द्रमा श्रेष्ठ छन्। यसै निम्ति पंचाङ्गमा जुन-जुन वर्ष महीनामा शनि, वृश्चिक, मकर, कुम्भ, कर्क, कन्या, तुलामा आउँछन् र मङ्गल वृश्चिक, मकर, कुम्भ, मीन, मेष, वृष, तुलामा आउँछन् र शुक्र- वृश्चिक, कुम्भ, मकर, तुला, कर्क, वृषभमा आउँछन् र बुध वृश्चिक, कुम्भ, तुला, कर्क, कन्या, मकरमा आउँछन् र चन्द्र, कर्क, कन्या, तुला, मकर, कुम्भ, मेषमा जब-जब आउँछन् तब-तब धनको वृद्धि गर्दै रहन्छन्।

कु० नं० १११२

मकर लग्न हुनेहरूको–प्रतिकूल समय ज्ञान

कु० नं० १११३

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

(सदैव कालको लागि)

निम्नलिखित ग्रह जब-जब यी राशिहरूमा पञ्चाङ्गमा आउँछन्, तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा लाभप्रद र सुखदायक समय रहने छ।

सू०- तुला,धनु, कुम्भ र कर्क।
चं०- सिंह, वृश्चिक, धनु र मिथुन।
मं०- कर्क, सिंह, धनु र मिथुन।
बु०- सिंह, धन, मीन र मिथुन।
गु०- धनु, मकर, कुम्भ, मिथुन र सिंह।
शु०- धनु, मिथुन, सिंह र कन्या।
श०- धनु, मेष, मिथुन र सिंह।
रा०- धनु, मकर, कुम्भ, मेष, कर्क, सिंह र तुला।
के०- मकर, कुम्भ, मेष, कर्क, सिंह र तुला

नोट- सालाना फलादेशको ज्ञान गर्नका लागि शु० श० रा० के० यी चारग्रहबाट जान्नु पर्दछ र मासिक फलादेशको ज्ञान गर्नका लागि सू० बु० शु० मं० यी ग्रहहरूबाट हेर्नुपर्दछ अनि दैनिक फलादेशको ज्ञानका लागि चन्द्रमाबाट हेर्न थाल्नुपर्दछ र जब-जब कुनै ग्रह सूर्यबाट अस्त हुन्छ, तब-तब त्यो न्यून र दुर्बल फल दिन्छ।

मकर लग्न हुनेहरूको- अनुकूल समय ज्ञान

कु० नं० १११४

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

(सदैव कालको लागि)

निम्नलिखित ग्रह जब-जब यी राशिहरूमा पञ्चाङ्गमा आउने छन् तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा- लाभप्रद र सुखदायक समय रहने छ।

सू०- वृश्चिक, मीन, मेष, वृष र मिथुन।
चं०- कन्या, तुला, मकर, कुम्भ, मीन, मेष, वृष र कर्क।
मं०- मेष, वृष, कन्या, तुला, वृश्चिक, मकर, कुम्भ र मीन।
बु०- कन्या, तुला, वृश्चिक, मकर, कुम्भ, मेष र वृष।
गु०- मीन, मेष, वृष, कर्क, कन्या, तुला र वृश्चिक।
शु०- तुला, वृश्चिक, मकर, कुम्भ, मीन, वृष, कर्क र कन्या।
श०- वृश्चिक, मकर, कुम्भ, मीन, वृष, कर्क र कन्या।
रा०- वृश्चिक, मीन, वृष, मिथुन र कन्या।
के०- वृश्चिक, धन, मीन र कन्या।

नोट- सालाना फलादेशको ज्ञान गर्नका लागि श० गु० रा० के० यी चार ग्रहहरूबाट हेरे उत्तम हुन्छ। मासिक फलादेश ज्ञानका लागि सू० बु० शु० मं० यी चार ग्रहहरूबाट हेरे उत्तम हुनेछ। दैनिक फलादेश जान्नका लागि चन्द्रमाबाट ज्ञात गरे उचित हुनेछ। यी बाहेक अन्यान्य ज्ञानका लागि अखण्ड भाग्योदय दर्पण हेर्नुहोस्।

मकर लग्नान्तर-सूर्यफलम्

जुन व्यक्तिको मकरराशिको सूर्य लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शारीरिक कष्ट सहनेवाला तथा शरीरले केही कठिन झैं कार्य गर्नेवाला र शरीरमा केही नमिलेका अंग भएको अथवा कुनै विकार पाउने खालको र केही गर्मी र बिफर ठ्यौला आदिको बिमारी पाउनेवाला लामो आयुष्य पाउने र जीवनमा केही अशान्तिको योग पाउने भएको र पुरातत्त्वबाट केही फाइदा प्राप्त गर्नेवाला, स्त्रीको स्थानमा केही क्लेशको योग पाउने खालको र व्यापारको स्थानमा केही कष्ट-बाधा सहेर काम सिद्ध पार्ने वाला र सौन्दर्यको सम्बन्धमा रङ्ग-रूपको कमी अर्थात् कुरूपता पाउने भएको तथा शरीरमा जुन वेला पनि क्रोध राख्ने खालको र केही गुप्तशक्ति राख्ने खालको होला।

कु० नं० १११५

११ ९
१२ १०सू. ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको कुम्भराशिको सूर्य लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन-संग्रह स्थानमा हानि र कमी पाउने भएको एवं कुटुम्ब वियोग पाउनेवाला र धनको कष्ट अनुभव गर्ने भएको तर पुरातत्त्व धनबाट लाभ प्राप्त गर्ने खालको र जीवनको दिनचर्यालाई निकै बढी ढाँचा र धनाढ्य झैं व्यतीत गर्न जान्नेवाला, गुप्त-शक्ति बलबाट धनको अनुचित लाभ पाउनेवाला, प्रभावशाली जीवनभित्र केही बिझाउने खालको न्यूनताको योग पाउने भएको आयुमा केही वृद्धि पाउनेवाला, धन संग्रहका लागि अनेक साना-ठूला कष्ट-बाधा सहन गर्ने खालको व्यक्ति होला।

कु० नं० १११६

११सू. ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको मीनराशिको सूर्य लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नो जीवन कालमा प्रभावी समय व्यतीत गर्ने भएको तथा आयुमा वृद्धि पाउनेवाला र पुरातत्त्व शक्तिबाट फाइदा पाउने भएको, भाग्यको उदर स्थानमा केही हानि भेट्टाउनेवाला अनि धर्मको स्थानमा पनि केही हानि पुऱ्याउने र दाजु-भाइको स्थानमा केही क्लेश वा हानिको योग पाउने भएको अनि बल र पुरुषार्थमा भित्री केही दुर्बलता-न्यूनता तथा बाहिरी केही तेजी वा दरिलो भावको योग पाउने भएको र गुप्तशक्तिको साहसले तमोगुणी मार्गको अनुसरण गर्ने खालको व्यक्ति होला।

कु० नं० १११७

११ ९
१२ सू. १० ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको मेष राशिको सूर्य लग्नबाट चतुर्थ स्थानमा छ भने त्यो मानिस पुरातत्त्वको संचित शक्तिबाट निकै बढी फाइदा प्राप्त गर्नेवाला अर्थात् गुप्त धन गुप्त रीतिले प्राप्त गर्नेवाला र मातृस्थानमा केही विशेषता र केही हानिको योग पाउने भएको र आयुको वृद्धि पाउने खालको र पिता स्थानमा हानि वा क्लेश भेट्टाउने भएको, मान-प्रतिष्ठको स्थानमा न्यूनता पाउने र राज-समाजमा दुर्बलता भेट्ने तथा गुप्तशक्तिको भण्डार राख्ने दैनिक जीवनको दिनचर्यालाई निकै बढी अलमस्त भएर व्यतीत गर्ने खालको, केही अकर्मण्य वा छोटो कर्म गर्ने खालको र तेजी राख्ने किसिमको होला।

कु० नं० १११८

११ ९
१२ १० ८
१सू. ७
२ ४ ६
३ ५

जुन व्यक्तिको वृषराशिको सूर्य लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षमा हानि र क्लेश सहने भएको, विद्या स्थानमा दुर्बलता पाउने खालको र कुरा-कानीमा कटु-भावले कुरा गर्नेवाला बुद्धिमा लुकाउने शक्ति र कष्ट-बाधाहरू द्वारा विचार पुऱ्याएर काम गर्ने जान्ने तथा धाक लगाएर बढी बोल्ने तथा झूठो शान दर्शाउने खालको, लाभ प्राप्तिको वृद्धि गर्नका लागि अनेक युक्ति-बल लगाउने भएको, चिन्तामा गाडिइरहने, पुरातत्त्वको केही गुप्त जानकारी प्राप्त गर्नेवाला, आयुको सम्बन्धमा केही उत्तमताको योग पाउने भएको, शीलको न्यूनता भएको व्यक्ति होला।

कु० नं० १११९

११ ९
१२ १० ८
१ ७
२सू. ४ ६
३ ५

जुन व्यक्तिको मिथुन राशिको सूर्य लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस आफ्नू निकै प्रभाव राख्ने भएको, बर्ता क्रोध गर्ने खालको र दैनिक जीवनको दिनचर्यामा ठूलो गौरव अनुभव गर्ने खालको, लामू आयुष्य पाउनेवाला र मावली पक्षबाट हानि भेट्टाउने भएको, शत्रुलाई नष्ट पार्न सक्ने खालको र पुरातत्त्वको केही सामान्य लाभ प्रभाव द्वारा नै प्राप्त गर्न समर्थ भएको र रोगादि अनेक झ्याउलाहरूबाट नै जीवनाधार शक्तिलाई प्राप्त गर्ने खालको तथा गूढ-भन्दा पनि गूढ युक्तिहरूलाई पनि आफ्नू बुद्धिले सपारेर बाँगो प्रभाव शक्ति कायम पारेर राख्न सक्ने र खर्च बढी गर्नेवाला र जीवनमा केही विघ्न-बाधा पनि अनुभव गर्ने भएको किन्तु हिम्मत र साहसद्वारा आफ्नू काम सिद्ध पार्नेवाला, धैर्यवान् व्यक्ति होला।

कु० नं० ११२०

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३सू. ५

जुन व्यक्तिको कर्कराशिको सूर्य लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस लामू आयु पाउनेवाला स्त्री पक्षमा केही क्लेश पाउने भएको र गृहस्थीमा विघ्न-बाधा अनुभव गर्नेवाला, अनि व्यापारको सम्बन्धमा अनेक झ्याउला र बाधा सहने खालको तथा व्यापारकै पंक्तिमा साहसिक र प्रभावशाली कार्य गर्नेवाला र व्यापारको विषयमा गुप्त र गहीरो कटु युक्तिहरूले आफ्नू काम सिद्ध पार्ने भएको अनि शरीरमा थकान र विघ्न-बाधा अनुभव गर्ने भएको, इन्द्रियादिक भोग सम्बन्धी मार्गमा बाधा सहने खालको अनि स्त्री पक्षमा केही अपूर्णताको अनुभव गर्ने भएको र कटुताद्वारा आफ्नू बिग्रन लागेको काम सिद्ध पार्न जान्ने खालको, माता-पिताको स्थानमा केही वैमनस्यताको योग पाउने भएको साहसी र हिम्मतले सबै काम गर्न सक्ने खालको व्यक्ति होला।

कु० नं० ११२१

११		९	
१२	१०		८
१		७	
२	४सू.		६
३		५	

जुन व्यक्तिको सिंहराशिको सूर्य लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस लामू आयु पाउनेवाला तथा निकै प्रभावशाली जीवन व्यतीत गर्नेवाला, पुरातत्त्वको प्रभावशाली फाइदा पाउने भएको, आफ्नू दैनिक दिनचर्याको सम्बन्धबाट अर्कालाई केही बाधा पुऱ्याउने भएको, धन-संग्रहको स्थानमा अनेक साधन र उपाय वृद्धिका लागि जति गरे पनि धनको कमी वा हानिको योग पाउने भएको र कौटुम्बिक क्लेश पाउने भएको र निकै ठूलो जबरदस्त भेद-शक्तिको तागत राख्ने खालको र आफ्नू रहन-सहनको किसिममा आफू भित्र गौरव अनुभव गर्ने खालको र आफ्नू भविष्यको केही पनि वास्ता नगर्ने, रिसाहा खालको होला।

कु० नं० ११२२

११		९	
१२	१०		८
१		७	
२	४		६
३		५सू.	

जुन व्यक्तिको कन्या राशिको सूर्य लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस लामू आयुष्य पाउने भएको र भाग्यस्थानमा हानि पाउने खालको वा यशमा न्यूनता भेट्टाउने र धर्म स्थानमा हानि पाउनेवाला र संचित पुरातत्त्व शक्तिको उचित लाभ भाग्यबलद्वारा प्राप्त गर्नेवाला तथा जीवनको दिनचर्या भाग्यमानी झैं व्यतीत गर्नेवाला एवं भाग्योन्नतिका लागि ठूला-ठूला प्रभावशाली प्रपंच गर्न जान्नेवाला किन्तु भाग्योन्नतिमा बाधा तथा कष्ट आदिको योग पाउनेवाला तथा दाजु-भाइको स्थानमा न्यूनता वा क्लेश पाउने भएको र स्वार्थयुक्त धर्मको पालन गर्न जान्ने तथा सज्जनहरू झै निवास गर्ने खालको व्यक्ति होला।

कु० नं० ११२३

११ ९
१२ १० ८
१ ७
२ ४ ६सू.
३ ५

जुन व्यक्तिको तुला राशिको सूर्य लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा हानिको योग पाउनेवाला तथा क्लेशको योग पाउनेवाला र आयुको सम्बन्धमा केही न्यूनता पाउने खालको र व्यापार आदिमा महान् परिश्रम र कष्ट-बाधा सहने भएको र कतिपय सानो कर्म गर्ने खालको, मान-प्रतिष्ठामा कमीको योग भेट्टाउने तथा कहिले काहीं मान प्रतिष्ठामा पूरा विशेष प्रकारको आघात सहने भएको, राज-स्थानमा कहिले काहीं क्लेश र अशान्ति सहने तथा भूमि-भवनको केही पैतृक फाइदा पाउने भएको तथा सुखका साधनहरूमा केही गुप्त युक्तिहरूले वृद्धि पाउनेवाला तथा दिनचर्यामा अशान्ति अनुभव गर्ने खालको व्यक्ति होला।

कु० नं० ११२४

११ ९
१२ १० ८
१ ७सू.
२ ४ ६
३ ५

जुन व्यक्तिको वृश्चिक राशिको सूर्य लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आयुको राम्रो लाभ पाउने भएको तथा दिनचर्यालाई निकै प्रभाव र लाभका साथै व्यतीत गर्नेवाला र पुरातत्त्वको लाभ र पैतृक लाभ पनि निकै प्रभावका साथ प्राप्त गर्ने भएको अनि आम्दानीको बाटोमा केही गूढ योजनाहरूको प्रभावबाट काम सिद्ध पार्ने तथा कटु युक्तिहरूले फाइदा प्राप्त गर्न जान्नेवाला र सन्तान पक्षमा केही हानिको योग र क्लेशको योग पाउनेवाला तथा विद्याको स्थानमा पनि केही न्यूनता एवं कष्ट-बाधा पाउने भएको र कुरा-कानी बोल-चालमा केही गुप्त र केही कटुताले काम लिने खालको होला।

कु० नं० ११२५

११ ९
१२ १० ८सू.
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको धनुराशिको सूर्य लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस पुरातत्त्व शक्तिको केही हानि पाउनेवाला र जीवनको प्रभावमा केही कमी अनुभव गर्ने र आयुको सम्बन्धमा केही दुर्बलता पाउने भएको र बर्ता धन खर्च गर्ने खालको र गुप्त शक्तिहरूको थोरै प्रयोग गर्ने भएको तथा शत्रुमा प्रभाव राख्ने खालको र मावली पक्षमा आंशिक हानि पाउनेवाला, दैनिक दिनचर्या र रहन-सहनमा केही अशान्ति अनुभव गर्ने र खर्चको स्थानमा केही कष्ट-बाधा अनुभव गर्ने भएको किन्तु प्रभावयुक्त किसिमले खर्च संचालन गर्दै रहने भएको र नाभिभन्दा तल पेटभित्र केही विकार भएको साहसी व्यक्ति होला।

कु० नं० ११२६

११ ९सू.
१२ १० ८
१ ७
२ ४ ६
३ ५

मकर लग्नान्तर-चन्द्रफलम्

जुन व्यक्तिको मकरराशिको चन्द्रमा लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस मनोयोगको उच्च फाइदाले खूब व्यापार गर्न जान्ने अनि स्त्री पक्षमा सौन्दर्य र सुखका साथसाथै आंशिक कमी अनुभव गर्नेवाला एवं बढी भोग खोज्ने भएको र प्राप्त पनि गर्नेवाला अनि मनभित्र र तनभित्र धेरै बर्ता कामवासना राख्ने भएको तथा शरीरको रङ्ग केही गोरो भएको तथा ससुरालीबाट इज्जत सम्मान पाउने भएको र आफ्नू मनमा 'म ठूलो' भन्ने गौरव मान्ने भएको र व्यापारको र मान-सम्मानको उन्नतितर्फ बर्ता ध्यान दिने भएको र मनको शान्तिभित्र केही गुप्त अशान्तिको योग पाउने खालको निकै उपकारी व्यक्ति होला।

कु० नं० ११२७

११ ९
१२ १०चं. ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको कुम्भराशिको चन्द्रमा लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस व्यापारको पंक्तिमा विशेष धन एकत्रित पार्न जान्ने भएको र खूब ठूलो व्यापार गर्नेवाला अनि केही ससुरालीबाट लाभ पाउनेवाला र मनको गति र मनको कर्मबाट धन कमाउने र कमाएको धन संग्रह गर्ने योग पाउने भएको र स्त्रीको सुखमा न्यूनता र बन्धन पाउनेवाला, जीवनको दैनिक दिनचर्यामा उन्नतिको योग पाउनेवाला, पुरातत्त्व सम्बन्धको फाइदा पाउने भएको र मानसिक शक्तिको द्वारा लौकिक उन्नतिको पूरा-पूरा ध्यान राखेर कार्य गर्नेवाला, कुटुम्बको सम्बन्धमा केही विवाद पाउनेवाला, मनमा केही अशान्तिको योग पाउने खालको व्यक्ति होला।

कु० नं० ११२८

११चं. ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको मीन राशिको चन्द्रमा लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस व्यापारको उन्नतिका लागि बढी परिश्रम गर्ने भएको, मनोबल

कु० नं० ११२९

११		९
१२ चं.	१०	८
	१	७
२	४	६
३		५

द्वारा उन्नति गर्ने भएको, निकै उत्साह तथा साहसद्वारा कार्य सम्पन्न पार्ने, प्रभावशाली राम्री स्त्री भेट्टाउने खालको र भोग प्राप्तिको विशेष इच्छा राख्नेवाला अनि भाग्योन्नतिको बढी ध्यान राखेर काम गर्नेवाला, भाग्यमानीमा गनिने खालको तथा धर्म-कर्मको पनि विचार राख्ने अनि मनमा प्रसन्नता तथा केही कुराको पनि वास्ता नराख्ने, स्त्री र ससुरालीबाट हिम्मतको केही योग पाउने, दाजु-भाइ दिदी-बहिनीको सहयोग पाउने खालको होला।

जुन व्यक्तिको मेषराशिको चन्द्रमा लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आफ्नो परिवारमा गृहस्थीको उत्तम सुख भोग्न पाउने भएको, राम्री

कु० नं० ११३०

११		९
१२	१०	८
	१चं.	७
२	४	६
३		५

स्त्री प्राप्त गर्नेवाला तथा आमाको सुख पाउने भएको, भवन भूमिको लाभ पाउनेवाला र ससुरालीबाट सुखका साधन पाउने भएको, उत्तम भोग विलास प्राप्त गर्ने भएको अनि व्यापारको खूब सुख प्राप्त गर्नेवाला सुखपूर्वक व्यापार गरेर मनोबलको द्वारा उन्नति र मान-सम्मान पाउने खालको पिता स्थानबाट उन्नति र व्यापारको मुख्य बाटो फेला पार्ने भएको र लौकिक तथा सामाजिक कार्यहरूमा चातुर्य र कुशलता पाउने खालको तथा राज-समाजमा मान-सम्मान पाउनेवाला अनि सधैं मन-मौजी झैं आनन्दी व्यक्ति होला।

जुन व्यक्तिको वृषराशिको चन्द्रमा लग्नबाट पाँचौ स्थानमा छ भने त्यो मानिस व्यापारिक श्रेणीमा ठूलो उच्च ज्ञान राख्ने भएको र बर्ता कुशाग्र बुद्धि र बलियो मनले आफ्नू व्यापारको काम गर्दै रहनेवाला र सुन्दर एवं बुद्धिमती स्त्री पाउने भएको, बुद्धि र मनमा बढी काम-वासना राख्ने खालको तथा लौकिक व्यवहारहरूमा निकै बर्ता दक्षता र अनुभव राख्ने खालको अनि सन्तान शक्तिको सहारा पाउने र खूब चर्को र दरो स्वरमा कुराकानी गरेर अरूलाई थर्काउने तथा आमदानीको स्थानमा न्यूनता र बेवास्ताको योग पाउने भएको, स्त्रीको बुद्धिमा बर्ता तीव्रता वा तेजी पाउने भएको अनि निकै कार्यकुशल र भोगी व्यक्ति होला।

कु० नं० ११३१

११ ९ १२ १० ८ १ ७ २चं. ४ ६ ३ ५

जुन व्यक्तिको मिथुन राशिको चन्द्रमा लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस व्यापारमा कष्ट-बाधा पाउनेवाला र मानसिक परेशानीहरू र परिश्रम सहने खालको तथा कुनै प्रकारले एवं परतन्त्रताको व्यापार पाउनेवाला र स्त्री स्थानमा कष्ट-बाधा सहने भएको तथा भोग विलासको कमी पाउने भएको र ससुरालीको दुर्बलता पाउनेवाला, बढी धन खर्च गर्ने खालको र मनोयोगद्वारा रोग र शत्रुहरूबाट सुरक्षा पाउने किसिमको काम गर्ने तथा मावली पक्षमा कहिले कुनै कार्य सहायक सहयोगको व्यवस्था पाउने खालको तथा स्त्री पक्षमा मानसिक विरोध तथा केही झगडा-झञ्झट पनि सहने खालको व्यक्ति होला।

कु० नं० ११३२

११ ९ १२ १० ८ १ ७ २ ४ ६ ३चं. ५

जुन व्यक्तिको कर्कराशिको चन्द्रमा लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस राम्री स्त्री पाउनेवाला, उत्तम ससुराली पाउने भएको तथा खूब भोग विलास प्राप्त गर्ने खालको, निकै राम्रो र बलियो व्यापार गर्नेवाला तथा व्यापारमा प्रशंसा र प्रसन्नता पाउने खालको तथा व्यापारलाई मनोयोगको पूर्ण दृढता साथ चलाउन जान्ने, व्यापारको सफलतामा मनमा ठूलो गौरव अनुभव गर्ने खालको र गृहस्थीको राम्रो आनन्द पाएर हृदयमा शान्तिको योग प्राप्त गर्नेवाला र स्त्रीको प्रशंसा तथा स्वभाव र प्रभावले मुग्ध हुने खालको, लौकिक कार्यहरूमा बढी चातुर्य र तत्परता दर्शाउने खालको र सौन्दर्य प्रेमी होला।

कु० नं० ११३३

११ ९ १२ १० ८ १ ७ २ ४चं. ६ ३ ५

जुन व्यक्ति सिंह राशिको चन्द्रमा लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा हानिको योग पाउनेवाला, गृहस्थीको कारणहरूले गर्दा मानसिक क्लेश सहने भएको, इन्द्रिय भोगादि पक्षमा न्यूनता पाउने भएको, व्यापारको पंक्तिमा साना-ठूला झ्याउलाहरू र कष्ट इत्यादि परिश्रम सहनेवाला, मनोयोगको निकै गहीरो ज्ञानबाट व्यापारको काम गर्न जान्ने तथा व्यापारमा केही परतन्त्रता एवं केही विदेश आदिको सम्पर्क पाउने भएको, धनको वृद्धिका लागि निकै ध्यान र बढी प्रयत्न गर्नेवाला, पुरातत्त्वसित सम्बन्धित कार्यद्वारा काम चलाउन जान्ने खालको, दैनिक दिनचर्यामा उत्साह पाउने र गुप्तज्ञानी व्यक्ति होला।

कु० नं० ११३४

११ ९ १२ १० ८ १ ७ २ ४ ६ ३ ५चं.

जुन व्यक्तिको कन्या राशिको चन्द्रमा लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यवती स्त्री पाउनेवाला, इन्द्रिय भोगादिकमा सात्विकताको योग पाउने भएको, सौम्य सुन्दर पत्नी पाउने खालको, मनोयोगद्वारा इन्द्रिय संयम गर्ने भएको, मनमा भोगादिक भावनाहरू भए पनि धर्म-मार्गमा मनलाई लगाउनेवाला, किन्तु धर्मको वास्तविक कार्यहरूमा न्यूनता पाउने र धर्मको तल्लो तहसम्म पुग्दा मनमा विकार पाउने भाग्य शक्तिले व्यापारको सफलता तथा संचालन शक्ति प्राप्त गर्ने खालको, व्यापारमा भाग्यमानी मानिने भएको धेरै दाजु-भाइ दिदी-बहिनीहरू भएको होला।

कु० नं० ११३५

	११	९
१२	१०	८
	९	७
२	४	६चं.
	३	५

जुन व्यक्तिको तुला राशिको चन्द्रमा लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस बर्ता उच्च शानदार व्यापार गर्ने खालको, व्यापारको कार्यक्रमबाट नै बढीमान सम्मान पाउनेवाला, मनोयोगद्वारा काम गरेर उन्नति पाउने खालको तथा इन्द्रिय र राज-समाजको लौकिक तथा व्यापारिक कार्य गर्नाले मनमा अभिमान तथा गौरव प्राप्त गर्नेवाला, राज-समाज र गृहस्थीमा इज्जत पाउने भएको माता-पिताको सहारा पनि पाउनेवाला, स्त्री स्थानबाट गौरव पाउनेवाला, स्त्रीमा प्रभाव पाउने र स्त्रीबाट सुख प्राप्त गर्ने भएको, व्यावहारिक कार्यक्रमलाई योग्यता र कुशलताद्वारा पूर्ण पार्नेवाला, इज्जतलाई उच्च भावना र आशा भन्दा केही न्यून पाउने व्यक्ति होला।

कु० नं० ११३६

	११	९
१२	१०	८
	१	७चं.
२	४	६
	३	५

जुन व्यक्तिको वृश्चिकराशिको चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानबाट साधारण लाभ र केही मनलाई थोरै अशान्ति

कु० नं० ११३७

११ ९
१२ १० ८चं.
१ ७
२ ४ ६
३ ५

पाउनेवाला, र गृहस्थीको केही सुख-दुःख र केही सुख-दुःख मिश्रित अनुभव गर्ने खालको तथा इन्द्रियादिकको सामान्य भोग सुख प्राप्त गर्नेवाला, व्यापारमा सामान्य लाभ पाउने खालको, आमदानीको अभावको कारणले मनमा दुःख अनुभव गर्ने खालको तथा विद्या-बुद्धिमा तीक्ष्णता पाउने भएको तथा कुरा-कानीमा तेजी देखाउन निकै बाठो भएको र व्यापारको उन्नतिको सम्बन्धमा मनको भित्र आलस्य पाउने भएको, सन्तान सम्बन्धमा वृद्धि पाउने खालको तथा केही परतन्त्रता झैं स्थितिबाट लाभ पाउने खालको व्यक्ति होला।

जुन व्यक्तिको धनराशिको चन्द्रमा लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा हानि पाउने खालको र इन्द्रिय भोगादिक पक्षमा कमी

कु० नं० ११३८

११ ९चं.
१२ १० ८
१ ७
२ ४ ६
३ ५

पाउने भएको र दुर्बलताको शिकार हुने भएको, व्यापारमा हानि पनि पाउने खालको, व्यापारमा बाहिरी सम्बन्धबाट शक्ति पाउनेवाला, बढी धन व्यय गर्ने भएको र गृहस्थीको सम्बन्धमा अनेक कष्ट-बाधा सहने किसिमको र शत्रु स्थानमा केही शीतलताले आफ्नू काम सिद्ध पार्न जान्ने भएको, मनमा केही अशान्ति र एक्लो छु भन्ने अनुभव गर्ने खालको र गृहस्थी एवं व्यापार र खर्चको सम्बन्धमा मानसिक बलद्वारा तथा अन्यान्यको सम्बन्ध सहाराबाट आफू पारी तर्ने खालको व्यक्ति होला।

मकर लग्नान्तर-भौमफलम्

जुन व्यक्तिको मकर राशिको मङ्गल लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस धेरै सुख प्राप्त गर्ने भएको तथा बढी सम्पत्तिवाला र धेरै लाभ पाउने भएको र मातृस्थानमा केही विशेषता पाउने, राम्रो गौरवर्ण सलक्क परेको शरीरवाला, आफूमा मस्ती र लापरवाही राख्ने भएको एवं सित्तैंको साधन र लाभ प्राप्त गर्नेवाला र व्यापारमा न्यूनता पाउने भएको, स्त्री पक्षमा सुखको न्यूनता अनुभव गर्ने खालको, बढी स्वार्थको ध्यान राख्नेवाला, इन्द्रिय भोगादिमा केही कमीको योग पाउने भएको, व्यापार र भोगादिको पक्षमा केही गुप्त युक्तिहरू द्वारा सुखको साधन पनि बनाउन जान्नेवाला, 'म जान्ने र म ठूलो' भन्ने अभिमानी व्यक्ति होला।

कु० नं० ११३९

११ ९
१२ १०मं. ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको कुम्भराशिको मङ्गल लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मनिस धन लाभ पाउनेवाला, केही भूमि-भवन पनि पाउने भएको, धन संग्रह गर्नका लागि आमदानीलाई त्यसैमा जोर्ने प्रयत्न गर्दै रहने भएको, त्यसै कारणले सुख प्राप्तिका साधन वस्तुहरूको न्यूनता पाउने भएको, धन संग्रहमा तैपनि न्यूनता नै अनुभव गर्नेवाला, सन्तान र विद्याको स्थानमा केही लाभ र सुखको अनुभव केही त्रुटिका साथै प्राप्त गर्नेवाला, केही भाग्यमानीको ताकत पाउनेवाला, दैनिक दिनचर्यामा केही सुखको अनुभव गर्ने खालको र धनमा नै सुख देख्ने भएको, अनि मातृ-सुखमा केही बन्धन पाउने व्यक्ति होला।

कु० नं० ११४०

११मं. ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको मीन राशिको मङ्गल लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू बल पुरुषार्थमा वृद्धि पाउने, दाजु-भाइको शक्ति भेट्टाउने

कु० नं० ११४१

११ ९
१२ मं. १० ८
९ ७
२ ४ ६
३ ५

र मातृस्थानको अनि भूमि-भवनको लाभ पाउनेवाला र आफ्नू सुखद परिश्रमबाट खूब लाभ पाउने अनि लाभ र परिश्रमले नै सुखको अनुभव गर्ने खालको हिम्मतका साथै बढी अमूल्य परिश्रम गर्ने भएको, शत्रु पक्षमा प्रभाव पार्न जान्ने भएको, व्यापारमा बढी लाभ कमाउन जान्ने खालको राज-समाजबाट लाभ र सुख पाउने र मान प्रतिष्ठा प्राप्त गर्नेवाला, बडो लापरवाह व्यक्ति होला।

जुन व्यक्तिको मेष राशिको मङ्गल लग्नबाट चौथो स्थानमा छ भने त्यो मनिस धेरै धन र भवन भूमिबाट आमदानी पाउने खालको, बर्ता सुख

कु० नं० ११४२

११ ९
१२ १० ८
१मं. ७
२ ४ ६
३ ५

प्राप्त गर्ने भएको र व्यापारको सम्बन्धमा आलस्य र दुर्बलताको योग पाउने खालको स्त्री स्थानमा न्यूनता र सुखको हानि तथा ससुरालीबाट थोरै फाइदा पाउने भएको, इन्द्रिय भोगादिमा पनि न्यूनता पाउनेवाला मातृ पक्षबाट बढी फाइदा पाउने भएको, आमदानी र आवश्यक पदार्थहरू निकै सजिलोसित कुनै फिक्री चिन्ता नगरी पाउनेवाला, मान इज्जत पाउने र राज-समाजमा पनि सुख भेट्टाउनेवाला, आफ्नू सुख र आफ्नू फाइदाको सामुन्ने कुनै अन्य कामलाई केही महत्व नदिने व्यक्ति होला।

जुन व्यक्तिको वृषराशिको मङ्गल लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस आफ्नू बुद्धिले खूब धन कमाउने भएको, विद्या र सन्तान

कु० नं० ११४३

११ ९
१२ १० ८
१ ७
२मं. ४ ६
३ ५

सजिलैसित प्राप्त गर्नेवाला, पुरातत्त्वको सम्बन्धमा सुख र लाभ प्राप्त गर्नेवाला, गूढ र कष्टदायक मार्गबाट पनि सुख र लाभ पाउनेवाला, अन्यान्य स्थानको सम्बन्धबाट पनि सुख र लाभ पाउने भएको, मातृपक्षमा केही न्यूनता मान्नेवाला र बढी खर्च गर्ने अनि विद्याको बलले सुखी हुने भएको, स्थिर विचारवाला, सधैं लाभको योजना बनाउने व्यक्ति होला।

जुन व्यक्तिको मिथुन राशिको मङ्गल लग्नबाट छैठौं स्थानमा छ भने त्य मानिस आंशिक परतन्त्रताको प्रभावशाली कर्मद्वारा लाभ र आमदानी

कु० नं० ११४४

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३मं. ५

पाउने भएको र मातृस्थानको सुखका साधनहरूमा न्यूनता पाउनेवाला र रोग, विपत्तीहरूलाई हटाएर सुखका साधन उत्पन्न गर्न जान्ने भएको तथा लाभ पाउनेवाला, शत्रुपक्षबाट फाइदा पाउनेवाला र अधिक व्यय गर्ने खालको, शरीरमा सौन्दर्य र गौरव लाभ पाउनेवाला सबै काममा सफलता पाउने खालको, धर्म-कर्ममा श्रद्धा गर्नेवाला, आत्मामा सुख अनुभव गर्ने भएको, स्वार्थ सिद्धिको बर्ता ध्यान राख्ने खालको, बाँगा युक्तिहरूले अनेक थरिका लाभ प्राप्त गर्ने खालको साहसी व्यक्ति होला।

जुन व्यक्तिको कर्कराशिको मङ्गल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा हानि पाउने भएको र मातृस्थानमा न्यूनता पाउने खालको, व्यापारको सम्बन्धमा दुर्बलता पाउनेवाला, आमदानीको स्थानमा अशान्ति भेट्टाउने भएको, गृहस्थीको सुखमा हानि अनुभव गर्ने भएको तथा शरीरको वृद्धिका लागि साधन जोर्ने खालको र उन्नति र मानवृद्धिको लागि धेरै प्रयत्न गर्दै रहेर पनि असफलताहरू नै हात पर्ने भएको, त्यति भए पनि धनको आंशिक सुख प्राप्त गर्ने किसिमको र इन्द्रिय सुखहरूमा केही न्यूनता वा केही गुप्त राख्ने खालको व्यक्ति होला।

कु० नं० ११४५

११ ९ १२ १० ८ १ ७ २ ४मं. ६ ३ ५

जुन व्यक्तिको सिंहराशिको मङ्गल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस बर्ता परिश्रमका प्रयत्नहरू द्वारा धेरै बढी लाभ कमाउने भएको र अझ बढी धन कमाउन वा पाउनका लागि बर्ता कूटनीतिहरू द्वारा काम सिद्ध पार्नेवाला र धनको प्राप्तिका लागि ठूला-ठूला सुखलाई पनि छाडिदिने भएको तथा अनेक अशान्ति सहनेवाला, मातृस्थानको वियोग सहने भएको तथा माता र भवन-भूमि सुखमा न्यूनता पाउनेवाला र पुरातत्त्व सम्बन्धमा विशेष धन पाउनेवाला तथा आयुमा र दैनिक जीवनको दिनचर्यामा पनि सुख प्राप्त गर्ने भए तापनि घरेलू सुखका साधनहरूमा वास्तविकताको न्यूनता पाउने खालको र परिश्रम एवं कष्ट-बाधा तथा साहसले खूब काम गर्ने खालको व्यक्ति होला।

कु० नं० ११४६

११ ९ १२ १० ८ १ ७ २ ४ ६ ३ ५मं.

जुन व्यक्तिको कन्या राशिको मङ्गल लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी तथा भाग्य-शक्तिको नै द्वारा निकै ठूला-ठूला सुख भोग्नेवाला, भवन-भूमि प्राप्त गर्नेवाला, माताको सुख लाभबाट आनन्द पाउने भएको अनेक प्रकारका लाभ भाग्यशक्तिले नै पाउने र बढी खर्च गर्ने भएको अनि अन्य स्थानको सम्पर्कबाट पनि सुख-लाभ पाउने भएको र स्वार्थ युक्त भएर धर्म-कर्मको पालन गर्ने भएको तथा धर्मात्मा आमा प्राप्त गर्ने किसिमको र दैवी सहायताहरू बाट पनि सुख-शान्ति एवं फाइदा पाउने भएको अनि मस्त निस्फिक्री, पुरुषार्थी तथा दाजु-भाइ दिदी-बहिनी धेरै भएको व्यक्ति होला।

कु० नं० ११४७

११ ९
१२ १० ८
१ ७
२ ४ ६मं.
३ ५

जुन व्यक्ति तुलाराशिको मङ्गल लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस शानदार व्यापारको माध्यमबाट इन्तजामको साथै आमदानी पाउने खालको, राज-स्थानबाट फाइदा पाउने भएको, पिता स्थानबाट बढी लाभ पाउने खालको, खूब सुख भोग्नेवाला, आफ्नू इज्जतको फाइदाका कारणहरू बाट आत्माभित्र महान् गौरव अनुभव गर्नेवाला, शरीरमा सौन्दर्य र सुखका विशेष संचार पाउनेवाला, भूमि र पुत्रलाभ पाउने भएको, विद्या लाभ पाउनेवाला, सुखका लागि वा धन-प्राप्तिका निम्ति बुद्धिमा पूर्ण बल लगाउने भएको, मातृशक्ति पाउने र समाजमा सुख एवं प्रभाव भेट्टाउने, प्रभावपूर्ण बोल्ने र प्रभावकारी कर्म गर्ने खालको व्यक्ति होला।

कु० नं० ११४८

११ ९
१२ १० ८
१ ७मं.
२ ४ ६
३ ५

जुन व्यक्तिको वृश्चिक राशिको मङ्गल लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस अनेक सुखद साधनहरूद्वारा निकै लाभ पाउने र आमदानीमा उन्नति गर्ने भएको, मातृस्थानको लाभ पाउने खालको, धन संग्रहका लागि कष्टबाधा सहने खालको, कुटुम्बमा वैमनस्यता पाउने भएको, थोरै विद्या ग्रहण गर्ने, सन्तान लाभ पाउने तथा शत्रुस्थानमा ठूलो प्रभाव पार्नाले मनमा खुसी मान्नेवाला र रोग एवं विपत्तिहरूमा विजय पाउने भएको र मावली पक्षबाट केही सुख-लाभ पाउनेवाला र झगडा तथा झ्याउलाहरूको मामलामा पनि फाइदा पाउने भएको र अनेक थरिका लाभ र सुखका साधन तथा भूमि-भवनलाभ स्वतः प्राप्त गर्ने खालको व्यक्ति होला।

कु० नं० ११४९

११ ९
१२ १० ८मं.
११ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको धनुराशिको मङ्गल लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस आमाको र मातृभूमिको हानि पाउने भएको र आमदानीमा न्यूनता पाउने खालको एवं सुखका साधनमा दुर्बलता पाउनेवाला र अन्य स्थानको सम्पर्कबाट लाभ र सुख प्राप्त गर्नेवाला अनि स्त्री र गृहस्थीको सुखमा हानि पाउने खालको, व्यापारमा न्यूनता पाउने भएको, दाजु-भाइको स्थानमा केही राम्रो सम्पर्क पाउने भएको र परिश्रम एवं पुरुषार्थबाट धन प्राप्त गर्नेवाला, बढी धन व्यय गर्ने खालको वा शत्रु स्थानमा प्रभाव राख्ने भएको, खर्चको स्थानमा निकै सुख र लाभको योग प्राप्त गर्ने खालको किन्तु इन्द्रिय भोगादि सुखहरूमा न्यूनता पाउने खालको साहसी व्यक्ति होला।

कु० नं० ११५०

११ ९मं.
१२ १० ८
११ ७
२ ४ ६
३ ५

मकर लग्नान्तर - बुधफलम्

जुन व्यक्तिको मकरराशिको बुध लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस निकै बाठो भाग्यमानी तथा सौम्य र प्रभावशाली अनि धर्म-कर्म मान्ने भएको, केही स्वार्थयुक्त भएर धर्मको पालन गर्ने भएको अनि प्रतिष्ठा पाउनेवाला बर्ता उच्च विवेक राख्ने भएको, शत्रुहरूमा स्वत: विजय प्राप्त गर्ने, शरीरमा केही सामान्य रोग पाउनेवाला, मावली पक्षको उत्तम योग सम्बन्ध पाउनेवाला, गृहस्थ धर्मको पालन गर्ने भएको, व्यापारको काम पनि गर्दै रहनेवाला, भोग-विलासमा सामान्य रुचि राख्ने खालको, पारलौकिक तथा इहलौकिक दुवैतिरको बराबर र उत्तम ध्यान राख्ने भएको अनि ईश्वरमा श्रद्धा विश्वास राख्ने खालको र आफ्नू परिश्रमले मान-सम्मान पाउने खालको होला।

कु० नं० ११५१

११ ९
१२ १०बु. ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको कुम्भराशिको बुध लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस ठूलो धनवान् तथा भाग्यमानी अर्थात् आफ्नू भाग्य र परिश्रमकै द्वारा प्रचुर धन प्राप्त गर्ने खालको र काममा सफलता पाउने भएको, धर्मलाई धनको प्रतिस्पर्धामा सानो ठान्ने भएको, ईश्वरमा अलिकति निष्ठा राख्ने भएको, कुटुम्बको साधारणत; राम्रो सुख प्राप्त गर्ने खालको तर कुटुम्बमा अलिकति विग्रह पाउने भएको, कहिले काहीं धनको केही अशान्ति सामान्य प्रकारबाट पाउने खालको, युक्ति तथा बुद्धिद्वारा, दैवसंयोग द्वारा उन्नति पाउनेवाला, महान विवेक र सतोगुणको सहारा लिएर उत्तम स्वार्थसिद्धि गर्न जान्ने भएको तथा मावली पक्षबाट निकै लाभ पाउने भएको र पुरातत्त्वको राम्रो लाभ फेला पार्ने खालको होला।

कु० नं० ११५२

११बु. ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको मीन राशिको बुध लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस थोरै पुरुषार्थ गर्ने भएको अर्थात् बर्ता अल्छी, थोरै शक्ति बल राख्ने भएको, मावलीको थोरै शक्ति पाउने र भाग्यलाई ठूलो मान्ने तथा भाग्यको दुर्बल शक्तिबाट पनि बर्ता फाइदा प्राप्त गर्ने भएको, ईश्वरमा पूर्ण विश्वास राख्नेवाला, यथाशक्ति धर्म-कर्मको पालन गर्ने भएको र परिश्रमका कार्यहरूमा अनेक झ्याउला सहने भएको, शत्रु पक्षबाट बर्ता कष्ट-बाधा मान्नेवाला किन्तु भाग्य शक्तिबाट रक्षा पाउनेवाला, प्रभावमा केही न्यूनता पाउने भएको, दाजु-भाइसित क्लेशको योग पाउनेवाला, भाग्योदयमा केही विलम्बको योग पाउने भएको र केही दुर्बल साहस र हिम्मत तथा निर्धो नीतिवाला होला।

कु० नं० ११५३

११ ९ १२ बु. १० ८ १ ७ २ ४ ६ ३ ५

जुन व्यक्तिको मेषराशिको बुध लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस भाग्यको शक्तिले र केही परिश्रमद्वारा सुख प्राप्त गर्नेवाला अनि केही मावलीबाट र विवेक शक्ति एवं युक्तिहरूबाट आफ्नू स्थानमा नै भाग्यको विकास पाउने भएको, सुख र भाग्यको सम्बन्धमा केही सामान्य बाधाहरूपछि वृद्धि पाउने भएको, आमाको शक्ति पाउने भएको र आमासित केही वैमनस्यता तथा उत्साह प्राप्त गर्ने भएको केही भवन-भूमिको सुख प्राप्त गर्नेवाला, पिता स्थानबाट पनि लाभ प्राप्त गर्ने भएको र मान-प्रतिष्ठा पाउनेवाला, सुखद धर्मको पालन गर्ने अनि शत्रु स्थानमा समभाव पाउने खालको व्यक्ति होला।

कु० नं० ११५४

११ ९ १२ १० ८ १बु. ७ २ ४ ६ ३ ५

जुन व्यक्तिको वृष राशिको बुध लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विवेक तथा महान् चातुर्यद्वारा आफ्नू काम सिद्ध पार्ने भएको धर्मको राम्रो ज्ञान राख्नेवाला, कुनै धार्मिक विषयमा निकै प्रभावपूर्ण कुरा गर्ने, धर्म पालन गर्नमा केही रजोगुणको बाटो समाउने भएको, निकै बाठा सन्तान पाउनेवाला तथा विद्याको लौकिक र अलौकिक ज्ञान प्राप्त गर्ने भएको अनि समयानुसार भाग्य र बुद्धिको सहायता सदैव प्राप्त गर्ने खालको र बुद्धि तथा सन्तानको सहयोगले भाग्य वृद्धि पाउनेवाला, धेरै थरिका धन-धान्य प्राप्त गर्ने भएको, बुद्धिकै योगले शत्रुमाथि प्रभाव जमाउने खालको तथा सन्तान पक्षमा केही झ्याउलो पाउने भएको व्यक्ति होला।

कु० नं० ११५५

११ ९
१२ १० ८
१ ७
२बु. ४ ६
३ ५

जुन व्यक्तिको मिथुन राशिको बुध लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस निर्धो भाग्य पाउने भएको तथा भाग्योन्नतिको बाटोमा सदैव केही न केही बाधा वा झ्याउला पाउनेवाला र मावली पक्षमा वृद्धिको योग पाउने अर्थात् प्रभावशाली मावली भएको र धर्मको बाटोमा निकै दुर्बलता पाउने तथा केही अपठेरो धर्मको पालन गर्ने भएको र आफ्नू विवेक शक्ति र भाग्य शक्तिद्वारा प्रभाव पाउने भएको र विवेक तथा भाग्य शक्तिद्वारा नै रोग र शत्रु तथा विघ्न-बाधाहरूमा विजय प्राप्त गर्नेवाला तथा बढी धन व्यय गर्ने भएको अनि शान्तियुक्त क्रोध आफूमा राख्न सक्ने, दाता, दुश्मन खालको होला।

कु० नं० ११५६

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३बु. ५

जुन व्यक्तिको कर्कराशिको बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यको शक्ति र परिश्रमद्वारा व्यापारमा निकै उन्नति पाउने भएको र व्यापारको दैनिक कार्य व्यवस्थामा भाग्य स्थिति उत्तम पाउनेवाला तथा भाग्यमानीमा गनिने खालको र गृहस्थी भित्र केही सामान्य विघ्नबाधाको साथसाथै खूब आनन्द र सफलता प्राप्त गर्ने भएको, स्त्रीको पक्षमा भाग्यमानी तथा केही सामान्य झ्याउलो पाउने खालको, स्त्रीद्वारा केही धार्मिक व्यवस्था पाउने भएको, व्यापारको श्रेणीमा केही बांगा लौकिक र अलौकिक विवेक शक्तिद्वारा काम गर्ने, सामान्य धर्मको पालन गर्ने खालको व्यक्ति होला।

कु० नं० ११५७

११ ९
१२ १० ८
१ ७
२ ४बु. ६
३ ५

जुन व्यक्तिको सिंहराशिको बुध लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस भाग्यमा दुर्बलता पाउने भएको अनि भाग्योन्नतिका लागि ठूला-ठूला कष्ट-बाधाहरू सहन गर्ने भएको, धर्मको पक्षमा निकै ठूलो दुर्बलता सहने खालको, सुयश र प्रभावमा पनि दुर्बलता पाउनेवाला, पुरासंचित अर्थात् पूर्व संचित नासोबाट वा पैतृक सम्पत्तिबाट लाभ पाउनेवाला, अनुचित मार्गबाट भाग्यवृद्धिको साधन उत्पन्न गर्ने तथा मावली पक्षबाट दुर्बलता पाउने र धनको वृद्धि गर्नका लागि अनेक युक्तिहरू साधन विवेक शक्ति र परिश्रमबाट पाउनेवाला, राम्रो आयु हुने स्वार्थी व्यक्ति होला।

कु० नं० ११५८

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५बु.

जुन व्यक्तिको कन्याराशिको बुध लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यशाली र विवेकका बांगा युक्तिहरूद्वारा महान् लाभ प्राप्त गर्नेवाला, धर्मको बाहिरी अङ्गको उत्तम पालन गर्नेवाला, सत्वगुणी कर्मको आडमा रजोगुणी कर्मद्वारा भाग्यको वृद्धि पाउने भएको अर्थात् गुप्तशक्ति द्वारा निकै सज्जनताको ढङ्गले अनुचित लाभ प्राप्त गर्ने भएको निकै मान र सत्कार पाउनेवाला, ठूलो प्रभाव पाउने र पुरुषार्थमा न्यूनता पाउने भएको, दाजु-भाइसित विरोध पाउने खालको, विवेकको उच्चतम ज्ञान र परिश्रमले भाग्यशक्तिद्वारा उन्नतिमा पुग्ने भएको महान् बाठो व्यक्ति होला।

कु० नं० ११५९

११ ९
१२ १० ८
१ ७
२ ४ ६बु.
३ ५

जुन व्यक्तिको तुलाराशिको बुध लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो प्रभाव पाउने खालको, धर्मको स्वार्थयुक्त पालन गर्नेवाला, विवेक र परिश्रमबाट उत्तम कर्मद्वारा व्यापार आदिमा उन्नति गर्ने भएको, महान् चातुर्यको योगबाट मान-सम्मान वृद्धि पाउने भएको, भाग्य शक्तिद्वारा उन्नतिको साधन मार्ग-स्वतः प्राप्त गर्नेवाला, मातृपक्षबाट र मावली पक्षबाट पनि शक्तिका साधनहरू पाउने भएको, पिताको शक्तिबाट लाभ पाउने भएको तर पिताको स्थानमा केही न्यूनताको योग पाउनेवाला, उन्नतिका लागि केही गुप्त युक्तिहरूबाट पनि काम सिद्ध पार्नेवाला, राज सम्बन्धबाट विशेष लाभ पाउनेवाला, माननीय र भाग्यशाली होला।

कु० नं० ११६०

११ ९
१२ १० ८
१ ७बु.
२ ४ ६
३ ५

जुन व्यक्तिको वृश्चिक राशिको बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस भाग्यको शक्तिले र विवेक युक्त परिश्रमबाट खूब लाभ कमाउने भएको र धार्मिक लाभको योग पनि प्राप्त गर्नेवाला र चातुर्य तथा परिश्रमका लाभ प्राप्तिका कारणहरूबाट भाग्यमानी प्राप्त गर्ने खालको र आमदानीको स्थानमा अधिकांश निस्फिक्री पाउनेवाला, विद्या र बुद्धिको उत्तम योग पाउने भएको र धर्मको स्थानमा स्वार्थको बर्ता ध्यान-विचार राख्ने भएको अनि मावली पक्षबाट केही फाइदा प्राप्त गर्ने भएको, उत्तम विवेकको अन्तर्गत केही बांगा चालहरूबाट पनि आंशिक लाभ कमाउने खालको, शत्रुपक्षबाट लाभयुक्त रहने भएको र निकै प्रभावशाली व्यक्ति होला।

कु० नं० ११६१

११ ९
१२ १० ८बु.
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको धनुराशिको बुध लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस धर्मस्थानमा हानि पाउने भएको तथा भाग्यस्थानमा पनि हानि पाउने खालको, बढी धन व्यय गर्नेवाला, सुयशमा न्यूनता पाउने भएको तथा मावलीबाट न्यूनता पाउनेवाला, तथा भाग्योन्नतिको निम्ति निकै कष्ट-बाधा र विलम्ब आदिको साधन भेट्टाउनेवाला, भाग्यको दुर्बलताले गर्दा विवाद र झंझटहरूको योग पाउने भएको, चातुर्यहरूको योगले प्रभाव कायम राख्न निकै बलियो प्रयत्न गर्ने खालको व्यक्ति होला।

कु० नं० ११६२

११ ९बु.
१२ १० ८
१ ७
२ ४ ६
३ ५

मकर लग्नान्तर-गुरुफलम्

जुन व्यक्तिको मकरराशिको गुरु लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस शरीर दुर्बलता र कष्ट सहने भएको, खर्चको कमी र कष्ट सहन गर्ने, दाजु-भाइ दिदी-बहिनीको पक्षमा दुर्बलता पाउनेवाला, शरीरको सौन्दर्यमा कमी पाउने भएको तथा शरीरको पुड्को कदले चिन्तित रहनेवाला, अन्य स्थानको अनुचित र नाजायज थिचाई पाउने भएको, कुनै प्रकारले परतन्त्रताको झैं योग पाउने भएको, स्त्री स्थानमा केही प्रसन्नता पाउने खालको, व्यापारमा उन्नति गर्नेवाला, बुद्धिमा केही शक्ति पाउने किसिमको अनि भाग्यमा केही वृद्धि पाउनेवाला र सन्तान पक्षमा केही शक्ति र आंशिक कमी अनुभव गर्ने खालको होला।

कु० नं० ११६३

११ ९ १२ १०गु. ८ १ ७ २ ४ ६ ३ ५

जुन व्यक्तिको कुम्भराशिको गुरु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनस्थानमा केही हानि र कमी पाउने भएको तथा बाहिरी अन्य स्थानबाट केही धन प्राप्त गर्ने भएको, दाजु-भाइको पक्षमा केही बन्धन र कमी पाउने भएको तथा बल पुरुषार्थमा केही कमी र केही परतन्त्रता पाउने भएको र प्रभाव पाउनेवाला अनि मान उन्नतिको लागि धेरै-धेरै कर्म गर्न खालको तथा पिता स्थानमा केही हानि-लाभको योग भेट्टाउने भएको, धन वृद्धिका लागि अनेकानेक प्रयत्न र यता-उता दगुरा-दगुर गर्दै रहेर पनि इच्छित सफलता पाउन नसक्ने तथा जीवनमा केही इज्जत पाउने अनि कुटुम्ब स्थानमा केही कमी पाउने खालको होला।

कु० नं० ११६४

११गु. ९ १२ १० ८ १ ७ २ ४ ६ ३ ५

जुन व्यक्तिको मीन राशिको गुरू लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस अन्य स्थानको भरथेग पाएर निकै काम गर्नेवाला र धेरै धन व्यय गर्ने, खर्च बलले नै शक्ति पाउने भएको, बल पुरुषार्थमा बढी बल र दुर्बलता दुवैको सम्मिश्रण योग पाउने र अन्य स्थानको सम्पर्कमा शक्ति पाएपछि पनि केही स्वतन्त्रतामा कमी अनुभव गर्ने भएको, पुरुषार्थ परिश्रमबाट धेरै लाभ पाउने खालको, गृहस्थी र व्यापारको सम्बन्धमा उत्साह र उन्नति पाउने भएको, भोग प्राप्त गर्ने विशेष इच्छा राख्ने भएको, दाजु-भाइको सम्बन्धमा कमी पाउने खालको होला।

कु० नं० ११६५

११ ९
१२ गु. १० ८
९ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको मेष राशिको गुरु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस शानदार खर्च गर्नेवाला र सुखपूर्वक खर्च संचालन शक्ति पाउनेवाला र भवन-भूमि आदिको शक्ति पाएर पनि भवन-भूमिबाट केही हानि वा दुर्बलता पाउने भएको तथा आमाको हानि पाउनेवाला, केही दाजु-भाईको हानि पाउनेवाला, अर्काको सहयोगबाट घर बसी-बसी लाभ पाउने भएको र पुरातत्त्वको, केही विरोध वैमनस्यता र दुर्बलताहरूका साथै शक्ति पाउनेवाला, सुख शान्तिमा आंशिक बाधा पाउने खालको र खर्चको वृद्धिलाई रोक्नमा असमर्थ रहने खालको र त्यसै कारणले गर्दा केही अशान्ति अनुभव गर्ने खालको होला।

कु० नं० ११६६

११ ९
१२ १० ८
१ गु. ७
२ ४ ६
३ ५

जुन व्यक्तिको वृषराशिको गुरु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धि र विवेकद्वारा परिश्रम गरेर खर्च चलाउने खालको र विद्यामा कमी पाउने भएको, सन्तान पक्षमा हानि पाउनेवाला तथा केही शक्ति पनि पाउने भएको, दाजु-भाइको पक्षमा केही अपूर्ण शक्ति पाउने भएको र अन्य स्थानहरूको सम्पर्क र बुद्धि द्वारा परिश्रम गरेर भाग्यको वृद्धिका लागि बराबर प्रयत्न गरिरहने खालको र शरीरमा दुर्बलता तथा सुन्दरताको न्यूनता पाउनेवाला अनि खर्च शक्तिका कारणहरूले गर्दा हृदयमा अशान्ति अनुभव गर्ने भएको र बढी कुरा गर्ने बाठो व्यक्ति होला।

कु० नं० ११६७

११ ९
१२ १० ८
१ ७
२गु. ४ ६
३ ५

जुन व्यक्तिको मिथुनराशिको गुरू लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस खर्चको सम्बन्धमा विघ्नबाधा र परतन्त्रताको योग पाउने भएको र दाजु-भाइको सम्बन्धमा केही कमी र विरोध पाउनेवाला, प्रभावमा न्यूनता पाउने भएको, पिता स्थानमा केही विरोध भावनाहरू द्वारा हानि-लाभको सम्मिश्रण योग पाउने भएको र विशेष उन्नतिका लागि तथा मान-सम्मान प्राप्त गर्नका लागि बढी प्रयत्न गर्दै रहनेवाला, धन-संग्रहको पक्षमा कमी अनुभव गर्ने खालको र स्वतन्त्रतामा बाधा पाउने भएको र प्रभावमा केही कमी अनुभव गर्ने खालको र आफ्नासित शत्रुता गर्नेवाला र गुप्त युक्तिहरूद्वारा आफ्नू काम सिद्ध पार्न जान्ने भएको, केही अल्छी स्वभावको व्यक्ति होला।

कु० नं० ११६८

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३गु. ५

जुन व्यक्तिको कर्कराशिको गुरु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस व्यापारको पंक्तिमा महान् पुरुषार्थद्वारा काम गर्ने भएको र

कु० नं० ११६९

११ ९
१२ १० ८
१ ७
२ ४गु. ६
३ ५

व्यापारबाट महान् शक्ति पाउने खालको तथा अन्य स्थानको सम्पर्कबाट खूब व्यापार गर्ने भएको र बढी धन खर्च गर्ने खालको, स्त्री-सम्बन्धित विशेष भोगादि सुख प्राप्त गर्ने भएको, लौकिक कार्यहरूमा विशेष शक्ति राख्ने खालको, शरीरमा दुर्बलता र अशान्ति पाउनेवाला, खूब लाभ कमाउने खालको अनि बर्ता परिश्रमले गर्दा शरीरमा थकाई बढी पाउनेवाला र नित्य प्रगतिको व्यापारमा, महान् उत्तेजना र स्फूर्तिले आफ्नू कार्य संचालन गर्न जान्ने भएको, दाजु-भाइ दिदी-बहिनीको सम्पर्क पाउने खालको बाठो व्यक्ति होला।

जुन व्यक्तिको सिंह राशिको गुरु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू बल-पुरुषार्थ दुर्बलता पाउने भएको र खर्चको सम्बन्धमा

कु० नं० ११७०

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५गु.

विघ्न-बाधा सहनै परे पनि बढी खर्च गर्ने भएको तथा खर्च-शक्तिलाई केही विदेश आदिको योगले, परिश्रम र युक्तिहरूद्वारा प्राप्त गर्ने खालको अनि दाजु-भाइको सम्बन्धमा न्यूनता पाउने भएको, सुखको वृद्धि गर्नका लागि विशेष प्रयत्न गर्दै रहनेवाला, धन संग्रको स्थानमा केही कमी अनुभव गर्ने भएको तथा पुरातत्त्वको सम्बन्धमा स्थान-स्थानबाट शक्ति प्राप्त गर्ने खालको र जीवनको दैनिक दिनचर्यालाई केही प्रभाव 'म ठूलो' भन्ने ढङ्गले व्यतीत गर्ने खालको होला।

जुन व्यक्तिको कन्या राशिको गुरु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यमा केही दुर्बलता पाउने भएको, दाजु-भाइको सहयोग अलि न्यूनताले पाउनेवाला, पुरुषार्थद्वारा धर्म र भाग्यका केही वृद्धि गर्ने खालको, आफ्नू हृदयमा कमजोरी भएर पनि हिम्मत र साहसले उदासीनताद्वारा काम सिद्ध पार्ने भएको र शरीरमा सौन्दर्य र स्वास्थ्यको केही कमी पाउने खालको, लौकिक बुद्धिले केही हानि पाउनेवाला, पारलौकिक कार्यहरूमा केही दुर्बलता पाउने भएको र हृदयको बलद्वारा केही धार्मिक ज्ञान प्राप्त गर्ने खालको र पुरुषार्थ बलको वृद्धि हुने साधनमा विशेष ध्यान राख्ने खालको होला।

कु० नं० ११७१

११ ९
१२ १० ८
१ ७
२ ४ ६गु.
३ ५

जुन व्यक्तिको तुला राशिको गुरु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानमा केही हानि पाउने भएको, व्यापार र मान-प्रतिष्ठाको सम्बन्धमा आंशिक न्यूनता वा हानि पाउने भएको, उन्नतिका लागि विशेष प्रयत्न गर्दै रहे पनि सफलतामा कमी पाउने खालको, दाजु-भाइको सम्बन्धमा केही नीरसता पाउने भएको, बढी खर्च गर्ने र प्रभाव वृद्धिका लागि भित्री हृदयबाट कोशिश गर्ने खालको, अन्य स्थानको सम्पर्क शक्तिको साधारण तथा उत्तम लाभ पाउने भएको र सुख प्राप्तिका लागि खर्च र मिहिनेतको तागतले आफ्नू काम सिद्ध पार्न जान्ने भएको, धनको केही कमी र केही हानि पाउने खालको होला।

कु० नं० ११७२

११ ९
१२ १० ८
१ ७गु.
२ ४ ६
३ ५

जुन व्यक्तिको वृश्चिक राशिको गुरु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू पुरुषार्थबाट र खर्चको योगले परिश्रम गरेर केही विशेष लाभ पाउने भएको र आफ्नू आमदानीको माध्यमबाट पुरुषार्थ शक्तिको वृद्धि गर्ने भएको किन्तु बल वृद्धि र लाभको सम्बन्धमा केही दुर्बलताको पनि योग अनुभव गर्नेवाला र अन्यान्य स्थानको सम्बन्धमा 'बडप्पन' को साथै फाइदा पाउनेवाला, केही न्यूनताको साथै दाजु-भाइ दिदी-बहिनीको लाभ पाउनेवाला अनि राम्री स्त्री पाउने भएको तथा स्त्री जातको सुन्दरतामा हृदयको भित्र बढी ध्यान राख्ने भएको, व्यापारमा बढी उन्नति र दगुरा-दगुर गरेर चमत्कार उत्पन्न गर्ने खालको, विद्या तथा सन्तान पक्षको कुनै पनि भागमा नीरसता पाउने भएको, बाहिरी सम्बन्धबाट स्फूर्ति पाउनेवाला होगा।

कु० नं० ११७३

११　९
१२　१०　८गु.
१　७
२　४　६
३　५

जुन व्यक्तिको धनुराशिको गुरु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी खर्च गर्ने भएको र केही परतन्त्रता पाउनेवाला, मातृपक्षमा र पुरुषार्थमा दुर्बलता पाउने खालको, दाजु-भाईको स्थानमा न्यूनता पाउने भएको र सुख प्राप्त गर्नका लागि प्रभाव वृद्धिको पनि ध्यान राख्ने र सदैव अर्काको सहाराले शक्ति पाउने भएको, आफ्नू दैनिक दिनचर्यालाई प्रभावी तुल्याउनको निम्ति बढी खर्च र उपाय गर्ने खालको र गूढ युक्तिहरूलाई व्यवहारमा ल्याउने भएको र खर्चको शक्तिलाई अनेक उपाय गर्दा पनि घटाउन नसक्ने खालको र खूब डुल-फिर गर्ने अर्थात् भ्रमणशील अनि केही अशान्त हृदयको होला।

कु० नं० ११७४

११　९गु.
१२　१०　८
१　७
२　४　६
३　५

मकर लग्नान्तर-शुक्रफलम्

जुन व्यक्तिको मकरराशिको शुक्र लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस निकै प्रतिष्ठित, धेरै बाठो, बुद्धिमान तथा उच्च र उत्तम कार्य गर्ने भएको र ठूलो व्यापार गर्ने खालको तथा विद्या बुद्धिको धेरै ठूलो काम गर्ने खालको र धेरै मान-सम्मान पाउनेवाला, पिताको शक्तिबाट लाभ पाउने तथा राजकाजबाट फाइदा पाउने भएको, जन-समाजमा इज्जत र महानता पाउनेवाला, अनेक व्यापार अनेकौं प्रकारले निकै ठूलो चातुर्यका साथै चलाउन जान्ने खालको र स्त्री सुख भोग्ने भएको अनि सन्तान-सुख प्राप्त गर्ने भएको, सौन्दर्य र कलालाई बढी मनपराउने भएको, ज्योतिषसित प्रेम सम्पर्क राख्ने खालको होला।

कु० नं० ११७५

११ ९
१२ १०शु. ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको कुम्भ राशिको शुक्र लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धेरै धन जम्मा गर्ने भएको, पिता स्थानबाट धन शक्तिको भर-थेग पाउने खालको र बुद्धि विद्याद्वारा निकै चातुर्यले प्रसस्त धन-धान्य कमाउने भएको तथा ठूलो कारबार चलाउनेवाला र सन्तान पक्षमा केही बन्धन वा केही भाग्यवान अनुभव गर्ने खालको तथा कुटुम्बको वैभव पाउने भएको र राज-समाजबाट फाइदा प्राप्त गर्ने खालको र धन वृद्धि गर्नका लागि विशेष युक्तिहरूबाट महान् कार्य गर्ने खालको, पुरातत्त्वको लाभ पाउने भएको, जीवनको दिनचर्यामा केही उन्नति र मान-प्रतिष्ठा पाएर पनि केही कमी अनुभव गर्ने खालको व्यक्ति होला।

कु० नं० ११७६

११श. ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको मीन राशिको शुक्र लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस प्रभावशाली तथा राम्रो गठन परेको देह भएको, धेरै दाजु-भाइ दिदी-बहिनी भएको, सन्तान शक्ति पाउनेवाला, बर्ता विद्या र बुद्धि भएको, धाक लगाएर कुराकानी गर्ने भएको र निकै प्रभावशाली काम गर्ने खालको र पिताको स्थानमा केही अधिकता र केही न्यूनताको योग भएको, राज-काजबाट फाइदा र मान-सम्मान पाउनेवाला र धर्ममा हानि पाउने खालको तथा भाग्यको वृद्धिमा कमी पाउने भएको र यशमा पनि न्यूनता पाउनेवाला आफ्नू मस्ती वा अभिमानमा चूर रहनेवाला, अन्यान्यमा आफ्नू प्रभाव जमाउन जान्ने, ठूलो पुरुषार्थी, बढी बाठो कलाकार होला।

कु० नं० ११७७

११ ९ १२ शु. १० ८ १ ७ २ ४ ६ ३ ५

जुन व्यक्तिको मेष राशिको शुक्र लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस धेरै सुख पाउने भएको अनि ठूलो व्यापार गर्ने भएको तथा माता-पिताको सुख ऐश्वर्य प्राप्त गर्ने भएको अनि सन्तान सुख निकै पाउने खालको तथा विद्या प्राप्त गर्ने भएको, भवन-भूमिको स्वामी, राज-समाजबाट सुख पाउनेवाला, मान-सम्मानमा वृद्धि पाउने भएको, राजसी विद्याको ज्ञानबाट उन्नति पाउने खालको र महान् चातुर्यद्वारा सरलतापूर्वक फाइदा पाउने भएको, सौन्दर्य तथा कलालाई मनपराउनेवाला, आफ्नू प्रभावले काम गर्नेवाला, शान्ति र गौरव प्राप्त गर्ने भएको, शोभायुक्त र प्रतिष्ठित व्यक्ति होला।

कु० नं० ११७८

११ ९ १२ १० ८ १शु. ७ २ ४ ६ ३ ५

जुन व्यक्तिको वृषराशिको शुक्र लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस अनेक विद्याहरूको ज्ञान प्राप्त गर्ने भएको, राजनीतिक ज्ञानको बर्ता

कु० नं० ११७९

११ ९
१२ १० ८
१ ७
२शु. ४ ६
३ ५

शक्ति पाउने खालको र सन्तान शक्तिको बर्ता सहारा पाउनेवाला, बुद्धिबाट धेरै मान-इज्जत तथा उन्नति पाउने भएको, पिताको शक्ति पाउनेवाला, बर्ता धन कमाउने र निकै शान अभिमानले कुराकानी गर्नेवाला, ठूलो इज्जत र मान-सम्मान पाउनेवाला, राज-समाजबाट फाइदा पाउने भएको, बुद्धिको शक्तिद्वारा निकै ठूलो प्रभाव पाउनेवाला र शृङ्गार सौन्दर्य तथा मादकता मनपराउने भएको र तत्काल उत्तर दिन सक्ने 'हाजिर जवाब' हुन्छ।

जुन व्यक्तिको मिथुनराशिको शुक्र लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा अलि वैमनस्यता पाउने भएको, सन्तान पक्षमा केही

कु० नं० ११८०

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३शु. ५

कष्ट अनुभव गर्ने भएको, विद्याको प्रभाव पाउनेवाला, बढी धन खर्च गर्नेवाला र केही परतन्त्रता पाउने भएको अनि अनेक बांगा प्रकारले कुराकानी गर्ने भएको, निकै ठूलो र बांगा चालहरू चल्ने गहीरो ज्ञान भएको र बुद्धिको गुप्त युक्तिहरूद्वारा शत्रुलाई न्यूराउन सक्ने खालको र रोग एवं कष्ट-बाधामा नआत्तिने भएको र झ्याउलाहरूबाट नै राम्रो प्रभाव पाउने भएको, मावली पक्षबाट केही शक्ति पाउनेवाला, तन्त्र-विद्याको युक्ति र शक्ति भएको निकै बाठो होला।

जुन व्यक्तिको कर्कराशिको शुक्र लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस ठूलो शक्तिको व्यापार गर्ने भएको, व्यापारमा अभिमान राख्ने खालको र राजनैतिक व्यापारमा सफलता पाउनेवाला, व्यवसाय वृद्धिको योग्यताको कार्य निकै ठूलो चातुर्यबाट विद्याद्वारा पूर्ण गर्न सक्ने र सन्तान-शक्ति पाउने खालको तथा पिताको शक्ति पाउनेवाला गृहस्थीको शानको आनन्द अनुभव गर्ने खालको र ठूलो मान-सम्मान पाउने भएको, लौकिक कार्यहरूमा बढी दक्षता राख्नेवाला, राज समाजको कार्य निकै बुद्धिमानी र दैहिक परिश्रमद्वारा गर्ने खालको र स्त्री तथा भोगादि सुखहरू प्राप्त गर्ने भएको, निकै कार्य प्रवीण व्यक्ति होला।

कु० नं० ११८१

११ ९ १२ १० ८ १ ७ २ ४शु. ६ ३ ५

जुन व्यक्तिको सिंह राशिको शुक्र लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस पिताको हानि पाउनेवाला र पुत्रको कष्ट पाउने भएको अनि विद्यामा न्यूनता पाउने खालको र गूढ ज्ञानको पालन गर्ने खालको तथा भेद बुद्धिद्वारा काम गर्न जान्नेवाला, गुप्त कुरा बर्ता गर्नेवाला, राजसमाजमा मान-प्रतिष्ठा पाउने भएको, बुद्धि र चातुर्यले थकित हुने कर्मलाई गर्दै रहने भएको तथा व्यापारादि उन्नतिको मार्गमा केही न्यूनताहरूको कारण अनुभव गर्नेवाला तर धनको वृद्धितिर बढी ध्यान राख्ने भएको, पुरातत्त्वको केही शक्ति पाउने खालको, अत्यन्त कूटनीतिको पालन गर्नेवाला, बुद्धिमा परेशान रहने खालको होला।

कु० नं० ११८२

११ ९ १२ १० ८ १ ७ २ ४ ६ ३ ५शु.

जुन व्यक्तिको कन्याराशिको शुक्र लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यस्थानमा केही न्यूनता पाउनेवाला, पिता पुत्रको तर्फबाट केही कमजोरी पाउनेवाला भए पनि पिता पुत्रको तर्फबाट केही शक्ति पाउने भएको तथा केही भाग्यमानी मानिने ख्यालको, केही अपूर्ण विद्याको शक्ति पाउने भएको, राज समाजमा केही मान-सम्मान पाउने खालको, दाजु-भाई-दिदी-बहिनी धेरै भएको, धर्मको कामहरूमा केही दुर्बल श्रद्धा दर्शाएर काम सिद्ध पार्ने, बल पुरुषार्थको वृद्धि गर्ने किसिमको, व्यापारिदिमा केही दुर्बलताको साथै सफलता पाउनेवाला, केही अकर्मण्यता पाउने भएको, केही धर्म सम्बन्धी युक्तिहरूद्वारा कुराकानी गरेर उन्नतिको बाटो बनाउने खालको व्यक्ति होला।

कु० नं० ११८३

११		९	
१२	१०	८	
१		७	
२	४	६शु.	
३		५	

जुन व्यक्तिको तुलाराशिको शुक्र लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस राजशक्ति र शासन शक्ति प्राप्त गर्नेवाला तथा न्यायाधीश कहिने र उच्च श्रेणीको विद्या प्राप्त गर्ने र पिता पुत्रको महान शक्तिबाट पाउनेवाला, निकै ठूलो सुख भोग्ने खालको, मातृ स्थानको शक्ति पाउनेवाला तथा भूमि-भवनको स्वामी र ठूलो ऐश्वर्य तथा प्रभुत्व पाउने भएको अनि ठूलो व्यापार गर्नेवाला र सौन्दर्य तथा कलालाई मनपराउने भएको, गौरव र प्रभावले कुराकानी गर्न जान्नेवाला, बडप्पन र योग्यता एवं चातुर्यको दावी गर्ने खालको होला। निकै स्वाभिमानी, प्रतिष्ठित तथा ठूलो विद्वान कर्मिष्ठ खालको व्यक्ति होला।

कु० नं० ११८४

११		९	
१२	१०	८	
१		७शु.	
२	४	६	
३		५	

जुन व्यक्तिको वृश्चिक राशिको शुक्र लग्नबाट एघारौं स्थानमा छ भने त्य मानिस व्यापारादिबाट धेरै लाभ पाउने भएको, राजनीतिको उत्तम विद्या

कु० नं० ११८५

११ ९
१२ १० ८शु.
१ ७
२ ४ ६
३ ५

प्राप्त गर्ने खालको र पिताको लाभ पाउनेवाला, पुत्रको पनि लाभ पाउने भएको र विद्याबाट लाभ कमाउने, राज-काजको निकै लाभ पाउनेवाला तथा कुराकानीबाट पनि धन कमाउन जान्ने भएको तथा बुद्धि र कर्मको उत्तमताबाट इच्छित लाभ पाउने खालको र शृङ्गार तथा कलालाई बढी मनपराउने भएको र उन्नतिको लागि तथा लाभ वृद्धिको निम्ति बुद्धिमा बढी बल दिने भएको र भोगविलास एवं ऐश्वर्यका सुगम साधनहरू पाउनेवाला र प्रभाव तथा गौरवयुक्त कुराकानी गर्ने खालको, इज्जतदार, माननीय बढी बाठो र कर्मेष्ठी व्यक्ति होला।

जुन व्यक्तिको धनुराशिको शुक्र लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन खर्च गर्नेवाला, पिताको हानिपाउनेवाला तथा पुत्रको पनि

कु० नं० ११८६

११ ९शु.
१२ १० ८
१ ७
२ ४ ६
३ ५

हानि पाउनेवाला र परतन्त्रताको काम गर्ने भएको, मान प्रतिष्ठामा केही न्यूनता पाउनेवाला, विद्याको कमी पाउने खालको, अन्यान्य स्थानको शक्तिको सम्बन्ध पाउने भएको, केही वर्काइ-फर्काइसित कुरा गर्ने र अनेक घुमाउरा किसिमका काम गर्ने तथा व्यापारादिमा हानि पाउने अनि राज-समाजमा पनि हानि वा कष्ट-बाधा पाउने भएको, बुद्धिमा न्यूनता वा दुर्बलता अनुभव गर्ने तथा खर्च शक्तिलाई बढी चातुर्यले संचालित गर्न जान्ने खालको, केही अकर्मण्य झैं र अल्छी किसिमको होला।

मकर लग्नान्तर - शनिफलम्

जुन व्यक्तिको मकर राशिको शनि लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस निकै धनाढ्य तथा धनीहरूमा गनिने खालको र विशेष धनीको झैं रहन-सहन भएको, र धेरै धन पर्ने पोशाक लगाउने भएको र पिता स्थानबाट उन्नति पाउनेवाला र पिता स्थानलाई उन्नति दिनेवाला र निकै प्रभावशाली पिता पाउने भएको, ठूलो व्यापार गर्नेवाला, दाजुभाईको स्थानमा कमी र रूखो भाव पाउने भएको, समाजमा नाम र सम्मान पाउनेवाला, बढी आत्मबल भएको, बढी धन र उन्नतिका लागि अनेकानेक उपाय गर्ने भएको, दैनिक व्यापारमा केही अपठेरो अनुभव गर्नेवाला र गृहस्थीमा वैमनस्यता पाउने खालको भए पनि माननीय होला।

कु० नं० ११८७

११ ९
१२ १०श. ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको कुम्भ राशिको शनि लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस निकै धनवान् र धन संग्रह गर्ने भएको अनि धनको लागि प्राणपणले चेष्टा गर्ने, कुटुम्बको वृद्धि गर्ने, माताको पक्षमा न्यूनता वा दुर्बलता पाउने र भूमि-भवनको कमी पाउने, सुखस्थानमा हानि पाउने, बढी लाभ पाउनका लागि बढी प्रयत्न गर्ने भएको, जीवनको दिनचर्यामा केही अशान्ति अनुभव गर्ने भएको, पुरातत्त्वको स्थानमा वैमनस्यता पाउने खालको, आवश्यक पदार्थहरूलाई अरुचिकर पाउने भएको, शरीरमा केही बन्धन र घेराउ झैं अनुभव गर्ने र धनलाई नै परमतत्व मान्ने खालको होला।

कु० नं० ११८८

११श. ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको मीनराशिको शनि लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली तथा ठूलो पुरुषार्थी र धेरैं कठिन परिश्रम गर्ने भएको र दाजु-भाइ दिदी-बहिनी धेरै भएको र तिनीहरूबाट नै सुखमा न्यूनता पाउने तथा बुद्धिमा बढी बल दिनेवाला तथा सन्तानको लागि उन्नतिको सम्बन्धमा बढी शक्तिको प्रयोग गर्ने भएको र बुद्धि एवं वाणीद्वारा आत्मचिन्तन गर्ने खालको र बढी धन व्यय गर्नेवाला तथा खर्चमा कमी र क्लेश पाउनेवाला अनि पुरुषार्थ द्वारा धन कमाउनेवाला एवं धनको शक्ति पाउनका लागि बढी परिश्रम गर्नेवाला र धर्मको ध्यान राख्ने भएको र भाग्यको वृद्धि गर्ने र पाउनेवाला ईश्वरवादी होला।

कु० नं० ११८९

११ ९ १२ श. १० ८ १ ७ २ ४ ६ ३ ५

जुन व्यक्तिको मेषराशिको शनि लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुख स्थानमा कमी र अशान्ति पाउने भएको र माताको सम्बन्धमा पनि केही क्लेश र कमीको योग पाउने भएको र शरीरमा साधारण सौन्दर्य पाउने भएको र आत्माभित्र केही दुर्बलताको साथै आत्मबल पाउने भएको र शत्रु स्थानमा प्रभाव जमाउनेवाला र ठूलो व्यापार गर्ने भएको अनि पिता स्थानमा बड़प्पन पाउनेवाला र जन्म कालदेखि नै पितालाई वृद्धि पुऱ्याउने भएको र उन्नतिको लागि धेरै थरिका कर्म गर्नेवाला र भवन-भूमि र मातृभूमि स्थानमा केही कमी पाउनेवाला तथा उत्तम धारणावाला व्यक्ति होला।

कु० नं० ११९०

११ ९ १२ १० ८ १श. ७ २ ४ ६ ३ ५

जुन व्यक्तिको वृषराशिको शनि लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सौन्दर्य पाउनेवाला, बडो बुद्धिमान निकै बाठो र विद्यालाई प्राप्त गर्नेवाला तथा बुद्धिद्वारा धेरै धन कमाउने भएको र आफ्नू शरीर र बुद्धिको प्रभावले ठूला-ठूला बहुमूल्य लाभ पाउनेवाला तर व्यापार र आमदानीको स्थानमा केही आत्मशक्ति वा धनशक्ति द्वारा काम लिन जान्ने र बढी महत्वपूर्ण र अमूल्य कुराकानी गर्ने, स्त्री स्थानमा केही वैमनस्यताको साथसाथै विशेष सम्पर्क राख्ने भएको र बढी भोग खोज्नेवाला, व्यापारको उन्नतिमा निकै बर्ता ध्यान दिने भएको र सन्तान शक्तिको बहुमूल्य लाभ पाउने भएको अनि निकै चनाखो दिमागी शक्ति भएको व्यक्ति होला।

कु० नं० ११९१

११ ९ १२ १० ८ १ ७ २श. ४ ६ ३ ५

जुन व्यक्तिको मिथुनराशिको शनि लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली तथा शत्रुहरूमा विजय पाउने भएको अनि कुनै प्रकारले केही प्रभावयुक्त परतन्त्रता पाउनेवाला तथा मावली पक्षमा पनि केही प्रभाव जमाउने र जीवनको दिनचर्यामा केही स्वतन्त्रता र कष्ट-बाधा अनुभव गर्ने खालको तथा खर्चमा केही अपठेरो अनुभव गर्ने भएको र दाजु-भाइ दिदी-बहिनीको स्थानमा वैमनस्यता पाउनेवाला तथा बढी परिश्रम गर्ने भएको, प्रभावको उन्नतिका लागि निकै बलियो प्रयत्न गर्नेवाला तथा धन संग्रहको स्थानमा केही कमी पाउने खालको र शरीरको सौन्दर्यमा केही न्यूनता (कमी) पाउनेवाला, बडो सर्तक र होशियार खालको होला।

कु० नं० ११९२

११ ९ १२ १० ८ १ ७ २ ४ ६ ३श. ५

जुन व्यक्तिको कर्कराशिको शनि लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस व्यापारको पंक्तिमा बढी परिश्रम गर्ने भएको, स्त्री स्थानमा बर्ता आसक्ति राख्ने खालको तर गृहस्थीमा केही वैमनस्यता पाउने भएको र व्यापारमा केही कष्ट-बाधा पाउने भएको र लौकिक कार्यहरूमा निकै तत्परताले काम गर्ने भएको, तथा भाग्यवृद्धिको लागि निकै प्रयत्न गर्ने भएको, धर्म-कर्ममा बढी श्रद्धा राख्ने खालको र मातृपक्षमा बढी न्यूनता (कमी) को योग पाउने भएको तथा सुख-शान्तिमा बाधा पाउने भएको, भूमि-भवन आदिको न्यूनता पाउने खालको र शरीरमा सुन्दरता र कोमलता पाउने खालको अनि बढी धन कमाउने खालको व्यक्ति होला।

कु० नं० ११९३

११ ९ १२ १० ८ १ ७ २ ४श. ६ ३ ५

जुन व्यक्तिको सिंहराशिको शनि लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस विदेश आदिमा बस्ने भएको तथा शरीरमा कष्ट सहने खालको र पिताको वृद्धि गर्ने भएको, धनको हानि गर्ने खालको र अनेक गूढ युक्तिहरूद्वारा ठूला काम गर्नेवाला, उन्नतिका लागि ठूला-ठूला प्रयत्न र परिश्रम गर्ने भएको अनि बुद्धिमा बर्ता बल दिने खालको, सन्तान शक्ति पाउनेवाला, विद्या ग्रहण गर्ने भएको र निकै पेचीदा (बाङ्गा-घुमाउरा) काट-छाँटका कुराहरू गर्ने खालको र केही परतन्त्रता पाउने भएको, सदैव कर्मयुक्त उन्नतिको विशेष ध्यान राख्ने अनि लामू आयु पाउने भएको, धन संग्रहमा कष्ट-बाधा पाउने खालको, बढी परिश्रमी, मान-सम्मान प्राप्त गर्नेवाला र मुख पछाडि राम्रा-नराम्रा गरेका सबै थाहा पाउनेवाला, गूढ चाल-चल्न जान्ने होला।

कु० नं० ११९४

११ ९ १२ १० ८ १ ७ २ ४ ६ ३ ५श.

जुन व्यक्तिको कन्याराशिको शनि लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस निकै भाग्यमानी तथा धर्मवान् पुण्यात्मा र राम्रो शरीर पाउने भएको र बढी लाभ पाउनका लागि बढी ध्यान लगाउने भएको, बडो भाग्यवान् झैं देखिने भएको अनि आमदानीको स्थानमा केही वैमनस्यता पाउने भएको अनि शत्रुहरू र विपक्षीहरूमा राम्रो प्रभाव पार्न जान्ने भएको, निकै प्रभावशाली र रोग दोषमा काबू पाउनेवाला तथा ईश्वरमा विश्वास राख्नेवाला, दाजु-भाइ दिदी-बहिनीको स्थानमा कटुता पाउने तथा पुरुषार्थमा केही कमी पाउने र धर्म एवं भाग्यको तागतले धन कमाउने कुटुम्बवाला, सज्जन स्वभावको होला।

कु० नं० ११९५

११ ९
१२ १० ८
१ ७
२ ४ ६श.
३ ५

जुन व्यक्तिको तुला राशिको शनि लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो व्यापार धनको शक्तिले गर्ने भएको र दिव्य देहवाला, निकै प्रभावशाली तथा राजस्थानमा मान पाउने भएको र पिता स्थानमा उन्नति पाउने खालको र मातृस्थानमा कमी पाउनेवाला, सुखका साधनहरूमा केही न्यूनता पाउने भएको, स्त्री पक्षमा केही वैमनस्यता र संयोग पाउनेवाला, व्यापारको श्रेणीमा केही दैनिक घेराउ झैं केही कष्ट-बाधा पाउनेवाला र भोग वैभव पाउने तथा खर्चमा थिच्न (टार्न) खोज्ने र अधिकताको योग पाउनेवाला र उच्च भावना वा उच्च कर्मवाला होला।

कु० नं० ११९६

११ ९
१२ १० ८
१ ७श.
२ ४ ६
३ ५

जुन व्यक्तिको वृश्चिक राशिको शनि लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै धन कमाउने भएको र प्रसस्त कीर्ति पाउनेवाला र धन लाभको उन्नति गर्ने, अनेक काममा लागि रहने खालको तथा आत्मबल र देह बलको शक्ति पाउने भएको, राम्रो शरीर भएको, धन र शरीरको तागतले आमदानी दरिलो तुल्याउने र विद्या बुद्धिमा उन्नति पाउने तथा सन्तान शक्ति पाउने भएको र जीवनको दिनचर्यामा अशान्ति अनुभव गर्ने खालको अनि निकै गहकिलो कुराहरू भन्ने तथा स्वार्थयुक्त रहने भएको तथा पुरातत्त्वको सम्बन्धमा केही विरोध पाउने र उच्च विचारको व्यक्ति होला।

कु० नं० ११९७

११ ९
१२ १० ८श.
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको धनुराशिको शनि लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस धेरै धन खर्च गर्ने भएको र अन्यान्य स्थानहरूमा गइरहने खालको तथा हृदयमा बढी अशान्ति पाउनेवाला, शरीरमा दुर्बलता पाउने र अन्य स्थानहरूको योगद्वारा धन प्राप्त गर्ने भएको तथा धनवृद्धिका लागि अनेकानेक कठोर कष्टहरू सहने खालको र भाग्य-वृद्धि गर्ने भएको, धर्मलाई मान्ने र यश प्राप्त गर्ने खालको अनि शत्रु स्थानमा मित्रताको प्रभाव राख्न सक्ने भएको, भ्रमणकारी बानी परेको र खर्चको अधिकताले कष्ट अनुभव गर्ने भएको तथा कोमल हृदय भएको व्यक्ति होला।

कु० नं० ११९८

११ ९श.
१२ १० ८
१ ७
२ ४ ६
३ ५

मकर लग्नान्तर - राहुफलम्

जुन व्यक्तिको मकर राशिको राहु लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस शरीरमा केही मादक वस्तु र मनमा अत्यास सहने, अनि शरीरमा केही न्यूनता अनुभव गर्नेवाला र निकै ठूलो चातुर्य र गुप्त शक्तिहरूद्वारा उन्नतिको बाटो समाउने भएको, आफू भित्र महान् शक्ति प्राप्त गर्ने चेष्टामा लागिरहने भएको अनि सदाको लागि निर्भय हुने मार्ग खोज्ने भए तापनि आफू भित्र केही अपूर्ण भए झैं ठान्ने, केर्ह। कष्ट-बाधा सहन गरेपछि केही दरिलो बाटो पैल्याउने खालको अनि स्वार्थ सिद्ध गर्नका लागि सत्य असत्यको कुनै वास्ता नगरेर ठूलो सज्जनताको किसिमले काम सिद्ध पार्न जान्ने भएको निकै होशियार र बाठो व्यक्ति होला।

कु० नं० ११९९

११ ९
१२ १०रा. ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको कुम्भराशिको राहु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन स्थानमा केही हानि पाउने र धनको वृद्धि गर्नका लागि सदैव चिन्तित रहने खालको तथा धनसंग्रहका लागि ठूला-ठूला र अत्यन्त कठिन कार्य गर्ने भएको, धनका लागि कहिले काहीं ठूलो विपत्तिमा पर्न पुग्नेवाला र कुटुम्बमा विग्रह पाउने भएको र स्वजनमा केही न्यूनता पाउने भएको, धन प्राप्तिका निमित्त केही गुप्त शक्तिको प्रयोग गर्न जान्नेवाला र निकै बर्ता चातुर्यसित आफू सोझो बनेर दृढतापूर्वक हिम्मत-साहस सहित इच्छित लक्ष्य पाउनेवाला, अन्त्यमा कुनै बलियो शक्ति पाउने खालको व्यक्ति होला।

कु० नं० १२००

११रा. ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको मीनराशिको राहु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली तथा ठूलो साहसले काम सिद्ध पार्नेवाला, दाजु-भाइको स्थानमा हानि वा क्लेशको योग पाउने भएको, आफ्नू पुरुषार्थको बलमा नाजायज धन कमाउने भएको तथा सधैं आफूलाई विजयी राख्ने मार्ग बनाउने खालको र आफ्नू साहस शक्तिमा कहिले काहीं आघात सहनेवाला र आफ्नू प्रभाव वृद्धि गर्नका लागि निकै ठूलो गुप्त युक्तिहरूको प्रयोग गर्ने भएको र आफ्नू पुरुषार्थ कार्यमा सज्जनता दर्शाएर आफ्नू चातुर्यहरूले काम सिद्ध पार्ने खालको अनि बर्ता होशियार र सावधान रहने शक्तिवाला, जोसिलो र तेजिलो व्यक्ति होला।

कु० नं० १२०१

११ ९
१२ रा. १० ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको मेष राशिको राहु लग्नबाट चौथो स्थानमा छ भनै त्यो मानिस माताको कष्ट सहनेवाला र मातृस्थानको वियोग पाउने भएको, भूमि-भवन अर्थात् निवास स्थानमा केही न्यूनता पाउने खालको अनि सुखका साधनहरूमा कमी पाउने भएको, आमोद-प्रमोदको पनि अभाव पाउनेवाला अनि सुख-शान्तिमा कहिले काहीं निकै गहीरो आघात सहनै परे पनि सुखको दृढता पाउनका लागि निकै गहीरो आघात सहनै परे पनि सुखको दृढता पाउनका लगि निकै ठूलो युक्तिपूर्ण कर्म गर्ने भएको, गुप्त शक्तिको सहयोग पाउने भएको र सुखका अपूर्ण वातावरणबाट पनि केही सुखको दरीलो हाँगो पाउनेवाला र अन्यान्यको सुखबाट पनि सुखको लाभ थोरै परिश्रमले पाउने खालको, तथा सुखको पूर्ण बलियो हाँगो समाउन खोज्ने खालको व्यक्ति होला।

कु० नं० १२०२

११ ९
१२ १० ८
१रा. ७
२ ४ ६
३ ५

जुन व्यक्तिको वृषराशिको राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षबाट कष्ट पाउने खालको, विद्यामा केही न्यूनता पाउने

कु० नं० १२०३

११ ९
१२ १० ८
१ ७
२रा. ४ ६
३ ५

भएको र विद्याको आन्तरिक तत्त्वलाई ग्रहण गर्ने भएको, जुन विद्याको बलद्वारा स्थाई लाभ प्राप्त हुन सक्दछ भने त्यसलाई पाउनेवाला किन्तु विद्या बुद्धिको शक्तिमा केही अपूर्णताको योग पाउनाले कहिले काहीं निकै दुःखको अनुभव गर्ने भएको र केही थोरै नशा खोज्ने भएको र कुरा-कानी भित्र र बोल-चालमा निकै स्वच्छता देखाउन जान्ने भएको अनि केही रूखो भावले र बडो चातुर्यले बोल्न जान्ने र झूठो र सत्यको विचार नराखेर केवल स्वार्थ सिद्ध गर्ने तथा आफ्नू कुरालाई उचित ठहराउने खालको व्यक्ति होला।

जुन व्यक्तिको मिथुन राशिको राहु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो प्रभावशाली तथा शत्रुको दमन गर्न सक्ने भएको र महान्

कु० नं० १२०४

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३रा. ५

विजय प्राप्त गर्ने खालको अनि महान् विवेक र चातुर्यद्वारा कूटनीतिको चाल चलेर उन्नतिमा पुग्न सक्ने भएको र हुल्याहा तथा लापरवाहीसित इच्छा पूरा गर्ने खालको र अनेकानेक ठूला कष्ट-बाधाको पनि वास्ता नगर्ने र महान् स्वार्थसिद्धि गर्नका लागि निकै ठूलो दृढताले काम पूरा गर्ने भएको र शील एवं सन्तोषको उल्लंघन गर्ने खालको तथा निर्भय रहने र तेजिलो, दरो होला।

जुन व्यक्तिको कर्क राशिको राहु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री–स्थानमा ठूलो हानिको योग पाउने भएको अथवा स्त्रीपक्षबाट केही कष्ट र क्लेश पाउनेवाला, व्यापारको परिधिमा निकै कण्टक बोक्नेवाला, अनि व्यापारमा हानि पाउने भएको, व्यापारको सीमित परिधिमा केही बढी फाइदा प्राप्त गर्ने प्रयत्न गर्ने खालको, गृहस्थीको सम्बन्धमा मानसिक चिन्ताहरूको साथै कष्ट भोग्ने खालको अनि भोगादिक पक्षमा केही अव्यवस्थित भएर केही अनधिकार लाभ पाउने चेष्टा गर्ने भएको र चंचल चित्तको व्यक्ति होला।

कु० नं० १२०५

११		९
१२	१०	८
१		७
२	४रा.	६
३		५

जुन व्यक्तिको सिंहराशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस नाभि मुन्तिर पेटको भित्र बिमारी र कष्ट-बाधा पाउने भएको, जीवनको दिनचर्यामा क्लेश अनुभव गर्ने खालको र आयुमाथि अनेक आघात सहने र आयुमा दुर्बलता अनुभव गर्नेवाला, पैत्रिक धन र पुरातत्वको हानि सहने भएको र गुप्त एवं गहीरो चाल चलेर कठिन रीतिले दृढता साथ काम सपार्ने र शील सन्तोष नाघ्ने तथा निर्भय र तेजिलो व्यक्ति होला। धनको वृद्धिका लागि अनेकानेक युक्तिहरू प्रयोग गर्ने र जीवन निर्वाहका लागि केही कठोर श्रमद्वारा शक्ति पाउने होला।

कु० नं० १२०६

११		९
१२	१०	८
१		७
२	४	६
३		५रा.

जुन व्यक्तिको कन्याराशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यको सम्बन्धमा चिन्ताग्रस्त रहने भएको तथा

कु० नं० १२०७

११ ९
१२ १० ८
१ ७
२ ४ ६रा.
३ ५

भाग्योन्नतिका लागि ठूला-ठूला युक्तिहरू द्वारा काम सिद्ध पार्ने र भाग्यमाथि कहिले काहीं कुनै ठूलो धक्का पनि सहनेवाला तथा भाग्यको उन्नतिका निम्ति निकै साहसले खतरा बोकेर र परिश्रम सहेर काम गर्ने भएको अनि धर्मको यथार्थतामा केही न्यूनता पाउने भएको तथा बाहिरी धर्मको राम्रो पालन गर्नेवाला, भाग्यलाई दरिलो पार्न कुनै न कुनै काइदाले केही न केही प्राप्त नगरी नछाड्ने खालको तथा निकै चतुरो होला।

जुन व्यक्तिको तुला राशिको राहु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानमा केही अशान्ति र न्यूनताको योग पाउने भएको

कु० नं० १२०८

११ ९
१२ १० ८
१ ७रा.
२ ४ ६
३ ५

तथा व्यापारादि उन्नतिका स्थानमा केही बाधाहरू पाउनेवाला तर व्यापारिक कार्यहरूमा निकै ठूलो गुप्त योजनाहरूलाई निकै सतर्कतासाथ प्रयोग गर्न जान्ने भएको र निकै परिश्रमको मार्गबाट झ्याउलोका साथै उन्नतिको बाटो भेट्टाउने भएको र राज-स्थानसित सम्बन्धित कार्यहरूमा केही कष्ट-बाधा सहेर काम सिद्ध पार्नेवाला र आफ्नू प्रभाव कायम राख्नका लागि ठूला-ठूला चातुर्यद्वारा र होशियारीले काम गर्न जान्नेवाला तथा आफ्नू इज्जतलाई दरो पार्न बढी ध्यान र उपाय गरिरहने खालको होला।

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस बढी लाभ पाउने भएको तथा निकै बर्ता धन प्राप्त गर्नका लागि बढी लाभ पाउने भएको तथा निकै बर्ता धन प्राप्त गर्नका लागि बढी प्रयत्न गर्ने भएको तथा धनको प्राप्तिमा सन्तोष नमान्ने भएको बरु धन प्राप्तिको सम्बन्धमा अनधिकार चेष्टा गर्ने भएको र सित्तैंको धन लिन खोज्ने तथा प्राप्त गर्ने र धनको स्थिर आमदानी पाउनका लागि निकै गूढ प्रयत्न गरेर केही न केही दरीलो खालको हाँगा प्राप्त गरिछाड्नेवाला र आमदानीको स्थानको बाटोमा कहिले काहीं कष्ट-बाधा पनि आइलाग्ने खालको र आफ्नू स्वार्थसिद्धिमा निकै दृढताले काम लिन जान्ने खालको होला।

कु० नं० १२०९

११ ९
१२ १० ८रा.
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको धनुराशिको राहु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस खर्चको सम्बन्धमा अनेक कष्ट-झ्याउला र विघ्न-बाधा सहने भएको र अनावश्यक खर्चले काम चलाउन जान्ने भएको र खर्च संचालन शक्तिलाई केही लुकेको गुप्त र दुर्बल क्रियाहरू द्वारा प्राप्त गर्ने खालको तथा अन्य स्थानको सम्बन्धमा केही क्लेशित हुने भएको र गलत र अप्रशंसनीय मार्गबाट पनि खर्च गर्ने भएको र खर्च स्थानको योजनाहरूमा केही कंजूसी पनि प्राप्त गर्नेवाला र खर्च स्थानमा केही बदनामी र संकटहरूको पनि झ्याउलो आइलाग्ला अनि बर्ता बांगा युक्तिहरूबाट काम सिद्ध पार्न जान्ने खालको होला।

कु० नं० १२१०

११ ९रा.
१२ १० ८
१ ७
२ ४ ६
३ ५

मकर लग्नान्तर - केतुफलम्

जुन व्यक्तिको मकरराशिको केतु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस निकै बर्ता हठगर्ने अर्थात् हठ्योगद्वारा काम गर्ने खालको र निर्भयता प्राप्त गर्ने भएको र शरीरमा केही न्यूनता र घाउ आदिको योग पाउने भएको र शरीरमा केही कष्ट-बाधा पनि सहने खालको तर देहमा केही आन्तरिक दृढता पाउने भएको र आफूलाई विख्यात पार्नका लागि दुर्नामको पनि वास्ता नगर्ने भएको, विपत्तिहरूको पनि केही वास्ता नगर्ने खालको, शरीरमा बढी काम-वासना राख्नेवाला, लौकिक उन्नतिका लागि गुप्त-शक्तिले काम सिद्ध पार्न जान्ने भएको र अनुहारको सौन्दर्यको न्यूनताको कष्ट अनुभव गर्नेवाला, स्वार्थयुक्त साहसी व्यक्ति होला।

कु० नं० १२११

११ ९
१२ १०के. ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको कुम्भराशिको केतु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको पक्षमा केही कमी पाउनेवाला तथा धन वृद्धिका लागि निकै ठूलो हठधर्मीद्वारा काम बनाउनेवाला, धनको आन्तरिक दृढतालाई स्थाईरूपमा पार्नका लागि निकै कठिन प्रयत्न गर्ने भएको तथा अनेक जोखिम सहने खालको र धनस्थानमा कहिले काहीं निकै ठूलो संकट सहनु परेको भए पनि साहस र गुप्त शक्तिको बलले संकट सहनु परेको भए पनि साहस र गुप्त शक्तिको संकट बाट निस्कन सक्नेवाला र धनको अलिकति भए पनि स्थाई शक्ति भेट्टाउने भएको अनि कुटुम्बमा क्लेश र दुर्बलताको योग पाउनेवाला र अप्रत्यक्ष रूपले लाभ कमाइसकेपछि प्रत्यक्ष देखापर्ने खालको होला।

कु० नं० १२१२

११के. ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै ठूलो पुरुषार्थी तथा धेरै बर्ता परिश्रम गर्नेवाला र धेरै ठूलो साहसबाट काम गर्ने भएको, दाजु-भाइ दिदी-बहिनीको हानि पाउनेवाला तथा महान् कठिनभन्दा कठिन कार्यलाई सफल गर्नका लागि बहादुरीका साथै अगाडि बढ्नेवाला र ठूला-ठूला असफलताहरूको झ्याउलो पाउनेवाला किन्तु आन्तरिक धैर्यको दृढता भेट्टाउने खालको, निकै बांगा युक्तिहरू द्वारा आंशिक रूपमा स्थिर शक्तिलाई पाउने भएको र आफ्ना भुजाहरूका बलमा भर मान्ने खालको किन्तु आफ्नू शक्तिभित्र केही गुप्त न्यूनता अनुभव गर्ने भएको साहसी व्यक्ति होला।

कु० नं० १२१३

११ ९ १२ के. १० ८ १ ७ २ ४ ६ ३ ५

जुन व्यक्तिको मेष राशिको केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृपक्षमा अर्थात् आमाको सुखमा कमी पाउने भएको, मातृभूमिबाट बिछोडको योग पाउने खालको सुख प्राप्तिका साधनहरूको न्यूनता र अशान्ति पाउनेवाला तथा धेरै थरिका दुःखहरू भोग्ने खालको भए पनि दुःखहरूको बाटामा निकै धैर्यले काम लिन जान्ने, भूमि-भवन र निवासस्थानमा पनि केही कमी र कष्टको योग पाउनेवाला, सुखको सम्बन्धमा स्थाई स्थिरशक्ति प्राप्ति गर्नका लागि निकै बढी साहस र गुप्त चातुर्यहरू द्वारा काम सिद्ध पार्न जान्ने, केही बलियो सफलता पाउने खालको होला।

कु० नं० १२१४

११ ९ १२ १० ८ १ के. ७ २ ४ ६ ३ ५

जुन व्यक्तिको वृषराशिको केतु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस आफ्नू स्थिर बुद्धिद्वारा र आन्तरिक ज्ञानले काम गर्नेवाला र विद्या ग्रहण गर्नमा अनेक कष्ट-बाधा पाउने भएको तर निकै धैर्यसाथ विद्या ग्रहण गर्ने भएको र विद्याको सम्बन्धमा केही कमी वा असफलताहरूको झ्याउलो पाएर पनि केही दृढतालाई प्राप्त गरिलिनेवाला, कुराकानी वा बोलचालमा केही स्वच्छता र सुन्दरताको कमी पाउनेवाला, सन्तान पक्षमा केही कष्ट सहन गर्नेवाला, दिमाग भित्र केही अशान्तिको योग पाउने खालको, सत्य असत्यको वास्ता नगरेर गुप्त युक्तिहरूले काम बनाउन जान्ने होला।

कु० नं० १२१५

११ ९
१२ १० ८
१ ७
२के. ४ ६
३ ५

जुन व्यक्तिको मिथुन राशिको केतु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस मावली पक्षमा हानि पाउने भएको, शत्रु पक्षबाट क्लेशित भएर शत्रुलाई भेद युक्तिले गुप्त रीतिले हानि पुऱ्याउने खालको, अत्यन्त गुप्त बांगा उपायहरूले प्रभाव पाउने भएको, अनि आफ्नू युक्तिबल र शक्तिलाई उल्टो किसिमले प्रयोग गर्नाले समाजमा निन्दा पनि पाउने भएको, आफ्नू स्वार्थसिद्धि गर्नका लागि कुनै पनि जाति-नजातिको वास्ता नगर्ने खालको, तल्लो श्रेणीको चालले रोग र विपत्तिहरूलाई निमन्त्रण दिने भएको, निकै युक्ति जान्ने भएको अनि नडराउने साहसी होला।

कु० नं० १२१६

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३के. ५

जुन व्यक्तिको कर्कराशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा ठूलो कण्टक र हानि पाउनेवाला र गृहस्थीका झ्याउलाबाट कष्ट-बाधा अनुभव गर्ने भएको र व्यापारको श्रेणीमा ठूला-ठूला विफलताहरू र हानिहरू पाउने, अनि इन्द्रियको भोगादि पक्षमा धेरै कमी वा खराबीहरू पाउने भएको अर्थात् अनेक झंझट खप्नेवाला भए पनि निकै दरिलो हिसाबले काम चलाउने भएको र व्यापारलाई साना-ठूला कष्ट-बाधा सहँदै रहेर पनि निराशामा आशालाई समाउने भएको, गुप्त हिम्मतको शक्तिले काम गर्नेवाला र मानसिक आघात सहेर पनि कुनै बलियो लाइनको मुख्य आन्तरिक फाइदा पाउने खालको होला।

कु० नं० १२१७

११ ९
१२ १० ८
१ ७
२ ४के. ६
३ ५

जुन व्यक्तिको सिंह राशिको केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस नाभिको तल पेट भित्र कुनै खराबी वा कष्ट सहने भएको, जीवनको दिनचर्यामा अनेक झ्याउला पाउनेवाला र आयुको माथि ठूला-ठूला विपत्तिहरू सहने खालको, पुरातत्त्वको संचित शक्तिबाट हानि पाउने अनि आयुको भविष्यसम्बन्धी विचारहरूका कारणहरूबाट चिन्ताको योग पाउने खालको र गुप्तभन्दा पनि गुप्त डरलाग्दो शक्ति धारण गर्ने भएको र जीवनकालमा केही स्थाई भर-थेग पाउनको लागि ठूला-ठूला कठिन परिश्रम सहेर पनि प्रभावशाली कठोर शक्तिलाई प्राप्त गर्ने भएको र आउने जाने वा यात्राको सम्बन्धमा अनेक कष्ट अनुभव गर्ने खालको होला।

कु० नं० १२१८

११ ९
१२ १० ८
१ ७
२ ४ ६
३ ५के.

जुन व्यक्तिको कन्याराशिको केतु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्य स्थानमा केही कष्ट-बाधा सहने खालको र धर्मको पालन गर्नमा केही आन्तरिक दुर्बलता पाउनेवाला तथा धर्मको बाहिरी अंगमा केही दृढता राख्नेवाला र भाग्यको दृढताका लागि अनेक कठिन प्रयत्न गर्ने भएको तथा भाग्योदय कालमा ढीलो पाउने भएको र केही पनि नजान्ने र गुप्त शक्तिको बलले धैर्यपूर्वक भाग्यको मजबूती सम्बन्धी स्थिर साधन पाउनेवाला र केही वास्तविक सुयश वा न्यूनता पाउने भएको, धर्मको स्थानमा स्वार्थयुक्त भएर पालन गर्नमा श्रद्धा राख्ने खालको अर्थात् पूर्ण धर्म वा ठीक पालन गर्न नसक्ने खालको होला।

कु० नं० १२१९

११ ९
१२ १० ८
१ ७
२ ४ ६के.
३ ५

जुन व्यक्तिको तुला राशिको केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता-स्थानमा केही कण्टक पाउनेवाला र पिताको अधूरो सुख प्राप्त गर्नेवाला, व्यापारादि कारबारमा अनेक कष्ट-बाधा सहने भएको र व्यापारको उन्नतिका लागि ठूला-ठूला कठिन प्रयास र परिश्रम गर्ने भएको, अनि अनेक गुप्त युक्तिहरूलाई महान् चातुर्यद्वारा कार्यरूपमा परिणत गर्ने अर्थात् उन्नति पाउनेवाला र उन्नतिको मार्गमा अनेक असफलताहरू आइलागे पनि आफ्नू ठूलो हिम्मतले काम गर्ने भएको र अन्धविश्वास तथा धैर्यको शक्तिले अगाडि बढ्दै रहने खालको अनि राज-सम्बन्धमा केही बाधा-तगारो परे पनि शक्तिद्वारा काम सिद्ध पार्ने खालको होला।

कु० नं० १२२०

११ ९
१२ १० ८
१ ७के.
२ ४ ६
३ ५

जुन व्यक्तिको वृश्चिक राशिको केतु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै लाभ पाउने भएको र धन प्राप्तिका लागि ठूला-ठूला कठिन कार्य पनि साहसका साथ गर्ने भएको अनि सित्तैंको झैं धन पनि प्राप्त गर्ने खालको र सित्तैंको धन प्राप्त गर्नका लागि निकै बढी उद्योग पनि गर्दै रहने भएको, प्रत्येक मामलामा वित्तभन्दा बढी नाफा पाउने चेष्टा गर्नेवाला र अधिक धन प्राप्त गर्नका लागि अनेक गुप्त युक्तिहरूको प्रयोग गर्न जान्ने भएको र चाहिने जति आमदानीले पनि सन्तुष्ट नरहने खालको र आमदानीलाई स्थिर र बलियो केही न केही प्राप्त गरेर छाड्ने खालको अनि सदैव स्वार्थको नै चिन्तन गरिरहने व्यक्ति होला।

कु० नं० १२२१

११ ९
१२ १० ८के.
१ ७
२ ४ ६
३ ५

जुन व्यक्तिको धनुराशिको केतु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस विचारै नगरेर बढी धन व्यय गर्ने खालको र बाहिरी स्थानबाट सम्बन्धित महान् शक्तिलाई प्राप्त गर्ने भएको र खर्चको निकै बलियो शक्ति पाउने खालको र निकै बर्ता साहस र बलद्वारा खर्चको संचालन क्रियालाई गर्दै रहने खालको र खर्चको महान् वेगलाई रोक्न नसक्ने भएको र बाहिरी व्यक्तिहरूको सम्पर्कमा निकै बढी साहस र अन्धविश्वासबाट काम सिद्ध पार्न जान्ने खालको तथा प्रभाव बर्ता भएको, धेरै ठूलो गुप्त शक्तिको बलले र युक्तिहरूद्वारा खर्चको शक्ति र बाहिरी सम्पर्कको स्थिरतालाई प्राप्त गर्न सक्ने खालको होला।

कु० नं० १२२२

११ ९के.
१२ १० ८
१ ७
२ ४ ६
३ ५

कुम्भलग्न हुनेको-भविष्यका तारीखहरू

सन् १९९६ को वर्षमा - गुरु नीच भएर बाह्रौं रहने छन्, यसैनिम्ति धनको पक्षमा दुर्बलता रहने छ। ता० ७/१/९६ बाट भाग्य र लाभ राम्रो रहनेछ, धनको सफलता रहनेछ। ता० १५/७/९६ देखि उन्नतिमा बाधा रहला। ता० ३/९/९६ बाट उन्नति र सफलता रहला। ता० १७/१०/९६ बाट १५/११/९६ सम्ममा भाग्यमा केही कष्ट-बाधा रहला। ता० १६/११/९६ बाट ता० ३१/१२/९६ सम्म धन लाभको सफलता मिल्दै रहला।

कु० नं० १२२३

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६

कु० नं० १२२४

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६

सन् १९९७ को वर्षमा - ता० २/१/९७ देखि लाभ रहने छ। ता० १५/१/९७ बाट खर्च बढ्ने छ। ता० ९/२/९७ बाट भाग्यको उत्तम समय चल्न सक्दछन। उन्नति रहने छ। ता० २०/८/९७ देखि केही कष्ट-बाधा रहला। ता०३/९/९७ बाट भाग्यको उत्तम समय चल्नेछ। ता० २५/९/९७ बाट खर्च बढी हुनेछ। ता० १६/११/९७ देखि ता० १३/१२/९७ सम्ममा भाग्योन्नतिको अत्यन्त श्रेष्ठ समय रहने छ। मान-प्रभाव बढ्ला।

कुम्भ लग्नमा–सुनौला तारीखहरू

कु० नं० १२२५

सन् १९९८ को वर्षमा- ता० १/१/९८ बाट समय उत्तम रहने छ। ता० १५/१/९८ बाट लाभ-हानि समान चल्नेछन्। ता० १३/२/९८ बाट समय उत्तम चल्नेछ। ता० २६/२/९८ बाट उन्नतिमा केही कमी आउला। ता० २४/७/९८ देखि समय केही दुर्बल रहने छ। ता० २५/८/९८ देखि समय सप्रन्दै जानेछ। ता० १२/९/९८बाट भाग्य अलि कमजोर रहला। ता० ६/१०/९८ देखि ता० ३०/१२/९८ सम्ममा प्रायः लाभको सफलता रहने छ।

कु० नं० १२२६

सन् १९९९ को वर्षमा - ता० ११/१/९९देखि समय बढी खर्चको भए पनि भाग्यको सफलता रहने छ। ता० १२/३/९९ बाट भाग्योदयको उत्तम समय आरम्भ हुनेछ। ता० १३/५/९९ देखि ता० १/९/९९ सम्ममा भाग्यको सफलता बनिरहला त्यसपछि केही दुर्बलता आउला। ता० १९/११/९९ देखि त० ३०/१२/९९ सम्ममा प्रायः समय भाग्योन्नति तर्फ रहने छ।

कुम्भलग्नमा–सुनौला तारीखहरू

सन् २००० को वर्षमा - ता० १/१/२००० देखि समय लाभदायक रहने छ, धनागम होला ता० ३०/१/२००० देखि भाग्य अलि न्यून र खर्च बढी रहने छ। ता० २३/२/२००० बाट फेरि भाग्यको सफलता प्रबल रहने छ। ता० २४/७/२००० बाट भाग्य कमजोर चल्ने छ। ता० २५/७/२००० बाट गृहस्थी र व्यापारमा निकै सफलता रहने छ। ता० १३/८/२००० बाट फेरि भाग्यको न्यूनता देखापर्ला। ता० ९/९/२००० बाट भाग्य सप्रन्दै जानेछ। ता० २४/१२/२००० सम्म विशेष लाभको सफलता रहला।

कु० नं० १२२७

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६

कु० नं० १२२८

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६

सन् २००१ को वर्षमा - ता० ५/२/२००१बाट समय केही राम्रो रहने छ। ता० १४/२/२००१ बाट भाग्यमा आंशिक दुर्बलता आउने छ, खर्च बढी भएर चिन्ता पर्नसक्तछ। ता० १५/४/२००१बाट भाग्योदय हुनेछ, मान-सम्मान र प्रभाव बढ्ला। ता० ९/८/२००१ देखि फेरि भाग्यको न्यूनता देखापर्ला। ता० ३/९/२००१ बाट केही धनको सफलता रहला। ता० २३/१०/२००१ बाट धन-मानको सफलता रहला। ता० २८/१२/२००१ सम्म धन-मानको उन्नति बनिरहने छ।

कुम्भ लग्नमा–सुनौला तारीखहरू

सन् २००२ को वर्षमा - ता० १/१/२००२ बाट समय लाभदायक रहला। ता० १५/१/२००२ बाट व्यय-भार बढ्ने छ। ता० २१/२/२००२ बाट समय उन्नतिदायक रहला। ता० २६/३/२००२ बाट बुद्धि र सन्तान पक्षबाट शक्ति प्राप्त होला, सुखका साधन-बढ्नन्। ता० १६/५/२००२ बाट भाग्योदयको मार्गमा झ्याउलो र कष्ट रहला। ता० ६/७/२००२ बाट गृहस्थी र व्यापारमा सुख, सफलता बढ्ने छ। ता० १७/९/२००२बाट भाग्य र गृहस्थीमा अपठेरो आइलाग्ला। ता० १/१२/२००२ देखि ३१/१२/२००२ सम्ममा भाग्योदय र सन्तान-सुख रहला।

कु० नं० १२२९

१२ १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

सन् २००३ को वर्षमा - ता० ३/१/२००३ बाट भाग्यको राम्रो उन्नति रहने छ र आय-व्यय दुवै बढ्नेछ। ता० २०/३/२००३ बाट मान-सम्मान र प्रभाव बढ्ला, मन शान्त। ता० ९/७/२००३ बाट भाग्य केही विपरीत होला। ता० ४/८/२००३ देखि भाग्य सप्रन्दै जाला। ता० २८/८/२००३ बाट भाग्यको प्रबलता घट्ला। ता० २०/९/२००३ बाट भाग्योदयमा बाधा पर्ला। ता० १९/१०/२००३ बाट गृहस्थीको प्रपंच बढ्ला। ता० १६/११/२००३ बाट धनागममा बाधासहित केही सफलता मिल्ला। ता० ३/१२/२००३ देखि २९/१२/२००३ सम्म खर्च बढी रहने छ।

कु० नं० १२३०

१२ १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

कुम्भ लग्न हुनेहरूको लागि-सुनौला तारीखहरू

सन् २००४ को वर्षमा - ता० १/१/२००४ देखि समय लाभदायक रहने छ। ता० १४/१/२००४ देखि समय बढी खर्चको रहने छ। ता० १३/२/२००४ देखि समय सप्रन्दै जानेछ। ता० १४/४/२००४ देखि भाग्यमा न्यूनता आउला। ता० १३/६/२००४ देखि भाग्योन्नति रहने छ। ता० २/८/२००४ बाट फेरि भाग्योन्नतिमा बाधा आउला। ता० १८/९/२००४ बाट समय सप्रन्दै जाला। ता० १९/१०/२००४ देखि मनमा अशान्ति बढ्ने छ। ता० १६/११/२००४ देखि ता० ३१/१२/२००४ सम्म भाग्यको उत्तम उन्नति रहने छ।

कु० नं० १२३१

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६

सन् २००५ को वर्षमा - ता० १/१/२००५ मा समय सामान्य ठीक रहला। ता० १४/१/२००५ बाट समय हानिकारक रहने छ। ता० १/३/२००५ बाट समय भाग्यको सफलताको रहने छ। ता० ३०/३/२००५ सम्म समय उत्तम रहने छ। ता० २३/४/२००५ देखि साहस शक्ति बढ्ने छ, भाग्यमा सपलता रहला। ता० १६/५/२००५ देखि भाग्योन्नति रहला। ता० ६/७/२००५ देखि व्यापार सफल रहने छ। ता० २/८/२००५ बाट भाग्यमा झ्याउलो आउला। ता० ३/९/२००५ देखि समय उत्तम रहने छ। ता० १७/९/२००५ बाट भाग्य विपरीत रहने छ। ता० १४/११/२००५ देखि ता० २८/१२/२००५ सम्म भाग्योन्नति रहने छ।

कु० नं० १२३२

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६

कुम्भ लग्न हुनेहरूको लागि-सुनौला तारीखहरू

सन् २००६ को वर्षमा - ता० ३/१/२००६ बाट समय दुर्बल रहनेछ।

कु० नं० १२३३

ता० २३/३/२००६ बाट भाग्यमा आंशिक सफलता रहने छ। ता० ११/५/२००६ बाट व्यापार र भाग्यमा विशेष सफलता मिल्नेछ। ता० ११/७/२००६ बाट भाग्यले विपरीत फल देला। ता० २९/८/२००६ बाट फेरि भाग्यमा सफलता मिल्ला। ता० ३०/१२/२००६सम्ममा प्रायः भाग्यमा सफलता बनिरहला, मान-सम्मान र प्रभाव बढ्ला।

कु० नं० १२३४

सन् २००७ को वर्षमा - ता० १/१/२००७ देखि लाभ र भाग्यको दुर्बलता रहने छ। ता० ८/२/२००७ देखि चौतर्फी सफलता रहला। ता० २५/४/२००७ पुरुषार्थ कर्मद्वारा भाग्यको उन्नति रहला। ता० १६/७/२००७ बाट केही बाधा आउला, उन्नतिमा अपठेरो पर्ला। ता० १८/११/२००७ बाट भाग्यको उन्नति चल्नेछ। ता० ३१/१२/२००७ सम्ममा लाभ राम्रो रहने छ।

कार्यसिद्धिको विषय

कुम्भ लग्न हुने व्यक्तिहरूको- विद्या, सन्तान, बुद्धिको सम्बन्धमा बुध सदैव चिन्ता उत्पन्न गर्ने सूचक हुन् र शरीर स्वास्थ्यको सम्बन्धमा शनि सदैव दुर्बलता र चिन्ता उत्पन्न गर्ने सूचक हुन् र रोग, शत्रुपक्ष र मानसिक अशान्तिको सम्बन्धमा चन्द्रमा सदैव केही चिन्ता र बाधाका सूचक हुन्, यसैनिम्ति बुधवार भोजनभन्दा पहिले हरियो फल गाईलाई खान दिनु र सोमवार एक पाउ दही दान गरेर शिवको पूजा गर्नु अनि राहु-केतु स्वभावले नै दुःख दिने हुन् यसै निम्ति पक्षिहरूलाई अन्नका दाना र माछालाई पीठोको स-साना गोली बनाएर खान दिए उत्तम हुनेछ।

कु० नं० १२३५

१२ १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

कुम्भ लग्न हुने व्यक्तिहरूको धनलाभको सम्बन्धमा गुरु प्रधान हुन् र भाग्योन्नतिको सम्बन्धमा शुक्र र मङ्गल मुख्य ग्रह हुन् यसै निम्ति पंचांग भित्र बृहस्पति जुन-जुन वर्षमा जब-जब कहिल्यै वृश्चिक, धन, मीन, मेष, मिथुन, सिंह, तुला र कुम्भमा आउँछन् र मंगल तथा शुक्र जहिले वृश्चिक, धनु, मीन, मेष, वृषभ, मिथुन, सिंह, कुम्भ र तुलामा आउँछन् तब ती महीनाहरूमा तथा वर्षहरूमा धन र भाग्यको उन्नति भइरहन्छ। अनि राहु जब-जब धनराशिमा आउँछन् तब-तब धनको उन्नति भइरहन्छ।

कु० नं० १२३६

१२ १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

कुम्भ लग्न हुनेको–प्रतिकूल समयको ज्ञान

कु० नं० १२३७

१२ १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

(सदैव कालको लागि)

तल लेखिएका ग्रह जब-जब यी राशिहरूमा पञ्चाङ्गमा आउनेछन् तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा प्रतिकूल समय रहने छ।

सू०- कन्या, तुला, मकर र कर्क।
चं०- कन्या, वृश्चिक, मकर र मीन।
मं०- कन्या, कर्क र मकर।
बु०- मकर, मीन र कर्क।
गु०- कन्या र मकर।
शु०- मकर, कर्क र कन्या।
श०- मकर, मीन, मेष, कर्क र कन्या।
रा०- धनु, कुम्भ, मीन, वृष, सिंह, कन्या र वृश्चिक।
के०- कुम्भ, मीन, वृष, मिथुन, सिंह, कन्या र वृश्चिक।

नोट– वर्ष दिनको फलादेश जान्नका लागि गु० श० रा० के० यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। महीना-महीनाको फल जान्नका लागि सू० बु० शु० मं० यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। अनि प्रतिदिनको फलादेश जान्नका लागि चन्द्रमाबाट हेर्नुपर्दछ। सूर्यबाट अस्त हुने ग्रहले दुर्बल र न्यून फल दिन्छ।

कुम्भ लग्न हुनेहरूको-अनुकूल समयको ज्ञान

कु० नं० १२३८

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६

(सदैव कालको लागि)

तल लेखिएका ग्रह जब-जब यी राशिहरूमा पञ्चाङ्गमा आउने छन्, तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनहरूमा अनुकूल लाभदायक समय रहने छ।

सू०- सिंह, वृश्चिक, धनु, कुम्भ, मीन, मेष, वृष र मिथुन।
चं०- सिंह, तुला, धनु, कुम्भ, मेष, वृष, मिथुन र कर्क,
मं०- तुला, वृश्चिक, धन, कुम्भ, मीन, मेष, वृष, मिथुन र सिंह।
बु०- मिथुन, सिंह, कन्या, तुला, वृश्चिक, धनु, कुम्भ, मेष र वृष।
गु०- सिंह, तुला, वृश्चिक, धनु, कुम्भ, मीन, मेष, वृष, मिथुन र कर्क।
शु०- तुला, वृश्चिक, धनु, कुम्भ, मीन, मेष, वृष, मिथुन र सिंह।
श०- तुला, वृश्चिक, धनु, कुम्भ, वृष, मिथुन र सिंह।
रा०- मेष, मिथुन, कर्क, तुला र मकर।
के०- धनु, मकर, मेष, कर्क र तुला।

नोट- सालाना फलादेश जान्नका लागि शु०, गु०, रा० के० यी चार ग्रहहरूबाट हेर्नुपर्दछ र मासिक फलादेश जान्नका लागि सू०, बु०, शु०, मं० यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। दैनिक फलादेश जान्नका लागि चन्द्रमाबाट हेर्नुपर्दछ।

कुम्भ लग्नान्तर–सूर्यफलम्

जुन व्यक्तिको कुम्भराशिको सूर्य लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस प्रभावशाली स्त्री पाउनेवाला, प्रभावको व्यापार गर्नेवाला, शरीरमा केही दुर्बलता पाउने भएको, भोग विलासको शक्ति पाउने खालको तथा व्यापारको श्रेणीमा सम्पूर्ण शक्तिले काम गर्ने किसिमको, स्त्रीलाई केही अलिकति वैमनस्यताका साथै बढी महानता दिने भएको, स्त्रीको प्रभाव र दबाव अनुभव गर्ने खालको तथा लौकिक र दैनिक कार्यहरूलाई निकै महानता र प्रभावका साथ पूरा गर्नेवाला तथा मान प्राप्त गर्ने खालको र बढी तेजी राख्नेवाला, ठूला-ठूला काम गर्दै रहे पनि केही आलस्य मान्ने किसिमको होला।

कु० नं० १२३९

१२ १० १ ११सू. ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मीन राशिको सूर्य लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस व्यापारको कामबाट धन कमाउने भएको र धनको शक्तिबाट खूब व्यापार गर्नेवाला र प्रभाव शक्तिद्वारा व्यापार तथा धन-सम्पत्तिको वृद्धि गर्नेवाला र स्त्री स्थानमा आंशिक रूपमा केही बन्धन पाउने भएको तथा भोगादि पक्षमा पनि केही बन्धन वा अधिकताको योग पाउने भएको, आफ्नू दैनिक कार्यक्रमको शक्तिबाट जीवनको दिनचर्यामा केही प्रभाव र प्रकाश पाउने भएको, गूढ युक्तिहरूको सम्बन्धमा तथा पुरातत्त्वको सम्बन्धमा पनि प्रकाश मार्ग पाउनेवाला, बहुमूल्य काम गर्ने भएको बहुभोगी होला।

कु० नं० १२४०

१२सू. १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मेषराशिको सूर्य लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस ठूलो व्यापार गर्ने भएको, दैनिक कार्यलाई निकै प्रभावका साथ गर्ने भएको र निकै बढी प्रभावशाली स्त्री पाउने भएको, गृहस्थी र दाजु-भाइको शक्तिबाट महानता पाउने भएको, निकै बढी पुरुषार्थ शक्ति राख्ने भएको, स्त्री भोगादिकको अधिकता पाउनेवाला र बर्ता दौड-धूप गर्ने खालको तथा भाग्यमा दुर्बलता पाउने भएको अनि धर्ममा न्यूनता पाउनेवाला र यशमा पनि कमी पाउने र पुरुषार्थको अनुपातमा भाग्यमा शक्तिलाई दुर्बल मान्ने खालको होला।

कु० नं० १२४१

१२　१०
१ सू.　११　९
२　८
३　५　७
४　६

जुन व्यक्तिको वृष राशिको सूर्य लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस स्त्री-स्थानबाट केही सुख पाउने खालको, व्यापारको तर्फबाट पनि केही सुख साधन पाउनेवाला, स्त्रीको तर्फबाट मातृस्थानको सम्पर्कमा केही वैमनस्यता पाउनेवाला, स्त्रीका प्रभावको कारणहरूबाट सुखस्थानमा केही न्यूनता अनुभव गर्ने भएको, व्यापारको श्रेणीमा प्रभाव तथा मान-सम्मान प्राप्त गर्नेवाला, ससुराली पक्षबाट मान पाउने भएको, पिता स्थानबाट सहायक सम्पर्क राख्नेवाला, दैनिक व्यापारको तर्फबाट र राज-समाजबाट फाइदा पाउने भएको, उन्नतिको लागि बराबर कर्म गर्न ध्यान राख्ने खालको होला।

कु० नं० १२४२

१२　१०
१　११　९
२सू.　८
३　५　७
४　६

जुन व्यक्तिको मिथुनराशिको सूर्य लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धिको प्रभावबाट व्यापार गर्नेवाला तथा बुद्धिमान स्त्री पाउने

कु० नं० १२४३

१२ १०
१ ११ ९
२ ८
३सू. ५ ७
४ ६

खालको प्रभावशाली बाठो सन्तान पाउने भएको र व्यापारिक प्रभावशाली विद्या प्राप्त गर्ने खालको र काम लाग्ने प्रभावबाट कुराकानी गर्नेवाला तथा बुद्धियोगद्वारा खूब लाभ कमाउने भएको र दिमाग भित्र बढी काम-वासनाहरू राख्ने खालको तथा ससुरालीबाट र स्त्रीबाट बुद्धिको सल्लाहद्वारा लाभ पाउनेवाला र छिटो-छिटो बोल्नेवाला अनि लाभ प्राप्तिको लागि बराबर ध्यान, चिन्तन गर्ने भएको र लौकिक एवं दैनिक कार्यहरूको योग्यता सम्बन्धी अनुभव राख्ने खालको होला।

जुन व्यक्तिको कर्कराशिको सूर्य लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस स्त्रीस्थानबाट बढी प्रभावशक्ति पाउने तथा राख्नेवाला एवं स्त्रीसित

कु० नं० १२४४

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४सू. ६

केही झगडा पाउने भएको र स्त्री र ससुरालीको योगले अनेक झ्याउला र कष्ट-बाधालाई हटाउनमा सहायता पाउने भएको तथा व्यापारमा केही हानि, कष्ट सहने खालको अनि व्यापारकै लाइनमा प्रभाव पाउनेवाला र विपत्तिनाशक प्रभावशाली प्रकाश दिनेवाला, व्यापार गर्नेवाला र शत्रु तथा विपत्तिहरूमा विजय पाउने भएको र विवाहको सम्बन्धमा केही मावलीको पनि सहयोग पाउने अनि बढी व्यय गर्नाले कष्ट पाउने खालको र लौकिक, दैनिक कार्यमा चलिआएका परम्पराको वास्ता नगर्ने बरू त्यसको जरोमा सत्यको खोजी गर्ने खालको होला।

जुन व्यक्तिको सिंह राशिको सूर्य लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली व्यापार गर्नेवाला तथा प्रभावशाली स्त्री

कु० नं० १२४५

१२ १० १ ११ ९ २ ८ ३ ५सू. ७ ४ ६

पाउनेवाला, रोजगारबाट निकै प्रभावशक्ति पाउने भएको, शरीरमा केही कष्ट अनुभव गर्ने, भोगादि पक्षमा निकै प्रभाव र धाक लगाउने खालको, लौकिक र दैनिक कार्यहरूलाई निकै तत्परता र प्रभावका साथ पूरा गर्ने खालको, गृहस्थीमा निकै बढी प्रभाव शक्ति राख्ने भएको, ससुरालीको निकै शक्ति पाउनेवाला, समाजमा चमत्कारिक काम गर्नेवाला र भोगादिको सम्बन्धमा केही अशान्ति पाउने खालको होला।

जुन व्यक्तिको कन्याराशिको सूर्य लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस स्त्री-स्थानमा अशान्ति र क्लेशको योग पाउनेवाला, भोगादिक

कु० नं० १२४६

१२ १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६सू.

पक्षमा न्यूनता पाउने भएको, ससुरालीको असहयोग पाउनेवाला, व्यापारको लाइनमा साना-ठूला कष्ट-बाधा र परिश्रम सहने भएको, विदेश आदिको सम्बन्ध पनि व्यापारमा सहने भएको र गृहस्थीको सम्बन्धमा केही विद्रोह र केही कष्ट अनुभव गर्नेवाला, व्यापारको सम्बन्धमा केही गूढ र प्रभावी योजनाहरू द्वारा आफ्नू कार्य सिद्ध पार्ने भएको, धनवृद्धिका लागि निकै परिश्रम र हेर-विचार पुऱ्याउने खालको तथा केही गूढ इन्द्रिय-विकारवाला व्यक्ति होला।

जुन व्यक्तिको तुला राशिको सूर्य लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस स्त्री पक्षबाट भाग्यमा दुर्बलता अनुभव गर्नेवाला, व्यापार तर्फबाट पनि भाग्यमा दुर्बलता अनुभव गर्ने खालको र धर्मको पालनमा पनि कमजोरीकै योग पाउने भएको, भाग्यको दुर्बलताले अशान्ति पाउनेवाला, भाग्यको उन्नतिमा गृहस्थीको दैनिक कार्यले बाधा पाउने भएको, पुरुषार्थको उन्नति गर्नेवाला, भाग्यभन्दा पुरुषार्थलाई नै महत्व दिनेवाला, भाइ-बहिनीको शक्ति पाउनेवाला, भोगादिक पक्षमा न्यूनता पाउने भएको, लौकिक र धार्मिक कामहरूमा संगसंगै चल्नाले दुवैमा एउटाको पनि राम्ररी पालन गर्न नसक्ने खालको होला।

कु० नं० १२४७

१२ १०
१ ११ ९
२ ८
३ ५ ७सू.
४ ६

जुन व्यक्तिको वृश्चिक राशिको सूर्य लग्नबाट दसौं स्थानमा छ भनें त्यो मानिस दैनिक व्यापारलाई काइदासाथ र निकै प्रभावी यत्नपूर्वक गर्नेवाला, व्यापारको कामबाट नै ठूलो प्रभाव र सम्मान पाउने भएको, स्त्री र ससुरालीको शक्तिबाट पनि मान पाउने भएको, प्रभावशाली स्त्री र भोग पाउनेवाला र पिता स्थानबाट व्यापार तथा प्रभाव पाउने भएको र राज्यस्थानमा मान पाउनेवाला ठूलो इन्तजाम सहित काम गर्नेवाला तथा लौकिक र सामाजिक कार्यहरू निकै शानदारी एवं प्रभावसहित गर्नेवाला, अनि गृहस्थी भित्र निकै ठूलो गौरव प्राप्त गर्ने भएको तथा सबैतिर आफ्नू प्रभाव राख्नेवाला, मातृस्थान र सुखस्थानमा केही न्यूनता पाउने खालको होला।

कु० नं० १२४८

१२ १०
१ ११ ९
२ ८सू.
३ ५ ७
४ ६

जुन व्यक्तिको धनु राशिको सूर्य लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारमा खूब धन कमाउने र व्यापारमा प्रभाव पाउनेवाला, स्त्री स्थानबाट निकै बढी शोभा पाउनेवाला तथा स्त्री र ससुरालीको कारणले पनि बढी प्रभावका साथ धनलाभ पनि पाउने भएको, भोगादिक पक्षमा धेरै लाभ र प्रभाव पाउनेवाला, सन्तानको लाभ पाउने अनि विद्याको लाभ पाउने भएको र बढी लाभ प्राप्तिको सम्बन्धमा निकै प्रभावले कुराकानी गरेर लाभ पाउने भएको, गृहस्थीको अनुपम लाभ पाउनेवाला तथा लौकिक कार्यहरूमा बर्ता प्रवीणता र प्रभाव राख्ने तथा मस्तिष्कमा तेजी राख्ने खालको होला।

कु० नं० १२४९

१२ १० १ ११ ९सू. २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मकरराशिको सूर्य लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस स्त्री स्थानमा हानि पाउने र व्यापारमा पनि हानि नै पाउनेवाला तथा भोगादि पक्षमा बढी न्यूनता भेट्टाउने भएको, गृहस्थीमा बर्ता हानि र अशान्ति पाउने खालको र प्रभावमा कमी पाउनेवाला अनि व्यापारको सम्बन्धमा अन्य स्थानको केही कटु सम्बन्ध पाउने भएको र खर्च स्थानमा केही बढी कटुता पाउने खालको तथा भोगादि पक्षमा केही अन्य स्थानको भर-थेग पाउनेवाला, शत्रु स्थानमा प्रभाव राख्ने भएको, विपत्तिहरू र रोगादिक बाधा-कष्टमा विजय पाउने भएको र लौकिक कामहरूमा चातुर्यको न्यूनता (कमी) पाउने खालको व्यक्ति होला।

कु० नं० १२५०

१२ १०सू. १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

कुम्भलग्नान्तर–चन्द्रफलम्

जुन व्यक्तिको कुम्भराशिको चन्द्रमा लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस शत्रु पक्षमा मनोयोगको शक्तिले सम्मान पाउनेवाला तथा शरीरमा केही रोग र कष्ट-बाधा तथा मनमा केही विकार अनि शक्ति भेट्टाउनेवाला र मावली पक्षबाट केही शक्ति पाउने भएको, मनोयोगका बाङ्गा र आदर्श शक्तिको बल आफूभित्र राख्नेवाला र केही बाधित वा घेराउमा रहनेवाला तथा स्त्रीसित केही मानसिक झगडा-विवाद कष्टदायक योग पाउने भएको र रोजगारको लाइनमा केही मनोयोगमा गुप्त चातुर्यहरू र परिश्रमले काम सिद्ध पार्ने भएको, केही झ्याउलोले भरिएको तर प्रभावशाली गुप्त क्रोध राख्ने खालको होला।

कु० नं० १२५१

१२ १० १ ११चं. ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मीन राशिको चन्द्रमा लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस मनोयोगको महान् शक्तिको बलले धन प्राप्त गर्ने भएको, धन संग्रह गर्न जान्ने, अनेक युक्तिहरूले र कठोर परिश्रमले इज्जत बनाउनेवाला, धन स्थानमा कहिले-काहीं केही हानिको पनि योग पाउने भएको र धनाढ्य मावली पक्षवाला तथा कुटुम्बमा केही विग्रह पाउनेवाला, धनको प्रभावद्वारा अर्थात् धनाढ्य जस्तै काइदाले शत्रुमा प्रभाव राख्ने भएको, मनभित्र केही बन्धन र कष्ट-बाधाको योग पाउने भएको अनि आयुको समयलाई निकै शानले व्यतीत गर्ने भएको तथा पुरातत्त्वको सम्बन्धमा मनोयोगको गूढ शक्तिद्वारा काम सिद्ध पार्नेवाला र झञ्झटहरूबाट फाइदा प्राप्त गर्ने खालको होला।

कु० नं० १२५२

१२चं. १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मेषराशिको चन्द्रमा लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस मनोयोगको बलले महान् पुरुषार्थ गर्ने भएको अनि ठूलो उत्साही परिश्रमद्वारा निकै बर्ता प्रभाव पाउने भएको र प्रभावको शक्तिले शत्रुलाई थिच्न जान्ने खालको तथा बढी साहस र बाँगा उपायहरू द्वारा उन्नतिको शिखरमा उक्लनेवाला, दाजु-भाइको पक्षमा वैमनस्यता पाउने भएको तथा भाग्योन्नतिका लागि निकै कठोर परिश्रम र प्रभावले काम सिद्ध पार्न जान्ने तथा धर्मको सम्बन्धमा पूर्णरूपेण ध्यान राख्ने, उन्नतिको महान् उत्साह हृदय भित्र राख्ने भएको तथा बढी दौड-धूप गर्ने र शक्ति सम्पन्न व्यक्ति होला।

कु० नं० १२५३

१२ १० १ चं. ११ ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको वृषराशिको चन्द्रमा लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस शत्रुपक्षको कत्ति पनि वास्ता नगर्ने खालको, सुख-शान्तिमा केही बाधाहरू पाउने भएको अनि मातृस्थानमा केही मनोयोगको विशेष झ्याउलो बोक्ने खालको तथा केही भूमि स्थानमा प्रभाव पाउनेवाला र मावली पक्षको सुख-शक्तिको अनुभव गर्ने भएको, मान-सम्मान र उन्नतिको सम्बन्धमा मनले दुर्बलता अनुभव गर्ने खालको, व्यापार आदि राज-सम्बन्धमा पनि केही कष्ट-बाधा वा दुर्बलता अनुभव गर्नेवाला, मनोयोग शक्तिको महान् प्रपंचबाट सुख अनुभव गर्ने खालको बडो लापरवाह होला।

कु० नं० १२५४

१२ १० १ ११ ९ २चं. ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मिथुन राशिको चन्द्रमा लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षमा केही झञ्झट अनुभव गर्नेवाला, विद्यामा कमी पाउने भएको तथा बुद्धिमा केही परेशानी अनुभव गर्ने खालको, दिमाग भित्र मनोयोगको गूढ शक्तिबाट फाइदा प्राप्त गर्नेवाला, केही बाँगा चालहरू द्वारा प्रभावको रक्षा तथा शत्रुबाट बचाउ पाउने भएको, मन भित्र गुप्त डर र आंशकाहरू पाउने भएको, सबै प्रकारका विपत्तिहरूबाट जोगिनका लागि मन भित्र निकै गहीरो सोच-विचार गर्ने भएको, धन लाभको लागि ठूला-ठूला उपायहरू विचार्नेवाला, अशान्तियुक्त र भ्रमित बुद्धि भएको, यता-उता घुमाएर कुरा गर्ने खालको होला।

कु० नं० १२५५

१२ १०
१ ११ ९
२ ८
३चं. ५ ७
४ ६

जुन व्यक्तिको कर्क राशिको चन्द्रमा लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस मनोयोगको स्थिर शक्तिले बढी प्रभाव पाउने भएको तथा शत्रुपक्षमा सतर्क, सावधान तथा विजयी रहने खालको, मावली पक्षको शक्तिमा सौन्दर्य देख्नेवाला, मनमा केही बाधा वा निर्भयता पाउने भएको, विपत्तिहरूको वास्ता नगर्ने किसिमको तथा बढी व्यय गर्नेवाला अनि मन भित्र गूढ युक्तिहरूको महान् शक्तिले प्रसन्न तथा निश्चिन्त रहनेवाला र चीसो आगोले काम सिद्ध पार्ने भएको, अन्य स्थानको सम्बन्धमा प्रभाव पाउनेवाला तथा खर्चमा आफ्नू प्रभावले काम लिन जान्ने अनि दानी दुश्मन होला।

कु० नं० १२५६

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४चं. ६

जुन व्यक्तिको सिंहराशिको चन्द्रमा लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस मनोयोगको बलले, कष्ट-बाधाबाट र परिश्रमद्वारा व्यापार गर्ने भएको र स्त्री स्थानमा केही विवाद-झगडा वैमनस्यता तथा केही परेशानीहरू पाउनेवाला अनि स्त्री भोगादिक पक्षमा केही कमी पाउने भएको तर मनोयोगले भोगको बर्ता चिन्तन गर्ने खालको, भोगको सम्बन्धमा केही युक्तिहरूले पनि काम लिनेवाला तथा शरीरमा केही बन्धन वा कष्ट-बाधा पनि अनुभव गर्नेवाला, स्त्री पक्षमा शीतल रोगको लांछना पाउनेवाला र व्यापारको स्थानमा केही परतन्त्रता अथवा केही दुर्बलताको साथसाथै युक्तिहरूले काम गर्न जान्ने खालको व्यक्ति होला।

कु० नं० १२५७

१२　१०
१　११　९
२　८
३　५चं.　७
४　६

जुन व्यक्तिको कन्याराशिको चन्द्रमा लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस शत्रु पक्षमा केही कष्ट-बाधाहरू सहनेवाला, प्रभावमा केही दुर्बलता भए पनि, जीवनको समयलाई केही दुःख सहिरहनु परे पनि प्रभावशाली तुल्याइराख्न जान्नेवाला, केही अलिकति उदर विकारले ग्रसित रहने तथा पुरातत्त्व पैतृक विभूतिमा केही न्यूनता र क्लेश पाउनेवाला, धनको वृद्धिका लागि ठूला-ठूला प्रयत्न गर्ने भएको, मनोबलद्वारा अत्यन्त गूढ युक्तिहरू जान्ने खालको, गुप्त-शक्तिलाई मनभित्र थिचेर राख्नेवाला, मावली पक्षमा हानि पाउने भएको र अशान्त चित्तको व्यक्ति होला।

कु० नं० १२५८

१२　१०
१　११　९
२　८
३　५　७
४　६चं.

जुन व्यक्तिको तुलाराशिका चन्द्रमा लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यस्थानमा केही चिन्ताग्रस्तको योग पाउने खालको र मनोयोग

कु० नं० १२५९

१२ १०
१ ११ ९
२ ८
३ ५ ७चं.
४ ६

तथा भाग्यको शक्तिद्वारा शत्रुमाथि प्रभाव राख्न जान्ने भएको र धार्मिक प्रपंचको केही कार्य गर्नेवाला तथा धर्म-कर्मको यथार्थतामा केही न्यूनता वा अपठेराहरू पाउने भएको र मनोयोगको उत्तम तथा बांगिएका उपायहरू द्वारा काम गर्नेवाला, दाजु-भाइ दिदी-बहिनीको पक्षमा केही वैमनस्यता पाउने भएको र मावली पक्षबाट केही उत्तम सहयोग पाउने भएको अनि शत्रुसित मैत्री सम्बन्ध राख्ने खालको होला।

जुन व्यक्तिको वृश्चिक राशिको चन्द्रमा लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानबाट निकै अशान्ति अनुभव गर्ने र उन्नतिको बाटोमा

कु० नं० १२६०

१२ १०
१ ११ ९
२ ८चं.
३ ५ ७
४ ६

अनेक कष्ट र हानिहरू पाइरहने खालको, राज्य, मान-प्रतिष्ठा आदिको स्थानमा अनेक धक्का र आघात सहनेवाला, अनि मातृस्थानमा सुखको सम्बन्धमा तथा भूमि-भवनको विषयमा अनेक प्रपञ्च तथा युक्ति बलले वृद्धि प्राप्त गर्ने भएको अनि सच्चा सहयोगीहरूको कमी र कपटले गर्दा व्यापारको उन्नति हुने बाटोमा बाधा, तगारो र कष्ट सहने खालको र मनोयोगको महान् परिश्रम र युक्तिहरू द्वारा, धेरै हेर-फेरपछि उन्नतिको शिखरमा पुग्नेवाला र शत्रुसित अशान्ति अनुभव गर्ने भएको तथा पूर्व संचित पापहरूको प्रायश्चित गर्ने खालको होला।

जुन व्यक्तिको धनुराशिको चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस मनोयोगको उत्तम परिश्रमबाट बढी लाभ पाउनेवाला र

कु० नं० १२६१

१२		१०
१	११	९चं.
२		८
३	५	७
४		६

मनोयोगको राम्रो नीति एवं चालहरूले शत्रुलाई थिचेर फाइदा पाउनेवाला अनि मावली पक्षबाट पनि लाभ प्राप्त गर्ने खालको र लाभ तथा प्राप्तिको स्थानमा केही मानसिक झ्याउलो तथा केही कष्ट-बाधा अनुभव गर्ने भएको तथा केही सित्तैको झैं धन खोज्नेवाला र सन्तान पक्षमा केही बाधा-कष्ट अनुभव गर्ने भएको, विद्या स्थानमा केही न्यूनता पाउनेवाला किन्तु बुद्धिद्वारा र चातुर्यले आफ्नू काम सपार्न जान्ने खालको अनि गुप्त चाल चलेर मगन-मन रहने भएको, रोग दोषको कुनै वास्ता नगर्ने खालको होला।

जुन व्यक्तिको मकर राशिको चन्द्रमा लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस शत्रु स्थानमा न्यूनता भेट्टाउने र प्रभावमा दुर्बलता पाउनेवाला,

कु० नं० १२६२

१२		१०चं.
१	११	९
२		८
३	५	७
४		६

अनि शत्रु पक्षमा अशान्ति प्राप्तिको डरले गुप्त युक्तिहरू द्वारा काम बनाउने तथा बढी खर्चले बाधा-कष्ट पाउनेवाला, किन्तु तैपनि खर्च स्थानबाट प्रभाव पाउनेवाला, अन्यान्य स्थानबाट र मनोयोगबाट प्रभावको रक्षा गर्दै रहने खालको अनि मावली पक्षमा केही न्यूनता अनुभव गर्ने भएको तथा बाहिरी स्थानमा केही बाधाहरू अनुभव गर्ने भएको तथा मन भित्र अशान्ति र दुर्बलताको योग पाउने खालको र केही झगडा-विवाद आदि र बीमारीहरूमा बढी खर्च गर्ने खालको व्यक्ति होला।

कुम्भ लग्नान्तर–भौमफलम्

जुन व्यक्तिको कुम्भराशिको मङ्गल लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस आफ्नू शरीरको पुरुषार्थ बलले उन्नति गर्नेवाला र निकै ठूलो कर्म-शक्ति र साहसले काम सिद्ध पार्नेवाला, दाजु-भाइ र पिताको सम्बन्ध केही सामान्य रूपबाट प्राप्त गर्ने भएको र माताको पक्षमा पनि सामान्य शक्तिलाई केही आलस्यले पाउनेवाला र केही भूमिको शक्ति पनि पाउने खालको व्यापारमा उन्नति गर्न जान्ने र शरीरमा अलिकति गर्मीको विकार पाउने भएको, राज-समाजसित सम्बन्धित केही मान-सम्मान पाउने खालको, स्त्री पक्षमा केही क्लेश र केही सहायता शक्ति प्राप्त गर्नेवाला र केही वीर्य-दोष पाउने भएको र जीवनको दिनचर्यालाई निकै प्रभावसाथ व्यतीत गर्ने भएको तथा मान-सम्मान पाउनेवाला र केही पुरातत्त्वको शक्ति पाउने खालको होला।

कु० नं० १२६३

	१२ ११मं. १०	
१	२ ८	९
३	४ ५ ६	७

जुन व्यक्तिको मीन राशिको मङ्गल लग्नबाट दोस्रो स्थानमा छ भने त्यो मानिस इज्जत प्राप्त गर्नेवाला पिताको केही शक्तिको सहारा पाउनेवाला र दाजु-भाइको केही बन्धन झैं पाउनेवाला र धन प्राप्तिको लागि ठूला-ठूला शक्तिशाली कर्म र परिश्रम गर्नेवाला अनि धर्म-कर्मको केही विचार राख्नेवाला, जीवनको दिनचर्यामा मान-प्रतिष्ठा आदिको ध्यान राख्ने भएको र विद्या-शक्ति प्राप्त गर्ने खालको तथा केही सन्तान शक्ति भेट्टाउने किसिमको, बुद्धि र वाणीद्वारा उन्नतिको लागि निकै प्रभाव र शान्तिले काम पूरा गर्नेवाला र भाग्यको उन्नतिको लागि पूरा प्रयत्न सदैव गर्दै रहने खालको होला।

कु० नं० १२६४

	१२मं. ११ १०	
१	२ ८	९
३	४ ५ ६	७

जुन व्यक्तिको मेष राशिको मंगल लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्ना पिताको महान शक्ति पाउने भएको र राज-समाजमा

कु० नं० १२६५

१२　१०
१ मं.　११　९
२　८
३　५　७
४　६

निकै ठूलो हुकूमत र प्रभाव राख्ने खालको अनि उन्नति गर्नको लागि स्थिर परिश्रम-द्वारा महान् कर्म गर्न जान्ने भएको र राज्यको शक्तिलाई आफ्नू हातले नै संचालन गर्नेवाला, मावली पक्षमा केही कमजोरी पाउनेवाला र गुप्त शक्तिले शत्रुलाई पराजित पार्ने खालको, धर्म-कर्मको पालन गर्ने भएको तथा दाजु-भाइको शक्ति पाउने, बल पुरुषार्थको वृद्धि पाउने भएको र लामा बाहुली हुने तथा तीव्र र तीक्ष्ण गतिले सारा काम गर्ने भएको, धर्म-कर्म भाग्यलाई अलि-अलि मात्रै खालको निकै प्रतापी र पुरुषार्थी होला।

जुन व्यक्तिको वृषराशिको मङ्गल लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आफ्नू पिताको सहायक शक्ति पाउनेवाला र माता दाजु-भाइको

कु० नं० १२६६

१२　१०
१　११　९
२मं.　८
३　५　७
४　६

अलिकति सुख प्राप्त गर्नेवाला र आफ्नै पुरुषार्थ कर्मले बिस्तार-बिस्तार घरै बसेर उन्नति गर्ने भएको, राज-समाजमा निकै मान-प्रतिष्ठा पाउने भएको, भूमि भवनको स्वामी भएको र निकै सुख पाउने खालको, कार्य र व्यवहार गर्न जान्ने तथा प्रभावशाली व्यापार गर्ने भएको, स्त्री पक्षमा प्रभाव राख्न जान्ने, स्त्रीबाट प्रभाव पाउने भएको र आफ्ना उत्तम एवं सुखद कर्मद्वारा आमदानीमा वृद्धि गर्ने खालको निकै प्रभावशाली होला।

जुन व्यक्तिको मिथुन राशिको मङ्गल लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस राजसी विद्याको ज्ञान राख्नेवाला र पिता एवं दाजु-भाइको थोरै

कु० नं० १२६७

१२ १० १ ११ ९ २ ८ ३मं. ५ ७ ४ ६

सहयोग पाउने र खर्च बढी गर्ने खालको, मस्तिष्क भित्र तेजी र हुकूमत राख्ने भएको, सामान्य तथा उत्तम लाभ पाउने भएको, जीवनको दिनचर्यामा निकै गौरव र प्रभाव मान्ने खालको, सन्तानबाट केही शक्ति पाउने भएको, कानूनका कुरा गर्ने र अन्यान्य स्थानको सम्पर्कमा निकै मान-सम्मान र प्रभाव पाउनेवाला, पुरातत्त्वसित सम्बन्धित केही फाइदा हात पार्ने र शीलको पालन गर्न नसक्ने खालको होला।

जुन व्यक्तिको कर्कराशिको मङ्गल लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस पिता र दाजु-भाइको सम्बन्धमा विरोध र अशान्तिको योग पाउने

कु० नं० १२६८

१२ १० १ ११ ९ २ ८ ३ ५ ७ ४मं. ६

भएको, केही परतन्त्रतापूर्वक धर्म-कर्म गर्न जान्ने भएको र गुप्त रहेका दुर्बल शक्तिको बल राख्नेवाला र दुश्मनलाई धोखाले मार्ने खालको, मावलीबाट दुर्बलता पाउने भएको, बढी धन व्यय गर्नेवाला, सम्मान र पदोन्नतिमा बाधा र अनेक झ्याउला पाउने भएको, शरीरमा थकान र मान पाउनेवाला, भाग्यको उन्नतिका लागि विशेष ध्यान राख्ने र उपाय गर्दै रहने भएको र बाहिरी स्थानमा केही इज्जत पाउनेवाला र उत्साहमा न्यूनता र आलस्यको योग पाउने खालको, महान् घुमेका र बाँगा युक्तिहरू प्रयोग गर्ने खालको होला।

जुन व्यक्तिको सिंहराशिको मङ्गल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो सम्मान प्राप्तिको व्यापार व्यवसाय गर्ने भएको र

कु० नं० १२६९

१२ १०
१ ११ ९
२ ८
३ ५मं. ७
४ ६

व्यापार भित्र स्थायी इज्जत प्राप्त गर्दै रहने खालको तथा राज र समाजको शक्ति तथा दाजु-भाई दिदी-बहिनीको योग पाउनेवाला तथा निकै व्यवस्थापूर्वक काम गर्न जान्ने र आफ्नू कार्य-प्रणाली भित्र केवल हुकूम चलाएर काम बनाउने र शरीरमा थकाई, आलस्य पाउने खालको अनि पिताको सहायक शक्तिबाट सम्बन्ध पाउने भएको, धन वृद्धिका लागि निकै ठूलो, शक्तिको प्रयोग गर्न जान्ने खालको र स्त्री स्थानमा प्रभाव राख्ने भएको अनि स्त्रीबाट नै प्रभाव पाउनेवाला र व्यापारको क्रममा प्रतिदिन बढी परिश्रम गरेर महान् सफलता प्राप्त गर्ने भएको अनि निकै बाठो खालको व्यक्ति होला।

जुन व्यक्तिको कन्याराशिको मङ्गल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा हानि पाउने र दाजु-भाइ दिदी-बहिनीको क्षीण

कु० नं० १२७०

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६मं.

शक्ति पाउनेवाला र महान् परिश्रमको काम गर्ने भएको अनि विदेश आदिको योगबाट अनेक कष्ट-बाधा सहेर पनि आफ्नू शक्ति पाउने र धेरै ठूलो परिश्रमको योगबाट आमदानीमा वृद्धि पाउने खालको तथा गुप्त गूढ युक्ति-बलले उन्नति गर्न जान्ने र साहस-हिम्मत पाउने तथा धनको शक्ति भेट्टाउने र मान-प्रतिष्ठामा कमी पाउने र शरीरमा बल वृद्धिका लागि पनि साधना गर्दै रहनेवाला, परिश्रमको काममा बराबर लागिरहने खालको तथा जीवनको दिनचर्यामा निकै प्रभाव राख्नेवाला र रहन-सहनको लुगा र पोशाक आदिमा न्यूनता पाउने खालको होला।

जुन व्यक्तिको तुलाराशिको मङ्गल लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस निकै भाग्यशाली र भाग्य-शक्तिबाट अनि पुरुषार्थ शक्तिको उन्नतिको योग पाउनेवाला तथा भाग्य र पुरुषार्थद्वारा नै कार्य-व्यापारमा उन्नति गर्ने भएको र धर्म-कर्मको पालन राम्ररी गर्ने खालको तथा बढी धन खर्च गर्नेवाला र बाहिरी अन्यान्य स्थानहरूको सम्पर्कबाट मानोन्नति र व्यापारमा उन्नतिको योग पाउने खालको र सुख एवं भवन-भूमिको शक्ति पाउने भएको, दाजु-भाइ दिदी-बहिनीको योग पाउने र पितास्थानको शक्तिबाट ठूलो सहारा पाउने भएको, बल-पुरुषार्थको वृद्धिको खूब ध्यान राख्ने खालको तथा राज-समाजमा मान पाउनेवाला र दैवीशक्तिको भर-थेग पाउने प्रभावशाली व्यक्ति होला।

कु० नं० १२७१

१२ १०
१ ११ ९
२ ८
३ ५ ७मं.
४ ६

जुन व्यक्तिको वृश्चिक राशिको मंगल लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै प्रतापी तथा स्वतन्त्र कारबार गर्ने भएको, राज-समाजमा निकै ठूलो मान-सम्मान पाउनेवाला, पिताको महान शक्ति भेट्टाउने खालको र राज-समाजको निकै ठूलो काम गर्नेवाला, शरीरमा थकाई र आलस्य पाउने भएको र पुत्र-शक्तिको महानता पाउने भएको, अनेक सुख पाउनेवाला र भवन-भूमिको योग प्राप्त गर्ने खालको तथा निकै ठूलो प्रभाव र हुकुम चलाएर काम बनाउन जान्ने र दाजु-भाइ दिदी-बहिनी आदिको वास्ता नराख्नेवाला र ठूला-ठूला बहुमूल्य पोशाकहरू लगाउने तथा राजसम्बन्धी विद्या ग्रहण गर्ने भएको, मस्तिष्कमा र कुराकानीमा तातो रिस पोख्ने र ऐन-कानून जान्ने खालको होला।

कु० नं० १२७२

१२ १०
१ ११ ९
२ ८मं.
३ ५ ७
४ ६

जुन व्यक्तिको धनुराशिको मङ्गल लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस दैनिक व्यापारमा निकै बढी आमदानी कमाउने भएको, पिताबाट बर्ता फाइदा पाउनेवाला, राज-समाजबाट खूब लाभ प्राप्त गर्ने खालको, दाजु-भाइको शक्ति पाउनेवाला, पुरुषार्थ कर्मको प्रभावले ठूला-ठूला उत्तम लाभ पाउने खालको र धन संग्रह गर्नका लागि निकै बढी र बलियो शक्तिको प्रयोग गर्न जान्ने र बुद्धिमान् तीक्ष्णता राख्ने तथा सन्तान प्राप्त गर्ने भएको, मावली पक्षमा न्यूनता (कमजोरी) पाउने तथा शत्रुस्थानमा गुप्त शक्तिबाट विजय पाउने भएको, वस्त्राभूषण आदिको शोभा पाउने भएको तथा मान-सम्मान पाउने प्रभावशाली होला।

कु० नं० १२७३

	१२		१०	
१		११		९मं.
	२		८	
३		५		७
	४		६	

जुन व्यक्तिको मकरराशिको मङ्गल लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन व्यय गर्ने खालको र पिता स्थानमा बढी हानिको योग पाउने र दाजु-भाइको अलि विचित्र किसिमको सम्बन्ध पाउने भएको, व्यापारमा हानि-नोक्सानी गर्ने र अन्य स्थानमा सफलता पाउने भएको र खर्चको महान् शक्तिबाट अनि अन्यान्य सम्बन्धबाट सम्मान पाउने खालको तथा शत्रुस्थानमा गुप्त शक्तिले काम लिने खालको र मावली पक्षमा दुर्बलता पाउने तथा खर्चको तागतले बल स्फूर्ति पाउने खालको र दैनित व्यापारमा शक्ति पाउनेवाला तथा स्त्री स्थानमा प्रभाव राख्ने भएको तथा स्त्रीबाट प्रभाव पाउने खालको होला।

कु० नं० १२७४

	१२		१०मं.	
१		११		९
	२		८	
३		५		७
	४		६	

कुम्भ लग्नान्तर-बुधफलम्

जुन व्यक्तिको कुम्भ राशिको बुध लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस उत्तम आयु पाउनेवाला, आयुको समय अर्थात् दिनचर्यालाई

कु० नं० १२७५

१२ १० १ ११बु. ९ २ ८ ३ ५ ७ ४ ६

निकै शानले व्यतीत गर्न जान्ने तथा पुरातत्त्वको संचित शक्तिको फाइदा पाउने खालको, विद्या र बुद्धिको विकास पाउनेवाला अनि सन्तान पक्षमा केही कष्ट-बाधाको साथसाथै राम्रो लाभ पाउनेवाला, विवेक-शक्तिको गूढ युक्तिले महान् बुद्धिमानीको काम गर्ने भएको, निकै गहीरो र गुप्त चालहरूलाई पनि आदर्श बनाएर काममा ल्याउने र शरीरमा केही कष्ट-बाधा सहने भएको र स्त्रीबाट अलिकति बाधासहित मित्रता पाउने खालको र व्यापारमा बढी चातुर्यले आफ्नू काम बनाउन जान्ने खालको होला।

जुन व्यक्तिको मीनराशिको बुध लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस विद्यामा कमी पाउनेवाला, सन्तान पक्षमा बन्धन र कमी पाउने

कु० नं० १२७६

१२बु. १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

भएको, धनको कोषमा न्यूनता पाउने खालको, कुटुम्बमा क्लेश र हानि पाउने भएको र बुद्धि र विवेकको न्यूनताको साथसाथै पुरातत्त्वको गूढ ज्ञानको शक्तिबाट ठूलो दाबी गर्ने खालको र पूर्व संचित धनको हानि पाउने भएको, जीवनको दिनचर्यामा बन्धनहरू भए पनि प्रत्यक्षमा प्रसन्न रहेर समय बिताउने खालको अनि आयुमा वृद्धि र सामान्यता पाउने किसिमको, बुद्धि विद्याको संकीर्ण मार्गबाट जीवन निर्वाह गर्ने तथा बुद्धिको हठ्योग शक्तिद्वारा कुराकानी गर्ने होला।

जुन व्यक्तिको मेष राशिको बुध लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस बुद्धि विद्याबाट बल प्राप्त गर्ने र सन्तान पाउने तर सन्तान पक्षबाट केही क्लेश पाउने तथा शक्ति भेट्टाउने र दाजु-भाइ दिदी-बहिनीबाट पनि कष्ट पाउनेवाला, आयुमा वृद्धि, पुरातत्त्व शक्तिको लाभ, पाउने खालको र विवेक शक्तिको अतिगूढ ज्ञानले भाग्यको लाभ र उन्नति पाउनेवाला र धर्म-कर्मको प्रदर्शन गर्नेवाला तथा विवेक शक्तिको बलले नै लौकिक र पारलौकिक विषयमा प्रभावपूर्ण बोल्न जान्ने र कहीं पनि आउन-जानको मार्गसम्बन्धी यात्राको विषयमा निकै हिम्मत र बुद्धिले काम लिन जान्ने तथा कसैको पनि वास्ता नगर्ने होला।

कु० नं० १२७७

१२ १० १ बु. ११ ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको वृषराशिको बुध लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस आयुको वृद्धि पाउने र जीवनको समय विवेक र आरामसित नै व्यतीत गर्ने तथा मातृस्थानमा केही रूखो (खस्रो) भाव पाउने भएको, सन्तानको सुखमा केही न्यूनता वा कमी अनुभव गर्नेवाला, भवन-भूमि स्थानमा केही हानि पाउने भएको र पुरातत्त्व शक्तिको पूर्व संचित लाभ पाउने खालको, विद्या ग्रहण गर्नेवाला तथा बुद्धिभित्र गूढ विवेकको शक्तिबाट केही सुख प्राप्त गर्ने भएको, जीवनमा मनोरंजन मनपराउने तथा पिता स्थानमा र सम्मान एवं व्यापारादि उन्नतिको स्थानमा केही कष्ट-साध्य योग पाउने खालको होला।

कु० नं० १२७८

१२ १० १ ११ ९ २ बु. ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मिथुन राशिको बुध लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धेरै थरी विद्या बुद्धि राख्ने खालको तथा सन्तान पक्षमा केही

कु० नं० १२७९

१२ १०
१ ११ ९
२ ८
३बु. ५ ७
४ ६

विरोधका साथै शक्ति प्राप्त गर्ने भएको र लामू आयु पाउनेवाला तथा बुद्धिको स्थिर शक्ति र गूढ विवेकद्वारा धनको लाभ पाउने भएको तथा पाश्चात्य सभ्यताको शक्तिले कुराकानी गर्नेवाला, उचित कुराहरूको भित्र गुप्तशक्तिले काम सिद्ध पार्न जान्ने तथा प्रतिपक्षीमा कुराको प्रभाव पार्ने भएको र पुरातत्त्वबाट फाइदा पाउने खालको र जीवनको दिनचर्यालाई बुद्धिले व्यतीत गर्ने खालको तथा मस्तिष्क भित्र केही कष्ट-बाधा सहिरहने खालको व्यक्ति होला।

जुन व्यक्तिको कर्कराशिको बुध लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षमा हानि र क्लेश, झञ्झट सहनेवाला र विद्यामा कमी

कु० नं० १२८०

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४बु. ६

पाउने र बुद्धिमा व्यथित रहने भएको, जीवनको दिनचर्यामा शील र विवेकले काम लिन जान्ने र आयुमाथि ठूला-ठूला प्रहार सहनेवाला तथा जीवनमा अनेक विघ्न-बाधाहरू सहने भएको र आफ्नू जीवनका समयको बन्धन सहेर अर्कालाई मित्रभावमा मानेर जीवनमा सान्त्वना दिने भएको, बुद्धिको भित्र निकै गूढातिगूढ विवेकको शक्ति राख्ने खालको, केही उदर विकारको बाधा पाउनेवाला, पुरातत्त्व र पूर्वसंचित शक्तिको न्यूनता पाउने र बढी धन खर्च गर्ने खालको होला।

जुन व्यक्तिको सिंहराशिको बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस विद्या ग्रहण गर्नेवाला तथा सन्तान प्राप्त गर्ने भएको र व्यापारको

कु० नं० १२८१

१२ १० १ ११ ९ २ ८ ३ ५बु. ७ ४ ६

काममा बुद्धि विवेक र परिश्रम एवं गूढ युक्तिहरूले काम सिद्ध पार्ने वाला, पुरातत्त्वको फाइदा पाउने भएको र स्त्री स्थानमा केही व्यथित एवं आशक्ति पाउने भएको, लामू आयु पाउने भएको तथा जीवनको दिनचर्यालाई लौकिक व्यवहार र गृहस्थीका कार्यहरूमा व्यतीत गर्ने भएको तथा मान-सम्मान पाउनेवाला, इन्द्रिय भोगादिक पक्षमा केही कमी र न्यूनता अनुभव गर्ने खालको, दैनिक कार्य-प्रणालीलाई महान् चातुर्यद्वारा पूरा गर्ने भएको, व्यापारमा कहिले काहीं हानि सहनेवाला होला।

जुन व्यक्तिको कन्याराशिको बुध लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस पुरातत्त्व सम्बन्धी संचित शक्ति प्राप्त गर्ने किसिमको तथा जीवनको

कु० नं० १२८२

१२ १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६बु.

दिनचर्यामा अलमस्त र आनन्द अनुभव गर्ने भएको र सन्तान पक्षमा कमी पाउनेवाला, विद्याको पक्षमा पनि न्यूनता पाउने अनि कष्टका साथै दृढता पनि प्राप्त गर्नेवाला, लामू आयु पाउने भएको तथा गूढ युक्तिहरूका साथसाथै सदैव घुमाउरा कुराले आफ्नू प्रभाव दर्शाउने भएको तथा धनको बेवास्तामा विचार गरे पनि आनन्द मान्ने खालको तथा मस्तिष्क र विवेकको शक्तिले धेरै बढी काम गर्ने भएको, कुराकानी गर्दा असत्यलाई पनि सत्यरूपमा साट्न जान्ने भएको निकै बाठो खालको होला।

जुन व्यक्तिको तुलाराशिको बुध लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस पुरातत्त्व सम्बन्धी ज्ञान र पूर्व संचित धनको लाभ पाउनेवाला तथा राम्रो र लामू आयु हुने तथा जीवनको दिनचर्यामा भाग्यमानी कहिने भएको तथा विद्याको माध्यमबाट धार्मिक ज्ञान प्राप्त गर्ने भएको तथा बुद्धि भित्र लौकिक तथा अलौकिक विवेकको महान् शक्तिलाई प्राप्त गर्ने खालको तथा दूरदर्शिता पाउनेवाला तथा धर्म-कर्म पालनको स्थानमा केही कमी पाउने भएको तथा भाग्यको सम्बन्धमा केही चिन्ता पाउनेवाला र दाजु-भाइ दिदी-बहिनीको सम्पर्कमा केही कष्ट-बाधा अनुभव गर्ने भएको र बोल-चालमा सज्जनता दर्शाउने भएको तथा सन्तानवाला र निकै बाठो होला।

कु० नं० १२८३

१२ १० ११ ९ ११ २ ८ ३ ५ ७बु. ४ ६

जुन व्यक्तिको वृश्चिक राशिको बुध लग्नबाट दसौं छ भने त्यो मानिस लौकिक विद्याको शक्ति पाउने भएको तथा सन्तान-शक्ति प्राप्त गर्ने भएको तथा लामू आयु पाउने भएको तथा जीवनको दिनचर्यालाई निकै प्रभावका साथ व्यतीत गर्नेवाला तथा पिता स्थानमा हानि पाउनेवाला तथा व्यापारमा अलि-अलि कष्ट-बाधा सहन गर्ने भएको राज-स्थानमा केही परेशानीका थोरै योग पाउने भएको तथा मातृ-स्थानमा पनि अलिकति बाधा र कष्ट-अनुभव गर्ने भएको अनि बुद्धि तथा विवेकको महान् शक्ति र गुप्त युक्तिहरू द्वारा सामान्य परिश्रम गरेर मान-सम्मानको उन्नति वा समाजमा निकै प्रतिष्ठा प्राप्त गर्न सक्ने खालको व्यक्ति होला।

कु० नं० १२८४

१२ १० ११ ९ ११ २ ८बु. ३ ५ ७ ४ ६

जुन व्यक्तिको धनुराशिको बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस विद्याग्रहण गर्ने भएको र सन्तानको लाभ पाउनेवाला अनि पूर्वसंचित धनको पनि विशेष लाभ पाउने भएको र पुरातत्त्वको गूढ युक्तिहरू द्वारा तथा बुद्धि विवेकको योग्यताले बढी लाभ पाउनेवाला अनि आयुको राम्रो लाभ पाउने भएको र जीवनको दिनचर्यामा लाभ र मनोरंजनको आनन्द विवेक-शक्तिद्वारा प्राप्त गर्ने भएको, निकै चातुर्यले कुराकानी गर्न जान्ने खालको अनि कुरैकुरामा आफ्नू काम सिद्ध पार्नेवाला र आफ्नू यथार्थ लाभको सम्बन्धमा केही न्यूनता अनुभव गर्ने खालको तर जीवन निर्वाहक शक्तिको तर्फबाट निस्फिक्री पाउने खालको होला।

कु० नं० १२८५

१२ १०
१ ११ ९बु.
२ ८
३ ५ ७
४ ६

जुन व्यक्तिको मकर राशिको बुध लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस सन्तानको हानि पाउने खालको तथा विद्यामा न्यूनता पाउने भएको र आयुमा केही दुर्बलताको योग पाउनेवाला तथा पूर्वसंचित पुरातत्त्वको कमजोरी पाउने खालको र बढी धन खर्च गर्नेवाला, जीवनको दिनचर्यामा अशान्ति अनुभव गर्नेवाला, कुराकानी गर्दागर्दै केही गुप्त विवेकको दुर्बल शक्तिद्वारा काम लिन जान्ने र प्रभावमा केही न्यूनता अनुभव गर्ने भएको तथा खर्चको र अन्य स्थानको सम्पर्कमा केही विघ्न-बाधा र केही सहायता पाउनेवाला अनि शत्रुपक्षमा समभाव राख्ने खालको होला।

कु० नं० १२८६

१२ १०बु.
१ ११ ९
२ ८
३ ५ ७
४ ६

कुम्भ लग्नान्तर-गुरुफलम्

जुन व्यक्तिको कुम्भराशिको गुरु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस देहको योग र परिश्रमद्वारा धनको शक्ति वा आमदानी प्राप्त गर्ने

कु० नं० १२८७

१२ १०
१ ११गु. ९
२ ८
३ ५ ७
४ ६

भएको अनि शरीरको मान-सम्मान र इज्जत प्राप्त गर्ने खालको अनि सन्तानको लाभ प्राप्त गर्नेवाला, विद्या प्राप्त गर्नेवाला कुराकानी गर्दा अभिमान साथ आफ्नू स्वार्थका कुरा मात्र गर्ने किसिमको र बुद्धिद्वारा लाभ प्राप्त गर्न जान्ने तथा धर्मको सम्बन्धमा लाभ र ज्ञान पाउने भएको, भाग्यको उन्नति गर्न जान्नेवाला, व्यापारबाट लाभ कमाउने भएको, स्त्री स्थानमा पनि धन पाउने खालको, विपत्तिको परिस्थितिमा पनि आवश्यकताहरूको पूर्ति गर्ने र केही बन्धनयुक्त होला।

जुन व्यक्तिको मीन राशिको गुरु लग्नबाट द्वितीय स्थानमा छ भने

कु० नं० १२८८

१२गु. १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६

त्यो मानिस धेरै धनवान् तथा प्रसस्त लाभ पाउने भएको र आमदानी जोर्ने हृदयबाट नै चेष्टा गर्ने र धनी मावलीको योग पाउने भएको, शत्रु स्थानमा बढी प्रभाव राख्ने, धन प्राप्तिका लागि ठूलो कारबार र बढी प्रपंच एवं परिश्रम गर्नेवाला, पिता स्थानबाट धेरै फाइदा उठाउनेवाला, राजकाज र समाजमा लाभ र इज्जत पाउने भएको, आयु स्थानमा बढी प्रतिष्ठाले समय व्यतीत गर्ने खालको, प्रभावशाली कुटुम्ब भएको प्रतिष्ठित व्यक्ति होला।

जुन व्यक्तिको मेषराशिको गुरु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस पुरुषार्थले धन कमाउने भएको र निकै प्रभावी ढङ्गले व्यापार गर्न जान्ने र व्यापारमा खूब नाफा कमाउने खालको, ससुरालीबाट पनि धनको केही सहायता पाउने भएको र स्त्रीमा सौन्दर्य र स्त्रीबाट धेरै सहायता पाउने खालको, दाजु-भाइको सहायता पाउनेवाला, निकै मूल्यवान परिश्रम गर्नेवाला, धर्म-कर्मको पालन गर्ने भएको, अनेक थरिका लाभ वस्त्र आभूषण, धन इत्यादि प्राप्त गर्ने खालको, भाग्यको उन्नति पाउनेवाला, स्त्रीको भोग सम्बन्धी विषयमा हृदयको केही बढी आसक्ति राख्ने खालको सौन्दर्य प्रेमी होला।

कु० नं० १२८९

१२ १० १ गु. ११ ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको वृषराशिको गुरु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस धन संग्रह गर्ने र धनैबाट इज्जत पाउनेवाला, जीवनको दिनचर्यामा धन-शक्तिको कारणले, आमोद-प्रमोद पाउनेवाला, खर्च कम गर्ने बराबर चेष्टा गरिरहने भएको, पुरातत्त्वसित सम्बन्धित लाभ पाउने र राज-समाजबाट लाभ र इज्जत पाउने खालको, धनले नै गर्दा सुख प्राप्त गर्ने भएको, भूमि-भवनको शक्तिबाट बढी लाभ प्राप्त गर्ने भएको र मातृपक्षमा केही बन्धन र केही लाभ पाउने भएको अनि सुखपूर्वक धन र लाभको वृद्धि गर्ने खालको होला।

कु० नं० १२९०

१२ १० १ ११ ९ २गु. ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मिथुन राशिको गुरु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धेरै बढी बुद्धिमान तथा विद्या संग्रह गर्ने भएको र सन्तान-

कु० नं० १२९१

१२ १०
१ ११ ९
२ ८
३गु. ५ ७
४ ६

शक्ति पाउने खालको, विद्याबाट धन-शक्ति प्राप्त गर्नेवाला, बुद्धि र वाणीद्वारा धेरै बढी मूल्यवान कुरा गर्ने खालको भाग्यको उन्नति पाउने भएको, खूब लाभ पाउनेवाला, शरीरको शक्ति प्राप्त गर्ने र धर्म-कर्मको इज्जत गर्ने खालको, बढी ढाँचा देखाउने भएको, सन्तानबाट धनको सहायता पाउनेवाला, हृदय र धनको शक्तिले विद्या भित्र केही विशेष कला वा चातुर्य प्राप्त गर्ने खालको होला।

जुन व्यक्तिको कर्कराशिको गुरु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस धन-शक्ति पाउनेवाला र मावलीको प्रभाव पाउने खालको, खर्चमा

कु० नं० १२९२

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४गु. ६

न्यूनताको योग पाउने भएको, धनको दुरुपयोग गर्ने खालको, धन-शक्तिले ठूलो प्रभाव कमाउनेवाला, अकस्मात् कहिले सित्तैंको धन पाउने भएको, धन प्राप्तिको सम्बन्धमा प्रभावशाली र बढी परिश्रम गर्ने भएको, उल्टो र संकीर्ण युक्तिले खर्च गर्ने खालको, उन्नतिका लागि र सम्मान वृद्धिका लागि धन र परिश्रमको तागतले काम गर्ने भएको, राज र समाजबाट केही फाइदा प्राप्त गर्नेवाला, अन्यान्य स्थानबाट संकीर्ण सम्बन्ध राख्ने भएको ठूलो प्रपंचले फाइदा प्राप्त गर्ने खालको होला।

जुन व्यक्तिको सिंहराशिको गुरु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस धनको तागतले निकै ठूलो व्यापार गर्ने खालको अनि व्यापारबाट

कु० नं० १२९३

१२ १०
१ ११ ९
२ ८
३ ५गु. ७
४ ६

खूब धन कमाउनेवाला र ससुरालीबाट विवाहको केही दिनपछि धनको वृद्धि पाउनेवाला अनि भोग-विलाससित सम्बन्धित अनेक थरिका लाभ र अनेक पदार्थ प्राप्त गर्ने खालको, गृहस्थीको उत्तमता भित्र बेसरी धनको आनन्द भोग्ने भएको र दाजु-भाइ दिदी-बहिनीको शक्ति पाउनेवाला, तोकिएको आमदानी पर्याप्त रूपमा प्राप्त गर्ने खालको, ठूलो बन्ने फाइदाबाट र दैनिक कर्मको योगले बढी आमदानी पाउनेवाला, धन कमाउने निकै बाठो, पुरुषार्थी होला।

जुन व्यक्तिको कन्याराशिको गुरु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस धन-जनको हानि पाउने भएको, आमदानीको लागि कठोर परिश्रम

कु० नं० १२९४

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६गु.

र परदेश यात्रा आदिको योग पाउनेवाला तर पुरातत्त्वसित सम्बन्धित गूढ धनशक्ति प्राप्त गर्ने भएको, खर्चमा कमीको योग र केही गुप्त खर्चको योग पाउने खालको, धनको तथा परिश्रमको तागतले सुखको वृद्धि गर्नका लागि हृदयबाट नै चेष्टा गर्ने भएको, अन्यान्य स्थानहरूको सम्पर्कमा केही न्यूनता वा संकीर्णता पाउने खालको, आयुमा केही वृद्धि र सम्मान पाउने भएको, धनको सहायता बेला-बेलामा प्राप्त गर्दै रहने खालको होला।

जुन व्यक्तिको तुला राशिको गुरु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको बलले धन प्राप्त गर्ने खालको र आमदानी पनि भाग्य एवं धर्मको सहायताले नै पाउनेवाला तथा हृदयले धर्म-कर्मको ध्यान राख्ने र दाजु-भाइको शक्ति पाउनेवाला, सन्तानलाभ र विद्या बुद्धि एवं चातुर्य प्राप्त गर्नेवाला, लोक र परलोक दुवैको ध्यान राख्नेवाला, बल पुरुषार्थको शक्ति पाउने खालको, हृदय भित्र भाग्य शक्तिको आंशिक दुर्बलता अनुभव गर्ने भएको, अनि धन लाभका कारणहरू द्वारा वा भाग्यबलले धन प्राप्त गर्नेवाला, धनको नै कारणले शरीरमा केही बन्न झैं अनुभव गर्नेवाला स्वाभिमानी होला।

कु० नं० १२९५

१२	११	१०
१		९
२		८
३	५	७गु.
४		६

जुन व्यक्तिको वृश्चिक राशिको गुरु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस धेरै ठूलो व्यापार गर्ने भएको र निकै बढी धन कमाउने खालको अनि धेरै ठूलो इज्जत भएको तथा महान् इज्जतको साथसाथै आमदानी पाउनेवाला, राज-समाजबाट बढी फाइदा र मान-सम्मान प्राप्त गर्ने भएको तथा पिताको महान् शक्ति पाउने किसिमको अनि मातृ-स्थानको केही भर-थेग भेट्टाउने र शत्रु स्थानमा र अल्झोहरू पन्छाउनमा निकै बर्ता प्रभाव पाउने खालको अनि मावली पक्षमा बर्ता प्रभाव पाउने भएको र विशेष धन प्राप्त गर्नको लागि हृदय शक्तिले महान् कर्म गर्नेवाला एवं हृदयभित्र निकै ठूलो गौरव अनुभव गर्ने खालको होला।

कु० नं० १२९६

१२	११	१०
१		९
२		८गु.
३	५	७
४		६

जुन व्यक्तिको धनुराशिको गुरु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै बढी आमदानी स्वतः पाउनेवाला र धनको शक्ति पनि स्वतः

कु० नं० १२९७

१२ १० ९ ११ ९गु. २ ८ ३ ५ ७ ४ ६

पाउने भएको अनि हृदय-भित्रको महान् स्थिरताद्वारा सिद्धि प्राप्त गर्ने भएको, हृदयमा महान् सन्तोष पाउनेवाला सन्तान लाभ पाउने खालको, निकै बढी मूल्यवान् परिश्रम गर्नेवाला र बल एवं पुरुषार्थ पाउने भएको, दाजु-भाइ दिदी-बहिनी धेरै भएको, उत्तम र उज्ज्वल व्यापार गर्नेवाला ससुराली र स्त्रीबाट धनको सहायता शक्ति पाउने भएको तथा व्यापार र स्त्री मनद्वारा चिन्तन गरेर धनको तागतले उन्नति पाउने खालको र स्थिर हृदयको तागतले बुद्धि र विद्यामा कला पाउनेवाला इज्जतदार मनमोजी होला।

जुन व्यक्तिको मकर राशिको गुरु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस धनको कमी र हानि पाउनेवाला, धन प्राप्तिको लागि अन्यान्य

कु० नं० १२९८

१२ १०गु. १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

स्थानको संकीर्ण सम्पर्क पाउने भएको र खर्चमा कमीको योग पाउनेवाला, गुप्त र गलत काइदाले पनि धन खर्च गर्ने भएको, गुप्त रीतिको खर्चशक्ति द्वारा अर्थात् अर्कालाई लोभ देखाएर पनि धन प्राप्त गर्ने भएको र शत्रु स्थानमा र विपक्षीहरूमा धनको प्रभाव पार्न जान्ने खालको, कुटुम्बमा कमी र क्लेश पाउने भएको र अनेक सुख प्राप्तिका साधन धेरै प्रकारले उत्पन्न गर्नेवाला, भवन-भूमि आदिबाट फाइदा पाउने भएको, घुमाउरा उपायहरूबाट भी मावलीबाट फाइदा पाउनेवाला, जीवनको दिनचर्यामा धनाढ्य र वस्त्राभूषणबाट निर्धनको योग पाउने खालको होला।

कुम्भ लग्नान्तर-शुक्रफलम्

जुन व्यक्तिको कुम्भ राशिको शुक्र लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस भाग्य शक्तिले ठूलो सुख भोग्नेवाला, माताको उत्तम र आदर्श सुख प्राप्त गर्ने भएको अनि भूमि-भवनको शक्ति पनि पाउनेवाला, खान-पान एवं वस्त्र इत्यादि सुखद पदार्थलाई सदैव स्वतः वेला-मौकामा प्राप्त गर्ने खालको, धर्म-कर्मको उत्तम पालन गर्नेवाला, दैवी सहायता तथा यश प्राप्त गर्नेवाला र शरीरमा सम्मान सज्जनता तथा उत्तम चातुर्यको कला आदि विभूतिहरू पाउने भएको र दैवी गुणहरूलाई जान्ने खालको, दूरदर्शिता राख्ने खालको र गृहस्थीको सम्बन्धमा स्त्री-सुख र व्यापारको शक्तिलाई केही वैमनस्यताद्वारा नै पाउने खालको होला।

कु० नं० १२९९

१२ १० १ ११शु. ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मीन राशिको शुक्र लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन प्राप्त गर्नेवाला, धनको वृद्धिमा नै सुख सौभाग्यको महानता अनुभव गर्ने खालको अनि धेरै कुटुम्ब हुने, भवन-भूमि भएको, भाग्यको महानता पाउने खालको, धर्म संचय गर्न जान्ने, भाग्यको सहायताले कोष वृद्धि पाउने भएको तथा जीवनको दिनचर्यामा केही न्यूनता अनुभव गर्नेवाला अनि धन-वृद्धिका लागि महान् चातुर्यले काम सिद्ध पार्ने भएको, सुख-शान्तिको सम्बन्धमा केही बन्धन र केही वृद्धिको योग पाउनेवाला र पुरातत्त्व शक्तिको सम्बन्धमा केही दुर्बलता ठान्ने खालको माननीय व्यक्ति होला।

कु० नं० १३००

१२शु. १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मेषराशिको शुक्र लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस पुरुषार्थ शक्तिद्वारा सुखपूर्वक भाग्यको उन्नति गर्ने भएको, धर्म-कर्मको पालन गर्ने र भूमि-भवनको सम्पत्ति पाउने, धेरै दाजु-भाइ दिदी-बहिनी हुने भएको र मातृ-स्थानको शक्ति पाउनेवाला, राम्रो कद-काठीको, बर्ता चातुर्य र दूरदर्शिता राख्ने र यश प्राप्त गर्नेवाला तथा दैवी शक्तिको सहयोग पाउने भएको र भाग्यबललाई बुझ्ने भएको, अनि प्रभाव शक्ति राख्ने भएको र न्याय शक्तिद्वारा काम सिद्ध पार्न कुशल अनि इहलोक र परलोक दुवै पालन गर्ने खालको, थोरै धनले धेरै काम गर्ने शान्तिप्रिय व्यक्ति होला।

कु० नं० १३०१

१२　१०
१ शु.　११　९
२　८
३　५　७
४　६

जुन व्यक्तिको वृषराशिको शुक्र लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस धर्म-कर्मको पालन गर्ने भएको, भूमि-भवनको योग पाउने खालको, मातृ-स्थानको शक्ति भेट्टाउने र भाग्य-स्थानबाट सुख प्राप्त गर्नेवाला, अनि दैवीकलाबाट सुख-शक्तिको सामर्थ्यको संचार गर्ने, व्यापार गर्ने र पिता-स्थानबाट लाभ पाउने भएको, मान-सम्मान प्राप्त गर्नेवाला, अनि धार्मिक कार्यहरूबाट वा बढी चातुर्यहरू द्वारा आफ्नू उन्नति एवं प्रतिष्ठा पाउने खालको, सुखका साधनहरूमा स्थिरताले अन्न-वस्त्र र आवश्यक पदार्थहरू पाउनेवाला तथा राज-समाजबाट सुख प्राप्त गर्ने खालको निकै बाठो व्यक्ति होला।

कु० नं० १३०२

१२　१०
१　११　९
२शु.　८
३　५　७
४　६

जुन व्यक्तिको मिथुन राशिको शुक्र लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्या बुद्धिको योगद्वारा भाग्योदय प्राप्त गर्नेवाला तथा धार्मिक र दैवीज्ञान प्राप्त गर्ने भएको अनि उत्तम सन्तान सुख पाउने खालको, विद्या भित्र नै महान् कला तथा बुद्धिमा भाग्यको सम्बन्धको ज्ञान प्राप्त गर्ने भएको, मातृ-स्थानको सहायक शक्ति पाउने भएको, भवन-भूमिको सुख प्राप्त गर्नेवाला र बुद्धि तथा वाणीले परमार्थ धनको पालन गर्नेवाला र भाग्य सम्बन्धी दैवी गुणहरूलाई अनेक रूपले लेखहरूमा प्रकाशित गरेर सुख पुऱ्याउने खालको तथा सुयश प्राप्त गर्ने र बढी लाभ एवं सुख अनि अनेक आवश्यक पदार्थ तथा शील सन्तोष पाउने खालको र सत्यवादी, दूरदर्शी होला।

कु० नं० १३०३

१२ १०
१ ११ ९
२ ८
३शु. ५ ७
४ ६

जुन व्यक्तिको कर्कराशिको शुक्र लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस धर्म-विरुद्ध काम गर्नेवाला, भाग्यमा दुर्बलता पाउनेवाला, मातृ स्थानमा विरोध पाउने र सुख शान्तिमा बाधा पाउने खालको अनि भाग्योन्नतिका लागि निकै बटारिएका युक्तिहरूबाट र परिश्रम एवं अशान्तिले लाभ पाउनेवाला अनि निकै ठूलो कलाधारी रचनात्मक उपायहरूबाट सफलता पाउने भएको, न्याय अन्यायको वास्ता नगरेर स्वार्थ-सिद्धि गर्न जान्ने खालको र धेरै धन खर्च गर्ने अनि गुप्त युक्तिहरूका महान् उपायहरूबाट सफलता पाउने भएको, न्याय अन्यायको वास्ता नगरेर स्वार्थसिद्धि गर्न जान्ने खालको र धेरै धन खर्च गर्ने अनि गुप्त युक्तिहरूका महान् उपायहरूबाट शत्रुलाई थिच्ने तथा प्रभाव पाउने भएको र निकै बाठो कूटनीतिज्ञ एवं केही बीमारी वा रोगको औषधि आदि धर्मार्थ बाँड्ने खालको र केही अन्यान्य व्यक्तिको कष्ट निवारण गर्ने किसिमको होला।

कु० नं० १३०४

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४शु. ६

जुन व्यक्तिको सिंहराशिको शुक्र लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस गृहस्थीको सुख-सौभाग्य पाउनेवाला, त्यति भएर पनि गृहस्थीमा केही आनन्दको न्यूनता पाउनेवाला, आमा र स्त्रीको पक्षमा सुखको प्राप्ति भएर पनि केही न केही कष्ट-बाधाको अनुभव गर्नेवाला, व्यापारमा केही परिश्रम गरेर भाग्यवृद्धि पाउने भएको, लौकिक सुखभोग प्राप्त गर्ने खालको, भवन-भूमि आदिबाट केही शक्ति पाउने भएको, अनि शरीरमा सुख-सौभाग्य पाउने खालको अनि मान-सम्मान, यश पाउने र विलक्षण चातुर्यहरूबाट काम सिद्ध पार्न जान्ने भएको, गृहस्थीका कामहरूमा केही परमार्थ धर्मको पालन गर्ने र व्यापारमा केही सन्ताप र सत्यताबाट काम लिने खालको होला।

कु० नं० १३०५

१२ — १०
१ — ११ — ९
२ — ८
३ — ५शु. — ७
४ — ६

जुन व्यक्तिको कन्याराशिको शुक्र लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस धर्मको सम्बन्धमा महान् दुर्बलता पाउनेवाला, मातृस्थानको हानि पाउने भएको, सुखको सम्बन्धमा कमी पाउने खालको, भूमि-भवन तथा सम्पत्ति आदिमा कमी पाउने भएको, र दुःखी रहनेवाला, भाग्यमा दुर्बलता अनुभव गर्ने भएको, उन्नतिका लागि ठूला-ठूला अशान्ति र विदेश आदिको योगले ढीलो केही फल पाउनेवाला तर धन बढी पाउने चेष्टा गर्ने र बढी धनको सम्पर्कमा नै मनमा सुख मान्ने भएको र धनलाई नै ईश्वर ठान्ने भएको, भाग्य वृद्धिका लागि निकै बर्ता गुप्त चालहरू चल्नेवाला तथा जीवनमा अशान्तिको योग पाउने खालको होला।

कु० नं० १३०६

१२ — १०
१ — ११ — ९
२ — ८
३ — ५ — ७
४ — ६शु.

जुन व्यक्तिको तुलाराशिको शुक्र लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यमानी तथा धर्म-कर्मको पालन गर्न जान्ने, निकै बढी यश प्राप्त गर्ने मातृस्थानको ठूलो शक्ति पाउनेवाला र भवन-भूमि सम्पत्ति आदिको महानता पाउने भएको तथा सुखपूर्वक भाग्य वृद्धि स्वतः प्राप्त गर्नेवाला, भाग्यबलले खूब सुख-शक्ति प्राप्त गर्ने खालको तथा धर्मात्मा आमा पाउने भएको र दैवी-शक्तिको महान् सहायता पाउने भएको र ईश्वरमा निष्ठा र विश्वास राख्नेवाला, दाजु-भाइ दिदी-बहिनीको सुन्दर योग पाउने भएको तथा पुरुषार्थ बलको सुख पाउनेवाला र धर्मको एवं भाग्यको महान् कला प्राप्त गर्ने भएको, निकै दूरदर्शी परमज्ञानी र बाठो होला।

कु० नं० १३०७

१२ १० १ ११ ९ २ ८ ३ ५ ७शु. ४ ६

जुन व्यक्तिको वृश्चिक राशिको शुक्र लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस भाग्य बलले धेरै ठूलो पदवी पाउनेवाला, राज-समाजबाट प्रभुत्व र फाइदा पाउने भएको, माता-पिताको परमशक्तिको सौभाग्य पाउनेवाला, भवन भूमि-सम्पत्तिको शक्ति पाउने भएको, राजसी सुख भोग्नेवाला, धर्म-कर्मको पालन गर्ने भएको, आफ्नू व्यापार कार्यमा र उन्नतिको मार्गमा निकै ठूलो चातुर्यहरू द्वारा वा योग्यताले काम पूर्ण पार्ने भएको तथा न्याय र शान्तिको इच्छुक अनि कुनै कलापूर्ण महान कार्य पनि गर्नेवाला, स्वार्थ र परमार्थको बराबर ध्यान राख्ने भएको अनि दैवी-शक्तिको भर पाउनेवाला, इज्जतदार यशस्वी होला।

कु० नं० १३०८

१२ १० १ ११ ९ २ ८शु. ३ ५ ७ ४ ६

जुन व्यक्तिको धनुराशिको शुक्र लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस भाग्यको तागतले निकै बढी लाभ पाउनेवाला तथा मातृस्थानको

कु० नं० १३०९

१२		१०
१	११	९शु.
२		८
३	५	७
४		६

सहायक शक्ति पाउने र भवन-भूमिको लाभ पाउनेवाला, इच्छित सुख प्राप्त गर्नेवाला तथा धर्मको लाभ पाउने र आमदानीको योगबाट केही धर्म-कर्म गर्न रुचाउने अनि अन्न-वस्त्राभूषण इत्यादि अनेक आवश्यक पदार्थ स्वतः सुखपूर्वक चातुर्यद्वारा प्राप्त गर्ने तथा विद्या ग्रहण गर्ने भएको अनि कुराकानी गर्दा निकै सज्जनता र शीलताले काम सिद्ध पार्न जान्ने, बढी दूरदर्शी परम विवेकी, स्वार्थ-परमार्थले युक्त होला।

जुन व्यक्तिको मकर राशिको शुक्र लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस आफ्नू भाग्यको तागतद्वारा र मातृस्थानको तागतबाट धेरै बढी धन

कु० नं० १३१०

१२		१०शु.
१	११	९
२		८
३	५	७
४		६

खर्च गर्ने खालको तथा भाग्यमा बढी दुर्बलता पाउने भएको, मातृ स्थानको हानि पाउने खालको तथा भवन-भूमि आदि निवास स्थानमा पनि दुर्बलता पाउने भएको अर्थात् सुखमा बाधा पाउने खालको तथा धर्मको सम्बन्धमा न्यूनता (कमी) पाउने भएको र खर्च स्थानबाट केही परमार्थ पनि गर्ने खालको र अन्यान्य स्थानको सहयोगबाट केही भाग्यको उन्नति पाउने भएको तर भाग्यको लागि ढीलो-चाँडो र उल्टो-सोझोबाट बढी चातुर्य र सज्जनताले फाइदा पाउने भएको तथा खर्च र अन्यान्य स्थानको सम्पर्कबाट सुख-शान्ति पाउने भएको तथा यशमा कमी पाउनेवाला, शत्रु पक्षमा न्यूरिएर आफ्नू काम पूर्ण पार्न जान्ने खालको होला।

कुम्भ लग्नान्तर-शनिफलम्

जुन व्यक्तिको कुम्भराशिको शनि लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शरीरभित्र केही दुर्बलताको योग पाएर पनि दृढता राख्ने भएको

कु० नं० १३११

१२ १० १ ११श. ९ २ ८ ३ ५ ७ ४ ६

तथा केही सौन्दर्य पाउने खालको तथा आफूभित्र आत्मबल र स्वाभिमान कायम राख्ने र केही ख्याति प्राप्त गर्नेवाला केही भ्रमण गर्ने भएको र अन्यान्य स्थानहरूमा निकै बढी आदर र मान-सम्मान प्राप्त गर्नेवाला, खूब शानदार खर्च गर्ने भएको र दाजु-भाइको स्थानमा हानि र कमी पाउने खालको अनि पुरुषार्थ बलमा र परिश्रमको स्थानमा कमी पाउने भएको र स्त्री एवं पिताको स्थानमा क्लेश र न्यूनता पाउने खालको तथा रोजगार र व्यापार एवं प्रतिष्ठा आदिमा केही कमी (न्यूनता) पाउने भएको अनि राज-समाजमा पनि केही न्यूनता पाउने खालको होला।

जुन व्यक्तिको मीन राशिको शनि लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस आफ्नू शरीरद्वारा सदैव धन वृद्धिको चेष्टामा लागिरहने

कु० नं० १३१२

१२श. १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

खालको, धनस्थानमा कहिले काहीं हानिहरू पनि पाउने भएको तथा अन्यान्य स्थानको सम्पर्कबाट र खर्चको सम्बन्धमा धन स्थानमा हानि र वृद्धिको योग पाउने खालको अनि शरीरमा केही बन्धन वा बाधा-कष्ट पनि अनुभव गर्ने भएको र आमा र भूमिको सम्पर्कबाट केही फाइदा पाउने खालको र सुख प्राप्तिको बढी ध्यान राख्ने भएको तथा बढी लाभ प्राप्तिका लागि अनेक थरिका साधन उत्पन्न गर्न जान्ने खालको, जीवनको दिनचर्यामा केही गौरव मान्ने भएको, खर्चलाई रोक्न बराबर चेष्टा गर्ने र पुरातत्त्व खोजी होला।

जुन व्यक्तिको मेष राशिको शनि लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस बढी नै थकाई मान्ने भएको तथा गुप्त रीतिले परिश्रम गर्ने खालको र शरीरमा दुर्बलता पाउने भएको तथा पुड्को र निर्धो शरीर भएको अनि सौन्दर्यमा पनि न्यूनता पाउने खालको, बढी धन व्यय गर्ने खालको र खर्चलाई रोक्न र घटाउनको बराबर चेष्टा गर्दै रहने भएको र त्यति गर्दा पनि खर्चको वृद्धिमा योग पाउने खालको दाजु-भाइको हानि पाउने र केही उल्टो वा संकीर्ण मार्गको अनुसरण वा उल्टो रीतिको खर्च पनि गर्ने भएको अनि सन्तान पक्षमा केही हानि वा शक्ति प्राप्त गर्ने खालको, भाग्यको वृद्धि पाउने वाला, केही धर्म-कर्मको शक्ति पाउने भएको तथा गुप्तसाहस राख्ने खालको होला।

कु० नं० १३१३

१ शा.	१२	१०
	११	९
	२	८
३	५	७
	४	६

जुन व्यक्तिको वृषराशिको शनि लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस प्रभावशाली आत्मज्ञानी र उत्तम शरीरवाला तथा सुखपूर्वक शरीरको रक्षा गर्नेवाला, मातृस्थानमा केही हानि पाउने तर केही अन्य स्त्रीहरूको वेला-वेलामा मातृवत् सहयोग पाउनेवाला र सुखको वातावरणमा केही दुर्बलता पाउने खालको अनि भवन-भूमि आदिको स्थानमा पनि केही कमी पाउने खालको, कष्ट-बाधाहरूमा र शत्रु स्थानमा बढी प्रभाव राख्न जान्ने अनि स्वाभिमानको निकै बढी रक्षा गर्दै रहने भएको, खर्चको दुरुपयोग र बहिरी कारणहरूबाट शरीरमा केही बाधा-कष्ट र केही दुर्बलता पाउने खालको, अनि अन्यान्य स्थानहरूको सम्पर्कबाट मान-सम्मान र ख्याति पाउने साहसी होला।

कु० नं० १३१४

१	१२	१०
	११	९
	२श.	८
३	५	७
	४	६

जुन व्यक्तिको मिथुनराशिको शनि लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस विद्यामा अधिकार राख्ने भएको तर विद्यामा केही कमी पाउने

कु० नं० १३१५

१२ १०
१ ११ ९
२ ८
३श. ५ ७
४ ६

खालको र बुद्धिमा आत्मज्ञानको शक्ति पाउनेवाला, सन्तान पक्षमा अलि न्यूनताका साथसाथै निकै बढी शक्ति र गौरव प्राप्त गर्ने भएको, स्त्री वा धनको पक्षमा केही वैमनस्यताको संयोग पाउने खालको, व्यापारको मार्गमा अलि बाधा-कष्टहरू भएता पनि संलग्नता साथ काम गर्ने भएको, कुराकानी गर्दा केही अलिकति उल्टो-सोझो र आत्मबलका साथ बोल्नेवाला, धन खर्चका कारणहरूबाट अलिकति हानिको योग पाउने खालको, वृद्धिद्वारा शक्ति पाउने बुद्धिमान र साहसी होला।

जुन व्यक्तिको कर्कराशिको शनि लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस प्रभावशाली काम गर्नेवाला, केही परतन्त्रताको अन्तर्गत महानता

कु० नं० १३१६

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४श. ६

पाउने भएको, सौन्दर्यको केही कमी पाउने खालको, घेराउ र कष्ट-बाधाहरूको भित्र पनि बढी धैर्य र साहसपूर्वक काम गर्ने भएको, दाजु-भाइको स्थानमा दुर्बलता पाउनेवाला र शत्रुहरूको वास्ता नगर्ने खालको अनि जीवनको दिनचर्यामा प्रभाव शक्ति र गौरव पाउने भएको, खर्चको स्थानमा कमीको प्रयत्न गर्दै रहे पनि बढी खर्च गरिरहने खालको निकै बांगा र अपठेरा युक्तिहरूलाई आत्मबलको शक्तिद्वारा प्रयोग गरेर आफ्नू प्रभावको वृद्धि गर्न जान्ने भएको तथा स्वार्थयुक्त रहनाले दयाले काम नलिने खालको होला।

जुन व्यक्तिको सिंह राशिको शनि लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस आफ्नू गृहस्थ जीवनमा कष्ट-बाधा अनुभव गर्नेवाला, स्त्री-स्थानमा

कु० नं० १३१७

१२ १०
१ ११ ९
२ ८
३ ५श. ७
४ ६

आशक्ति र कमी तथा वैमनस्यताको योग पाउनेवाला, व्यापार भित्र पसेर काम गर्दै रहेर पनि केही हानिहरू र परेशानीहरू पाउनेवाला अनि भाग्यमानी कहिने खालको एवं धर्म-कर्मको उत्तम ध्यान राख्नेवाला तथा लोक र परलोक दुवैको कर्त्तव्य पालन गर्ने भएको अनि आफ्नू दैनिक कार्य स्थानबाट व्यक्तित्वको प्रभाव पाउने खालको र खर्चका कारणबाट कष्ट-बाधा अनुभव गर्ने खालको र आत्मबलको तागतद्वारा सुखको निकै बर्ता अनुभव गर्ने भएको तथा रसिक प्रवृत्तिको र पुड्को कदको व्यक्ति होला।

जुन व्यक्तिको सिंहराशिको शनि लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस निकै ठूलो गुप्त-शक्ति सम्पन्न होला। अनि डरलाग्दो काम गर्दै

कु० नं० १३१८

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६श.

रहनेवाला तथा शरीरमा केही कमी पाउने भएको र रोग-व्याधिले ग्रसित रहनेवाला, सौन्दर्यमा कमी पाउनाले खिन्न रहने भएको आफ्नू उन्नति र मान-सम्मान प्राप्तिका लागि ठूला-ठूला कठिन कार्य गर्ने खालको र पिता स्थानमा वैमनस्यताको सम्बन्ध पाउने खालको र सन्तान पक्षमा केही शक्ति प्राप्त गर्ने अनि बुद्धि स्थानमा ठूलो आत्मबलले काम सपार्ने, विद्या ग्रहण गर्नेवाला र कूट युक्तिहरूलाई बुद्धि र वाणी एवं कर्मद्वारा प्रयोग गर्न जान्ने तथा खर्चमा न्यूनता पाउने भएको, पुरातत्त्वको लाभ पाउने खालको होला।

जुन व्यक्तिको तुलाराशिको शनि लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस राम्रो सल क्षक मिलेको शरीरवाला, भाग्यमानी कहिने र भाग्यमानी

कु० नं० १३१९

	१२	१०	
१	११		९
२		८	
३	५		७श.
	४	६	

झैं देखिने खालको र धन प्राप्तिको लागि कठोर श्रम बेसरी गर्ने भएको तथा धार्मिक आचरण गर्दै रहने भएको अनि निकै सज्जनताले निवास गर्ने खालको, शत्रु स्थानमा निकै बढी प्रभाव राख्ने भएको दाजु–भाइ दिदी-बहिनीको स्थानमा केही न्यूनता पाउनेवाला, पुरुषार्थ बलमा पनि केही कमी पाउने भएको र खूब बर्ता धन खर्च गर्ने खालको, अन्यान्य स्थानहरूको बढी सम्पर्क पाउनेवाला र केही अपठेरा मार्गमा आत्मशक्ति प्रयोग गरेर वृद्धि पाउने र मस्त निडर होला।

जुन व्यक्तिको वृश्चिक राशिको शनि लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस निकै प्रभावशाली कर्महरू गर्ने खालको तथा विशेष प्रभाव पाउने

कु० नं० १३२०

	१२	१०	
१	११		९
२		८श.	
३	५		७
	४	६	

भएको र अन्यान्य स्थानको महान् शक्ति पाएर बर्ता कष्टकर र बढी आत्मबलले शरीरद्वारा विशेष इज्जत प्राप्त गर्नेवाला र बढी धन खर्च गर्ने भएको, पिताको स्थानमा केही हानि र केही प्रभाव पाउनेवाला अनि स्त्री स्थानमा पनि न्यूनता भेट्टाउने तथा केही वैमन्यस्यता पाउनेवाला र मातृस्थानमा मित्रता वा केही दुर्बलता पाउने खालको र शरीरमा कमजोरी र हुकुम राख्ने खालको अनि दैनिक व्यापार वा मान-सम्मान आदिमा केही हानि नोक्सानी, केही कष्ट-बाधा पाउने खालको बढी उग्र कर्मेष्ठी होला।

जुन व्यक्तिको धनुराशिको शनि लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धन कमाउनेवाला र विशेष नाम पाउने खालको अनि अन्यान्य स्थानको सम्बन्धले वा शरीरको योग तथा परिश्रम द्वारा निकै बढी उन्नति गर्ने भएको, बढी धन खर्च गर्ने भएको र खर्च रोकेर कम पार्ने चेष्टा गरिरहने भएको, बुद्धिस्थानमा बढी बल दिने तथा पुरातत्त्वको गहीरो चालबाट फाइदा पाउने र खर्च शक्तिको बलद्वारा आमदानीमा वृद्धि पाउने भएको तथा आत्मबलको शक्तिले पनि धनको वृद्धि भेट्टाउने र सन्तान वा आयुमा पनि उन्नति र अलिकति न्यूनता पाउने खालको र आफ्नू शरीरका लागि यथार्थ लाभमा केही कमी पाउने खालको व्यक्ति होला।

कु० नं० १३२१

१२ १०
१ ११ ९श.
२ ८
३ ५ ७
४ ६

जुन व्यक्तिको मकर राशिको शनि लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी धन खर्च गर्ने र शरीर भित्र दुर्बलता पाउने भएको अनि अन्य स्थानमा आत्मस्थिति हुनाले गर्दा आत्मबलमा कमजोरी पाउनेवाला तथा धन-वृद्धिको लागि बढी चेष्टा गर्ने भएको एवं भाग्यमा वृद्धि पाउनेवाला, धर्म-कर्मको पालन र विशेष ध्यान राख्ने भएको र बाहिरी स्थानहरूमा मान-सम्मान पाउनेवाला, अन्य स्थानहरूको सम्पर्क र खर्चको शक्तिबाट केही राम्रो उन्नति पाउने खालको तथा शत्रु स्थाममा प्रभाव पाउने भएको र धन-स्थानमा केही हानिहरू पनि पाउने खालको अनि कुटुम्बको सम्बन्धमा केही हानि र केही वृद्धिको योग पाउने अशान्त हृदयको होला।

कु० नं० १३२२

१२ १०श.
१ ११ ९
२ ८
३ ५ ७
४ ६

कुम्भ लग्नान्तर-राहुफलम्

जुन व्यक्तिको कुम्भराशिको राहु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शरीरमा केही कष्ट-बाधाको योग पाउने भएको तथा केही विपत्तिहरूको पनि योग पाउने खालको र निकै बर्ता सतर्कता र गुप्त युक्तिहरूले काम लिन जान्नेवाला र आफ्नू कीर्ति र नामको प्रभाव प्राप्त गर्नका लागि धेरै ठूलो प्रयत्न गर्ने भएको तथा आफ्नो अमर नामको इच्छा गर्ने खालको, त्यसै कारण अनेक कष्टसाध्य उपाय संकटकालमा पनि बडो धैर्य राख्नेवाला, कहिले काहीं सज्जनता र कठोरता मिसिएको काम पनि गर्नेवाला र सदैव आफ्नू स्वार्थसिद्ध गर्ने प्रयत्नहरूमा लागिरहनेवाला तथा आफ्नू बलियो (दरिलो) भित्र केही दुर्बलता वा न्यूनता अनुभव गर्ने खालको व्यक्ति होला।

कु० नं० १३२३

१२ १० १ ११रा. ९ २ ८ ३ ५ ७ ४ ६

कु० नं० १३२४

१२रा. १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मीन राशिको राहु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनस्थानमा हानि र न्यूनता पाउने भएको, कुटुम्बमा क्लेश र कमी पाउने अनि धनको सम्बन्धमा ठूला-ठूला विपत्तिहरू सहनेवाला, धनको पक्षमा अन्यसित सहारा र ऋण इत्यादिले काम चलाउने भएको, धनस्थानमा अकस्मात् कहिले काहीं पहीरो आघात सहने खालको, धनको कमीलाई पूरा गर्नको निम्ति धेरै बर्ता र बढी प्रयत्न गर्नेवाला, धनको पक्षमा निकै भलादमी वा गौरव एवं सज्जनताले काम लिन जान्ने, धनको सम्बन्धमा बाहिरी प्रदर्शनमा भित्रको दुर्बलताले केही गुप्त वेदना सहने खालको अशान्त होला।

जुन व्यक्तिको मेष राशिको राहु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै तीक्ष्ण पुरुषार्थ गर्ने भएको, दाजु-भाइको स्थानमा कष्ट वा क्लेश सहनेवाला, धेरै बढी उन्नति प्राप्तिका लागि ठूल-ठूला दौड-धूप गर्नेवाला, आफ्नू स्वार्थका लागि निकै बढी गुप्त उपायहरूले काम सिद्ध पार्न जान्ने, आफ्नू शक्ति माथि ठूला-ठूला आघात भइरहे पनि निकै साहस र सतर्कताले काम लिनेवाला, गुप्तरूपले सदैव प्रधान शक्तिको संचय गर्न लागिरहनेवाला, धेरै उच्च लाभको प्राप्तिका लागि असम्भव-सामर्थ्य भन्दा पनि बढी प्रभावशाली, पुरुषार्थी होला।

कु० नं० १३२५

१२　१०
१ रा.　११　९
२　८
३　५　७
४　६

जुन व्यक्तिको वृष राशिको राहु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृस्थानमा हानि र क्लेश वा केही छुट्टिने योग पाउनेवाला र सुखका साधनहरूमा केही कमी पाउने भएको र सुखको स्थायी तागतका लागि अनेक थरिका साना-ठूला युक्तिहरूलाई गुप्त रूपमा प्रयोग गर्न जान्ने भएको र अनेक थरिका झ्याउला टरेपछि सुख प्राप्तिको बलियो साधन फेलापार्ने भएको र भवन-भूमि आदिको व्यवस्थामा अलिकति न्यूनता पाउने खालको र कहिले काहीं सुख-शान्ति भित्र घोर सङ्कट पाउने भएको अनि अलि विशेष सुख प्राप्तिका लागि अनधिकार चेष्टा पनि गर्ने खालको होला।

कु० नं० १३२६

१२　१०
१　११　९
२ रा.　८
३　५　७
४　६

जुन व्यक्तिको मिथुन राशिको राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस धेरै बर्ता बोल्नेवाला तथा आफ्नू मस्तिष्क भित्र धेरै ठूलो तेजी र चातुर्य राख्न सक्ने भएको, अर्कालाई मूर्ख तुल्याउने सदैव चेष्टा गर्ने भएको, विद्या ग्रहण गर्नेवाला तथा गुप्त युक्तिका शक्तिको नै धेरै ठूलो आधार मान्ने भएको अनि बुद्धिको यथार्थता नै केही न्यूनता पाउने खालको र स्वार्थको कुरा गर्दै रहनाले वेला-वेलामा सत्य-असत्यको वास्ता नगर्ने खालको र आफूलाई महान् विद्वान् सम्झनेवाला, केही सन्तानको कष्ट पाउने होला।

कु० नं० १३२७

१२ १०
१ ११ ९
२ ८
३रा. ५ ७
४ ६

जुन व्यक्तिको कर्क राशिको राहु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस मावली पक्षमा हानि पाउनेवाला र शत्रुस्थानमा निकै प्रभाव पार्न जान्ने भएको तथा शत्रु स्थानलाई दमन गर्ने खालको तर शत्रु पक्षबाट अलिकति चिन्ता पाउने र गुप्त युक्तिहरू वा निकै घुमाउरा चातुर्यहरूका साथै साना-ठूला सफलता प्राप्त गर्नेवाला, धेरै थरि कष्ट-बाधा र विपत्तिहरूको वास्ता नगरेर आफ्नू सुरक्षाको साधन प्राप्त गर्ने भएको, मनोयोगको निकै बढी र गहीरो एवं गूढ चालहरू चल्न जान्ने तथा आफ्नू स्वार्थसिद्धिको सामुन्ने अर्काको लाभको वास्ता नगर्ने खालको, निकै सावधान र सतर्क रहने होला।

कु० नं० १३२८

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४रा. ६

जुन व्यक्तिको सिंहराशिको राहु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री-स्थानमा हानि पाउने भएको, स्त्री-पक्षबाट क्लेश सहनेवाला, स्त्रीसित सम्बन्धमा गुप्त युक्तिहरूबाट र कठिन नीतिले काम बनाउने खालको, अनि ससुराली पक्षमा र भोगादि पक्षमा दुर्बलता पाउने भएको र व्यापारमा ठूला-ठूला सङ्कट सहने भएको अनि व्यापारमा हानि सहने खालको र व्यापारकै लाइनमा अनेक गुप्त र कठिन युक्तिहरूद्वारा काम सिद्ध पार्ने खालको र बर्ता परिश्रमको काम गर्नेवाला तथा अनेक झ्याउलाहरूको समावेश पाउने भएको, गृहस्थी र व्यापारमा केही नाजायज फाइदा पाउने खालको होला।

कु० नं० १३२९

१२ १० १ ११ ९ २ ८ ३ ५रा. ७ ४ ६

जुन व्यक्तिको कन्या राशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नो जीवनको दिनचर्यामा अलि झ्याउलाहरूको साथैसाथ केही गौरव पनि अनुभव गर्ने खालको र महान् गहीरो युक्तिहरूको प्रयोग गरेर अत्यन्त गूढ फाइदा कमाउने खालको र जीवन निर्वाह गर्ने शक्तिलाई चातुर्यहरूले प्राप्त गर्ने खालको अनि पैत्रिक सम्पत्तिमा केही अनावश्यक बाधा पाउने भएको अनि पेटभित्र तल्लो भागमा केही उदर विकारको सामान्य बाधा पाउने भएको र गुप्त शक्तिको हिम्मतको धेरै बढी भरोसा मान्ने खालको तथा बर्ता साना-ठूला कुराहरू विचार गर्ने खालको होला।

कु० नं० १३३०

१२ १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६रा.

जुन व्यक्तिको तुलाराशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूल-ठूला युक्तिले भाग्यको वृद्धि गर्ने भएको, भाग्य स्थानमा केही बाधा र विपत्ति पनि सहन गर्नेवाला तथा सुयश प्राप्तिको स्थानमा केही कमी पाउने भएको तथा दैवी सहायताको भरोसा नगरेर सांसारिक नियमलाई धेरै बढी मान्ने भएको तथा धर्म-संग्रह गर्ने सम्बन्धमा दुर्बलता पाउने खालको तर कुनै पनि स्वार्थ पूर्ति गर्नका लागि जुनसुकै धर्मको पालन गर्न तयार हुनेवाला तथा धर्मको ठूलो आडम्बर सदैव गर्न सक्ने भएको र भाग्यको दुर्बलतालाई सदाको निम्ति पन्छाउने प्रयत्न गर्दै रहने खालको होला।

कु० नं० १३३१

१२ १० / १ ११ ९ / २ ८ / ३ ५ ७रा. / ४ ६

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता-स्थानमा कष्ट सहने भएको र व्यापार आदिमा ठूला-ठूला बाधाहरू सहन गर्ने तथा साना-ठूला झ्याउलाबाट निस्केर काम चलाउने र समाजको काममा पनि अनेक कष्ट सहने भएको तथा मान-सम्मान र पदोन्नतिमा बाधा र कमी पाउने भएको र सबैतिरको उन्नतिका लागि अनेक थरिका गुप्त युक्तिहरूबाट महान् कठिन कर्मयोगले काम गर्नेवाला र आफ्नू इज्जत र वचनको रक्षा गर्नका लागि अनेक प्रकारका हानिहरू पनि सहने भएको, उच्च दाउ चल्ने खालको साहसी होला।

कु० नं० १३३२

१२ १० / १ ११ ९ / २ ८रा. / ३ ५ ७ / ४ ६

जुन व्यक्तिको धनुराशिको राहु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस गुप्त चालहरू र गुप्त योजनाहरूद्वारा केही धन प्राप्त गर्नेवाला, प्रत्यक्ष आमदानीमा कमी र असन्तोष पाउने भएको, केही अनुचित र अनधिकार थोरै लाभ पाउने बढी गुप्तरूपले पनि प्रयत्न गर्ने भएको, आफ्नू फाइदाको दृष्टिकोणको सामुन्ने अर्काको नोक्सान वा कष्टको अलिकति पनि वास्ता नगर्ने भएको, सदैव आफ्नै फाइदाको गुप्त चिन्तन गरिरहनेवाला, आफ्नू प्रयोगको वस्तुहरूमा वा आवश्यक पदार्थहरूमा न्यूनता अनुभव गर्ने खालको, आमदानीका लागि अनेक बाधा-कष्ट आइपर्ने काम गर्ने खालको होला।

कु० नं० १३३३

१२ १० १ ११ ९रा. २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मकर राशिको राहु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस अनावश्यक खर्चको योजनाहरू पाउनेवाला र खर्चका कारणहरूले सुख-दुःख अनुभव गर्ने भएको, खर्चको क्रममा ठूल-ठूला युक्तिहरूद्वारा दृढतासाथ काम गर्न जान्ने र खर्चको लागि अनेकानेक किसिमका विचारद्वारा गुप्तरूपले काम पूर्ण पार्ने र अन्यान्य स्थानहरूको सम्पर्कमा झ्याउला र कष्ट-बाधाको योग पाउने भएको अनि अरूहरूको बाहिरी वातावरणको सम्बन्धमा ठूला-ठूला युक्तिहरू र उपायहरूबाट आफ्नू काम सिद्ध पार्ने र अन्यलाई देखाउन र प्रतीत पार्नलाई आफूभित्र कमी अनुभव गर्ने खालको होला।

कु० नं० १३३४

१२ १०रा. १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

कुम्भ लग्नान्तर-केतुफलम्

जुन व्यक्तिको कुम्भराशिको केतु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शरीर भित्र दृढता शक्तिको योग पाउनेवाला र शरीरमा केही न्यूनता पनि अनुभव गर्ने भएको र शूरताको अभिमान राख्नेवाला, आन्तरिक शक्तिको बल बर्ता भएको अनि आफ्नू मार्गमा निर्भय हिंड्ने खालको, आफ्नू सिद्धान्तको अगाडि अर्काको लाभ-हानिको कुनै वास्ता नगर्ने भएको, अनेक सङ्कट सहेर पनि शक्ति प्राप्त गरेर छाड्ने शरीरमा कहिले काहीं आघात र गहीरो विपत्तिको खाडलमा जाकिनेवाला, आफ्नू देहले इज्जत कमाउनेवाला, दृढ सङ्कल्पी होला।

कु० नं० १३३५

१२ १० १ ११के. ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन-संग्रहमा न्यूनता पाउनेवाला, धन स्थानमा हानि पाउने खालको, कुटुम्बमा विग्रह र अशान्ति भेट्टाउने भएको, धन प्राप्तिका लागि ठूल-ठूला सङ्कट सहने भएको, धनको अभावले बढी कष्ट अनुभव गर्ने भएको, धनको सम्बन्धमा निकै अपठेरा र साहसले आफ्नू काम सिद्ध पार्न जान्ने, गुप्त शक्तिका योगहरू द्वारा नै धनागम गर्नेवाला, कुनै ठूलो बन्ने पंक्तिमा अन्धविश्वास तथा दृढ सङ्कल्प शक्तिद्वारा पनि धन प्राप्त गर्न जान्ने अनि धन संग्रहका लागि महान् परिश्रम गर्दै रहने खालको होला।

कु० नं० १३३६

१२के. १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मेष राशिको केतु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस महान् पुरुषार्थ गर्ने भएको तथा निकै बढी साहसले काम बनाउन जान्ने अनि दाजु-भाइ दिदी-बहिनीको स्थानमा केही अशान्ति-क्लेश सहनेवाला, आफूभित्र बाहुबल र दगुरा-दगुर गर्ने शक्ति भएको, ठूला र कठिन कामहरूलाई अन्धविश्वास र साहसको शक्तिले पूरा गर्न लागिरहने खालको अनि आफ्नू कामहरूमा गुप्त योजनाहरूको महानता राख्ने भएको तथा गुप्त रहेको तागतले ठूला-साना असम्भव काम पनि पूर्ण पार्नेवाला तथा आफ्नू शक्तिभित्र केही कमी अनुभव गर्ने खालको होला।

कु० नं० १३३७

१२ १० १ के. ११ ९ २ ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको वृषराशिको केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृस्थानमा केही हानि र केही झंझट पाउने भएको र भवन-भूमि आदिको केही दुर्बलता पाउने भएको, सुख प्राप्तिका साधनहरूमा पनि केही कमी र झंझट अनुभव गर्ने खालको र सुख प्राप्तिमा वृद्धि गर्नका लागि ठूल-ठूला झ्याउला सहने भएको, गुप्तरूपमा अनेक चातुर्यहरू र योग्यताहरूले सुखको वृद्धि गर्ने भएको, सुख प्राप्तिको उन्नति वा दृढतालाई भेट्टाउनको निम्ति सङ्कल्पहरूको दृढताद्वारा बराबर परिश्रम गर्दै रहनेवाला, कुनै अन्य स्थानको जन्म-भूमिसित परिवर्तन पाउने खालको, दुःखमा धैर्यले काम स्याहार्ने खालको होला।

कु० नं० १३३८

१२ १० १ ११ ९ २के. ८ ३ ५ ७ ४ ६

जुन व्यक्तिको मिथुन राशिको केतु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस असत्यको शक्तिबाट काम सपार्न जान्ने भएको तथा विचार भित्र अनेक गुप्त योजनाहरू बनाउनेवाला र विद्यामा दुर्बलता पाउने खालको तथा बुद्धि भित्र डर मान्ने भएको तथा सन्तान पक्षबाट कष्ट अनुभव गर्ने खालको, विद्या ग्रहण गर्ने वेलामा अनेकानेक कष्ट-बाधा सहने भएको, लुकाएर कुराकानी गर्नेवाला र संकीर्ण विचार राख्ने भएको तथा चाहिने-भन्दा बर्ता आशंकाहरू मस्तिष्कमा उत्पन्न गरिरहने खालको अनि मस्तिष्कमा परेशानी र थकाई पाउने खालको तथा सम्झनामा न्यूनता पाउनेवाला, आर्त र गुप्त बुद्धिवाला होला।

कु० नं० १३३९

१२ १० १ ११ ९ २ ८ ३के. ५ ७ ४ ६

जुन व्यक्तिको कर्कराशिको केतु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस मावली पक्षमा हानि पाउने भएको तथा शत्रु स्थानमा विजय पाउने खालको, शत्रुस्थानबाट केही कष्ट-बाधा पनि अनुभव गर्नेवाला, सबै प्रकारका विघ्न-बाधाहरूलाई थिच्न सक्ने शक्ति भएको तर केही अपठेराहरूको कारणले गर्दा घेराउ र झंझट अनुभव गर्ने भएको अनि शत्रुको वास्ता नगरेर प्रतिस्पर्धामा साहसको परिचय दिन जान्ने, शत्रुलाई पराजित पार्नको लागि गुप्त शक्तिले पनि काम लिन जान्ने र शीलरहित स्वार्थयुक्त परिश्रमले कार्यसिद्ध गर्नेवाला र विवाद एवं झगड़ा भित्र उचित निर्णयसम्म पुग्न नपाउँदै रिसले गर्दा आफ्नू प्रहार शुरू गरिदिने खालको होला।

कु० नं० १३४०

१२ १० १ ११ ९ २ ८ ३ ५ ७ ४के. ६

जुन व्यक्तिको सिंहराशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री र गृहस्थीको सम्बन्धमा अनेक साना-ठूला झ्याउला कष्ट बाधा सहेर पनि काम चलाउने र व्यापारको क्रममा अनेक थरिका महान परिश्रम र ठूला कष्टहरू द्वारा दैनिक कार्य गर्नेवाला र व्यापारको घेरामा सांघातिक हानिहरू पनि सहने खालको तथा गुप्त साहस अनि प्रभाव शक्ति द्वारा सफलता प्राप्त गर्ने भएको र इन्द्रिय भोगादिको सम्बन्धमा धेरै न्यूनता र विवाद पाउने भएको तर भोगादिको उग्र शक्ति राख्ने खालको र लौकिक कार्यक्रमको ज्ञान थोरै नै भएपनि हिम्मत र अभिमानले काम पूर्ण पार्ने खालको होला।

कु० नं० १३४१

१२ १०
१ ११ ९
२ ८
३ ५के. ७
४ ६

जुन व्यक्तिको कन्याराशिको केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस जीवनको दिनचर्यामा केही अपठेरो अनुभव गर्ने खालको र पुरातत्त्वको प्रकट शक्तिमा केही हानि पाउने भएको र गुप्त शक्तिको बल प्राप्त गर्ने खालको अनि गूढातिगूढ विषयको आन्तरिक ध्यान गर्ने भएको तथा जीवनमा अनेक कष्ट-बाधा सहेर पछि कुनै चिरस्थायी शक्तिलाई प्राप्त गरेर मात्र सन्तुष्ट हुने खालको र आयु र जीवनमा साना-ठूला कठिन संघर्ष सहेर पनि हिम्मतले काम पूरा गर्ने तथा प्रभावयुक्त होला।

कु० नं० १३४२

१२ १०
१ ११ ९
२ ८
३ ५ ७
४ ६के.

जुन व्यक्तिको तुलाराशिको केतु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस यशमा केही न्यूनता र भाग्य-स्थानमा केही कष्ट-बाधा सहनेवाला

कु० नं० १३४३

१२ १०
१ ११ ९
२ ८
३ ५ ७के.
४ ६

अनि भाग्यको वृद्धिका लागि निकै ठूलो गुप्त शक्तिको गुप्त चातुर्यहरूद्वारा काम सिद्ध पार्न जान्ने खालको तथा भाग्योन्नतिको सम्बन्धमा बर्ता सोच-विचार नगरीकन नै स्फूर्ति र साहसले काम पूरा गर्नेवाला तथा भाग्यको स्थायी दृढता प्राप्त गर्नका लागि ठूलोभन्दा पनि ठूलो विपत्तिको वास्ता नगर्ने भएको अनि धर्मको सम्बन्धमा यथार्थ रूपलाई नपाई केही तामसी धर्मको पालन निकै धैर्यसाथ गर्नेवाला र सफलता प्राप्त गर्ने खालको होला।

जुन व्यक्तिको वृश्चिक राशिको केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा केही कष्ट सहन गर्नेवाला तथा पितालाई हानि

कु० नं० १३४४

१२ १०
१ ११ ९
२ ८के.
३ ५ ७
४ ६

पुऱ्याउने भएको, व्यापारको विषयमा अनेक कष्टबाधा सहन गर्ने एवं राज-समाजमा परेशानी अनुभव गर्ने खालको, मान-सम्मान तथा पदोन्नतिमा अनेक बाधा झ्याउला सहने भएको र आफ्नू उन्नति र इज्जत बनाउन र प्राप्त गर्नका लागि अनेकानेक बाधा सहन गर्न सक्ने खालको अनि गुप्त शक्तिको बलले बढी धैर्यको साथ आफ्नू काम गर्नेवाला, कठोर परिश्रमी कर्म गर्ने भएको र गुप्त साहस एवं हिम्मतवाला उग्र कर्मेष्ठी होला।

जुन व्यक्तिको धनुराशिको केतु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू गुप्त महान शक्तिको बलले खूब धन लाभ पाउने भएको र विशेष लाभ प्राप्तिको स्थानमा अधिकार र अनधिकारको केही पनि वास्ता नगर्ने खालको, आफ्नू स्वार्थ-सिद्धिको सामुन्ने कुनै पनि कुराको सोच-विचार तथा डर-भर नमान्ने खालको, सित्तैंको जस्तो अनेक लाभ प्राप्त गर्नेवाला र अन्यान्यको नाफा-हानिको ख्याल नराख्न सक्ने भएको, लाभको स्थानमा चारैतिरबाट सकेसम्म बटुल्ने खालको तथा प्रभाव शक्तिको योगबाट पनि फाइदा प्राप्त गर्ने भएको, आमदानीमा प्रसन्न र मस्त रहने खालको होला।

कु० नं० १३४५

१	१२	
	११	१०
	२	९के.
३		८
	५	७
	४	६

जुन व्यक्तिको मकर राशिको केतु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी खर्च गर्नेवाला तथा खर्च शक्तिको गुप्त बल राख्ने भएको र कहिले काहीं बढी खर्चको कारणहरूले केही झंझट बाधा-कष्ट र अत्यास पनि अनुभव गर्ने खालको र अन्यान्य बाहिरी सम्बन्धको विषयमा केही परेशानीको योग पाउने भएको तथा बाहिरी अन्य स्थानहरूको सम्पर्कमा निकै गुप्त वा स्थिर शक्तिद्वारा काम लिन जान्ने तथा बाहिरी सम्बन्धमा कुनै पनि बर्ता सोच-विचार नगरेर बेवास्तासित शक्तिको प्रयोग गरेर खर्चको शक्ति प्राप्त गर्दै रहने खालको तथा खर्चको सम्बन्धमा खर्चको गति वा तेजीलाई रोक्न नसक्ने खालको होला।

कु० नं० १३४६

१	१२	
	११	१०के.
	२	९
३		८
	५	७
	४	६

मीन लग्न हुनेहरूको-भविष्यका तारीखहरू

सन् १९९६को वर्षमा - गुरु बाह्रौं स्थानमा नीच रहने छन्, यसै निम्ति आमदानीको मार्गबाट शरीरलाई केही कष्ट-बाधा रहने छ। ता० १/१/९६ देखि समय बढी खर्चको रहने छ। ता० २८/१/९६ देखि मान-सम्मान र भाग्योदय होला। ता० १५/७/९६ देखि भाग्यको पक्षमा केही दुर्बलता प्रतीत होला। ता० २७/१०/९६ देखि भाग्यको सुख र सफलता रहने छ। ता० ५/१२/९६ देखि ता० ३१/१२/९६ सम्ममा भाग्योन्नति तल-माथि चल्दै रहने छ।

कु० नं० १३४७

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

सन् १९९७ को वर्षमा- ता० १/१/९७ देखि समय प्रभावयुक्त रहने छ। ता० २१/१/९७ देखि धनको लाभ उत्तम रहने छ। ता० ९/२/९७ देखि व्यय बढी रहने छ। ता० १६/३/९७ देखि मान प्रभाव बढ्दै जाला। ता० २/८/९७ देखि केही बाधासहित सफलता रहला। ता० १२/९/९७ बाट सुख-शान्ति र सफलता रहला। ता० २६/९/९७ बाट ता० १५/११/९७ सम्म आमदानी बढ्दै जानेछ। ता० १६/११/९७ बाट ता० ३१/१२/९७ सम्ममा भाग्यको स्थिति मध्यम रहला, खर्च बढी हुनेछ।

कु० नं० १३४८

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

मीन लग्नमा सुनौला तारीखहरू

सन् १९९८ को वर्षमा - ता० १/१/९८ बाट समय प्रभावयुक्त, लाभदायक रहने छ। ता० ३१/१/९८ बाट केही कष्ट-बाधा रहला। ता० १४/४/९८ बाट समय प्रभावशाली चल्नेछ, प्रभाव बढ्ला। ता० १७/७/९८ बाट मस्तिष्कमा बाधा पर्नेछ। ता० ४/९/९८ बाट गृहस्थी र व्यापारमा सफलता र सुख रहने छ। ता० २५/९/९८ बाट गृहस्थी एवं भाग्यमा जाती-नजाती दुवै रहने छन्। ता० ३१/११/९८ बाट भाग्यमा केही सफलता रहने छ। ता० २९/१२/९८ सम्ममा केही कष्ट-बाधाका साथसाथै सफलता पनि मिल्दै रहला।

कु० नं० १३४९

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

सन् १९९९ को वर्षमा - ता० १/१/९९ बाट भाग्यको उन्नतिदायक समय रहने छ। ता० १२/३/९९ देखि केही झ्याउला आउनन्। ता० १/४/९९ देखि समय लाभदायक रहला। ता० १३/५/९९ देखि भाग्यको समय केही दुर्बल रहने छ। धन केही आउने र जाने समान रहला। ता० ५ /७/९९ बाट भाग्यको सफलता रहला, सम्मान बढ्दै जाला। ता० १०/८/९९ बाट गृहस्थीको सुखमा कमी आउला। ता० २९/८/९९ बाट समय सप्रन्दै जानेछ। ता० २३/९/९९बाट केही कष्ट-बाधा रहने छ। ता० २२/११/९९ देखि ३१/१२/९९ सम्म भाग्यको उन्नति चल्दै रहने छ।

कु० नं० १३५०

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

मीन लग्नमा सुनौला तारीखहरू

सन् २००० को वर्षमा - ता० १/१/२००० बाट समय राम्रो र लाभदायक रहला। ता० २३/२/२००० देखि समय बढी खर्चको रहने छ। ता० २५/३/२००० देखि भाग्यको समय सप्रन्दै जानेछ। ता० ७/६/२००० देखि भाग्यको पक्षमा केही दुर्बलता अनुभव होला। ता० २/९/२००० बाट केही कष्ट-बाधा बढ्न सक्तछ। ता० १०/९/२००० बाट भाग्य सप्रन्दै जानेछ। ता० २६/१०/२००० बाट फेरि भाग्यमा केही कमजोरी आउला। ता० १६/११/२००० बाट ३१/१२/२००० सम्म भाग्यको सफलता र उन्नति रहने छ।

कु० नं० १३५१

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

सन् २००१ को वर्षमा - ता० ३/१/२००१ बाट भाग्यको सफलता चल्नेछ। ता० २८/२/२००१ बाट समय बढी खर्चको रहने छ। ता० १९/३/२००१ बाट अकस्मात् धनागम र सुख प्राप्त होला। ता० १३/४/२००१ बाट भाग्यमा दुर्बलता आउला। ता० २३/५/२००१ बाट फेरि सौभाग्य फर्कला। मान-सम्मान र प्रभाव बढ्ला। ता० २९/७/२००१ बाट केही कष्ट-बाधा सहित भाग्यको सफलता देखापर्ला। ता १४/११/२००१ देखि ता० ३१/१२/२००१ सम्ममा प्रायः भाग्यको सफलता बनिरहला।

कु० नं० १३५२

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

मीन लग्नमा सुनौला तारीखहरू

सन् २००२ को वर्षमा - ता० १/१/२००२बाट मान प्रभाव बढ्ला। ता० २१/२/२००२ देखि बढी खर्चले कष्ट होला। ता० २६/३/२००२ बाट आमदानीमा सुख सफलता बनिरहने छ। ता० २/६/२००२ बाट परिश्रमको मार्गबाट सफलता र प्रभाव बढ्नेछ। ता० २/८/२००२ बाट केही कष्ट-बाधा सहित भाग्यको सफलता रहला। ता० १८/१०/२००२ बाट गृहस्थी र जीवनमा अनेक झ्याउला आउनन्। ता० १/१२/२००२ बाट ३१/१२/२००२ सम्ममा मान-प्रभाव बढ्ला र भाग्यद्वारा सफलता मिल्ला।

कु० नं० १३५३

१ ११ २ १२ १० ३ ९ ४ ६ ८ ५ ७

सन् २००३ को वर्षमा - ता० ६/१/२००३ देखि भाग्य र मान प्रभावको उन्नति रहला। ता० १४/२/२००३ बाट आय-व्यय राम्रो रहला। ता० २०/३/२००३ बाट भाग्य दुर्बल रहला। ता० १/५/२००३ बाट भाग्य र मान-सम्मानको प्रभाव शक्ति बढ्ने छ। ता० ८/६/२००३ बाट भाग्यद्वारा धनको सफलता रहने छ। ता० २०/७/२००३ बाट पुरुषार्थ द्वारा भाग्योन्नति हुनेछ। ता० २८/८/२००३ बाट गृहस्थीमा केही कष्ट-बाधा भए पनि भाग्यले राम्रो लाभ दिनेछ। ता० ३/१०/२००३ बाट घरेलू मार्गमा केही झ्याउलो आउला। ता० ४/१२/२००३ देखि ता० ३१/१२/२००३ सम्ममा लाभको सफलता र प्रभावको जागृति रहला।

कु० नं० १३५४

१ ११ २ १२ १० ३ ९ ४ ६ ८ ५ ७

मीन लग्न हुनेको-सुनौला तारीखहरू

सन् २००४ को वर्षमा - ता० १/१/२००४ बाट मान प्रभाव बढ्ने छ। ता० २७/१/२००४ बाट राम्रो लाभ प्राप्त होला। ता० १२/२/२००४ देखि बढी व्यय हुनेछ। ता० १४/२/२००४बाट भाग्यको दुर्बलता प्रतीत होला। ता० १३/६/२००४ देखि परिश्रमले सफलता मिल्ला। ता० २/८/२००४ देखि गृहस्थी एवं व्यापारमा धन र भाग्यको सफलता रहला। ता० १७/९/२००४ देखि भाग्यले धोखा देला। ता० ३/१२/२००४ बाट ता० ३१/१२/२००४ सम्म सुख-शान्ति र भाग्योन्नति रहने छ।

कु० नं० १३५५

१ ११ २ १२ १० ३ ९ ४ ६ ८ ५ ७

सन् २००५ को वर्षमा - ता० १/१/२००५ बाट भाग्य र मान प्रभावको वृद्धि रहला। ता० २७/१/२००५ सम्म लाभ राम्रो रहने छ। ता० २८/२/२००५ देखि ता० १०/४/२००५ सम्म भाग्य दुर्बल रहला। ता० २३/४/२००५ देखि भाग्य सप्रन्दै जाला। ता० १६/५/२००५ देखि धनको पक्ष सफलतातिर लम्कने छ। मान प्रभाव बढ्ला। ता० २/८/२००५ बाट केही कष्टबाधा रहने छ। ता० ३/९/२००५ देखि व्यापारमा सपलता मिल्नेछ। ता० २१/९/२००५ देखि ता० २६/११/२००५ सम्म केही कष्ट रहे पनि भाग्यको सफलता बनिरहला। ता० २८/१२/२००५ सम्म भाग्योन्नति उत्तम रहने छ।

कु० नं० १३५६

१ ११ २ १२ १० ३ ९ ४ ६ ८ ५ ७

मीन लग्न हुनेको-सुनौलो तारीखहरू

सन् २००६ को वर्षमा - ता० १/१/२००६ मा धनलाभ रहने छ। ता० ११/३/२००६ देखि समय केही दुर्बल रहला। ता० २०/४/२००६ देखि भाग्योन्नति र धनागम प्रबल रहला। ता० २६/८/२००६ देखि गृहस्थी र व्यापारमा विशेष सफलता रहने छ। ता० ११/९/२००६ बाट गृहस्थी र व्यापारमा बाधा-कष्ट र हानि रहला। ता० ४/११/२००६ देखि भाग्यको सफलता रहने छ। ता० ३१/१२/२००६ सम्ममा राम्रो धनागम हुनेछ।

कु० नं० १३५७

	१		११	
२		१२		१०
	३		९	
४		६		८
	५		७	

सन् २००७ को वर्षमा - ता० १/१/२००७ देखि समय सुखदायक, लाभदायक रहने छ। ता० ८/२/२००७ देखि धनको पक्ष केही कमजोर रहन सक्तछ। ता० १९/३/२००७ देखि भाग्यको पक्ष उन्नतितर्फ लम्कने छ। ता० ९/६/२००७ देखि पुरुषार्थ कर्मबाट भाग्य र प्रभाव मान-सम्मानको उन्नति रहला। ता० १९/८/२००७ देखि ता० २६/१०/२००७ सम्ममा गृहस्थी र व्यापारमा सफलता रहला। त्यसपछि केही कष्ट-बाधा आउन सक्दछ। ता० ११/११/२००७ बाट ३१/१२/२००७ सम्ममा भाग्यको सफलता बनिरहला।

कु० नं० १३५८

	१		११	
२		१२		१०
	३		९	
४		६		८
	५		७	

कार्यसिद्धिको विषय

मीन लग्न हुने व्यक्तिहरूको निम्ति धनको आयको सम्बन्धमा शनि सदैव कष्ट-बाधाका सूचक छन्, भाइ-बहिनी र पुरुषार्थको सम्बन्धमा शुक्र केही कष्ट-बाधाका सूचक छन् र शत्रु, झगडा एवं प्रभावको सम्बन्धमा सूर्य सदैव कष्टका सूचक छन्। अतः प्रत्येक शनिवार कालीगाईलाई शक्कर रोटी आफूले खानुभन्दा अगाडि खान दिनु र शुक्रवार दूध हालेको भांग र सेतो फूल शिवजीलाई चढाउनु, अनि बिहान स्नान गरेर गुलाबको फूल र जल सूर्यलाई चढाई नमस्कार गर्नु। राहु-केतु स्वभावैले दुःखदाता हुन्। अतः पक्षीहरूलाई अन्न र माछालाई पीठोको साना-साना गोली खान दिनु।

कु० नं० १३५९

१ ११ २ १२ १० ३ ९ ४ ६ ८ ५ ७

मीन लग्न हुनेहरूलाई धन र भाग्योन्नतिको सम्बन्धमा मङ्गल धेरै श्रेष्ठ कहिन्छ र व्यापारको सम्बन्धमा गुरु र बुध उत्तम मानिन्छ, यसै निम्ति पञ्चाङ्ग भित्र मङ्गल जब-जब मकर, मीन, मेष, वृष, मिथुन, कन्या, वृश्चिक र धन राशिहरूमा आउँछन् अथवा जब-जब गुरु, धन, मीन, मेष, कर्क, वृश्चिकमा आउँछन् या बुध जब-जब मकर, मेष, वृष, मिथुन, कर्क, कन्या, वृश्चिक, धन राशिहरूमा आउँछन्, तब-तब ती वर्ष तथा महीनाहरूमा धन-मान र भाग्य तथा व्यापारको उन्नति हुनेछ।

कु० नं० १३६०

१ ११ २ १२ १० ३ ९ ४ ६ ८ ५ ७

मीन लग्न हुनेहरूको-प्रतिकूल समय ज्ञान

कु० नं० १३६१

१		११
२	१२	१०
३		९
४	६	८
५		७

(सदैव कालको लागि)

तल लेखिएका ग्रहहरू जब-जब यी राशिहरूमा पञ्चाङ्गमा आउने छन् तब-तब ती वर्षहरूमा, महीनाहरूमा र दिनमा प्रतिकूल फल प्रदान गर्नेछन्।

सू० - तुला र कुम्भ।
चं० - सिंह, तुला, वृश्चिक र कुम्भ।
मं० - कर्क, तुला, कुम्भ र सिंह।
बु० - सिंह, तुला, कुम्भ र मीन।
गु० - सिंह, तुला, कुम्भ र मकर।
शु० - सिंह, कन्या, तुला र कुम्भ।
श० - मेष, सिंह, तुला र धन।
रा० - मीन, मेष, कर्क, कन्या, तुला र धन।
के० - मीन, मेष, मिथुन, कर्क, कन्या र तुला।

नोट- सालानाको फलादेश जान्नका लागि गु० शु० रा० के० यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। अनि महीनाको फलादेश जान्नका लागि सू० बु० शु० म० यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। फेरि दैनिक फलादेश जान्नका लागि चन्द्रमाबाट हेर्नुपर्दछ। जब-जब कुनै ग्रह सूर्यबाट अस्त हुन्छ, तब-तब त्यो दुर्बल फल दिने मानिन्छ।

मीन लग्न हुनेहरूको-अनुकूल समय ज्ञान

कु० नं० १३६२

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

(सदैव कालका लागि)

तल लेखिएका ग्रह जब-जब यी राशिहरूमा पञ्चाङ्ग भित्र आउँछन् तब-तब ती वर्षमा, महीनामा र दिनहरूमा अनुकूल समय रहने छ।

सू०- सिंह, कन्या, वृश्चिक, धन, मकर, मीन, मेष, वृष, मिथुन र कर्क।

चं०- कन्या, धन, मकर, मीन, मेष, वृष, मिथुन र कर्क।

मं०- कन्या, वृश्चिक, धन, मकर, मीन, मेष, वृष र मिथुन।

बु०- कन्या, वृश्चिक, धन, मकर, मेष, वृष, मिथुन र कर्क।

गु०- कन्या, वृश्चिक, धन, मकर, मीन, मेष, वृष, मिथुन र कर्क।

शु०- वृश्चिक, धन, मकर, मीन, मेष, वृष, मिथुन र कर्क।

श०- वृश्चिक, मकर, मीन, वृष, मिथुन, कर्क र कन्या।

रा०- मकर, कुम्भ, वृष, मिथुन, सिंह, वृश्चिक र कुम्भ।

के०- मकर, कुम्भ, वृष, सिंह, वृश्चिक, धन र मीन।

नोट- सालानाको फलादेश जान्नका लागि गु०, शु०, रा०, के० यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। अनि महीनाको फलादेश जान्नका लागि सू०, बु०, शु०, मं० यी चार ग्रहहरूबाट हेर्नुपर्दछ। फेरि दैनिक फलादेश जान्नकालागि चन्द्रमाबाट हेर्नुपर्दछ।

मीन लग्नान्तर-सूर्यफलम्

जुन व्यक्तिको मीन राशिको सूर्य लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस बढी प्रभाव राख्ने भएको तथा शत्रुस्थानमा आदर्श युक्तिहरू र दैनिक तेज, बलद्वारा विजय पाउने खालको, मावलीको बढी सहयोग पाउनेवाला तथा शरीरमा केही रोग र केही झञ्झट वा अशान्ति पाउने भएको र केही घेराउ र केही बन्धन अनुभव गर्ने खालको, मनमा बर्ता क्रोध राख्नेवाला अनि कुनै पनि प्रकारको बाधा होस्, त्यस बाधालाई बुद्धिबलले दमन गर्ने शक्ति भएको र हठ्योगको शक्ति राख्ने खालको अनि स्त्री स्थानमा झगडा-विवाद पाउने भएको र भोगादि पक्षमा केही न्यूनता पाउने खालको र व्यापारको पक्षमा केही झ्याउला र बाधा सहने भए पनि प्रतापी होला।

कु० नं० १३६३

१, ११, २, १२सू., १०, ३, ९, ४, ६, ८, ५, ७

जुन व्यक्तिको मेषराशिको सूर्य लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस महान् परिश्रमले धेरै धन प्राप्त गर्ने भएको र धनको तागतबाट ठूलो प्रभाव पाउनेवाला र कुनै धनाढ्यको झैं योग पाउने भएको तथा कुटुम्बस्थानमा प्रभाव र विग्रह पाउनेवाला र शत्रुपक्षलाई वशमा राख्नको निम्ति निकै ठूलो युक्तिहरूको ढुकुटी राख्ने भएको, जीवनको दिनचर्यामा केही अशान्ति पाउनेवाला, पुरातत्त्व शक्तिको केही हानि पाउने भएको र धनको वृद्धिका लागि धेरै ठूला युक्तिहरूको ढुकुटीबाट काम चलाउनेवाला र झगडा-विवाद, झ्याउलाहरूबाट फाइदा प्राप्त गर्ने खालको होला।

कु० नं० १३६४

१सू., ११, २, १२, १०, ३, ९, ४, ६, ८, ५, ७

जुन व्यक्तिको वृषराशिको सूर्य लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस पुरुषार्थद्वारा ठूलो परिश्रम गर्ने भएको, निकै दगुरा-दगुर गर्ने खालको, भाग्य-वृद्धि गर्ने भएको र धर्मको इज्जत गर्ने भएको तथा दाजु-भाइ दिदी-बहिनीबाट विरोधको योग पाउनेवाला, परिश्रमले केही थकाई र दुर्बलता अनुभव गर्ने खालको र बलियो हिम्मतले काम सपार्ने भएको, शत्रुपक्षमा प्रभाव पार्नेवाला अनि प्रभावशाली घुमाउरा युक्तिहरूले सफलता पाउने भएको, परिश्रमबाट यश प्राप्त गर्ने खालको, मावली पक्षको प्रभाव पाउनेवाला, निकै बाठो प्रतापी होला।

कु० नं० १३६५

१ ११
२सू. १२ १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको मिथुन राशिको सूर्य लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस पिता र मातृस्थानमा केही झञ्झट र झगड़ा पाउनेवाला, रहन-सहन र भूमि-भवनादिको केही गडबडी पाउने खालको तथा सुख र आराममा केही न्यूनता पाउने भएको, अनि शत्रुपक्षमा बढी शान्तिपूर्वक सफलता पाउने भएको, सुखको प्रदर्शनको प्रभाव राख्ने खालको, मावली पक्षबाट सुख प्राप्त गर्ने भएको अनि ठूलो परिश्रमले सुखको वृद्धि गर्नेवाला र प्रभावशाली शान्त युक्तिहरूको बलले अनि परिश्रमको माध्यमबाट मान-प्रतिष्ठाको वृद्धि पाउने भएको तथा राज समाजमा सम्मान र इज्जत पाउने खालको, उग्रकर्म गर्ने प्रभावशाली र साहसी होला।

कु० नं० १३६६

१ ११
२ १२ १०
३सू, ९
४ ६ ८
५ ७

जुन व्यक्तिको कर्कराशिको सूर्य लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धिभित्र ठूलो प्रभावले काम लिन जान्ने अनि बढी घुमाउरा चातुर्यहरूबाट अभिमानपूर्वक कुराकानी गर्ने भएको, विद्यामा केही न्यूनता पाउनेवाला, सन्तान पक्षमा केही बाधा-कष्ट अनुभव गर्नेवाला मस्तिष्क भित्र केही तर्क-वितर्कको योग पाउने भएको, आमदानीका लागि बुद्धिद्वारा खूब परिश्रम गर्ने भएको र शत्रुपक्षलाई बुद्धिको युक्तिले पराजित पार्नेवाला, कष्ट-बाधा र झ्याउलाहरू हटाउने साधन बुद्धिमै प्राप्त गर्ने भएको अनि केवल धाक देखाएर लाभ प्राप्त गर्ने खालको होला।

कु० नं० १३६७

१ ११
२ १२ १०
३ ९
४सू. ६ ८
५ ७

जुन व्यक्तिको सिंहराशिको सूर्य लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस आफूसित निकै ठूलो, महान् प्रभाव शक्ति राख्ने भएको र सङ्कल्प मात्रले शत्रुको दाम गर्ने खालको अनि संसारको कुनै पनि तागतसित नडराउने खालको, मावली पक्षबाट निकै ठूलो प्रभाव पाउने भएको, खर्चको स्थानमा केही अरुचिहरू र नीरसताको योग पाउने भएको, फेरि अन्यान्य स्थानहरूको सम्पर्कमा वैमनस्यता पाउने खालको, झ्याउलो र कष्ट-बाधा एवं विपत्तिहरूलाई हटाउने महत्व शक्ति राख्ने भएको र विपक्षीहरूमा आफ्नू प्रभाव धाक सदैव कायम राख्नको लागि निकै बढी प्रयत्न र धेरै ठूलो ध्यान हमेशा राख्ने खालको होला।

कु० नं० १३६८

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५सू. ७

जुन व्यक्तिको कन्याराशिको सूर्य लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री–स्थानमा विरोध पाउने भएको, गृहस्थीमा केही झञ्झट सहने खालको, व्यापारको क्रममा केही कष्ट-बाधा र रोकावट पाउने भएको, केही परिश्रम र अपठेराहरू हटाउने प्रकाश दिएर काम सिद्ध पार्ने खालको तथा निकै बढी प्रभाव र परिश्रमबाट व्यापार गर्न जान्ने भएको, इन्द्रिय भोगादिको पक्षमा केही न्यूनता पाउनेवाला तथा मावली पक्षबाट केही सहायक शक्ति पाउने भएको तथा दैनिक व्यापारको पंक्तिमा केही कठोरताको व्यवहार गर्न जान्नेवाला र शरीरमा केही बढी परिश्रम पाउने होला।

कु० नं० १३६९

१ ११
२ १२ १०
३ ९
४ ६सू. ८
५ ७

जुन व्यक्तिको तुला राशिको सूर्य लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस पुरातत्त्व र प्रभावमा धेरै बर्ता न्यूनता पाउने भएको, मावली पक्षमा धेरै ठूलो हानि पाउने खालको र जीवनमा बर्ता अशान्ति र कष्ट-बाधाहरू सहने भएको, पेटभित्र नाभिभन्दा तल केही उदरविकारको शिकायत पाउने र शत्रुपक्षमा निकै बढी कूट युक्तिहरूले तथा महान घुमाउरा बांगा गुप्त चालहरूद्वारा काम सिद्ध पार्न जान्ने, धनको वृद्धिका लागि बढी परिश्रम र बर्ता अशान्ति तथा अनेक गुप्त कार्यबाट आफ्नू काम बनाउनेवाला आयु माथि कहिले काहीं ठूलै सङ्कट सहने खालको होला।

कु० नं० १३७०

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७सू.

जुन व्यक्तिको वृश्चिक राशिको सूर्य लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको तागतबाट प्रभावको वृद्धि पाउने खालको तथा भाग्यबाट नै शत्रुस्थानमा प्रभाव राख्न जान्ने र भाग्यको स्थानमा केही कष्ट-बाधा वा अपठेराहरू सहने भएको र परिश्रम अथवा प्रभावशाली युक्तिहरूबाट भाग्यको उन्नति पाउनेवाला, अनि धर्मको स्थान-सम्बन्धमा केही कमजोरी र बाधाहरू पाउने खालको, सुयशमा कमी पाउने भएको, मावली पक्षको वृद्धि पाउने अनि गुप्त चालहरू प्रयोग गर्नाले सफलता पाउनेवाला र केही प्रपंच युक्त उग्र धर्मलाई मान्ने भएको, दाजु-भाइ दिदी-बहिनीबाट केही विरोध पाउने खालको होला।

कु० नं० १३७१

१ ११ २ १२ १० ३ ९ ४ ६ ८सू. ५ ७

जुन व्यक्तिको धनराशिको सूर्य लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस बढी प्रभाव जनाउन खोज्ने भएको र प्रभावमा साथै-साथ महान् परिश्रम गर्नेवाला तथा परिश्रमको महानताले इज्जत पाउने भएको र प्रभाव एवं परिश्रम द्वारा राज-समाजबाट लाभ पाउने भएको तथा राज-समाजको ठूलो काम गर्नेवाला, पिता स्थानमा विरोधसहित प्रभाव पाउने भएको अनि मातृ-स्थानमा पनि केही झंझट-झ्याउलाहरू पाउने खालको तथा सुख शान्तिमा केही कष्ट-बाधा पाउने भएको, भवन-भूमिको सम्बन्धमा केही अपठेरो अनुभव गर्ने खालको, घुमाउरा कामहरूको निकै बढी शक्ति राख्नेवाला, आफ्नू हुकूमत राख्ने खालको उग्र कर्मिष्ठ होला।

कु० नं० १३७२

१ ११ २ १२ १० ३ ९सू. ४ ६ ८ ५ ७

जुन व्यक्तिको मकर राशिको सूर्य लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस बढी परिश्रमबाट लाभ कमाउने भएको अनि लाभको स्थानमा केही अपठेरो अनुभव गर्ने खालको तथा घुमाउरा युक्तिहरूको प्रभावले बढी सफलता प्राप्त गर्ने भएको तथा अनधिकार लाभ पनि पाउने भएको र केही मावली पक्षबाट पनि सामान्य फाइदा भेट्टाउने खालको, सन्तान पक्षमा अलि झ्याउलो र कष्ट-बाधा अनुभव गर्ने भएको, विद्या ग्रहण गर्नमा केहीं असुविधा र केही कमी वा न्यूनता पाउने भएको अनि बुद्धिमा केही क्रोध वा गुप्त काम पाउनेवाला फेरि स्वार्थ सिद्धिको स्थानमा बढी तत्परताले काम गर्न जान्ने र शत्रु-पक्षवाट फाइदा प्राप्त गर्ने खालको बढी बाठो होला।

कु० नं० १३७३

१ ११
२ १२ १० सू.
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको कुम्भ राशिको सूर्य लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस प्रभावको स्थानमा केही दुर्बलता पाउने भएको, मावली पक्षको केही हानि भेट्टाउने भएको वा वैमनस्यता सहित बढी खर्च गर्ने भएको, शत्रुस्थानमा केही दबाव परेर गुप्त शक्तिद्वारा काम पूर्ण पार्न जान्ने भएको, महान् कष्ट-बाधाका कर्म गर्न अघिसर्ने भएको, अन्यान्य स्थानको केही क्लेषित सम्बन्ध फेला पार्ने भएको र खर्चको संचालन स्थानमा केही परिश्रम र बाधाहरूको योग पाउनेवाला र केही गुप्त क्रोध मनभित्र राखिरहने भएको, सम्मुख शत्रुता गर्नमा केही परेशानी अनुभव गर्ने खालको होला।

कु० नं० १३७४

१ ११सू.
२ १२ १०
३ ९
४ ६ ८
५ ७

मीन लग्नान्तर-चन्द्रफलम्

जुन व्यक्तिको मीन राशिको चन्द्रमा लग्नबाट पहिलो स्थानमा छ भने त्यो मानिस मनोयोगको आदर्शशक्ति पाउने भएको र विद्यामा चमत्कार राख्ने खालको, बुद्धिमा दूरदर्शिता आत्मीयता र योग्यता पाउने भएको तथा वाणीमा नम्रता र कोमलता पाउनेवाला, शरीरमा शीलता वा सुन्दरता प्राप्त गर्ने भएको, सन्तान पक्षमा महानता पाउने भएको, स्त्रीस्थानमा सुन्दरता एवं सन्तोष अनि मनको रुचि अनुसार आकर्षण पाउने भएको अनि व्यापारको सम्बन्धमा मनोयोगको तागतले सफलता पाउनेवाला, भोगादि शक्ति प्राप्त गर्ने भएको, शरीरको मान-सम्मान तथा कीर्ति पाउनेवाला, बाठो सज्जन, अन्तर-ज्ञानी होला।

कु० नं० १३७५

१ ११
२ १२चं. १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको मेष राशिको चन्द्रमा द्वितीय स्थानमा छ भने त्यो मानिस विद्या ग्रहण गर्नेवाला, बुद्धि र मनोबलको तागतले बढी धन कमाउन जान्ने भएको, धन र कुटुम्बको वृद्धिमा नै सन्तोष र सुख-शान्ति मान्नेवाला, सन्तानको सम्बन्धमा केही बन्धन पाउने भएको, आयुको आनन्द भोग्ने खालको र जीवनको दिनचर्यामा केही वृद्धि पाउनेवाला र पुरातत्त्वको स्थानबाट बुद्धियोगद्वारा फाइदा प्राप्त गर्ने भएको, मनको तागतले गूढ र गुप्त विषयको राम्रो शोध र लाभ पाउने खालको, मन र बुद्धिमा केही बन्धन अनुभव गर्नेवाला, धनवान् कहिन मनपराउने भएको ठूलो इज्जतदार होला।

कु० नं० १३७६

१चं. ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको वृषराशिको चन्द्रमा लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस विद्या र बुद्धि बलको बढी भर-थेग राख्ने भएको, मनोबलको निकै बढी तागत र साहस राख्नेवाला, सन्तानको शक्ति पाउने खालको, दाजु-भाइ दिदी-बहिनीको शक्ति पाउने भएको, पुरुषार्थ-बलको वृद्धि पाउने र कुराकानीमा तेजी र तत्काल उत्तर दिने गुण भएको, मनमा अनेक तरङ्ग र उमङ्ग राख्ने भएको र आफ्नू पुरुषार्थ कार्यको प्रतिस्पर्धामा भाग्यलाई कुनै महत्व नदिनेवाला, भाग्यमा न्यूनता पाउने खालको, धर्मको वास्ता नराख्ने भएको र आफ्नू मनमा ईश्वरप्रति थोरै विश्वास गर्नेवाला या सुयशमा केही कमी पाउने साहसी र प्रभावशाली होला।

कु० नं० १३७७

१ ११
२चं. १२ १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको मिथुन राशिको चन्द्रमा लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस विद्या स्थानको सुख प्राप्त गर्ने भएको, बुद्धिमा र मनमा बढी प्रसन्नता पाउने भएको र नम्रवाणीद्वारा मनोरंजनका कुरा भन्ने खालको, खेल तमाशा र हाँस्ने हँसाउने बानीलाई मनपराउने खालको, मनोबलको बुद्धि-बलले बढी सुख प्राप्त गर्ने खालको, माताको सुख प्राप्त गर्ने भएको, भवन-भूमि आदिको खुशी पाउने भएको, पितास्थानको राम्रो सम्पर्क राख्ने र सम्पर्क पाउनेवाला, बुद्धिद्वारा ठूला-ठूला कर्म गर्ने भएको, राज-समाजमा सम्मान वृद्धि पाउने भएको, उन्नति र व्यापारादिमा बढी सफलता पाउने खालको होला।

कु० नं० १३७८

१ ११
२ १२ १०
३चं. ९
४ ६ ८
५ ७

जुन व्यक्तिको कर्क राशिको चन्द्रमा लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बढी बुद्धिमान् तथा विद्यावान् र निकै गम्भीर कुराहरू राम्रो शान्तिपूर्वक भन्न जान्ने र सन्तान सुखको आनन्द प्राप्त गर्नेवाला, मनोयोग र बुद्धियोगको सम्मिश्रित शक्तिले महानता पाउने भएको तथा बुद्धि-बलले खूब लाभ पाउने भएको र लाभ-स्थानमा केही परिश्रम र कष्ट-बाधाको योग अनुभव गर्नेवाला, निकै बढी सैद्धान्तिक कुराहरू विचार्ने खालको अनि मस्तिष्क भित्र पूर्ण स्थिरता र एकाग्रता पाउने भएको, मीठो वाणी बोल्नेवाला र शील-स्वभाव राम्रो भएको होला।

कु० नं० १३७९

१ ११
२ १२ १०
३ ९
४चं. ६ ८
५ ७

जुन व्यक्तिको सिंह राशिको चन्द्रमा लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस विद्या ग्रहण गर्नमा अनेक थरिका बाधा र कष्टहरूको अथवा न्यूनताको योग पाउने भएको र मन एवं बुद्धि भित्र केही अशान्ति र कष्ट-बाधाको योग पाउने खालको तथा सन्तान पक्षमा न्यूनता र क्लेशको योग पाउने भएको, कुरा-कानी गर्दा रोकिने र केही गुप्तशक्ति पाउने भएको अनि मस्तिष्क भित्र ठूला-ठूला बटारिएका बाँगा कुरा विचार गरी-गरी आफ्नू काम सिद्ध पार्नेवाला र शत्रु पक्षबाट मनमा अशान्ति अनुभव गर्ने भएको तथा मनोबलद्वारा शान्तिपूर्वक काम चलाउन जान्नेवाला, बढी धन व्यय गर्नेवाला र बुद्धियोगद्वारा तथा शीतल स्वभावद्वारा केही अपठेरोमा सफलता पाउने खालको होला।

कु० नं० १३८०

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५चं. ७

जुन व्यक्तिको कन्याराशिको चन्द्रमा लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस बुद्धियोग तथा मनोयोगको बलले उत्तम व्यापारमा सफलता पाउने भएको, अनि राम्री तथा सुशील पढे-लेखेकी स्त्री पाउने भएको अनि विद्या ग्रहण गर्नमा सरलता पाउने भएको, सन्तान-सुख प्राप्त गर्ने भएको तथा शरीरमा सौन्दर्य पाउने खालको र बुद्धियोगबाट सुन्दर ज्ञान प्राप्त गर्ने भएको तथा मान र इज्जत प्राप्त गर्नेवाला तथा इन्द्रिय भोगादिकमा निकै बर्ता रुचि राख्ने भएको अनि शक्ति प्राप्त गर्ने खालको र लौकिक एवं गृहस्थीका कार्यहरूमा निकै चातुर्य तथा प्रशंसा पाउने र प्रसन्न मनको होला।

कु० नं० १३८१

१ ११
२ १२ १०
३ ९
४ ६चं. ८
५ ७

जुन व्यक्तिको तुला राशिको चन्द्रमा लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस मनमा बुद्धिमा कष्ट-बाधाको योग पाउने भएको, विद्यामा न्यूनता पाउने र सन्तान पक्षमा कमी एवं कष्ट सहन गर्नेवाला, विद्या तथा बुद्धिमा दुर्बलताको योग पाउने भएको, मन र विचारहरू द्वारा निकै ठूलो र गहीरो युक्तिहरूबाट अनि अनेक चातुर्यहरू द्वारा आफ्नू काम सिद्ध पार्नेवाला, बुद्धिको कठिन परिश्रमबाट धन प्राप्त गर्न जान्ने, जीवनको दिनचर्यामा केही उत्साह पाउने भएको, पुरातत्वको ज्ञान तथा फाइदा प्राप्त गर्ने खालको अनि गुप्त कुराहरू गर्न जान्ने, धन र कुटुम्बको वृद्धिमा सदैव लागि परिरहने खालको होला।

कु० नं० १३८२

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७चं.

जुन व्यक्तिको वृश्चिकराशिको चन्द्रमा लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस विद्या र बुद्धिमा न्यूनता अनुभव गर्ने भएको, बुद्धिको दुर्बल

कु० नं० १३८३

१ ११
२ १२ १०
३ ९
४ ६ ८चं.
५ ७

कारणहरूले भाग्यमा हानि पाउने खालको, सन्तान पक्षमा पनि न्यूनता र असन्तोष पाउने भएको तथा धर्ममा अरुचि र हानि पाउने खालको, ईश्वरमा अपूर्ण श्रद्धा राख्ने किसिमको, बुद्धि र वाणी द्वारा उचित न्यायका कुराहरू भन्न नसक्ने भएको, यशमा न्यूनता पाउनेवाला, बल-पुरुषार्थको वृद्धिको बर्ता राख्नेवाला, केही नजाती र अनुचित विचारले नै उन्नतिको शिखरमा पुग्ने योजना तयार पार्ने र चिन्तित भाग्यको होला।

जुन व्यक्तिको धनराशिको चन्द्रमा लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस विद्याभित्र ठूलो योग्यता पाउनेवाला, बुद्धि र मनको शक्तिले अनेक

कु० नं० १३८४

१ ११
२ १२ १०
३ ९चं.
४ ६ ८
५ ७

उच्च कार्य गरेर उन्नतिमा पुग्ने खालको, पिता स्थानबाट उन्नति र योग्यता पाउने भएको र राज-समाजका कामहरूमा बढी बुद्धिमानी तथा विद्याको बलले सम्मान र इज्जत पाउने भएको, सन्तानको उच्चशक्ति पाउने भएको, आफ्नू मनभित्र ठूलो गौरव अनुभव गर्ने खालको र बुद्धियोगले राम्रो सुख र आराम प्राप्त गर्ने भएको, माताको सुख देख्ने खालको तथा भूमि-भवनको पनि केही शक्ति पाउने भएको, मस्तिष्क भित्र हुकूमतले कुरा गर्ने खालको होला।

जुन व्यक्तिको मकरराशिको चन्द्रमा लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस विद्या ग्रहण गर्ने भएको, बुद्धि र मनको तागतले हस्तकलाको

कु० नं० १३८५

१ ११ २ १२ १०चं. ३ ९ ४ ६ ८ ५ ७

माध्यमबाट धन कमाउने भएको किन्तु आमदानीको स्थानमा मनभित्र केही अपठेरोको योग पाउने भएको तथा सन्तान लाभ पाउनेवाला, लाभको सम्बन्धले नै कुरा-कानी गर्ने भएको, लाभ प्राप्तिको वृद्धिका लागि नै अनेक युक्ति सदैव विचार गर्ने भएको, लाभ प्राप्तिको वृद्धिका लागि नै अनेक युक्ति सदैव विचार गर्दै रहनेवाला, लाभको अधिकताले बुद्धि स्थानमा ज्ञानको वृद्धि पाउँदै जाने खालको र सन्तान लाभको सम्बन्धमा पूर्ण सन्तोष नपाउने भएको र विद्या प्राप्तिमा केही न्यूनता र केही बाधा-कष्ट पाउने खालको होला।

जुन व्यक्तिको कुम्भराशिको चन्द्रमा लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस नेत्र-दोष तथा सन्तान पक्षमा हानि पाउने भएको र विद्या

कु० नं० १३८६

१ ११चं. २ १२ १० ३ ९ ४ ६ ८ ५ ७

स्थानमा बढी न्यूनता र दुर्बलता पाउने भएको, स्मरण-शक्तिको दुर्बलता पाउने खालको, बुद्धि र मनमा अशान्ति पाउने भएको, कुरा-कानीमा छल्ने कुरा बोल्ने भएको तथा बढी धन खर्च गर्ने खालको र धेरै पर-परका कुराहरू विचार्नेवाला र बाहिरी सम्बन्धमा तन-मन लगाएर आफ्नू बुद्धिले काम पूर्ण पार्न जान्ने भएको तथा खर्चमा केही चिन्ता मान्ने भएको, शत्रुस्थानमा र झ्याउला विवादहरूमा निकै शान्तिले बुद्धियोगद्वारा काम सिद्ध पार्ने खालको तथा मनमा अलि डर मान्ने खालको, चंचल मनवाला होला।

मीन लग्नान्तर–भौमफलम्

जुन व्यक्तिको मीनराशिको मङ्गल लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शरीर र भाग्यको योगबाट धन प्राप्त गर्ने भएको, धर्म-कर्मलाई मान्नेवाला, भाग्यमानीमा गनिने भएको शरीर स्थानमा केही आनन्द र केही बन्धन पाउने खालको, भवन-भूमि आदिको राम्रो योग प्राप्त गर्नेवाला, मातृ स्थानबाट आंशिक फाइदा प्राप्त गर्नेवाला, स्त्री पक्षमा केही भाग्यमानीको योग पाउने भएको र पुरातत्त्वको लाभ प्राप्त गर्नेवाला, जीवनको दिनचर्यामा धनीवर्ग झैं रहन-सहन भएको र दैवबल एवं शरीरबल दुवैलाई स्वीकार्ने खालको, कुटुम्बको शक्तिबाट पनि आनन्द पाउने भएको, सुखका साधनहरू प्राप्त गर्ने खालको, शरीरमा केही शान्तमयी तेजी राख्ने भएको प्रभावशाली होला।

कु० नं० १३८७

	१	११	
२	१२मं.		१०
	३	९	
४	६		८
	५	७	

जुन व्यक्तिको मेषराशिको मङ्गल लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनी र बढी भाग्यमानी तथा भाग्यद्वारा धनको वृद्धि गर्ने भएको, धनले धर्मको पालन गर्नेवाला, दैवयोगको शक्ति र सहायता पाउने भएको, सन्तान पक्षमा कमी वा अशान्ति पाउने र विद्या बुद्धिमा पनि केही कमीको योग पाउने भएको र कुरा-कानी गर्दा केही नमीठोभाव तथा आंशिक न्यूनता पाउने खालको, कमाइसकेको धन-शक्ति प्राप्त गर्ने भएको, जीवनको दिनचर्याको धनाढ्यता पाउनेवाला, पुरातत्त्वको लाभ पाउनेवाला, कुटुम्बको वृद्धि पाउनेवाला, तत्त्वग्राही, ईश्वरवादी र माननीय खालको होला।

कु० नं० १३८८

	१मं.	११	
२	१२		१०
	३	९	
४	६		८
	५	७	

जुन व्यक्तिको वृषराशिको मङ्गल लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै सफल पुरुषार्थ गर्ने भएको र भाग्य-शक्तिको बलद्धारा धन-शक्ति प्राप्त गर्ने खालको, धर्मको पालन गर्ने भएको, राज-समाजमा मान-प्रतिष्ठा सहित धनागम गर्नेवाला, उत्तम कर्म गर्नेवाला, पिता स्थानबाट लाभ पाउनेवाला, दाजु-भाइको शक्ति पाउने खालको, शत्रु-स्थानमा बढी प्रभाव तथा यश प्राप्त गर्नेवाला, मावली पक्षबाट केही फाइदा कमाउने भएको, पुरुषार्थ र परमेश्वर दुवैलाई मान्ने भएको, निकै बढी हिम्मत तथा उत्साहले काम गर्ने खालको यशस्वी होला।

कु० नं० १३८९

१ ११
२मं. १२ १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको मिथुन राशिको मंगल लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस भवन-भूमि र धनको शक्ति पाउने भएको तथा धन संग्रह गर्ने खालको र धेरै आमदानी पाउनेवाला, सुखपूर्वक भाग्य वृद्धिको योग पाउने भएको, धर्म-कर्मको राम्रो पालन गर्ने भएको, आफ्नी माताको सहयोग पाउने भएको, स्त्री स्थानबाट पनि भाग्यवृद्धि पाउनेवाला, व्यापारमा सफलता पाउनेवाला, सत्य र धर्मको तागतले धन कमाउने खालको, राज-समाज र पितास्थानबाट फाइदा तथा मान-सम्मान प्राप्त गर्ने भएको, ईश्वरको भरमा निश्चिन्त भएर बस्ने खालको, निकै अमूल्य लाभ प्राप्त गर्ने भाग्यमानी होला।

कु० नं० १३९०

१ ११
२ १२ १०
३मं. ९
४ ६ ८
५ ७

जुन व्यक्तिको कर्कराशिको मङ्गल लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान-कष्ट सहन गर्ने र विद्यामा न्यूनता पाउने तथा धनको संग्रह-शक्तिमा कमी पाउने खालको, भाग्यको दुर्बलतातर्फबाट बुद्धिमा केही चिन्ता पाउने र धर्मको सम्बन्धमा न्यूनता पाउने तथा भाग्यको तागतले र बुद्धिको गुप्त शक्तिको बलबाट बढी लाभ प्राप्तिको साधन पाउनेवाला, खर्चको स्थानमा अलि बढी व्यय गर्ने खालको, पुरातत्त्वको केही लाभ पाउनेवाला, जीवनको दिनचर्यामा केही हर्ष पाउने र केही वैमनस्यतामा साथै अन्यान्य स्थानको राम्रो सम्पर्क पाउने खालको होला।

कु० नं० १३९१

१ ११ २ १२ १० ३ ९ ४मं. ६ ८ ५ ७

जुन व्यक्तिको सिंह राशिको मङ्गल लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस केही अपठेरो मार्गबाट उत्तम सौभाग्य प्राप्त गर्नेवाला र केही घुमाउरा चालहरूमा सफलता पाउने भएको, धर्म-कर्मको साधारण रूपबाट पालन गर्ने तथा शत्रु स्थानमा दैवयोगले नै विजयी हुने, धनको साधारण तथा राम्रो शक्ति भाग्य र परिश्रमद्वारा प्राप्त गर्ने खालको र केही प्रभावद्वारा सफलता पाउनेवाला, खर्च स्थानमा केही वैमनस्यता पाउने खालको तथा शरीरमा आंशिक भाग्यको योग अनुभव गर्ने किसिमको अनि मावली पक्षमा केही प्रभाव पाउने भएको तथा झगडा-विवादबाट फाइदा प्राप्त गर्ने र केही कुटुम्ब विरोधी होला।

कु० नं० १३९२

१ ११ २ १२ १० ३ ९ ४ ६ ८ ५मं. ७

जुन व्यक्तिको कन्या राशिको मङ्गल लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस बलद्वारा व्यापारमा उन्नति पाउने भएको तथा खूब धन

कु० नं० १३९३

१		११
२	१२	१०
३		९
४	६मं.	८
५		७

कमाउनेवाला र धनले नै धन कमाएर व्याज पनि खाने खालको, स्त्रीको भाग्यबाट पनि धनको वृद्धि पाउने भएको तर स्त्रीलाई अनुचित कष्ट दिएर दुःख पुऱ्याउने भएको, निकै ठूलो रूपमा पनि कारबार गर्ने खालको, राज-समाजबाट पनि फाइदा पाउनेवाला र शरीरमा भाग्यमानीको योग पाउने खालको, पिता स्थानबाट केही सहयोग पाउने भएको, धर्म-कर्मको विचार राख्नेवाला, लौकिक गृहस्थीमा उच्चासन पाउने खालको र भोग प्राप्त गर्नेवाला तथा धनलाई बढी महत्त्व दिने भएको तथा धनको लागि बर्ता दगुरा-दगुर गर्ने खालको होला।

जुन व्यक्तिको तुलाराशिको मङ्गल लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस भाग्य-स्थानमा केही दुर्बलता पाउनेवाला तथा सम्मान र यशमा

कु० नं० १३९४

१		११
२	१२	१०
३		९
४	६	८
५		७मं.

केही न्यूनता पाउने भएको, धनको आंशिक हानि पाउनेवाला, पुरातत्त्वको लाभ पाउने भएको र भाग्यको तागतले गुप्त सम्पत्तिको लाभ पाउने खालको, धन संग्रह गर्नमा अनेक थरिका झ्याउलाहरू सहने खालको विदेश आदिको योगबाट प्रसस्त आमदानी पाउने भएको, जीवनको दैनिक दिनचर्यामा भाग्यमानीको झैं योग पाउने भएको र धनको वृद्धि गर्नका लागि गुप्त युक्तिहरूको प्रयोग गर्न जान्ने खालको, कठोर परिश्रम गर्ने भएको, दाजु-भाइ दिदी-बहिनीबाट केही वैमनस्यताको सम्बन्ध राख्ने वा पाउने खालको होला।

जुन व्यक्तिको वृश्चिकराशिको मङ्गल लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यशाली, बडो धार्मिक तथा भाग्यशक्तिले नै धन कमाउने भएको, कुटुम्ब शक्तिको आनन्द प्राप्त गर्ने भएको, बढी खर्च गर्नमा अलि अरुचि राख्ने खालको, दाजु-भाइसित केही वैमनस्यता पाउने भएको र यश प्राप्त गर्नेवाला, भवन-भूमिको सुख प्राप्त गर्ने भएको, अनि माताको सहायक शक्ति पाउने भएको, केही साधारण पुरुषार्थ गर्ने खालको र ईश्वरमा निकै बढी श्रद्धा-भक्ति राख्नेवाला, अनि दैवी सहायक शक्ति प्राप्त गर्ने खालको र अन्यान्य स्थानहरूको सम्पर्कबाट पनि केही अपठेरो सहित फाइदा पाउनेवाला र प्रभावशाली व्यक्ति होला।

कु० नं० १३९५

१ ११
२ १२ १०
३ ९
४ ६ ८मं.
५ ७

जुन व्यक्तिको धनुराशिको मङ्गल लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस ठूलो भाग्यशाली, बढी प्रतिष्ठा र वैभव पाउने भएको, पितास्थानको बर्ता उन्नति पाउनेवाला, राज-समाजबाट बढी फाइदा प्राप्त गर्ने भएको, निकै ठूलो व्यापार गर्ने भएको तथा भाग्य बलद्वारा धन शक्ति र प्रभाव शक्तिमा वृद्धि पाउने भएको र शरीरको ठूलो सम्मान पाउने खालको तथा हुकुम सहित केही कटुवाणी बोल्ने भएको, सन्तान पक्षमा केही कमी र बेवास्ता अनुभव गर्ने खालको तथा विद्याभित्र पनि केही न्यूनता लापरवाही पाउनेवाला, राजसी कर्म गर्नेवाला र भवन-भूमिको योग राम्रो भेट्टाउने, बढी प्रभावशाली धर्म-कर्म मान्ने होला।

कु० नं० १३९६

१ ११
२ १२ १०
३ ९मं.
४ ६ ८
५ ७

जुन व्यक्तिको मकर राशिको मंगल लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धेरै बढी धन लाभ पाउने भएको, धनको तागत र भाग्यको तागतले अनेक थरिका लाभहरू पाउने भएको, आमदानीको तागतले धन संग्रह गर्न जान्ने तथा ठूला-ठूला सित्तैका झैं महान् लाभ अकस्मात् पाउँदै रहनेवाला, विद्यामा केही न्यूनता पाउने खालको, सन्तान पक्षमा केही कमी अनुभव गर्नेवाला, शत्रुस्थानमा बढी प्रभाव शक्तिको तागत स्वयमेव नै पाउने भएको, अपठेराहरूबाट सुरक्षा पनि स्वयं नै पाउनेवाला, कुटुम्बको आनन्दबाट खूब लाभ पाउने भएको, धर्मबाट पनि लाभ भेट्टाउने खालको, धन-वृद्धिको निकै बर्ता ध्यान राख्ने खालको होला।

कु० नं० १३९७

१ ११
२ १२ १० मं.
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको कुम्भराशिको मङ्गल लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस धनको बढी हानि गर्ने भएको, भाग्यको दुर्बलता पाउने खालको तथा धर्मको पनि हानिको योग पाउने किसिमको, विवश भएर बढी धन खर्च गर्नेवाला, सुयशको न्यूनता पाउने भएको, अन्य स्थानको सम्पर्कबाट तथा खर्चको शक्तिले भाग्य र धनको तागत पाउने खालको, खूब परिश्रम गर्ने र दाजु-भाइसित सामान्य सम्बन्ध राख्नेवाला, दैनिक व्यापारमा उन्नति गर्ने खालको र स्त्री–स्थानमा भाग्यमानीको योग पाउने भएको र कुटुम्बमा हानि र क्लेश भेट्टाउने भएको तथा शत्रुस्थानमा केही प्रभाव राख्नेवाला र ईश्वरमा थोरै निष्ठा राख्ने र केही वृद्धिबाट अलि परै बस्ने खालको होला।

कु० नं० १३९८

१ ११मं.
२ १२ १०
३ ९
४ ६ ८
५ ७

मीन लग्नान्तर–बुधफलम्

जुन व्यक्तिको मीन राशिको बुध लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस शरीरको कदमा हलुकोभाव पाउने र माताको सुखमा केही कमीको योग परेको अनि भवन-भूमिमा अलि दुर्बलता पाउने भएको तथा स्त्री स्थानमा केही कमीका साथै महानता पनि पाउने भएको र व्यापारको विषयमा शरीरमा खूब परिश्रम सहेर उन्नतिमा पुग्ने खालको र भोगादिक पक्षमा केही अनुचित काइदाले बढी लाभ प्राप्त गर्नेवाला तथा स्त्रीपक्षमा केही बाधा (दबाव) पाउनेवाला र केही बाधा पुऱ्याउने खालको सुख तथा आरामको विषयमा केही दुर्बलता पांउनेवाला तथा व्यापारमा विवेक र शरीरद्वारा सुख दिने भएको अनि अनेक कर्म गर्ने साहसी खालको होला।

कु० नं० १३९९

१, ११, २, १२बु., १०, ३, ९, ४, ६, ८, ५, ७

कु० नं० १४००

१बु., ११, २, १२, १०, ३, ९, ४, ६, ८, ५, ७

जुन व्यक्तिको मेष राशिको बुध लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस इज्जतदार व्यापारबाट धन कमाउने खालको, सम्पत्तिको शक्ति पाउने भएको र गृहस्थीको सुखमा केही बन्धन पाउनेवाला, माताको सुखमा केही कमी पाउने र स्त्री पक्षबाट पनि केही बन्धन सहनेवाला, सुख आराममा पनि हानि पाउने भएको, धनभित्र नै सबै कुरा ठान्ने भएको, धनबाट सुखको अनुभव गर्ने भएको, भोगादिकको केही न्यूनता वा बन्धनलाई धनको माध्यमले पूर्ण पार्ने तथा जीवनको दिनचर्यामा सुखको अनुभव गर्ने भएको, पुरातत्त्वको फाइदा प्राप्त गर्ने भएको अनि ठूलो कुटुम्ब हुने साहसी व्यक्ति होला।

जुन व्यक्तिको वृषराशिको बुध लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस सुखपूर्वक परिश्रम गरेर विवेक-शक्तिद्वारा व्यापारमा सफलता

कु० नं० १४०१

१ ११
२बु. १२ १०
३ ९
४ ६ ८
५ ७

पाउने भएको र माताको शक्ति पाउनेवाला, भूमि-भवनको पनि शक्ति प्राप्त गर्नेवाला, दाजु-भाइ दिदी-बहिनीको शक्ति पाउनेवाला, स्त्रीको सहयोग पाउने भएको, सुख आरामको पनि शक्ति प्राप्त गर्ने खालको, गृहस्थी र लौकिक कार्यहरूको सफलताको शक्ति पाउने भएको, भोग प्राप्त गर्नेवाला र भगवान् झैं मानिनेवाला, गृहस्थ रूपमा धर्मको पनि पालन गर्ने खालको, बढी साहस र हिम्मतवाला, शीलयुक्त विवेकी होला।

जुन व्यक्तिको मिथुनराशिको बुध लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस भवन-भूमि र सम्पत्तिको सुख एवं शक्ति पाउने खालको, गृहस्थीको

कु० नं० १४०२

१ ११
२ १२ १०
३बु. ९
४ ६ ८
५ ७

अपूर्व आनन्द प्राप्त गर्ने भएको अनि व्यापारको श्रेणीमा प्रसस्त सुखपूर्वक विवेक शक्तिले काम सिद्ध पार्न जान्ने भएको, आमाको ठूलो सुख प्राप्त गर्नेवाला, शीलवती स्त्री प्राप्त गर्ने भएको तथा लौकिक विवेकको परम आनन्द पाउने खालको र सुख तथा आरामको लागि अनेक तयारीहरू गरिराख्ने भएको, कोमल कर्म गर्ने र भोग विलासमा रुचि भएको इज्जतदार व्यक्ति होला।

जुन व्यक्तिको कर्कराशिको बुध लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस बुद्धि र विवेकको शक्तिले सुखपूर्वक व्यापार गर्ने भएको तथा गृहस्थीको संचालन–क्रियासम्बन्धी उत्तम ज्ञान प्राप्त गर्ने खालको, सन्तान-सुख प्राप्त गर्नेवाला र स्त्रीको सुख पनि पाउने भएको अनि आमाका गुणहरूको लाभ भेट्टाउने भएको, लौकिक कार्यहरूको निकै बढी प्रवीणता र महानता पाउनेवाला, मातृस्थानमा स्त्रीको महानता मान्ने खालको, भोग-सुखको बढी विचार राख्ने भएको र भूमि-भवन आदिको राम्ररी भोग प्राप्त गर्नेवाला अनि सत्वगुण भित्र अलि दुर्बलता अनुभव गर्ने खालको, सुख प्राप्तिका साधनहरूको निकै बर्ता प्रदर्शन गर्न अघिसर्नेवाला, गृहस्थीका कार्यहरूको अधिकताले हृदयमा केही अशान्ति अनुभव गर्ने खालको र आत्माको ध्वनि (आवाज)को प्रतिकूल र इन्द्रियहरूको अनुकूल आचरण गर्ने हठी व्यक्ति होला।

कु० नं० १४०३

१, ११, २, १२, १०, ३, ९, ४बु., ६, ८, ५, ७

जुन व्यक्तिको सिंहराशिको बुध लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस मातृपक्षमा केही वियोग पाउनेवाला र स्त्रीपक्षमा केही वैमनस्यता पाउने भएको, भवन-भूमि आदिमा केही न्यूनता पाउनेवाला, सुख र आरामका साधनहरूमा हानि पाउनेवाला, व्यापारको तर्फबाट केही बाधा सहेर विवेक शक्तिका घुमाउरा कार्यहरूद्वारा काम सिद्ध पार्न जान्ने र शत्रु-स्थानमा विवेकद्वारा शान्तिले काम चलाउने तथा बढी धन व्यय गर्ने भएको, लौकिक र घर-गृहस्थीका कार्यहरूमा प्रत्यक्ष चातुर्यको केही न्यूनता पाउनेवाला तथा मावली पक्षबाट केही सुख प्राप्त गर्ने खालको अनि शीलवान् र शत्रुलाई पनि सुख पुऱ्याउने खालको होला।

कु० नं० १४०४

१, ११, २, १२, १०, ३, ९, ४, ६, ८, ५बु., ७

जुन व्यक्तिको कन्याराशिको बुध लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस निकै राम्री स्त्री पाउनेवाला र बढी राम्रो प्रभावशाली व्यापार गर्ने

कु० नं० १४०५

१ ११
२ १२ १०
३ ९
४ ६बु. ८
५ ७

भएको, विवेकको महानताबाट व्यापार द्वारा सफलता र सुख प्राप्त गर्ने भएको तथा लौकिक कार्यहरूमा निकै बर्ता प्रवीणता र महानता पाउने भएको, मातृस्थानमा स्त्रीको महानता पाउने भएको, भोग र सुखको अधिकता पाउने खालको एवं भूमि-भवन आदिको सुन्दर भोग प्राप्त गर्ने भएको, शरीर भित्र केही दुर्बलता वा कमी पाउने भएको, सुख प्राप्तिका साधनहरूको ठूलो प्रदर्शन गर्ने भएको र गृहस्थीका कार्यहरूको अधिकताले हृदयमा केही अशान्तिको अनुभव गर्ने भएको र आत्माको ध्वनि (आवाज)को प्रतिकूल काम गर्ने खालको होला।

जुन व्यक्तिको तुलाराशिको बुध लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस मातृस्थानमा केही हानि पाउनेवाला, स्त्रीस्थानमा पनि हानि पाउने

कु० नं० १४०६

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७बु.

भएको, भवन-भूमि आदिको भोग सम्बन्धमा नोक्सान पाउने भएको, सुख र आरामका साधनहरूमा न्यूनता पाउनेवाला गृहस्थीका कारणहरूले अशान्ति अनुभव गर्ने र व्यापारको सम्बन्धमा विवेक शक्तिको गूढ ज्ञानद्वारा काम गर्ने भएको तथा व्यापारको लागि विदेश यात्राको योग पाउने भएको अनि आयुको सुख प्राप्त गर्ने खालको, दैनिक दिनचर्याको जीवनमा केही सन्तोष पाउनेवाला तथा पुरातत्त्वबाट धनको फाइदा पाउनेवाला अशान्त चित्तको होला।

जुन व्यक्तिको वृश्चिक राशिको बुध लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस गृहस्थीको सम्बन्धबाट बढी भाग्योदय पाउनेवाला, आमाको स्नेह प्राप्त गर्ने भएको, स्त्रीको कारणबाट सुख र भाग्यको वृद्धि पाउने भएको र भाग्यकै तागतले दैनिक व्यापारमा विवेक-द्वारा सफलता पाउने भएको, गृहस्थीमा धर्मको विचार राख्ने भएको, आमा र स्त्रीमा पनि धार्मिकता पाउने भएको, धर्मपूर्वक व्यापार गर्ने खालको, भाग्य र विवेकको तागतबाट निकै राम्रो सुखभोग प्राप्त गर्ने खालको र दाजु-भाइ दिदी-बहिनीको सुख पाउने भएको तथा सुन्दर र कोमल पुरुषार्थ गर्ने भएको भवन-भूमिको स्वामी होला।

कु० नं० १४०७

१ ११
२ १२ १०
३ ९
४ ६ ८बु.
५ ७

जुन व्यक्तिको धनुराशिको बुध लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस राजसी सुख भोग प्राप्त गर्ने भएको, माता-पिताको सुख प्राप्त गर्ने खालको र स्त्रीको महानता पाउने र गृहस्थीको भोग-विलासमा उत्तमता पाउने खालको, भवन-भूमिको शक्ति पाउने भएको तथा सुखपूर्वक ठूलो व्यापार बढी विवेक शक्तिद्वारा गर्न जान्ने भएको र राज-समाजबाट फाइदा र सुख प्राप्त गर्नेवाला अनि लौकिक र सामाजिक कार्यहरूमा निकै बढी सम्मान र सफलता पाउने भएको अनि आमाको विशेष प्रभुत्व पाउने भएको र मान-प्रतिष्ठाको उन्नति गर्ने खालको अनि निवास स्थानमा बढी सजि-सजाउ राख्न खोज्ने र कोमल कर्म गर्ने खालको होला।

कु० नं० १४०८

१ ११
२ १२ १०
३ ९बु.
४ ६ ८
५ ७

जुन व्यक्तिको मकर राशिको बुध लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस व्यापारको माध्यमबाट सुखपूर्वक बढी लाभ र आमदानी पाउने

कु० नं० १४०९

	१	११	
२	१२		१० बु.
३		९	
४	६		८
	५	७	

भएको र भवन-भूमिको पनि लाभ पाउने खालको, स्त्री-सुखको राम्रो लाभ पाउने भएको, नित्य प्रतिको कार्यक्रममा उत्तम विवेक र शान्तिद्वारा उत्तम फाइदा पाउने भएको तथा भोग-विलासको सुख र लाभ प्राप्त गर्ने भएको, आमाको लाभ पाउनेवाला तथा सन्तान पक्षको सुख प्राप्त गर्ने भएको, विवेक शक्तिले विद्यामा सफलता पाउने भएको तथा मीठो बोल्ने र सुख आराम पाउनका लागि राम्रो ढङ्ग र माध्यम तयार पार्न जान्ने भएको, निकै चातुर्य र नरम कुरा-कानीले विशेष फाइदा पाउने खालको होला।

जुन व्यक्तिको कुम्भराशिको बुध लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस मातृस्थानमा केही हानि पाउने भएको, स्त्री-स्थानमा पनि आंशिक

कु० नं० १४१०

	१	११बु.	
२	१२		१०
३		९	
४	६		८
	५	७	

हानि पाउने खालको, व्यापारमा पनि केही हानि पाउने भएको, सुख र आराममा पनि केही पाउनेवाला, भोगादि पक्षमा केही न्यूनता पाउने भएको, बढी धन खर्च गर्ने बानी भएको तथा अन्यान्य स्थानबाट सुखको प्राप्ति गर्ने भएको, अन्य बाहिरी स्थानको सम्पर्कबाट विवेक योगद्वारा व्यापारको शक्ति पाउने भएको तथा अन्य स्थानको सम्बन्धबाट र खर्चको तागतले सुख भोग प्राप्त गर्ने खालको र शत्रुस्थानमा नरम बनेर आफ्नू काम सिद्ध पार्न जान्ने भएको तथा लौकिक गार्हस्थ्य सुखलाई बढी ढीलो प्राप्त गर्ने खालको धार्मिक व्यक्ति होला।

मीन लग्नान्तर–गुरुफलम्

जुन व्यक्तिको मीन राशिको गुरु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस महान् गौरव प्राप्त गर्ने भएको र मस्तिष्क भित्र आदर्श कर्मको शक्ति राख्ने ख्यालको र आत्माको लौकिक गुणहरूको ढुकुटी राख्नेवाला र शरीरको प्रभुता पाउने भएको एवं पिताको शक्तिबाट उच्च भर-थेग पाउने भएको तथा विद्या भित्र विशेष चमत्कार उत्पन्न गर्न जान्ने अनि सन्तान शक्तिको विशेष महत्त्व प्राप्त गर्ने भएको र राज-समाजमा मान-सम्मान पाउने ख्यालको एवं धर्म-कर्मको पालन गर्नेवाला तथा कुरा-कानीमा चमत्कारिक वाणी भन्नेवाला अनि स्त्री-स्थानमा मान-यश पाउनेवाला, भलादमी झैं रहन-सहन भएको निकै स्वाभिमानी होला।

कु० नं० १४११

१	१२गु.	११
२	३	९
१०	६	८
४	५	७

जुन व्यक्तिको मेष राशिको गुरु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस पिताको धन-शक्तिलाई प्राप्त गर्ने भएको अनि आफ्नू भलादमी हुने कर्मयोगमा धेरै धन कमाउने ख्यालको, धेरै ठूलो कारबार वा व्यापार आफ्नू हृदय र शरीरको बलद्वारा संचालित गर्ने र राज-समाजमा बढी इज्जत कमाउने र धन एवं कुटुम्बहरूको भित्र बर्ता गौरव पाउने भएको, मावली पक्षमा पनि ठूलो इज्जत कमाउनेवाला र शत्रु स्थानमा निकै बढी प्रभाव राख्ने, अनि झ्याउलाहरूमा विजय पाउने भएको तथा केही भलादमीपनको घुमाउरा कुराहरूबाट सम्मान पाउने र आफ्नू शरीर एवं आत्माभन्दा पनि बढी महत्त्व धनलाई दिएर धन जोर्नेवाला र बढी प्रभावशाली होला।

कु० नं० १४१२

१गु.	१२	११
२	३	९
१०	६	८
४	५	७

जुन व्यक्तिको वृषराशिको गुरु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस धेरै बढी परिश्रम र पैत्रिक कर्मद्वारा उन्नति गर्ने भएको, राज-समाजबाट सहयोग पाउने अनि दाजु-भाइसित केही विरोध मान्नेवाला र आमदानीमा कमी अनुभव गर्ने भएको र आमदानीको स्थान मार्गमा केही अनुचित लाभ पनि पाउने भएको, धर्म-कर्मको पालन गर्ने तथा आफ्नू कर्म गर्दै रहने, व्यापारको पंक्तिमा बढी पड़प्पन पाउनेवाला र स्त्रीको मनमा महानता पाउनेवाला, गृहस्थी भित्र भोग तथा प्रभाव पाउने खालको र जिद्दी स्वभावको प्रभावशाली होला।

कु० नं० १४१३

१		११
२गु.	१२	१०
३		९
४	६	८
५		७

जुन व्यक्तिको मिथुन राशिको गुरु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुखपूर्वक आरामले रहने भएको, भूमि-भवनको शक्ति राख्ने खालको, घरभित्र निकै बर्ता प्रभाव तथा वैभव पाउने भएको, माता-पिताको सुख प्राप्त गर्नेवाला, सुखपूर्वक हृदय-बलले कारबार गर्नेवाला, आफ्नू हुकूम दिने किसिमले निवास गर्ने भएको र पुरातत्त्वको लाभ भेट्टाउने र आयुमा वृद्धि पाउने खालको, खर्च स्थानमा केही वैमनस्यता पाउनेवाला र आफ्नू कर्मभित्र अभिमान तथा महानता पाउने भएको तथा अन्यान्य स्थानमा आमोद-प्रमोद पाउने खालको होला।

कु० नं० १४१४

१		११
२	१२	१०
३गु.		९
४	६	८
५		७

जुन व्यक्तिको कर्कराशिको गुरु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस आफ्नू बुद्धिभित्र महान् शक्ति पाउने खालको र हृदय तथा आत्माभित्र ठूलो महानता पाउने भएको, बढी विद्या पढेको, धेरै प्रभावशाली भाषण दिनजान्ने, पिता-पुत्रको शक्ति पाउने खालको शरीरमा सौन्दर्य र राम्रो डिलडाल पाउनेवाला आचार्यको पदवी पाउने भएको, धर्म-कर्मको राम्रो पालन गर्ने भएको, सबैको भाग्यमानी कहिने खालको अनि आमदानीमा आंशिक न्यूनता अनुभव गर्ने भएको तथा आमदानीको स्थानमा केही अलिकति अनुचित लाभ पाउने खालको र बडो स्वाभिमानी तथा निकै प्रभावशाली, दूरदर्शी एवं प्रख्यात व्यक्ति होला।

कु० नं० १४१५

१ ११
२ १२ १०
३ ९
४गु. ६ ८
५ ७

जुन व्यक्तिको सिंहराशिको गुरु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस अलि परतन्त्रता युक्त प्रभावशाली कर्म गर्नेवाला, पिता स्थानबाट केही विरोध पाउने भएको र अलि बडप्पनको परिश्रमी कर्मले बड़प्पनमा वृद्धि पाउने खालको र परिश्रमको आदर्श युक्तिहरूबाट धनको वृद्धि गर्ने भएको र आफ्नू परिश्रमको माध्यमले राज-समाजबाट फाइदा प्राप्त गर्ने भएको, तथा मान-सम्मान पाउने खालको, अलि विचित्र किसिमको स्वतन्त्रता वा परतन्त्रताको सम्मिलित रूप पाउने भएको अनि आफ्नू इज्जतको पूरा-पूरा ध्यान राख्ने खालको र कष्ट-बाधा एवं झ्याउलाहरूको भित्र रहेर पनि ती सबैलाई पर हटाउने दावी गर्ने खालको अनि मावली पक्षबाट इज्जत र मान पाउने खालको साहसी व्यक्ति होला।

कु० नं० १४१६

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५गु. ७

जुन व्यक्तिको कन्याराशिको गुरु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस राम्रो शरीर भएको र हृदय अनि कर्मको शक्ति तथा शरीरको परिश्रमबाट व्यापारमा बढी उन्नति गर्ने भएको र व्यापारकै पंक्तिबाट निकै बढी इज्जत मान पाउने खालको र महानताको साथ काम गर्न जान्ने, स्त्री-स्थानमा राम्रो सौन्दर्य र महानता पाउने भएको, ससुरालीबाट पनि सम्मान पाउने भएको तथा भोग-विलासको शक्ति पाउने खालको, गृहस्थीभित्र गौरव अनुभव गर्ने किसिमको, पिता स्थानबाट व्यापारको क्रममा निकै फाइदा प्राप्त गर्ने भएको र आमदानीको स्थानमा आंशिक न्यूनता अनुभव गर्नेवाला तथा केही अनुचित काइदाले लाभ पाउनेवाला, दाजु-भाइसित केही वैमनस्यताका साथै राम्रो सम्बन्ध राख्ने र धर्म-कर्म मान्ने खालको होला।

कु० नं० १४१७

१ ११ २ १२ १० ३ ९ ४ ६गु. ८ ५ ७

जुन व्यक्तिको तुलाराशिको गुरु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस परिश्रम कर्मलाई उत्तम काइदाले गर्दै रहेर इज्जत कमाउनेवाला, निकै ठूला र गहीरा गुप्त युक्तिहरूद्वारा कर्म गर्ने तथा पितास्थानबाट केही कमी र कष्टको योग पाउने भएको तथा शरीरमा केही दुर्बलता पाउने र उन्नतिमा बाधाहरू पाउने खालको, राज-समाजबाट केही असन्तोष पाउनेवाला, खर्च स्थानमा केही कष्ट-बाधाका साथ काम गर्दै रहने भएको, सुख प्राप्तिका साधनहरूको संग्रह गर्ने र जीवनको दिनचर्यामा केही बड़प्पन (महानता) पाउनेवाला तथा हृदयमा आंशिक अशान्तिको अनुभव गर्ने भएको, केही धनको वृद्धि गर्ने खालको अनि पुरातत्त्वको लाभ प्राप्त गर्ने खालको होला।

कु० नं० १४१८

१ ११ २ १२ १० ३ ९ ४ ६ ८ ५ ७गु.

जुन व्यक्तिको वृश्चिक राशिको गुरु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस निकै भाग्यशाली, बढी धर्मात्मा, न्यान-प्रिय अनि राज-समाज वा पिताको शक्तिबाट उत्तम लाभ पाउनेवाला, शरीरमा सुन्दरता भएको तथा आत्मबल र दैव-बलको शक्ति पाउने खालको अनि भाग्यको बलले र कर्म-बलबाट निकै ख्याति एवं उन्नति पाउने भएको, हृदयभित्र पवित्रता, उदारता तथा आत्मीयता राख्नेवाला, निकै ठूलो विद्याको सत्वगुणी शक्ति पाउने भएको, सन्तानको लाभ पाउने र निकै सुन्दर ओजस्वी वाणी बोल्ने अनि स्वाभिमानको बढी ध्यान राख्ने, दाजु-भाइ र पुरुषार्थलाई कम महत्व दिने, प्रभावशाली होला।

कु० नं० १४१९

१ ११
२ १२ १०
३ ९
४ ६ ८गु.
५ ७

जुन व्यक्तिको धनुराशिको गुरु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस आफ्नू मनभित्र ठूलो भलादमी-भाव राख्ने र पिताबाट सुन्दर समानताको सम्बन्ध राख्नेवाला र ठूलो व्यापार गर्ने भएको अनि राज-समाजमा बढी प्रतिष्ठा पाउने भएको र धनको निकै वृद्धि गर्नेवाला, मातृ-सम्बन्ध र भवन-भूमिको सुख प्राप्त गर्ने खालको तथा शत्रु स्थानमा ओजस्वी प्रभाव राख्नेवाला र मावलीमा इज्जतको वृद्धि पाउने भएको वा आत्मबल र कर्मबलबाट कुनै महान कार्य सम्पन्न पार्नेवाला, झ्याउलाहरूमा विजय पाउने खालको, बढी साहसी तथा प्रभावशाली राजसी वृत्ति पाउने स्वाभिमानी होला।

कु० नं० १४२०

१ ११
२ १२ १०
३ ९गु.
४ ६ ८
५ ७

जुन व्यक्तिको मकरराशिको गुरु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस शरीरमा लखतरान पर्ने र आमदानीको स्थानमा केही न्यूनता तथा क्लेशको योग पाउने खालको तथा आमदानी वा लाभ प्राप्तिका लागि केही बन्धन या परतन्त्रताको झैं योग पाउनेवाला, पिता स्थानको लाभ-सम्बन्धमा केही दुर्बलता पाउने भएको, बुद्धि स्थानमा विशेष जागृति पाउने भएको, सन्तानको उत्तम शक्ति पाउने भएको, दैनिक व्यापारमा चमत्कारिक उन्नति र इज्जत पाउनेवाला, स्त्री तथा ससुरालीबाट मान-सम्मान र प्रसन्नता पाउनेवाला, गृहस्थी तथा लौकिक काममा प्रवीणता राख्ने निकै वाचाल व्यक्ति होला।

कु० नं० १४२१

१ ११ २ १२ १० गु. ३ ९ ४ ६ ८ ५ ७

जुन व्यक्तिको कुम्भ राशिको गुरु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस पिता स्थानबाट हानि पाउने र देहमा कष्ट-बाधा पाउने भएको, आत्मामा अशान्ति पाउने र राज-समाजको कार्यहरूमा बढी हानिका साथै कार्य संचालन गर्नेवाला, व्यापार आदिको सम्बन्धमा दुर्बलता पाउनेवाला, खर्चको स्थानमा न्यूनता तथा फालतू खर्च अर्थात् हानिको योग पाउनेवाला, सुख प्राप्तिका साधनहरूको विशेष ध्यान राख्ने भएको, उत्तम कर्मको मार्गमा अल्छी मान्ने खालको र गूढ एवं गुप्त तथा घुमाउरा कामहरू गर्ने भएको, शत्रु-स्थानमा प्रभाव देखाउने भएको र आफ्नू जीवनको दिनचर्यामा प्रसन्नता मान्नेवाला, अन्य स्थानको कटु सम्पर्कमा रहने खालको होला।

कु० नं० १४२२

१ ११गु. २ १२ १० ३ ९ ४ ६ ८ ५ ७

मीन लग्नान्तर-शुक्रफलम्

जुन व्यक्तिको मीन राशिको शुक्र लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस अग्लो कदको निकै ठूलो पुरुषार्थ कर्म र परिश्रम गर्ने भएको दाजु-भाइको महानता पाउने र आयुको वृद्धि पाउने तथा प्रभावशाली जीवन व्यतीत गर्ने भएको, निकै बढी कूटनीतिलाई आदर्श रूपमा व्यवहारमा ल्याउने र पुरातत्त्वको महान लाभ पनि पाउने भएको, दिनचर्याको बसोवासमा मस्ती तथा निस्फिक्री पाउनेवाला, स्त्री-स्थानमा केही न्यूनताको योग पाउने भएको तथा स्त्री-स्थानमा केही अनुचित रीतिले आफ्नू शक्तिको प्रयोग गर्ने खालको तथा दैनिक व्यापारमा केही न्यूनताको योग पाउनेवाला, महान् बाठो र निकै बढी साहस भएको होला।

कु० नं० १४२३

१ ११
२ १२शु. १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको मेष राशिको शुक्र लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस पुरातत्त्व धनको बढी शक्ति पाउने भएको, दाजु-भाइको सम्बन्धमा केही बन्धन पाउने खालको, जीवनको दिनचर्यामा धनाढ्य झैं गर्न खोज्ने भएको, आयुको वृद्धि पाउनेवाला र उपस्थित धनमा केही हानि पाउने खालको अनि निकै ठूलो कूट युक्तिहरूबाट धनको वृद्धि गर्न जान्ने भएको तथा जीवनको समय शक्ति धन संग्रह गर्नमै व्यतीत गर्ने भएको अनि धनवान्मा गनिनेवाला तथा पुरुषार्थ बलमा केही न्यूनता पाउने भएको, जीवनको निस्फिक्रीले पनि केही धनको हानि पाउने खालको साहसी व्यक्ति होला।

कु० नं० १४२४

१शु. ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको वृषराशिको शुक्र लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस पुरुषार्थ शक्तिले तथा गहीरो युक्तिहरूद्वारा कर्म गर्नेवाला,

कु० नं० १४२५

१ ११
२शु. १२ १०
३ ९
४ ६ ८
५ ७

बाहुबलको शक्ति राख्ने भएको, दाजु-भाइ दिदी-बहिनीको केही कष्टदायक राम्रो शक्ति पाउने भएको, जीवनको दिनचर्यामा बढी शान-अभिमान राख्ने भएको र लामू आयु पाउने भएको तथा पुरातत्त्व शक्तिको फाइदा प्राप्त गर्ने खालको र भाग्यको वृद्धिका लागि निकै बढी परिश्रम गर्नेवाला, धर्मको स्थानमा केही हानि पुऱ्याउने भएको तथा गुप्त शक्तिको बलबाट तथा बढी साहसको बलले तथा बढी चातुर्यहरूको बलले, ठूला-ठूला कार्य गर्ने भएको डर नभएको र प्रभावशाली होला।

जुन व्यक्तिको मिथुन राशिको शुक्र लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृस्थानमा केही हानि पाउने र पुरातत्त्व शक्तिको सुख प्राप्त

कु० नं० १४२६

१ ११
२ १२ १०
३शु. ९
४ ६ ८
५ ७

गर्ने तथा दाजु-भाइ दिदी-बहिनीको केही सुख पाउने अनि आयुको राम्रो सुख भोग्ने खालको, जीवनको दिनचर्यामा आनन्द मान्ने भए पनि सुखका साधनहरूमा केही कमी पाउने तथा पिता स्थानमा अलि-अलि वैमनस्यता र कण्टक सहनेवाला, पुरुषार्थ द्वारा सुखपूर्वक र केही परिश्रमयुक्त काम गर्ने भएको अनि सुख प्राप्तिको सम्बन्धमा अनेक थरिका गुप्त युक्तिहरू र चातुर्यहरूद्वारा आफ्नू काम सिद्ध पार्ने, अलिकति विदेशबाट पनि सुख प्राप्त गर्ने भएको, निकै बाठो मानयुक्त होला।

जुन व्यक्तिको कर्कराशिको शुक्र लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस आफ्नू मस्तिष्क भित्र महान् कूटनीतिको शक्ति धारण गर्ने भएको,

कु० नं० १४२७

१ ११ २ १२ १० ३ ९ ४शु. ६ ८ ५ ७

निकै बठ्याइँ युक्त बुद्धि र वाणीका घुमाउरा चालहरूले काम सपार्न जान्ने सन्तान पक्षमा कष्टको योग पाउने भएको, विद्यामा केही पुरातत्त्वको शक्ति-ज्ञान राख्ने भएको, जीवनको दिनचर्याको आनन्द बुद्धिका युक्तिहरूबाट प्राप्त गर्ने खालको, लामू आयु भएको र निकै धन कमाउने खालको, दाजु-भाइ र दिदी-बहिनीको केही न्यूनताका साथै पुत्रवत् स्नेह गर्ने भएको तथा बुद्धि-बलको शक्तिको बढी भर मान्ने भएको तथा पुरुषार्थ बलमा केही दुर्बलता पाउने खालको तथा पुरातत्त्वको शक्तिबाट लाभ कमाउने खालको होला।

जुन व्यक्तिको सिंहराशिको शुक्र लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस जीवनमा अशान्ति अनुभव गर्ने भएको, दाजु-भाइसित विरोध पाउने

कु० नं० १४२८

१ ११ २ १२ १० ३ ९ ४ ६ ८ ५शु. ७

खालको, जीवनमा केही परतन्त्रता अनुभव गर्ने, गूढातिगूढ कर्मलाई निकै बढी परिश्रम र चातुर्यले पूरा गर्ने तथा केही उदर विकार पाउने र पुरुषार्थ बलमा केही दुर्बलता पाउने र निकै बढी धन खर्च गर्ने, पुरातत्त्वको केही हानि पाउने र बढी ढीलो र कष्टले मात्र प्रभाव पाउने भएको, पुरुषार्थद्वारा जीवनाधार शक्तिलाई पाउने भएको तथा अपठेरा र शत्रुमाथि घुमाउरा युक्तिहरूले सफलता पाउने खालको साहसी होला।

जुन व्यक्तिको कन्याराशिको शुक्र लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस गृहस्थी र स्त्रीको कारणले गर्दा जीवनको दिनचर्यामा बढी कष्ट-बाधा पाउनेवाला र स्त्रीपक्षबाट केही हानि पाउने खालको, व्यापारको स्थानमा महान् झ्याउलो र अनेक थरिका दुःख पाउने भएको, दाजु-भाइ दिदी-बहिनीको हानि पाउने खालको र पुरुषार्थ बलको दुर्बलता पाउने भए पनि शरीरमा तेजको वृद्धि पाउनेवाला र आयुस्थानबाट सामान्यतः राम्रो नै पाउने भएको, पुरातत्त्व लाभको न्यूनता पाउने खालको भोगादि पक्षको प्रकट रूपमा कमी र अप्रत्यक्ष रूपमा केही लाभ पाउने भएको, केही परतन्त्रता-युक्त कर्म गर्ने भएको गुप्त बाठो र गुप्त साहसी होला।

कु० नं० १४२९

१ ११ २ १२ १० ३ ९ ४ ६शु. ८ ५ ७

जुन व्यक्तिको तुलाराशिको शुक्र लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस गुप्त बलको महान शक्ति राख्ने भएको र पुरातत्त्व शक्तिको स्थिर लाभ पाउने भएको र जीवनको दिनचर्यामा निकै बढी आनन्दको योग पाउनेवाला, पुरुषार्थ बलको केही हानि र दाजु-भाइ दिदी-बहिनीको पनि हानि पाउने भएको, धन स्थानको वृद्धिका लागि निकै बढी प्रयत्न गर्दै रहने खालको तथा अदृश्य एवं गहीरो चातुर्यहरूमा मास्टर कहिने भएको, केही मान-सम्मान र प्रसिद्धि पाउनेवाला, कठिन परिश्रमको बलद्वारा जीवनी-शक्ति पाउने र दूरदर्शी होला।

कु० नं० १४३०

१ ११ २ १२ १० ३ ९ ४ ६ ८ ५ ७शु.

जुन व्यक्तिको वृश्चिक राशिको शुक्र लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यको तागतद्वारा दिनचर्याको जीवन शक्तिमा निकै बढी आनन्द पाउने खालको र पुरातत्त्व शक्तिको संचित लाभ प्राप्त गर्नेवाला, लामू आयु पाउने भएको अनि पुरुषार्थ बलको सफलतामा अपूर्व गौरव पाउने खालको तथा सुयशमा केही न्यूनता पाउने भएको, भाग्यको सम्बन्धमा आंशिक दुर्बलता पाउनेवाला अर्थात् भाग्योदय कालमा केही बाधा-कष्ट सहने भएको, धर्म-पालन गर्दै रहँदा पनि यथार्थ धर्ममा दुर्बलता पाउने भएको र धर्म तथा सज्जनताको तरीकाले महान गुप्त युक्तिहरूद्वारा शक्ति र हिम्मत प्राप्त गर्ने खालको, निकै ठूलो चातुर्यहरूले आफ्नू काम सिद्ध पार्न जान्ने खालको होला।

कु० नं० १४३१

१ ११
२ १२ १०
३ ९
४ ६ ८शु.
५ ७

जुन व्यक्तिको धनुराशिको शुक्र लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा हानि पाउने र दाजु-भाइ दिदी-बहिनीको केही शक्ति पाउने भएको, आयुमा वृद्धि भेट्टाउनेवाला, पुरातत्त्वको पैत्रिक लाभ पाउने खालको प्रभावपूर्ण दिनचर्या व्यतीत गर्नेवाला, गूढ युक्तिहरू र महान् चातुर्यहरूद्वारा ठूलो काम गर्ने भएको, सुख स्थान तथा भवन-भूमिको वृद्धि गर्ने बढी प्रयत्न गर्दै रहने खालको, मान प्रतिष्ठा आदिको वृद्धिका लागि पनि निकै गहीरा उपायले काम बनाउन जान्ने, राज-समाज भित्र ठूला-ठूला परिश्रमी कार्यहरूलाई अनेक चातुर्यहरूद्वारा गरेर मान-सम्मान पाउने खालको निकै साहसी होला।

कु० नं० १४३२

१ ११
२ १२ १०
३ ९शु.
४ ६ ८
५ ७

जुन व्यक्तिको मकर राशिको शुक्र लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस पुरातत्त्व शक्तिको निकै बढी लाभ पाउने भएको र आयुको वृद्धि पाउने खालको, दाजु-भाइ दिदी-बहिनीबाट लाभ पाउनेवाला, जीवनको दिनचर्यामा निकै आमोद-प्रमोद पाउनेवाला, कूटनीति र गुप्त कामको बलले खूब लाभ पाउने भएको, पुरुषार्थ बलको वृद्धि पाउने खालको र बुद्धिभित्र बर्ता गुप्त कष्ट सहन सक्ने तथा विद्यामा केही न्यूनता पाउनेवाला, आमदानीको पक्षमा केही बाधा अल्झो र कष्ट सहने खालको, आफ्नू परिश्रममा बढी विश्वास राख्ने भएको, प्रसस्त साहस र हिम्मतले काम गर्ने खालको होला।

कु० नं० १४३३

१	
११	
२	
१२	
१० शु.	
३	
९	
४	
६	
८	
५	
७	

जुन व्यक्तिको कुम्भ राशिको शुक्र लग्नबाट बार्हौं स्थानमा छ भने त्यो मानिस पुरातत्त्व शक्तिको केही हानि पाउने भएको र जीवनमा अलिकति अशान्तिको योग पाउनेवाला, आयुमाथि कहिले काहीं केही हानिहरूको प्रभाव बेहोर्नु पर्ने खालको, दाजु-भाइ दिदी-बहिनीको तर्फबाट केही अशान्ति अनुभव गर्ने भएको र बढी धन खर्च गर्ने भएको तथा अन्यान्य स्थानहरूको सम्बन्धमा जीवनदायिनी शक्तिको ठूलो बल प्राप्त गर्ने खालको, शत्रु र अन्य कष्ट झ्याउलो टार्नका लागि कूट-युक्तिहरूको प्रयोग गर्न जान्ने भएको, धेरै परको गूढ शक्तिको भरमा रहने खालको होला।

कु० नं० १४३४

१	
११ शु.	
२	
१२	
१०	
३	
९	
४	
६	
८	
५	
७	

मीन लग्नान्तर–शनिफलम्

जुन व्यक्तिको मीनराशिको शनि लग्नको प्रथम स्थानमा छ भने त्यो मानिस शरीरमा केही दुर्बलताको योग पाउने खालको र शरीरद्वारा वृद्धिको योग प्राप्त गर्ने भएको, शरीरद्वारा नै लाभ-हानिको बराबर शक्ति पाउनेवाला, पिता स्थानबाट आंशिक विरोधको वातावरण पाउने भएको, दाजु-भाइसित केही मित्रता र केही दुर्बलता पाउने भएको, ठूलो पुरुषार्थ गर्ने खालको, स्त्रीस्थानमा केही हानि र लाभको योग पाउने भएको, व्यापारमा केही परिश्रम सहनेवाला, बाहिरी अन्य स्थानको सम्पर्क पाउने भएको, राज-समाजको उन्नतिमा केही बाधा पाउने भए पनि धर्म-कर्म मान्ने होला।

कु० नं० १४३५

१ ११
२ १२श. १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको मेष राशिको शनि लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धन संग्रह गर्ने सम्बन्धमा दुर्बलता पाउने भएको र कहिले काहीं धनको स्थानमा हानिहरू पनि पाउने खालको र अन्यान्य स्थानको सम्पर्कबाट धनागम गर्ने तथा सदैव प्राप्त हुने आमदानीको माध्यमबाट लाभ पाउँदै रहनेवाला, मातृ-स्थानमा केही हानि पाउने र पुरातत्त्वको लाभ भेट्टाउने भएको, जीवनको दिनचर्यामा आनन्दको योग पाउने खालको, कुटुम्ब स्थानमा केही कमी, क्लेशको योग पाउनेवाला र धनको सम्बन्धमा कुनै अनुचित रीतिको प्रयोग गर्ने खालको साहसी व्यक्ति होला।

कु० नं० १४३६

१श. ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको वृषराशिको शनि लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै पुरुषार्थ गर्ने र बढी हिम्मतले काम गर्न जान्ने भएको,

कु० नं० १४३७

	१		११	
२श.		१२		१०
	३		९	
४		६		८
	५		७	

आमदानीको मुकाबलामा बढी खर्च गर्नेवाला, अन्यान्य स्थानहरूको सम्पर्कबाट धेरै शक्तिबल पाउने भएको, दाजु-भाइको केही हानि र लाभ पुऱ्याउने र पाउने भएको, विद्यामा केही कमी पाउने भएको, सन्तान पक्षमा केही हानि र लाभ पाउनेवाला, धर्म स्थानमा केही हानि पाउने भएको र सुयशमा केही न्यूनता पाउनेवाला, प्रभावमा केही वृद्धि पाउनेवाला, मस्तिष्कमा केही कष्ट-बाधा र बाहुबलमा केही सामान्य दुर्बलता पाउनेवाला, भए पनि साहसी होला।

जुन व्यक्तिको मिथुन राशिको शनि लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस मातृस्थानमा केही दुर्बलता र केही हानि-लाभको योग पाउने

कु० नं० १४३८

	१		११	
२		१२		१०
	३श.		९	
४		६		८
	५		७	

खालको, आमदानी र खर्चको व्यवस्थामा समान सुख पाउने भएको, सुख-शान्तिको र निवास स्थानमा कुनै दुर्बलता पाउने र शरीर भित्र केही दुर्बलता पाउनेवाला, मावली पक्षमा केही हानिको योग पाउने खालको, शत्रुस्थानमा प्रभाव पार्न जान्ने भएको, पिता स्थानमा केही बाधा सहने भएको, प्रपंचको विषयमा नजाति ठानेर थोरै बोल्नेवाला र भूमि-भवन र अन्य स्थानको सम्बन्धमा केही हानि र आंशिक लाभको योग पाउने साहसी होला।

जुन व्यक्तिको कर्कराशिको शनि लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षमा केही हानि पाउने, सन्तान पक्षमै केही लाभ पनि भेट्टाउने भएको, विद्या स्थानमा केही हानि र लाभको साथसाथै बाहिरी अन्य स्थानको सम्बन्धबाट लाभ पाउने भएको, धर्मको संग्रह स्थानमा दुर्बलता वा हानि पाउने भएको र आमदानी-खर्चको स्थानमा समानताको योग पाउनेवाला, कुटुम्ब स्थानमा अलि-अलि विग्रह पाउने तथा मस्तिष्कमा केही कष्ट-बाधा पाउने भएको, व्यापारमा केही लाभ-हानिको योग पाउनेवाला स्त्री-स्थानमा केही हानि-लाभ र केही दुर्बलता पाउनेवाला तथा स्वार्थका कुरा गर्ने खालको होला।

कु० नं० १४३९

१		११
२	१२	१०
३		९
४श.	६	८
५		७

जुन व्यक्तिको सिंहराशिको शनि लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस केही प्रभाव र परतन्त्रताको योगबाट लाभ-हानिको शक्ति पाउनेवाला र मावली पक्षमा हानि पाउने खालको तथा लाभ र खर्चको लागि केही कष्ट-बाधा सहने भएको तथा केही चातुर्य र भित्री साहसले काम सपार्न जान्ने र जीवनको दिनचर्यामा निकै बढी प्रभाव पाउने खालको अनि अन्यान्य स्थानहरूको शक्तिले र लाभ-खर्चको तागतद्वारा शत्रुमा प्रभाव पार्ने भएको, दाजु-भाइसित केही दुर्बल तथा केही लाभको सम्बन्ध पाउने खालको होला।

कु० नं० १४४०

१		११
२	१२	१०
३		९
४	६	८
५श.		७

जुन व्यक्तिको कन्याराशिको शनि लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस व्यापारको पंक्तिबाट हानि-लाभ तथा आमदानी र खर्चको बराबर योग पाउने भएको र अन्य स्थानको सम्पर्कबाट फाइदा प्राप्त गर्ने र स्त्री-स्थानमा पनि लगातार लाभको योग पाउने खालको र भाग्य-स्थानमा केही चिन्ता मात्रै भएको, धर्म-स्थानमा केही न्यूनता पाउने खालको अनि शरीरमा केही कष्ट-बाधा र दुर्बलताको योग आय-व्ययको माध्यमले पाउनेवाला, मातृस्थानमा पनि केही सामान्य हानि-लाभको योग पाउने भएको, आमदानी-खर्चको कारणले आफ्नू सुख र आराममा अलिकति न्यूनता पाउने खालको होला।

कु० नं० १४४१

१ ११
२ १२ १०
३ ९
४ ६श. ८
५ ७

जुन व्यक्तिको तुलाराशिको शनि लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस अन्य स्थानको सम्पर्क शक्तिको योगबाट र पुरातत्त्वको महान् लाभ पाउने भएको, जीवनमा निकै बढी आनन्दको योग पाउनेवाला, आमदानी र खर्चको माध्यम एवं ढङ्ग कुनै धनाढ्य व्यक्तिको झैं गर्ने तथा आयुमा वृद्धि पाउने भएको, गूढ र गुप्त विषयको सम्बन्धहरूबाट लाभ र उन्नति भेट्टाउने खालको र धन संग्रहको स्थानमा केही कमी वा हानिको योग पाउने भएको, पिता स्थानमा केही शत्रुताको योग पाउने भएको, उन्नतिको मार्गमा ठूला-ठूला विचित्र कर्म गर्न जान्ने भएको तथा सन्तान पक्षमा हानि-लाभको समान योग पाउने खालको होला।

कु० नं० १४४२

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७श.

जुन व्यक्तिको वृश्चिक राशिको शनि लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस अन्य स्थानको सम्पर्क र भाग्यको तागतले खूब आमदानी पाउनेवाला तथा प्रत्येक थरिका लाभ र आवश्यकताहरूको पूर्ति सदैव पाउँदै रहने भएको, भाग्यमानीमा गतिने भए पनि भाग्यमा केही कमी पाउने खालको, धर्मको स्थानमा केही दुर्बलता पाउने भएको तथा पुरुषार्थको वृद्धि गर्ने भएको, दौडा-दौडको शक्ति राख्ने खालको र शत्रुस्थानमा बढी प्रभाव राख्नेवाला तथा कुनै पनि कष्ट-बाधा अथवा विपत्तिहरू टार्नका लागि युक्ति निकाल्न जान्ने खालको अनि बढी सावधानी र चातुर्य राख्ने एवं आफ्नू आयको सबैतिरबाट सुरक्षा गर्ने खालको स्वार्थयुक्त होला।

कु० नं० १४४३

१ ११
२ १२ १०
३ ९
४ ६ ८श.
५ ७

जुन व्यक्तिको धनुराशिको शनि लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिताको स्थानमा हानि पाउने भएको र धेरै बढी धन खर्च गर्ने खालको अनि खर्चको अधिकताको कारणले इज्जत थामेर राख्न बढी अपठेरो पाउने भएको, राज-समाजको सम्बन्धमा दुर्बलता पाउने खालको र उन्नतिको शिखरमा पुग्न-का लागि अनेक थरि कर्महरू गर्ने भएको, व्यापारमा बढी हानि पाउने खालको, सुख र मातृस्थानमा आंशिक हानि र लाभ पनि भेट्टाउने भएको अनि स्त्री-स्थानमा पनि केही हानि-लाभ दुवै पाउने खालको, दैनिक व्यापारमा केही समभाव पाउने भएको तथा अन्य स्थानको सम्बन्ध र झ्याउलाहरूबाट नै इज्जत कमाउने भएको र साहसी होला।

कु० नं० १४४४

१ ११
२ १२ १०
३ ९श.
४ ६ ८
५ ७

जुन व्यक्तिको मकर राशिको शनि लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस अन्यान्य स्थानको सम्पर्कबाट खूब धन लाभ पाउनेवाला र

कु० नं० १४४५

१ ११
२ १२ १० श.
३ ९
४ ६ ८
५ ७

खर्चको तागतले बढी फाइदा प्राप्त गर्ने भएको तर आफ्नू निम्ति प्रयोग हुने लाभमा कमी पाउनेवाला, शरीरमा केही दुर्बलता पाउने, जीवनको दिनचर्यामा आनन्द अनुभव गर्ने खालको, पुरातत्त्वको लाभ पाउने भएको, खर्च र आमदानीको कारणहरूले शरीरमा केही कष्ट-बाधाको योग पाउनेवाला तथा सन्तान पक्षमा केही अल्झो वा झ्याउलो पाउने खालको अनि विद्यामा केही न्यूनता भेट्टाउने तथा गूढ युक्तिहरूले फाइदा प्राप्त गर्ने, स्वार्थयुक्त होला।

जुन व्यक्तिको कुम्भ राशिको शनि लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस आयभन्दा धेरै बढी खर्च गर्ने खालको, खर्चकै तागतले र अन्य

कु० नं० १४४६

१ ११श.
२ १२ १०
३ ९
४ ६ ८
५ ७

स्थानको सम्पर्कबाट लाभ पाउनेवाला र धनको सम्बन्धमा दुर्बलता पाउने भएको तथा धन संग्रहको निम्ति केही अनुचित व्यवहार पनि गर्ने भएको र कुटुम्ब स्थानमा केही अशान्ति पाउने खालको र भाग्यको सम्बन्धमा केही चिन्ता पाउने भएको र यशमा केही न्यूनता पाउने र धर्ममा केही हानि पाउने भएको, शत्रु स्थानमा प्रभाव राख्ने खालको, कष्ट-बाधालाई थिच्न सक्ने भएको र केही मावली पक्षमा हानि पाउनेवाला तथा अन्यान्य स्थानमा लाभको विषयमा सोच-विचार गरिरहने खालको होला।

मीन लग्नान्तर–राहुफलम्

जुन व्यक्तिको मीन राशिको राहु लग्नको पहिलो स्थानमा छ भने त्यो मानिस शरीरको स्थानमा चिन्ता-फिक्री मात्रे खालको र देहमा केही कमी अनुभव गर्ने र शरीरमा कहिले काहीं कुनै आघात सहने तथा केही दुर्बल र बन्धनको पनि कहिले काहीं योग प्राप्त गर्ने भएको, आदर्श चातुर्य र बठ्याइँले काम सपार्न जान्ने र शरीरको वृद्धि एवं स्वच्छन्दताका लागि ठूल-ठूला कष्टसाध्य कठिन कर्म गर्ने भएको, मान-प्रतिष्ठाको प्राप्तिका लागि तथा सदैव नाम कायम राख्नको निम्ति निकै बढी खतरा र विपत्ति सहेर शक्ति प्राप्त गर्ने खालको तथा गुप्त युक्तिहरूको बलमा वृद्धि पाउने खालको होला।

कु० नं० १४४७

१ ११
२ १२रा. १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको मेष राशिको राहु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको हानि पाउनेवाला तथा धनको सम्बन्धबाट कष्ट-बाधा अनुभव गर्ने खालको तथा कुटुम्ब स्थानमा हानि, क्लेश पाउने भएको तथा धनको संग्रह शक्तिलाई प्राप्त गर्नको लागि निकै बढी हिम्मतले काम सिद्ध पार्ने तथा खतरा बोकेर मुश्किलले उन्नति पाउने, तथा धनको निम्ति गुप्त शक्तिको प्रयोग गर्ने खालको, धनको सम्बन्धमा कहिले काहीं अर्काको सहायता वा मद्दत लिने तथा धन स्थानमा कहिले काहीं अकस्मात् गहीरो धक्का पाउनाले कष्ट-बाधा पाउने र परिश्रमले काम गर्ने खालको होला।

कु० नं० १४४८

१रा. ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको वृषराशिको राहु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस आफ्नू पुरुषार्थमा बढी सफलता पाउने भएको र बढी परिश्रम गर्ने अनि दाजु-भाइको स्थानमा केही कष्ट-बाधा पाउने भएको र घुमाउरा उपायहरूले चाहिने भन्दा बर्ता सतर्कता र होशियारी राख्ने भएको र केही नाजायज फाइदाले इज्जत र प्रभावको वृद्धि पनि गर्न जान्ने खालको तथा आफ्नू सफलताको आनन्द अनुभव गर्नेवाला, बढी बाठो र सबै प्रकारको काम जान्ने र निस्फिक्री खालको होला।

कु० नं० १४४९

१ ११
२रा. १२ १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको मिथुन राशिको राहु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस सुख स्थानमा महान् वृद्धि पाउनको लागि महान् परिश्रम र सङ्कट सहन गर्नेवाला एवं धेरै ठूलो प्रपंचका योगहरूबाट सुखका साधनहरू पाउने भएको, भूमि-भवन आदिको योग पाउने खालको, मातृस्थानमा निकै बढी आडम्बरको शक्तिबाट फाइदा प्राप्त गर्ने, सुखको सम्बन्धको निकै ठूलो धाक देखाउने भएको तथा सुख प्राप्तिका साधनहरूको र सुख सम्बन्धित प्रत्येक वस्तुहरूको केही-बढी र नाजायज लाभ प्राप्त गर्ने खालको तर मनको वास्तविक शान्तिमा अनेक विघ्न पाउने खालको व्यक्ति होला।

कु० नं० १४५०

१ ११
२ १२ १०
३रा. ९
४ ६ ८
५ ७

जुन व्यक्तिको कर्कराशिको राहु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षमा कष्टको योग पाउने भएको तथा विद्या स्थानमा कमीको योग भेट्ने खालको, बुद्धि र मस्तिष्क भित्र अलि-अलि कष्ट-बाधा पाउने भएको तथा विद्यास्थानमा विद्या ग्रहण गर्ने वेलामा मानसिक चिन्तामा गाडिने भएको, बुद्धिभित्र अनेक झ्याउला सहेर निकै बढी चातुर्य र सतर्कताको बाटो पैल्याउने भएको तथा बुद्धि र मनद्वारा अनेकानेक कठिन विषयलाई सहजै सपार्ने भएको, सदैव मानसिक चिन्ताहरूमा रहेर कुराकानी गर्ने र दुःखी मनवाला होला।

कु० नं० १४५१

१		११
२	१२	१०
३		९
४रा.	६	८
५		७

जुन व्यक्तिको सिंहराशिको राहु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस शत्रु-स्थानबाट केही कष्ट-बाधाको योग पाउनेवाला र शत्रुलाई बर्बाद पार्ने खालको तथा शत्रुस्थानमा आफ्नू प्रभाव पार्ने भएको र मावली पक्षको पनि निकै हानिको योग पाउने भएको अनि अपठेरो र विपत्ति भित्र पनि धैर्य र चातुर्यहरूद्वारा काम गरेर विजय पाउने भएको र आफ्नू कष्ट-बाधाहरूलाई लुकाएर बाहिरी वातावरणमा निकै बढी प्रभावले काम सिद्ध पार्ने खालको र निकै बढी घुमाउरा प्रयत्नहरूलाई पनि प्रभाव शक्तिकैद्वारा प्रयोग गर्न जान्ने भएको, बढी कटु स्वार्थ-परायण साहसी होला। रोगादि र अनेक बीमारीहरूको पनि वास्ता नराख्ने खालको होला।

कु० नं० १४५२

१		११
२	१२	१०
३		९
४	६	८
५रा.		७

जुन व्यक्तिको कन्याराशिको राहु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस व्यापारको उन्नतिका लागि निकै बढी परिश्रम गर्ने भएको तथा निकै ठूलो चातुर्यहरूले र अनेक गुप्त-शक्तिहरूबाट फाइदा कमाउने खालको तथा स्त्री-स्थानमा केही बाधाहरू सहने भएको, गृहस्थी भित्र अनेक झ्याउलाहरू सहेपछि केही दृढताको स्थायी सुख शक्ति प्राप्त गर्ने खालको अनि दैनिक व्यापारको क्रममा कहिले काहीं गहीरो विपत्ति सहनु पर्ने खालको, तर व्यापारको उन्नतिको मार्गमा बराबर लागिरहने भएको र इन्द्रिय भोगादिक पक्षमा केही न्यूनताको साथसाथै बढी रुचि राख्ने खालको होला।

कु० नं० १४५३

१ ११
२ १२ १०
३ ९
४ ६रा. ८
५ ७

जुन व्यक्तिको तुलाराशिको राहु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस आफ्नू जीवनको दिनचर्यामा केही कष्ट-बाधा अनुभव गर्ने भएको तथा पेटको अलि तल भित्रतिर केही रोगको सम्भावना पाउने खालको तथा जीवनमा अनेक थरि झ्याउला र कष्ट सहिसकेपछि फेरि दिनचर्याको दृढता पाउने भएको र जीविकाको राम्रो साधन पाउने भएको, पुरातत्त्वको केही हानि पाउनेवाला र आयुस्थानमा कहिले काहीं ठूला आघात सहने भएको तथा महान् गूढ ज्ञानका शक्तिको गुप्त भण्डार राख्ने खालको र विदेश आदिको आउने जानेमा केही व्यवधान अनुभव गर्ने र केही चिन्ताग्रस्त रहने खालको होला।

कु० नं० १४५४

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७रा.

जुन व्यक्तिको वृश्चिक राशिको राहु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यस्थानमा अनेक झ्याउला सहने भएको र धर्मको स्थानमा हानि पाउनेवाला, शील र दयाको पालन गर्नमा अपठेरो ठान्ने खालको तथा भाग्यको स्थानमा कहिले काहीं डरलाग्दो आघातको योग पाउने भएको र ठूल-ठूला बटारिएका र कष्ट-बाधाका गुप्त युक्तिहरूबाट भाग्यको उन्नति गर्ने खालको र यशको कमी पाउने भएको तथा ईश्वरको शक्तिमा थोरै विश्वास राख्ने भएको तथा आफ्नू स्वार्थसिद्धिको पूरा-पूरा ध्यान राख्न जान्ने भएको तथा धर्म-कर्मको अथवा झारफुके धर्मको पालन गर्ने होला।

कु० नं० १४५५

१ ११
२ १२ १०
३ ९
४ ६ ८रा.
५ ७

जुन व्यक्तिको धनुराशिको राहु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस पिता स्थानमा हानि पाउने भएको र राज-समाजका कार्यहरूमा हानि र अशान्तिको योग पाउने तथा अवनतिको मार्गमा अनुसरण गर्ने खालको अनि इज्जत सम्मानको स्थानमा कहिले काहीं निकै गहीरो मार्मिक आघात सहने खालको र महान् गुप्त भेदपूर्ण काम गर्ने भएको, प्रशंसाको हानि पाउनेवाला, उन्नतिमा पुग्नका लागि अनधिकार कर्मको चेष्टा गर्ने भएको, अनि पिता स्थानको सम्पर्कबाट बढी अशान्ति पाउने खालको तथा केही परतन्त्रतायुक्त कष्ट-बाधाहरूको कर्म गर्ने खालको होला।

कु० नं० १४५६

१ ११
२ १२ १०
३ ९रा.
४ ६ ८
५ ७

जुन व्यक्तिको मकरराशिको राहु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस आफ्नू वित्तद्वारा बढी लाभ प्राप्त गर्ने प्रयत्न गर्नेवाला तथा अधिक धन प्राप्त पनि गर्नेवाला र सित्तैको जस्तो धन सधैं खोजिरहने तथा लाभ प्राप्तिको स्थानमा ठूल-ठूला गुप्त चालाले दृढताका साथ लाभ प्राप्त गर्न जान्नेवाला, आफ्नू लाभ र स्वार्थको सामुन्ने अर्काको नाफा नोक्सानको अलिकति पनि वास्ता नगर्ने खालको तथा लाभको स्थानमा केही बाधा-कष्ट र परिश्रमको पनि योग पाउने भएको, लाभ प्राप्तिको सामुन्ने कस्तै ठूलो झ्याउलोको पनि वास्ता नगर्ने खालको होला।

कु० नं० १४५७

१ ११
२ १२ १० रा.
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको कुम्भ राशिको राहु लग्नबाट बाह्रौं स्थानमा छ भने त्यो मानिस बढी र वेवास्ताको धन व्यय गर्ने तथा खर्चको स्थानमा केही परिश्रम र कष्ट-बाधाको योग पनि सहनेवाला र खर्चको सम्बन्धमा अनेक बाधाहरूपछि दृढताको पनि योग पाउनेवाला र अन्यान्य स्थानको सम्पर्कमा केही प्रपंच र झ्याउलाहरूको योग पाउने खालको अनि खर्चको श्रेणीमा ठूल-ठूला गुप्त उपायहरू र चातुर्यहरू द्वारा आफ्नू काम पूरा गर्ने भएको तथा परका सम्बन्धी व्यक्तिहरूसित निकै बर्ता घुमाउरा र गुप्त उपायहरूले काम सिद्ध पार्न जान्ने र खर्च-स्थानमा परतन्त्रता र निराशाको पनि योग कहिले काहीं पाउने होला।

कु० नं० १४५८

१ ११रा.
२ १२ १०
३ ९
४ ६ ८
५ ७

मीन लग्नान्तर–केतुफलम्

जुन व्यक्तिको मीन राशिको केतु लग्नबाट प्रथम स्थानमा छ भने त्यो मानिस शरीरमाथि कहिले काहीं मार्मिक आघात सहने भएको र केही खतराहरूबाट पनि हिंड्ने एवं शरीरको सौन्दर्यमा न्यूनता पाउनेवाला तथा केही बन्धन वा परतन्त्रताको पनि योग पाउने भएको र हृदय भित्र महान् दृढताले काम गर्न जान्ने भएको, आफूभित्र महान् शक्ति संचार पाउनेवाला, गुप्त रीतिले आफ्नू शक्तिको प्रयोग गर्ने भएको अनि कष्टहरूको भित्र महान् धैर्यले काम गर्न जान्ने तथा बडप्पनका साथै तामसी शक्तिको प्रयोग गर्ने खालको होला।

कु० नं० १४५९

१ ११
२ १२के. १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको मेष राशिको केतु लग्नबाट द्वितीय स्थानमा छ भने त्यो मानिस धनको पक्षमा धेरै अपठेराहरू सहनेवाला एवं अकस्मात् कहिले काहीं धनको हानिहरू पनि पाउनेवाला र धनको अभावले कहिले काहीं धार्मिक वेदना सहने भएको र कुटुम्ब-स्थानमा निकै कमी र क्लेश सहनेवाला, धन प्राप्तिको लागि र धनको वृद्धिका लागि अनेकानेक कठोर परिश्रम र प्रयत्न गर्ने खालको र धनका लागि धेरै ठूलो गुप्त शक्तिको प्रयोग गर्न जान्ने र अन्त्यमा धनको तर्फबाट कुनै एक बलियो शक्ति प्राप्त गर्ने भएको, केही अशान्तयुक्त होला।

कु० नं० १४६०

१के. ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७

जुन व्यक्तिको वृषराशिको केतु लग्नबाट तृतीय स्थानमा छ भने त्यो मानिस निकै पराक्रमी तथा बढी दगुरा-दगुर गरेर काम बनाउने अनि दाजु-भाइको स्थानमा केही अशान्ति वा क्लेशको योग पाउने खालको, बाहुबलको बढी शक्ति राख्ने भएको, गुप्त साहसको पनि शक्तिको महान् संचार राख्न जान्नेवाला, कहिले काहीं पुरुषार्थ र हिम्मतको स्थानमा अनेक संकटहरूको योग पाउने खालको, तर महान् धैर्यले काम सिद्ध पार्न जान्ने र उन्नतिमा पुग्नका लागि अन्धविश्वास भित्र रहेर पनि सकेसम्म बर्ता शक्तिको प्रयोग गर्ने खालको अनि कुनै पनि कुरालाई असम्भव नठान्ने खालको होला।

कु० नं० १४६१

१		११
२के.	१२	१०
३		९
४	६	८
५		७

जुन व्यक्तिको मिथुन राशिको केतु लग्नबाट चौथो स्थानमा छ भने त्यो मानिस माताको हानि पाउने भएको, मातृस्थानबाट वियोग पाउने खालको, घर-गृहस्थीमा सुख-शान्तिको अभाव पाउनेवाला, संकीर्ण स्थानमा निवास गर्ने भएको, छिमेकी तथा सहयोगीहरूसित पनि कष्टको अनुभव गर्ने भएको, महान अशांतप्रद परिश्रम आदिको झ्याउल्लोमा गाडिनेवाला, सानो जातका मानिसहरूसित सम्पर्क पाउने भएको, लघु रीतिले नै अन्त्यमा सुखका साधन पाउने भएको, भवन-भूमिको महान् हानि भेट्टाउने खालको, सुख प्राप्तिका लागि केही अनुचित र गुप्त शक्तिको प्रयोग गर्ने खालको साहसी होला।

कु० नं० १४६२

१		११
२	१२	१०
३के.		९
४	६	८
५		७

जुन व्यक्तिको कर्कराशिको केतु लग्नबाट पाँचौं स्थानमा छ भने त्यो मानिस सन्तान पक्षबाट निकै कष्ट सहने भएको, बुद्धिमा बाधा-कष्टको योग पाउने खालको, विद्यामा न्यूनता पाउने भएको र विद्याध्ययनको समयमा पनि मानसिक चिन्ताहरूको विशेष योग पाउनेवाला, अनेक विघ्न-बाधाहरू पाइरहेर पनि अन्त्यमा विद्यासित सम्बन्धित कुनै बलियो शक्ति प्राप्त गर्नेवाला, विद्या, सन्तान र मस्तिष्क यी तीन वस्तुमा कहिले काहीं निकै बढी आघात सहने भएको, चाल-ढाल र कुराकानी भित्र केही झर्को-फर्को र दुर्बलताको योग तथा आफ्नू मन्तव्य बुझाउन नसक्ने खालको व्यक्ति होला।

कु० नं० १४६३

१ ११
२ १२ १०
३ ९
४के. ६ ८
५ ७

जुन व्यक्तिको सिंहराशिको केतु लग्नबाट छैठौं स्थानमा छ भने त्यो मानिस शत्रु स्थानको नाश गर्ने खालको र मावली पक्षबाट हानि पाउने भएको तथा आफ्नू प्रभावको वृद्धि गर्ने खालको, महान परिश्रम गर्ने भएको र शत्रु एवं विपक्षीहरूसित बर्ता अशान्तिको वातावरण पाइरहेर पनि महान् धैर्य र साहसले काम पूर्ण पार्ने भएको अनि अपठेराहरू र विपत्तिहरूमा विजय पाउने खालको तथा धेरै ठूला र कठिन कष्ट-बाधाहरूलाई काट्न सक्ने किसिमको गुप्त शक्ति राख्ने भएको अनि गुप्त युक्तिहरूद्वारा र गुप्त साहसले ठूला-ठूला इच्छित काम पूरा पार्ने भएको, शीलको वास्ता नराख्ने र बढी स्वार्थयुक्त ठ्योगी खालको व्यक्ति होला।

कु० नं० १४६४

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५के. ७

जुन व्यक्तिको कन्याराशिको केतु लग्नबाट सातौं स्थानमा छ भने त्यो मानिस स्त्री-स्थानमा केही अशान्तिको योग पाउने खालको र विशेष भोग प्राप्त गर्ने भएको अनि दैनिक व्यापारमा निकै बढी परिश्रम गरेर आंशिक लाभ पाउनेवाला र केही अशान्ति वा अपठेराहरूपछि आफ्नू व्यापारमा बढी ठूलो भित्री दृढता पाउने खालको र गुप्त शक्तिहरूको बलबाट तथा निरन्तर मिहिनेतको बलले व्यापारमा उन्नति गर्ने भएको तथा स्त्री-सम्बन्धमा भोगादिक पक्षमा केही गुप्त युक्तिहरूबाट शक्ति लाभ पाउने भएको र केही अनधिकार चालाबाट पनि व्यापारमा केही शक्ति पाउने खालको र अन्धविश्वासको साथसाथै खूब परिश्रम गर्नेवाला होला।

कु० नं० १४६५

१ ११
२ १२ १०
३ ९
४ ६के. ८
५ ७

जुन व्यक्तिको तुला राशिको केतु लग्नबाट आठौं स्थानमा छ भने त्यो मानिस जीवनको दिनचर्यामा केही अशान्ति पाउनेवाला तथा पुरातत्त्वबाट प्रकटमा केही हानि पाउने खालको र आन्तरिक गुप्त एवं गहीरो पुरातत्त्वको शक्तिलाई कठिन परिश्रमको बलले प्राप्त गर्ने भएको तथा केही उदर सम्बन्धी विकार पाउने भएको र आयुको सम्बन्धमा कहिले काहीं निराशाजनक आघात सहने भएको र गूढातिगूढ शक्तिको बलबाट गुप्त हिम्मतको आनन्द अनुभव गर्ने खालको र प्रकटमा जीवन-निर्वाहको सम्बन्धमा कहिले काहीं चिन्ताहरू पाउने भएको तथा दृढ सिद्धान्तवाला र हठ्योगी होला।

कु० नं० १४६६

१ ११
२ १२ १०
३ ९
४ ६ ८
५ ७के.

जुन व्यक्तिको वृश्चिकराशिको केतु लग्नबाट नवौं स्थानमा छ भने त्यो मानिस भाग्यस्थानमा निकै चिन्ताहरू पाउने भएको र धर्मको स्थानमा हानिको योग पाउने खालको तथा भाग्यको उन्नति हुने मार्गमा ठूला-ठूला बाधाहरू पाउने भएको तर भाग्यको उन्नतिका लागि महान् परिश्रम र विशेष धैर्यले काम सिद्ध पार्न जान्ने भएको अनि बढी गुप्त योजनाहरूको बलबाट उन्नतिको शिखरमा पुग्नेवाला तथा सुयशमा न्यूनता पाउनेवाला र स्वार्थसिद्धिको सम्मुख धर्म अधर्मको वास्ता नराख्ने भएको तथा ईश्वरमा आस्था र विश्वासमा केही कमी पाउने खालको होला।

कु० नं० १४६७

१ ११
२ १२ १०
३ ९
४ ६ ८के.
५ ७

जुन व्यक्तिको धनुराशिको केतु लग्नबाट दसौं स्थानमा छ भने त्यो मानिस राज-समाजका कार्यहरूमा निकै दगुरा-दगुर र परिश्रम गरेर उन्नति प्राप्त गर्ने तथा पिता-स्थानमा निकै बर्ता हठधर्मीले फाइदा प्राप्त गर्नेवाला र निर्वाध गतिले निःशंक आफ्नू काम गर्नेवाला, गुप्त शक्तिको महानताद्वारा तथा पुरुषार्थको महानताले महान् कार्य गर्ने खालको र बढी प्रपंचको शक्ति राख्ने भएको र अनधिकार रूपले विशेष अधिकार पाउन प्रयत्न गर्दै रहनेवाला र मान-प्रतिष्ठाको उन्नतिका लागि तथा व्यापारको उन्नतिका निम्ति महान् उग्र कर्म गर्नेवाला, केही पिताको विरोधी होला।

कु० नं० १४६८

१ ११
२ १२ १०
३ ९के.
४ ६ ८
५ ७

जुन व्यक्तिको मकरराशिको केतु लग्नबाट एघारौं स्थानमा छ भने त्यो मानिस धन प्राप्तिका लागि निकै महान् उद्योग गर्ने भएको तथा अधिक धन प्राप्त पनि गर्ने खालको र धन प्राप्तिको स्थान सम्बन्धमा धेरै बढी हिम्मत तथा साहसले काम बनाउन जान्नेवाला, गुप्त शक्तिको बलले प्रसस्त लाभ पाउने खालको, सित्तैं को झैं धन पाउने योजनाहरू बनाउने र आफ्नू स्वार्थसिद्धिको लागि अर्काको लाभ-हानिको कुनै वास्ता नगर्ने खालको तथा आमदानीमा केही बाधा सहने र आमदानीमा केही कमी अनुभव गर्ने खालको व्यक्ति होला।

कु० नं० १४६९

जुन व्यक्तिको कुम्भराशिको केतु लग्नबाट बाहौं स्थानमा छ भने त्यो मानिस खर्चको स्थानमा केही बाधा सहने भएको, खर्चको संचालन शक्तिलाई निकै कष्ट-बाधा र परिश्रमको बलले चलाउने भएको र स्थिर एवं धेरै बढी शक्तिको प्रयोगबाट अन्यान्य स्थानको सम्पर्क शक्तिको फाइदा प्राप्त गरेर खर्च गर्ने भएको र अन्य दोस्रो स्थानको सम्पर्कमा केही अशान्ति पाउने खालको, खर्चको विषयमा कहिले काहीं निकै कष्ट-बाधा पाएपछि केही यस्तो दृढता पाउनेवाला जसले निस्फिक्री हुन सकोस् र गुप्त-शक्तिले अन्य स्थानमा सफलता पाउने खालको होला।

कु० नं० १४७०

कार्य सिद्धिको विषय

मेष लग्न हुने व्यक्तिहरूको देहको सम्बन्धमा मङ्गल सदैव केही चिन्ता वा कष्ट-बाधाको सूचक कहिन्छ र भाग्यको सम्बन्धमा बृहस्पति सदैव केही दुर्बलता उत्पन्न गर्ने सूचक मानिन्छ र दाजु-भाइ दिदी-बहिनी वा पुरुषार्थको सम्बन्धमा बुध सदैव केही झ्याउलाहरूको सूचक हुन्छ। यसै निम्ति मंगलवार तथा गुरुवारको दिन पहेंली गाईलाई भोजन गर्नुभन्दा पहिले शक्कर र रोटी खान दिनुपर्दछ अनि बुधवारको दिन हरियो फल गाईलाई खान दिनु उत्तम छ र राहु एवं केतु स्वभावले नै कष्ट-बाधा गर्ने ग्रह हुन्, यसैनिम्ति पक्षीहरूलाई अन्न र माछा, कछुवा आदिलाई पीठोको स-साना गोली खान दिंदै रहे कल्याण हुनेछ।

कु० नं० १४७१

२　१२
३　१　११
४　१०
५　७　९
६　८

कु० नं० १४७२

२　१२
३　१　११
४　१०
५　७　९
६　८

मेष लग्न हुने व्यक्तिहरूको लागि धन लाभको सम्बन्धहरूमा शनि, शुक्र दुवै ग्रह सर्व श्रेष्ठ मानिन्छन्, यसै निम्ति पंचांग भित्र जुन-जुन वर्षमा तथा जुन-जुन महीनाहरूमा ती दुवै ग्रह कन्या, वृश्चिक र मीन यी तीन राशिहरूलाई छाडेर तथा शनिको लागि मेष राशि पनि छोडेर अन्य सबै राशिहरूमा जब-जब यी दुवै ग्रह आउँछन् र राहु जब-जब धन राशिमा आउँछ, धन र व्यापारको बृद्धि गर्नेछन्।

कार्य सिद्धिको विषय

वृषभ लग्न हुने व्यक्तिहरूको- स्त्री तथा व्यापारको सम्बन्धमा मङ्गल हानि अथवा कष्ट-बाधाको सूचक छ र आमदानीको सम्बन्धहरूमा बृहस्पति केही झ्याउलाहरूको सूचक छ र देहको सम्बन्धमा शुक्र केही रोग वा कष्ट-बाधाहरूको सूचक छ, यसनिम्ति मंगलवार र गुरुवारको दिन भोजनभन्दा पहिले पहेंली गाईलाई शक्कर र रोटी खान दिनु र शुक्रवारको दिन सेतो मिठाई गाई र ब्राह्मणलाई आफूले खानुभन्दा पहिले दिनु पर्दछ र राहु केतु स्वभावले नै कष्ट-बाधा दिने हुन्, यसै निम्ति पक्षिहरूलाई अन्न र मत्स्य-कच्छप आदिलाई पीठोका स-साना गोली बनाएर दिंदै रहनु कल्याणकारक हुनेछ।

कु० नं० १४७३

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

वृषभ लग्न हुनेहरूको - धन र लाभको सम्बन्धमा बुध र गुरु तथा भाग्योन्नतिको पक्षमा शनि सर्वश्रेष्ठ ग्रह मानिन्छ, यसैनिम्ति पञ्चाङ्ग भित्र जुन-जुन वर्षमा, महीनामा शनि तुला, धन, मीन र मेष यी चार राशि बाहेक अर्थात् इनलाई छाडेर बुध, तुला, धन र मीन मेष यी चार राशिहरू छाडेर जब-जब अन्य राशिहरूमा आउँछन् र गुरु जब-जब कर्क, कन्या, वृश्चिक र मीन राशिहरूमा आउँछन्, तब-तब भाग्योन्नति तथा धनोन्नति गर्दछन् र राहु धन तथा मीन राशिमा श्रेष्ठ रहन्छन्।

कु० नं० १४७४

३ १ ४ २ १२ ५ ११ ६ ८ १० ७ ९

कार्य सिद्धिको विषय

मिथुन लग्न हुने व्यक्तिहरूको सन्तान र बुद्धिको सम्बन्धमा शुक्र सदैव कुनै न कुनै फिक्री वा कष्ट-बाधाको सूचक छ र शनि सदैव भाग्यको सम्बन्धमा केही चिन्ता उत्पन्न गर्ने सूचक छ र मङ्गल सदैव आमदानीको बाटोमा केही अपठेरोको सूचक छ। अतः प्रत्येक शनिवारको दिन काली गाईलाई शक्कर-रोटी खान दिनुपर्दछ। शुक्रवारको दिन सेतो मिठाई गोरो ब्राह्मणलाई खानदिनु र मङ्गलवारको दिन शक्कर रोटी राती गाईलाई ख्वाउनु उत्तम छ। यी सबै काम आफूले खानुभन्दा पहिल्यै गरे राम्रो हुनेछ र राहु-केतु स्वभावैले कष्ट दिने हुन्, अतः पक्षिहरूलाई अन्न र मालालाई पीठोको गोली दिंदै रहे कल्याण हुनेछ।

कु० नं० १४७५

४　२
५　३　१
६　१२
७　९　११
८　१०

कु० नं० १४७६

४　२
५　३　१
६　१२
७　९　११
८　१०

मिथुन लग्न हुने व्यक्तिहरूको धनलाभ र व्यापारादिको उन्नतिको सम्बन्धमा चन्द्र, गुरु र मङ्गल तीन ग्रह श्रेष्ठ छन्, यसै निम्ति पंचांग भित्र जब-जब चन्द्रमा वृश्चिक, मकर र वृषभ राशिहरूलाई छाडेर अन्य राशिहरूमा आउँछन् र गुरु - मकर, वृषभ यी दुइ राशि छोडेर अन्य राशिहरूमा आउँछन् र मङ्गल-वृषभ, कर्क, वृश्चिक र मकर राशिहरू बाहेर अन्य राशिहरूमा आउँछन्, तब-तब धन र मान सम्मानमा उन्नति भइरहने छ।

कार्य सिद्धिको विषय

कर्क लग्न हुने व्यक्तिहरूको - स्त्री तथा व्यापारको सम्बन्धमा शनि सदैव केही कष्ट-बाधा गर्दछ र भाग्यका सम्बन्धहरूमा गुरु केही झ्याउलो ल्याउँछ र दाजु-भाइ; दिदी-बहिनी र पुरुषार्थको विषयमा बुध सदैव केही कष्ट-बाधा दिंदै रहन्छ। यसै निम्ति शनिवार काली गाईलाई शक्कर रोटी खान दिनु अनि पीपलको वृक्षमा जल चढाउनु र गुरुवार पहेंली गाईलाई शक्कर र बुधवार हरिया फल बिहानै गाईलाई खान दिनु। राहु केतु स्वभावैले कष्टदाता हुन्, अतः पक्षिहरूलाई अन्नका दाना र माछा कछुआ आदिलाई पीठोको स-साना गोली बनाएर खान दिए राम्रो हुनेछ।

कु० नं० १४७७

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

कर्क लग्न हुने व्यक्तिहरूको लागि- धन र मान, बुद्धि र सन्तानको सम्बन्धमा शुक्र, मंगल, सूर्य तीन ग्रह उत्तम छन्, अतः पंचागमा जब-जब शुक्र- मिथुन, कन्या, धन, कुम्भ यी चार राशिहरूलाई छाडेर तथा मङ्गल-मिथुन, कर्क, धन, कुम्भ- यी चार राशिलाई छाडेर तथा सूर्य-मिथुन, तुला, धन, कुम्भ यी चार राशिहरूलाई छाडेर शेष रहेका आठैमा जब-जब धनलाभ र मान-प्रतिष्ठा, विद्या, सन्तान आदिको उन्नति गर्दछन् र राहु जब-जब वृषभ र मिथुनमा आउँछन् तब-तब उत्तम फल दिनेछन।

कु० नं० १४७८

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

कार्य सिद्धिको विषय

सिंह लग्न हुने व्यक्तिहरूको- खर्चको सम्बन्धमा र अन्यान्य स्थानको सम्बन्धमा चन्द्रमा सदैव मनलाई चिन्तित पार्ने खालका हुन् र बृहस्पति

कु० नं० १४७९

६ ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२

विद्या, बुद्धि एवं सन्तानको सम्बन्धमा केही कष्ट-बाधाका सूचक हुन् र शनि स्त्री, गृहस्थी तथा व्यापारको सम्बन्धमा केही दुःख कष्टका सूचक हुन्। अतः प्रत्येक सोमवार दहीको दान बिहानै गर्नुपर्दछ र प्रत्येक गुरुवार पहेंली गाईलाई आफूले खानुभन्दा पहिल्यै प्रत्येक शनिवार काली गाईलाई शक्कर तथा रोटी खानदिनु उत्तम होला। राहु, केतु स्वभावले नै कष्टका सूचक हुन्, यसैनिम्ति प्रतिदिन पक्षिहरूलाई अन्नका दाना र माछा-कछुवा आदिलाई पीठोको स-साना गोली बनाएर दिंदै रहनु।

सिंह लग्न हुने व्यक्तिहरूलाई नगद, धन र आमदानीको सम्बन्धमा बुध श्रेष्ठ छ र भाग्यको सम्बन्धमा मङ्गल र शुक्र दुवै ग्रह निकै श्रेष्ठ छन्।

कु० नं० १४८०

६ ४ ७ ५ ३ ८ २ ९ ११ १ १० १२

यसै निम्ति पञ्चाङ्ग भित्र जब-जब कहिले मङ्गल- मेष, वृष, मिथुन, सिंह, कन्या, तुला, वृश्चिक र कुम्भ इत्यादि राशिहरूमा आउँछन् र शुक्र, मेष, वृष, मिथुन, सिंह, तुला, वृश्चिक, धन र कुम्भ इत्यादि राशिहरूमा जब-जब आउँछन् र राहु जब-जब मिथुनमा आउँछ तब-तब ती वर्षहरूमा र महीनाहरूमा लाभ र भाग्योन्नति हुनेछ।

कार्य सिद्धिको विषय

कन्या लग्न हुने व्यक्तिहरूको- खर्च र अन्यान्य स्थानहरूको सम्बन्धमा तेजी र अभिमानका कारणहरूले सूर्य सदैव केही बाङ्गा रहन्छन् र विद्या, बुद्धि तथा सन्तानको सम्बन्धहरूमा शनि सदैव केही कष्ट-बाधा दिने सूचक हुन् र दाजु-भाइ दिदी-बहिनी तथा पुरुषार्थ धर्मको सम्बन्धमा मङ्गल सदैव केही बाधा दिने खालका हुन्। यसै निम्ति प्रतिदिन प्रातः शुद्ध जल र फूल सूर्यलाई चढाएर नमस्कार गर्नुपर्दछ र शनिवार काली गाईलाई शक्कर रोटी र मङ्गलवार राती गाईलाई पनि शक्कर रोटी दिनुपर्दछ। राहु-केतु स्वभावैले कष्ट-दातामा गनिने हुनाले दिनहुँ पक्षिहरूलाई अन्न र माछा कछुवालाई पीठेको गोली दिदै रहे उत्तम हुनेछ।

कु० नं० १४८१

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

कन्या लग्न हुने व्यक्तिहरूको निम्ति धन र भाग्यको सम्बन्धमा शुक्र श्रेष्ठ ग्रह हो र व्यापार गृहस्थीको सम्बन्धमा गुरु उत्तम हो तथा मान-प्रतिष्ठा आदिको सम्बन्धमा बुध श्रेष्ठ छ र लाभको विषयमा चन्द्रमा उत्तम छ। यसनिम्ति पंचांग भित्र जब-जब शुक्र-वृष, मिथुन, कर्क, तुला, वृश्चिक, धन, मकर, मीन राशिहरूमा आउँछन् र गुरु जब-जब मिथुन, कर्क, कन्या, तुला, वृश्चिक, धन र मीन राशिहरूमा आउँछन् र चन्द्रमा जब-जब वृष, मिथुन, कर्क, कन्या, तुला, धन, मकर र मीन राशिहरूमा आउँछन्, तब-तब ती वर्षहरूमा, महीनाहरूमा धन-मान र भाग्यको वृद्धि हुनेछ।

कु० नं० १४८२

७ ५
८ ६ ४
९ ३
१० १२ २
११ १

कार्य सिद्धिको विषय

तुला लग्न हुने व्यक्तिहरूको- भाग्यको सम्बन्धमा बुध सदैव दुर्बलता र चिन्ताको सूचक हो, शरीरको सम्बन्धमा शुक्र केही कष्ट-बाधा वा झ्याउलो ल्याउने खालका हुन् र दाजु-भाइ दिदी बहिनी र पुरुषार्थ कर्मको सम्बन्धमा बृहस्पति सदैव केही कष्ट-चिन्ताका सूचक हुन्। यसै निम्ति बुधवारको दिन प्रातः हरिया फल गाईलाई खान दिनुपर्दछ र शुक्रवार काँचो दूधमा भाँग घोटेर गुलियो मिसाई शिवजीलाई चढाउनुपर्दछ र गुरुवारको दिन पहेंली गाईलाई शक्कर खान दिंदै रहनुपर्दछ अनि राहु-केतु स्वभावले नै कष्ट-बाधा उपस्थित गर्ने हुन्, यसै कारण दिनहुँ पक्षिहरूलाई अन्नका दाना र माछा-कछुवालाई पीठोका स-साना गोली बनाएर खान दिए उत्तम हुनेछ।

कु० नं० १४८३

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

कु० नं० १४८४

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

तुला लग्न हुने व्यक्तिहरूलाई- धनको सम्बन्धमा मङ्गल र सूर्य श्रेष्ठ छन्- यस निम्ति मङ्गल जब-जब सिंह राशिमा वा तुलामा कि वृश्चिकमा वा मेषमा अथवा मिथुनमा आउँछन्, र बुध तथा चन्द्र जब-जब मिथुनमा, कर्कमा, सिंहमा, तुलामा, धनमा, मकरमा, कुम्भमा वा मेषमा कि बुध वृश्चिक राशिमा आउँछन् र राहु जब-जब मिथुन राशिमा आउँछन् तब-तब भाग्योन्नतिको राम्रो योग बन्दछ।

कार्य सिद्धिको विषय

वृश्चिक लग्न हुने व्यक्तिहरूका लागि - स्त्री, गृहस्थी र व्यापारको सम्बन्धमा शुक्र सदैव नै कष्ट-बाधाको सूचक हो र धनागम, आमदानीको सम्बन्धमा बुध सदैव केही तगारो तेर्स्याउने खालको हो र शरीरको सम्बन्धमा मङ्गल सदैव केही कष्ट दिने खालको हो। यसै निम्ति शुक्रवारको दिन दूधमा बनाएको भांग शिवजीमा चढाउनुपर्दछ र बुधवारको दिन हरिया फल गाईलाई र मङ्गलवारको दिन पूरी र शक्कर राती गाईलाई भोजन भन्दा पहिल्यै खान दिए उत्तम होला। फेरि राहु-केतु स्वभावले नै कष्ट-बाधाका सूचक हुन्। यसको लागि पक्षीहरूलाई अन्न र माछालाई पीठोको स-साना गोली खान दिनु।

कु० नं० १४८५

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

वृश्चिक लग्न हुने व्यक्तिहरूको लागि- धनको सम्बन्धमा बृहस्पति श्रेष्ठ मानिन्छन् र भाग्यको सम्बन्धमा सूर्य, चन्द्र उत्तम हुन् र लाभको सम्बन्धमा बुध श्रेष्ठ हुन्। यसैनिम्ति बृहस्पति जब-जब कर्कमा, सिंहमा, वृषभमा आउँछन् र सूर्य- चन्द्र जब-जब कर्कमा, सिंहमा, कन्यामा, धन, मकर, कुम्भ, मीन, वृषभमा आउँछन् तथा बुध जब-जब कर्क, सिंह, कन्यामा, वृश्चिक, धन, मकर, कुम्भ, वृषभमा आउँछन्, तब-तब ती महीनाहरूमा, वर्षहरूमा धन र भाग्यको उन्नति हुने योग उत्तम बन्दछ।

कु० नं० १४८६

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

मेष लग्न हुनेहरूको लागि भाग्य-वृद्धिको अमूल्य समय

हाम्रो ज्योतिष शास्त्रको परम्परामा विंशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रह-गोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्य रूपले आउँदै-जाँदै रहन्छ। यसमा कुनै पनि विवादलाई स्थान छैन। भाग्यको स्वामी बुध र राज्य तथा लाभको स्वामी शनि र धन तथा व्यापारको स्वामी शुक्र- यी ग्रहहरूको गतिमा नै भाग्यको जाति-नजाति समय प्रायः मान्य रहने छ। अतः जुन-जुन वर्षहरूमा गुरू धनराशिमा वा मेष राशिमा अथवा मिथुन राशिमा वा कर्कराशिमा अथवा सिंहराशिमा आउँछन्, तब-तब भाग्यको समय उत्तम रहने छ। अनि वृषभ राशि वा तुला राशिमा अथवा कुम्भ राशिमा आउँछन्, तब-तब समय सामान्य राम्रो रहने छ। फेरि गुरु जुन-जुन वर्षमा मकर राशिमा वा मीन राशिमा या कन्या राशिमा वा वृश्चिक राशिमा आउँछन्, तब-तब भाग्यको समय नजाति रहने छ। यसै प्रकारले शनि जब-जब धन राशिमा वा मकर राशिमा अथवा कुम्भ राशिमा वा कर्कराशि वा वृषभ राशिमा वा मिथुन राशिमा या सिंहराशिमा वा तुला राशिमा आउँछन्, तब-तब भाग्यको समय उन्नतिदायक रहने छ र शनि जब-जब मीन, वृश्चिक, मीन र कन्या इत्यादि

कु० नं० १४८७

२ १२ ३ १ ११ ४ १० ५ ७ ९ ६ ८

उपरोक्त राशिहरूमा आउँछन्, तब-तब भाग्यको समय न्यून वा दुर्बल रहने छ। यसै प्रकार शुक्र जब-जब कन्या, वृश्चिक र मीन इत्यादि उपरोक्त राशिहरूमा आउँछन्, तब-तब भाग्यको समय न्यून वा कमजोर रहने छ र शेष सबै राशिहरूमा शुक्र जब-जब आउँछ, तब-तब समय उत्तम रहने छ। शरीरको स्वामी तथा आयुको स्वामी मङ्गल मानिन्छ। यो जुन-जुन महीनामा- मीन वा कर्क अथवा वृश्चिक राशिमा आउँछ, तब-तब कष्ट-बाधा रहने छ। तर शेष नौ राशिहरू- मेष, वृषभ, मिथुन, सिंह, कन्या, तुला, धन, मकर र कुम्भमा जब-जब आउँछन्, तब-तब प्रभावमा वृद्धि सफलता रहने छ र जुन-जुन वर्षहरूमा राहु-मिथुन, कन्या, कुम्भ राशिहरूमा आउँछ, अथवा केतु धन वा कुम्भ अथवा कन्या राशिहरूमा आउँछ, अथवा केतु धन वा कुम्भ अथवा कन्या राशिमा आउँछ- तब-तब यी राहु-केतु राम्रो फलदाता रहनन्। अस्तु गुरु, शनि, शुक्र, मङ्गल राहु-केतु- यी सबै ग्रह जब-जब उपरोक्त उत्तम स्थितिमा आउँछन्, तब-तब विशेष भाग्योन्नति रहने छ। अनि जब-जब नजाति स्थितिमा आउँछन्, तब-तब भाग्योदयमा हानि रहने छ। जब-जब कुनै ग्रह सूर्यबाट अस्त हुन्छ, तब-तब त्यो ग्रह दुर्बल मानिन्छ र जन्मको समयमा जन्म-कुण्डलीमा नवग्रह जस्तो-जस्तो राम्रो वा नराम्रो प्रभाव लिएर बसेका हुन्छन्, त्यसैको अन्तर्गत यो पञ्चाङ्ग गोचरका नवग्रह त्यति नै तागतले जाति-नजाति फल दिंदै रहन्छन्। पञ्चाङ्ग गोचरमा जब संगसंगै सबै ग्रह उत्तम आउँछन्, तब त्यो समय बढी उन्नतिदायक रहने छ।



वृषभ लग्न हुनेहरूको लागि भाग्य-वृद्धिको अमूल्य समय

हाम्रो ज्योतिष शास्त्रको परम्परामा विंशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रहगोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्य रूपले आउँदै जाँदै रहन्छ। यसमा कुनै पनि विवादलाई स्थान छैन।

कु० नं० १४८८

३ १
४ २ १२
५ ११
६ ८ १०
७ ९

वृषभ लग्न हुने व्यक्तिहरूको भाग्य स्थानको स्वामी र राज्य स्थानको स्वामी शनि हो र लाभ स्थानको स्वामी गुरु हो अनि धनस्थानको स्वामी तथा बुद्धि र सन्तान स्थानको स्वामी बुध हो। यी ग्रहहरूको चाल (गति) मा नै भाग्यको जाति र नजाति समय निर्भर गर्दछ। अतः शनि जुन-जुन वर्षहरूमा मकर, कुम्भ, मीन, वृषभ, मिथुन, कर्क, कन्या, तुला, र वृश्चिक इत्यादि उपरोक्त राशिहरूमा आउँछन्, तब-तब भाग्योन्नति बनिरहने छ र शनि जब-जब मेष वा धन राशिमा आउँछन् तब-तब भाग्यमा नजाति देखिएला। गुरु जब-जब मीन, कर्क, कन्या, वृश्चिक, वृषभ र सिंह राशिमा आउनेछन्, तब-तब भाग्यको समय उत्तम रहला र गुरु जब-जब मेष, तुला, धन राशिमा आउनन्, तब-तब भाग्यमा विपरीतता आउला। बुध जब-जब मकर, कुम्भ, वृषभ, मिथुन, कर्क, सिंह, कन्या, वृश्चिक राशिमा आउने छन्, तब-तब धनको र भाग्यको सफलता

रहने छ। बुध जब-जब मीन,,मेष, तुला र धन राशिमा आउने छन्, तब-तब भाग्यमा दुर्बलता देखिने छ। शरीरको स्वामी एवं शत्रु विवाद, झ्याउलाको स्वामी शुक्र हो। यो जुन-जुन महीनाहरूमा मेष, धन र कन्या राशिमा आउला तब-तब कष्ट-बाधा रहला, तर शेष नौ राशिहरू- मकर, कुम्भ, मीन, वृषभ, मिथुन, कर्क, सिंह, तुला, वृश्चिक राशिमा जब-जब आउने छन्, तब-तब सम्मान र प्रभाव बढ्दै रहने छ र राहु जब-जब मिथुन, कर्क, तुला र मीन राशिमा आउनेछन् अथवा केतु जब-जब धन, मीन, कर्क, तुला राशिमा आउने छन्, तब-तब उन्नतिदायक समय रहने छ।

अतः उपरोक्त सबैग्रह जुन-जुन वर्षहरूमा अनुकूल रहने छन् तब-तब भाग्यको सफलताको उत्तम समय रहने छ, अनि यिनै सब ग्रह विपरीत स्थानहरूबाट जब-जब आउनन् तब-तब भाग्यको समय खोटो (नजाति) रहने छ र जन्मको वेलामा जन्म-कुण्डली भित्र जुन-जुन ग्रह जस्तो-जस्तो अर्थात् राम्रो वा नराम्रो प्रभाव लिएर बसेका छन्, ती नवग्रह जुन वेला पञ्चाङ्ग गोचर गतिले राम्रो-नराम्रो प्रभाव लिएर बसेका छन्- ती नवग्रह जुन वेला पञ्चाङ्ग गोचर गतिले राम्रो-नराम्रो आउने छन्, तब आफ्नू जन्मकालीन स्थितिको अन्तरगत राम्रो-नराम्रो फल त्यही अनुपातमा, थोरै-धेरै गर्दै रहन्छन्। अतः जन्मकालीन ग्रहहरूको फल र आकाश-मार्गी ग्रहहरूको फल-जीवनमा दुवै प्रकारले नै घटित भइरहन्छ। तर पञ्चाङ्ग गोचरबाट जब-जब सबै ग्रह प्रायः एउटै समयमा राम्रो आउने छन्, तब-तब विशेष उन्नति प्राप्त भइरहने छ।



मिथुन राशि हुनेहरूको लागि भाग्य वृद्धिको अमूल्य समय

हाम्रो ज्योतिष शास्त्रको परम्परामा विशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रह-गोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्य रूपमा आउँदै-जाँदै रहन्छन्। यसमा कुनै पनि विवादलाई स्थान छैन।

कु० नं० १४८९

४ २
५ ३ १
६ १२
७ ९ ११
८ १०

मिथुन लग्न हुने व्यक्तिहरूको - राज्य र व्यापार आदिका स्वामी गुरु हुन् र लाभ तथा प्रभावका स्वामी मङ्गल हुन् र भाग्य तथा आयुस्थानका स्वामी शनिश्चर हुन्, अनि शरीर तथा सुख, भवन-भूमिका स्वामी बुध हुन्। अतः जुन-जुन वर्षहरूमा गुरु मीन, मेष, मिथुन, कर्क, सिंह, कन्या, तुला र धन राशिमा जब-जब आउँछन्, तब-तब भाग्योन्नति रहने छ र गुरु जुन-जुन वर्षहरूमा मकर, वृषभ, वृश्चिक राशिमा आउँछन्, त्यो-त्यो समय भाग्य दुर्बल रहने छ र शनि जुन-जुन वर्षहरूमा कुम्भ, मीन, मिथुन, सिंह, कन्या, तुला, वृश्चिक र धन इत्यादि उपरोक्त राशिहरूमा जब-जब आउँछन्, तब-तब समय उत्तम रहने छ र जुन-जुन वर्षहरूमा वृषभ, मकर, मेष, कर्क राशिमा आउँछन्, तब-तब समय दुर्बल रहने छ। अनि मङ्गल जुन-जुन महीनामा मीन, मेष,

मिथुन, सिंह, कन्या, तुला र धन इत्यादि उपरोक्त राशिहरूमा आउने छन्, तब-तब समय उत्तम रहने छ, अनि मङ्गल जब-जब वृषभ, कर्क र वृश्चिक राशिमा आउँछन्, तब-तब समय अलि दुर्बल चल्नेछ। अनि बुध जुन-जुन महीनाहरूमा मेष, मिथुन, कर्क, सिंह, कन्या, तुला, धन र कुम्भ इत्यादि उपरोक्त राशिमा जब-जब आउँछन्, तब-तब समय उत्तम रहनेछ, भाग्योदय बनिरहला। अनि बुध जब-जब मीन, वृषभ, वृश्चिक र मकर इत्यादि उपरोक्त राशिहरूमा आउँछन्, तब-तब समय न्यून (कमजोर) रहने छ। अनि राहु-मेष, मिथुन, सिंह, वृश्चिक र मकर इत्यादि राशिमा आउँछ या केतु-मेष, सिंह, वृश्चिक, धन राशिमा आउँछ, तब-तब सफलता मिल्नेछ र प्रभाव वृद्धि हुँदै रहने छ।

अतः उपरोक्त सबै ग्रह जब-जब राम्रो राशिहरूमा संगसंगै आउने छन्, तब-तब नै भाग्योदयको विशेष उत्तम समय रहने छ। जब-जब कहिल्यै कुनै ग्रह सूर्यबाट अस्त हुन्छ, त्यस समय त्यो ग्रह दुर्बल मानिन्छ। फेरि जन्म-कुण्डलीमा जन्मको समयमा जुन-जुन ग्रह जस्तो-जस्तो राम्रो वा नराम्रो स्वभाव लिएर बसेको हुन्छ, त्यसैको अनुसार पञ्चाङ्ग गोचरमा आएका जाति नजाति ग्रह शुभ र अशुभ फल धेरै र थोरै रूपमा अवश्य दिंदै रहन्छन्। अतः जन्मकालीन नवग्रह र पञ्चाङ्ग गोचर नवग्रह - दुवैको फल सम्पूर्ण जीवनमा अवश्य घटित हुन्छ, यो निर्विवाद छ।



कर्क लग्न हुनेहरूको लागि भाग्य वृद्धिको अमूल्य समय

हाम्रो ज्योतिष शास्त्रको परम्परामा विंशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रह-गोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्य रूपमा आउँदै जाँदै रहन्छन्। यसमा कुनै पनि विवादलाई स्थान छैन।

कु० नं० १४९०

५ ३
६ ४ २
७ १
८ १० १२
९ ११

कर्क लग्न हुने व्यक्तिहरूको- भाग्य र मान प्रभाव स्थानको स्वामी गुरू हो तथा राज्य स्थान र बुद्धि स्थानको स्वामी मङ्गल हो। अनि लाभ स्थानको र सुख स्थानको स्वामी शुक्र हो। अतः गुरु जुन-जुन वर्षहरूमा- मीन, मेष, वृषभ, कर्क, कन्या, तुला, वृश्चिक र धन इत्यादि उपरोक्त राशिहरूमा आउने छन्, तब-तब भाग्यको समय उत्तम रहने छ। अनि त्यसको विपरीत गुरु जुन-जुन वर्षहरूमा- मकर, धन, कुम्भ, मिथुन राशिमा आउनेछन्, तब-तब भाग्य दुर्बल रहने छ। अनि मङ्गल जुन-जुन महीनाहरूमा मकर, मीन, मेष, वृषभ, सिंह, कन्या, तुला र वृश्चिक इत्यादि उपरोक्त राशिहरूमा आउने छन्, तब-तब ती महीनाहरूमा भाग्योन्नति रहने छ र यसको विपरीत मङ्गल जब-जब कुम्भ, मिथुन, कर्क र धन राशिमा आउँछन्, तब-तब भाग्य स्थानमा कष्ट-बाधाहरू रहने छन्, र शुक्र जब-जब मीन, मेष, वृषभ, कर्क, सिंह, तुला,

वृश्चिक र मकर इत्यादि उपरोक्त राशिहरूमा आउने छन्, तब-तब ती महीनाहरूमा लाभ र सुख सौभाग्यको प्राप्ति हुनेछ, किन्तु यसको विपरीत शुक्र जब-जब मिथुन, कन्या, धन र कुम्भ राशिमा आउने छन्, त्यस बेला अनेक कष्ट-बाधा आउनन्। अनि शनि जुन-जुन वर्षहरूमा कुम्भ, मेष, मिथुन र धनराशिमा आउने छ, तब-तब त्यो समय गृहस्थी र व्यापारमा अनेक झ्याउलाको रहने छ, तर शेष आठ राशिहरूमा जब-जब शनि आउने छ, तब-तब गृहस्थीमा राम्रो सफलता मिल्नेछ। यसको अतिरिक्त राहु जुन-जुन वर्षहरूमा वृषभ, मिथुन र कन्या राशिमा आउने छ, तब-तब ती वर्षहरूमा अनुकूल समय रहने छ। अनि केतु जुन-जुन वर्षहरूमा वृषभ, कन्या र धन राशिमा आउने छ तब-तब ती वर्षहरूमा प्रसस्त सफलता प्राप्त हुनेछ।

माथि कहिएका सबै ग्रहहरूको अनुकूलता जुन-जुन वर्षहरूमा साथै आउला, तब-तब ती वर्षहरूमा विशेष प्रकारले भाग्योदय रहने छ। तर जुन-जुन महीनाहरूमा कुनै ग्रह सूर्यबाट अस्त हुन्छ भने, ती महीनाहरूको समय दुर्बल मान्ने चलन छ। आफ्नू जन्मको समय जन्म-कुण्डलीमा नवग्रह जस्तो-जस्तो स्वभाव लिएर बसेका हुन्छन्, त्यसैको अन्तरगत जाति - नजाति समयमा पनि, राम्रो-नराम्रोलाई त्यसै अनुपातमा धेरै र थोरै गर्दै रहन्छन्। यो निर्विवाद छ।



सिंह लग्न हुनेहरूको लागि भाग्य वृद्धिको अमूल्य समय

हाम्रो ज्योतिष शास्त्रको परम्परामा विंशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रह-गोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्य रूपमा आउँदै- जाँदै रहन्छ। यसमा कुनै पनि विवादलाई स्थान छैन।

कु० नं० १४९१

६ ४
७ ५ ३
८ २
९ ११ १
१० १२

सिंह लग्न हुने व्यक्तिहरूको- भाग्य स्थान-पति, सुख स्थानको स्वामी मङ्गल हो र राज्य स्थानपति, पराक्रम स्थान-पति शुक्र मानिन्छ र लाभ स्थान-पति वा धनस्थान-पति बुध हो। अतः जब-जब कहिले मङ्गल- मेष, वृष, मिथुन, सिंह, कन्या, तुला, वृश्चिक, धन, मकर र कुम्भ इत्यादि उपरोक्त राशिहरूमा आउने छन्, शुक्र जब-जब मेष, वृषभ, मिथुन, सिंह, कन्या, तुला, वृश्चिक, धन र कुम्भ इत्यादि उपरोक्त राशिहरूमा आउने छन् र राहु जब-जब मिथुन, तुला, मकर राशिमा आउने छन् तथा केतु जुन-जुन वर्षहरूमा तुला, धन र मकर राशिमा आउने छन् अनि माथि लेखिएका सबै ग्रह- लेखिए अनुसारका राशिहरूमा एकै समयमा जम्मा भएर जुन-जुन वर्षहरूमा आउने छन्, तब-तब भाग्योदयको विशेष लाभ र सुखमा सफलता रहने छ र उपरोक्त सबै

ग्रह माथि लेखिएका राशिहरू छाडेर शेष राशिहरूमा जब-जब आउने छन्, तब-तब भाग्यको दुर्बलताको समय चल्नेछ। अनि गुरु जुन-जुन वर्षहरूमा मकर कुम्भ, कर्क, कन्या र मीन राशिमा आउने छन्, तब-तब नजाति फल देखापर्नेछ। अनि शेष सात राशिहरूमा जब-जब गुरु आउने छन्, तब-तब सन्तान पक्षमा उत्तम रहने छ। शनि जुन-जुन वर्षहरूमा मेष, कर्क, मकर, मीन राशिमा आउने छ, ती-ती वर्षहरूमा गृहस्थी र व्यापार दुवैमा कष्ट-बाधा रहला र शेष आठ राशिहरूमा शनि जब-जब आउने छ, तब-तब ती वर्षहरूमा घर-गृहस्थीको सफलता रहने छ। शरीरको स्वामी सूर्य जुन-जुन महीनाहरूमा कर्क, तुला, मकर र मीन राशिमा आउने छन्, तब-तब अनेक बाधा आइलाग्नन्। शेष आठ राशिहरूमा जब-जब सूर्य आउने छ, तब-तब आत्मबल बढ्नै छ र जब-जब कहिले कुनै ग्रह सूर्यबाट अस्त हुनेछ, तब-तब त्यो ग्रह निर्बल मानिने छ। जन्म कुण्डलीमा जन्मको समयमा जसरी-जसरी नवग्रह राम्रो वा नराम्रो स्वभाव लिएर बसेका हुन्छन्, त्यसैको अनुसार पञ्चाङ्ग गोचरका नवग्रह जाति र नजतिको फल त्यही अनुसार कहिले धेरै कहिले थोरै गर्दै रहन्छन्। अनि पञ्चाङ्गमा जब-जब राम्रा ग्रहहरूको गति प्रायः एउटै समयमा आउने छ, तब-तब व्यक्तिलाई विशेष भाग्योन्नतिको समय प्राप्त हुनेछ। यसमा शंका छैन।



कन्या लग्न हुनेहरूको लागि भाग्य वृद्धिको अमूल्य समय

हाम्रो ज्योतिष शास्त्रको परम्परमा विंशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रह-गोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्य रूपमा आउँदै जाँदै रहन्छ। यसमा कुनै पनि विवादलाई स्थान छैन।

कु० नं० १४९२

७ ५ ८ ६ ४ ९ ३ १० १२ २ ११ १

कन्या लग्न हुने व्यक्तिहरूको भाग्य स्थान तथा धन स्थानका स्वामी शुक्र हुन्। यी पञ्चाङ्गमा जब-जब सिंह, कन्या, कुम्भ र मेष इत्यादि उपरोक्त राशिमा आउने छन्, तब-तब भाग्य र धनको तर्फबाट कष्ट-बाधा रहने छ र शेष आठ राशिहरू- वृषभ, मिथुन, कर्क, तुला, वृश्चिक, धन, मकर र मीनमा जब-जब आउने छन्, तब-तब भाग्य र धनको उत्तम सफलता प्राप्त हुनेछ। अनि राज्य स्थानपति एवं देह स्थानपति बुध- जब-जब सिंह, कुम्भ, मीन, मेष इत्यादि उपरोक्त राशिमा आउँछन्, तब-तब उन्नतिमा अनेक बाधा रहने छ र शरीरमा अशान्ति बढ्ने छ। अनि शेष आठ राशिहरू - वृषभ, मिथुन, कर्क, कन्या, तुला, वृश्चिक, धन र मकरमा जब-जब आउने छन्, तब-तब भाग्यको राम्रो उन्नति रहने छ र स्त्री, गृहस्थी एवं व्यापार स्थानपति गुरु हुन्। अतः गुरु जुन-जुन

वर्षहरूमा - सिंह, मकर, कुम्भ र मेष इत्यादि उपरोक्त राशिमा जब-जब आउने छन्, त .-तब गृहस्थीको सुख र व्यापारमा कष्ट-बाधा रहने छ। शेष आठ राशि- मिथुन, कर्क, कन्या, तुला, वृश्चिक, धन, मीन र वृषभमा जब-जब आउने छन्, तब-तब गृहस्थीमा सुख र सफलता एवं लाभ रहने छ। सन्तान स्थानपति एवं शत्रु स्थानपति शनि जुन-जुन वर्षहरूमा मेष, सिंह र कुम्भ राशिमा आउनेछन्, तब-तब बुद्धि र सन्तानमा कष्ट-बाधा रहला, शेष आठ राशिहरू- वृषभ, मिथुन, कर्क, कन्या, तुला, वृश्चिक, धन, मकर र मीन आउने छन् तब मान प्रभाव रहने छ। अनि राहु जुन-जुन वर्षहरूमा - कर्क, वृश्चिक, कुम्भ र मिथुन राशि आउने छ, तब-तब सफलता र प्रभाव बढ्ने छ। शेष आठ राशि - कन्या, तुला, धन, मीन, मेष र मकरमा जब-जब आउने छन्, तब-तब समय केही अपठेरोको रहने छ, अनि केतु जुन-जुन वर्षहरूमा कर्क, वृश्चिक, कुम्भ र धन राशिमा आउने छ, तब-तब ती वर्षहरूमा सफलताको प्रभाव बढ्ने छ। शेष छ राशिहरू - मिथुन, कन्या, तुला, मकर, मीन र मेषमा जब आउँछ अनि अनेक झ्याउला आइलाग्नन् र पराक्रम स्थानपति र आयु स्थानपति मङ्गल- जुन-जुन महीनाहरूमा तुला, कर्क, सिंह, कुम्भ र मेष राशिमा आउने छ, तब-तब कष्ट-बाधा रहला। शेष राशि- वृषभ, मिथुन, कन्या, वृश्चिक, धन, मकर र मीनमा जब-जब आउने छ, तब-तब शक्तिको अनुभव हुनेछ। अनि जब-जब कहिले कुनै ग्रह सूर्यबाट अस्त भएर जान्छ - त्यस समय त्यो ग्रह दुर्बल मानिन्छ। जुन-जुन वर्षहरूमा राम्रा ग्रहहरू एकै साथ आउने छन्, ती वर्षहरूमा बढी उन्नति र सुख सफलता रहने छ।



तुला लग्न हुनेहरूका लागि भाग्य वृद्धिको अमूल्य समय

हाम्रो ज्योतिष शास्त्रको परम्परामा विंशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रहगोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्य रूपमा आउँदै जाँदै रहन्छ। यसमा कुनै पनि विवादलाई स्थान छैन।

कु० नं० १४९३

८ ६
९ ७ ५
१० ४
११ १ ३
१२ २

तुला लग्न हुने व्यक्तिहरूको भाग्यका स्वामी बुध जब-जब पञ्चाङ्गमा कन्या, मीन र वृषभ राशिमा आउँछन्, तब-तब ती महीनाहरूमा भाग्यमा हानि रहने छ। अनि शेष नौ राशिहरू - मिथुन, कर्क, सिंह, तुला, वृश्चिक, धन, मकर, कुम्भ र मेषमा बुध जब-जब आउने छन्, तब-तब भाग्यको समय केही राम्रो रहने छ र लाभको स्वामी सूर्य- जुन-जुन महीनाहरूमा- कन्या, तुला, मीन, वृषभ राशिमा आउने छन्, तब-तब ती महीनाहरूमा समय दुर्बल रहने छ। अनि शेष आठ राशिहरू - कर्क, सिंह, कन्या, वृश्चिक, धन, मकर, कुम्भ, मीन, मेष र वृषभमा जब-जब सूर्य आउने छन्, तब-तब ती महीनाहरूमा गृहस्थी र धनको पक्ष निकै दुर्बल रहला किन्तु शेष आठ राशिहरू - मिथुन, सिंह, तुला, वृश्चिक, धन, मकर, कुम्भ र मेषमा मङ्गल जब-जब आउने छ, तब-तब गृहस्थीको र धनको

सफलता रहने छ। अनि शनि जुन-जुन वर्षहरूमा- कन्या, मीन, मेष र वृषभ राशिमा आउछन्, तब-तब ती वर्षहरूमा अशान्ति र सन्तान पक्षमा कष्ट-बाधा रहने छ। शेष आठ राशिहरू - मिथुन, कर्क, सिंह, तुला, वृश्चिक, धन, मकर र कुम्भमा जब-जब शनि आउँछन्, तब-तब वर्षमा सुख र सफलता, सन्तान लाभ होला। गुरु जुन-जुन वर्षहरूमा - वृषभ, कन्या, मकर राशिमा आउने छन्, तब-तब ती वर्षहरूमा प्रभाव शक्ति कमजोर रहने छ र शेष नौ राशिहरू- मिथुन, कर्क, सिंह, तुला, वृश्चिक, धन, कुम्भ, मीन र मेषमा जब गुरु आउने छन्, तब ती वर्षमा मान-प्रभाव बढ्ला र सफलता रहला। शुक्र जुन-जुन महीनामा - वृषभ र कन्या राशिमा आउँछ, तब-तब ती महीनाहरूमा शारीरिक चिन्ता, कष्ट-बाधा रहने छ। शेष दस राशिहरू- मिथुन, कर्क, सिंह, तुला, वृश्चिक, धन, मकर, कुम्भ, मीन र मेषमा जब-जब आउने छ, तब-तब शरीर स्वस्थ र धनको सफलता रहला र राहु जुन-जुन वर्षमा मिथुन, सिंह र मीन राशिमा आउँछ, तब-तब धनागम र प्रभाव बढ्ला। अनि शेष आठ राशिहरू- कर्क, तुला, वृश्चिक, धन, मकर, कुम्भ, मेष र वृषभमा जब-जब आउँछ, तब-तब कष्ट-झ्याउलो आउला। यसै प्रकार केतु जुन-जुन वर्षहरूमा धन, मीन, सिंह राशिमा आउँछ, तब-तब सफलता शक्ति बढ्ने छ। त्यसपछि शेष आठ राशिहरू - कर्क, कन्या, तुला, वृश्चिक, मकर, कुम्भ, मेष र वृषभमा जब-जब केतु आउला तब-तब कष्ट पनि आउने छ। किन्तु जुन-जुन महीनाहरूमा कुनै ग्रह सूर्यबाट अस्त हुन्छ भने त्यस समय त्यो ग्रह न्यून (थोरै) फल दिनेछ।



वृश्चिक लग्न हुनेहरूका लागि भाग्य वृद्धिको अमूल्य समय

भारतीय ज्योतिष शास्त्रको परम्परामा विंशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रह-गोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्य रूपमा आउँदै जाँदै रहन्छ। यसमा कुनै पनि विवादलाई स्थान छैन।

कु० नं० १४९४

९ ७
१० ८ ६
११ ५
१२ २ ४
१ ३

वृश्चिक लग्न हुने व्यक्तिहरूको - राज्य स्थानको स्वामी सूर्य हो। यो पञ्चाङ्गमा जब-जब कहिल्यै तुला वा मिथुन राशिमा आउँछन्, तब-तब ती महीनाहरूमा व्यापारमा, उन्नतिमा बाधा रहला र शेष दस राशिहरू- कर्क, सिंह, कन्या, वृश्चिक, धनु, मकर, कुम्भ, मीन, मेष र वृषभमा जब-जब सूर्य आउँछन् तब-तब उन्नति, सफलता रहने छ। अनि लाभस्थान एवं आयुस्थानको स्वामी बुध हुन्। जब-जब यी तुला, मेष, मीन र मिथुन राशिमा आउने छन्, तब-तब ती महीनाहरूमा आमदानीमा केही बाधा वा अपठेरो रहने छ। अनि शेष आठ राशिहरू- कर्क, सिंह, कन्या, वृश्चिक, धनु, मकर, कुम्भ र वृषभ राशिमा जब-जब आउने छन्, तब-तब धन लाभको सफलता रहने छ। अनि धनु-स्थानपति एवं सन्तान स्थानपति गुरु हुन्। यी जब-जब पञ्चाङ्गमा- तुला, मकर, मेष र मिथुन राशिमा आउने छन्, तब-तब सन्तान तर्फबाट केही कष्ट-बाधा रहने छ र

अन्यान्य शेष आठ राशिहरू- कर्क, सिंह, कन्या, वृश्चिक, धनु, कुम्भ, मीन र वृषभमा गुरु जब-जब आउने छन्, तब-तब ती वर्षहरूमा धन सन्तानको सफलता र सुख-शान्ति रहने छ र पराक्रम-स्थानपति एवं सुख स्थानपति शनि - जब-जब पञ्चाङ्गमा मेष, मिथुन, तुला राशिमा आउने छ, तब-तब ती वर्षहरूमा कष्ट-बाधा अनि दुर्बलता रहने छ। किन्तु शेष नौ राशिहरू - कर्क, सिंह, कन्या, वृश्चिक, धनु, मकर, कुम्भ, मीन र वृषभमा शनि जब-जब आउनन् तब-तब ती वर्षहरूमा सफलता शक्ति र सुख-शान्ति रहने छ। अनि देहाधीश मङ्गल जब-जब तुला, मिथुन र कर्क राशिमा आउँछ, तब-तब शरीरमा अनेक कष्ट रहला र शेष नौ राशिहरू - सिंह, कन्या, वृश्चिक, मकर, कुम्भ, मीन, वृषभ तथा मेषमा जब-जब आउँछन् तब-तब प्रभावयुक्त समय रहने छ। अनि जुन-जुन वर्षहरूमा राहु- कन्या, मकर, मेष र मिथुन राशिमा आउने छ, तब-तब समय उत्तम रहने छ। अनि शेष आठ राशिहरू- सिंह, वृश्चिक, धनु, कुम्भ, वृषभ, कर्क, तुला र मीनमा जब-जब आउला तब-तब ती वर्षहरूमा कष्ट-बाधा रहला। केतु जुन-जुन वर्षहरूमा - कन्या, मकर, मेष र धनुराशिमा आउँने छन्, तब-तब उत्तम शक्तिशाली फल प्राप्त हुनेछ, तर शेष छ राशिहरू- कर्क, सिंह, वृश्चिक, कुम्भ मीन र वृषभमा जब-जब आउने छन्, तब-तब ती वर्षहरूमा केही कष्ट-बाधा रहने छ। तर जुन-जुन महीनामा कुनै ग्रह सूर्यबाट अस्त हुन्छ भने त्यो ग्रह त्यस वेला निकै दुर्बल मानिन्छ। जुन-जुन वर्षहरूमा र महीनाहरूमा राम्रा लाभकारी ग्रह अनेक संख्यामा यौटै स्थानमा आउँछन्, तब-तब ती समयहरूमा बढी सफलता शक्ति रहने छ।



धनु लग्न हुनेहरूको लागि भाग्य वृद्धिको अमूल्य समय

हाम्रो ज्योतिष शास्त्रको आधारमा विंशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रहगोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्यरूपमा आउँदै जाँदै रहन्छ। यस विषयमा कुनै पनि विवादलाई स्थान छैन।

कु० नं० १४९५

	१०	८	
११	९		७
	१२	६	
१	३		५
	२	४	

धनु लग्न हुने व्यक्तिहरूको - भाग्य स्थानपति सूर्य हो। यो जुन-जुन महीनाहरूमा - वृश्चिक, तुला, वृषभ र कर्क राशिमा आउने छ, तब-तब ती महीनाहरूमा भाग्यको दुर्बलता रहने छ। किन्तु शेष आठ राशिहरू- सिंह, कन्या, धनु, मकर, कुम्भ, मीन, मेष र मिथुनमा जब-जब सूर्य आउने छ, तब-तब भाग्यको सफलता उत्तम रहला र राज्य स्थानपति एवं ग्रह स्थानपति बुध हो। यो जब-जब पञ्चाङ्गमा वृश्चिक, मीन, वृषभ र कर्क राशिमा आउने छ, तब-तब ती महीनाहरूमा कष्ट-बाधा एवं उन्नतिमा झ्याउलो आइलाग्ला, तर शेष आठ राशिहरू- सिंह, कन्या, तुला, धनु, मकर, कुम्भ, मेष र मिथुनमा जब-जब बुध आउने छ तब-तब ती महीनाहरूमा गृहस्थी र व्यापारको सफलता शक्ति रहने छ। अनि लाभ स्थानपति एवं प्रभाव स्थानपति शुक्र हो। यो जब-जब पञ्चाङ्गमा - वृश्चिक, वृषभ, कर्क, कन्या राशिहरूमा आउने छ, तब-तब ती महीनामा

समय कष्ट-बाधाको रहने छ र यसको विपरीत जब शेष आठ राशिहरू - सिंह, तुला, धनु, मकर, कुम्भ, मीन, मेष र मिथुनमा जब-जब शुक्र आउने छ, तब-तब ती महीनाहरूमा लाभ र प्रभावको शक्ति बर्ता रहने छ। अनि देहस्थानपति एवं सुख स्थानपति गुरु जुन-जुन वर्षहरूमा वृष, मकर, वृश्चिक र कर्क राशिमा आउने छन् तब-तब ती वर्षहरूमा बाधा-कष्ट रहने छ र शेष आठ राशिहरू सिंह, कन्या, तुला, धनु, कुम्भ, मीन, मेष र मिथुनमा जब-जब गुरु आउने छन्, तब-तब सुख सफलता र लाभ रहला। अनि धनस्थान एवं पराक्रम स्थानपति शनि जब-जब पञ्चाङ्गमा वृश्चिक, मेष, वृषभ र कर्क राशिमा आउँछन्, तब-तब ती वर्षहरूमा धनको शक्तिमा दुर्बलता आउने छ, किन्तु शेष आठ राशिहरू - सिंह, कन्या, तुला, धनु, मकर, कुम्भ, मीन र मिथुनमा जब-जब आउने छ, तब-तब धन र भाग्यको सफलता रहने छ। अनि राहु जुन-जुन वर्षहरूमा तुला, कुम्भ, वृषभ, र मिथुन राशिमा आउने छ, तब-तब ती वर्षहरूमा सफलता शक्ति र प्रभाव रहने छ। किन्तु शेष आठ राशिहरूमा - कर्क, कन्या, धनु, मकर, मीन र मेषादिमा जब-जब राहु आउने छ, तब-तब कष्ट-बाधा रहने छ। अनि केतु जुन-जुन वर्षहरूमा तुला, धनु, कुम्भ र वृषभ राशिमा आउने छ, तब-तब ती वर्षहरूमा सफलता शक्ति तथा प्रभाव बढ्दै जानेछ, तर शेष आठ राशिहरूमा - कर्क, कन्या, मकर, मीन, मेष र मिथुनादिमा जब-जब आउने छ, तब-तब अनेक झ्याउला आइलाग्नन्। जुन-जुन समयमा कुनै ग्रह सूर्यबाट अस्त हुन्छ भने त्यो ग्रह दुर्बल मानिन्छ।



मकर लग्न हुनेहरूको लागि भाग्य वृद्धिको अमूल्य समय

हाम्रो ज्योतिष शास्त्रको आधारमा विंशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रह गोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्य रूपमा आउँदै जाँदै रहन्छ। यस विषयमा कुनै पनि विवादलाई स्थान छैन।

कु० नं० १४९६

११　९
१२　१०　८
१　७
२　४　६
३　५

मकर लग्न हुने व्यक्तिहरूको - भाग्य स्थानपति एवं प्रभावस्थानपति बुध जुन-जुन महीनाहरूमा धनु, मीन, मिथुन तथा सिंह राशिमा जब-जब आउने छ, तब-तब भाग्यको समय राम्रो रहने छैन, किन्तु शेष आठ राशिहरू - कन्या, तुला, वृश्चिक, मकर, कुम्भ, मेष, वृष र कर्क राशिमा बुध जब-जब आउने छ, तब-तब भाग्यको सफलता र प्रभाव वृद्धि होला। अनि राज्य स्थानपति एवं सन्तान स्थानपति शुक्र पञ्चाङ्गमा जब-जब कन्या, धनु, मिथुन र सिंह राशिमा आउने छ, तब-तब ती महीनाहरूमा भाग्य तथा सन्तान पक्षमा दुर्बलता रहने छ। किन्तु शेष आठ राशिहरू - तुला, वृश्चिक, मकर, कुम्भ, मीन, मेष, वृषभ र कर्कमा शुक्र जब-जब आउने छ, तब-तब भाग्यको उन्नति र सन्तानको सफलता मिल्दै रहने छ। अनि लाभ स्थानपति एवं सुख स्थानपति मङ्गल जुन-जुन महीनाहरूमा धनु, मिथुन, कर्क र सिंह राशिमा

आउने छ, तब-तब ती महीनाहरूमा धन लाभको र सुख शान्तिको दुर्बलता रहने छ, तर शेष आठ राशिहरू कन्या, तुला, वृश्चिक, मकर, कुम्भ, मीन, मेष र वृषभमा मङ्गल जब-जब पञ्चाङ्गमा आउने छ, तब-तब धनको लाभ र सुख सफलता उत्तम रहने छ। अनि देहस्थानपति एवं धनस्थानपति शनि जुन-जुन वर्षहरूमा धनु, मेष, मिथुन र सिंह राशिमा आउने छ, तब-तब ती वर्षहरूमा धन र स्वास्थ्यको तर्फबाट न्यूनता (कमी) रहने छ, किन्तु शेष आठ राशिहरू- कन्या,तुला, वृश्चिक, मकर, कुम्भ, मीन, वृषभ र कर्कमा जब-जब शनि आउने छ, तब-तब ती वर्षहरूमा धनको सफलता र शरीर स्वास्थ्य राम्रो रहला। अनि पराक्रम स्थानपति तथा व्यय स्थानपति गुरु जुन-जुन वर्षहरूमा धनु, मकर, कुम्भ, मिथुन र सिंह राशिमा आउने छ, तब-तब ती वर्षहरूमा कष्ट, झ्याउलो रहला र शेष सात राशिहरू- कन्या, तुला, वृश्चिक, मीन, मेष, वृषभ र कर्क राशिमा जब-जब गुरु आउने छ, तब-तब हिम्मत र साहस बढ्ने छ। अनि जुन-जुन वर्षहरूमा राहु-वृश्चिक, मीन र मिथुन, राशिहरूमा आउने छ, तब-तब ती वर्षहरूमा सफलता शक्ति र प्रभाव वृद्धि होला। अनि शेष नौ राशिहरू - सिंह, कन्या, वृश्चिक, धनु, कुम्भ, मीन, वृषभादिमा राहु जब-जब आउने छ, तब-तब ती वर्षहरूमा कष्ट-बाधा रहला र केतु जुन-जुन वर्षहरूमा धनु, वृश्चिक र मीन राशिमा आउला, तब-तब ती वर्षहरूमा सफलता शक्ति र प्रभाव बढ्ने छ किन्तु शेष नौ राशिहरू- सिंह, कन्या, वृश्चिक, कुम्भ, मीन, वृषभ र मिथुनमा जब-जब केतु आउला, तब-तब केही कष्ट-झ्याउलो रहला। जब-जब कहिले कुनै ग्रह सूर्यबाट अस्त हुन्छ, तब-तब त्यो ग्रह कमजोर मानिन्छ।



कुम्भ राशि हुनेहरूका लागि भाग्य वृद्धिको अमूल्य समय

हाम्रो ज्योतिष शास्त्रको आधारमा विंशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रह गोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्य रूपमा आउँदै जाँदै रहन्छ। यस विषयमा कुनै पनि विवादलाई स्थान छैन।

कु० नं० १४९७

१२ १० १ ११ ९ २ ८ ३ ५ ७ ४ ६

कुम्भ लग्न हुने व्यक्तिहरूको- भाग्य स्थानपति एवं सुख स्थानपति शुक्र जुन-जुन महीनाहरूमा मकर, कर्क र कन्या राशिमा आउने छन्, तब-तब ती महीनाहरूमा भाग्य विपरीत रहने छ। किन्तु जुन-जुन महीनाहरूमा शुक्र शेष नौ राशिहरू - तुला, वृश्चिक, धनु, कुम्भ, मीन, मेष, वृषभ, मिथुन र सिंहमा पञ्चाङ्गमा आउने छन्, तब-तब ती महीनाहरूमा भाग्यको सुख अनुकूल रहने छ। अनि राज्य स्थानपति एवं पराक्रम स्थानपति मङ्गल जुन-जुन महीनामा - कन्या, कर्क, मकर राशिहरूमा आउने छन्, तब-तब भाग्य र उन्नतिको स्थानमा दुर्बलताहरू आउनन्, तर शेष नौ राशिहरू - सिंह, तुला, वृश्चिक, धनु, कुम्भ, मीन, मेष, वृषभ र मिथुनमा मङ्गल जब-जब पञ्चाङ्गमा आउनन्, तब-तब भाग्य र पुरुषार्थ कर्मको सफलता रहने छ। अनि धन स्थानपति एवं लाभ

स्थानपति गुरु - जुन-जुन वर्षहरूमा मकर वा कन्या राशिमा आउनन्, ती वर्षहरूमा, धनको पक्ष न्यून वा दुर्बल रहने छ। अनि गुरु शेष दस राशिहरू - वृश्चिक, धनु, कुम्भ, मीन, मेष, वृषभ, मिथुन र कर्क राशिमा जब-जब पञ्चाङ्गमा आउने छन् तब-तब ती वर्षहरूमा धन लाभको सफलता रहने छ र देहाधीश एवं व्यय स्थानपति शनि जुन-जुन वर्षहरूमा- मकर, मेष र कन्या राशिमा आउने छ, तब-तब ती वर्षहरूमा अनेक झ्याउला आइलाग्नन् र शेष नौ राशिहरू - सिंह, तुला, वृश्चिक, धनु, कुम्भ, मीन, मेष, वृषभ र मिथुनमा शनि जुन-जुन वर्षहरूमा आउने छ, ती वर्षहरूमा शरीर सुख र आत्मविश्वास बलियो रहने छ र प्रसन्नता होला, अनि गृहस्थी र व्यापार स्थानपति सूर्य जुन-जुन महीनाहरूमा तुला, मकर कर्क र कन्या राशिमा आउनन्, तब-तब ती मासहरूमा गृहस्थीमा कष्ट-बाधा रहला, तर शेष आठ राशि- सिंह, वृश्चिक, धनु, कुम्भ, मीन, मेष, वृषभ र मिथुनमा जब-जब सूर्य आउने छन्, तब-तब ती महीनाहरूमा गृहस्थीको सुख सफलता रहने छ। अनि राहु जुन-जुन वर्षहरूमा मेष, मिथुन र कर्क राशिमा आउने छ, तब-तब ती वर्षहरूमा सफलता र शक्ति प्राप्त हुनेछ। अनि शेष नौ राशिहरू - कन्या, वृश्चिक, धनु, कुम्भ, मीन, वृषभ र सिंह राशिमा राहु जब-जब आउने छन्, तब-तब ती वर्षहरूमा केही कष्ट-बाधा रहला। अनि केतु जुन-जुन वर्षहरूमा धनु, मेष र कर्क राशिमा आउने छ, तब-तब ती वर्षहरूमा प्रभाव र सफलताको शक्ति बढ्ने छ। अनि शेष नौ राशिहरू- सिंह, कन्या, वृश्चिक, कुम्भ, मीन, वृषभ र मिथुन राशिहरूमा केतु जब-जब आउने छ, तब-तब ती वर्षहरूमा केही चिन्ता-कष्ट रहने छ। तर कुनै पनि ग्रह जब सूर्यबाट अस्त हुनेछ, त्यस वेला त्यो ग्रह दुर्बल मानिने छ।



मीन लग्न हुनेहरूको लागि भाग्य वृद्धिको अमूल्य समय

हाम्रो ज्योतिष शास्त्रको परम्परामा विंशोत्तरी दशाहरूको जुन मान्यता चल्दै आइरहेको छ, त्यो सर्वथा निर्मूल र निस्सार छ र आकाशमार्गी ग्रह गोचर पञ्चाङ्ग गतिको आधारबाट भाग्यमा राम्रो र नराम्रो फल अकाट्य रूपमा आउँदै जाँदै रहन्छ। यसमा कुनै पनि विवादलाई स्थान छैन।

कु० नं० १४९८

१ ११ २ १२ १० ३ ९ ४ ६ ८ ५ ७

मीन लग्न हुने व्यक्तिहरूलाई- राज्य स्थानपति एवं देह स्थानपति गुरु- जुन-जुन वर्षहरूमा कुम्भ, तुला, मकर र सिंह राशिमा आउने छ, तब-तब ती वर्षहरूमा भाग्यको उन्नतिमा अनेक बाधा रहला तथा शरीर अस्वस्थ रहने छ, अनेक झ्याउला आइलाग्नन्, तर शेष सात राशिहरू- वृश्चिक, धनु, मीन, मेष, वृषभ, मिथुन, कर्क र कन्यामा जब-जब गुरु आउने छ, तब-तब ती वर्षहरूमा भाग्यको सफलता र सामाजिक सम्मान प्राप्त हुनेछ। अनि भाग्य स्थानपति एवं धन स्थानपति मङ्गल जुन-जुन महीनाहरूमा कुम्भ, तुला र सिंह राशिमा आउने छ, तब-तब ती महीनाहरूमा भाग्य र धनमा न्यूनता बनिरहने छ। अनि शेष आठ राशिहरू- कन्या, वृश्चिक, धन, मकर, मीन, मेष, वृषभ र मिथुन राशिमा मङ्गल जब-जब आउने छ, तब-तब ती महीनाहरूमा भाग्यको उन्नति हुनेछ। अनि लाभ स्थानपति एवं व्यय स्थानपति शनि जुन-जुन वर्षहरूमा

- कुम्भ, मेष, सिंह, तुला, राशिमा जब-जब आउने छ, तब-तब ती वर्षहरूमा धन लाभको दुर्बलता रहने छ। अनेक झ्याउला आइलाग्नन्, किन्तु शेष आठ राशिहरू- वृश्चिक, धनु, मकर, मीन, वृषभ, मिथुन, कर्क र कन्यामा शनि जब-जब आउँछ, तब-तब ती वर्षहरूमा लाभ र खर्चको राम्रो संचालन रहने छ। अनि भूमि स्थानपति एवं गार्हस्थ्य स्थानपति बुध-जुन-जुन महीनाहरूमा कुम्भ, सिंह, तुला र मीन राशिमा आउने छ, तब-तब ती महीनाहरूमा गृहस्थीको सुखमा बाधा पर्नेछ। अनि शेष आठ राशिहरूमा- कन्या, वृश्चिक, धनु, मकर, मेष, वृषभ, मिथुन र कर्कमा बुध जब-जब आउने छ, तब-तब ती महीनाहरूमा गृहस्थीको उत्तम सुख र व्यापारमा आय होला। अनि पराक्रम स्थानपति एवं आयु स्थानपति शुक्र जुन-जुन महीनाहरूमा कुम्भ, सिंह, कन्या, र तुला राशिमा आउने छ तब-तब ती महीनाहरूमा पुरुषार्थ शक्ति घट्ने छ। अनि शेष आठ राशिहरू - वृश्चिक, धन, मकर, मीन, मेष, वृषभ, मिथुन र कर्कमा जब-जब शुक्र आउने छ तब-तब ती महीनाहरूमा पुरुषार्थ कर्मको राम्रो सफलता रहने छ। अनि राहु जुन-जुन वर्षहरूमा मकर, वृषभ, मिथुन र सिंह राशिमा आउने छ तब-तब ती वर्षमा समय प्रभावशाली रहने छ। अनि राहु शेष छ राशिहरू- कन्या, तुला, धनु, मीन, मेष र कर्कमा जब-जब आउने छ तब-तब ती वर्षमा अनेक झ्याउला आइलाग्नन्। केतु जुन-जुन वर्षहरूमा मकर, वृषभ, धन र सिंह राशिमा आउने छ तब-तब ती वर्षमा समय प्रभावयुक्त राम्रो रहने छ, अनि केतु शेष छ राशिहरू- कन्या, तुला, मीन, मेष, मिथुन र कर्कमा जब-जब आउने छ तब-तब ती वर्षहरूमा अनेक चिन्ता कष्ट-बाधा रहला। तर जुन वेला कुनै ग्रह सूर्यबाट अस्त भएको छ भने त्यस समय त्यो ग्रह न्यून फलदाता रहने छ।



फलादेशको गहीरो विचार

विज्ञ पाठकगण !

यो वृहद् भृगुसंहिता पद्धतिमा जुन नवग्रहहरूको फलादेश प्रत्येक जन्म कुण्डलीका लागि भिन्न-भिन्न रूपमा र प्रत्येक लग्नहरूमा विस्तारपूर्वक लेखिएको छ। यो फलादेश प्रत्येक व्यक्तिको समस्त जीवनमा आउँदै जाँदै गरिरहने फलादेश हो अर्थात् भाग्यको प्रत्येक सम्बन्धहरूमा, जस्तै- धन, सन्तान, स्त्री, शरीर, भवन, भूमि, विद्या, गृहस्थी, आयु, पराक्रम, भाग्य, धर्म, राज्य, माता-पिता, धन-वैभव, व्यापार, उन्नति, आमदानी, खर्च, स्वास्थ्य, सौन्दर्य, कीर्ति, यश, भोग, सुख-दुःख इत्यादि सबै विषयहरूमा जीवन र भाग्यको प्रकार वा किसिम कति-कति राम्रो र कति-कति नराम्रो रहने छ तथा सफलता र असफलताहरू कुन-कुन किसिमले रहने छन्- यो समस्त जीवनमा प्रयोग हुने मुख्य चित्रण मानिन्छ, किन्तु जन्म कुण्डलीको समय पूर्णरूपेण शुद्ध वा सही छ अथवा छैन। यसको ज्ञान गर्नका लागि यही ग्रन्थको आरम्भमा नै गलत कुण्डलीलाई सही तुल्याउने विधि पनि लेखिएको छ।



फलादेशको गहीरो विचार

विज्ञ पाठकगण !

यस वृहद् भृगुसंहिता पद्धतिमा जुन नवग्रहहरूको फलादेश- भाग्यको समस्त सम्बन्धहरूमा भिन्न-भिन्न रूपले जाति र नजाति लेखिएको छ। यसको अन्तरगत यो कुरा विशेष रूपले विचार राख्न पर्ने खालको छ कि जुन-जुन ग्रह उत्तम फलदाता, लाभदायक, सुखदायक, उन्नतिदाता, धनदाता, भाग्यदाता, सन्तानदाता, गृहस्थ सुखदाता इत्यादि-इत्यादि लेखिएका छन्। यी उत्तम फल दिने खालका ग्रहहरू मध्ये यदि कुनै पनि ग्रह २९ अंशभन्दा अगाडि र एक अंश भित्र छ भने त्यो ग्रह मृतक अवस्थामा हुनाको कारणले अत्यन्त अल्प स्थितिमा उत्तम फलको दाता मानिन्छ र दुइ अंशदेखि लिएर १० अंश सम्ममा जुन ग्रह रहन्छ, त्यो किशोर अवस्थामा हुनाले पचास प्रतिशत राम्रा फलहरू प्रदान गर्न सक्तछ। अनि एघार अंशदेखि लिएर पचीस अंशसम्म जुन ग्रह बसेको रहन्छ भने त्यो युवा अवस्थामा हुनाले धारा-प्रवाह उत्तम फल प्रदान गर्दै रहने छ।



फलादेशको गहीरो विचार

त्यसपछि पचीस अंशदेखि लिएर अट्ठाइस अंशसम्म जुन ग्रह रहन्छ, त्यो वृद्ध अवस्थामा हुनाले गर्दा बिस्तार-बिस्तार उत्तम फल बराबर दिंदै रहनेछ, अनि कुनै पनि ग्रह सूर्यबाट अस्त हुनेछ अर्थात् सूर्य जति अंशमा बसेको होला- त्यसको नगीचमा यदि कुनै ग्रह सूर्यबाट चौध अंश अगाडि वा चौध अंश पछाडि छ भने त्यो अस्त हुनाले गर्दा आफ्नो उत्तम फल पूर्णरूपले दिन सक्नैन किन्तु यदि सूर्यको अंशमा एकदम समान रूपले बराबर कुनै ग्रह छ भने त्यो पूर्ण रूपेण अस्त हुनाले गर्दा आफ्नो श्रेष्ठ फल सूक्ष्म रूपले मात्र दिन सक्तछ। अनि यदि कुनै ग्रह बक्री छ भने त्यो ग्रह आफ्नू श्रेष्ठफल केही रोकिएर बिस्तार-बिस्तार प्रदान गर्छ तर राम्रो अवश्य गर्दछ र नजाति ग्रहले उल्टो फल अवश्य गर्दै रहने छ।



फलादेशको गहीरो विचार

यो नवग्रहहरूको सबै परिस्थिति- जन्मको सन् संवत् भएको पञ्चाँगबाट नै हेर्ने चलन छ। अनि जन्म कुण्डली बनाउने पण्डितले नवग्रहहरूको अंश पनि जन्मकुण्डलीको तल वा अगाडि - पछाड़ि लेखिदिन्छन्- यस कोष्ठकलाई 'ग्रहस्पष्ट' को नाम दिएर लेखिने चलन छ। यस बाहेक मुख्य कुरा के भने जन्म कुण्डलीको भित्र- भाग्यको कुनै सम्बन्धमा- त्यो धनको वा सन्तानको वा व्यापारको अथवा कुनै पनि विषयको होस्- यदि कुनै पनि विषयमा दुइ-तीन ग्रहहरूको स्तर उत्तम फल दिने खालको आइरहन्छ भने त्यस विषयमा बढी राम्रो फल प्राप्त भइरहने छ। अनि यदि कुनै विषयमा दुइ-तीन ग्रहहरूको स्तर नजाति रूपमा आउँदछ भने त्यस विषयमा धेरै नराम्रो फल प्राप्त भइरहने छ, अनि यदि जाति-नजाति दुवै थरिका ग्रहहरूको स्तर आउँछ भने त्यस विषयमा जाति नजाति दुवै प्रकारका फल प्राप्त भइरहने छन्।



ईश्वररीय न्यायको प्रत्यक्ष दर्शन
(भाग्योन्नतिको उत्तम बाटो)

पाठकवर्ग ! ईश्वरको न्याय बुझ्नलाई केही गम्भीर बुद्धिले विचार गर्नु आवश्यक छ, अतएव उदाहरणार्थ यो एउटा विषय छ कि संसारमा जति थरिका वृक्ष छन्, तिनको उत्पत्तिको मूल कारण तीनवटा मानिन्छन्- वृक्षको बीज, पृथ्वीको माटो र जल। अतः विचार गर्नोस् वृक्षभित्र जति थरिका फल, फूल, रस, गन्ध, रङ्ग, काठ आदि वस्तुहरू छन्; के यी सबै वस्तुहरू माटो, जल वा बीजभित्र कुनै पनि प्रकारको यन्त्रहरू वा दूरबीन-हरूले पनि देख्न सकिन्छ ? यदि कुनै पनि प्रकारले यी सबै वस्तुहरूमा यी उपरोक्त पदार्थ देख्न सकिन्न भने- यी सबै पदार्थ कहाँबाट आउँछन् ? र कुन चाहीं कारीगरले लुकेर यी वृक्षहरू बनायो र ठूलो पार्‍यो ? यसको उत्तर यो हो- जुन वृक्षको जस्तो बीज छ उसै अनुसार नै ईश्वरले स्वयं त्यस्तो वृक्ष बनाइदिन्छ। गुप्तरूपले अर्को विषय हो कि गाईलाई सुकेका घाँस-पात खान दिएर पनि गाईले दूध, घृत जस्ता अमृत झैं गुणकारी पदार्थ हामीलाई दिन्छिन्। अनि सर्पलाई केवल दूध नै सदैव पिउन दिए पनि ऊ विष नै प्रदान गर्दछ। यसको कारण पनि यही हो कि गाईमा सत्वगुणको प्रधानता छ, यसै निम्ति भगवानको मायाले सुखेका घाँस-पात पनि रसादिक पदार्थको रूप धारण गर्दछन्, र सर्पको भित्र तमोगुण हुनाले दूध जस्तो निर्मल पदार्थ पनि विषको रूप धारण गर्दछ। अनि गाईको मल-मूत्रको महिमा र उपयोगिता संसार जान्दछ। गाईको दर्शन र पूजनले मानिस लाभ प्राप्त गर्दछन्, तर यो उल्टो कुरा हो- सर्पलाई देखेर, मानिस मार्न र समाउन दगुर्छन्- यसको उत्तर यही हो कि - ईश्वर जस्तोलाई उस्तै छ,किनकि सर्प अर्काको प्राण लिने काम गर्दछ भने गाई अर्कालाई जीवन दिने काम गर्दछिन्। यहाँ गीताको श्लोकको भाव पूर्णरूपेण घटित हुन्छ- "यो यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्।" यही प्रकार मनुष्यहरूमा तीन थरिका प्राणीहरूको प्राधान्यता मानिन्छ- सत्वगुणी, रजोगुणी र तमोगुणी। अतः तमोगुणी मनुष्य संसारमा सदैव परमार्थको कार्य गर्दछन्, यसै निम्ति ती महात्मा कहिन्छन् र संसार तिनको पूजा गर्दछ। रजोगुणी मनुष्य संसारका स्वार्थ र परमार्थ दुवैको ध्यान राख्दछन्। यसै निम्ति ती व्यवहारी कहिन्छन्। ती द्वारा संसारको कार्यक्रम चल्दै रहन्छ। अनि तमोगुणी मनुष्य केवल आफ्नू स्वार्थको विचार राखेर कार्य गर्दछन्। यसै निम्ति संसार तिनलाई बेइमान, चोर, टापटिपे, डाकू र व्यभिचारी मानेर त्योसित घृणा गर्दछन् र अपयश प्राप्त गर्दछ। अतः यहाँ गीताको यस श्लोकको भाव पूर्ण घटित हुन्छ- "अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्।" यसैं श्लोकको आधारमा

यो कुरा घटित हुन्छ- कि कुनै प्राणी राम्रो काम गर्दागर्दै पनि दुःख भोग्दछ र कुनै प्राणी नजाति काम गर्दागर्दै पनि सुख भोग्दछ। यसको उत्तर यही हो- पूर्व संचित पाप-पुण्यको फल अवश्य भोग्नुपर्दछ र अनेक थरिका उपाय गर्दै रहे पनि पछिल्ला कर्महरूको फलबाट मुक्ति पाइन्न। यो कुरा अवश्य हो कि धर्मको बाटोमा हिड्ने व्यक्तिहरूलाई पहिले कष्ट आइलाग्दछ, तर पछि स्थायी उन्नति हुन्छ, अनि पूर्वसंचित पापहरूको नाश हुँदै रहन्छ। अनि पापको बाटोमा हिंड्ने व्यक्तिहरूलाई पहिले सुख प्रतीत हुन्छ, तर पछि कष्ट भोग्नु पर्दछ र पूर्वसंचित पुण्यको नाश भइरहन्छ। अतः वायु जसरी सर्वत्र व्यापक छ तर आँखाले देख्न सकिन्न। जसरी वायुको स्पर्शले वायुको ज्ञान प्राप्त हुन्छ, त्यसै गरी ईश्वरको अलौकिक कार्यहरूबाट ईश्वरको पत्ता ज्ञानद्वारा बराबर लाग्दै रहन्छ। यसै प्रकरणको अन्तरगत म आफ्नू सम्बन्धमा एउटा लेखक हुनाले यो कुरा भन्न खोजिरहेको छु- मैले बालकैदेखि सत्य बोल्ने अभ्यास प्रारम्भ गरिदिएको थिएँ, त्यसैको परिणाम स्वरूप मलाई ज्योतिष ज्ञानको विकास ईश्वरले आफ्नू कृपाले बक्सिएको हो, किनकि वैश्य जातिको जन्म र पैत्रिक वस्त्रको व्यापारलाई म पनि तेइस वर्षसम्म गर्दै रहें। अतः सत्य बोल्नाले हृदय निर्मल हुन्छ र दैवी सम्बन्धी तत्त्व वस्तुहरूको बोध स्वतः हुन थाल्दछ। यसको अतिरिक्त गीताको यस श्लोकको आधारमा - “अनेक जन्म संसिद्धि, ततो यान्ति परांगतिम्।” मेरो यो मान्यता छ कि- सन् १८५७ को विद्रोहमा भारतीय वीरहरूले अंग्रेजहरूसित विद्रोह गरेर भारत भूमिको स्वतन्त्रताका लागि जीवनको आहुति दिएका थिए तिनै वीरहरूले पुनर्जन्म धारण गरेर कांग्रेसी संगठनको रूपमा अवतरित भएर पुनः अंग्रेजी शासनसित असहयोग संग्राम खूब साहसले गरे र सफलता प्राप्त गरे। मेरो यो विचार छ कि उस समयमा जसको जति बर्ता त्याग र बलिदान थियो, त्यो व्यक्ति आजको शासनकालमा त्यति नै बढी उच्च पदमा पुगेको छ र झाँसीकी रानी लक्ष्मीबाईले पुनर्जन्म पाएर विजयलक्ष्मी पण्डितको रूपमा अवतार धारण गरेकी हुन् र पूर्वसंचित कर्मबलमा आज भारत भूमिको आनन्द भोग्दैछन्। अतः तात्पर्य के हो भने प्रत्येक प्राणीले आफ्नू कर्म बन्धनमा नै भोग भोग्नुपर्दछ। यसै निम्ति गीताको यस श्लोकको आधारमा - “कर्मण्ये वाऽधिकारस्तेमा फलेषु कदाचन।” अतः प्रत्येक प्राणीको यो कर्तव्य हुन आउँछ कि ऊ आफ्नू जीवन सदैव शुभ कर्म गर्देरहोस्, परिणाम कर्मतिर नहेरोस्, किनकि परिणाम त उपरोक्त आधारहरूबाट स्वतः फलको रूप धारण गरेर प्राणीसित हिडिरहेको हुन्छ। बुद्धिमान व्यक्तिको कर्तव्य हुन आउँछ- ऊ संसारबाट आफ्नू निम्ति जस्तो व्यवहारको इच्छा राख्दछ; त्यस्तै प्रकारको व्यवहार तिनले संसारसित गर्देरहनु पर्दछ। उत्तम कर्म गर्ने व्यक्तिहरूको लोक र परलोक दुवै सप्रन्छ र आत्मिक शान्ति प्राप्त हुन्छ। यही हो ईश्वरको प्रत्यक्ष न्याय। यस बाहेक म आफ्नू अनुभवले र तुलसीदासजीको अनुभवले

यो कुरा भन्न खोज्दैछु कि सयौं-हजारौं दुर्गुण र पापको जरो हो झूठो बोल्नु र हजारौं उत्तमताको मूल हो सत्य बोल्नु। अतः यस विषयमा तुलसीदासजी भन्दछन्- “नहिं असत्य सम पातक पुंजा, गिरि सम होइकि कोटिक गुंजा। साँच बराबर तप नहीं, झूठ बराबर पाप, जाके हिरदय- साँच है वाके हिरदय आप।” अर्थात् झूठो बोल्नु समान पापहरूको थुप्रो कुनै छैन- जस्तै करोडौं गुज्जा एकत्र पारे पनि कुनै ठूलो पहाडको समान हुन सक्नैन। त्यसै प्रकार करोड़ौं थरिका पुण्य गरिसके पनि पापरूपी पर्वतको समान हुन सक्तैन। अर्को चरणको भाव हो- सत्य बोल्नु,जस्तो कुनै पनि तप छैन र मिथ्या बोल्नुको समान कुनै पनि पाप छैन। जसको हृदयमा सत्य छ, उसको हृदयमा स्वयं ईश्वर निवास गर्दछन्। उपरोक्त कथनको पुष्टीमा यो अर्को हेर्नुहोस्- “तिमि कुपन्थ पग धरिय खगेशा, रह न तेज बल बुधि लवलेसा। सिमिटि-सिमिटि जल भरिय तलावा, जिमि सदगुण सज्जन पहिं आवा।” यसै निम्ति सत्मार्गको अनुसरण र ईश्वरको न्यायमा पूर्ण आस्था राखेर जे जति ईश्वरले दिएको छ र इमानदारीको कर्मबाट, भोग्यवस्तुहरू प्राप्त हुँदै रहुन् तिनैलाई सन्तोषपूर्वक ग्रहण गर्दै रहनुपर्दछ र चंचल मनको अनुचित इच्छाहरूको सर्वथा दमन गर्दै रहनुपर्दछ। यो अकाट्य सत्य हो कि ईश्वरको न्यायमा रौं जति पनि फरक छैन। संसारमा प्रत्येक जीवहरूलाई जे जति पनि कष्ट अनुभव हुन्छन्, त्यो तिनको संचित पापको नै परिणाम हो र जति सुख अनुभव हुन्छन्, त्यो तिनको संचित पापको नै परिणाम हो र जतिसुख अनुभव हुन्छन् त्यो तिनको संचित पुण्यहरूको नै परिणाम हो।अतः जन्म-कुण्डली भित्र जुन व्यक्तिको जस्तो राम्रो- नराम्रो फलदाता ग्रह बसेका हुन्छन्, त्यो सबै उसका पाप र पुण्यका संचित फल नै हुन्छन्। अतः कसै गरी पनि जाति र नजाति कर्मका फलबाट जीव कहिल्यै पनि जोगिन सक्तैन। यसै निम्ति सदैव कालको निम्ति, दीर्घकालीन सुख र उत्तम भाग्य प्राप्त गर्नको लागि धर्मयुक्त उत्तम कर्म गर्दै रहनुपर्दछ, जसको परिणाम स्वरूप जीवलाई निःसन्देह उत्तम भाग्य र सुख-शान्ति प्राप्त नभइ छाड्दैन- किनकि ईश्वर, जस्तालाई त्यस्तै छ। यसै निम्ति सच्चा ईमानदारीसित प्रत्येक मनुष्यले खूब परिश्रम गर्दै रहेर लौकिक उन्नतिका कार्यहरू गर्दै रहनुपर्दछ र संसारका जति पनि सुखदाता पदार्थहरू छन्, तिनको प्राप्तिका लागि कहिले पनि कुनै अनुचित उपाय प्रयोग नगर्नु नै कल्याणदायक छ। ईश्वरीय कृपाले जे जति प्राप्त हुन्छ, त्यसैमा परम सन्तोष र सुख मान्नुपर्दछ र तन, मन वा वचनले स्वप्नमा पनि अर्काको अहित गर्नु हुँदैन, किनकि ईश्वरलाई प्रसन्न पार्ने यही नै सर्वोत्तम बाटो हो।

प्रार्थी :

गौरीशंकर ‘वसिष्ठ’